

कालीगण्डकी : संस्कृति र सम्पदा

सम्पादक

डा. जगन्नाथ रेग्मी



प्रकाशक:

श्रीश्रीधराचार्य-शालग्रामालयम्

श्रीतिरुपति बालाजीधाम बा.न.पा.-४, कँडले फेदी, बागलुङ

कृति : कालीगण्डकी : संस्कृति र सम्पदा

सम्पादक : डा. जगन्नाथ रेग्मी

इमेल : jagan.regmi8@gmail.com

प्रकाशक : श्री श्रीधराचार्य- शालग्रामालयम्, तिरुपति बालाजीधाम कुँडुले फेदी, बागलुङ

प्रकाशन वर्ष : २०७६

संस्करण : प्रथम

प्रकाशित सङ्ख्या : १००१ प्रति

सर्वाधिकार : सम्पादकमा

ISBN : 978-9937-0-6631-0

मुद्रण : बन्धु अफ्सेट प्रेस पोखरा-९, नयाँबजार

फोन नं. : ०६१-५३२३४४

ईमेल : bandhupress@gmail.com

वितरक : न्यू फोटोकपी एण्ड स्टेशनरी सेन्टर बालमन्दिर रोड बागलुङ

मूल्य रु. : व्यक्तिगत ४५५/-

संस्थागत

आवरण (अग्र) : मुक्तिनाथ मन्दिर, कालीगण्डकी, नीलगिरि हिमाल (https/www.flickr.com11-28-2019)

आवरण (पृष्ठ) : कालीगण्डकी जलविहार र कालीगण्डकी त्रिशूली सङ्गम देवघाट (फोटो सौ. मनीष गौतम)

ACC. 32536 / 32596
NEPAL SANSKRIT UNIVERSITY, 1986 A.D.
वाल्मीकि विद्यापीठ पुस्तकालय

ॐ श्रीमते रामानुजाय नमः श्री

जय श्रीमुक्तिनाथ

अखण्डज्योतिबाबा स्वामी श्रीजी च्यारिटेवल ट्रष्ट

AKHANDA JYOTI BABA SWAMI SHREE JEE CHARITABLE TRUST

श्री पञ्चमहालक्ष्मी श्रीपीठ, श्रीवन छालिङ-९, भक्तपुर

संसारकै एकमात्र श्री पञ्चमहालक्ष्मी श्रीपीठ

संस्थापक एवं संरक्षक : अनन्त श्रीविभूषित मुक्तिनाथपीठाधीश्वर, स्वामी कमलनयनाचार्य (श्रीमुक्तिनाथ बाबा)

पत्र संख्या

शुभमङ्गलानुशासनम्

वेद, पुराण, इतिहास, रामायण, महाभारतादि ग्रन्थहरूमा देवनदी कृष्णगण्डकीको विशेष वर्णन पाइन्छ। कृष्णाभा, मुक्तिधारा, चक्रनदी आदि कृष्णगण्डकीका शास्त्रीय नाम हुन्। कालीगण्डकी यिनको लौकिक नाम हो। परम पावन आर्यावर्त भूमिको शीर्षस्थ स्थान हिमवत्खण्ड नेपालको पश्चिमाञ्चल क्षेत्रमा अवस्थित सिद्धभूमि हिमालय पर्वतबाट निस्किएकी कालीगण्डकी विश्वकै पवित्र नदी हुन्। जहाँ भगवान् विष्णु स्वयं गण्डकीपुत्र बनेर विराजमान हुनुहुन्छ भने तेत्तीस कोटी देवताहरू हिरण्यगर्भ शालग्रामका विभिन्न रूपले कालीगण्डकीमै रहेका छन् भन्ने वाराह, स्कन्द, पद्मपुराणादिका प्रमाण भेटिन्छन्। यस अर्थमा कालीगण्डकी सारा देवी देवताकी जननी हुन् भन्ने सिद्ध हुन्छ। कलियुगको पाँच हजार वर्ष बितेपछि भारतवर्षका सारा तीर्थहरू कालीगण्डकीमै आएर समाश्रित हुन्छन् भन्ने ब्रह्मवैवर्तादि पौराणिक ग्रन्थहरूको कथन छ। यसले गण्डकीको आध्यात्मिक महत्त्व कति रहेछ भन्ने स्पष्ट हुन्छ।

क्षेत्राणां मुक्तिक्षेत्रञ्च श्रेष्ठं गिरिषु शैलराट्।

नदीषु गण्डकी श्रेष्ठा त्रयो मे परमप्रियाः।। (गण्डकीमाहात्म्य २/२२)

अर्थात् जसरी क्षेत्रहरूमा मुक्तिक्षेत्र र पर्वतहरूमा हिमालय श्रेष्ठ छन् त्यसरी नै नदीहरूमा गण्डकी श्रेष्ठ छन् भन्ने गण्डकीमाहात्म्यको कथनले यसैलाई पुष्टि गर्दछ। यस्तै प्रसङ्ग हिमवत्खण्डमा पनि उल्लेख छ। कालीगण्डकी प्रस्रवण भूमिका कोस कोसमा प्राचीन महत्त्वका प्रसिद्ध धाम, वेणी र अनेक घाटहरू रहेका छन्। यिनै घाटहरू प्राचीन कालका अनेक ऋषि-मनीषीहरूका तपस्थली थिए र यहींबाट आर्ष सभ्यता मौलाएको हो भन्ने आधार भेटिन्छन्। नेपाल ऋषिमुनिहरूको, सिद्ध साधकहरूको,

त्यागी तपस्वीहरूको जन्मभूमि हो । **ने** नामक ऋषिकै नामबाट नामकरण भएको नेपाल शब्दले यसको पवित्रतालाई प्रतिनिधित्व गर्दछ । यसैमा पौराणिक इतिहास झल्कन्छ । नेपालका अधिकांश पर्वत, नदीनाला, गाउँबस्तीहरू कुनै न कुनै ऋषिमहर्षि या पौराणिक महत्त्वसँग जोडिएका छन् । त्यसैले पनि यो भूमि देवभूमि हो । यहाँ प्रवाहित हुने हिमनदीहरूमा कृष्णगण्डकी वा कालीगण्डकी मुख्य नदी हुन् ।

कालीगण्डकीका शालग्रामविना विश्वका कुनै पनि तीर्थधाम र मठ मन्दिरका पूजा अनुष्ठान सम्पन्न हुँदैनन् । कालीगण्डकी र यसका तटवर्ती क्षेत्रका तीर्थहरू सनातन धर्मावलम्बीहरूको आस्था र श्रद्धाका केन्द्र हुन् कालीकै शीर्षस्थानमा विराजमान भगवान् मुक्तिनाथ भारतवर्षका बद्रीनाथ, केदारनाथ, सारनाथ, गोरखनाथ, विश्वनाथ आदि सबै नाथका परमाधिपति हुनुहुन्छ । यसले कालीगण्डकीको महत्त्वलाई अझ स्पष्ट पार्दछ । कालीगण्डकीको आध्यात्मिक आस्था सँगसँगै जैविक पुरातात्त्विक, सांस्कृतिक, भौगोलिक, पर्यटकीय महत्त्व रहेको छ । यो क्षेत्र प्रकृतिप्रेमी मानवमात्रको रहस्यमय गन्तव्यको केन्द्र पनि हो । गहिरो भक्ति, अनन्त जिज्ञासा र प्रकृतिदर्शनको कौतूहल बोकेर दूरदेशबाट दिनहुँ हजारौंको संख्यामा यात्रीहरू भित्रिरहेका छन् तर नजिकको तीर्थ हेला भनेझैं हाम्रो समाज यसको महत्त्वबारे अनभिज्ञ छ । त्यति मात्र होइन यो क्षेत्र प्रदूषण र अतिक्रमणको चपेटामा परेको छ । त्यसैले बेलैमा सजग हुँदै यस क्षेत्रको महत्त्व अक्षुण्ण राख्नु हरेक नेपालीको कर्तव्य हो ।

कालीगण्डकीका उल्लिखित शास्त्रीय महत्त्वका साथ साथै अन्य विशेषताहरूलाई समेटेर **कालीगण्डकी : संस्कृति र सम्पदा** नामक ग्रन्थ प्रकाशन हुन लागेकोमा हृदयमा प्रसन्नताको सञ्चार भएको छ । कालीगण्डकीका विषयमा छुटफुट लेख रचना र केही काव्यहरू न लेखिएका होइनन् तर पनि एकै ठाउँमा विविध विषय समेटेर शोधमूलक ग्रन्थ तयार पार्नु यस क्षेत्रको महत्त्वपूर्ण उपलब्धि हो । प्रस्तुत ग्रन्थमा कालीगण्डकीका धार्मिक, पौराणिक, सांस्कृतिक, पर्यटकीय विशषता, सर्वदेवमय शालग्रामका आध्यात्मिक रहस्य अनि कालीगण्डकी तटीय विभिन्न तीर्थस्थल, वेणी

३·५·७५८

एवं घाटहरूसँग सम्बन्धित शोधपूर्ण लेखहरू समावेश छन् । यी लेखहरूले कालीगण्डकीकै वैभवलाई प्रस्तुत गरेका छन् । यो कृति कालीगण्डकी क्षेत्र र गण्डकी प्रदेशको मात्र होइन नेपालकै गौरवबोध गराउने सम्पत्ति हो । गण्डकी सभ्यता जान्न चाहने जिज्ञासु पाठकहरूका निम्ति र कालीगण्डकीको अध्ययनमा लाग्ने अनुसन्धाताहरूलाई प्रस्तुत ग्रन्थ निकै उपयोगी हुनेछ । यो महनीय कार्य गर्ने डा. जगन्नाथ रेग्मी धन्यवादका पात्र हुनुहुन्छ । रेग्मी कवि, लेखक, अनुसन्धाता, प्राध्यापक पनि हुनुहुन्छ । बाल्यावस्था-देखि नै प्रतिभाशाली रेग्मीमा हरेक विषयलाई मिहिन तरिकाले हेर्ने बुझ्ने अध्यवसायी स्वभाव साँच्चिकै आशालाग्दो थियो । कडा परिश्रम र लामो लगावका साथ कालीगण्डकीका विविध विषयलाई समेटेर **कालीगण्डकी : संस्कृति र सम्पदा** नामक ग्रन्थ तयार पारी रेग्मीले एकातिर आफ्नो बौद्धिक क्षमतालाई चरितार्थ पार्नुभएको छ भने अर्कातिर जन्मभूमिप्रतिको भक्तिभाव र कर्तव्य- बोधलाई सार्थक तुल्याएको देखिन्छ । अन्तमा यस ग्रन्थमा समाहित लेखहरूका लेखक विद्वज्जन एवं ग्रन्थका सम्पादक डा. जगन्नाथ रेग्मीलाई सस्नेह शुभमङ्गलानुशासनका साथै हृदयतः साधुवाद व्यक्त गर्दछु ।

मिति : २०७६ कार्तिक १

अनन्त श्रीविभूषित स्वामी कमलनयनाचार्य
(मुक्तिनाथबाबा)

प्रदेश प्रमुख

गण्डकी प्रदेश
पोखरा,नेपाल

शुभकामना

कालीगण्डकी प्रस्रवण क्षेत्रका तीर्थ, धाम, आश्रम, धार्मिक, सांस्कृतिक, पर्यटकीय लगायतका विषयलाई समेटेर **कालीगण्डकी : संस्कृति र सम्पदा** नामक शोध ग्रन्थ प्रकाशन हुन लागेको खबर थाहा पाउँदा मलाई खुसी लागेको छ ।

गण्डकी क्षेत्रमा प्रवाहित हुने सप्तगण्डकीमध्ये कालीगण्डकी एक मुख्य नदी हो । पौराणिक, धार्मिक, सांस्कृतिक एवम् जैविक महत्त्वले भरिएको कालीगण्डकी प्रस्रवण क्षेत्र पर्यटनका दृष्टिकोणले समेत महत्त्वपूर्ण क्षेत्रमा पर्छ। कालीगण्डकी आफैमा एउटा सभ्यता हो। यही सभ्यताबारे विभिन्न विद्वान्, लेखक, अनुसन्धानकर्ताले बृहत् र महत्त्वपूर्ण अनुसन्धान गरी ऐतिहासिक अभिलेखहरू तयार पारी **कालीकण्डकी : संस्कृति र सम्पदा** नामक शोध ग्रन्थ प्रकाशन गर्नु सह्रानीय काम हो। डा. जगन्नाथ रेग्मीको सम्पादकत्वमा प्रकाशन भएको यो शोध ग्रन्थ कालीगण्डकी सभ्यता र यसको इतिहासबारे जानकारी लिन चाहने व्यक्ति तथा संस्थाका लागि उपयुक्त सन्दर्भसामग्री बन्नेछ भन्ने मैले विश्वास लिएको छु। प्रस्तुत पुस्तक प्रकाशनमा खट्ने सम्पूर्ण व्यक्तिलाई हार्दिक बधाईसहित शुभकामना व्यक्त गर्दछु ।

....

(बाबु राम कुँवर)

प्रदेश प्रमुख

प्रदेश सरकार

प्रदेश नं.४

निजी सचिवालय
माननीय विकास लम्साल
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री
पोखरा, नेपाल

पत्र संख्या : २०७६/०७७
चलानी नं.५७

मिति : २०७६-७-५

विषय : शुभकामना

नेपालको गण्डकी प्रदेश धार्मिक, सांस्कृतिक, प्राकृतिक, ऐतिहासिक सम्पदाहरूको समृद्ध प्रदेश हो । यस प्रदेशले पर्यटनको अथाह सम्भावना बोकेको छ । हिमालदेखि तराईसम्म फैलिएको यस प्रदेशभित्र अनेक हिमश्रृङ्खला, ताल तलैया, नदीनाला र प्राचीन महत्त्वका तीर्थस्थलहरू रहेका छन् । तीमध्ये कालीगण्डकी र यसको प्रस्रवण क्षेत्र मुख्य आकर्षणका केन्द्र हुन् । यसै क्षेत्रमा अन्नपूर्ण, नीलगिरि धवलागिरिका रमणीय हिमश्रृङ्खला एवं दामोदरकुण्ड, मुक्तिनाथ, कागवेणी, गलेश्वर, कालञ्जर, गुप्तेश्वर गुफा, मोदीवेणीधाम, देवघाट, त्रिवेणी लगायतका तीर्थस्थलहरू विद्यमान छन् ।

कालीगण्डकी क्षेत्र धार्मिक आस्था, सामाजिक सद्भाव, जैविक विविधता, साहसिक जलयात्रा आदि विशेषताले गर्दा नेपालको मात्र नभएर विश्वकै आकर्षणको केन्द्र भएको छ । पर्यटन समृद्धिको आधार हो । गण्डकी प्रदेशले सन् २०१९ लाई **आन्तरिक पर्यटन वर्ष**, सन् २०२० लाई **छिमेकी देशका पर्यटक आकर्षण वर्ष** र सन् २०२२ लाई **बृहत् प्रदेश पर्यटन वर्ष** मनाइरहेको सन्दर्भमा विद्वान् व्यक्तित्व डा. जगन्नाथ रेग्मीद्वारा सम्पादन गरिएको **कालीगण्डकी : संस्कृति र सम्पदा** नामक पुस्तक प्रकाशन हुन लागेकोमा अत्यन्त खुसी लागेको छ ।

यस पुस्तकको पाण्डुलिपि पढ्ने अवसर मिल्यो । यसमा सम्बन्धित विषयका विज्ञ २९ जना लेखकका ३० वटा लेखहरू छन् । यी लेखहरूले पुराण, इतिहास र लोककथनका आधारमा कालीगण्डकी र यसका किनारमा रहेका अनेक धाम, वेणी, आश्रम, मठमन्दिर र प्राचीन तीर्थस्थलहरूको महिमा प्रस्तुत गरेका छन् भने प्रस्तुत भएका लेखहरूमा सम्बन्धित क्षेत्रको भौगोलिक पहिचान, वर्तमान स्थिति पर्यटनका आधारहरू र विकासका अवधारणा समेत समावेश गरिएको हुँदा यो पुस्तक बहुउपयोगी बन्ने छ भन्ने मैले विश्वास लिएको छु । यस पुस्तकबाट कालीगण्डकीका बारेमा अध्ययन, अनुसन्धान गर्न चाहने व्यक्ति र संघ, संस्थालाई समेत सहयोग पुग्नेछ । कालीगण्डकीलाई चिनाउने यो महत्त्वपूर्ण ग्रन्थ **श्री श्रीधराचार्य शालग्रामालयम्** बागलुङ नगरपालिका वडा नं. ४, कुँडुले फेदीले प्रकाशन गर्नु प्रशंसनीय कार्य हो । अन्तमा म यसका सम्पादक, लेखक र प्रकाशक सबैलाई हार्दिक बधाई एवम् शुभकामना व्यक्त गर्दछु ।

विकास लम्साल

मन्त्री

ॐ

श्रीमते रामानुजाय नमः

श्रीश्रीधराचार्य-शालग्रामालयम्

श्रीतिरुपति बालाजीधाम वा.न.पा.-४, कुँडुले फेदी,बागलुङ

घ.सं.

प.स. मितिः २०७६ कार्तिक ८

प्रकाशकीय

गण्डकी शब्दले नेपालको मध्यभागमा प्रवाहित हुने सप्तगण्डकीको समष्टि स्वरूपलाई बुझाउँछ । कालीगण्डकी सप्तगण्डकीको मुख्य स्रोत हुन् । पुराण वाङ्मयमा श्रीकृष्णगण्डकीका नामले प्रसिद्ध कालीगण्डकी उद्गमका पौराणिक आख्यानसँगसँगै सामाजिक,सांस्कृतिक महत्त्वका रोचक सन्दर्भहरू जोडिएका छन् । कालीगण्डकीको उद्गमभूमिलाई मुक्तिक्षेत्र भनिन्छ । संसारका जति पनि तीर्थधाममा पुगियोस् तर कालीगण्डकी र मुक्तिक्षेत्रको दर्शनविना मुक्ति सम्भव छैन भन्ने पौराणिक वचन र सामाजिक मान्यता छ । यो क्षेत्र धार्मिक,सांस्कृतिक र सामाजिक सहिष्णुताको गौरवमय भूमि पनि हो ।

वैदिक सनातन धर्मावलम्बीका सर्वमान्य आराध्य देव भगवान् श्रीशालग्रामकी जननी श्रीकृष्णगण्डकी मानव सभ्यताको आदर्शमय इतिहास बोकेकी नदी हुन् । यिनका पावन किनारमा युगौं युगदेखि अनेक सिद्ध योगी, सन्त महात्माहरूको साधना भूमि थियो । वर्तमान कालमा समेत अनेकौं महापुरुषहरू अवतीर्ण भएर आआफ्ना त्याग, तपस्या र ज्ञान साधनाले यस क्षेत्रलाई आलोकित पारिरहेका छन् ।

यसै पुण्य भूमिको बागलुङ कुँडुलेमा अवतरित **अनन्त श्रीविभूषित श्रीश्रीधराचार्य रामानुज जीयर स्वामीज्यू**ले आफ्नो समग्र जीवन मुक्तिक्षेत्रकै आराधना, उपसना र प्रचार-प्रसारमा समर्पण गर्नु भएको थियो । श्री स्वामीजीद्वारा स्थापित र सञ्चालित श्री तिरुपति बालाजीधामले विगत साढे तीन दशकदेखि अनवरत रूपले गुरुकुलीय शिक्षाको सम्वर्द्धन, प्राच्य संस्कृतिको संरक्षण, शास्त्रसम्मत यज्ञ-यागादि सञ्चालन भगवान् श्री शालग्राम र श्री कृष्णगण्डकीको महिमा उद्बोधन गर्दै आएको छ । श्री स्वामीजीका लोकोपकारी कार्य र त्यागमय चरित्रको स्मृतिस्वरूप स्वामीजी महाराजका प्रिय शिष्य **श्रीमुक्तिनाथपीठाधीश्वर स्वामी कमलनयनाचार्यज्यू**का सदिच्छानुसार वैकुण्ठबासी स्वामीजीका नाममा **श्री श्रीधराचार्य शालग्रामालयम्** निर्माण गरिएको छ । विश्व दुर्लभ शालग्राम,देवनदी

कालीगण्डकी र यिनका पावन तटमा अवस्थित मुक्तिक्षेत्र, गलेश्वर,कालञ्जर, देवघाट, गजेन्द्रमोक्ष धाम, त्रिवेणी लगायत तीर्थस्थलहरूका साथै समग्र गण्डकी सभ्यताको संरक्षण संवर्द्धन गर्नु यस संस्थाको मुख्य उद्देश्य हो ।

शालग्रामालयम्का यस्तै उद्देश्यअनुरूप श्री श्रीधराचार्य स्वामीजीकै गुरुकुलका प्रतिभाशाली व्यक्तित्व साहित्यकार डा.जगन्नाथ रेग्मीज्यूले अनेकौं प्राज्ञ पुरुषहरूबाट कालीगण्डकीक्षेत्रसँग सम्बद्ध लेखहरूको संकलन गरी सम्पादन गर्नुभएको **कालीगण्डकी : संस्कृति र सम्पदा** नामक अनुसन्धानात्मक कृति प्रकाशन गर्न पाएकोमा हामीलाई गौरवको बोध भएको छ । रेग्मीजीको अथक प्रयासबाट सम्पादित यो ग्रन्थ शालग्रामालयम्का उल्लिखित उद्देश्यहरूको एउटा महत्त्वपूर्ण प्राप्ति हो । कालीगण्डकीका अनेकौं गौरवमय विषयलाई समेटेर प्रामाणिक तथ्यका साथ तयार पारिएको यस ग्रन्थले श्रीगण्डकी, गण्डकीका तटवर्ती प्रचीन सम्पदा एवम् गण्डकी सभ्यताको वैभवलाई प्रकाशमा ल्याएको छ । यसका माध्यमबाट जनजनमा श्री शालग्राम र गण्डकीको महिमा विस्तार हुनेछ भन्ने हाम्रो विश्वास छ । शालग्रामालयम्को प्रथम पुष्पका रूपमा यो महत्त्वपूर्ण ग्रन्थ प्रकाशन गर्ने अवसर प्रदान गर्नुभएकोमा डा. रेग्मीज्यूप्रति सहस्र साधुवाद प्रकट गर्दछौं ।

अन्तमा यस ग्रन्थका निम्ति शुभकामना प्रदान गर्नुहुने माननीय गण्डकी प्रदेश प्रमुख बाबुराम कुँवरज्यू , गण्डकी प्रदेशका माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री श्री विकास लम्सालज्यू , ग्रन्थ सम्पादक डा. जगन्नाथ रेग्मीज्यू , लेख प्रदान गर्नुहुने समस्त विद्वज्जन एवं ग्रन्थ तयारीका क्रममा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने महानुभावहरूप्रति मुक्तिका अधिष्ठाता श्री मुक्तिनाथ भगवान्को अनन्त कृपादृष्टिका लागि मङ्गल प्रार्थनापूर्वक जय श्री मुक्तिनाथ !

ऋषि प्रपन्नाचार्य

अध्यक्ष

सम्पादकीय

गण्डकी, कोसी, कर्णाली नेपालका बृहत् जलसम्पदा हुन् । उच्च हिमाली श्रृङ्खलाबाट निःसृत यी नदीहरूका सात धाराहरू शरीरका रक्तवाहिनी नलीझैँ प्रवाहित भएर नेपालभूमिलाई ऊर्वर र हराभरा बनाएका छन् । तिनै जीवनप्रदायक जलसम्पदाका अजस्र स्रोतहरूमध्ये गण्डकी एउटा मुख्य स्रोत हो । यसको समष्टि स्रोतलाई सप्तगण्डकी भनिन्छ र सप्तगण्डकीका पवित्र जलधाराले सिञ्चित क्षेत्र गण्डकीक्षेत्र हो । गण्डकी क्षेत्रमा प्रवाहित हुने सप्तगण्डकीमा कालीगण्डकी मुख्य हुन् । यी नदी देवतात्मा गिरिराज हिमालयका पवित्र काखबाट प्रवाहित भएर देवनदी त्रिशूलीलाई आफूमा समाहित गरी नारायणी र भगवती भागीरथीसँग मिसिँदै महासागरसम्म पुग्दछिन् । यिनी संसारकै पवित्रतम नदी हुन् ।

कालीगण्डकी प्रस्रवण क्षेत्र हिमालदेखि तराईसम्म फैलिएको छ । गण्डकीको भौतिक अस्तित्व नारायणीसम्म देखिए पनि आध्यात्मिक दृष्टिले त्रिवेणी हुँदै हरिहरक्षेत्र पटनासम्म विस्तारित छ । पौराणिक मान्यताअनुसार कालीगण्डकीको उद्गमभूमि मुक्तिक्षेत्रदेखि १२ योजन अर्थात् ४८ कोष अथवा २४० k.m. सम्म कालीको मुख्य प्रवाहक्षेत्र हो । यही क्षेत्रलाई शास्त्रहरूमा शालग्रामक्षेत्र, गण्डकीक्षत्र, मुक्तिक्षेत्र, हरिहरक्षेत्र आदिको संज्ञा दिइएको पाइन्छ । यस क्षेत्रमा मात्र नभएर समग्र भारतवर्षमा बग्ने नदीहरूमा कालीगण्डकीको श्रेष्ठता बताइएको छ । भिन्न भिन्न आकृति र स्वरूपका विस्मयकारी हिरण्यगर्भ शालग्राम शिला पाइनु, धर्मप्राण महानुभावहरूका आस्था र श्रद्धाका केन्द्र बनेका दामोदरकुण्ड, मुक्तिक्षेत्र, चक्रतीर्थ कालञ्जर मृगतीर्थ, पुलहाश्रम, रुरुक्षेत्र, केलादीघाट, देवघाट, त्रिवेणीजस्ता पावन तीर्थस्थल रहनु, तटवर्ती पर्वत कन्दराहरूमा जडभरत, जैमिनि, पुलस्त्य, पुलह, कपिल, भृगु, रहूगण, सालङ्कायन, देवदत्त, और्व, वसिष्ठ, वाल्मीकि, नीपप्रभृति ऋषि-महर्षि र राजर्षि मुकुन्द सेन अनि आधुनिक कालका ईश्वरानन्द, परमानन्द, शालग्रामाचार्य, श्रीधराचार्य, पराङ्कुशाचार्य, भगवतशरणदेवाचार्य, डा.रामानन्द गिरि, स्वामी कमलनयनाचार्य, ज्ञानानन्द सरस्वती, आत्मानन्द गिरिजस्ता सिद्ध तपस्वी महापुरुषहरूले अध्यात्म साधना गर्नु विश्वकै गहिरो गल्छी हुनु,

विद्युत् उत्पादनको प्रशस्त सम्भावना रहनु, आश्चर्यकारी प्राकृतिक सम्पदाको अवलोकन एवम् साहसी जलयात्राका लागि देश देशान्तरका पर्यटकहरूको घुइँचो लाग्नुजस्ता विशेषताहरूले कालीगण्डकीलाई विश्वका अन्य नदीहरूभन्दा भिन्न महत्ता भएको प्रमाणित गर्दछन् ।

कालीे प्रस्रवणक्षेत्र आर्ष भूमि हो । यहींबाटै आर्ष सभ्यता मौलाएको हो । यसक्षेत्रको सामाजिक सहिष्णुता, सांस्कृतिक विविधता प्राकृतिक वैभव लोभलाग्दो छ। कालीगण्डकी आदिम कालदेखि नै सभ्यताको आश्रयका रूपमा रहेको पनि प्रमाणित हुन्छ । आध्यात्मिक रूपमा संस्कार र संस्कृति इहलोक र परलोकका विविध पक्षसँग कालीगण्डकीको सम्बन्ध जोडिएको छ भने भौतिक रूपमा सिंचाइ, जलविद्युत्, पर्यटन, पर्यावरण र यातायातमा समेत कालीगण्डकीबाट प्रत्यक्ष लाभ भइरहेको छ । यस्तै यस्तै वैशिष्ट्यले गर्दा संसारकै आकर्षण बनेकी कालीगण्डकीको आज अति दोहन भएको छ। यिनी प्रतिदिन प्रदूषित हुँदै गएकी छन् । यहाँ पाइने विश्वदुर्लभ शालग्राम शिला लोपोन्मुख छन् । कतै कालीगण्डकी विष्णुमती र वाग्मतीझैं दीनहीन अवस्थामा पुग्ने त होइनन् भन्ने आशङ्का पनि जागिरहेको छ। अतः बेलैमा यिनको संरक्षणका प्रति जनचेतना जगाउन आवश्यक देखिन्छ।

कालीगण्डकीका यिनै विविध पक्षहरूलाई प्रस्तुत गर्ने उद्देश्यले **कालीगण्डकी : संस्कृति र सम्पदा** नामक पुस्तक तयार पारिएको हो । यस पुस्तकमा कालीगण्डकीका बहुआयामिक महत्त्वलाई उद्घाटित गर्ने ३० वटा लेख समाविष्ट छन् । यहाँ समाविष्ट लेखहरूमा २३ वटा लेखहरू कालीतटका पावन घाट, बेनी र धामको पहिचानमा सम्बन्धित छन् भने ७ वटा लेखहरू कालीगण्डकीका अन्य पक्षहरूसँग सम्बन्धित छन् । त्यसो त कालीका प्रत्येक घाटहरू स्वयं तीर्थमय छन् र तिनीहरूको आफ्नै महत्ता छ । त्यसो भए पनि तिनीहरूका कतिपय सन्दर्भ एक अर्कासँग जोडिने हुँदा यस ग्रन्थमा **प्राधान्येन व्यपदेशा भवन्ति** भन्ने उक्तिलाई अनुसरण गरी मुख्य मुख्य घाट र तिनका विविध सन्दर्भहरूलाई समेटिएको छ ।

यहाँ प्रस्तुत लेखहरू अनुसन्धानका मान्यताबाट तयार भएका छन् । तीमध्ये डा. जगदीशचन्द्र रेग्मीको लेख विषयको महत्त्व बोध गरी जाएन्टस् इन्टरनेशनल राष्ट्रिय समिति नेपाल त्रिपुरेश्वर काठमाडौंद्वारा प्रकाशित

अभिलाषा पत्रिका युवा विशेषाङ्क सन् १९८५ बाट साभार गरिएको हो। यस लेखमा पादटिप्पणीको बहुलता भएकोले यथावत् राखिएको छ। यसै गरी गलेश्वर दिव्यधाम र कालञ्जर मृगतीर्थ यी दुईवटा लेख सम्पादकको कालञ्जर क्षेत्र र गलेश्वरधाम (पौराणिक विमर्श) २०७६ का केही अंशबाट तयार पारिएको हो । सबै लेखहरूमा एकरूपता दिने प्रयास भएको छ । यी लेखहरूले कुनै न कुनै प्रकारबाट कालीगण्डकीकै महिमालाई प्रकट गरेका छन् । यहाँ कालीगण्डकीको शीर्ष भाग, कालीतटका सङ्गम र तीर्थहरूका आधारमा लेखहरूको मर्यादाक्रम निर्धारण गरिएको छ। यी लेखहरूमा वेद, पुराण, महाभारत, इतिहास, वंशावली र काव्य-महाकाव्यादिका सन्दर्भहरूलाई समेटदै कालीगण्डकी, शालग्राम र तटवर्तीक्षेत्रका आर्षसभ्यता, सिद्धर्षि, महर्षि, साधु सज्जन, महापुरुषहरूका प्रेरणादायी जीवन चरित्र, मठ मन्दिर, आश्रम, वेणी, घाट, तपस्थली, सामाजिक जनजीवन, पर्यटन, पर्यावरण, प्राकृतिक सम्पदा अनि सांस्कृतिक गौरवका विषयहरू उद्घाटित गर्ने प्रयास गरिएको छ। यस पुस्तकबाट शालग्राम के हुन् ? दामोदरकुण्ड, मुक्तिनाथ, गलेश्वर धाम, कालञ्जरक्षेत्र, देवघाटधाम आदि तीर्थहरू किन गौरवशाली भए ? कालीगण्डकीको आध्यात्मिक, भौतिक रहस्य के हो ? कालीप्रस्रवण क्षेत्रको सामाजिक वस्तुस्थिति कस्तो छ ? जस्ता विषयबोधमा सघाउ पुग्नेछ।

आभार निवेदन

कालीगण्डकी र भगवान् शालग्रामका सेवा, पूजन तथा पौरस्त्य शास्त्रको अध्ययन अनुशीलनका महनीय कार्यमा जीवन समर्पण गर्नुहुने परम यशस्वी वैकुण्ठबासी षडाचार्य श्री श्रीधराचार्य स्वामीजीका नाममा निर्मित शालग्रामालयमूले प्रस्तुत ग्रन्थ प्रकाशनको अभिभारा लिएको छ। यो गहन अभिभारा लिँदै शुभाशीर्वचन प्रदान गर्नुभएकोमा शालग्रामालयमूका संरक्षक स्वामी कमलनयनाचार्य मुक्तिनाथबाबाज्यूप्रति सभक्ति आभार निवेदन गर्दछु । यसका अध्यक्ष उत्तराधिकारी स्वामी ऋषि प्रपन्नाचार्यप्रति सश्रद्ध कृतज्ञता निवेदन ज्ञापन गर्दछु। महत्त्वपूर्ण शुभकामनाका शब्दावलीद्वारा उत्साह प्रदान गर्नुहुने माननीय गण्डकी प्रदेश प्रमुख बाबुराम कुँवर एवम् गण्डकी प्रदेशका माननीय उद्योग पर्यटन वन तथा वातावरण मन्त्री विकास लम्सालज्यूप्रति

हार्दिक आभार प्रकट गर्दछु । निर्दिष्ट विषयमा लेख उपलब्ध गराएर विद्वान् लेखकहरूले भुल्नै नसकिने गुन लगाउनुभएको छ । ग्रन्थ सम्पादनका क्रममा नेपाल प्रज्ञाप्रतिष्ठानका उपकुलपति डा. जगमान गुरुङ, संस्कृत विद्याशिरोमणि प्रा.डा.वेणीमाधव ढकाल, भाषाविद् प्रा.डा.माधवप्रसाद पोखरेल र सहप्रा. योगराज पौडेलले प्रदान गर्नुभएको प्राज्ञिक परामर्शले मलाई थप बल मिलेको हुँदा म उहाँहरूलाई हृदयतः शब्दसम्मान अर्पण गर्दछु । समाविष्ट लेखहरूको सङ्कलनमा महत्त्वपूर्ण भूमिका निभाउनुहुने पुनरावेदन अदालत, बागलुङका पूर्व लेखाधिकृत तथा तिरुपति बालाजीधामका सञ्चालक सदस्य विदुरप्रसाद शर्मा, मोदी गाउँपालिका पर्वतका कार्यक्रम अधिकृत तुलसीराम शर्मा, विश्व हिन्दु महासंघका केन्द्रीय उपाध्यक्ष शङ्कर खरालज्यूको सहयोग अनि प्रिय मित्रहरू डा. भूमिराज वस्ताकोटी, सुरज पौडेल, वेदहरि तिमिल्सिना, कल्याण पन्तको प्रेरणा मेरो स्मृतिमा रहिरहेको छ । लेखहरूको प्राथमिक टङ्कण गर्ने जीवन संगिनी अमृता शर्मा, कम्प्युटर सेटिङ तथा मुद्रण कार्यका लागि बन्धु अफसेट प्रेस पोखराका दाजु गोविन्दप्रसाद रेग्मी, पुस्तक वितरणको व्यवस्थाका लागि न्यू फोटोकपी एण्ड स्टेशनरी सेन्टर बागलुङका ध्रुवप्रसाद शर्मालाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

सम्पादक

विषयसूची

गण्डकी समुत्पत्ति र पौराणिक सन्दर्भ	प्रा. डा. टीकाराम अधिकारी	१
शालिग्राम	प्रा. डा. जगदीशचन्द्र रेग्मी	१५
पावन दामोदरकुण्ड	डा. रुद्रप्रसाद मिश्र (ध्रुवश्रीः)	२६
मुक्तिनाथधाम र कागबेनी	सहप्रा.नारायणदत्त सुवेदी	५२
गलेश्वर दिव्यधाम	डा. जगन्नाथ रेग्मी	८२
कालञ्जर मृगतीर्थ	डा. जगन्नाथ रेग्मी	११०
पावन पुलहाश्रम	रामप्रसाद सुवेदी	१३४
बागलुङ कालीगण्डकी तटीय	उपप्रा.दीपकप्रसाद शर्मा कँडेल	१५३
सहस्रधारा श्री गण्डकीसङ्गम	स्वामी नारायणाचार्य	१७३
मोदीबेनी नृसिंहधाम	उपप्रा. प्रकाश पौडेल	१८४
कालभैरव मन्दिर बलेवा	डा. टीकाराम आचार्य 'आरुणि'	१९७
जैमिनि ऋषि र जैमिनिघाट	डा.मतिप्रसाद ढकाल	२१४
पूर्तिघाट	गोविन्द गौतम	२२३
सेतीबेनी	अधिवक्ता तिलक पराजुली	२३२
रुद्रवेणी	डा.कृष्ण भण्डारी 'मुमुक्षु'	२३८
रमणीय रुरुक्षेत्र	प्रा.डा. वेणीमाधव ढकाल	२४९
राम्दीघाट	डा. केशव प्रपन्नाचार्य	२६३
हुँगीघाट	प्रा.डा.शालिग्राम सुवेदी	२७०
मणिमुकुन्द घाट	उपप्रा. प्रमोद पंज्ञानी	२७९
रामघाट गुप्ततीर्थ	उपप्रा. राधाकृष्ण गैरे	२८७
केलादीघाट स्वरूप र सौरभ	डा. नारायणप्रसाद अधिकारी	३००
कालीगण्डकी र बेलघाट	डा. माधवप्रसाद पाण्डेय	३११
देवघाट हरिहरक्षेत्र	प्रा.डा. नुरापति पोखरेल	३२७
पितौजीघाट	सहप्रा. माधवप्रसाद चालिसे	३४७
गजेन्द्रमोक्ष धाम	सहप्रा. चक्रपाणि उपाध्याय	३५७
कालीगण्डकी र पर्यटन प्रवर्द्धन	प्रा.डा. यादव शर्मा गौडेल	३७७
बहुआयामिक कालीगण्डकी	उपप्रा. कल्याण पन्त	३८४
श्रीकृष्णगण्डकी र मौलिक जल संस्कृति	डा. कुलराज चालिसे	३९६
संरक्षणको पर्खाइमा सदानीरा	डा. लक्ष्मीप्रसाद खतिवडा	४०८
कृष्णगण्डकी र जलविद्युत्को सम्भावना	ई. ईश्वरप्रसाद तिवारी	४२०
परिशिष्ट	चित्रावली	४२७

गण्डकी समुत्पत्ति र पौराणिक सन्दर्भ

प्रा. डा. टीकाराम अधिकारी[1]

जलसम्पदा र यसको भूमण्डलीय परिवेश

सम्पूर्ण व्यक्त संसार अव्यक्तको गर्भमा लीन भएपछि कालस्वरूप भगवान् स्वयम्भूलाई पुनः जगत्सृष्टिको चाहना हुन्छ र सर्वप्रथम जलको नै सृष्टि गर्नुहुन्छ भन्ने मत्स्यमहापुराणको वचन छ । त्यस प्रकारका जलमा विश्राम गर्नुहुने शेषशायी नाराणबाट क्षुब्ध भएकी प्रकृतिबाट जगत्को सृष्टि भएको कुरा धेरै पुराणहरूमा वर्णन गरिएको छ (मत्स्यमहापुराण २/२८, श्रीमद्भागवतमहापुराण ३/८/१०) । यसले सृष्टिको पहिलो र महत्त्वपूर्ण वस्तु जल नै भएको र यसको ऊर्जाबाट सम्पूर्ण चराचर जगत्प्रपञ्च फैलिँदै गएको स्पष्ट छ र यसको आयतन र क्षेत्र नै व्यक्त जगत्मा सबैभन्दा बढी छ । आजका भूगर्भशास्त्रीहरू पनि यस पृथ्वीलाई पानीमा डुङ्गाझैं अडिएको मान्दछन् ।

सुरुसुरुमा पृथ्वी जलमा नै बगेको र कच्छपरूपी जनार्दनले त्यसलाई आफ्नो पीठभागमा अड्याएर स्थिर गराएको अवस्थामा भगवान् जनार्दनले नै शेषस्वरूप धारण गरेर उनले नारायणस्वरूपको रक्षा गरेको कुरा कालिकापुराणबाट बुझिन्छ (कालिकापुराण २७/१०–३०) । यसरी जलले प्राणीहरूको उत्पत्तिदेखि विनाशकालसम्म अमृतको रूपमा ऊर्जाप्रदान गर्दै जीवनदान गर्ने कुरामा दुई मत छैन । यसैले जललाई पृथिवीको अति उत्तम रत्नको संज्ञा पनि दिइएको छ-

पृथिव्यां त्रीणि रत्नानि जलमन्नं सुभाषितम् ।
मूढैः पाषाणखण्डेषु रत्नसंज्ञा विधीयते ।।

(सुभाषितरत्नभाण्डागार २९/६) ।

यस प्रकारको महत्त्वपूर्ण जलराशिद्वारा यो भूमण्डल परिवेष्टित छ । सबैभन्दा ठूलो जलराशि समुद्र हो, जसमा सम्पूर्ण नदनदीहरू समाहित हुन्छन् । यसलाई सात भागहरूमा बाँढिएकाले समुद्रहरू पनि सातवटा मानिएका

१. लेखक प्रसिद्ध साहित्यकार तथा नेपाल संस्कृत विश्वविद्यालय वाल्मीकि विद्यापीठ काठमाडौंका सेवानिवृत्त प्राध्यापक हुनुहुन्थ्यो । यो पुस्तक प्रकाशन पूर्व नै उहाँ परमपद हुनुभएको कुरा लेख्नु पर्दा हृदय स्तब्ध भएको छ । दुःखको यस घडीमा दिवंगत आत्माको सायुज्य मुक्तिका लागि परमेश्वरसँग प्रार्थना गर्दछु । (सम्पादक)

छन् । श्रीमद्भागवतमहापुराणको पञ्चम स्कन्धअनुसार प्रियव्रत राजाले रथमा बसेर सातपटक पृथिवीको परिक्रमा गरी रथको पांग्रोले बनाइएका पृथिवीका सात खाडल नै सात समुद्र भएका हुन् । ती समुद्र हुन् – क्षारोद, इक्षुरसोद, सुरोद, घृतोद, क्षीरोद, दधिमण्डोद र शुद्धोद । यसप्रकारका समुद्रहरूको जल प्यून लायक छैन तर यी समुद्रहरूमा मिसिने गङ्गा आदि नदीहरूको जल प्यून योग्य मानिएको छ ।

यसप्रकारका नदीहरूको संख्या पनि यहाँ कम छैन । नेपाल र भारत दुवै देशका ती नदीहरू विशेष गरेर तीर्थस्थलको रूपमा पूजित छन् । भारत वर्षका प्रसिद्ध नदीहरू यी हुन् :– चन्द्रवसा, ताम्रपर्णी, अवटोदा, कृतमाला, वैहायसी कावेरी, वेणी, पयस्विनी, शर्करावर्ता, तुङ्गभद्रा, कृष्णा, वेण्या, भीमरथी, गोदावरी, निर्विन्ध्या, पयोष्णी, तापी, रेवा, सरसा, नर्मदा, चर्मण्वती, सिन्धु, वेदस्मृति, ऋषिकुल्या, त्रिसामा, कौशिकी, मन्दाकिनी, यमुना, सरस्वती, दृषद्वती, गोमती, सरयू, रोधस्वती, सप्तवती, सुषोमा, शतद्रू, चन्द्रभागा, मरूद् वृधा, वितस्ता, असिक्नी, विश्वा (श्रीमद्भागवतमहापुराण ५/१९/१८) ।

आधुनिक भूगोलअनुसार पूर्वोक्त समुद्र र नदीहरूको नाममा केही परिवर्तन पनि भएको छ किनकि विशाल भारतवर्षलगायत भूमण्डलका कतिपय भागहरूको नाममा नै परिवर्तन हुँदा तिनीहरूको नाममा पनि परिवर्तन र सुधार भएको हो । जस्तै आधुनिक भूगोलअनुसार समुद्रहरू – केरलसागर, भूमध्यसागर, क्यारिवियन सागर, दक्षिण चीनसागर, वैरिङ्क सागर, जापान सागर, उत्तरसागर, लालसागर, कालसागर, आमरिस सागर, अरबसागर आदि (पाण्डेय, २०५७, पृ. १३९०) ।

त्यसरी नै नदीहरूमा पनि सामूहिक नाम प्रचलनमा ल्याइएको छ । जस्तै सप्तगङ्गा, सप्तगण्डकी, सप्तकोशी आदि । भागीरथी, वृद्धगङ्गा, कालिन्दी सरस्वती, कावेरी, नर्मदा र वेणीलाई सप्तगङ्गाको नाम दिइएको छ भने नेपालका काली, सेती, मादी, मर्स्याङ्दी, बूढी, दरौंदी र त्रिशूली नदीहरूलाई सप्तगण्डकीको नाम दिइएको छ । त्यसरी नै सप्तकोशी नामले चिनिने नदीहरू हुन् – दूधकोशी, तामाकोशी, सुनकोशी, इन्द्रावती, अरुण कोशी र तमोरकोशी । यसरी यो भूमण्डल सागर र नदीहरूद्वारा परिवेष्टित

छन् । यिनीहरूका धार्मिक उपयोगद्वारा मानवजाति देवत्वमा प्राप्त हुने मार्गनिर्माण गर्न समर्थ छ । यिनीहरूका उत्पत्तिका सबै पौराणिक सन्दर्भ पनि अत्यन्त रोचक छन् तर तिनीहरूमा सप्तगण्डकीका पौराणिक सन्दर्भहरू अत्यन्त मननीय र मुक्तिप्रदायक छन् (पूर्ववत् ३६५–३६६) । यसैले गण्डकीको मुहानलाई मुक्तिक्षेत्रको नाम दिइएको छ र सम्पूर्ण भूमण्डलको तीर्थभ्रमण गरेर पनि पूर्णाहुतिको रूपमा मुक्तिक्षेत्रको दर्शन अपरिहार्य मानिएको छ, किनकि यहाँ भगवान् मुक्तिनाथ मुक्तिदाताको रूपमा विराजमान हुनुहुन्छ ।

२. गण्डकी प्रस्रवणक्षेत्र र गण्डकीको समुत्पत्ति

जटेश्वरं समारभ्य योगेशान्तं महेश्वरि !
नेपालदेशो देवेशि ! साधकानां सुसिद्धिदः ।।

(शक्तिसङ्गमतन्त्र ७, सुन्दरी खण्ड) ।

भारतवर्षमा रहेको जटेश्वर तीर्थदेखि योगेश्वर तीर्थसम्म नेपाल फैलिएको थियो भन्ने यो तार्किक वचनअनुसार पृथिवीका सम्पूर्ण तीर्थ नेपालमा छन् भन्ने वाराहपुराणको वचनअनुसार र नेमिमुनिले पालनको जिम्मा लिएको देश नै नेपाल मानिएको स्कन्दपुराणको वचनअनुसार पनि यो नेपालभूमि देवताहरूको प्रिय भूमि हो । यहाँ नै मुक्तिक्षेत्रमा भगवान् शिव र मुक्तिनाथ विष्णु दुवै रहेको र विष्णुको गालाको पसिनाबाट भगवती कृष्णगण्डकीको उत्पत्ति भएको कुरा वाराहपुराणको १४४ औं अध्यायबाट स्पष्ट हुन्छ । त्यहाँ गरिएको वर्णनअनुसार पृथिवीको सबैभन्दा उत्तमतीर्थ प्रयागराज मानिएको भगवती पृथ्वीको मान्यतालाई स्वीकार गरेर पनि भगवान् श्री वराहले गण्डकीमा नै सम्पूर्ण देवताहरूको निवास हुने कुरा सपष्ट गर्नुभएको छ । वाराहपुराणको १४४ औं अध्यायअनुसार लोकहितको कामनाले हिमालयपर्वतमा तपस्या गरिरहेका भगवान् विष्णुको शरीरबाट उग्र तेजोराशि प्रकट भयो र विष्णुका दुवै गालाहरूबाट पसिनाको धाराप्रवाह छुट्न थाल्यो । त्यही प्रवाहबाट दिव्य गण्डकीको समुत्पत्ति भयो -

तस्योष्मणा समुद्भूतः स्वेदपुरस्तु गण्डयोः ।
तेन जाता धुनी दिव्या लोकानामघहारिणी ।।

(वाराहपुराण १४४/१२२)।

मुक्तिक्षेत्रमिदं देव दर्शनादेव मुक्तिदम् ।
गण्डस्वेदोद्भवा यत्र गण्डकी सरितां वरा ।।

(वाराहपुराण १/४४/१२२) ।

यसरी गण्डकीको उत्पत्ति भएको देखेर विस्मित भएका देवताहरूले यसको कारण बुझ्न खोज्दा स्वयं ब्रह्मा शिवसमक्ष गएर त्यसको कारण बुझ्न समर्थ भए ।

यसरी विष्णुको गालाबाट कृष्णगण्डकीको उत्पत्ति भएको र पुलस्त्य र पुलहाश्रममा रहेको देविका र ब्रह्मतनया नदीहरू मिल्दा त्रिवेणीनामक पवित्र तीर्थस्थल सिद्ध भएको स्पष्ट छ। यही त्रिवेणीलाई भगावन् श्रीवराहले गोप्य तीर्थस्थलको रूपमा पृथिवीलाई बोध गराउनु भएको कुरालाई वाराहपुराणको पूर्वोक्त अध्यायले स्पष्ट गरेको छ। यही त्रिवेणीसङ्गम स्थलमा भगावन् ऋषभदेवद्वारा सम्पन्न गरिएको ज्ञानकाण्डको प्रारम्भ भएको थियो । त्यही ज्ञानकाण्डलाई उनका जेठा छोरा महायोगी भरतले राजा रहुगणमार्फत विस्तार गरेर पृथिवीमा फैलाएका थिए । यही प्रसङ्ग श्रीमद्भागवतमहापुराणमा भरतोपाख्यानको नामबाट प्रख्यात छ । भगवान् ऋषभदेवको ज्ञानकाण्डको प्रारम्भ यसप्रकार छ -

नायं देहो देहभाजां नृलोके कष्टान् कामानर्हते विड्भुजां ये ।
तपो दिव्यं पुत्रका येन सत्त्वं शुद्धयेद् यस्माद् ब्रह्मसौख्यं त्वनन्तम् ।।
महत्सेवां द्वारमाहुर्विमुक्तेस्तमोद्वारं योषितां सङ्गिसङ्गम् ।
महान्तस्ते समचित्ताः प्रशान्ता विमन्यवः सुहृदः साधवो ये ।।
ये वा मयीशे कृतसौहृदार्था जनेषु देहम्भरवार्त्तिकेषु
गृहेषु जायात्मजरातिमत्सु न प्रीतियुक्ता यावदर्थाश्च लोके ।।

(श्रीमद्भागवतमहापुराण ५/५/१ –३) ।

हे छोराहरू यस मनुष्यलोकमा पाइएको यो शरीरले देहधारीहरूले दुःखदायी कामभोगमा लगाउनु हुन्न किनकि त्यसप्रकारका भोगहरू विस्ठा खाने (सुंगुर आदि) का लागि मात्र सुहाउँछन् । देहधारीका यस शरीरद्वारा दिव्य तपस्या, सत्त्वगुण र अनन्त ब्रह्मसुखको प्राप्ति गर्न सकिन्छ । त्यसरी यो शरीर मुक्तिको लागि हो भने त्यो मुक्तिको द्वार महात्माहरूको समदर्शी, क्रोधहीन, प्रशान्त र

सबैका मित्रव्यक्ति मात्र मानिन्छन् । अथवा म (ईश्वर) मा मित्रताको उद्देश्य बोकेका र उदरपूर्तिमात्र गर्ने पत्नी र घरमा मात्र आसक्त लम्पट हुने व्यत्तिहरूमा प्रेम नगर्ने व्यक्तिमात्र महात्मा मानिन्छन् । (श्रीमद्भागवत महापुराण ५/५/१–३) ।

यसरी गण्डकीको प्रस्रवणक्षेत्रमा ज्ञानकाण्डको प्रारम्भ हुँदै महायोगी भरतद्वारा विस्तारमा पुऱ्याएको श्रीमद्भागवतीय प्रसङ्ग नेपालीमात्रका लागि मुक्तिप्रदायक अमृत सिद्धभएको छ । यसप्रकारको यो गण्डकी प्रस्रवण क्षेत्रको परिधि मुक्तिक्षेत्रदेखि हरिक्षेत्रसम्म फैलिएको छ र यसभित्र रुरुक्षेत्र, रामपुर क्षेत्र, देवघाट क्षेत्र र अरू ४ क्षेत्रसमेत गरी छ क्षेत्रहरू छन् ती सबै मुक्तिदायक मान्छिन् (गण्डकीमाहात्म्यम पृ. १–५०) ।

गण्डकीको समुत्पत्ति सम्बन्धमा स्कन्दपुराणको वचन पनि उल्लेखनीय मानिन्छ । नीलगिरिपर्वतमा पार्वतीको ७ अङ्गबाट चुहेको पसिनाको कुण्डमा गण्डनामका ऋषिले स्नान गर्दा पार्वतीको वरदानबाट गण्डकी नाम रहेको हो । स्कन्दपुराणअनुसार त्रिशूलीको नाम धर्मधारा, बूढीगण्डकीको नाम यशोधारा, मर्स्याङ्दीको नाम विश्वधारा, मादीको नाम सितप्रभा, दरौंदीको नाम रत्नधारा, सेतीको नाम सुवर्णधारा र कालीगण्डकीको नाम कृष्णाभा मानिएको छ -

गण्डेनादौ हि संस्नातं गण्डकीति भविष्यति ।
लोकाश्च सप्त गण्डक्यो वदिस्यन्तीति सन्ततम् ।।
धर्मधारा यशोधारा विश्वधारा सितप्रभा ।
रत्नधारा सुवर्णाभा कृष्णाभा सप्त विश्रुताः ।।

(हिमवत्खण्ड ४४/३३,७७) ।

यसरी गण्डकी सप्तगण्डकीका रूपमा लोकमा प्रसिद्ध भएको स्पष्ट छ ।

३.गण्डकीको परवेश र धार्मिक महत्त्व

कृष्णाप्राच्यां त्रिदशमहितं शूलनद्याः प्रतीच्यां
प्रालेयाद्रेर्धवलशिखरान्मत्स्यपुच्छादवाच्याम् ।
सत्तीर्थौघैरमलमतुलं देवतीर्थादुदीच्यां
पुण्यैः प्राप्यं भुवि तनुभृतां गण्डकीक्षेत्रमस्ति ।। (पूर्ववत्) ।

देवताहरूद्वारा आदर गरिएको, थुप्रै असल तीर्थहरूले गर्दा विशुद्ध रहेको तुलना गर्न नसकिने र प्राणीहरूका पुण्यले मात्र प्राप्त गर्न सकिने

गण्डकी क्षेत्र यस पृथिवीमा कालीगण्डकीदेखि पूर्व, त्रिशूली गण्डकीदेखि पश्चिम, सेता टाकुराहरू भएको माछापुच्छ्रे हिमालयदेखि दक्षिण र देवघाट–देखि उत्तरतर्फ रहेको छ ।

इतिहासकार योगी नरहरिनाथको यो भनाइ अनुसार पार नाम गरेका राजाद्वारा शासन गरिएको यो गण्डकी क्षेत्रलाई चौबीसी राज्यहरूको विकास हुनुभन्दा पहिले राजा मुकुन्द सेन (प्रथम) ले शासन गरेको प्रमाण गण्डकीमाहात्म्यका स्रष्टा श्रीकाशीरामसूरिले स्पष्ट गरेका छन् । उनको उल्लेखअनुसार पारनामका राजाका छोरा नीपले नै नेपालदेशको नामकरण गरेको र पछि यसको गण्डकी क्षेत्रको भूभागलाई मुकुन्द सेन (प्रथम) ले शासन गरेर देवघाटमा मुकुन्द सेन पाषाण नामक हरिहरात्मक लिङ्गस्थापना गरेको उल्लेख पूर्वोक्त गण्डकीमाहात्म्यबाट स्पष्ट हुन्छ -

पारस्य तनयो नीपः शिवभक्तो महामतिः।
समाराध्य शिवं तत्र नैपालस्तेन निर्मितः।।(गण्डकीमाहात्म्य५/६२)।
पूर्व वराहक्षेत्रान्तं मुक्तिक्षेत्रान्तमुत्तरम् ।
पश्चिमं रुरुक्षेत्रान्तं हरिक्षेत्रावधीत्यवाक् ।।
एतावन्मण्डलं जित्वा चक्रवर्ती बभूव सः।
पर्वते मध्यदेशे च नैपाले च धराधिपः (पूर्ववत् ११/२१-२२) ।

पारनामका राजाले उनका छोरा नीप नामबाट यस देशको नाम नेपाल राख्दै गण्डकीक्षेत्रलाई पारकोटक्षेत्र नामकरणसमेत गरेको उल्लेख गण्डकीमाहात्म्यमा देखिन्छ । साथै शङ्करतीर्थ (दमौली) मा राजधानी भएको उल्लेख पनि मिल्छ -

सोमवंशोद्भवो राजा सुचिराश्वो महाबलः।
सुचिराश्वसुतः पारस्तत्पुत्रो नीप एव च ।।
पारः परपुरध्वंसी हिमशैले समागतः।
हत्वा म्लेच्छान् विकर्मस्थान् चकार देशमुत्तमम् ।।
अन्तराले महानद्योर्गण्डकीशूलगण्डयोः।
पारकोटाभिधस्तस्माद्देशः सर्वत्र विश्रुतः
पारस्य तनयो नीपः शिवभक्तो महामतिः।
समाराध्य शिवं तत्र नैपालस्तेन निर्मितः (पूर्ववत् ५/५–७,६२) ।

यो उल्लेखद्वारा यो कुरा बुझिन्छ कि चन्द्रवंशी राजा सुचिराश्व र उनका छोरा पारले शासन गरेकाले गण्डकीक्षेत्रको राजधानी पारकोट भएको र पछि उनका छोरा नीपले सम्पूर्ण नेपालको शासन गरेर यस देशको नाम नेपाल रहेको मान्न सकिन्छ। राजा पारको छोरा नीप को थिए भन्ने सम्बन्धमा श्रीमद्भागवतमहापुराणको नवौं स्कन्धको एक्काइसौं अध्यायमा गरिएको उल्लेख मननीय छ, तर त्यहाँ राजा पारलाई रूचिराश्वका छोरा मानिएको छ। सुचिराश्व र रुचिराश्व एउटै व्यक्ति हुन् वा होइनन् ? यो अनुसन्धानको विषय हो। त्यो पौराणिक वचन यसप्रकार छ -

रुचिराश्वसुतः पारः पृथुसेनस्तदात्मजः ।
पारस्य तनयो नीपस्तस्य पुत्रशतं त्वभूत् ।।

(श्रीमद्भागवतमहापुराण ९/२१/२४)।

यो पौराणिक वचनअनुसार राजा नीपले नेपालको शासन गर्नुभन्दा पहिले उनका पूर्वज राजा हस्तीले हस्तिनापुरको शासन गरिसकेका थिए। राजा पारले म्लेच्छहरूलाई हराएर हिमशैलमा शासन गरेको उल्लेख भएको र भारतभूमि पनि म्लेच्छहरूको आक्रमणबाट मुक्त नभएको बुझिँदा राजा पार हस्तिनापुरको राज्य त्याग गररेर हिमालयको काखमा प्रवेश गरेको अनुमान गर्न सकिन्छ। राजा पारका पूर्वज हस्ती, राजा रन्तिदेवका वंशज हुन्। रन्तिदेवपछिका सन्तान महायोगी थिए भन्ने कुरा श्रीमद्भागवत महापुराणबाट बुझिन्छ -

तत्प्रसङ्गानुभावेन रन्तिदेवानुवर्तिनः ।
अभवन् योगिनः सर्वे नारायणपरायणाः ।।
पुष्करारुणिरित्यत्र ये ब्राह्मणगतिं गताः।
बृहत्क्षेत्रस्य पुत्रोऽभूद्धस्ती यद्धस्तिनापुरम् ।। (पूर्ववत् ९/२१/१८,२०)।

मुख्यतः मुक्तिनाथक्षेत्रदेखि गण्डकी गङ्गामा पुगिञ्जेलसम्मको क्षेत्र गण्डकीक्षेत्र हो र यसका तीरभागहरूमा पूर्वोक्त ६ वटा धार्मिक तीर्थस्थलहरू रहेको कुरा स्पष्ट हुन आउँछ। गण्डकी माहात्म्यले यस कुरालाई यसरी स्पष्ट गरेको छ -

एतत्ते सर्वमाख्यातं गण्डकीक्षेत्रमुत्तमम् ।
आरभ्य मुक्तिक्षेत्राच्च क्षेत्रं द्वादशयोजनम् ।।

शालग्रामस्वरूपेण मया यत्र स्थितं स्वयम् ।
स्वभक्तानां विशेषेण परमानन्ददायकम् ।।

(गण्डकीमाहात्म्य १०/४२–४३)।

यस वचनअनुसार मुक्तिक्षेत्र, रिडीक्षेत्र, रामपुरक्षेत्र, हरिहरक्षेत्र, देवघाट र हरिक्षेत्रसमेत १२ योजन (४८ कोस) को परिवेश नै गण्डकीक्षेत्र मानिएको स्पष्ट छ । यस क्षेत्रलाई पारकोटराज्य मानिएको र यहाँ असंख्य तीर्थस्थलहरूको रहेको कुरा वाराहपुराण र त्यसको अनुगमन गर्ने पूर्वोक्त गण्डकीमाहात्म्य नामक सुन्दर र व्याख्यात्मक नेपाली अनुवादबाट स्पष्ट हुन्छ । ती तीर्थस्थलहरू निम्नानुसार छन् -

मुख्यतः कृष्णगण्डकी र त्रिशूलीगण्डकीको बीचभाग पारकोटदेश मानिएको छ । यसभित्र ७ धाराहरू छन् मोदीवेणी, सेती, मादी, मिदिम, मर्स्याङ्दी, दरौंदी र आँकू । यी नदीहरूमा आइतवारदेखि क्रमैले नुहाउनु उत्तम मानिएको छ । मंसिर महिनामा आँकूमा, पुस महिनामा दरौँदीमा, माघ महिनामा मर्स्याङ्दीमा, फागुनमा मिदिम नदीमा, चैतमा मादीमा, वैशाखमा सेतीमा र जेठमा मोदीबेनीमा नुहाउँदा मनोवाञ्छा सिद्ध हुने कुरा उल्लेख गरिएको छ । ती ती नदीहरूमा स्नान गरेपछि त्यहाँ रहेका देवी–देवताहरूको पूजापूर्वक दानपुण्यको पनि अत्यन्त महत्त्व देखाइएको छ ।

गण्डकीक्षेत्रका तीर्थहरूमा केही गुप्त छन् र कोही प्रत्यक्ष छन् । जस्तै सत्यवती सरोवर (पाल्पा), ढोरवाराही (तनहुँ), मेदवेणी (ईशानेश्वर–लमुजुङ), चेपेघाट (लमजुङ–गोरखा), वराहपोखरी, शङ्कर तीर्थ (दमौली), मत्स्योदरीकुण्ड (दमौली) गोनिष्क्रमणतीर्थ, त्यहाँका विष्णुपद, पञ्चनदतीर्थ र त्यसक्षेत्रको कोटिवटतीर्थ र त्यसक्षेत्रको विष्णुसार (सरोवर) धार्मिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण र अनुसन्धानयोग्य पनि छन् (पूर्ववत् ५/१९-९०) । यसरी विभिन्न क्षेत्रहरूका तीर्थहरूका साथै आदि प्रयाग मानिने देवघाट वरपर पनि अनेकौं तीर्थहरू रहेको उल्लेख पाइन्छ । गण्डकीमाहात्म्यमा गरिएको उल्लेखअनुसार आदि प्रयागतीर्थमा सम्पूर्ण देवताहरू ओर्लन्छन् । यसैले देवघाटमा मर्नेहरू साक्षात् विष्णुस्वरूप धारण गर्छन् (पूर्ववत् ७/६८-७०)।

त्रिवेणीवर्णनका क्रममा असंख्य तीर्थहरूको महत्त्व देखाइएको

छ । त्रिवेणीनामले प्रसिद्ध पुलस्त्याश्रमनजिक त्रिजलेश्वर, शालग्रामपर्वतमा सोमेश्वर, वाणगङ्गमा वाणेश्वर, हरिक्षेत्र, हंसतीर्थ र यक्षतीर्थ आदिको वर्णन महत्त्वपूर्ण रूपमा गरिएको छ । त्यहाँ त्रिवेणीक्षेत्रमा चक्रतीर्थ, छ र त्यसको सम्बन्ध गजेन्द्रमोक्ष कथासँग आबद्ध छ । वेदनिधि नामका ब्राह्मणका २ छोराहरू भए जय र विजय । ती विद्वान् ब्राह्मणहरू राजाद्वारा पूजामा बोलाइए र पूजा पनि सम्पन्न भयो । राजाद्वारा दिइएको दक्षिणा बाँढ्दा दुवैमा झगडा पऱ्यो र अभिमानले छोप्यो । दुवैले परस्पर श्राप दिए र दुवै गोही र हात्ती बनेर त्रिवेणीमा जन्म लिन पुगे । समय बित्दै जाँदा गोहीले हात्तीलाई तान्यो र मरणासन्न बनायो तर हात्तीले हरिस्मरण गरेकाले विष्णुले आफ्नो चक्रद्वारा गोहीलाई प्रहार गरेर हात्तीको रक्षा गर्नुभयो । त्यस चक्रद्वारा स्पर्श पाएका शिलाहरू शलग्रामको रूपमा चक्राकार पर्ने र यो स्थल चक्रतीर्थ बन्यो (पूर्ववत् ९/३४-६३) । त्रिवेणी क्षेत्रमा त्रिजलेश भगवान् भरतेश र जडेशको नामबाट पनि चिनिनुहुन्छ । त्यहाँ भगवान् नन्दिकेश्वर पनि विराजमान हुनुहुन्छ । त्यहाँ नै चक्रस्वामी, गदाकुण्ड, अग्निप्रभ, सर्वायुध, देवप्रभ, विद्याधर, गन्धर्व आदि अनेकौं गोप्य क्षेत्रहरू छन् (पूर्ववत् १०/१-४७) । यसरी यस गण्डकीक्षेत्रमा विभिन्न धार्मिक तीर्थस्थलहरू रहेको र ती तीर्थहरूमा स्नान, पूजन, दानदक्षिणा र पाठ आदि सत्कर्महरू गर्दा भगवान् शिव र विष्णु प्रसन्न हुने कुरामा दुई मत छैन । गण्डकीमाहात्म्यको रचनाकाल वि.सं १७७१ भएको र राजा मुकुन्द सेन (प्रथम) को समेत वर्णन यसमा पाइएकाले रचनाकार काशीराम सूरि गण्डकी क्षेत्रको नै भएको अनुमान गरिन्छ । प्रश्नकर्ता भगवत् शर्माको परिचय र ग्रन्थकर्ता काशीरामको विद्वद्वैशिष्ट्य दिइएको यो गण्डकीमाहात्म्यका ग्रन्थकारले गण्डकीक्षेत्रमा निकै समय बिताएको अनुमान गर्न सकिन्छ (पूर्ववत् ११/४१-५५) ।

४ गण्डकीक्षेत्रको सांस्कृतिक विशेषता

प्राचीन कालदेखि नै गण्डकीका किनारहरू ऋषिमुनिका आश्रम थिए । पुलहाश्रम, वाल्मीकि आश्रम, व्यासगुफा, कपिलवस्तु, जनकपुर जस्ता शब्दहरूले लक्षित गरेका अर्थअनुसार गण्डकीक्षेत्र प्राचीन तपोभूमि सिद्ध हुन्छ । यसैले यहाँको संस्कृति सनातन धर्मको अनुकूल छ । विष्णु,

शिव, दुर्गा आदिका मन्दिरहरूको बाहुल्य रहेको यो क्षेत्रमा आज पनि विद्वान्हरूको बाहुल्य छ । यसैले यहाँ चौबीसी राज्यहरूको विकास गरेर शाहवंशी राजाहरूले धर्म र संस्कृतिको जगेर्ना गरे र नानाथरी गुरुपरम्पराको थालनी गरे । यसप्रकारका राजाहरूमा महाराजाधिराज पृथ्वीनारायण शाहको नाम उल्लेखनीय छ। यही सनातन धर्म संस्कृतिको सुरक्षाअनुरूप यहाँ साहित्यिक विकास पनि प्रशस्त भयो र थुप्रै कविहरूको जन्म भयो । फलतः आज गण्डकी प्रदेश विभिन्न दृष्टिले सम्पन्न बन्दै अगाडि बढिरहेको छ । मुख्यतः यहाँ बाहुन, क्षेत्री, मगर, गुरुङ, लोवा, मनाङ् वा थकाली, दुरा, छन्तेल, बोटे, दरै आदि जातजातिहरूको बसोबास छ र उनीहरूको आआफ्नै संस्कृति परम्परा छ । बाहुन क्षेत्रीहरू १६ संस्कार मान्दछन् । ती संस्कारहरू हुन् गर्भाधान, पुंसवन, नामकरण, निष्क्रमण, अन्नप्राशन, कर्णवेध, विद्यारम्भ, उपनयन, वेदारम्भ, केशान्त, समावर्तन, विवाह र अन्त्येष्टि । मगर, गुरुङ, थकाली आदि मङ्गोलमूलका जातिहरूको धार्मिक संस्कार भने धेरै फरक हुन्छ ।

आले, थापा, बुढाथोकी, घर्ती, राना, पुन आदि मगरका अनेकौं थर हुन्छन् । आलेनामका मगरहरू गोरखा, तनहुँ, पाल्पा आदि जिल्लाहरूमा बसोबास गर्दछन् भने बुढाथोकी र घर्ती थर हुने मगरहरू गुल्मी, सल्यान, प्यूठान आदि जिल्लामा रमाएका छन् । भुजेलहरू भर्जिखोलामा र पुनहरू प्रायः म्याग्दी जिल्लामा भेटिन्छन् । नेपालको इतिहासमा प्रसिद्ध १२ मगरातहरूमा गुल्मी, इस्मा, अर्घा, मुसीकोट, खाँची, सतहुँ, ढोर, गरहुँ, भीरकोट, पैयूँ, सिरिङ र घिरिङ हुन् । मगरका प्रसिद्ध भाषा खाम भाषा र काइके भाषा हुन् (अधिकारी २०६५, पृ.२०६-२१२) ।

अन्नपूर्ण र मनासलु हिमश्रृङ्खलाहरूमा बसोबास गर्ने अधिकतम गुरुङजातिहरू सैनिक पेसामा रमाउँछन् । घले, घोताने, लामा र लामिछाने गुरुङ्का मुख्य थर हुन् । कोमजे, क्यब्जे, मिगी, थीमे, दोर्जाली पज्यु , थोर्जामी आदि विभिन्न थरहुने गुरुङहरूमा क्ले (मालिक) भन्ने उपाधिधारण गर्ने थुप्रै राजाहरू भएको बुझिन्छ । नोचनको वंशमा जन्मिएका लामा गुरुङहरू 'लम' भनिन्छन् र लमशब्दबाट लमजुङ नाम रहेको बुझिन्छ (पूर्ववत् पृ. २-३६) ।

मुस्ताङको लोमन्थाङमा रहने जाति लोवा हुन् । लोवाको जेठो छोरो

नै अंशको अधिकारी हुन्छ र माहिलो छोरा भिक्षु हुन्छ। छोराको विवाह पछि बाबु आफै घर छोड्न चाहन्छन् । लोवाहरू 'न्युने' पर्वलाई विशेष रूपमा मनाउँछन् । लोवाहरूको नामकरणसंस्कार ३ दिनमा गरिन्छ । लोवा जातिको संस्कृति सेर्पाजातिको जस्तै मानिन्छ । थाकखोला पुर्ख्यौली हुने थकाली जातिहरू नेपालका विभिन्न क्षेत्रहरूमा फैलिएका भेटिन्छन् । गण्डकीक्षेत्रका पोखरा, स्याङ्जा, दमौली, डुम्रे, बन्दीपुरजस्ता शहरहरूमा व्यापारिक दक्षता हासिल गर्दै थकालीहरू धेरै संख्यामा विदेशमा पनि पुगेका छन् । यिनीहरू गुरूङ र तमाङ वंशका हुन् भन्ने मत पनि पाइन्छ ।

थकालीहरू पनि भुरगी, च्योगी, साल्गी र डिमिचन चारथरि मानिन्छन् । थकालीहरूको गोत्र ग्ह्यु र पितृहरू खिमी भनिन्छन् । थकालीहरूले पितृ पुकार्ने कामलाई 'खेतेजी' भनिन्छ र त्यो काम गरेर मात्र ह्लछ्योव (कुलदेवतापूजा) सम्पन्न हुन्छ । उनीहरूले पितृपूजालाई 'ह्लफेव' भनिन्छ (पूर्ववत् २१५-२१६) ।

दुरा जातिको मुख्य बसोबास क्षेत्र दुराडाँडा (लमजुङ) हो । ठूलोस्वाँरा, मकैस्वाँरा, तुर्लुङकोट आदि ठाउँहरूमा फैलिएका दुराजाति तनहुँतिर पनि पुगेको छन् । यस दुराडाँडामा ऐतिहासिक राजा यशोब्रह्म शाहलाई घलेराजा विरुद्ध अभिषेक गर्ने वीरजाति दुराहरू नै थिए । तिनीहरूमा खजे दुराको नाम प्रसिद्ध छ ।

दुराहरू गुरुङजस्तै हुन्छन् । पुटपुटे नामको संस्कार दुरा र गुरुङको यौटै हुन्छ । चूडाकर्मलाइ छेवर भनिन्छ । विवाहका संस्कारहरू गुरुङ समाजका नै देखिन्छन् तर दुराहरूको संख्या कम भएकाले मागी विवाहलाई मान्यता दिन्छन् । दुरा जातिहरू पनि लामा वा ध्याबृद्वारा अन्त्येष्टि सम्पन्न गर्छन् (पूर्ववत् २१७-२१८) । यसरी नै छन्तेल, वोटे, दरै आदि जातिहरूको पनि आफ्नै सांस्कृतिक उत्कर्ष छ ।

चाहे रोधीघर होस् वा झाम्रे नाँच, चाहे सप्ताह होस् वा अर्घौं तर सबै जातिका संस्कार र सांस्कृतिक विषयमा सामाजिक एकताले गर्दा व्यक्तिगत स्वार्थपूर्ति रहन्न किनकि धर्म सामाजिक अनुमोदन पनि हो । यस अर्थमा गण्डकी क्षेत्रको सांस्कृतिक उत्कर्षले राष्ट्रिय महिमाको वृद्धि गरिरहेको देखिन्छ ।

गण्डकीमाहात्म्यकर्ताले भने पूर्वोक्त जातिहरूको कुनै सङ्केत गरेको पाइन्न तर अरूदेशमा जन्मिएका मानिसहरूको उल्लेख भने गरेका छन् । पारकोट क्षेत्रमा ब्राह्मणहरूको बाहुल्य रहेको कुरालाई उनले यसरी प्रस्तुत गरेका छन् -

सोमसूर्यकुले जाता गोब्राह्मणसुरार्चकाः ।

यत्र तिष्ठन्ति भूदेवा वैष्णवा वेदधर्मिणः ।।

पञ्चगौडास्तथा पञ्चद्राविडाश्चान्यदेशजाः ।

दयावन्तो दानशीला वेदवेदाङ्गपारगाः ।।

(गण्डकीमाहात्म्य ५/२–३) ।

जुन (पारकोटक्षेत्र) मा सूर्य र चन्द्रवंशमा उत्पन्न भएका गाई, ब्राह्मण र देवताको पूजा गर्ने ब्राह्मण, वैष्णव, वैदिक, पञ्चगौड (प्रदेश) बाट, पञ्चद्राविड (प्रदेश) बाट राज्यदेशबाट आएका दयालु, दानी, वेद र वेदाङ्ग र शिक्षा, कल्प, व्याकरण आदि ६ अङ्गमा पारङ्गत भएका विद्वानूहरू पनि बस्छन् ।

यहाँ प्रयोग गरिएका पञ्चगौड र पञ्चद्राविड शब्दहरूको अर्थअनुसार सारस्वत, कान्यकुब्ज, गौड, मैथिल र उत्कल नामका पाँच वर्णहरूका साथै महाराष्ट्र, तैलङ्ग, कर्णाटक, गुर्जर र द्रविड नामका पाँच वर्णहरूको उल्लेख गरेका र यी ब्राह्मणहरू भारतबाट आएको सूचना मिल्छ । वास्तवमा इतिहासकारहरूले नेपालका बासिन्दाहरू भारतबाट आएको अड्कल गरे पनि धेरैजसो यहाँबाट गएर यतै फर्किएको ठोकुवा गर्न सकिन्छ किनकि यहाँ नै ऋषि मुनिका आश्रमहरू र तपस्थलीहरू प्रशस्त रहेकाले सबै त्यताबाट आएका अवश्य होइनन् ।

५. उपसंहार

गण्डकीको समुत्पत्ति हुनुमा यो क्षेत्र गण्डकीको प्रस्रवणको लागि उचित एवम् रमणीय हुनु हो अर्थात् देवप्रिय हुनु हो । पशुपति क्षेत्रलाई देवपतन मानिएको र यहाँ पशुपति र वत्सलाको रूपमा पार्वती पनि रहेकी हुँदा प्राचीन कालदेखि नै यो देश देवप्रिय छ । त्यसमा हिमश्रृंङ्खलाहरूमा नर –नारायण, शिवपार्वती आदि देवदेवी र ऋर्षिमहर्षिहरू ध्यानावस्थित भएको पाइएकाले पनि नेपाल राष्ट्र देवभूमि हो भन्नुमा अत्युक्ति छैन । त्यसमा पनि गण्डकीक्षेत्रमा विष्णु र शिवको बढी कृपादृष्टि छ भन्ने विषयमा वाराहपुराणका

निम्न वचनहरू प्रमाण छन् -

मुक्तिक्षेत्रमिदं देव ! दर्शनादेव मुक्तिदम् ।
गण्डस्वेदोद्भवा यत्र गण्डकी सरितां वरा ।।
भविष्यति न सन्देहो यस्या गर्भे भविष्यसि ।
त्वयि स्थिते जगन्नाथे तव सान्निध्यकारणात् ।।
अहं ब्रह्मा च देवाश्च ऋषिभिः सह केशव ।
सर्वे वेदाश्च यज्ञाश्च सर्वतीर्थानि चाप्युत ।।
वसिस्यामः सदैवात्र गण्डक्यां जगतां पते ।

(वाराहपुराण १४४/१०६–१०८) ।

यो वचनअनुसार मुक्तिक्षेत्रमा सम्पूर्ण देवदेवी, वेद, तीर्थ, ऋषिमुनिहरू अप्रत्यक्ष रूपमा बसेको सिद्ध हुन्छ। त्यसरी नै "देवाट" मानिएको देवघाटमा पनि त्यस्ता सम्पूर्ण देवता सम्मिलित हुने प्रमाण पनि वाराहपुराणका वचन छन् -

देवानामटनाच्चैव देवाट इति सज्ञितम् ।
तस्य देवस्य महिमा केन वक्तुं हि शक्यते ।।

(पूर्ववत् १४४ /१४५-४६) ।

सम्भेदो देवनद्योस्तु समस्तसुखवल्लभः ।
दिवोऽवतीर्य तिष्ठन्ति देवा यत्र सहप्रियाः ।।
गण्डक्या कृष्णया चैव या कृष्णस्य तनूद्भवा ।
तया सम्भेदमापन्ना या सा शिवतनूद्भवा ।।
त्रिशूलगङ्गेत्याख्याता साऽपि तत्र महानदी ।

(पूर्ववत् १४५ /७९–८४) ।

देवघाटमा विष्णुको गालाबाट जन्मिएकी कृष्णगण्डकी र शिवको शरीरबाट जन्मिएकी त्रिशूली दुवै मिल्छन् र यही सङ्गममा सम्पूर्ण देवताहरू भ्रमण गर्छन् । यस प्रकार सम्पूर्ण देवताहरूको प्रिय गण्डकीप्रसवण क्षेत्र नेपालको मुक्तिक्षेत्र हो र यो क्षेत्र निम्न विभिन्न क्षेत्रहरूमा फैलिएको छ -

मुक्तिक्षेत्रं प्रथमतो रुरुखण्डन्ततः परम् ।
सम्भेदो देवनद्योस्तु त्रिवेणी च ततः परम् ।।

क्षेत्रं प्रमाणं विज्ञेयं गण्डकीसङ्गमं परम् ।

एवम् सा गण्डकी देवि ! नदीनामुत्तमा नदी ।।

गङ्ग्या मिलिता यत्र भागीरथ्या महाफला ।

अपरं तन्महत्क्षेत्रं हरिक्षेत्रमिति श्रुतम् ।।

(पूर्ववत् १४६ /१०५-१०६) ।

यसरी मुक्तिक्षेत्र, रुरुक्षेत्र, देवघाट र गण्डकी र गङ्गाको सङ्गमस्थल मानिने हरिक्षेत्र अति उत्तम क्षेत्र भएको यो वाराहपुराणको वचनअनुसार ती क्षेत्रहरूमा स्नान गर्दा मुक्तिलाभ सम्म हुने कुरा स्वतः सिद्ध हुन आउँछ । तर आज ती नदीहरूमा मानव जातिको नै उपेक्षा हुनु दुःखलाग्दो विषय हो । हामी गण्डकी क्षेत्रवासीहरूको कर्तव्य यो हुन आउँछ कि भगवती गण्डकीलाई माताको पूज्यदृष्टिले हेरौं र पूजा गरौं शुद्ध राखौं र हरियालीले सिगारौं । अरू जल विकृत हुन सक्छन् तर गण्डकीको जल विकृत नहुने र स्वास्थ्यकर हुने कुरामा शङ्का छैन । आजीवन गङ्गास्नान गरेका विद्वानूहरू नीरोगी भएर दिवङ्गत भएको पनि देखिएको छ । यसैले गङ्गाव्रत लिएर मानवजीवन सफल बनाऊँ ।

सन्दर्भस्रोत

अधिकारी, टीकाराम, (वि.सं.२०६५) 'गण्डकी क्षेत्रका मुख्य जाति र उनीहरूको ऐतिहासिक तथा धार्मिक परिचय', गण्डकी सामाजिक गुठी स्मारिका, काठमाडौं : गण्डकी सामाजिक गुठी पृ. २०६-२१२ ।

कालिकापुराण, (सन् २००८), वाराणसी : चौकाघाट नवशक्तिप्रकाशन ।

पाण्डेय, फणीन्द्रप्रसाद, (वि.सं. २०५७) संस्कृत नेपाली बृहत् शब्दकोश दाङ् : म.सं.वि. ।

मत्स्यमहापुराण (वि.सं.२०७२), ग्यारहवां पुनर्मुद्रण सं. गोरखपुर : गीताप्रेस ।

वाराहपुराण, (सन् १९८२) सम्पा. हृषीकेश शास्त्री, वाराणसीः चौखम्वा अमर भारती प्रकाशन ।

शक्तिसङ्गमतन्त्र, देशव्यवस्था नामक सातौं सुन्दरी खण्ड ।

श्रीमद्भागवतमहापुराण, (वि.सं.२०५८) अठारहवाँ संस्करण गोरखपुर : गीताप्रेस ।

सुभाषितरत्नभाण्डगार (सन् २०१४) पुनर्मुद्रण सं. वाराणसीः चौखम्वा संस्कृत प्रतिष्ठान ।

सूरि, काशीराम (वि.सं.२०५५), गण्डकीमाहात्म्य, अनु. टीकाराम अधिकारी दाङ् : म.सं.वि. ।

हिमवत्खण्ड (वि.सं.२०७५) अनु. सम्पा.वेणीमाधव ढकाल, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

✡✡✡✡

शालिग्राम

डा. जगदीशचन्द्र रेग्मी

हिन्दू समाजमा शालिग्रामको ठूलो मान्यता रहिआएको छ ।[१] शालिग्राम शिला पश्चिमी नेपालको कालीगण्डकी भेकमा मात्र पाइने हुनाले यसको माध्यमबाट नेपालभूमिले सम्पूर्ण हिन्दू समाजमा सम्मानको स्थान पाएको उल्लेखनीय छ ।[२]

मार्कण्डेयपुराणमा हिमालयबाट निस्केका नदीहरूको बयान गर्दा गण्डकी नदीको पनि उल्लेख गरेको पाइन्छ ।[३] वाराहपुराणमा यो गण्डकी नदीको उत्पत्ति विष्णुको "गण्ड" वा गालाको पसिनाबाट भएको र त्यसले यसको नाम गण्डकी भएको कुरा बताइएको छ ।[४] त्यहीं गण्डकीलाई शालग्रामी र नारायणी नाम पनि दिइएको छ । मध्य पश्चिमी नेपालमा कालीगण्डकीको क्षेत्र वैष्णव क्षेत्रको रूपमा मानिएको कुरा उपर्युक्त विवरणबाट ज्ञात हुन आउँछ । मुक्तिनाथदेखि रिडीसम्म अनेक वैष्णव तीर्थ र मन्दिर प्रसिद्ध रहेका छन् । सातै गण्डकी मिसिने ठाउँ देवघाट पनि प्रसिद्ध तीर्थस्थलमा गनिन्छ ।

लेखक त्रि.वि.का सेवानिवृत्त प्राध्यापक तथा वरिष्ठ संस्कृतिविद् हुनुहुन्छ।

---

१) क. V.S. Apte_ The Student's Sanskrit-English Dictionary, 1959: p. 533: शालग्राम: a kind of sacred stone said to the typical of Vishnu, as the Phallus of Shiva. शालग्रामगिरि- Name of a mountain. शालग्रामशिला- the Salagrama stone.

ख. R.R. Diwakar (ed.)_ Bihar through the Ages, 1959.p. 119: 'The round back pebbles of a particular type found in the Gandaki river are Worshipped as Saligrams and there is a place called Saligram in its Upper Valley'.

२ R.R Diwakar (ed.)_ibid, p.120: 'Saligrama Worship was taken over by Vaishnavism and has become a common feature of that sect all over India.'

३. B.C. Law- Geographical Essays, London, 1937.p.84.

४. Ibid.

शालग्राम (शालिग्राम) को ठूलो धार्मिक महत्त्व हुनाले यसको बारेमा अनेक पुराण, उपपुराण र अन्य किसिमका धार्मिक ग्रन्थहरूमा चर्चा गरिएको पाइन्छ । शालिग्राम सम्बन्धी एक सङ्ग्रह ग्रन्थमा [५] स्कन्दपुराण, पद्मपुराण, वाराहपुराण, ब्रह्माण्डपुराण र अन्यान्य प्राचीन ग्रन्थका वचनहरूको सङ्ग्रह भएको देखिएकोले शालिग्रामको धार्मिक माहात्म्यको शास्त्रीयता र प्राचीनता स्पष्ट हुन आउँछ। यस्तै अर्को सङ्ग्रह पनि प्रकाशित भएको छ।[६] जसमा विभिन्न पुराणका वचनहरूको सङ्ग्रह र शालग्राम परीक्षा ग्रन्थ अनुवादसहित प्रस्तुत गरेको पाइन्छ। शालिग्राम सम्बन्धी केही अरु साहित्य पनि उपलब्ध छन् ।[७]

ऐतिहासिक दृष्टिले शालिग्रामको पूजा गर्ने परम्परा कहिले देखि चलेको हो भन्ने बारेमा निश्चित रूपले भन्न गाह्रो छ। कति विद्वान्ले वैदिक कालमा प्रस्तर वा शालिग्रामको पूजा प्रचलित भएको मानेका छैनन् किनभने गण्डकी नदी आर्यहरूको मुख्य बासस्थानभन्दा निकै टाढा पर्दथ्यो। गण्डकीनदीका आसपासमा रहने आदिवासीहरूमा भने शालिग्रामको पूजा गर्ने चलन चलेको हुन सक्दछ भनेको पाइन्छ ।[८]

---

५. सोमनाथ घिमिरे व्यास-शालग्राम मीमांसा, रघुनाथ घिमिरे टंगाल काठमाण्डौ २०३४ ।

६. भवानीशंकर शास्त्री कफल्लक- शालग्रामरहस्यम् (नेपाल राज्यस्थमुक्तिक्षेत्र गण्डकीप्रभृतिविविध-तीर्थमाहात्म्यपुरःसरं), पं. त्रिपुरानाथशर्म (देवकोटा) संगृहीतया शालग्रामपरीक्षया च संवलितम्, मोहनमान सेरचन्द्र नेपाल थाकटुकुचे नेपाल, सं. २००७ ।

७. राष्ट्रिय अभिलेखालयमा शालिग्राम सम्बन्धी निम्न ग्रन्थ रहेका ज्ञात हुन्छन् । :-
(क) शालिग्रामपरीक्षा- प्र. १३३६,१३५३ च.९७३,१०१९ ।
(ख) शालिग्रामपूजामहिमा-प्र. १२०४ । (ग) शालिग्राममाहात्म्यम्-च. ९३२ ।
(घ) शालिग्रामलक्षणम्– च. १०८३ ।
नेपाल- राजकीय- वीरपुस्तकालयस्थ- हस्तलिखितसमस्तपुस्तकानां संक्षिप्त सूचीपत्रम्, बुद्धिसागरशर्मणः अध्यक्षतायां वीरपुस्तकालयतःसंपादितः प्रकाशितश्च पुरात्त्वप्रकाशनमाला–१८, सम्वत् २०२०, पृ. १४७ । यी बाहेक शालिग्रामोपनिषद् पनि रहेको पाइन्छ। कसैले शालिग्रामनिघण्टु नामक दुर्लभ ग्रन्थ रहेको सूचित गरेका छन् ।

८. Bihar through the Ages, p. 119: 'Stone worship is not known to vedic culture in any form and the Gandaki was on the extreme outskirts of Aryan seŒlements. It is, Therefore Very likely That the original inhabitants of northern Bihar were worshippers of the stones known as Saligrama.'

कति विद्वान्हरूले शालिग्रामको पूजा करिब दुई हजार वर्ष अघि प्रचलित भैसकेको तथ्यतिर औंल्याएको पाइन्छ । पश्चिमी भारतमा राजपूतानाको घोसुण्डीमा पाइएको ईश्वी पूर्व प्रथम शताब्दीको अभिलेखमा वासुदेव र सङ्कर्षणको "पूजा-शिलाप्राकार" बनाएको उल्लेख पाइएकोमा "पूजाशिला" लाई डी.सी. सरकारले शालिग्राम भन्ने अर्थ गर्नुभएको छ ।[९] उपर्युक्त अभिलेखको सन्दर्भ त्यति स्पष्ट नभएपनि त्यतिबेला शालिग्रामको पूजा हुने चलन चलिसकेको मान्न त्यति गाह्रो पर्दैन । स्कन्दपुराणजस्तो पुरानो मानिएको पुराणमा पनि शालिग्रामको उल्लेख पाइने तथ्य पनि महत्त्वपूर्ण मान्नु पर्दछ ।

शालिग्राम सम्बन्धी पौराणिक र अन्य साहित्यबाट वैष्णव धर्मको कर्मकाण्ड पक्षको विस्तृत विवरण ज्ञात हुन आउँछ । यौटा नरसिंहपुराणमा मात्र विष्णुका विभिन्न अवतार र ध्यानको लक्षण बताउँदा ९० संख्याको विवरण पाइन्छ ।[१०]

---

९. The Age of Imperial Unity, Bharatiya Vidya Bhawan, Bombay, Fourth edition, 1968. p. 438; Studies in the Religious life of Ancient and Madieval India, Motilal Banarasi Dass, 1971, p. 20.

१०. मुम्मडी कृष्णराज ओडयर–श्रीतत्त्वनिधि, खेमराज श्रीकृष्णदास बम्बई, वि.सं. १९५८ पृ. २९१–३०४: नरसिंहपुराणमा उल्लिखित विष्णुका विभिन्न अवतार र अन्य ध्यान सम्बन्धी शालिंग्रामहरूको सूची यसप्रकार छ -

१) मत्स्यमूर्ति (२) महाकूर्ममूर्ति (३) वाराहमूर्ति (४) बुद्धमूर्ति (५) नरसिंहमूर्ति (६) लक्ष्मीनृसिंहमूर्ति (७) वामनमूर्ति (८) परशुराममूर्ति (९) श्रीराममूर्ति (१०) वलराममूर्ति (११) श्रीघनमूर्ति (१२) कल्किमूर्ति (१३) श्रीकृष्णमूर्ति (१४) श्रीगोपालमूर्ति (१५) दधिवामनमूर्ति (१६) दधिगोपालवामनमूर्ति (१७) सन्तानगोपालवामनमूर्ति (१८) प्रद्युम्नमूर्ति (१९) अनिरुद्धमूर्ति (२०) हयग्रीवमूर्ति (२१) श्रीधरमूर्ति (२२) लक्ष्मीनारायणमूर्ति (२३) पद्मनाभमूर्ति (२४) गोविन्दमूर्ति (२५) विश्वरूपमूर्ति (२६) अनन्तमूर्ति (२७) लक्ष्मीनारायणमूर्ति (२८) श्रीघनमूर्ति (२९) नारायणमूर्ति (३०) दामोदरमूर्ति (३१) अनन्तमूर्ति (३२) त्रिविक्रममूर्ति (३३) जनार्दनमूर्ति (३४) वासुदेवमूर्ति (३५) श्रीविष्णुमूर्ति (३६) अच्युतमूर्ति (३७) उपेन्द्रमूर्ति (३८) शिवनाभमूर्ति (३९) हिरण्यगर्भमूर्ति

त्यसमध्ये विष्णुका बुद्धावतारका दुई लक्षणको उल्लेख त्यहाँ पाइन्छ ।[११] यस आधारबाट बुद्धमार्गीहरूले पनि शालिग्रामको पूजा मान्यता कुनै न कुनै रूपमा गर्दछन् । शालिग्राम सम्बन्धी उपलब्ध हुने विस्तृत विवरणबाट उस समयका वैष्णवहरूले यस सम्बन्धी कति व्यापक नियम र व्यवस्था गरेका रहेछन् भन्ने कुरामा हामीले छक्क पर्नुपर्दछ । यस्ता केही विवरणहरूको संक्षिप्त चर्चा यहाँ गरिन्छ । यहाँ नरसिंहपुराणका सन्दर्भहरूको मात्र आधार लिइएको छ ।

नरसिंहपुराणमा शालिग्रामको उत्पत्ति स्थल र त्यसको माहात्म्य बताउँदै हरिपर्वतमा "हरिचक्रशिलामय" शालिग्राम क्षेत्र छ, जसको स्मरण मात्रले सबैको पापको क्षय हुन्छ । त्यही पाप नाश गर्ने गण्डकी नामकी नदी छन् जसको जलको स्पर्श मात्रले मानिस "विष्णुसायुज्य" (मुक्ति) पाउँछ । त्यो हरिपर्वतको फेदमा चक्रतीर्थ नामको ठूलो तलाउ छ त्यसबाट गण्डकीको उत्पत्ति भएको कुरा पुराना कुरा जान्नेहरू भन्दछन् । त्यही पर्वत तीर्थमा साक्षात् चक्रधर हरि छन् ।

---

(४०) मदनगोपालमूर्ति (४१) जनार्दनमूर्ति (४२) लक्ष्मीनारायणमूर्ति (४३) श्री मन्नारायणमूर्ति (४४) सुदर्शनमूर्ति (४५) वनमालिमूर्ति (४६) महाज्वालानृसिंहमूर्ति (४७) शिवनाभमूर्ति (४८) बुद्धमूर्ति (४९) लक्ष्मीनृसिंहमूर्ति (५०) श्वेतवाराहमूर्ति (५१) भूवराहमूर्ति (५२) कूर्ममूर्ति (५३) ऋषीकेशमूर्ति (५४) केशवमूर्ति (५५) अच्युतमूर्ति (५६) वैकुण्ठमूर्ति (५७) विष्टरश्रवामूर्ति (५८) हिरण्यमूर्ति (५९) हरिहरब्रह्ममूर्ति (६०) कर्मवराहमूर्ति (६१) मत्स्यमूर्ति (६२) वराहमूर्ति (६३) कपिलानारसिंहमूर्ति (६४) वामनमूर्ति (६५) दधिवामनमूर्ति (६६) लक्ष्मीनृसिंहमूर्ति (६७) राममूर्ति (६८) श्रीराममूर्ति (६९) श्रीसीताराममूर्ति (७०) गोपालमूर्ति (७१) ब्रह्ममूर्ति (७२) वासुदेवमूर्ति (७३) महाविष्णुमूर्ति (७४) नारायणमूर्ति (७५) लक्ष्मीनारायणमूर्ति (७६) श्रीधरमूर्ति (७७) सङ्कर्षणमूर्ति (७८) सङ्कर्षणमूर्ति (७९) प्रद्युम्नमूर्ति (८०) विष्णुमूर्ति (८१) कृष्णमूर्ति (८२) कूर्ममूर्ति (८३) अनन्तमूर्ति (८४) त्रिविक्रममूर्ति (८५) लक्ष्मीगोपालमूर्ति (८६) श्रीहरिमूर्ति (८७) बलभद्रमूर्ति (८८) गोपालमूर्ति (८९) लक्ष्मीगोपालमूर्ति (९०) जनार्दनमूर्ति

११. क. रन्ध्रदृश्यद्वयोपांत अंतश्चक्रद्वयान्विताम् ।
शिरोदृष्टोर्ध्वचक्रं च पार्श्वयोर्वापि दृश्यते ॥
नानावर्णमयीं वापि बुद्धमूर्तिं प्रचक्षते ॥ श्री तत्त्वनिधि, पृ.२९३।

ख. रन्ध्रेष्वदृष्टचक्रं चंपकाकारं सविन्दुकम् ।

ती हरिका साथमा लक्ष्मी र पृथ्वी रहन्छन् । त्यहाँका सबै शिलाहरूमा सबै लक्षणहरू मिलेर शालिग्रामशिला बन्दछन् । लक्षण मिलेका शालिग्राम भगवान्का कृपाले पुण्यकालहरूमा हुन्छ ।[१२] त्यही पुराणमा स्वयं हरि "वज्रकीट" कीरा भएर सुवर्णमय स्वरूपमा शालिग्रामशिलाभित्र बसेर अनेक किसिमका चक्र बनाउँछन् भनिएको छ ।[१३] उक्त विवरणबाट शालिग्राममा "चक्र" को ठूलो महत्त्व रहेको देखिन आउँछ । नरसिंहपुराणमै चक्रको संख्याअनुसार देवता निर्णय गरेको पाइन्छ । त्यसअनुसार एक चक्र सुदर्शन, दुई चक्र लक्ष्मीनारायण तीन चक्र अच्युत, चार चक्र जनार्दन पाँच चक्र वासुदेव, छ चक्र सङ्कर्षण, सात

बुद्धाकारं विजानीयाच्चक्रं वा मालिनावहम् ॥ श्रीतत्त्वनिधि, पृ. २९७।

१२. आसीदवन्तीदेशेषु नाम्ना तु हरिपर्वतः ।
शालिग्राम इति क्षेत्रे हरिचक्रशिलामये ॥
यस्य स्मरणमात्रेण सर्वपापक्षयो भवेत् ।
तत्रैव गंडक्याख्याता नदी पापप्रणाशिनी ॥
यज्जलस्पृष्टिमात्रेण विष्णुसायुज्यमाप्नुयात् ।
तस्मिन् पर्वतमूले तु चक्रतीर्थं महत्सरः ।
तस्या तत्र निदानं च प्रवदन्ति पुराविदः ॥
तस्मिन् पर्वततीर्थेऽस्ति साक्षाच्चक्रधरो हरिः ।
लक्ष्म्या धरित्र्या सहितो सानिध्यं कुरुते मुने ॥
तच्छिलासु च सर्वासु हरिक्षेत्रगतासु च ।
शीतवातविनिर्मुक्ते शैलगर्भे मुनीश्वर ॥
सर्वलक्षणसंयुक्ता शालिग्रामशिला भवेत् ।
साक्षाल्लक्ष्मीपतेर्विष्णोः प्रसादात् परमेष्ठिनः ॥
उत्पत्तिस्तच्छिलानां तु पुण्यकालेषु विद्यते । श्री तत्त्वनिधि, पृ. २९१ ।

१३. पश्चात्सहस्रवर्षाणां शालिग्रामस्य चक्रके ।
वज्रकीट इति ख्यातो जन्तुर्भूत्वा हरिः स्वयम् ॥
हिरण्मयो महावीर्यो विद्युल्लेखासमप्रभः ।
शालिग्रामशिलागर्भमासाद्य कलनिस्स्वनः ॥
तत्रस्थश्चक्रचिह्नानि मुखेन कुरुते मुने ।
नानाविधानि चक्राणि नानारूपाणि लीलया ॥
अन्तर्दधाति तत्रैव बहुकालादनंतरम् ।
सान्निध्यं कुरुते तत्र साक्षाल्लक्ष्मीपतिस्सदा ॥

चक्र वराह, आठ चक्र पुरुषोत्तम, नौ चक्र नरसिंह, दश चक्र वामन, एघार चक्र प्रद्युम्न, बाह्र चक्र अनन्त, तथा धेरै चक्रहरूमा परमात्मा प्रतिष्ठित हुन्छन् भनिएको छ ।[१४] शालिग्राममा चक्रको महत्त्व हुनाले नै चक्र रहुन्जेल भाँचिएकै भए पनि खण्डित र फुटेकै भए पनि पूजा गर्नाले असलै हुन्छ भनिन्छ ।[१५] तर दर्फरिएको, डढेको, तातो शालिग्रामको पूजा गरे दुःख र दरिद्रता हुन्छ । बन्द भएको, चक्र बाँधिएको र त्रिकोण स्वरूपको शालिग्रामको पूजा गरे बन्धुको नाश हुन्छ । भित्री चक्र फुटेको शालिग्रामको पूजा गरे बन्धु र छोराको विनाश हुन्छ । त्यस्तै लक्षण नमिलेको शालिग्रामको पूजा गरे धन, खेत, कुलको नाश हुने र ठूलो दुःख पाइन्छ भनिएको छ ।[१६] त्यसबाहेक अरु लक्षणका शालिग्रामका विवरण पनि पाइन्छन् ।[१७]

तदालोकनमात्रेण सर्वपापक्षयो भवेत् ।
उत्पत्तिर्नारदोक्तैवं विज्ञेया मुनिपुंगव ः ॥ श्रीतत्त्वनिधि, पृ. २९१-९२।

१४. एकं सुदर्शने चक्रं लक्ष्मीनारायणे द्विकम् ।
त्रिचक्रं चाच्युते ज्ञेयं चतुश्चक्रं जनार्दने ॥
पञ्चचक्रं वासुदेवे षट्कं सङ्कर्षणे तथा ।
सप्तचक्रं तु वाराहे चाष्टकं पुरुषोत्तमे ॥
नवकं नारसिंहे च दशकं वामने तथा ।
एकादशं तु प्रद्युम्ने त्वनन्ते द्वादशस्मृतम् ॥
अन्येषु बहुचक्रेषु परमात्मा प्रतिष्ठितः ॥ श्रीतत्त्वनिधि, पृ. ३०१ ।

१५. शालिग्रामशिला भग्ना पूजनीया सचक्रका ।
खण्डिता स्फुटिता वापि शालिग्रामशिला शुभा ॥ श्रीतत्त्वनिधि,पृ.३०२।

१६. दर्दुरं दग्धमुष्णं स्याद् दुःखदारिद्रयदायि च ।
बन्धकं बद्धचक्रं च त्रिकोणं बन्धुनाशनम् ॥
अन्तः स्फुटितचक्रं च बन्धुपुत्रविनाशकम् ।
अर्थघ्नी विमला च स्यात्कर्कशं क्षेत्रमेव च ॥
विकरालं महादुःखं करालं कुलनाशनम् । श्रीतत्त्वनिधि, पृ. ३०२ ।

१७. अक्रोणं दर्दुरं चैव दग्धमुष्णं कलंकितम् ।
अचक्रं च तथा धृष्टं चक्रास्यं भिन्नमेव वा ॥
बहुचक्रे वक्रचक्रं तिर्यक्चक्रं तथा त्यजेत् ।
दीर्घशोभितमच्छांगमसौम्याकृतिमेव वा ॥
बहुवाणसमायुक्तं स्फुरितालक्ष्यचक्रकम् ॥
अपक्वपनसाकारं बभ्राकारं परित्यजेत् ।

पापी जनै नलगाउने, शूद्र र आइमाईले पूजा गरेका शालिग्राम आदि मूर्तिको पूजा पनि गर्न नहुने कुरा त्यहीँ लेखिएको पाइन्छ ।[१८] शालिग्राम दूध वा चामलमा राखी बढेको घनत्व हेरेर पूजाको लागि दिनु भन्ने उल्लेख पनि पाइन्छ ।[१९] सेतो, पहेँलो, रातो, कालो, छिरबिरे, कैलो, खैरो र अनेक वर्णका शालिग्राम हुन्छन् ।[२०] वर्णअनुसार शालिग्राम पूजाको असल वा खराब फल पाइन्छ । [२१] शालिग्रामको रन्ध्र वा प्वालको स्वरूपअनुसार पनि असल खराबको लक्षण हुन्छ ।[२२] शालिग्रामको वर्णअनुसार नै देवताको निर्णय गरिएको पनि पाइन्छ । सो अनुसार कैलो नरसिंह, अतसी फूलको रंगको वामन, सेतो वासुदेव, रातो सङ्कर्षण, नीलो दामोदर र अनिरुद्ध, श्याम नारायण र विष्णु–कृष्ण, धेरै वर्णका अनन्त, पहेँलो श्रीधर, खैरो वासुदेव, धेरै सेतो

बन्धनं बद्धचक्रं च क्रूरचक्रं तथा त्यजेत् ॥
करालं विकरालं च वक्रतुण्डं तथैव च ॥
दर्दुरं स्फुटितं दग्धं त्रिकोणं परिवर्जयेत् ।
अन्तःस्फुटितभग्नं च बद्धचक्रं तथैव च ॥
बहुरेखं परिच्छिद्रं तिर्यक्चक्रं तथा त्यजेत् । श्रीतत्त्वनिधि, पृ. ३०२ ।

१८. शूद्रो वानुपतीतो वा स्त्रियो वा पतितोऽपि वा ।
केशवं वा शिवं वापि स्पृष्ट्वा नरकमश्नुते ॥
प्रायश्चित्तविहीनानि पापानि श्रृणु भूपते ।
यः शूद्रेणार्चितं लिंगं विष्णुं वा प्रणमेन्नरः ॥
न तस्य निष्कृतिर्दृष्ट्वा प्रायश्चित्तादिकल्पनैः ॥
स सर्वयातनाभोगी यावदाचन्द्रतारकम् ।
कृत्वा संप्रोक्षणं तत्र यजेद्देवं विचक्षणः ॥ श्री तत्त्वनिधि, पृ. ३०३ ।

१९. क्षीरे वा तंडुले वापि शालिग्रामं निवेशयेत् ।
घनत्वं वृद्धमालोक्य गृह्णीयाद् बुद्धिमान्नर ः ॥ श्री तत्त्वनिधि, पृ. ३०३।

२०. श्वेता पीता तथा रक्ता कृष्णा शाद्वलसन्निभा ।
कपिला च तथा धूम्रा कलंका बहुवर्णिनी ॥
अतिवर्णा विवर्णा च तथा संदिग्धवर्णिनी ।
एवंविधैस्तथा वर्णैं रूपैर्नानाविधाःशिलाः । श्री तत्त्वनिधि, पृ. २९२ ।

२१. शालिग्रामशिला ग्राह्या मंगला देशकालतः ।
श्यामं कृष्णं च नीलं च तथा वै पीतवर्णकम् ॥ श्री तत्त्वनिधि, पृ.३०४।
पाण्डुरं रक्तवर्णं च कपिलं शुक्लवर्णकम् ।
धूम्रवर्णं तथा दग्धमिति नानाविधा शिलाः ॥

अधोक्षज र महजस्तो पहेँलो ब्रह्ममूर्ति भनिएको छ।[२३] श्रीपति विष्णुका जति मूर्ति हुन्छन् ती सबै शालिग्राममा पाइन्छन् र त्यसको गणना सय कल्पसम्म गरेर पनि सिद्धिँदैन भनिएको छ।[२४]

पत्नीघ्नी कपिला प्रोक्ता नीला लक्ष्मीप्रदा स्मृता ।
पुष्टिवृद्धिप्रदा श्यामा शुक्ला मोक्षप्रदायिनी ।
पीता धनकरी ज्ञेया रक्ता राज्यकरी स्मृता ॥
अतिरक्ता मृत्युकरी कृष्णा कीर्तिप्रदायिनी ।
धूम्रवर्णा महादुःखदारिद्रयं ददती शिला ।
श्रेष्ठा स्यात्तु विशेषेण धूम्रा तु यतिपूजने ।
कलंकाक्षयकारी स्यादन्नतो बहुवर्णभाक् ॥
अतिवर्णा दुःखदा स्याद्विवर्णा कुलनाशिनी ।
संदिग्धवर्णा हंत्री स्यादिति क्षेत्रफलं मुने ॥
पत्नीघ्नी कपिला चैव नीला लक्ष्मीप्रदायिनी ।
पुष्टिदा वृद्धिदा श्यामा रक्ता राज्यकरी तथा ॥
अतिरक्ता मृत्युदा स्याद् गौरा धनकरी तथा ।
बहुवर्णा श्रीकरी स्याद् विवर्णा निष्फला तथा ॥
श्वेतवर्णा मोक्षदा स्यात् संदिग्धा सर्वनाशिनी । श्री तत्त्वनिधि, पृ २९२।

२२ सूत्रेण वेष्टयेन्मध्यं शालिग्रामस्य बुद्धिमान् ।
तदष्टांशप्रमाणं स्यादुत्तमं यस्य गह्वरम् ॥
वक्त्रेण सूत्राष्टमो भाग उत्तमामध्यमा उभौ ।
भागत्रयं जघन्यस्यात्शालिग्रामस्य लक्षणम् ॥
अधोवक्त्रं भीतिकरं चोर्ध्वमुच्चाटनक्रियम् ।
समवक्त्रं विशिष्टं स्यात्पार्श्वास्यं भाग्यहृद्भवेत् ॥
वक्रास्यं व्याधिजनकं दीर्घास्यं सर्वभक्षकम् ।
मूर्तिभेदं समाशाध्य पश्चाल्लक्षणमादिशेत् ॥ श्री तत्त्वनिधि, पृ २९२।

२३. कपिलो नारसिंहः स्यादतस्याभस्तु वामनः ।
वासुदेवः सितो ज्ञेयो रक्तःसङ्कर्षणः स्मृतः ॥
दामोदरस्तु नीलाभ अनिरुद्धस्तथैव च ।
श्यामो नारायणो देवः कृष्णो वैष्णव उच्यते ॥
बहुवर्ण अनन्तश्च श्रीधरः पीत उच्येत ।
पाण्डुरो वासुदेवश्च शुक्लः शुक्ल अधोक्षजः ॥
मधुपिंगलबर्णो वै ब्रह्मामूर्तिरिति स्मृता ।
मया क्षेत्रस्य कथितो विस्तारो मूनिपुंगव । श्री तत्त्वनिधि, पृ.३०४ ।

२४. मूर्तयः सन्ति यावत्यो विष्णोः साक्षाच्छ्रियः पतेः ।

ब्रह्मचारी, सन्न्यासी र गृहस्थीले पूजा गर्ने शालिग्रामको लक्षणको पनि वर्णन पाइन्छ ।[२५] त्यस्तै बिजोड संख्याको शालिग्रामको पूजा गर्न नहुने कुरा पनि सङ्केत गरिएको छ ।[२६] शालिग्रामशिलाको जल पिउनाले सबै पाप छुटी "विष्णुसायुज्य" वा मुक्ति पाइन्छ भन्ने उल्लेख पाइन्छ । [२७] यस्तै महत्त्वको कारण शालिग्रामको बिक्री गर्न हुँदैन, त्यसमा चौध भुवन हुन्छन्, त्यसको दानले माधव खुशी हुन्छन् भनिएको छ । पूजा गरेका शालिग्राम दिनु–लिनु गर्नाले पुण्य हुन्छ तर क्रय विक्रय गर्नेहरू नरक जान्छन् भनिएको छ ।[२८] शालिग्रामको क्रय–विक्रय गर्नु पाप हो भनिएको भएपनि व्यवहारमा त्यस्तो भएको पाइँदैन । खास गरी ज्यादा महत्त्वका शालिग्रामको त आधिकारिक मूल्याङ्कन समेत भएको पाइन्छ । नेपालको वि.सं.१९१० को मुलुकी ऐनमा कानूनी कार्वाहीको परिप्रेक्षमा लक्ष्मीनारायण शालिग्रामको १०० रुपैँया मूल्य निर्धारण गरिएको छ ।[२९] उसबेलासमेत सय रुपियाँको मूल्य निर्धारण गरिएको लक्ष्मीनारायण शालिग्रामको लक्षणग्रन्थहरूमा पनि निकै माहात्म्य बताइएको पाइन्छ । शालिग्रामको पूजा आराधना गर्नाले छिटो सिद्धि पाइने र सौभाग्य हुने कुरा बताइएको पाइन्छ ।[३०]

तावत्यो मूर्तयः सन्ति शालिग्रामेषु नारद ।
शालिग्रामशिलानां तु मूर्तीनां पृथगात्मता ।
न शाक्यते मया वक्तुं कल्पकोटिशतैरपि ॥ श्री तत्त्वनिधि, पृ. ३०१ ।

२५. श्रीतत्त्वनिधि, पृ. ३०३ ।

२६. ऐजन, पृ. ३०३ ।

२७. ऐजन ।

२८. शालिग्रामशिलातोयं यः पिवेद् विष्णुसन्निधौ ।
सर्वपापविनिर्मुक्तो विष्णुसायुज्यमाप्नुयात् ॥
शालिग्रामेषु तिष्ठन्ति भुवनानि चतुर्दश ।
तस्मादस्य प्रदानेन प्रीतो भवतु माधव ॥
अर्चितं प्रतिगृह्णीयात् दद्यादर्चितमेव वा ।
तावुभौ पुण्यकर्माणौ नरकी क्रयविक्रयी ॥श्रीतत्त्वनिधि, पृ. ३०२ ।

२९. श्री ५ सुरेन्द्रको पालाको मुलुकी ऐन, पृ. ३१४।

३०. श्रीतत्त्वनिधि, पृ. २९५।

उपत्याकाका प्रसिद्ध चार नारायणमध्ये एक बिशंखु नारायणलाई भाषावंशावलीमा लक्ष्मीनारायण शालिग्रामको पीठ भनी बयान गरिएको पाइन्छ । वंशावलीमा उल्लिखित आख्यानअनुसार राजा शिवदेवले एक जना सिद्ध (दुर्वासा ऋषिका अवतार) सँग मिलेर गोदावरी सन्धि जगाई लक्ष्मीनारायण शालिग्रामका प्रमाणले विष्णुनारायण नाम प्रख्यात गरी वासुदेव, सङ्कर्षण, प्रद्युम्न, अनिरुद्ध चारै देवताले सहित गरी सर्वौषधि पर्वत नाम विशंखुका पर्वतविषे विष्णुकन प्रख्यात गरी जगाएको भनिएको छ ।[३१] अर्को थरी वंशावलीमा उही स्थानलाई विष्णु लक्ष्मीनारायण शालिग्रामका प्रमाण गुफामा गुप्त भइरहेका विष्णुलाई प्रकट गरी पर्वत विषय स्वयंभू विष्णु जगाई ऊँ श्री विशंखु नारायण भनी नाम प्रख्यात गरेको भनिएको छ ।[३२] शालिग्रामशिलाभित्र सुनका कणहरू हुन्छन् । पौराणिक आख्यानमा सुनौलो वज्रकीटले शालिग्रामका रेखा बनाउँछ भनिएको पनि छ । सुनको लोभले गर्दा मानिसहरू शालिग्राम फोरेर सुन जम्मा गर्ने गर्दछन् । शालिग्रामजस्तो धार्मिक वस्तुलाई यसरी फोर्नु उचित होइन भन्ने विचार गरी वि.सं. १९५५ मा तत्कालीन प्रधानमन्त्री वीर शमशेरले बन्देज गरेको एक रुक्का पाइएको छ ।[३३] त्यसमा मुक्तिक्षेत्रका बासिन्दाहरूलाई शालिग्राम फोरी सुन झिकी बेच्ने र चिह्नहरू बिगारी एक देवतालाई आर्को देवताजस्तो गरी बनाइने र एक देवताको शालिग्राम बिगारी अर्कोमा जोडेर छलेर बेच्ने गरेको बारेमा पहिले पनि २, ३ पल्ट उर्दी इस्तिहार गर्दा पनि ख्याल नराखेकाले फेरि शिलालेख लेखाएरै राखेको भन्ने उल्लेख गरिएको छ । त्यस किसिमका अपराधहरूमा

लक्ष्मीनारायणं प्राहुर्दुर्लभं शीघ्रसिद्धिदम् ॥
सर्वसिद्धिप्रदं दिव्यं सर्वकर्मशुभप्रदम् ।
सर्वसौभाग्यदं नृणां लक्ष्मीनारायणं विदुः॥ श्रीतत्त्वनिधि, पृ. २९९ ।

३१. भाषावंशावली, भाग–१ पृ. ८३–८४. ।

३२. देवमालावंशावली. पृ. ६१, वंशावलीको बयानको शैलीको विचार गर्दा शिवदेव प्रथमले विशंखु नारायण पीठको स्थापना गरेको बुझ्न सकिन्छ । मेरी स्लसरको विचारमा चार नारायणमध्ये एक लोकपालस्वामिनूलाई मानिएको र पछि मात्र विशंखुलाई मान्न थालिएको हो । (Nepal Mandala, P. 256)।

३३. योगी नरहरिनाथ–इतिहास प्रकाशमा सन्धिपात्र सङ्ग्रह भाग–१. सं.

सरकार वादी भएर अपराधीलाई समाती दुई महिनासम्मको कैदको दण्ड गरिने कुरा पनि त्यसमा लेखिएको छ ।

शालिग्राम सम्बन्धी यो छोटकरी विवरणको आधारमा पनि वैष्णव धर्मको नेपालमा भइआएको गतिविधिको एक महत्त्वपूर्ण पक्ष जान्न सकिन्छ । यसैसँग सम्बद्ध मुक्तिनाथको धार्मिक महत्त्वबारे पनि ऐतिहासिक अनुसन्धान हुन आवश्यक भएको छ, तर यस सम्बन्धमा अहिलेसम्म केही हुन सकेको छैन । शालिग्रामक्षेत्र मुक्तिनाथमा स्वदेशी तथा विदेशी तीर्थयात्री, पर्यटकहरूको घुइँचो लाग्दछ । मुक्तिनाथ र त्यस क्षेत्रप्रतिको श्रद्धा र विश्वासले उनीहरू नतमस्तक हुन्छन् । तर दुर्भाग्यको कुरा त्यहाँको विषयमा अहिलेसम्म एउटा परिचय दर्शाउने पुस्तकको प्रकाशनसम्म हुन सकेको छैन । यस सम्बन्धी राष्ट्रिय अभिलेखालयमा अमूल्य मौलिक ग्रन्थहरू छन् । तिनीहरू मात्र प्रकाशमा आउन सके पनि धेरै कुरा थाहा हुन सक्थ्यो ।

२०२२. पृ. ६५८–५९ : यो शिलापत्र निम्न बमोजिम रहेको छ :-

श्री लक्ष्मीनारायणाय नम : । श्री ।। श्री मुक्तिक्षेत्र : स्वस्ति श्रीमद्दतिप्रचण्ड भुजदण्डेत्यादि श्री श्री श्री महाराज विरसम्सेर जङ्गराणाबहादुर जि.सि. येस. आइ. थाङ् लिन् पिम्मा. को काङ् वाङ् स्थान्. प्रि. अ. गो. द. वा. प्रि. अ. गो. प्र प. प्राइम्मिनिष्टर याण्ड कम्याण्डर इन चिफ कस्य रुक्का–स्वस्ति श्रीमद्राजकुमारात्मज श्री कम्याण्डर इन चिफ जनरल देवसम्सेर जङ्गराणाबहादुर कस्य पत्रम् –

आगे मुक्तिक्षेत्र गोर्खाराजका दुनियाँके यथोचित उप्रान्त शालिग्रामहरू फोरि सुन झिकी वेचन्या गर्न्या र चित्रहरू बिगारी यक देवताको अर्को देवताजस्तो गरी विगार्न्या र यक देवताको शालिग्राम विगारी फेरी अर्कोमा जोरी भान पारी दुनियालाइ छली बेची रूपैया लैजान्या गर्‍याको कुरामा अघि २ ३ फेरी उर्दी इस्तिहार गर्दा पनि सो कुराको ख्याल नराखि फेरी पनि गर्‍याको र इस्तिहार मात्र टाँसिएकाले कागज सँधै नरहन्या हुँदा इन्तिहार नदेखि फेरी पनि यस्तो काम गर्नको लागि सो कुराको संधै र हन्या तवरसँग शिलापत्र भए फेरी यस्तो काम गरोइनन् भन्या कुरा चौतरिया केशरी जङ्ग पराक्रम साहले हाम्रा हजुरमा जाहेर गर्दा तिमी दुनियाले अब पनि सो काम गर्‍यौ भन्या सर्कारवादी भई तिमीहरूलाई पक्रि शालिग्राम फोरी सन् झिकन्यालाई विगो जफद गरी सर्कार लगाइ विगो वमोजिम् डंड गर्न्या छ . शालिग्राम किर्त्या गरी बनाइ लेनदेन गर्न्यालाई २ मैन्हा कैद गर्न्या छन् भन्या वन्देजको शीलापत्र राखी बक्स्याको छ सो बमोजिम् वंदेजमा रन्या काम् गर इति सम्वत १९५५ साल मिति आषाढ वदि १२ रोज ४ शुभम्

✡✡✡✡

पावन दामोदरकुण्ड

– डा. रुद्रप्रसाद मिश्र (ध्रुवश्री:)[1]

१. हिमालय

नेपालको उत्तरतर्फ लहरै बसेका हिमालय आफ्नै सौन्दर्य र गरिमाले सजिएका छन् । यस्ता हिमालयद्वारा सुशोभित देश नेपाल देवदेश हो । देवताको नित्य सान्निध्य भएकोले महाकवि कालिदासले कुमारसम्भवको थालनीमा नै हिमालयलाई देवतात्मा शब्दले सम्मान व्यक्त गरेका छन् - **अस्त्युत्तरस्यां दिशि देवतात्मा हिमालयो नाम नगाधिराजः** (कुमारसम्भव १/१)। प्राकृतिक सुषमाको मादकताले संसारका व्यक्तिलाई लठ्याउन हिमालयहरू सधैं चम्किएका र गम्किएका छन् । हिमालयका टाकुरा र कन्दरामा यस्तो मोहकता छ जसले मानव मनलाई मोहित नबनाई छोड्दैन । यसैको कन्दराबाट वैदिक ज्ञानराशि प्रवाहित भएको हो ।

कन्दरा र गुफाका तपस्वीहरूको ज्ञान धवलताले हिमालयका शिखरहरू धवलित छन् । विश्वलाई प्रभाव पार्ने संस्कृति पनि यही हिमाली संस्कृति हो । प्राचीनकालका मौलिक सम्पदाहरू यिनै हिमालयका गुफा र कन्दरामा सुरक्षित छन् । नेपाल यस्ता हिमालयहरूको काखमा सजिएर बस्न पाएकोले सहृदयीहरूको आकर्षणको केन्द्र बनेको छ । हिउँ नै हिउँको उपर्नाले आफ्नो अगम्य स्वरूप ढाकेर बसेका दीर्घतपस्वी हिमालयहरूको सुरम्य मनमोहक प्राकृतिक दृश्य आफैमा अनुपम छ । यहाँका गुफाहरूको सात्विकता अवर्णनीय छ भने मानव जीवनलाई दिव्यशक्ति दिने जडी-बुटीको भण्डार पनि यसैको सेरोफेरोमा छ । यो क्षेत्र धर्तीको देवभूमि हो जहाँ देवता पनि मानवाकृतिमा घुम्न चाहन्छन् । हिमाली क्षेत्रमा प्रत्यक्ष र गुप्त रूपमा धेरै महत्त्वपूर्ण गुफाहरू छन् । यहींका गुफाहरूमा नेपालको योगवैभव लुकेको छ भने हाम्रा गौरव विभूतिहरू यसैभित्र समाधिस्थ छन् । कतिपय यिनै हिमालयको चट्टानी मैदानमा, काखमा र फेदीहरूमा मौन हिँडिरहेका छन्, रमाइ रहेका छन् । यिनीहरूलाई न समयको सीमा छ न त मायाको वैभवले घेरेको छ । सृष्टिको मोह र जीवनको आशाले पनि छोएको छैन ।

१. लेखक नेपाल संस्कृत विश्वविद्यालय वाल्मीकि विद्यापीठ काठमाडौंका उपप्राध्यापक हुनुहुन्छ ।

वस्तुतः हिमालीक्षेत्र नेपालको गरिमालाई उचाइमा पुऱ्याउने पावनभूमि हो । नेपालको उत्तरीभाग पूर्वी सिमानादेखि पश्चिमी सिमानासम्म यस्तो ठाउँ छैन जहाँ हिमालयको मोहक चुचुरो नभएको होस् । हजारौं वर्ष पहिलेदेखि नै हिमालयलाई विषयवस्तु बनाइएका पुराण, महाकाव्य, काव्य, नाटक, कविता र अनुभूति, कथ्यहरू सुनिँदै, पढिँदै र लेखिँदै आइएको छ । संसारकै शिरोभाग हिमालयसँग अनेक खालका जनश्रुति, परम्परा र मिथकहरू जोडिएको छ । देवताको निवासभूमि, घर वा अवतारभूमि जे भने पनि यसको पवित्रताले र सौन्दर्यले वशीभूत नबनाएको कालखण्ड रहेन । त्यसकारण कुनै पनि हिमालयको आरोहण गर्दा आरोहीहरू आज पनि आफ्नो परम्परा, श्रद्धा र विश्वासअनुसार आरोहण सफल बनाउन सम्बद्ध हिमालको भक्तिपूर्वक पूजा-आराधना गरेर मात्र आरोहण सुरु गर्दछन् ।

तथ्याङ्कअनुसार विश्वमा रहेका ८००० मिटर भन्दा अग्ला १४ ओटा हिमशृङ्खलामध्ये ८ ओटा नेपालमा नै छन् । विश्वसामु पर्वतारोहण पर्यटनमा छुट्टै छवि रहेको नेपाल हिमाली प्रकृतिको धनी देश हो । सन् १९५० मा फ्रेन्चका पर्वतारोहणप्रेमी एक समूहले ८००० मिटर अग्लो अन्नपूर्ण हिमालको आरोहण गरेपछि हिमालयात्राको चर्चाले व्यापकता पाउन थाल्यो र सन् १९५३ मा नेपाली नागरिक **तेञ्जिङ् नोर्गे शेर्पा** र विदेशी **सर एडमण्ड हिलारी**ले सगरमाथाको आरोहण गरेपछि नेपाल र नेपालका हिमशृङ्खलाको चर्चा विश्वव्यापी बन्न पुग्यो । अन्य हिमालीक्षेत्रले पनि प्रशंसा पाउन थाल्यो । यस्तै सबैको प्रशंसा पात्र बनेका स्थानहरूमध्ये मुस्ताङ पनि एक हो । हिमाली प्रकृति र संस्कृतिको अनुपम सङ्गम क्षेत्र मुस्ताङ जिल्लाको प्राकृतिक सौन्दर्यले देशी-विदेशी, राजादेखि रङ्कसम्मलाई आकर्षण गर्दै आएको छ । प्राकृतिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक हिमाली गाथा अध्ययन गर्ने खुल्ला पुस्तकालय मुस्ताङ जिल्ला सबैलाई शान्ति दिने दिव्य भूमि पनि हो ।

२. मुस्ताङ

मुस्ताङ नेपालको ७७ जिल्लामध्ये यस्तो अनुपम जिल्ला हो जसलाई अन्य कुनै पनि जिल्लासँग तुलना गर्न सकिँदैन । मुस्ताङको महत्त्व एकरूपमा मात्र व्यक्त गर्न सजिलो छैन । यहाँको धार्मिक, सांस्कृतिक, ऐतिहासिक,

राजनीतिक, सामाजिक, पर्यटकीयजस्ता विशेषता कुनैभन्दा कम छैनन् । कुनै पनि विशेषतामध्ये एकको चर्चा गर्न थाल्दा कलमले विश्राम लिन मान्दैन । स्थलगत भ्रमण र प्राकृतिक भू-विशेषताको अवलोकन पछि मानिसको पृथिवीप्रतिको अवधारणा नै परिवर्तन हुन सक्छ । यहाँको धार्मिक विशेषता र क्षेत्रहरू अनेक भए पनि यो आलेख दामोदरकुण्डको परिचयात्मक विशेषतामा केन्द्रित छ । यसैको सेरोफेरोमा अन्य स्थलको चर्चा पनि सङ्क्षेपमा हुनेछ ।

मुस्ताङको नाम कसरी रहन गयो ? भनेर धेरै चिन्तक एवम् विचारक भाषाशास्त्रीहरूले अन्वेषण गरेका छन् । उनीहरूका अनुसार तिब्बती भाषामा स्मोङ् अथवा सोङ्को अर्थ प्रार्थना र ताङ्को अर्थ स्थल भन्ने हुन्छ । समग्रमा स्मोङ्+ताङ्को अर्थ प्रार्थना स्थल भन्ने निस्कन्छ । धार्मिक दृष्टिले विचार गर्दा र भौगोलिक धार्मिक वातावरणलाई मनन गर्दा बौद्ध धर्मावलम्बीहरूको प्रार्थना अनेकौं गुम्बा र गुफामा सधैं गुञ्जिने र सनातनीहरूको प्रार्थना, भजन र तपस्या पनि नित्य भइरहने क्षेत्र भएकोले स्मोङ्+ताङ् (प्रार्थना स्थल) नै पछि अपभ्रंश हुँदै मुस्ताङमा परिवर्तन भएको भन्ने विचार युक्तिसङ्गत देखिन्छ । एकथरी समाजशास्त्रीका अनुसार ल्होमान्थाङ्बाट अपभ्रंश हुँदै मुस्ताङ भएको भन्ने मान्यता पनि छ ।

सो क्षेत्रमा २१,२४५ फुट अग्लो मुस्ताङ नामको हिमाल रहेको छ । यो हिमालको नामबाट मुस्ताङ जिल्लाको नाम रहेको भनी कतिपय कोशकारहरूले उल्लेख गरेका छन् । धवलागिरि अञ्चलको उत्तरी भेगमा रहेको यो जिल्लालाई जनबोलीमा हिमालपारिको जिल्ला पनि भनिन्छ ।

३. तीर्थपरम्परा

वैदिक वाङ्मयमा तीर्थशब्द प्रयोग बाहुल्येन प्राप्त भए पनि तीर्थयात्रालाई प्रधानता दिएको भने पाइँदैन । नदी, सङ्गम, मार्ग वा पवित्र स्थललाई बुझाउन तीर्थशब्द प्रयोग गरेको देखिन्छ । तीर्थशब्द समुद्रको किनारभूमिको रूपमा प्रयोग भएको छ । **अरित्रं वां दिवस्पृथुतीर्थे सिन्धूनां रथः । धिया युयुज्र इन्दवः** (ऋग्वेद १/४६-८) । पर्वतका फेदीहरू र नदीका सङ्गमहरूलाई पवित्रताको द्योतक मानिएको छ - **उपह्वरे गिरीणां सङ्गमे**

च नदीनां धिया विप्रो अजायत (यजुर्वेद २६/१५) । पर्वतको नजिकमा र नदीहरूको सङ्गमक्षेत्रमा यज्ञको लागि पवित्र सोम प्रादुर्भाव हुन्छ ।

वैदिक वाङ्मयमा तीर्थयात्रालाई त्यति धेरै महत्त्व न दिए पनि यज्ञीय भूमिलाई भने महत्त्व दिइएको छ । यज्ञ र यसको महिमाबाट प्रभावित समाजले यज्ञ नै सर्वस्व मानी वैदिक यज्ञमा नै रमाउन सिकायो । अग्नीहोत्रीलाई तीर्थ, व्रत, उपवास जस्ता श्रौतकर्म भिन्न कर्म गर्नु नपर्ने घोषणा गऱ्यो । स्वाध्याय विधिप्राप्त वेदाध्ययन नै कर्तव्यकर्म थियो र यसैबाट ऐहिक र आमुष्मिक फल प्राप्त हुने मान्यता थियो ।

वेद, वैदिक कार्य र स्वाध्यायपरम्परामा केही शिथिलता आएपछि कतिपय स्मृतिशास्त्र, महाभारत र पुराण साहित्यले समेत तीर्थक्षेत्रको महिमालाई मुक्तकण्ठले प्रशंसा गरेको पाइन्छ । ती तीर्थक्षेत्रहरूको महत्त्व ठूला-ठूला श्रौतयज्ञभन्दा पनि बढी भएको भनी प्रशंसा गरिएको छ -

ऋषीणां परमं गुह्यमिदं भरतसत्तम ।

तीर्थाभिगमनं पुण्यं यज्ञैरपि विशिष्यते ।।(महाभारत, वनपर्व- ८८/१७)।

तीर्थक्षेत्रको ख्याति स्मृति र पुराणको प्रचारसँगै फैलिँदै गयो । तीर्थस्थानको सङ्केत वैदिक वाङ्मयले गरेकोले यो परम्परा वेदमूलक नै हो । स्मृति र पुराण साहित्यले ठूला-ठूला र लामा नदीहरू, पर्वतहरू र वन-दुर्गहरूलाई पवित्र क्षेत्रको रूपमा व्याख्या गरेका छन् । तीर्थयात्राको माध्यमबाट समाजमा एकता र सहिष्णुताको सम्वर्धन भएको छ । देशको एउटा कुनादेखि अर्को कुनासम्म जोड्ने काम पनि तीर्थयात्राले गरेको छ । तीर्थयात्राको परम्परा केवल सनातन धर्ममा मात्रै हैन विश्वका हरेक धर्मसम्प्रदायमा लोकप्रिय छ । तीर्थस्थलको पवित्रता र आध्यात्मिक प्रेरणाले यात्रीहरूलाई बाँकी जीवन श्रद्धा र भक्तिपूर्वक बाँच्न अभिप्रेरित गरेको छ भने जनसाधारणलाई स्वार्थमय जीवनबाट माथि उठ्न सिकाएको छ । जीवनको आधुनिक मूल्यमान्यता र भौतिक दृष्टिबाट अध्यात्मतिर लाग्न प्रेरित गरेको छ ।

४. दामोदरकुण्डको मानवबस्ती भएको मार्ग

दामोदरकुण्ड सबैका लागि र सधैंका लागि सुगम तीर्थ होइन । निश्चित समयमा शारीरिक र मानसिक बल भएका यात्रीहरूको

लागि उपयुक्त तीर्थस्थल हो। यो यात्रा गर्न चाहने कुनै पनि यात्री सर्वप्रथम पोखरा पुग्न आवश्यक छ। अथवा काठमाडौँबाट जोमसोमको बस चढी जोमसोम पुग्नुपर्दछ। पोखराबाट विमानको माध्यमले पनि जोमसोम पुग्न सकिन्छ। जोमसोम पुगेपछि सुरु हुन्छ हिमाली यात्रा। हिमाल पारिको यात्रामा जाँदा प्रायः दक्षिणबाट देखिने मोहक र अगम्य हिमालहरू पछाडि पार्दै उत्तरतिरको यात्रा सुरु हुन्छ। जोमसोमबाट अगाडि पनि यातायातको सुविधा बढ्दै गएकोले मुस्ताङका कतिपय स्थानहरू सुगम बन्दै गएका छन्। दामोदर कुण्डको लागि जोमसोमबाट कागबेनी, छुसाङ् र त्यहाँबाट मोटरको बाटो चराङ्सम्म जान सकिन्छ। चराङ्बाट उत्तर लोमान्थाङ् नगई पूर्व-उत्तरतिर यारा गाउँ पुग्नुपर्छ। प्रायः चराङ्बाट नै पैदल यात्रा सुरु हुन्छ। हिमाली भूमिको यात्रा मोहक र अकल्पनीय उल्लासमय हुन्छ। कालीगण्डकीको तीरैतीर जाँदा हावाको वेगले मान्छे नै उडाउला जसरी बालुवा उडाएको दृश्य रोमाञ्चकारी हुन्छ। चारैतिर उजाड, गेगरिलो पाहाड बाहेक आँखाले दृश्य फेर्न पाउदैन तर खुल्ला आकाश भएको समयमा दक्षिणतर्फ रहेको नीलगिरि र अन्नपूर्णको हँसिलो मोहक दृश्यले ज्यादै आनन्दित बनाउँछ। एक्लेपाटी अथवा कागबेनीबाट मुक्तिनाथ जाने उकालोबाटो छोडी कालीको धार पछ्याउँदै मोटरबाटो उत्तरतिर लाग्दछ। कहिले तल कहिले माथि गर्दै गएको बाटोबाट देखिने वारीपारिका प्राकृतिक पहाडहरूको बनोट स्वयं विश्वकर्माको कलाभन्दा कम छैन।

युगौं युगसम्म हिमनदी र हिउँको कठोर बज्रबाट प्रताडित पहाडहरू जति उजाड, सुख्खा र निर्जन देखिन्छन्, त्यति नै सुन्दर, कलात्मक र आध्यात्मिक भाव बढाउने सहयात्री छन्। कुनै-कुनै ठाउँमा पहिरो गए जस्तो खुकुलो ढुङ्गे गेगर बिस्तारै खोलातिर बगिरहे जस्तो देखिन्छ भने साना-साना काँडे बुटाबाहेक अन्य ठूला हरिया रूख वा घाँस कतै नदेखिनाले मरुभूमि जस्तो भान हुन्छ। कुनै कुनै ठाउँबाट दक्षिणतर्फ देखिनें अन्नपूर्ण, नीलगिरि र अन्य स-साना हिमालको दृश्यले बाटोको थकान र उराठिलो पनलाई बिर्साउँछ। कतै कतै कठिन भीरको बीचभागतिर पनि गुफाहरू देखिन्छन् र ती गुफालाई बाहिरबाट नै देखिने गरी रातो माटो र फुस्रो माटोले सिँगारेर

बसिरहेका मानिस देख्दा देवलोकका देवता वा युगौं युगसम्म वायुभक्षी बनी तपस्या गर्ने एकान्तसेवी ऋषिवृन्द नै हुन् जस्तो भाव जाग्दछ । यो मार्गमा अगाडि बढ्दै जाँदा मानव बस्ती भने अत्यन्त कम भेटिन्छन् । मानव बस्ती भएको ठाउँमा टाढाबाट कुलो बनाई पानी ल्याई खेती-पाती गर्ने गरेको र भोटे पीपलका ठूला-ठूला रूख पनि भएकोले यो क्षेत्रमा टाढाबाटै हरियो रूख वा जमिन देखियो भने त्यहाँ मानव बस्ती छ भन्ने अन्दाज गर्न गाह्रो हुँदैन । कतै-कतै मोटर बाटो ज्यादै कठिन र डरलाग्दो पनि छ । पहाडको चट्टान फुटाएर बनाएको र सानो पनि भएकोले पहाडी यात्रामा ननिस्किएका यात्रीलाई अलि बढी नै डर लाग्न सक्छ । अधिकांश भागमा भने बाटो ग्रावेल गरेझैं राम्रो छ । दामोदर कुण्डको लागि कागबेनीबाट अगाडि बढ्दा बीच-बीचमा देखिने भेटिने केही प्रमुख बस्तीहरू- तेम्बे, छुसाङ्, तेताङ्, चैले, समर, भेना, जैते, धमी, चराङ्, यारा हुन् । यी बस्तीहरू सुख्खा भू-भागमा रहेका केही स-साना र केही भने अली बाक्लै खालका छन् । समर गाऊँ राम्रो गाउँमा पर्छ भने पछाडि फर्केर हेर्दा नीलगिरि र अन्नपूर्णको रमणीय दृश्य आँखै अगाडि उभिन आइपुग्छ । यी गाऊँहरूको अवलोकन गर्दै मनमा भगवान् दामोदरको स्मरण गर्दै अगाडि बढ्दा वरिपरि प्रायः सबै डाँडा नाङ्गा र फुस्रा मात्र देखिन्छन् भने चट्टाने पहाडहरूको शृङ्खला हेर्दा लाग्छ एउटा नौलो र कल्पनाभन्दा टाढाको संसारको यात्रा गर्दैछौं ।

दामोदरकुण्डको यात्राका लागि अन्तिम मानव बस्ती भएको गाऊँ यारा हो । चराङ्सम्म गाडीबाट यात्रा गरी पैदल नै ३-४ घण्टाको हिँडाई पछि यारा पुगिन्छ । लोमान्थाङ् जाने गाडीहरूले चराङ्सम्म लैजान्छन् र ती लोमान्थाङ्तिर लाग्छन् । सामान्य ट्र्याक्टर हिंड्ने बाटो यारासम्म पुगे पनि अन्य यातायातका साधन नजाने भएकोले पैदल यात्रा नै यारासम्मको उत्तम यात्रा हो । बीचमा ठूलै नदी पर्दछ । यो हिमनदी भएकोले सामान्य गाडीहरू तर्न हम्मे नै पर्दछ । यो नदी दामोदरकुण्डबाट आएकी कालीगण्डकीसँग मिलेर अगाडि बढ्दछ ।

५. दामोदरकुण्डको निर्जन मार्ग

यारामा सामान्य होटल र एउटा धर्मशाला पनि छ । कतिपय पर्यटकहरू

होटलमा नै बस्ने खाने गर्दछन् भने कतिपय धार्मिक तीर्थयात्रीहरू धर्मशालामा भएको सामान्य व्यवस्थामा नै गुजारा चलाउँछन् र आफ्नो साथमा भएको पीठो, चामल, दान-दक्षिणा समेत सेवाको लागि सञ्चालकलाई आफ्नो इच्छा अनुसार दिएर अगाडि बढ्दछन् । याराबाट अगाडि दुई दिनको यात्रामा दामोदरकुण्ड पुगिन्छ । निर्जन मार्गको यात्रा उराठिलो हुँदाहुँदै पनि रोमाञ्चकारी छ। याराबाट उकालो लागेपछि २-४ घण्टा भित्रै विभिन्न समस्या देखा पर्दछन् । ठाडो उकालो भएकोले शरीर गल्ने, टाउको दुख्ने, सास फुल्ने, वाक्वाक् लाग्ने, चक्कर लाग्ने जस्ता समस्या देखिन्छन् । कतिपय व्यक्तिहरू त्यही उकालोबाट फर्किन बाध्य हुन्छन् भने हिमालयको यात्राबाट परिचित कतिपय व्यक्तिहरू बिस्तारै-बिस्तारै अगाडि बढ्छन् । यो उकालोमा एकदिन भरिको हिँडाइमा कतै पानी भेटिँदैन । मौसमले साथ नदिएमा एकैछिनमा हिँउ खस्न थाल्छ। यो क्षेत्रमा पानी पर्नु भनेको हिउँ खस्नु नै हो । कतै पनि रूख, छहारी, ओडार अथवा पाटी-पौवा छैनन् । चारैतिर नाङ्गा, उजाड पहाडी शृङ्खला मात्र देखिन्छन् । हरियो बुट्यान अथवा ठूला-ठूला ढुङ्गाहरूको अन्तर (ओडार) कतै देखिँदैन । जति माथि उक्लिँदै गयो उति नै शरीर भारी हुँदै जान्छ। यसलाई मानिसहरू लेक लागेको भन्छन् । उकालो चढी सके पछि केही समथर टापु आउँछ । त्यसपछि उराठिलो र डरलाग्दो ओरालो झर्नुपर्छ। त्यो ओरालोमा कतै पनि समाउने बुट्यान छैन । बाटो ज्यादै सानो छ। दुई जना व्यक्ति आवत-जावत गर्न पनि नमिल्ने त्यो ओरालोमा कथंचित् खुट्टा चिप्लियो भने बीचमा अडिने कुनै ठाउँ छैन र खोज्न पनि सजिलो छैन। यो ओरालो पछि केही समथर मार्ग पार गरेपछि त्यस दिनको बास बस्ने ठाऊँ भीमेठाँटी पुगिन्छ।

भीमेठाँटीमा केही भक्तिनीहरू बसी यात्रीहरूको सेवा गर्नुहुन्छ । विभिन्न भक्तजनहरूबाट केही खाने बस्ने सामग्री जुटाई घोडाको सहाराले लगी आएका भक्तहरूलाई तातो पानी, चिया, चिउरा लगायत खाने सामग्री निःशुल्क बाँड्नुहुन्छ । त्यहाँ १०/१२ जना बस्न मिल्ने टिनले बारेको र छाएका दुईवटा टहरा छन् । अलिपरबाट पाइपमा पानी पनि ल्याइएको छ । केही कम्मलहरूको पनि व्यवस्था छ। ग्याँस, चुल्हो र काँडाका मसिना सिटाले

दैनिक काम चलाउनु हुन्छ। यात्री चल्ने समय (असार र साउन) कम्तिमा २ महिना उहाँहरू त्यहाँ बसी निःशुल्क सेवा गर्नुहुन्छ। यसमा हाम्रै नेपाली सहयोगी भक्तजनको ठूलो सहयोग र सेवा प्राप्त छ। हिमालको बीचभागमा भएकोले यहाँ ज्यादै चिसो हुन्छ र हावा पनि ज्यादै चल्छ।

यहाँको विश्रामपछि बिहान आफ्नो नित्यक्रिया सकी पूर्व-उत्तरतिर खोँचै-खोँच अगाडि बढ्दै जाँदा हिउँ नभएको चट्टानी ठाडो उकालो चढ्नुपर्छ। यहाँ कुनै मानव-गन्ध समेत पाइँदैन। उकालो पछिको टापु अति रमणीय छ। हिमचितुवा र हिममृग (नाउर) हरूको पाइला र दामोदरकुण्डतिर गएका वा जाँदै आउँदै गरेका घोडाहरूको पाइला एवम् विष्ठाभन्दा अरू कुनै वस्तु भेटिँदैन। आँखाले भ्याएसम्म हेर्दा पूर्वमा उराठिलो चट्टानी पहाड र दक्षिणतिर हिमाच्छादित पर्वत आँखा अगाडि उभिन्छन्। निर्जन र एकान्त स्थानको परिभाषा त्यहाँ गएपछि स्वतः कण्ठ हुन्छ। केही समथर र ओरालो झरेपछि भार्से ओडार भन्ने खोँचमा पुगिन्छ। दुवैतिर गगनचुम्बी चट्टानी पर्वत, बीचमा खोँच, सानो पानी बग्ने खोला र त्यसैको कुनामा टिनले बारेको सानो पौवा छ। भीमेठाँटीबाट एकदिनमा दामोदरकुण्ड पुग्न नसक्ने कतिपय यात्री यहाँ वास बसेर भोलिपल्ट मात्र दामोदरकुण्ड पुग्दछन्। यो खोँचबाट उकालो लाग्ने मार्ग ज्यादै कठिन र डरलाग्दो छ। बाटो ठाडै उकालो र त्यसमा पनि सानो छ। घोडाको पाइलालाई हेर्दै बाटो चिन्नु पर्ने र हिँड्नु पर्ने, कथंचित् जाने र आउने यात्री भेटियो भने ठाउँ हेरेर एउटालाई निकास दिएर मात्र अगाडि बढ्नु पर्ने, यो उकालो सबैभन्दा कठिन उकालो मानिन्छ। धेरै माथिको उचाइमा नपुगी ओरालो न आउने बस्याक्लाको यो उकालोमा नै धेरै यात्रीहरू हराउने गरेको सनिन्छ। बारम्बार दामोदरकुण्डको यात्रामा सामान बोकेर आउजाउ गर्ने घोडावालाहरूलाई पनि यो बस्याक्ला हिमालको उकालोले गाह्रो बनाउँछ। यो बस्याक्ला हिमालको उचाई ५४५० मिटर छ। यसपछिको ओरालो र समतल भूमिको यात्रापछि ४७८९ मिटर उचाइमा रहेको दामोदरकुण्डको परिसर पुगिन्छ।

६. दामोदरकुण्डको अवस्थिति

दामोदरकुण्डको उपत्यका प्रवेशपूर्व एउटा देच्याङ् खोला नामकी

नदी पूर्वबाट पश्चिम दक्षिण बगेकी छिन् जो गण्डकीमा गएर मिल्छिन् । पूर्वदक्षिण मुहार भएर सो दामोदरकुण्ड उपत्यकामा प्रवेश गरिन्छ । लाग्छ यो उपत्यका प्राचीन समयमा हिममय थियो र त्यहीँबाट गण्डकी निस्कन्थिन् । समयको सुदीर्घ खण्डमा प्राकृतिक प्रकोप र हिउँको क्षयीकरणले जमिनलाई बगाउँदै लग्यो र त्यो उपत्यकाको जलराशि एवम् हिमराशि बिस्तारै बग्दै जान थाल्यो । यसले चट्टानी पहाडबाहेक गेगरिलो भाग पनि बगाउँदै जाँदा दक्षिण पश्चिमपट्टि गहिरो खोँच बन्न पुगेको छ र दामोदर हिमाल एवम् अन्य हिमालबाट बगेका हिमनदीहरू सोही स्थानमा एकीकरण भई गण्डकीको रूपमा बग्दछन् । अहिले दामोदरकुण्ड एवम् अन्य कुण्डहरू स-साना जलाशयका रूपमा देखिन्छन् । तर सो क्षेत्रमा जलाशय आकारका विभिन्न ठूला ठूला भू-बनोट देख्न सकिन्छ । सो क्षेत्रबाट निस्किएकी पश्चिमवाहिनी नदी नै गण्डकी हुन् । सो क्षेत्रको प्राकृतिक भू-भाग कालो भएकोले माटो, बालुवा, गेगर आदि सबै कालो खालको छ, जसले गर्दा गण्डकीको जल कालो देखिन्छ । कालीगण्डकीको अर्को विशेषता के देखिन्छ भने दामोदरकुण्डको क्षेत्रबाट आएको कालो जललाई बीचमा मिसिने कयौँ ठूला-साना सेता नदीहरूले पनि परिवर्तन गराउन सकेका छैनन् ।

उपत्यकाको रूपमा रहेको दामोदरकुण्डको प्रकृतिमा कैयौँ महात्माहरूको तपस्याको इतिहास विलीन भैसकेको छ भने त्यस्तै अनेकौँ भक्तजनहरूको भक्तिगाथा पनि लुकी सकेको छ । यो क्षेत्र प्रकृतिको अनुपम सौन्दर्यक्षेत्र मात्र नभएर दिव्य शक्तिहरूको र महापुरुषहरूको निवासभूमि पनि हो । यहाँ पुग्ने कुनै पनि मानवले यदि एकचित्त भई ध्यान गऱ्यो, बस्यो, हेऱ्यो वा सुन्यो भने अपूर्व अनुभूतिहरू प्राप्त गर्नसक्छ । समग्र हिमाली क्षेत्र नै दिव्यशक्ति एवम् देवदूतहरूको नित्य निवास भूमि हो । मनुष्य आफ्नो साधारण कृतिमा पनि गौरव गर्दछ र अहंभावले बडप्पन गर्दछ । वस्तुतः उसका यस्ता कृतिहरूको मूल प्रकृति नै हो भन्ने भुल्दछ । यदि प्रकृतिका अनौठा लीलाहरूको अनुभूति गऱ्यो भने सायद आफ्ना कुनै पनि कृतिमा अभिमान गर्न छोड्दो हो ।

दामोदरकुण्ड मुस्ताङ जिल्लाको पूर्व-उत्तर (ईशान कोण) मा अवस्थित

छ। दामोदर हिमाल यसै जिल्लाको पूर्वी सिमाना हो। उत्तरमा तिब्बत र दक्षिणमा मनाङ् जिल्लालाई छोएर बसेको दामोदर हिमाल समुद्री सहतदेखि २२००० फिट उचाइमा रहेको छ। दामोदरकुण्डको परिसरबाट र कुण्डमा पुग्नु भन्दा पहिले उच्च हिमालीमार्ग बस्याक्ला हिमालबाट पूर्वतर्फ देखिने हिउँले टम्म भरिएको उत्तर-दक्षिण र पश्चिम भई बसेका हिमशृङ्खलामध्ये पूर्व उत्तरको हिमाल नै दामोदर हिमाल हो। यो हिमाल सर्वदा हिउँले ढाकिएको हुन्छ। जानकारहरूका अनुसार यो हिमालको तल्लो भागमा प्राकृतिक रूपमा हिउँबाट निर्मित कुण्ड, शिवलिङ्ग र शिवका आकृतिहरूको दर्शन पाइन्छ। दामोदरकुण्डको उत्तर पश्चिमतर्फ रहेको करिब १९००० फीट भन्दा अग्ला चट्टानी चुचुराहरूमा लगभग कार्तिकदेखि वैशाखसम्म हिउँ जम्दछ। यी पहाडी भू-भाग दक्षिण मोहडा गरी बसेका राता, फुस्रा र काला प्रकृतिका उजाड र उराठिला छन्। कुनै पनि वनस्पतिको अस्तित्व यो चट्टानी भू-भागमा देखिँदैन। वर्तमानमा आएको जलवायु परिवर्तनको कारणले कतिपय हिमाच्छादित चुचुरा पनि हिमरहित भएको प्रष्ट देखिन्छ। कतिपय हिमालका हिमरेखाहरू माथि-माथि सर्दै गरेको पनि देखिन्छ। (असार महिनाको २०-३० तिर जाँदा) दामोदर हिमालको फेदीबाट थोरै उत्तरतर्फ पश्चिमतिर फैलिएको र दक्षिणतर्फ भिरालो भएको, बीचमा कुशैकुश उम्रिएको सिमसारजस्तो, बीच-बीचमा विभिन्न साना-साना कुण्ड, ताल भएको, बीचमा दामोदरकुण्ड भएको, शान्त, सुन्दर उपत्यका नै दामोदरकुण्डको रमणीय क्षेत्र हो।

यो शान्त र रमणीय क्षेत्रमा विभिन्न साना-ठूला प्राकृतिक कुण्डहरू छन्। यी कुण्डहरूका विभिन्न नामहरू छन् र त्यसमध्ये अलि ठूलो पानीभित्र बीचमा पहेँलो गोलो घेरा देखिने कुण्डलाई मुख्य दामोदरकुण्ड भनिन्छ। यसै कुण्डको नजिक सुनकुण्ड, चाँदीकुण्ड, ताम्रकुण्ड, रक्तकुण्डलगायत कुण्डहरू छन्। सुनकुण्डभित्र देखिने सुनौलो माटोको लेउले सुनकुण्ड सुनले बनेझैं चम्किलो देखिन्छ भने चाँदीकुण्डको निर्मल पानीभित्र देखिने हिमशृङ्खलाको मनमोहक आकृतिले वाराहपुराणले वर्णन गरेको दिव्य कमल यिनै हुन् कि भनेझैं लाग्दछ। यिनै कुण्डहरूको वरिपरि कुशैकुशको चउर छ। यी कुश खान हिमाली मृग, लामा सिँग भएका झट्ट हेर्दा भेडाजस्ता देखिने

नाउर जनावरहरू बथानै आउँछन् । देवदूतजस्ता देखिने हिमाली काग, हिमाली परेवा, ठूला गिद्ध, च्याँखुरा र मीठो शब्द निकाल्ने अन्य हिमाली चराचुरुङ्गीको उपस्थिति र आवाजले दामोदरकुण्डको बिहानी वातावरण स्वर्गीय सुषमाले दिव्य बन्दछ । तीर्थयात्रीका लागि सहृदयी भक्तवृन्दको सहयोगमा कुण्डको पश्चिमतर्फ दुई वटा पौवा टिनले बनेका छन् । कुण्डको पूर्वी ढिस्कोमा बौद्ध धर्मावलम्बीहरूको आस्थाको धरोहर बौद्ध स्तूपा रहेको छ भने उत्तरतर्फ भगवान् विष्णुको सानो मन्दिर रहेको छ। प्रत्येक वर्ष ४५/६० दिनका निमित्त नीलगिरि हिमाल निवासी मौनी बाबा गई तीर्थयात्रीको सेवा गर्नुहुन्छ ।

यो क्षेत्रमा पनि मंसिरदेखि लगभग चैतसम्म नै हिउँ जम्दछ र वैशाखबाट हिउँ पग्लन थाल्दछ । वर्षाको नाममा यो क्षेत्रमा हिउँ नै वर्षा हुन्छ । तर गर्मीको प्रभावले जम्दैन पग्लिहाल्छ । यो क्षेत्रलाई गण्डकीको उद्‌गमस्थल मानिन्छ । दामोदर हिमाल र दामोदरकुण्डको पानी दक्षिण पश्चिम भएर वगी आउने र विभिन्न हिमशिखरको हिमनदीसमेत मिसिने प्रमुख मुहान नै गण्डकीको मूल स्रोत हो ।

७. दामोदरको महिमा

विष्णुसहस्रनाममा भगवान्‌का हजार नाममध्ये एउटा नाम दामोदर हो । **दाम उदरे यस्य** (दाम्लो छ पेटमा जसको भन्दा) समास भएर दामोदर शब्द बन्दछ । भगवान्‌को नाम दामोदर हुनुमा माता यशोदाले भगवान् श्रीकृष्णको पेटमा दाम्लाले बाध्नु भएको पौराणिक प्रसङ्गलाई लिइन्छ । प्रायः पुराणहरूमा यो प्रसङ्ग उपलब्ध छ । दामोदर शब्दको गम्भीर रहस्यलाई विद्वच्छिरोमणि कुलचन्द्र गौतमले विष्णुसहस्रनामस्तोत्र विवृतिमा प्रकट गर्नुभएको छ -

दाम्नोदरेऽपि बद्धाय सामोदत्त्वमनुज्झते ।
व्यामोहकारिकृतये नमो दामोदराय ते ।।

(विष्णुसहस्रनामस्तोत्रविवृतिः ३६७) ।

अर्थात्- दाम्लाले पेटमा बाँधिएर पनि प्रसन्नतालाई नछोड्ने भएका र सबैलाई मोहित गर्ने भएका दामोदर नाम गरेका तपाईंलाई नमस्कार छ ।

शम, दम आदि साधनहरूले ज्यादै उदार हुनु भएका भगवान् नै दामोदर हुनुहुन्छ । दमको अर्थ आफ्ना इन्द्रियहरूलाई दमन गर्ने, उग्रकर्मबाट

विरत बनाउने भन्ने हुन्छ । अतः इन्द्रिय दमनरूप कर्मबाट उदार र उत्कृष्ट भगवान्‌लाई दामोदर भन्नु उपयुक्त नै हो । अथवा दाम शब्दको अर्थ लोकहरू हुन् ती लोकहरू भगवान्‌को पेटमा छन्, त्यसैले भगवान् दामोदर कहलाउनु भयो । अथवा माता यशोदाले पेटमा दाम्लोले बाँधिदिनु भएकोले दामोदर भनी भगवान्‌लाई पुकार्न थालियो । केदारनाथ जैतलीले विष्णुसहस्रनामको विवृतिमा निम्न श्लोक उद्धरण गर्नुभएको छ -

दामानि लोकनामानि तानि यस्योदरान्तरे ।
तेन दामोदरो देवः श्रीधरः श्रीसमाश्रितः ।।
नवोद्‌गताल्पदन्तांशुसितहासं च बालकम् ।
तयोर्मध्यगतं बद्धं दाम्ना गाढं तथोदरे ।।
ततश्च दामोदरतां प्रययौ दामबन्धनात् ।।(विष्णुपुराण ५/६/१९-२०)।

भगवान्‌को दामोदर नाम मुक्ति प्रदान गर्ने नाम हो । कर्मबन्धनमा बाँधिएका, अज्ञानरूपी जडतामा फसेका व्यक्तिहरूले यो नामको जप गर्दा उक्त बन्धनबाट मुक्त हुने प्रसङ्ग भुवनेशी तन्त्रमा पाइन्छ । यस्तो पुण्यप्रचुर नामबाट प्रख्यात भएको दामोदरकुण्डको महत्त्व जीवको कल्याण गर्नुमा रहेको छ ।

भवबन्धनबाट मुक्त गराउने भगवान्‌को पवित्र दामोदर नामसँग जोडिएको यस दामोदरकुण्डले पनि जीवलाई पापाचरणबाट निवृत्त गराई धर्माचरणमा प्रवृत्त हुन प्रेरणा दिन्छ । भक्तमानस यही प्रेरणामा विश्वास गर्दछ । शालग्राम क्षेत्रको र पावन गण्डकीको शिरोभाग भएको दामोदरकुण्डले यात्री समुदायमा सहजतया सात्त्विक भाव जागृत गराउँदछ र पूर्वकृत् कदाचार बाट पश्चात्ताप गर्दै सात्विक भाव र सदाचारको पालनामा कटिबद्ध रहन प्रेरित गर्दछ । यात्राबाट फर्किएका कतिपय व्यक्तिहरूमा देखिने भावनात्मक परिवर्तनले दामोदरकुण्डको नाम पनि सार्थक रहेको अनुभूति हुन्छ ।

सांसारिक पासोको रूपमा दाम्लोलाई लिन सकिन्छ । जबसम्म जीव सांसारिक विषयमा रमाउँछ तबसम्म उसलाई भवबन्धनले छोड्दैन । भवबन्धन नै पासो हो र त्यसबाट छुट्न भगवद् उपासना, आराधनाको आवश्यकता हुन्छ । यस्तो उपासनाको लागि पावनक्षेत्र भएको र भगवद् आराधनाबाट दाम्लोरूपी भवबन्धन नाश गराउन सक्ने भएकोले यस तीर्थलाई दामोदरकुण्ड

(तीर्थ) भनिएको बुझिन्छ ।



मुस्ताङ जिल्लामा अवस्थित प्रसिद्ध दामोदरकुण्ड

८. शास्त्रीयता

वाराहपुराण, पद्मपुराण, विष्णुपुराण, महाभारतजस्ता पौराणिक ग्रन्थलाई आधार बनाएर दामोदरकुण्डको धार्मिक महिमा खोतल्नु उपयुक्त हुन्छ । स्कन्दपुरणको हिमवत्खण्डले पनि मुक्तिक्षेत्र र शालग्राम क्षेत्रको महिमा मुक्तकण्ठले गाएको छ। मुक्तिक्षेत्रको वर्णन प्रकरणमा हिमवत्खण्डले ब्रह्मकुण्ड, रुद्रकुण्ड र अनन्तकुण्डको उल्लेख गरेको छ। वर्तमानको प्राकृतिक बनोटलाई हेर्दा मुक्तिनाथ वरपर त्यस्तो कुण्ड नदेखिएको र क्षेत्रले ठूलो भू-भाग समेट्ने हुँदा मुक्तिक्षेत्र अन्तर्गत नै पर्ने दामोदर हिमालको उपत्यकामा रहेका उपर्युक्त कुण्डहरू नै दामोदर कुण्ड र अन्य कुण्ड हुन् भन्न सकिन्छ ।

वाराहपुराण १४४ औं अध्यायमा शालग्राम क्षेत्रको महत्त्व प्रकाशित छ। वासुदेवको नामबाट प्रख्यात भई मुक्तिक्षेत्रको शालग्राम पर्वतमा भगवान् शिव र म शिलारूपले र पर्वतरूपले बस्नेछौं । त्यहाँका सबै शिलाहरू पूज्य छन् । विशेष रूपमा चक्र अंकित शिलाहरू त झनै पूजनीय छन् भन्ने

उल्लेख पाइन्छ -

तस्मिन् क्षेत्रे हरो देवो मत्स्वरूपेण संयुतः ।
शालग्रामे गिरौ तस्मिञ्छिलारूपेण तिष्ठति ।।
अहं तिष्ठामि तत्रैव गिरिरूपेण नित्यदा ।
तस्मिञ्छिलाः समग्रास्तु मत्स्वरूपा न संशयः ।।
पूजनीयाः प्रयत्नेन किं पुनश्चक्रलाञ्छिताः ।।

(वाराहपुराण १४४/१३-१४)।

शालग्राम क्षेत्र हरिहरात्मक क्षेत्र हो । यहाँ महातपस्वी सालङ्कायन मुनिको तपस्याको उपाख्यानले यस क्षेत्रलाई हरिहरक्षेत्रको रूपमा चिनाएको छ । यहाँ भगवान् शिव र विष्णु अभेदले रहनुभएको छ । पुण्यप्रदायक हरिहर क्षेत्रलाई वाराहपुराणको विभिन्न प्रसङ्गले प्रष्ट पारेको छ -

शालग्रामगिरिर्विष्णुरहं सोमेश्वराभिधः ।
तयोः पर्वतयोर्या वै शिला विष्णुशिवाभिधाः।। (वाराहपुराण १४४/२९)।
शिवो मे दक्षिणस्थानं तिष्ठते विगतज्वरः ।
लोकानां प्रवरः श्रेष्ठः सर्वलोकवरो हरः ।।
तं मे विदन्ति ते देवि ! नूनं मामेव विन्दति ।
ये मां विदन्ति देवेशि ते विदन्ति शिवं परम् ।।
अहं यत्र शिवस्तत्र शिवो यत्र वसुन्धरे ।
तत्राहमपि तिष्ठामि आवयोर्नान्तरं क्वचित् ।।
शिवं यो वन्दते भूमे स हि मामेव वन्दते ।
लभते पुष्कलां सिद्धिमेवं यो वेत्ति तत्त्वतः ।।
एवमेतन्महाभागे क्षेत्रं हरिहरात्मकम् ।
मृता येऽत्र गतिं यान्ति मम कर्मानुसारिणः।।

(पूर्ववत् - १४५/१००-१०४) ।

गण्डकीले कठिन तप गरेर भगवान् विष्णुलाई प्रसन्न बनाइन् र भगवान्लाई आफ्नो पुत्ररूप हुन आग्रह गरिन् । गण्डकीको इच्छाअनुसार भगवान् पनि शालिग्राम शिलाको रूपमा गण्डकीको जलभित्र रहनुभयो -

गण्डकीमवदत् प्रीतः शृणु देवि ! वचो मम ।।

शालग्रामशिलारूपी तव गर्भगतः सदा ।

स्थास्यामि तव पुत्रत्वे भक्तानुग्रहकारणात् ।। (पूर्ववत् १४५/५५)।

यो मुक्तिप्रदान गर्ने अति उत्तम शालग्रामक्षेत्र (मुक्तिक्षेत्र) को विस्तार १२ योजन छ -

आरभ्य मुक्तिक्षेत्रं तत् क्षेत्रं द्वादशयोजनम् ।

शालग्रामस्वरूपेण मया यत्र स्थितं स्वयम् ।। (पूर्ववत् १४४/१५९)।

शालग्रामक्षेत्र सामान्य पुण्यक्षेत्र मात्र होइन । यो क्षेत्र महापुण्यक्षेत्र हो । महाराज आग्नीध्रले वानप्रस्थ आश्रम प्रवेश गर्ने समयमा आफ्नो राज्य पुत्रहरूलाई यथोचित भाग लगाई दिएपछि महापुण्यतीर्थ शालग्राम क्षेत्रमा गई तपस्या गर्नु भएको प्रसङ्ग विष्णुपुराणमा उल्लेख छ-

वर्षेष्वेतेषु तान् पुत्रानभिषिच्य स भूमिपः ।

शालग्रामं महापुण्यं मैत्रेय तपसे ययौ ।। (विष्णुपुराण २/१/२३-२४)।

यस्तो पावनक्षेत्रमा भगवान्को मुक्तिप्रदान गर्ने नामबाट प्रसिद्ध भएको दामोदरकुण्ड अवस्थित छ। पुराणहरूमा दामोदरकुण्ड भनी प्रष्ट नाम उल्लेख नभए पनि विभिन्न कुण्डहरूको वर्णन भएकोले र प्राकृतिक विवरण मिल्ने भएकोले दामोदरकुण्ड ठम्याउन सहज नै हुन्छ।

महाभारतको वनपर्वअन्तर्गत तीर्थयात्रा वर्णन क्रममा पनि शालग्राम क्षेत्रको महत्त्व बताइएको छ। त्यो क्षेत्रमा ऋषिवृन्द, देवगण, आदित्यादि वसु, रुद्र आदि देवताहरू पनि भगवान् जनार्दनको उपासना गर्दछन् । सो पवित्र क्षेत्रमा सबै प्रकारको पापलाई नाश गर्ने एउटा कुण्ड छ जसमा चारै समुद्र निवास गर्दछन् । दुर्गीतिलाई निवारण गर्ने यो क्षेत्रको यात्राबाट अश्वमेध यज्ञबाट प्राप्त हुने पुण्यलाभ हुन्छ -

ततो गच्छेत राजेन्द्र ! स्थानं नारायणस्य च ।।

सदा सन्निहितो यत्र विष्णुर्वसति भारत ।

यत्र ब्रह्मादयो देवा ऋषयश्च तपोधनाः ।।

आदित्या वसवो रुद्रा जनार्दनमुपासते ।

शालग्राम इति ख्यातो विष्णुरद्भुतकर्मकः ।।

अभिगम्य त्रिलोकेशं वरदं विष्णुमव्ययम् ।
अश्वमेधमवाप्नोति विष्णुलोकं च गच्छति ।।
तत्रोदपानं धर्मज्ञ सर्वपापप्रमोचनम् ।
समुद्रास्तत्र चत्वारः कूपे सन्निहिताः सदा ।।

(महाभारत वनपर्व- ८८/१२३-१२६)।

स्वयं भगवान् वराहले भूमिको प्रश्नको उत्तरमा यस क्षेत्रमा १५ वटा महत्त्वपूर्ण पुण्यप्रदायक तीर्थक्षेत्रहरू रहेको बताउनु भएको छ। ती १५ महातीर्थ मध्ये देवह्रद नामक परम पवित्र तीर्थ पनि एक हो र यस ह्रद (कुण्ड) मा चक्राङ्कित सुन्दर माछाहरू घुम्छन्। पुण्यात्मा महापुरुषहरू यस्ता माछाको दर्शन पाउँछन्। त्यस देवह्रदमा वर्षको १२ वटा द्वादशीमा सूर्योदयको समयमा स्वर्णमय कमलको दर्शन हुन्छ। यस्तो पवित्र ह्रदमा स्नान गर्नाले अश्वमेधयागजन्य फल प्राप्त हुन्छ भनी वाराहपुराणमा उल्लेख छ। यस्ता पवित्र कुण्डहरूको सृष्टि मैले नै गरेको हुँ भनी भगवान् वराहले बताउनु भएको प्रसङ्ग पाइन्छ -

एते पञ्चदश गुह्याः शालग्रामे प्रकीर्तिताः ।
भागवतान् कृत्वा एतद् भूमे मया कृतम् ।। (वाराहपु.१४४/९७)।

यस्तो उत्तम तीर्थको रूपमा रहेको दामोदरकुण्डको जलस्पर्शबाट मात्र पनि मनुष्यहरू पापमुक्त हुन्छन्। स्नान गरेमा विभिन्न रोगबाट मुक्ति मिल्छ भने अकाल मृत्युजस्ता भय हुँदैन। दैवी विपत्ति र हिंस्रक जन्तुबाट पनि डर त्रास हुँदैन र दरिद्रता आदि भयले समेत सताउँदैन भनिएको छ।

दामोदरकुण्डमा सविधि स्नान गरी सात रात उपसवास बसेर भगवद् आराधना गरेमा अग्निष्टोमादि ठूला-ठूला श्रौतयज्ञजन्य फल प्राप्त हुन्छ। यस क्षेत्रमा प्राण छोड्ने भक्तले उत्तमलोक प्राप्त गर्दछ। यस क्षेत्रमा गरिएको तर्पण र पिण्डदानादि कर्मले पितृहरू तृप्त हुन्छन् र कुल कुटुम्बलाई सख, शान्ति र समृद्धि मिल्दछ। यस्तो पुण्य तीर्थक्षेत्र दामोदरकुण्डको महिमा श्रवण, दर्शन र यात्राले मनुष्य जीवन सफल हुने बताइएको छ।

तत्र स्नानं प्रकुर्वीत दशभक्तोषितो नरः ।
दशानामश्वमेधानां फलं प्राप्नोति मानवः ।।

अथात्र मुच्यते प्राणान् मम चित्तव्यवस्थितः ।

अश्वमेधफलं भुक्त्वा भूमे मत्समतां व्रजेत्।।

(वाराहपुराण १४५/७७-७८)।

९. पवित्रताको कारण

दामोदरकुण्ड पवित्र तीर्थ हो। यसलाई उजागर गर्ने ऐतिहासिक एवम् पौराणिक आधारहरू प्रशस्त छन्। विशेष गरी दामोदरकुण्डलाई दुई पक्षबाट हेर्न सकिन्छ। प्रथमपक्ष भनेको शालग्रामक्षेत्र हो र द्वितीयपक्ष गण्डकीको उद्गमस्थल हो । यी दुवै पक्ष अत्यन्त पवित्र छन्। सनातनीहरू यिनीहरूको नाम सुन्ने वित्तिकै श्रद्धाले नतमस्तक बन्दछन्। दामोदरकुण्डको प्राकृतिक सुषमा र भौगोलिक रमणीयता बाह्यदृष्टिका लागि सुखद् भए पनि अन्तर्दृष्टियुक्त श्रद्धालुका लागि यसको पवित्रता ज्यादै उच्चकोटीको छ। अन्यत्रका तीर्थमा यस्तो दुर्लभ संयोग कमै पाइन्छ। शालग्राम र गण्डकीको पवित्रताले पुण्य भएको यस क्षेत्रमा भगवान् रामचन्द्र आएर दुष्ट राक्षसलाई मारी कठोर तपस्यामा बसेका युवतीहरूको इच्छा पूरा गर्नु भएको प्रसङ्ग आनन्दरामायणमा उल्लेख छ। त्यस्तै भगवान् रामचन्द्रलाई पतिको रूपमा पाउन १६ हजार राजकन्याहरूले गण्डकीको तटमा तपस्या गरेका र उनीहरूको पनि तपस्या पूर्ण गराउनु भएको कुरा आनन्दरामायणमा उल्लेख छ -

ताभिः शनैस्ततो रामो ययौ तुरगसंस्थितः ।

योजनोपरि ताः सर्वाः सहस्रं षोडशाः शुभाः ।।

ददर्श गण्डकीतीरे वृक्षखण्डे रघूद्वहः ।

निमीलितदृशः शुष्कास्तपसा दग्धयौवनाः ।।

(आनन्दरामायण राज्यकाण्ड, पूर्वार्ध- ११/७२-७३)।

योगवाशिष्ठ र श्रीमद्भागवतका अनुसार तीर्थयात्राको क्रममा भगवान् राम यस शालग्राम क्षेत्रमा आउनु भएको थियो । सूतहत्याको पाप विमोचन गर्न भगवान् कृष्णका अग्रज बलरामले गण्डकी स्नान गर्नुभएको थियो -

स्नात्वा सन्तर्प्य देवादीन् जगाम पुलहाश्रमम् ।

गोमतीं गण्डकीं स्नात्वा विपाशां शोण आप्लुतः ।।

(श्रीमद्भागवतमहापुराण १०/७९/ ११-१२)।

यस्तो महनीय पावनता बोकेकी गण्डकीको उद्गमस्थल दामोदरकुण्डको पवित्रताको इयत्ता कसरी नाप्न सकिन्छ ?

भगवान् शालग्रामको उत्पत्तिक्षेत्र भएकोले पनि यसको पवित्रतामा शङ्का गर्नु पर्ने स्थान छैन । गण्डकीको गर्भगत भएर रहेको शालिग्रामको शास्त्रहरूमा ठूलो महत्त्व बताइएको छ । शालिग्राम गर्भमा धारण गरेकी गण्डकीको जल दर्शन गर्नाले, छुनाले, नुहाउनाले अथवा पान गर्नाले मात्र पनि मनुष्यले मन, वचन र कर्मबाट गरिएका सम्पूर्ण पाप नाश हुन्छन् । भगवान् शालग्रामलाई गर्भमा लिएर प्रवाहित भएकी गण्डकीलाई चक्रनदी पनि भनिएको छ र संसारलाई पवित्र बनाउने भनी महत्ता दर्शाइएको छ । राजा भरतले तपस्या गरेको शालग्राम क्षेत्रमा प्रवाहित पवित्र गण्डकी यिनै हुन् । भागवतका अनुसार-

यत्र ह वाव भगवान् हरिरद्यापि तत्रत्यानां निजजनानां वात्सल्येन सन्निधाप्यत इच्छारुपेण । यत्राश्रमपदान्यूभयतो नाभिभिर्दृषच्चक्रैश्चक्रनदी नाम सरित्प्रवरा सर्वतः पवित्रीकरोति ।।

(पूर्ववत् ५/७/९-१०) ।

शालग्रामको उपासकले गण्डकीक्षेत्रमा देहत्याग गर्दछ भने उसको पुनर्जन्म हुँदैन । यस्तो महिमा भरिएको शालग्राम पर्वत, दामोदरकुण्ड यो भूलोकको वैकुण्ठ हो । भगवान्को नित्य सान्निध्य रहेको यो क्षेत्रमा गई तपस्या गर्ने, उपासना गर्ने र दर्शन गर्ने सबै मानव सौभाग्यशाली हुन् । अध्यात्मको मूल, भक्तिको स्रोत र तपस्याको पावन भूमि दामोदरकुण्ड अन्तर्दृष्टि सम्पन्नका लागि चैतन्य छ, जीवन्त छ र आनन्दरूप छ ।

प्रायेण तीर्थाभिगमापदेशैः स्वयं हि तीर्थानि पुनन्ति सन्तः ।

(पूर्ववत् १/१९/८) ।

हिममण्डित हिमालयको पर्वत शृङ्खलाको बीचमा मग्न भएर घुम्ने तपस्वीहरूको यात्राले पनि यस क्षेत्रलाई पवित्र बनाएको छ । कलिकल्मषले भरिएको तीर्थक्षेत्रलाई यस्तै महापुरुषहरूको पवित्र पाइलाले शुद्ध बनाउँछ, पाप रहित बनाउँछ ।

१०. जनश्रुति एवम् अवधारणा

दामोदरकुण्डको यात्रामा जाने भक्तजनहरूमध्ये धेरै जसो साधु-सन्त देखिन्छन् । गृहस्थ भक्तहरूको पनि श्रद्धा एवम् विश्वास कम छ भन्ने चाहिँ होइन तर तीर्थयात्रालाई नै आफ्नो उद्देश्य बनाएर जाने साधुहरूको तुलनामा गृहस्थ भक्तहरू कम नै भेटिन्छन् ।

सन्तसमाजले शालग्राम शिलालाई अत्यन्त श्रद्धा एवम् भक्तिले पुज्दछ । सनातनीहरूको प्रत्येक घरमा भगवान् विष्णुको रूपमा शालग्रामको पूजा हुने गर्दछ । वैष्णव सम्प्रदायमा शालग्रामप्रतिको समर्पण र निष्ठा झनै महत्त्वपूर्ण देखिन्छ । यही शालग्रामको उद्गमस्थल दामोदरकुण्ड परिसरलाई मानिन्छ । कालीगण्डकीको शिरोभाग र शालग्रामको उद्गमक्षेत्र भएकोले सन्त-समाजले दामोदरकुण्डलाई जनमानसमा पवित्र क्षेत्रका रूपमा स्थापित गरायो । भक्तमानस दामोदरकुण्डको दर्शन, स्नान र पूजनपछि आफ्ना सम्पूर्ण ताप, पाप एवम् दुर्गुण नाश हुनेमा पूर्ण विश्वस्त रहेको पाइन्छ । क्रोधमाथि विजय पाउन र भोगको क्षणिकताको अनुभूति गर्न पनि दामोदरकुण्डको यात्रा गर्ने धारणा कतिपय भक्तहरूमा भेटिन्छ ।

भगवान् नारायणको नित्य निवास वैकुण्ठलोकको जस्तै शालग्राम शिलाको नित्य निवास भएको दामोदर क्षेत्रमा जीवनमा एकपटक मात्र पनि यात्रा गर्न सकियो भने भवसागरबाट सजिलै पार हुने विश्वास भक्त समुदायमा छ ।

जीवनचक्रको निःसारता बुझी उपासना र साधनामा लागेका कतिपय साधक सन्तहरू अतिपवित्र दामोदरकुण्डमा स्नान गरी भगवान् शालग्रामको पूजा, वन्दना गर्नाले अन्तःकरणको मलिनता नाश भई साधनामा उत्कर्षता आउने र सिद्धि प्राप्तिमा सहजता हुने विश्वास गर्दछन् । त्यसै कारण यात्राको समयमा केही समय सो क्षेत्रमा बसी मन्त्र-जप, पुरश्चरण, पाठ र योगाभ्यासको नित्य अनुष्ठान गर्दछन् । गृहस्थ भक्तहरू भने सकाम भावले यात्रा गर्दछन् र सो कुण्डको क्षेत्रबाट ल्याएको शालग्राम भगवान्लाई घरमा राखी नित्य अर्चना गर्नाले परिवारमा सख, शान्ति, समृद्धि र कल्याण हुने विश्वास गर्दछन् ।

दामोदरकुण्डको परिसरमा रहेको कुशको हरियालीलाई

देखेर कतिपय भक्तजनहरूको कल्पना यस प्रकार छ- भगवान् श्रीकृष्णलाई माता यशोदाले बाँधिदिएको दाम्लो कुशको थियो र नलकुबरको मुक्तिपछि त्यही दाम्लो फुकाएर उत्तरतिर फ्याकिदिँदा दामोदर कुण्डमा आइपुग्यो र फैलियो । त्यसकारण वरिपरि सुख्खा भए पनि कुण्डको नजिक कुशको हरियाली देख्न सकिन्छ ।

यस्ता जनविश्वास तत्कालीन नभएर प्राचीन समयदेखि नै चली आएका छन् । श्रुति-परम्परामा रहेको यस पवित्र क्षेत्रको महिमाले भक्त हृदयमा प्रेम र उत्सकता जगाउँदै आएको छ । त्यसैले त कठिन, निर्जन यात्रा पनि सहज र सुखमय बन्न पुगेको छ । सकाम भक्तहरूका अनेक इच्छा, आकांक्षा पूरा भएका अनेकौं रोचक घटना पनि उनीहरूकै मुखबाट सुन्न पाइन्छ भने निष्काम भक्तहरूको अनुभूति पनि ज्यादै रोमाञ्चकारी पाइन्छ ।

कतिपय भारतीय भक्तहरू कैलाश मानसरोवर र दामोदरकुण्डलाई समान रूपमा सम्मान गर्दछन् । भगवान् शिवको लीलाभूमि हिमालय क्षेत्रमा रहेका यी दुवै क्षेत्रको दर्शनबाट शिवभक्ति र निर्मलज्ञान प्राप्त हुन्छ भन्ने उनीहरूको विश्वास छ र यी दुवै क्षेत्रमध्ये कतै जीवन विसर्जन भयो भने शिवलोक वा वैकुण्ठलोकमा वास मिल्ने अवधारणा रहेको पाइन्छ ।

११. शिवको रूपमा मुक्तिनाथ

शिवक्षेत्रमा लाग्ने मेलाहरूमध्ये बालाचतुर्दशी पर्वलाई महत्त्वपूर्ण मानिन्छ । नेपालका प्रसिद्ध शिव मन्दिरहरूमा पर्ने गलेश्वर क्षेत्रमा पनि बालाचतुर्दशीका दिन भक्तहरू जम्मा भएर शतबीज छर्ने परम्परा रही आएको छ । यस मेलामा मुस्ताङका लामाहरूको उल्लेख्य उपस्थिति रहन्छ । उनीहरू यस मेलामा शतबीज छरेर भगवान् गलेश्वरलाई मुक्तिनाथको भाइको रूपमा पूजा आराधना गर्दछन् अर्थात् मुक्तिनाथ पनि शिवको नै रूप हो र गलेश्वर पनि शिव नै भएकोले यी दुवै दाजुभाइ (मुक्तिनाथ दाजु र गलेश्वर भाइ) भएको सम्बन्ध बताउँछन् । यो जनश्रुति प्राचीन परम्परादेखि नै चली आएको छ । यो लोकवचनले मुक्तिनाथलाई शिवको नै रूप भएको मान्यता राख्दछ । शिवपुराण कोटीरुद्रसंहिताको निम्न वचनले यो मान्यतालाई पुष्टि गर्दछ -

तदारान्मुक्तिनाथाख्यं शिवलिङ्गं महाद्भुतम् ।

दर्शनादर्चनात्तस्य भुक्तिर्मुक्तिश्च लभ्यते।।

(शिवमहापुराण कोटीरुद्रसंहिता ११/२०)।

पशुपतिको वर्णन लगत्तै आएको यो श्लोकका अनुसार पशुपतिनाथको निकटमा मुक्तिनाथ नामक दिव्य (अद्भूत) ठूलो शिवलिङ्ग रहेको छ। जसको दर्शन र पूजनबाट भुक्ति र मुक्ति दुवै प्राप्त हुन्छ।

१२. पर्यटकीय सम्भावना

समग्र नेपाल पर्यटनको अथाह सम्भावना बोकेको मुलुक हो। हिमाली क्षेत्र जहिले पनि आकर्षणको केन्द्र बन्यो । प्राचीन समयमा ऋषि- मुनिको तपस्थलीको रूपमा आकर्षण बन्यो भने साधना, तीर्थ, व्रत र योगका लागि अहिले पनि उत्तिकै लोभ लाग्दो छ। प्राकृतिक सौन्दर्यमा रमाउन चाहने र भौगोलिक परिस्थितिको ज्ञान गर्न चाहनेहरूका लागि हिमालीक्षेत्र अहिले पनि कम महत्त्वपूर्ण छैन। यही क्षेत्रको मोहकताले गर्दा लाखौं पर्यटक नेपाल आउँछन्।

मुस्ताङ जिल्ला पर्यटकहरूको लागि मात्र नभएर सनातन धर्मावलम्बीहरूको लागि पनि गन्तव्य जिल्ला हो । भगवान् मुक्तिनाथ र कालीगण्डकी समस्त हिन्दूहरूको आराध्य भएकोले जीवनमा एकै पटक मात्र भने पनि मुक्तिनाथ पुग्ने चाहना सबैको रहेको हुन्छ। बौद्धमार्गीहरूको लागि झनै ठूलो महत्त्व बोकेको यो जिल्ला बुद्ध धर्म-परम्परा र भोट सम्पदाको विशाल भण्डार हो । यस्ता विभिन्न संस्कृति, धर्म, परम्परा र सम्पदाको भण्डार यहाँ भेटिन्छ जो सदियौंदेखि अपरिवर्तित रूपमा आजसम्म चलिरहेका छन् । यहाँका गुफाहरू बौद्धदर्शन र बौद्धसाधनाका ऊर्जाशील क्षेत्र हुन् । पहराका विकट स्थानमा प्राकृतिक रूपमा बनेका र मानवद्वारा बनाइएका गुफाहरू एवम् यहाँ हुर्किएको संस्कार-संस्कृति मानवशास्त्रीहरूका लागि नयाँ ज्ञान दिने सामग्री हुन सक्छन् । हरेक गाउँमा बनेका घरहरूको प्रकृति र संरचनालाई हेर्दा यी घरहरू सदियौं पुराना र पुरातात्विक वास्तुकलाको मूर्तरूप जस्ता देखिन्छन्। बाहिरी दृष्टिमा चट्टाने पहाड भए पनि यहाँको प्रकृति विश्वमोहिनी बनेर उभिएको छ र भूस्वर्गको रूपमा सजिएको छ।

धार्मिक आस्था र श्रद्धा भएका सनातनीहरूको लागि दामोदरकुण्ड पनि प्रमुख गन्तव्यमा पर्दछ । लाखौं सनातनीहरूको तीर्थयात्राको रूपमा दामोदरकुण्ड जाने इच्छा हुँदा हुँदै पनि मार्गको विकटता असुरक्षा र सरकारको उदासीनताले गर्दा जाने इच्छा पुरा हुन सकेको छैन । भारतमा प्रसिद्ध मानिएका अमरनाथ र वैष्णोदेवी भन्दा कयौं गुणा पवित्र, प्राकृतिक सुन्दरता, भौगोलिक रमणीयता र अनुपम हिमाली वातावरणले सम्पन्न यो क्षेत्रमा थोरै मात्र भए पनि पूर्वाधारको काम हुन सक्यो भने लाखौं तीर्थयात्री पुग्न सक्छन् ।

दामोदरकुण्डको यात्रामा यारा गाउँसम्म त्यति समस्या छैन तर यारा गाऊँबाट अगाडिको पैदलमार्ग ज्यादै कठिन भएकोले यो मार्गको बीच-बीचमा पाटी पौवा, पानीको धारा र सुरक्षा क्याम्पको आवश्यकता छ । यात्री चल्ने समय असारको १५ देखि भाद्रको पहिलो हप्तासम्म लाई केही पूर्वाधारको व्यवस्था गर्न सकियो भने दामोदरकुण्डको तीर्थयात्रीले मुस्ताङको पर्यटनमा अहं भूमिका खेल्न सक्छ । तल्लो मुस्ताङमा मुक्तिनाथले यात्री भित्र्याए झैं उपल्लो मुस्ताङमा दामोदरकुण्डले भित्र्याउन सक्छ । दामोदर कुण्डको ठूलो विशेषता शालग्राम क्षेत्र हो । भगवान्को स्वरूप मानेर विश्वका अरवौं हिन्दूहरूले पूज्ने शालग्राम यो क्षेत्रमा बाहेक विश्वमा अन्यत्र कतै पाइँदैन । विश्वमा जहाँ शालग्राम पुगे पनि यही क्षेत्रबाट पुगेको हो । यो अनुपम पवित्र र दुर्लभ क्षेत्रको अध्ययन अनुसन्धान र संरक्षण अहिलेको आवश्यकता हो ।

यो क्षेत्रको भ्रमण गर्ने तीर्थयात्री कतिपय विदेशी पर्यटकहरू दामोदरकुण्डको पूर्व दामोदर हिमालको खोंच हुँदै मुस्ताङ निक्लने गर्दछन् तर यो मार्ग सहज र सधैंका लागि उपयुक्त छैन ।

नेपालको पर्यटन इतिहासलाई विचार गर्दा यसको विकासगति अत्यन्त झिनो छ । यसको औपचारिक प्रारम्भ विन्दु सन् १९५० पछि मात्र मान्न सकिन्छ । नेपालमा विदेशीहरूको आगमनलाई राणाकालमा कडा गरिएको थियो । राणाशासनको विलयसँगै नेपालमा भारतीय यात्रीहरू र अन्य देशका यात्रीहरूलाई केही सहज हुँदै गयो । सहजताको कारणले धार्मिक यात्री र विदेशी पर्यटकहरूको संख्या दिनानुदिन बढ्दै जान थाल्यो । नेपालको शहरी

क्षेत्रमा सुविधा सम्पन्न होटल, लज बन्न थाले। नेपाललाई विश्वसामु चिनाउन विभिन्न कार्यक्रम हुँदै आएका पनि छन्। यति हुँदा हुँदै पनि नेपालका रमणीय र महत्त्वपूर्ण स्थानहरू अझै ओझेलमा नै छन्। यसको उजागर गर्न र विश्वलाई नेपालप्रति आकर्षित गर्न केही पूर्वाधारको निर्माण र प्रचार-प्रसार गर्न नपुगेको देखिन्छ। नेपालमा रहेका विभिन्न धार्मिक क्षेत्रहरूलाई समयानुकूल प्रचार र सबैको सहज पहुँच हुन सक्यो भने नेपालको विकासमा कोसेढुङ्गा सावित हुन सक्छ।

कतिपय ग्रामीण क्षेत्रमा रहेका र पर्यटनको प्रचुर सम्भावना बोकेका क्षेत्रहरूको विकास एवम् प्रचारका लागि स्थानीय समुदायलाई प्रोत्साहन गर्ने नीति आवश्यक छ र भएका नीति नियमलाई प्रभावकारी रूपमा कार्यान्वयनको खाँचो छ। यसले स्थानीय तहमा नै आय आर्जनको अनेक बाटो खोल्न सक्छ। उचित प्रचार हुन नसकेको धार्मिक क्षेत्र मध्ये नै दामोदरकुण्ड पर्दछ। महनीय धार्मिक महत्त्व बोकेको यो क्षेत्र विश्व दुर्लभ धार्मिक सम्पदा पनि हो। विश्वमा कतै नपाइने शालग्राम यसै क्षेत्रमा मात्र पाइने हुनाले यसको महत्त्व राष्ट्रिय पहिचानसँग जोडिएको छ। अनधिकृतरूपमा शालग्रामको विक्री-वितरण र तोड-फोड गर्ने कार्य नरोकिने हो भने यो क्षेत्रको महिमा शास्त्रमा मात्र सीमित हुन सक्छ। अतः यसतर्फ पनि राज्यको ध्यान जानुपर्छ।

दामोदरकुण्ड दर्शन-भ्रमणका लागि धेरै यात्री भित्र्याउन यारा गाऊँमा राम्रो धर्मशाला आवश्यक छ। जसमा पानी बत्तीको व्यवस्था राम्रो होस्। याराबाट अगाडि बढ्ने मार्गमा यात्रीहरू मार्ग भुलेर रुमल्लिने भएकोले मार्गसङ्केत चिह्नहरू ठाउँ-ठाउँमा राख्नुपर्छ। ठाउँ-ठाउँमा सामान्य खालका पौवाहरू निर्माण गर्नुपर्ने आवश्यकता छ। बाटो सुधार र बीचबीचमा पानीको व्यवस्था गर्नुपर्नेछ। त्यस क्षेत्रमा पर्यटकहरूलाई मार्गदर्शन गराउने जनशक्तिलाई तालिम, प्रशिक्षण र जनचेतना मूलक कार्यक्रमद्वारा उत्तरदायी बनाउँदै लानुपर्ने आवश्यक छ। त्यस मार्गमा पर्ने कतिपय पर्यटकीय सम्पदाको पहिचान गरी प्रचार-प्रसार गर्न सकेमा यात्राको महत्त्व र त्यस क्षेत्रको पर्यटकीय गरिमा झनै बढ्ने छ।

दामोदरकुण्डको यात्राको समयमा आईपर्ने कठिनाइ र सामान्य

आवश्यकताहरूको परिपूर्ति गर्न अस्थायी रूपमा मार्गमा सूचनाकक्ष, सुरक्षा र प्राथमिक स्वास्थ्योपचारको व्यवस्था नगरी नहुने अवस्था छ । यात्राको समयमा कति यात्रीले दामोदरकुण्डको यात्रा गरे र यसलाई बढोत्तरी गर्न के-कस्ता कार्यक्रम गर्न सकिन्छ ? भन्ने विषयमा अध्ययन गरी राज्यपक्षबाट पर्यटन अभिवृद्धि सम्बन्धी कार्यक्रम गर्नुपर्छ । राज्यले नै लगानी गरी मानसरोवरको दाँजोमा दामोदरकुण्डलाई प्रवर्धन गर्नुपर्छ। कुण्डपरिसरमा पनि फोहोर व्यवस्थापन र कुण्ड संरक्षण सम्बन्धी कार्य गर्नुपर्नेछ। राज्यबाट उपेक्षा गरिएको जस्तो देखिने यो तीर्थक्षेत्र नेपालको नै गौरव हो भन्ने बोध सबैलाई गराउनु आवश्यक देखिन्छ।

नेपालको तीर्थक्षेत्रको शिरोभाग दामोदरकुण्डमा हाम्रा कुनै पनि क्रियाकलापले आँच पुग्नु हुँदैन । कठिन तीर्थयात्रा गर्ने नाममा वा अस्वस्थ प्रतिस्पर्धामा पवित्रक्षेत्रलाई दोहन गर्नहुँदैन । नेपालको गौरव भगवान् शालग्रामको अनधिकृत ओसार-पसारले दामोदरकुण्डक्षेत्र रित्तिसकेको छ । विभिन्न वहानामा शालग्राम शिला फुटाउने र बिक्री-वितरण गर्ने कार्य बन्द गराउनुपर्छ।

धार्मिक आस्था बोकेको समाजमा दामोदरकुण्डको धार्मिक महत्त्व प्रचार गरी वार्षिक रूपमा नै यात्राको आयोजना गरी धेरै यात्री भित्र्याउने कार्यक्रम बनाउन आवश्यक छ । दामोदरकुण्डको यात्राका लागि उत्साही जोश, परिपक्व होस र दिव्यताको खोज भएको नेपाली मन, सनातन धर्म नै धन र एकमात्र यात्री जीवन चाहिन्छ।

१३. निष्कर्ष

अनादि परम्पराबाट प्राप्त अपौरुषेय शब्दराश्यात्मक वैदिकवाङ्मयले प्रतिपादन गरेको सनातन धर्म जीवन-जगत्को मूलबाटो देखाउने ज्योति हो । यही ज्योतिको रोशनीमा स्मृति-पुराण र पौरस्त्य काव्यजगत् उभिएको छ । यही विशाल वाङ्मयमा हिमालयको र दामोदरकुण्डजस्ता महिमामय पुण्यक्षेत्रहरूको अनेकौं पताका, सुगन्ध र कथानकसमेत उनिएका छन् । भू-स्वर्गको उपमा दिँदा अतिरञ्जित नहुने दामोदरकुण्डले नित्य-निरन्तर जगत् हितमा अमृतमय पवित्रजल प्रवाहित गरीरहे पनि प्रचार-प्रसारको कृत्रिमताबाट

सधैँ ओझेलमा नै बस्न रुचायो । भगवान्को प्रेरणा नै यस्तै रहेछ कि ? यतातिर खासै चासो कसैले पनि देखाएनन् ।

पवित्रता र प्राकृतिक सौन्दर्यमा अनुपम यस क्षेत्रको शास्त्रीयता र गरिमालाई जनसमक्ष ल्याउँदा हरेक आस्तिक मनले अभिनन्दन गर्नेछ र कृतार्थ पनि हुनेछ । तीर्थस्थलीय मधुरताको अनुभूति अध्यात्मप्रतिको समर्पणभाव र कविहृदयसम्पन्नले मात्र गर्न सक्दछ । आत्माराम सन्तले दामोदरकुण्डको ऊर्जालाई चिनेर जीवनमा प्राप्त गरेको आध्यात्मिक उचाइप्रति सनातन जगत् सधैँ नतमस्तक छ । यस्ता महापुरुषहरू तीर्थयात्राको रूपमा दामोदरकुण्ड पुग्छन् भने सामान्यजन पर्यटनको रूपमा ।

आधुनिक पर्यटकीय यात्रामा रमाउने समुदायलाई तीर्थयात्रा सुपाच्य नहुन पनि सक्छ । तीर्थको आध्यात्मिक भाव अनुभूति गर्नभन्दा पनि मस्ती गर्न घुम्ने फिरन्तेबाट दामोदरकुण्डजस्ता परमपावन स्थलको रहस्य जान्न सकिने विषय होइन । यो त हृदयको आध्यात्मिक हार्दिकताले मात्र अनुभूति गरिने विषय हो । यस्ता पावन स्थलको चमत्कार भनेको त्यस्ता हृदयशून्य व्यक्तिलाई पनि आफ्नो पावन मोहकताले वशीकरण गर्नु हो । दामोदरकुण्ड देवगणहरूको क्रीडास्थली हो । दुर्गतिबाट सुगतिमा पुऱ्याउने अनन्य सोपान हो । सनातन धर्म-संस्कृतिको जीवन्त रूप हो ।

विश्ववन्द्य शालग्राम पर्वतको परिसरलाई प्रामाणिकता दिने हाम्रा शास्त्रहरूको दयनीय अवस्था र यसपट्टि दृष्टि दिन नसक्ने मनीषी समुदायको उपेक्षा पनि उदेकलाग्दो छ । वाराहपुराणको प्रामाणिक संस्करण नेपाली माटोको सुगन्ध दिने गरी नेपाली विद्वान्को सम्पादकत्वमा नेपालबाट नै प्रकाशित हुनु जरुरी छ। नेपालको हरेक धार्मिक क्षेत्रको महिमा उजागर हुने गरी पौराणिक गाथाहरू जनसमक्ष ल्याउनु आवश्यक छ । प्रकृतिमाथि मानवले गरेको अतिक्रमणले हाम्रा अमूल्य धरोहरहरू दिनानुदिन लोप हुँदैछन् । यस्ता अतिक्रमण रोकी नेपाल जननीको धार्मिक गाथा विश्वसामु पुऱ्याउने जिम्मा हाम्रो हो । यसमा सबैले हातेमालो गर्न आवश्यक छ । दामोदरकुण्ड समस्त हिन्दूहरूको धरोहर हो । सर्वोत्तम प्राकृतिक सम्पदा हो र नेपालको गौरव हो । यसको संरक्षण र संवर्धनमा सबैको उत्तिकै उत्तरदायित्व रहनुपर्छ ।

सन्दर्भग्रन्थ

आनन्दरामायण, (सन् २०१३) व्या. पं. रामतेज पाण्डेय, दिल्ली : चौखम्बा संस्कृत प्रतिष्ठान ।

ऋग्वेद , (सन् २००७) (सम्पा.) रामगोविन्द त्रिवेदी, वाराणसी : चौखम्बा विद्याभवन ।

कुमारसम्भव , (वि.सं. २०४४) श्रीरामप्रसाद त्रिपाठी, वाराणसी : चौखम्बा सुरभारती प्रकाशन ।

गुरुङ्, जगमान (वि.सं. २०६१), नेपालको राष्ट्रिय समीकरणको परिप्रेक्ष्यमा गण्डकी प्रस्रवण क्षेत्रका तीर्थस्थलहरूको विश्लेषणात्मक अध्ययन, काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

पद्ममहापुराण, (सन् १९९६) सम्पा. चारुदेव शास्त्री, दिल्ली : नाग पब्लिशर्श ।

महाभारत, (वि.सं.२०६०) (अनु.) पं. रामनारायणदत्त शास्त्री, गोरखपुर : गीताप्रेस ।

मुस्ताङ दिग्दर्शन, (वि.सं. २०४४) नारायणप्रसाद क्षेत्री, काठमाडौँ : साझा प्रकाशन ।

वाराहपुराण, (सन् १९८२) सम्पा. हृषीकेश शास्त्री, वाराणसी चौखम्बा अमर भारती प्रकाशन ।

विष्णुपुराण, (वि.सं. २०७४) अनु. श्रीमुनिलाल गुप्त, गोरखपुरः गीताप्रेस ।

विष्णुसहस्रनामस्तोत्र-विवृति, (वि.सं. २०६७) पं. विद्वच्छिरोमणि कुलचन्द्र गौतम, काठमाडौ : पशुपति वंशीराम मण्डप, नेपाल ।

शिवपुराण, (सन्. २०१०) खेमराज बम्बई : श्रीकृष्णदास ।

शुक्लयजुर्वेद, (सन् १९७८) सम्पा. जगदीशलाल शास्त्री, वाराणसी : मोतीलाल वनारसीदास ।

श्रीमद्भागवतमहापुराण, (वि.सं. २०६७) (मूलमात्र), गोरखपुर : गीताप्रेस ।

✡✡✡✡

मुक्तिनाथधाम र कागबेनी

नारायणदत्त सुवेदी [१]

१.परिचय

मुक्तिक्षेत्र, मुक्तिनाथ, मुक्तिधाम, मुक्तिनारायण, मुक्तितीर्थ एउटै तीर्थका नाम हुन् । मुक्तिक्षेत्र र मुक्तिनाथ शब्दले विष्णु र शिव दुवैको नित्य निवास स्थान भन्ने अर्थ बुझाउँछन् । नाथ शब्द शिवका अर्थमा र विष्णुका अर्थमा पनि जोडिएका भेटिन्छन् । शिव अर्थमा पशुपतिनाथ, केदारनाथ, सोमनाथ र विष्णु अर्थमा मुक्तिनाथ, बद्रीनाथ, जगन्नाथ आदि । मुक्तिनाथ मुक्तिक्षेत्रको एउटा भूभाग हो । पुराणहरूमा मुक्तिक्षेत्र शब्दको नै बढी प्रयोग भएको पाइन्छ । मुक्तिप्राप्त हुने क्षेत्र मुक्तिका दाता वा मालिक भन्ने अर्थ क्रमशः मुक्तिक्षेत्र र मुक्तिनाथ शब्दबाट निस्कन्छ । पहिले यी दुईले एउटै अर्थ बुझाए पनि अहिले मुक्तिक्षेत्रको ठाउँ मुक्तिनाथ शब्दले लिँदै गएको पाइन्छ । मानिसले अहिले मुक्तिनाथलाई नै बढी चिन्दछन् । अहिले मुक्तिनाथ शब्द मुक्तिनाथतीर्थ र भगवान् विष्णुका अर्थमा रूढ हुँदै गएको छ। मुक्तितीर्थमा मुख्य मन्दिरका रूपमा विष्णु भगवानूको मूर्ति प्रतिष्ठापित छ।

मुक्तिक्षेत्रलाई नेपालका वराह, रुरु, हरिहर र मुक्तिक्षेत्रजस्ता ४ वटा वैष्णवक्षेत्रमध्ये एक मानिन्छ भने पृथ्वीका ८ भूवैकुण्ठ (मुक्तिनाथ, बद्रीनाथ, जगन्नाथ, नैमिषारण्य, पुष्कर, तोताद्रि, श्रीरङ्गम्, रामेश्वरम्) मध्ये सर्वश्रेष्ठ भूवैकुण्ठ मानिन्छ । विश्वमा दुर्लभ शालग्राम शिला प्राप्त हुने मुक्तिक्षेत्रको अर्को नाम शालग्रामक्षेत्र हो । यो क्षेत्र गण्डक ऋषि, पार्वती/गौरी, विष्णुको गण्डस्थल (गाला) बाट पसिनाका रूपमा बगेकी शालग्रामगर्भा कालीगण्डकी र १०८ मुक्तिधाराको उद्‌गमस्थल पनि हो । यहीं सृष्टिको उषाकालदेखि अनवरत बलिरहेको प्राकृतिक अग्निज्वाला, पातालगङ्गा र जलकुण्ड, शेषनाग पर्वत एवम् मुक्तिपर्वतजस्ता प्राकृतिक सम्पदाहरू छन् । यहाँ मध्य युगमा र त्यसपछि विभिन्न कालखण्डमा हिन्दू तथा बौद्ध भक्तहरूले निर्माण

१. लेखक मुक्तिनाथका पूर्व पुजारी र म्याग्दी बहुमुखी क्याम्पसका सहप्राध्यापक हुनुहुन्छ।

गरेका हिन्दू धार्मिक संरचना र बौद्ध धार्मिक संरचनाहरू पनि छन् । यस लेखमा यही मुक्तिक्षेत्रका बारे प्रकाश पार्ने प्रयास गरिएको छ ।

२. मुक्ति र मुक्तिनाथ

मुक्तिनाथको महत्त्वलाई विभिन्न पुराण, ऐतिहासिक ग्रन्थ, किंवदन्ती, तीर्थयात्री, ऋषि, महर्षि सन्तयोगीहरूले प्राचीन कालदेखि नै प्रचारप्रसार गर्दै आएका विभिन्न स्रोत सामग्रीहरू भेटिन्छन् । मुक्तिनाथ धार्मिक र आध्यात्मिक दृष्टिले ज्यादै महत्त्वपूर्ण ठाउँ हो । पछिल्लो समयमा विदेशी पर्यटकहरू पनि यस क्षेत्रमा भ्रमण गर्न आउने गरेको देखिन्छ । त्यसैले यो पर्यटकीय दृष्टिले पनि महत्त्वपूर्ण ठाउँ हो । आध्यात्मिक दृष्टिले मुक्तिनाथको महत्त्व मुक्ति वा मोक्षसँग छ । जीवनका ४ पुरुषार्थ (धर्म, अर्थ, काम, मोक्ष) मध्ये मोक्ष अन्तिम पुरुषार्थ हो । मोक्ष नै वैदिक सनातन हिन्दूदर्शनको अन्तिम सार पनि हो । यहाँ आएर स्नान, दर्शन, दान, पुण्य, श्राद्ध, तर्पण, शालग्रामको पूजन, तीर्थपान र देहत्याग गरेमा मोक्षप्राप्त हुन्छ भन्ने शास्त्रवचन छ । मोक्ष वा मुक्ति के हो भन्ने सन्दर्भमा उपनिषद्, वेदान्त, ब्रह्मसूत्रजस्ता विभिन्न शास्त्रहरूमा सूक्ष्म चिन्तन गरिएको छ ।

मोक्ष वा मुक्ति भनेको सामान्य अर्थमा स्वतन्त्रता, जन्म र मृत्युको बन्धनबाट छुटकारा भन्ने हुन्छ । म मेरो भन्ने भावबाट ब्रह्मत्वको भावना गर्नसक्नु, आफूलाई ब्रह्मको एउटा अंश/झिल्का हुँ भन्ने बुझेर सांसारिक अहङ्कारको त्याग गरी ईश्वरमा आफूलाई र आफूमा ईश्वरलाई देख्नसक्नु हो । कर्म, भोग वासना जन्म र मृत्युका ८४ लाख जुनीको आवागमनको जैविक चक्ररूप दुःखबाट मुक्ति नै मोक्ष हो । प्रकृतिमा आफूलाई र आफूमा प्रकृतिको अनुभव गर्नसक्नु हो । सृष्टि, स्थिति, लयका सार्वभौम नियम वा प्रक्रियाभित्र आफूलाई बुझ्नसक्नु, गागरलाई सागरकै सत्ता सम्झनु, जीवन अनित्य, असत्य भ्रम मात्र हो भन्नु, व्यक्ति वस्तु वा प्राणीको अस्तित्व नमान्नु र **ब्रह्म सत्यम् जगत् मिथ्या**को ज्ञान हुनु नै मोक्ष हो । ईश्वरकै सार्वभौम अस्तित्वभित्र मेरो अस्तित्व छ भन्ने बोध र ज्ञान नै मुक्ति वा मोक्षको अवस्था हो । अर्थात् मानिसले आफूलाई जल, थल, नभ, वायुमा

यत्र तत्र सर्वत्र भेट्नु, अनुभव गर्नु, नूनचिनी पानी घुलमिल भएझै ब्रह्मसँग तदाकारको भावना गर्न सक्नु नै मुक्ति हो । ईश्वर, देह, जीव अनि आत्मा आदिका बीचमा कोरिएका सारा रेखाहरू मेटिएर एउटै ब्रह्मको अस्तित्वभित्र आफ्नो अस्तित्व देख्नसक्नु नै मोक्ष हो । मोक्ष वा मुक्तिका अनेक प्रकारहरू छन् । यसलाई शास्त्रमा क्रममुक्ति, सद्यमुक्ति, सालोक्य मुक्ति, सापीप्य मुक्ति, सारूप्य मुक्ति , कैवल्य मुक्ति आदि शब्दहरूद्वारा व्याख्या गरिएको पाइन्छ (अमरकोशः पृ. ४२) । मुक्तिनाथमा यस्तै मुक्तिका अधिष्ठाता भगवान् विष्णु विराजमान हुनुहुन्छ । अगलवगलमा श्रीदेवी र भूदेवी पछाडि शेषनाग अगाडि विष्णुको वाहन गरुडको मूर्ति छ । विष्णुका चारवटा हातहरू छन् । छातीमा भृगुलाञ्छन् चिन्ह छ, कण्ठमा वनमाला छ । मुक्तिनाथको मूर्ति बुद्धको मूर्तिसँग मिल्दो जुल्दो छ । बुद्धलाई विष्णुको नवौं अवतार मानिन्छ । यी सबै आधारमा मुक्तिनाथ विष्णुकै अर्को नाम हो । पङ्क्तिकार स्वयं त्यहाँ पुजारी हुँदा मुक्तिनाथलाई विष्णु वा नारायण मानेर पूजा अर्चना गरेको थियो । पुराणमा मुक्तिक्षेत्र भनेर विष्णु र शिवको निवासस्थान एवम् जललाई विष्णुरूप र अग्निज्वालालाई शिवरूप मानिएको भए पनि अहिले मुक्तिक्षेत्र र मुक्तिनाथ विष्णु भगवान्को क्षेत्र र तीर्थको रूपमा स्थापित हुँदै गएको पाइन्छ ।

३. भौगोलिक अवस्थिति र स्वरूप

मुक्तिक्षेत्र/मुक्तिनाथ प्राचीन पवित्रतम विश्वप्रसिद्ध हिन्दू धार्मिक तीर्थस्थल हो । भौगोलिक दृष्टिले यो तीर्थ हिमाली क्षेत्रमा पर्दछ । यो नेपालको गण्डकी प्रदेशको हिमालपारिको जिल्ला भनेर चिनिने मुस्ताङको 'मुक्तिक्षेत्र बाह्रगुङ' गाउँपालिकाको वडा नं १ मा पर्दछ । पौराणिक सीमाङ्कनअनुसार उत्तरमा दामोदरदेखि लिएर दक्षिणमा म्याग्दीको बेनी (पौराणिक नाम उत्तर त्रिवेणी) सम्मको १२ योजन वा ४८ कोसभित्रको क्षेत्रलाई मुक्तिक्षेत्र भनिएको छ भने मुक्तिनाथलाई मुक्तिक्षेत्रको मध्य भागमा (वर्तमान प्राकृतिक ज्वाला बलिरहेको ठाउँ) एक कोसको क्षेत्रमा फैलिएको भनी उल्लेख गरिएको छ । यस ठाउँको भौगोलिक प्राकृतिक अवस्था हेर्ने हो भने पुराणले सङ्केत गरेको अर्थ यहाँ खुल्दछ । मुक्तिनाथ र मुक्तिक्षेत्रमा प्रवाहित सम्पूर्ण

जलस्रोतलाई सागरको प्रतीक, मुक्तिक्षेत्रका जलप्रवाहमा गण्डकीका गर्भमा रहेका मत्स्य, कूर्म, वराह, नरसिंह आदि रूप रङ र आकारका शालग्रामलाई भगवान्का अवतार र अग्निज्वालाई समुद्रभित्रको वडवानलका रूपमा लिन सकिन्छ। मुक्तिनाथ मन्दिरको पृष्ठभागमा नागाकारमा उठेको पर्वतलाई शेषनाग, मुक्तिनाथमा निस्कने जलप्रवाहलाई क्षीर सागर, शालग्रामलाई शेषशायी विष्णु भगवान् अग्निज्वालालाई समुद्रभित्रको वा पृथ्वीको गर्भभित्रको अग्नि र स्वयं यहाँको जमिनलाई भूदेवी तथा यहाँको प्राकृतिक सौन्दर्य र ऐश्वर्यलाई श्रीदेवीको प्रतीकका रूपमा लिन सकिन्छ। मुक्तिक्षेत्र हिमवत्खण्डमा पर्ने हुँदा शिवको नित्य निवासस्थल कैलाशका रूपमा पनि अर्थ्याउन नसकिने होइन तर धेरै प्रमाण, शास्त्रकथन, लोकव्यवहार, किंवदन्ती, लोकपरम्परा, यात्रीहरूको विश्वास, बुद्धलाई विष्णुकै एउटा अवतार (नवौं) मानिएको र मन्दिरभित्रका विष्णु, शेषनाग, श्रीदेवी, भूदेवी, गरुडजस्ता मूर्तिहरूलाई आधार मान्दा मुक्तिक्षेत्र मूलतः विष्णुक्षेत्र नै हो भन्ने कुरामा कुनै द्विविधा रहँदैन।

भौगोलिक दृष्टिले मुक्तिनाथ हिमाली उपत्यकाका रूपमा रहेको छ। यो ठाउँ हिमाल पहाडको उत्पत्तिकालसँगै उत्पन्न भएको मानिन्छ। समद्री सतहबाट मुक्तिनाथ मन्दिर रहेको ठाउँ १३००० फिटको उचाइमा रहेको छ। यसलाई शालग्रामक्षेत्र, गण्डकीको मुहान वा उद्गमस्थल मानिन्छ। यहाँ गण्डकी, छुंगुरखोला १०८ मुक्तिधारा, र अन्य जलस्रोतहरू, स-साना झरना खोलानालाहरू पनि छन्। यहाँको हावापानी अतिशीतप्रधान तथा शीतप्रधान रहेको छ। यहाँ हिउँदमा ५/६ महिना हिउँ जम्दछ। त्यसैले पर्यटकहरू चैत्र-देखि कात्तिकसम्म आउने गर्दछन्। हिमाल, हिमश्रृङ्खला, पर्वतमाला, भूबनोट, हिमाली उपत्यका आदिले गर्दा यहाँको वातावरण अत्यन्त मनोरम र आकर्षक देखिन्छ। मुक्तिनाथ यातायातका दृष्टिले पनि महत्त्वपूर्ण ठाउँ हो। यस ठाउँबाट थोरङला भन्ज्याङ्ग काटेर पूर्वी नेपालका विभिन्न ठाउँमा पश्चिमतिरको बाटो भएर जुम्ला हुम्ला कर्णाली प्रदेशतिर र दक्षिणको बाटो भएर पोखरातिर जान अनि उत्तरको बाटो भएर मुस्ताङतिर जान सकिन्छ। मुक्तिनाथ मुक्तिक्षेत्रभित्र पर्ने एउटा सानो भूभाग हो। यसलाई मुक्तिक्षेत्रको मध्यभाग मानिएको

छ । **मुक्तिभूमन्मध्यभागे धात्रा तप्तं पुरा मुने** ! (मुक्तिक्षेत्रमाहात्म्य पृ. २३) । पुराणमा मुक्तिक्षेत्रलाई १२ योजन ४८ कोसमा र मुक्तिनाथलाई १ योजन ४ कोसमा फैलिएको भूखण्ड भनी चिनाइएको छ । **आरभ्य मुक्तिक्षेत्रं तत्क्षेत्रं द्वादश योजनम्** (पूर्ववत् पृ. ६८)। यस तीर्थलाई स्कन्दपुराणमा हिमवत्खण्डका बद्री, केदार आदि तीर्थमध्ये एक महत्त्वपूर्ण तीर्थ मानिएको छ। नेपालका हिमाली जिल्लाहरूमध्ये मुस्ताङ पोखराबाट २५ मिनेटमा जहाजमा, ६-८ घण्टा मोटरमा, ३/४ दिनमा पैदल हिँडेर पुग्न सकिने नजिकको जिल्ला हो । यो गण्डकी प्रदेशको धौलागिरि अञ्चलमा पर्दछ । यसको राजनैतिक प्रशासनिक भौगोलिक सीमा पूर्वमा मनाङ, पश्चिममा डोल्पा, उत्तरमा लो-घेकर-दामोदर र दक्षिणमा घरपभ्फोङसँग जोडिएको छ । भूबनोटका दृष्टिले मुक्तिनाथलाई हिमाली, भोट तथा लेकाली भाग गरी २ भागमा विभाजन गर्न सकिन्छ ।

३.१ हिमाली भाग

मुक्तिक्षेत्र गाउँपालिका तथा मुक्तितीर्थ रहेको भूखण्डमा १६००० फिटको हिमरेखाभन्दा माथि मुक्तिनाथ हिमाल थो-रङला भन्ज्याङ, शेषनाग पर्वत मुक्तिपर्वत र दक्षिणमा नीलगिरिसम्म फैलिएको र जोडिएका हिम-श्रृङ्खलाहरू छन् । जहाँ बाह्रै महिना हिमपात हुने भूभाग-देखि वर्षायामका ४/५ महिना हिउँ पग्लेर काला वनस्पतिशून्य पहाडहरू पनि छन् । यही भूखण्डमा रहेका हिमाल तथा कुण्डहरूको जल भित्रभित्रै बगेर मुक्तिनाथमा मूल फुटेर निस्कन्छ ।

३.२ भोट तथा लेकाली भाग

सामान्यतया मुस्ताङ उपल्लो मुक्तिक्षेत्रको औसत उचाइ ३४१५ मिटर अर्थात् ११२०० फिट छ। १६००० फिटसम्मको हिमरेखाभन्दा तल पर्ने भूभाग पनि यहाँ छन् । मुक्तिनाथ मन्दिर रहेको ठाउँ मुक्तितीर्थ १३००० फिटको उचाइमा रहेको छ। यो मुक्तिनाथ हिमाल र शेषनाग पहाड मुक्तिनाथ पूर्वबाट पश्चिम फर्किएर बसेको पूर्वतिर अग्ला हिमाल पहाड र अरू ३ दिशामा होचा पहाडहरूले घेरिएको सिंहासन आकारको सुन्दर हिमाली उपत्यका

हो । मुस्ताङका अधिकांश बस्तीहरू खेतीयोग्य जमिनहरू कालीगण्डकीको साँधुरो उपत्यकामा छन् भने मुक्तिनाथ कृष्णगण्डकीको तटवर्ती कागवेणीबाट १०/११ किलोमिटर पूर्वसम्म पसारिएको सरल र रमाइलो उपत्यका हो ।

भौगर्भिक दृष्टिले प्राचीन जुरासिक युग तथा दुई करोड साठी लाख वर्ष पहिले उपल्लो मुक्तिक्षेत्र मुस्ताङ तथा मुक्तिनाथ क्षेत्र टेथिस सागरभित्र डुबेका थिए । बिस्तारै चट्टानहरू उठ्दै चुलिँदै जाने प्राकृतिक घटनाका क्रममा यस क्षेत्रका हिमाल पहाडहरू बनेका हुन् । त्यसै युगमा यो मुक्तिक्षेत्र शालग्राम क्षेत्र वा मुस्ताङको उत्पत्ति भएको हो (दाहाल, २०४५, पृ.३६) ।

४. मुक्तिनाथको प्राचीनता

कम्तीमा पनि मुक्तिक्षेत्रको इतिहास र प्राचीनता ३००० वर्ष लामो रहेको मान्न सकिन्छ । अधिकांश पुराणहरूको रचनाकाल गुप्त साम्राज्यको समय (छैठौं श. तिर) मानिन्छ । यस आधारमा मुक्तिनाथको प्राचीनता २०००-३००० वर्ष सम्मको रहेको उल्लेख छ । (दाहाल, २०४५, पृ. ३४-३५) ।

यस तीर्थमा रहेका पातालकुण्ड अग्निज्वाला मुक्तिपर्वतको फेदीबाट एक्कासि निस्किएको जलप्रवाह तथा यस क्षेत्रमा पाइने शालग्रामको अस्तित्व मुक्तिक्षेत्रका हिमाल-पहाडको उत्पत्ति युगदेखि नै रहेको विश्वास गर्न सकिन्छ । सात करोड वर्ष पहिले प्राचीन जुरासिक युगमा यी पहाडहरू 'टेथिस' सागरभित्र थिए । पृथ्वीमा प्राकृतिक-भौगर्भिक उथलपुथल हुने क्रममा सागरभित्रका चट्टानहरू उठ्दै चुलिएर यस क्षेत्रका हिमालय तथा पर्वत श्रृङ्खलाहरू बनेका हुन् । तसर्थ पृथ्वीका अरूभूभागको तुलनामा यस भूखण्डको आयु दुई करोड साठी लाख वर्षको मात्र रहेको छ ।

प्रारम्भमा जलप्रवाह जलकुण्ड, ज्वाला, शालग्रामलाई दैविक शक्ति मानेर श्रद्धा आदर गर्दै यस क्षेत्रलाई देवभूमि मुक्तिक्षेत्रका रूपमा प्रचार गर्ने काम भारतीय तपस्वीहरूले गरेका थिए । पछि यहाँ बस्ती बसाउन आउने मंगोल-जनजातिले पनि आफ्नो ढंगले समाजमा फैलाए ।

रामायणको रामाश्वमेध काण्डमा भारतीय तपस्वीहरू यहाँ आउँदा भिल्ल जातिहरूले प्राकृतिक ज्वालालाई दैवी शक्तिको रूपमा उपासना

गर्ने गरेको उल्लेख हुनुले भिल्ल र तपस्वीहरूको भूमिका रहेको पुष्टि हुन्छ । अनेक हिन्दूदेव-देवीहरूले नित्यनिवास गरेको मुक्ति पाइने क्षेत्रका रूपमा र भिल्लहरूले (बुद्धधर्म लिनु अघि) आदि शक्ति (सुपर नेचरल पावर) मानेका हुनुपर्दछ भने तिब्बतमा बुद्ध धर्मको प्रचार भएपछि तिब्बतीमूलका स्थानीय जनजातिहरूले त्यस दैविक स्थललाई अवलोकितेश्वर (चेन-रे-शिग) वा तान्त्रिक गुरु पद्मसम्भवको कर्म तथा निवासभूमिका रूपमा मान्न थालेको पाइन्छ (पूर्ववत् पृ.३६-३७) । ऐतिहासिक स्रोतका आधारमा यस तीर्थस्थलको उल्लेख तिब्बती स्रोतमा पाइन्छ । तिब्बती मूलका स्थानीयहरू मुक्तिज्वालालाई छु-ल-मे-वर (पानीबाट आगो वल्ने) द्वो-ल-मे-वर (ढुङ्गाबाट आगो वल्ने) सा-ल-मे-वर (माटोबाट आगो बल्ने) भन्दछन् ।

हिन्दूशास्त्रहरूमा मुक्तिक्षेत्रको महत्त्वको चर्चा पहिलेदेखि भएपनि प्राकृतिक कठिनाइका कारण मुक्तितीर्थ र आसपासका क्षेत्रमा भौतिक क्रियाकलाप भने स्थानीय जनजातिबाट भएको पाइन्छ । ज्वालाजीमाथि गोन्पा बन्नु, मुक्तिनाथ मन्दिरमा समेत ज्योमो लामाहरूको प्रभाव र अधिकार रहनु यसको प्रमाण हो । मुक्तिनाथको मूर्तिको शैलीमा समेत बौद्धमूर्तिको लक्षण स्पष्ट झल्कन्छन् । अझ मुक्तिनाथको मूर्तिको ४ हातमा आयुधहरू शङ्ख, चक्र, गदा, पद्म छैनन् । श्रीभूदेवीका मूर्ति, बौद्धताराका मूर्तिजस्ता देखिन्छन् । यसरी ऐतिहासिक दृष्टिले हेर्दा बौद्धमार्गीको सान्निध्य र प्रभाव बढी देखिन्छ । मध्यकालको पूर्वार्धदेखि भारतीय मैदानमा मुगल प्रभाव बढ्न थाले पछि हिन्दू/ बौद्ध पण्डितहरू र शासकहरूसमेत धर्म र अस्तित्व जोगाउन हिमालतर्फ प्रवेश गरेको पाइन्छ । फलतः त्यस युगदेखि हिमवत्खण्डका तीर्थस्थलहरूको ख्याति अझ बढेको देखिन्छ ।

१२ औ देखि १५ औं श.सम्म कर्णाली प्रदेशलाई केन्द्र वा राजधानी बनाएर पूर्वमा गोरखा - काठमाडौंसम्म र पश्चिममा कुमाउँगाउँ गढवालसम्म साम्राज्य विस्तार गर्ने या. चे. खस साम्राज्यका खसमल्ल नरेशहरूको राज्यभित्र मुक्तिक्षेत्र मुक्तिनाथ तीर्थ र पश्चिममा कालीपारको बद्रीनाथ तीर्थ पनि पर्दथ्यो । आफ्नो अधीनमा रहेका बेला हिन्दू खस मल्ल

राजाहरूले मुक्तिनाथ र बद्रीनाथमा धार्मिक संरचना बनाउने सेवा सहयोग पुऱ्याउने भक्तिश्रद्धा प्रकट गर्ने काम गरेको पाइन्छ। पछि सिंजाली खसमल्लकै वंशज जुम्लीराजाको अधीनस्थ इलाकाभित्र परेपछि जुम्लीहरूले पनि आफ्ना पुर्खाहरूले जस्तै बद्रीनाथ र मुक्तिनाथलाई इष्टदेव मान्दथे। जुम्ली राजाका स्याहामोहरका शीर्षभागमा **श्री बद्रीनाथो जयति, श्री मुक्तिनाथः सहाय** भन्ने लेखिएको पाइन्छ। सिंजा साम्राज्यको विघटन (१५ औं श.) पछि उदाएका कुनै न कुनै रूपमा खस मल्लसँग सम्बद्ध पर्वते मल्ल राजाहरूले पनि **कृष्णगण्डकीमाहात्म्य, कृष्णप्रभामाहात्म्य (कृष्णाभामाहात्म्य) बदरीकाश्रममाहात्म्य** लेखेर मुक्तिनाथ दर्शनमा जाने तीर्थयात्रीहरूको खानपान बास आदिको उचित व्यवस्था गरेर, मुक्तिक्षेत्रमा धार्मिक नियम स्थितिहरू बाँध्ने मुक्तिक्षेत्र कृष्णगण्डकीको ख्याति फैलाउने काम गरेको देखिन्छ। यसमा नारायण शाह, मलेवम शाह, शाहवम, कीर्तिवम मल्लजस्ता राजाहरूको नाम उल्लेखनीय रहेको छ (पूर्ववत् पृ.२६-२७)।

पौराणिक कालपछि मुक्तिक्षेत्रअन्तर्गतको यस तीर्थस्थललाई **श्री मुक्तिनाथः सहाय** भनेर मुक्तिनाथ नामकरण गर्ने ऐतिहासिक प्रमाणहरू जुम्ली राजाका स्याहामोहरले नै जुटाएका हुन्। अधिकांश प्राचीन-अर्वाचीन समयमा प्राप्त लिखित स्रोतहरूले मुक्तिक्षेत्र शब्दको प्रयोग गरिरहेको पृष्ठभूमिमा जुम्लीहरूले मुक्तिनाथ भनेर किन सम्बोधन गरे ? यसको उत्तर खोज्दा के भन्न सकिन्छ भने जुम्लीको शासन कालसम्ममा कर्णाली प्रदेशका खस मल्ल राजाहरूले अथवा अरू कसैले मुक्तितीर्थमा मुक्तिनाथको मूर्ति स्थापना र प्रतिष्ठा गरी कुनै न कुनै किसिमको देवालयको रूप दिई सकिएको थियो तर मुक्तिनाथको अहिले भैराखेको जुन तामाको चतुर्बाहु मूर्ति र अगल बगलमा श्री देवी-भूदेवीका मूर्तिहरू छन्। तिनीहरूको निर्माणकाल १६ औं १७ औं शताब्दी मान्न सकिन्छ।

५. मुक्तिनाथका दर्शनीय स्थलहरू

मुक्तिनाथको धार्मिक महत्त्वलाई प्रकाशित गर्ने विभिन्न कुराहरू छन् । जसलाई सङ्क्षेपमा उल्लेख गर्नु सान्दर्भिक हुनेछ -

५.१. अग्निज्वाला

मुक्तिनाथ मन्दिर रहेको ठाउँदेखि करिब डेढसय मिटरको दूरीमा दक्षिणपट्टि ढुङ्गैढुङ्गाको ढाँडमा प्राकृतिक अग्निज्वाला आफै बलिरहेको छ। पानीमाथि बलेको जलज्वालाको आकार हिउँदमा भन्दा वर्षायाममा अझ बढेर ठूलो हुन्छ। पहिले २०३६-३९ सालसम्म पङ्क्तिकारले देख्दा ४ ठाउँमा बल्ने ज्वाला अहिले ३ ठाउँमा मात्र बलेको देखिन्छ। ढोका खोलेको बेलामा ज्वाला निम्न पनि सक्छन् । झुमाहरूले सलाई/दियालो आदि बालेर छोइदिँदा ह्वार्र्रै बोल्छ । थाकखोला र यस क्षेत्रका गुरुङ, थकालीहरूको दाह संस्कार गर्दा यहींबाट आगो लैजाने चलन छ ।

घुम्दै फिर्दै पहिलो पटक यहाँ आइपुग्दा सबैभन्दा पहिला ऋषि, मुनि, तपस्वीले हिमालको काखमा माघको ठण्डीमा पनि आगो बलिरहेको देखेपछि आश्चर्यचकित भएका तिनका संस्कृत वाणीमा एक्कासि **अग्निमीले पुरोहितम्...अग्निर्देवता अग्निर्ज्योति**जस्ता अग्निसूक्तहरू उद्गार बनेर प्रकट भए । बिस्तारै मुक्तितीर्थको महिमा चारैतिर फैलियो । फलतः प्राकृत-अग्निज्वालाई हेर्न सबैतिरबाट यात्रीहरू आउन थाले । यसरी मुक्तितीर्थको धार्मिक महत्त्वलाई स्थापित गर्ने महत्त्वपूर्ण आधार अग्निज्वला पनि हो ।

५.२.शालग्राम शिला

शालग्रामलाई भूगर्भशास्त्रीहरूले हिमालको उत्पत्ति भएको क्रममा टेथिस समुदायका जीवहरू शालग्राम (फोसिल/जीवावशेष) बन्न पुगेका हुन् भन्ने मान्दछन् (पूर्ववत् पृ. १५)। तर धर्मप्रमाण आस्तिक हिन्दूहरू शालग्रामलाई मूलतः भगवान् विष्णु र उनका अवतार एवम् सबै देवताका स्वरूप मानेर पूजा गर्दछन् । शालग्राम शिलाको मन्त्राभिषिक्त जलामृत तीर्थ सधैं ग्रहण गर्दछन् । शास्त्रले निर्दिष्ट गरेका शालग्रामसम्बन्धी मान्यतालाई मानेर चल्नु आफ्नो कर्तव्य र जीवनको अङ्ग ठान्दछन् । यसरी विष्णु र देवताहरूको

नित्य निवासस्थल मुक्तिनाथको धार्मिक महत्त्वलाई शालग्रामशिलाले शिखरमा पुऱ्याएका छन् । शास्त्रहरूमा शालग्रामविनाको घर, तीर्थ, देवालय र यज्ञ निष्फल हुन्छन् भनिएको छ । पुराणहरूमा कुनै ठाउँमा शालग्रामको सानो टुक्रा मात्र छ भने पनि त्यस वरिपरिको भूमि पवित्र हुन्छ भनी उल्लेख गरिएको पाइन्छ । शालग्राममा भगवान् विष्णुका सबै अवतार भेटिन्छन् । सबै देवताहरू शालग्राम बनेर मुक्तिक्षेत्रमा निवास गर्दछन् । चक्राङ्कित जति विष्णुका रूप र चक्ररहित शालग्राम शिवका रूप मानिन्छन् । मुक्तिक्षेत्रमा दुईथरी शालग्राम पाइन्छन् । गण्डकीक्षेत्रका खस्रा सिन्दूरे रङ्गका शालग्राम र दामोदरकुण्ड, नरसिंह खोला, शालग्राम पर्वत तथा कृष्णाका तटमा पाइने स्निग्ध एवम् प्रायः कृष्ण रङ्का शालग्राम। यो क्षेत्र सिङ्गै शालग्राममय भएकाले पनि मुक्तिनाथको धार्मिक महत्त्व बढेको हो ।

५.३ कृष्णगण्डकी

गण्डक ऋषिको तपबाट प्रसन्न भएकी जलदेवी पार्वतीका गालाबाट निस्केको पसिना सप्तगण्डकी भएर बगे भन्ने पौराणिक मान्यता छ । ती गणडकीहरूमा कृष्णगण्डकीको महत्त्व सर्वोपरि छ । कृष्णगण्डकीको उद्गम स्थल मुक्तिनाथको पृष्ठभागमा रहेको मुक्तिपर्वतको काख अर्थात् मुक्तिनाथ तीर्थ हो भने कृष्णाभाको उद्गमस्थल मुक्तिक्षेत्रको उत्तरमा पर्ने मुस्ताङ भोट हो । बाटामा भेटिएका न्हूप्छू, सारछू, दमखोला, दामोदरबाट बग्दै आएको जलप्रवाह क्युगोमा नरसिंह खोलालाई आफूमा समाहित गर्दै आएको कृष्णासँग मुक्तिनाथबाट आएको गण्डकी कागबेनीमा मिसिएपछि कालीगण्डकीले पूर्णता पाउँछ । पार्वतीका गालाका पसिनाबाट निस्कनु, मुक्तिनाथतीर्थ नै उद्गमस्थल हुनु, शालग्राम गर्भाका रूपमा प्रसिद्ध रहनु, यही गण्डकीमा जलरूप विष्णुको उत्पत्ति हुनु जस्ता कारणले कृष्णगण्डकीको ठूलो धार्मिक महत्त्व छ। पुराणहरूमा गण्डकीलाई विष्णु तथा शालग्रामसँग जोडेर हेरिएको छ । यहीं गण्डकीका तटवर्ती क्षेत्र तथा नदीसङ्गममा अनेक पुण्यतीर्थहरू छन् । मुक्तिनाथलाई धार्मिक दृष्टिले महान् बनाउनुमा यहाँका मठ मन्दिर, देवताका मूर्ति, शालग्रामशिला, १०८ धारा आदिको पनि महत्त्वपूर्ण भूमिका रहेको छ ।

५.४. मुक्तिनाथ मन्दिर

मुक्तिनाथको धार्मिक सांस्कृतिक महत्त्वलाई माथि उठाउने अर्को आधार मुक्तिनाथ मन्दिर हो । झण्डै ९९ प्रतिशत धार्मिक यात्रीहरू मुक्तिनाथ भगवान्‌को दर्शन गर्न आउँछन् । मुक्तिनाथको मन्दिर नै यहाँको मुख्य मन्दिर हो । यहाँ धार्मिक स्थानको निर्माण नहुँदै यस तीर्थमा आउने यात्रीहरूको उपासनाको मुख्य केन्द्र प्राकृतिक अग्निज्वालामात्रै थियो भनिन्छ । वि.सं.१८५५ मा रणबहादुर शाहको शासनकालमा ब्राह्मण पुजारी नियुक्त गरी शास्त्रीय विधिले पूजा हुन थालेपछि पूजा-श्राद्ध-दान दक्षिणा गर्दा ब्राह्मण चाहिने हिन्दू यात्रीहरूको बढी चासो र गन्तव्यको मुख्य केन्द्र मुक्तिनाथको प्रतीकका रूपमा रहेको चतुर्बाहु मूर्तिभएको मन्दिर बन्न थालेको देखिन्छ । यस ठाउँमा २०२०/२१ सालतिर १०८ तामाका गौमुखी धारा र २ वटा स्नान कुण्डको निर्माण गरियो । मुक्तिनाथ मन्दिर नै यस तीर्थको हृदयकेन्द्र जस्तै बन्दै गयो । पछिल्लो समयमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको अगमनले पनि यसको महत्त्वलाई बढाएको छ । किनकि मोदीको मुक्तिक्षेत्रमा आगमन भए पछि विश्वमा मुक्तिनाथको महत्त्व अझै प्रसारित भएको छ । उनको आगमन पछि यहाँ भारतीय तीर्थयात्रीहरूको ओइरो लागेको छ ।

५.५.पाताल गङ्गा

मुक्तिनाथ तीर्थको महत्त्व स्थापित हुनुमा पातालगङ्गाको पनि भूमिका छ । मुक्तिनाथका दर्शनीय-पूजनीय स्थलमध्ये यो पनि एक हो । यो मुक्तिनाथ मन्दिर र अग्निज्वालाबाट १०० मिटर उत्तर दक्षिणको बीचमा पर्दछ । यहाँ जस्तापाताले छाएको एकतले मन्दिर छ । यसैको भित्री गर्भमा हिउँदमा पानीको मात्रा कम हुँदा कम सुनिने र गर्मीमा हिउँ पग्लेर पानीको मात्रा अधिक हुँदा ठूलो आवाजमा सुसाएको सुनिने पाताल गङ्गा प्रवाहित भएको छ । जहाँ वर्षायाममा छाल उर्लंदा पानी छचल्किएर बाहिर निस्केको देखिन्छ । यसको पृष्ठभागमा शेषनाग पहाड (मुक्तिपर्वत) छ । ठूलै नदी वा खोलो सुसाएको जस्तो आवाज सुनिने बाहिर

नदेखिने, कहाँ निस्कन्छ भन्ने थाहा नपाइने पाताल गङ्गा एउटा उत्सुकता र रहस्यको विषय बनेको छ। भेटिन्छ कि भनेर एकपटक खन्ने प्रयास गरियो जहाँ खनिएको थियो त्यहाँ थोरै मात्र पानी भेटियो। अहिले त्यही ठाउँमा मन्दिरको सानो स्वरूप बनाइएको छ। आर्ष ग्रन्थहरूमा यस प्रकारको जलप्रवाहलाई स्वर्गङ्गा, वियद्गङ्गा, लुप्तगङ्गा, सरस्वती नदीजस्ता नामबाट सङ्केत गरिएको पाइन्छ। मुक्तिनाथ आउने पर्यटक तीर्थयात्रीका लागि पाताल गङ्गा अवलोकनीय रहस्यमय बन्दै आएको छ।

५.६. शिव मन्दिर

शिव मन्दिर वि.सं.१९९०/९५ तिर रेसुङ्गा महाप्रभुद्वारा टुकुचेका मोहनमान शेरचनको सहयोगमा निर्माण गरिएको हो। यहाँ शिव पार्वतीको सङ्गमर्मरको २ वटा मूर्ति राखिएको छ। ४ सुरमा बद्री, केदार, जगन्नाथ, रामेश्वरका मूर्ति र शिवलिङ्ग स्थापना गरिएका छन्। यसरी नै मुक्तितीर्थमा १०८ धारा, २ जलकुण्ड, १ ऋतुस्तम्भ, मुहानमा कुरुक्षेत्र नामको लाम्चो पोखरी, ३ वटा बौद्ध गुम्बा र बुद्धमूर्तिहरू छन्। यी सबैले कुनै न कुनै रूपमा यसको धार्मिक महत्त्वलाई प्रकाशित गर्दै आएका छन्।

६. पौराणिक सन्दर्भ

श्रीमद्भागवत्महापुराण, ब्रह्माण्डपुराण, पद्मपुराण, अग्निपुराण, नृसिंहपुराण, गरुडपुराण, वामनपुराण, ब्रह्मपुराण र मनुस्मृति आदि स्मृतिग्रन्थ एवम् वैखानस संहिताहरूमा मुक्तिक्षेत्र र गण्डकीसँग सम्बन्धित शालग्रामका लक्षणहरूको विषयमा चर्चा गरिएको पाइन्छ।

प्राचीन कालमा ब्रह्माजीले कठोर तप गरी जलमा अग्निको आवाहन गरेर पायसद्वारा हवन गरेको कुरालाई विभिन्न पुराणहरूले व्यक्त गरेका छन्। जल र अग्निका बीच सहज वैरभाव भए पनि मुक्तिक्षेत्रमा दुवै वस्तु एकाकार भएर रहेको देख्न पाइन्छ। यस क्षेत्रमा ब्रह्मादि देवताहरू क्रमशः होता, जल अग्नि, हवि र भोक्ता भएर रहनुका साथै अग्नि स्वरूपमा शिव र जलरूपमा वराह-विष्णु दुवै मुक्तिदाता भएर नित्य निवास गरेको हुँदा यसको नाम मुक्तिक्षेत्र रहन गएको पौराणिक कथन छ -

मुक्तिभूभृन्मध्यभागे धात्रा तप्तं पुरा मुने ।
समावाह्य जले वह्निं हुतवाँस्तत्र हव्यकम् ।।
तयोर्वैरोऽपि चात्यन्तं कृशानुजलयोर्मिथः ।
तदादिश्चैकदेहं तौ तदाश्रित्य प्रतिष्ठितौ ।।
देवास्तत्र समागत्य गृह्णन्तिस्म हविर्मुदा ।
पञ्चामृताक्तहव्यानि ज्वलन्तो वह्निविग्रहैः ।।
ब्रह्मादयः सुरास्तत्र सर्वे तिष्ठन्ति कुम्भज !
हविर्भुजस्त्रयो देवा जलाग्निमूर्तयः सदा ।।
विष्णुमूर्ति जलं विद्याद्रुद्रमूर्ति तथानलम् ।
आवाह्य तौ तयोर्ब्रह्मा हुतवान् घृतपायसम् ।।
दिगीशाश्चैव भोक्तारः पुरुहूतमुखामुने ।
यत्र देवमये हव्यं तत्र वै ब्रह्मशासनात् ॥

(मुक्तिक्षेत्रमाहात्म्य पृ. २६-२८ श्लो. ३-८) ।

यसरी ब्रह्माजीले प्राणी मात्रको कल्याणार्थ यज्ञ गरेको स्थान भएकोले यो ठाउँ मुक्तिक्षेत्र नामले प्रसिद्ध भएको हो । यहाँ भगवान् शिव अग्निका रूपमा र विष्णु जलका रूपमा प्रत्यक्ष देखिनुहुन्छ भने ब्रह्मा स्वयं होताका रूपमा रहेका हुनाले यसको महिमा वर्णनातीत भएको सन्दर्भ उल्लिखित छ -

मुक्तिहेतोः कृतो यज्ञो ब्राह्मणाऽसुभृतां परः ।
मुक्तिक्षेत्रमिति ख्यातस्तस्माल्लोके घटोद्भवः ।।
प्रत्यक्षं यत्र रुद्रासावग्निमूर्तिस्तथापरः।
विष्णुरमृतमूर्तिश्च होतारस्तत्र किं पुनः।।(पूर्ववत् पृ. २९श्लो. १०, ११)।

देव, ऋषि, यक्ष, गन्धर्व, किन्नर, अप्सराहरू पशुपंक्षी, कीटपतङ्ग, जलजन्तु, वृक्ष, पत्थर, शिला र नदीको रूप लिएर मुक्तिक्षेत्रमा नित्य निवास गर्दछन् । यहाँ हवनशेष पायसको पहाड रुद्रभागका रूपमा विद्यमान छ । त्यस पायस रूप प्रसाद माटो बनिसकेकोलाई आज पनि भक्तहरूले ग्रहण गर्दछन् । यहाँ ढुङ्गामा माटो र पानीबाट आगो बलिरहेको छ । जसलाई लोकजीवनमा पातालगङ्गा भनिन्छ । शालग्राम पर्वत, सोमेश्वर पहाड र

मुक्तिक्षेत्रको दर्शन मात्रले मानवलाई मुक्ति मिल्दछ भन्ने कुरा यसरी वर्णन गरिएको छ -

शालग्रामगिरिः, विष्णुरहं सोमेश्वराभिधः ।

तयोः पर्वतयोर्या वै शिला विष्णुशिवाभिधाः(वाराहपुराण १४४/२९) ।

वाराहपुराणले यस क्षेत्रलाई पृथ्वीतलकै अलौकिक र उत्तम मुक्तिक्षेत्र हो भन्ने प्रसङ्ग अगाडि सारेको छ -

मुक्तिक्षेत्रमिदं देव दर्शनादेव मुक्तिदम् ॥

गण्डस्वेदोद्भवा यत्र गण्डकी सरितां वरा । (पूर्ववत् १४४/१०६) ।

यही मुक्तिक्षेत्रमा भगवान् सालङ्कायन स्वयं वृक्ष बनेर रहेको कुरा वाराहापुराणमै उल्लेख छ -

शालग्राममिति ख्यातं तन्निबोध मुने शुभम् ।

योऽयं वृक्षत्वया दृष्टः सोऽहमेव न संशयः।।

एवं तस्मै वरं दत्वा सालंकायनकाय वै ।

पश्यतस्तस्य वसुधे तत्रैवान्तर्हितोऽभवम् ।।

(वाराहपुराण १४५/२८, ३०) ।

शालग्रामक्षेत्रलाई हरिहर क्षेत्रका रूपमा अर्थ्याउदै यस भूमिमा देहत्याग गर्नाले प्राणीले मुक्ति पाउँछ भन्ने कुरा व्यक्त गरिएको छ -

एवमेतन्महाभागे क्षेत्रं हरिहरात्मकम् ।

मृता येऽत्र गतिं यान्ति मम कर्मानुसारिणः।।

मुक्तिक्षेत्रं प्रथमतो रुरुखण्डं ततःपरम् ।

संभेदो देवनद्योश्च त्रिवेणी च ततः परम् ।।

(वाराहपुराण १४५/१०४, ५) ।

वाराहपुराणमा मुक्तिक्षेत्र शालग्रामक्षेत्र, हरिहर, कालञ्जर, दामोदरकुण्ड, कृष्णगण्डकी, सोमेश्वर शिवलिङ्ग आदिको वर्णन छ। स्कन्दपुराणको हिमवत् खण्डमा व्यापक रूपमा मुक्तिक्षेत्रको उल्लेख गरिएको पाइन्छ ।

यसरी नै रामायणको उत्तरकाण्डमा काकभुसुण्डीको वृतान्त वर्णन छ । त्यहीं रामाश्वमेधकाण्डमा पनि भगवान् राम शालग्राम क्षेत्रमा तीर्थ

गर्न आउनु भएको एवम् अश्वमेधयज्ञमा छोडिएको रामको घोडा नीलगिरि आइपुगेको वर्णन छ । उल्लिखित पुराणहरूका आशयहरूलाई समेट्दै योगी नरहरिनाथले मुक्तिनाथको सन्दर्भलाई यसरी उल्लेख गरेका छन् -

नरसिंहनदी यत्र नरसिंहावतारिणी ।
नरसिंहगुहा भव्या प्रह्लादाह्लादकारिणी ।।
हिरण्यकशिपुं हत्वा दत्वा मुक्तिं नृसिंहकः ।
मुक्तिनाथाख्यया तस्थौ मुक्तिगङ्गोद्गमे गिरौ ।।
हिमालस्य शुभे भाले हिमशुभ्रेऽतिपावने ।
जलगर्भस्थलोत्थाने सर्गादौ भर्गभाषिते ।।
ऋग्वेदविदिता एता अग्निमीले पुरोहितम् ।
जलज्वाला स्थलज्वाला शिलाज्वाला समुत्थिताः ।।
जलज्वाला शुक्ला कलयति यतीनां हि कुशलं
स्थलज्वाला पीता परिहरति पापं हि गृहिणाम् ।
शिलाज्वाला नीला निखिल-जन-जाड्यं हरति हि
त्रिधा ज्योर्तिलिङ्गे त्रिगुणमयमुद्धर्तुमुदितम् ।।
भुक्ति-मुक्ति प्रदे पुण्ये मुक्तिनाथस्य धामनि ।
भुमाख्या ब्रह्मचारिण्यो ज्वाला-प्रथम-दर्शनाः।।
अखण्डितव्रताः पूजां यत्र द्वादश-मासिकीम् ।
कुर्वन्त्यन्ये चैत्रमासात् कार्त्तिकावधि कुर्वते ।।

(योगी , २०३८, पृ. ५८) ।

७.पूजापरम्परा

मुक्तितीर्थमा रहेका मन्दिरहरूमा वैदिक विधिले पूजा हुन्छ । मुक्तिनाथको गुठी जग्गा रहेको गाउँ म्याग्दी राखुका रामदत्त, विद्यानन्द, कृष्णदत्त, विष्णुदत्त सुवेदीका वंश परम्पराबाटै पूजाआजा चलेको छ । हाल तत्कालीन श्री ५ को सरकारबाट मुख्य पुजारीका रूपमा नियुक्त भइआएका कृष्णदत्त सुवेदीका छोरा मुक्तिनाथ सुवेदी मुख्य पुजारी छन् भने उनकै वंशज (भतिज) कृष्ण सुवेदी सहायक पुजारी छन् । मुक्तिनाथको अक्षयकोषबाट

मालपोत कार्यालयमार्फत प्राप्त हुने पाँच हजार पूजा खर्चबाट सामान खरिद गरी नित्य पूजा सञ्चालन गर्ने गरिएको छ । यहाँ वैदिक तान्त्रिक पद्धतिद्वारा पञ्चोपचार एवम् षोडशोपचारले साँझ बिहान पूजा गरिन्छ । पर्वहरूमा विशेष पूजा गर्ने परम्परा पनि छ । दाउरा महङ्गो भएर पूजा खर्च पर्याप्त नभएका कारण यहाँ नित्य हवन र पक्वान्न नैवैद्य भोग लगाउन सकिएको छैन । २४ घण्टामा एक पटक भगवान्लाई अन्न भोग लगाउनु पर्छ भन्ने शास्त्रवचन भएको हुँदा नित्य हवन र पक्वान्न भोगको व्यवस्था गर्नुपर्ने आवश्यकता देखिन्छ । २०२१ सालभन्दा पहिले चैत्र रामनवमी-देखि कार्तिक शुक्ल पूर्णिमासम्म ७ महिना ७ दिनमात्र नित्य पूजा हुन्थ्यो भने २०२१ सालमा लालमोहरिया पुजारी कृष्णदत्त सुवेदीका पहलमा बाह्रै महिना वैदिक विधिले पूजा सञ्चालन हुँदै आएको छ । पुजारीका लागि छुट्टै पारिश्रमिकको व्यवस्था छैन । तीर्थयात्रीले दिएको दान दक्षिणाको भरमा नित्य पूजा गरेर बस्नुपर्ने अवस्था छ । बौद्ध गुम्बाहरूमा झुमा वा बौद्ध भिक्षुणीहरूले बौद्ध परम्पराले पूजा गर्ने गर्दछन् । मुक्तिनाथ मन्दिरमा अर्पण गरिएको भेटी, चढौती, जिन्सी, नगदीलाई मुक्तिनाथको सर्वाङ्गीण विकासमा उपयोग गर्नु उपयुक्त देखिन्छ ।

मुक्तिनाथ मन्दिर र बौद्ध गुम्बा

मुक्तिनाथमा शास्त्रीय विधिअनुसार पूजा गर्ने परम्परा रणबहादुर शाहको शासन कालदेखि मात्र भएको पाइन्छ । वि.सं.१९६१ मा चौतरिया केशरीजंग पराक्रम शाहले पहिलो ब्राह्मण पुजारीका रूपमा बागलुङका पं.हरि प्रसाद उपाध्यायलाई नियुक्त गरेका थिए । उनीभन्दा पूर्व नित्य नैमित्तिक पूजा

चलाउन ब्राह्मण पण्डित राखेर चतुर्मासा पाठसम्म गर्ने परम्परा चलि आएको थियो ।

८. किंवदन्ती

मुक्तिनाथबारे स्थानीय बूढापाका र झुमा पुजारी लामाहरूले भन्दै आएको किंवदन्ती यस्तो छ -

मुक्तिनाथ जुम्लीराजाका देवता हुन् । उनी त्यहाँबाट अलप भएर मुक्तितीर्थमा आइबसे । आफ्ना इष्टदेवलाई खोज्दै आएका जुम्लीले बोकेर जुम्ला लैजान लागे । खिङ्गासम्म पुऱ्याएर बास बसे । बिहान खोज्दा देखेनन् खोज्दै मुक्तितीर्थ आए अन्तमा मुक्तिनाथमै विराजमान भएको देखे । पुनः बोकेर मूर्तिलाई खिङ्गा गाउँमै पुऱ्याएर बिसाए । फेरि बोकेर हिँड्न खोज्दा अत्यन्त गाह्रो भएर उचाल्नै सकेनन् । भगवान्को मुक्तितीर्थमै बस्ने इच्छा रहेछ भनी बोकेर मुक्तितीर्थमा नै स्थापना गरी जुम्लीहरू फर्किए । तसर्थ आफ्ना इष्टदेवको दर्शन गर्न जुम्लीहरू हरेक वर्ष साउन भदौमा विशेषतः जनैपूर्णिमामा आउने गर्दछन् । १/२ दिन बस्दछन् धार्मिक कार्य सम्पन्न गर्छन र फर्कन्छन् । यो परम्परा आज पनि चलिरहेकै छ ।

यस किंवदन्तीलाई आधार मान्दा मुक्तिनाथको वर्तमान मूर्ति जुम्लीहरूले नै निर्माण गराई स्थापना गराएका थिए भन्ने पुष्टि हुन्छ ।
मुक्तिनाथको वर्तमान नेपाली वास्तु शैलीको (प्यागोडा) मन्दिरको निर्माण वि.सं. १८७१ सालमा भएको र १९८३ सालमा जिर्णोद्धार गरिएको हो । उक्त कुराको प्रमाणका रूपमा दुईवटा अभिलेखहरू प्राप्त छन् -

१. मुक्तिनाथ मन्दिरको दोस्रो तल्लाको छानाको पेटीकामा रहेको अभिलेख ।
२. मन्दिरको मूल ढोकादेखि दक्षिणपट्टि रहेको घण्टामा कुँदिएको अभिलेख ।

यस अघि उक्त ठाउँमा जुम्लीहरूले स्थानीय वास्तु परम्परा अनुरूपको माटोको मुण्डा छानो भएको मन्दिर बनाएका थिए भन्ने स्थानीय मानिसहरूको भनाइ पाइन्छ । वि.सं. १८६३ सालमा रणबहादुर शाहकी माहिली रानी सुवर्णप्रभाले मुक्तिनाथको रानीपौवामा र म्याग्दी राखुको रानिपौवामा ठूलो पौवा (धर्मशाला) बनाई (३० हजार रोपनी भन्दा बढी) जग्गा गुठी राखी मुक्तिनाथ

आउने यात्रीका लागि सदावर्त चलाउनुका साथै आवास र भोजनको व्यवस्था गराएको पाइन्छ ।

९. धार्मिक तथा सांस्कृतिक महत्त्व

व्यक्ति, समुदाय, समाज, सभ्यताका, जन्मदेखि मृत्युसम्मका बाँच्ने कला, गतिविधि, चिन्तन, मूल्य मान्यता, आस्था, विश्वास, बानी, संस्कार, आदि कुराहरू संस्कृति हुन् । परम्पराले, शास्त्रले, व्यवहारले, प्रयोगले, संस्कृतिलाई जीवन्त बनाएका हुन्छन् । यी जनजीवनका जीवनपद्धति पनि हुन् । तीर्थहरू धर्म र संस्कृतिका पोषक हुन् । दुःख शोक, पाप, अपराध, आदिले छट्पटिरहेको, जलिरहेको, क्षुब्ध, चिन्तित र व्यग्र बनिरहेको तन, मन, मष्तिष्क र आत्मालाई सुख, शान्तिमय बनाउन शुद्ध, पवित्र, पार्न तीर्थको महत्त्वपूर्ण भूमिका हुन्छ । तीर्थहरू मन बिसाउने चौतारी हुन्, हाम्रा संस्कृतिका धरोहर हुन् । यिनै मान्यतामा अनुप्राणित हिन्दू समाजले मुक्तिनाथ र यहाँ सम्पन्न गरिने धर्मकर्मलाई सांस्कृतिक महत्त्वका साथ लिने गरेको छ ।

भारतीय तथा नेपाली यात्रीहरू जुनसुकै तीर्थमा जाँदा आफ्ना पितृहरूलाई सम्झन्छन् । यथासम्भव पितृतृप्ति, प्रेतत्वबाट उद्धार, दिवंगत पुर्खाहरूको मुक्तिका निम्ति मुक्तिक्षेत्रका विभिन्न धार्मिक स्थल, नदीहरूको सङ्गम कागवेणी, मुक्तिनाथ पुगेर स्नान, दर्शन, श्राद्ध, ब्राह्मण भोजन, तर्पण, पिण्डदान आदि कार्यहरू गर्दछन् । पुराणहरूमा पितृश्राद्ध र पितृमोक्षको लागि कागवेणी र मुक्तिनाथको ज्यादै ठूलो महत्त्व रहेको उल्लेख गरिएको पाइन्छ । त्यसैले पितृपक्षभरि र औसीका दिन हिन्दू यात्रीहरूको यहाँ घुँइचो लाग्दछ ।

यीबाहेक हरेक महिनाका पवित्र एवम् पुण्यतिथि चाडपर्व, मुहूर्त, पुण्यकालमा र अन्य जुनसुकै दिनमा पनि हिन्दू भक्तहरू मुक्तिनाथको दर्शन, गण्डकीको स्नान, पितृकार्य, देवकार्य गर्न यस तीर्थमा आइरहन्छन् । कोही जीवनमा एक पटक मात्र र केही धेरै पटक पनि मुक्तिनाथमा आउने गरेको पाइन्छ । यस तीर्थमा आएर कतिपयले व्रतबन्ध विवाहजस्ता षोडश संस्कारका कार्यहरू साथै पितृहरूका नाममा एकाह, सप्ताह, चौमास पाठ, रुद्राभिषेक, हवन, ब्राह्मण

भोजन अन्य दानदक्षिणा आदि धार्मिक कृत्यहरू पनि सम्पन्न गर्दछन् । यसरी मुक्तिनाथ वा मुक्तिक्षेत्र हिन्दूहरूका निम्ति ऐहिक र पारलौकिक जीवनको गन्तव्य र सांस्कृतिक महत्त्वको केन्द्र बनेको छ ।

१०.मुक्तिनाथको विकासमा भएका कार्यहरू

मुक्तिनाथधाम पौराणिक, ऐतिहासिक धार्मिक सांस्कृतिक पर्यटन आदिका दृष्टिले लामो इतिहास बोकेको नेपालको सबभन्दा महत्त्वपूर्ण तीर्थस्थल हो । विद्वानूहरूले यसको महत्त्वलाई लेखेर, वर्णन गरेर कुनै न कुनै रूपमा योगदान गरेका छन् । यसको भौतिक विकासमा कर्णाली भेकका माचे खस साम्राज्यका संस्थापक नागवंशी-आदित्यवंशी खसमल्ल नरेश र पर्वत राज्यका मल्ल राजाहरूले मन्दिर मूर्तिको स्थापना गरेर यसको विकासको जग बसालेका थिए । मुक्तिनाथको पूजा-आजा , यात्रीहरूको सेवा सुविधालाई व्यवस्थित गर्न पृथ्वीनारायणका नाती रणबहादुर शाह र यिनकी माहिली महारानी सुवर्णप्रभाले गरेका प्रयास अविस्मरणीय छन् । ३० हजार रोपनीभन्दा बढी कृषियोग्य जग्गा गुठी राखेर राखु र मुक्तिनाथमा विशाल धर्मशालाहरू बनाएर मन्दिरको जीर्णोद्धार गरेर, पुजारी नियुक्त गरेर जे जस्तो नियम बाँधे ती पनि स्मरणीय छन् । यसपछि मुक्तिनाथका यात्री सेवा समिति बनाएर टुकुचेका मोहनमान शेरचन र उनका सन्ततिले धार्मिक संरचना निर्माण गरेको पाइन्छ । रेसुङ्गा महाप्रभुले पूर्वोक्त शेरचन परिवारको सहयोगमा शिवमन्दिर र धर्मशाला बनाउन लगाएको बुझिन्छ ।

मुक्तिनाथ तीर्थको भौतिक संरचनाहरूको निर्माण, पुनर्निर्माण तिनमा समसामयिक परिर्वतन गर्ने कार्यमा मुक्तिनाथ विकास समिति, स्थानीय व्यक्ति तथा जनप्रतिनिधि, एक्याप जस्ता संस्थाहरूको महत्त्वपूर्ण भूमिका रहँदै आएको छ । भारतीय महानायक अमिताभ बच्चनले **खुदा गवाह** फिल्मको सुटिङ् गर्ने सिलसिलामा मुक्तिनाथ दर्शन गर्न आउँदा रानीपौवादेखि मुक्तिनाथसम्म पुग्ने बाटोमा विश्राम स्थल बनाएका छन् । मुक्तिनाथक्षेत्रको विकासमा करिब एक शताब्दी लामो समयसम्म अनेकौं शारीरिक मानसिक दुःख कष्ट सहेर नित्य पूजा आजाका अतिरिक्त यात्रीहरूका समस्या गुनासाहरूलाई सुल्झाउँदै निरन्तर सेवा सहयोग पुर्‍याउने राखु गुठी गाउँका पुजारी कृष्णदत्त, विष्णुदत्त,

यज्ञदत्त सुवेदी (तीन भाइबन्धुहरू) पुला बाँस्बोटका भूमिदत्त ढुङ्गाना (सहायक पुजारी) र लामा, झुमाहरूको महत्त्वपूर्ण भूमिका रहेको छ। मुक्तिनाथलाई हराभरा बनाउन वृक्षारोपण अभियान चलाउने पर्खाल निर्माण गरेर परिसरलाई सुरक्षित राख्ने काममा स्थानीय सेरप गुरुङको प्रयास पनि प्रशंसनीय देखिन्छ। साधु, सन्त, महन्तहरूले पनि यस तीर्थको विकासमा इट्टा थपेका छन्। विकास र यहाँ दर्शन गर्न आउने तीर्थयात्री साधु,सन्त,भक्तहरूको सेवा, सुविधाका लागि श्रीधराचार्य र कमलनयनाचार्य स्वामीजीहरूले गरेका कार्य उल्लेख्य छन्। षडाचार्य स्वामी श्रीधराचार्य त्यागी सन्त विद्वान् हुनुहुन्थ्यो। उँहाले मुक्तिनाथको रानीपौवा धर्मशाला र मुक्तिनाथ जाने पैदलमार्गका बास बस्नुपर्ने ठाउँहरूमा अन्नदान क्षेत्रको व्यवस्था गरेको पाइन्छ ।

श्रीधर स्वामीजीले प्रारम्भ गरेका कार्यहरूलाई निरन्तरता दिँदै मुक्तिनाथको विकासमा आफूलाई केन्द्रित गर्ने काम उहाँकै उत्तराधिकारी स्वामी कमलनयनाचार्य (मुक्तिनाथबाबा) ले गर्नुभएको छ। २०५५-५६ सालदेखि स्वामीजीको पहल र प्रयासमा मुक्तिनाथ महोत्सव हुँदै आएको छ। यस अवसरमा ४ वेद १८ पुराण १०८ उपनिषद्, गीता, विष्णुसहस्रनामजस्ता धार्मिक ग्रन्थहरूको पाठपारायण विशेष पूजा आजा हवन, यस तीर्थको चर्चा परिचर्चा , गोष्ठी, मोहत्सव, आदि कार्यहरू सम्पन्न हुँदै आएका छन्। भारतका विभिन्न ठाउँमा आयोजाना गरिने कुम्भमेलामा पनि उँहाको नेतृत्वमा मुक्तिनाथ धार्मिक महोत्सवको आयोजना गरेको बुझिन्छ। स्वामी कमलनयनाचार्यकै पहलमा मुक्तिनाथ परिसरमा अग्निशालाको निर्माण गरिएको छ। जहाँ अहिले पर्व-पर्वमा हवनादि, यज्ञादि कार्यहरू हुँदै आएका छन्। यसै गरी श्रीधरस्वामीजीबाट सञ्चालन गरिएको सदावर्तलाई अहिले थप व्यवस्थित गरी सञ्चालन गरिएको छ भने स्वामी कमलनयनाचार्यकै अग्रसरतामा कागबेनीमा **कालीगण्डकी माताको मन्दिर** पनि निर्माण भएको छ। त्यहाँ १६ श्राद्धभरि जप पाठ हवनादिसहित पितृहरूलाई श्राद्ध तर्पण ब्राह्मण भोजन गर्ने व्यवस्था गरिएको छ। यसरी विगत २५ वर्षदेखि स्वामी कमलनयनाचार्यबाट मुक्तिनाथको बहुआयामिक विकासमा ठूलो योगदान पुगेको छ।

११.वर्तमान अवस्था

मुक्तिक्षेत्रमा मुक्तिदाता भगवान् विष्णु र शिव पार्वतीका २ वटा प्यागोडा शैलीका मन्दिरहरू छन् । शिव मन्दिरको चार सुरमा भारतका चार क्षेत्रका जगन्नाथ, बद्रीनाथ, केदारनाथ र रामेश्वरम्का मूर्ति र शिवलिङ्ग स्थापना गरिएको छ । यहीँ एकतले ४ वटा मठहरू, हवन कुण्ड र भण्डारका लागि २ वटा कोठाहरू, तामाबाट निर्मित १०८ गौमुखी धाराहरू, ऋतुस्तम्भ पाताल गङ्गाको प्रतीक एकतले सानो मठ, नरसिंहगुम्बा, ज्वालाजी, साङ्दो गोन्पा गरी ३ वटा नवनिर्मित गुम्बाहरू छन् । झुमा र पुजारीका कामचलाउ आवासहरू छन् । पाताल गङ्गाको नजिकै ज्वालाजी जाने मार्गमा ३०३१ फिटको बुद्धमूर्ति स्थापना गरिएको छ । मुक्तिनाथ परिसरलाई वरिपरिबाट पर्खालले घेरिएको छ । यहाँका कतिपय संरचनाहरूलाई भत्काउनु पर्ने, सार्नुपर्ने, मिलाउनुपर्ने देखिन्छ । हाल यहाँ २ जना पुजारी (म्याग्दी राखुगुठी गाउँका कृष्ण सुवेदी र रविन सुवेदी) छन् । ३ वटा बुद्ध गुम्बामा १ महिनामा २ जना बस्ने गरी ६ वटा झुमाहरूले पालै पालो गुम्बा कुर्ने र पूजा गर्ने परम्परा छ भने मुक्तिनाथ मन्दिरमा १ वर्षमा फेरिने गरी ३ वटी झुमाहरूको पालो बाँधिएको हुन्छ । यी झुमाहरू झारकोट र खिङ्गा गाउँका परिवारका माहिली अविवाहित छोरीहरू हुन् । यिनीहरूले मुक्तिनाथ मन्दिरभित्र सरसफाइ गर्दछन् । चढौतीका जिन्सी र नगद ३ वटीले दामासाहीले बाँडीचुँडी लिने परम्परा छ ।

१२.पर्यटकीय विशेषता

मुक्तिक्षेत्र/मुक्तिनाथको पर्यटनको सम्भावनालाई नेपालकै पर्यटनको अवस्था र सम्भावनाका सापेक्षतामा हेर्नु उपयुक्त हुन्छ । नेपाल प्रकृति, कला, संस्कृति, ऐतिहासिक, धार्मिक, जैविक, भौगोलिक, जलवायुका, विचित्रता, भाषिक, जातीय, प्राकृतिक आदि विचित्रताले भरिएको देश हो । "यहाँ के छैन ? स्वर्गको चमत्कार कि पृथ्वीको परिपूर्णता ? पृथ्वीमण्डलमा हुनसक्ने र भएका समस्त चिजहरूको सूक्ष्म प्रतिबिम्ब टनाटन छ ।" देवकोटाले भनेझैं नेपाल सुन्दर, सुरम्य, रहस्यमय, काव्यमय, विविधतामय, देश हो । यही पृष्ठभूमिमा मुक्तिनाथ र मुक्तिक्षेत्रको पर्यटनका सम्भावनाहरूलाई

हेर्न सकिन्छ ।

मुक्तिक्षेत्र/मुक्तिनाथ उपत्यकाबाट धौलागिरि, नीलगिरि, टुकुचे, मुक्तिनाथ, अन्नपूर्णजस्ता अनगिन्ती हिमाल, हिमशृङखला, पर्वतमालाका, सूर्योदय, सूर्यास्तका सुन्दर दृश्यहरू हेर्न, हिउँमा खेल्न, विदेशी पर्यटकहरू आउने गर्दछन् । मुक्तिनाथ मार्गमा पर्ने पुनहिल, तातोपानी, अन्धगल्छी, रूप्से छहरा, तिलिचो ताल हेर्न तातोपानीमा नुहाउन, डुब्न, आराम गर्न पाइने हुँदा पर्यटकहरू आउँछन् । मुक्तिनाथमा हिन्दू तथा बौद्ध संस्कृतिसँग सम्बद्ध विभिन्न मन्दिर, गुम्बा आदि धार्मिक संरचनाहरू छन् । यहाँ बेलाबेलामा मेला तथा उत्सवहरूको आयोजना हुन्छ । यसैको आनन्द लिन संस्कृतिको अध्ययन गर्न पर्यटकहरू मुक्तिनाथमा आउन चाहन्छन् ।

यस क्षेत्रमा बलिरहेको प्राकृतिक अग्निज्वाला गण्डकीका मुहानबाट निस्केका मूलहरू र १०८ धाराको प्रत्यक्ष अवलोकन गर्न पाइने भएकाले पनि विदेशी पर्यटकहरू यहाँ आउँछन् । यस्तै मुस्ताङ वा मुक्तिक्षेत्रको अनौठो भौगोलिक संरचना, शालग्राम शिला, यहाँ अर्ध मरुभूमि/मरुभूमितुल्य भौगोलिक अवस्था, तीब्बतीमूलका जनजाति, तिनको जनजीवन, रहनसहन, भेषभूषा, कलासंस्कृति, बौद्धगुम्बा, स्तूपा, चोर्तेन, माने, झण्डा र ध्वजामा तीब्बती लिपिमा लेखिएका धार्मिक कुरा र विशेषताहरू हेर्न.र अध्ययन गर्न पाइने भएकाले पनि मुक्तिनाथ पर्यटकहरूको आकर्षणको केन्द्र बन्दै आएको छ । यसबाहेक पोखरा, काठमाडौँबाट यात्रा सुरु गरेका पर्यटकहरू मुक्तिनाथभन्दा माथि १७ हजार फिटको उचाईमा रहेको थो-रङ-ला भन्ज्याङ छिचोलेर लमजुङ हुदै तनहुँको डुम्रेमा निस्कन र एउटै मार्गमा अन्नपूर्ण र धवलागिरि हिमश्रृङ्खलाको परिक्रमा गर्न पाइने हुनाले पनि विदेशी पर्यटहकहरू यस क्षेत्रमा आउन मन पराउँछन् । मुक्तिनाथ आउँदा हिन्दू तीर्थयात्रीहरूका धार्मिक सांस्कृतिक गतिविधिलाई प्रत्यक्ष रूपमा अवलोकन, चित्राङ्कन गर्न सम्वाद गरेर जिज्ञासा मेट्न उनीहरूसँग रमाएर फोटो खिच्न, अनुभवहरू समेटेर अनुसन्धान ग्रन्थहरू लेख्न पाउने आशाले पनि मुक्तिनाथ आउँछन् ।

पर्यटकहरू प्रायः यस क्षेत्रमा मार्च र अप्रिल (वसन्त ऋतु) अक्टुवर र नोभेम्बर (शरद ऋतु) मा बढी आउने गर्दछन् । हिउँदमा हिउँ परेर जाडो बढी हुने बर्षायाममा पानीले बाटो अवरुद्ध हुने , मौसम सफा नहुने भएकाले उक्त समय नै पर्यटकहरूको लागि मुक्तिनाथ भ्रमणको अनुकूल र रोजाइको समय हो । यसैबेला चैतेदशैं, बडादशैं, तिहारजस्ता चाडपर्वहरू, पर्ने र हिन्दू तीर्थयात्रीहरूको यस क्षेत्रमा घुइँचो लाग्ने हुदाँ विदेशी पर्यटकहरूलाई हिन्दू धर्म र संस्कृतिको प्रत्यक्ष झलक देख्न पाइने सुन्दर अवसर प्राप्त हुन्छ ।

पर्यटकहरूका लागि सबभन्दा महत्त्वपूर्ण कुरा यातायातको सुविधा हो । यस क्षेत्रमा पोखराबाट मुक्तिनाथसम्म आइपुग्न पैदल मार्ग, हवाइमार्ग, र अन्य आधुनिक यातायातको साधनहरू चल्न सक्ने बाटाघाटाहरूको सुविधा छ । बाटामा तथा मुक्तिनाथमा पनि होटेल, लज, भट्टी, पसल आदि पनि उपलब्ध छन् । उनीहरूलाई चाहिने गाइड, भरियाहरू पनि यस क्षेत्रमा उपलब्ध हुन सक्छन् । यसैले पनि मुक्तिनाथ पर्यटन उद्योगको विकास, पर्यटकहरूको आकर्षणको केन्द्र बन्नसक्ने प्रशस्त सम्भावना बोकेको ठाउँ हो ।

मुक्तिनाथ हिन्दू तीर्थयात्रीहरूका लागि प्रमुख गन्तव्यको ठाउँ हो । उनीहरू जतिसुकै प्रतिकूल परिस्थितिमा पनि निश्चित तिथिमिति, चाड-पर्वहरूमा आफ्ना धार्मिक सांस्कृतिक उद्देश्यहरू पूरा गर्न मुक्तिनाथ आएकै हुन्छन् । धार्मिक यात्रीहरूका निमित्त गलेश्वर, घारखोला, जोमसोम, कागबेनी, मुक्तिनाथजस्ता ठाउँहरूमा स्वामी श्रीधराचार्य, कमलनयानाचार्य, राधाकृष्ण शर्मा पराजुलीजस्ता महात्माहरूबाट धर्मशाला र गासबासको व्यवस्थाको प्रयास भएको पाइन्छ । पछिल्लो समयमा यातायातका साधनहरू पुगेपछि आन्तरिक र बाह्य धार्मिक पर्यटकहरूको संख्या ह्वात्तै बढेर गएको तथ्याङ्कले देखाउँछ । सन् २०१८ मा मुक्तिनाथमा आन्तरिक नेपाली पर्यटकहरू २ लाखभन्दा बढी मुक्तिनाथ पुगेका थिए भने विदेशी पर्यटकहरू २६ हजार ६ सय ७९ पुगेका थिए (रविन सुवेदी) ।

१३. विकासका सम्भावना र सुझाव

मुक्तिनाथको विकासलाई यसै तीर्थको र स्थानीय, प्रादेशिक, राष्ट्रिय

विकाससँग जोडेर हेर्न सकिन्छ । मुक्तिनाथ सामान्य तीर्थ होइन । यसको महत्त्व दिनानुदिन बढिरहेको छ । यहाँ सिंजाली, जुम्ली, पर्वत, खस, मल्ल राजा, पृथ्वीनारायण शाहका उत्तराधिकारी शाहवंशीय राजा रणबहादुर शाह उनकी रानी सुवर्णप्रभाजस्ता पुर्खाहरूले मुक्तिक्षेत्र र यहाँ आउने साधु, सन्त, तीर्थयात्रीको सुविधा बिस्तार गरेर, पूजा आजाको राम्रो व्यवस्था चलाएर, जग्गा गुठी राखेर, धर्मशाला, पाटी पौवा बनाएर सदावर्तको व्यवस्था गरेर धार्मिक स्थिति र नियम बाँधेर यसको संरक्षण र विकास गरेका थिए । उनीहरूले गरेको विकासको इतिहास अविस्मरणीय छ । तर त्यसपछि मुक्तिक्षेत्र वा मुक्तिनाथमा धेरै कालसम्म उल्लेख्य विकास हुन सकेको देखिँदैन । यहाँ विकासका पर्याप्त सम्भावनाहरू छन् ।

विश्वको दृष्टि परेको, सम्पन्न, श्रद्धालु, धार्मिक भारतीय तथा नेपाली तीर्थयात्री एवम् विदेशी पर्यटकहरूको पहुँचभित्र रहेको यस क्षेत्रको सर्वतोमुखी विकास गर्न कुनै कठिनाइ देखिँदैन । यस क्षेत्रको विकासका लागि लगानी गर्न चाहने व्यक्ति र संस्थाहरूलाई जगाउन अभिप्रेरित गर्न मात्र सक्नुपर्दछ । यही पृष्ठभूमिमा यहाँको विकासका सम्भावनालाई उल्लेख गर्न सकिन्छ -

१३.१. यातायात

विकासको मुख्य पूर्वाधार यातायातको सुविधा हो । मुक्तिनाथमा यात्री र पर्यटकहरूको संख्यामा वृद्धि भई रहनुमा यातायातको महत्त्वपूर्ण भूमिका छ । मुक्तिनाथसम्म आउन पोखराबाट कास्की नौडाँडा, लुम्ले काँडे, चन्द्रकोट, बीरेठाँटी उल्लेरी, घोरेपानी, शिखघार, हुदै र पर्वतको कुस्मा, म्याग्दीको बेनी, गलेश्वर हुदै घारखोलामा आइपुग्दा दुबै बाटा जोडिन्छन् त्यहाँबाट तातोपानी, दाना, रूप्से, काभ्रे, कोप्चे, घाँसा, लेते, कालापानी, कोवाङ, टुकुचे, मार्फा, जोमसोम, एक्लेभाटी, काँगवेणी, खिङ्गा, झारकोट, रानीपौवा हुदै मुक्तिनाथ आउन सकिन्छ । यसरी नै अहिले पोखराबाट बसमा चढेर पनि मुक्तिनाथसम्म आउन सकिन्छ । काठमाडौं र पोखराबाट हवाई यातायातको पनि सुविधा छ । यति हुदाँहुदै पनि यी सबै यातायाताका साधनहरूलाई व्यवस्थित नियमित सर्वसुलभ सुविधायुक्त र सस्तो बनाउन आवश्यक छ ।

१३.२.भौतिक संरचना

मुक्तिनाथमा प्राचीन पुरातात्त्विक महत्त्व बोकेका वास्तुकला, मूर्तिकलाका विभिन्न संरचना र सामग्रीहरू छन् तापनि आजको युगमा समय, सभ्यता, चेतना, मानवीय चाहनालाई परिपूर्ति गर्ने र मानसिक सन्तुष्टि दिने किसिमका संरचनाहरूको निर्माण गर्न जरुरी छ। सुन्दर कलात्मक मूर्तिहरूको निर्माण, वातानुकूल वासस्थानको व्यवस्था, अस्पताल वा जनस्वास्थ्यको व्यवस्था धर्मशाला पाटी-पौवा, शौचालय, भोजनालय, पाकशाला, आदिको व्यवस्था हुनु जरुरी छ । यसरी नै यस क्षेत्रमा वाचनालय, प्रवचनालय, गौशाला, हवनकुण्ड, धर्मशाला पुरुष र महिला यात्रीहरूलाई स्नान गरेपछि कपडा बदल्ने कोठा, पुजारी आवास, सुरक्षाकर्मीहरूका निम्ति सुविधायुक्त आवासगृहहरूको निर्माण गर्नु आवश्यक छ। यसरी नै मुक्तिनाथका सबै धार्मिक संरचनाहरूलाई भित्र पारेर सजिलै घुम्न सकिने परिक्रमा क्षेत्रको निर्माण, रानीपौवादेखि मुक्तिनाथ मन्दिरसम्म जाने व्यवस्थित सरल मार्गको निर्माण गर्नु जरुरी छ । खाली ठाउँमा वृक्षारोपण, फलफूलका बगैंचाहरूको निर्माण गरेर यसलाई हरियालीपूर्ण र पर्यटकीय आकर्षण केन्द्र बनाउन आवश्यक देखिन्छ।

शालग्राम पाइने विश्वकै दुर्लभ मुक्तिक्षेत्रलाई विश्वसम्पदा सूचीमा दर्ता गरेर, मुक्तिक्षेत्र र शालग्राम क्षेत्रको सीमा निर्धारण गरी संरक्षण गर्नु आवश्यक छ भने यसलाई गण्डकी प्रदेश र नेपालकै पहिचानको आधार बनाउनु पर्दछ। विभिन्न भाषाहरूमा मुक्तिनाथको परिचय दिने निर्देशिकाको प्रकाशन गर्नु आवश्यक छ। मुक्तिनाथको १०८ धारालाई मूल निस्किएकै ठाउँमा वा मुक्तिनाथको पर्खालभन्दा बाहिर कतै फराकिलो ठाउँमा सबैले सजिलै स्नानगर्न मिल्ने गरी मन्दिर वरिपरि फोहोर मैला नहुने गरी निर्माण गर्नु आवश्यक देखिन्छ। यात्रीहरूको बढ्दो संख्यालाई हृदङ्गम गरी ४ वटा ढोकाबाट सजिलै दर्शन गर्नसकिने बनाउनु पर्दछ। मुक्तिनाथको परिचय र महत्त्वलाई विषयवस्तु बनाएर संघीय, प्रादेशिक र स्थानीय पाठ्यक्रममा समावेश गरी लागु गर्नुपर्दछ । यहाँ एउटा शालग्राम सङ्ग्रहालयको निर्माण गर्नुपर्ने अनिवार्य देखिन्छ । कागवेणीमा हजारौ यात्री अटाउन सक्ने सुविधायुक्त धर्मशाला श्राद्धतर्पण गर्ने विस्तृत ठाउँ स्नान गरे

पछि पुरुष र महिलाहरूले कपडा फेर्नेकोठा र आफ्ना सामानहरू सुरक्षित रहने व्यवस्थाका लागि आवश्यक भौतिक संरचनाहरू निर्माण गर्नु जरुरी देखिन्छ। कागवेणी पारि पनि सङ्गम क्षेत्र हुने हुदाँ पारी गएर स्नान, श्राद्ध तर्पण, गर्न मिल्ने ठाउँको निर्माण गर्नु आवश्यक छ।

मुक्तिनाथका सन्दर्भमा माथि उल्लेख गरिएका संरचनाहरू र कार्यहरू अनुकूलता, वैज्ञानिकता, सरलता र सुविधालाई हेरेर एवम् मुक्तिनाथको सरसफाइलाई ध्यानमा राखेर संरचनाहरू बनाउनु आवश्यक देखिन्छ। मुक्तिनाथ र कागवेणीको यस प्रकारको विकास र निर्माणका लागि आवश्यक पर्ने रकम मुक्तिनाथ तीर्थका विभिन्न मन्दिर, गुम्बाहरूको चढौतीबाट प्राप्त भएको अक्षयकोष, मुक्तिनाथको चन्दा बाकसमा बर्षौंदेखि जम्मा हुदै आएको चन्दाको रकम देखि लिएर सम्पन्न धार्मिक श्रद्धालु व्यक्तिहरूको लगानी राष्ट्र, राज्य र स्थानीय सरकारको प्रतिवर्षका बजेट आदिलाई उपयोग गर्नुपर्दछ।

१४. कागबेनी

कागवेणी/कागबेनी मुक्तिक्षेत्र अन्तर्गतको एउटा महत्त्वपूर्ण प्राचीन तीर्थ हो। यो गण्डकी प्रदेशको "मुक्तिक्षेत्र-बाह्रगुङ गाउँपालिका" को वडा नं. ३ र ४ मा पर्दछ। यो उत्तर मुस्ताङबाट बग्दै आएको कृष्णाभा/काली नदी र मुक्तिनाथबाट बग्दै आएको गण्डकी नदीको सङ्गममा अवस्थित सङ्गमतीर्थ हो। दुईवटा नदीको वेणी (सङ्गम) मा रहेकाले यसलाई वेणी भनिएको हो भने कागभुसुण्डीले तपस्या गरेको एवम् नारद र गरुडबाट उपदेश पाएको ठाउँ भएका आधारमा यसलाई कागवेणी भनिएको हो।

यस तीर्थको भौगोलिक अवस्था पनि उपल्लो मुक्तिक्षेत्रको जस्तै तिब्बती पठार (उपत्यका) युक्त छ। यहाँको भूबनोट कतै मरुभूमि कतै अर्ध मरुभूमिजस्तै छ। यसको पश्चिमी सीमा कालीगण्डकीसँग पूर्वी सीमा मुक्तिनाथसँग उत्तरपट्टि मुस्ताङ-तिब्बत जानेबाटोसँग जोडिन्छ। कागवेणीलाई पूर्वबाट बग्दै आउने गण्डकी नदीले बीचबाट चिरेर २ भागमा बाँडिदिएको छ। जोमसोमतर्फ भन्दा तिब्बततर्फ पर्ने कागबेनीमा बस्ती बाक्लो छ।

जोमसोमतर्फ केही लज र होटलहरू छन् । यो ठाउँ धार्मिक दृष्टिले जति महत्त्वपूर्ण छ, अन्य दृष्टिले उल्लेखनीय छैन । यो साँधुरो घाँटी र पहाडहरूको खोंचमा छ । यहाँ बिहानमा उत्तरी हावा र ११ बजे पछि दक्षिणी हावा चलिरहन्छ बालुवा र धुलो उडिरहन्छ । यहाँ एउटा मन्दिर र धर्मशाला पनि छ । बाँकी जताततै बौद्धसंस्कृति झल्काउने गुम्बा, बौद्धमार्गीका झण्डा, ध्वजा, पताका, चोर्तेन, स्तूपा र मानेहरू छन् । यहाँ बौद्धिमार्गी तिब्बती मूलका जनजातिको बसोबास छ । कागवेणीमा चारैतिर जान खुलेका बाटाहरू छन् । यहाँबाट उत्तर जाँदा तिब्बत चीनसम्म पुगिन्छ । पूर्व जाँदा मुक्तिनाथ, हुँदै थो-रङ्-ला भञ्ज्याङ काटेर मनाङ डुम्रे, पोखरा, काठमाडौं निस्कन सकिन्छ । पश्चिमतिर जाँदा डोल्पा, जुम्ला कर्णाली जाने पदमार्ग पनि छ । दक्षिण तिर सदरमुकाम जोमसोम हुदैं पाँच गाउँ थाकखोला म्याग्दी, पर्वत, बाग्लुङ पोखरातिर निस्कने बाटो पनि छ । यो नै बढी प्रचलित बाटो हो । यसरी चारै तिरका बाटाहरू हुनु पनि कागवेणीको बिशेषता हो । सिंजाली खस मल्ल र जुम्लीहरूको शासनकालमा यो ठाउँ प्रशासनिक केन्द्र पनि थियो । वर्षायाममा यहाँ प्रशस्त शालग्राम, शिलाहरू भेटिन्छन् । यहाँको हावापानी अतिशीत प्रधान छ । यहाँ हिउँदका चार पाँच महिना हिउँ रहन्छ ।



कागवेणी

पुराणहरूमा कागबेनीलाई हंसतीर्थ, यक्षकुण्ड, कागभुसुण्डीको तपस्थली भनी उल्लेख गरिएको छ । परापूर्वकालमा सप्तऋषिहरू तपस्या गर्न मुक्तिक्षेत्रको नीलगिरिमा आएका थिए भन्ने मान्यता छ । यहाँ कागभुसुण्डी

तपस्या गर्दै थिए । एकान्तस्थल देखेर ती सप्तर्षिहरूले कागभुसुण्डीलाई कागवेणीमा गई तपस्या गर्न भनेकोले कागभुसुण्डीले उक्त सङ्गममा गएर तपस्या गर्न थाले त्यसैले उक्त स्थानको नाम कागवेणी रहन गएको पाइन्छ (दाहाल २०४५, पृ. ५४) । कागवेणी तीर्थका बारेमा यस्तो लेखिएको छ-

त्रिधारिक तीर्थभन्दा पूर्वपट्टि प्रसिद्ध हंसतीर्थ छ । त्यहाँ कुनै एक शिवरात्रिका दिन भक्तहरूले अनेक मिष्ठान्न नैवेद्य तयार गरी भगवान् शिवको पूजा उत्सव गर्दै थिए । प्रसाद एवम् नैवेद्य देखेर कौवाहरू जम्मा भए । तीमध्ये एउटा काग नैवेद्य लिएर उड्यो । पंक्षी स्वभाववश त्यही नैवेद्य खान अर्को काग जाइलाग्यो । दुवैका बीचमा आकाशमै युद्ध चल्यो । यही लडाइँका क्रममा ती दुवै काग त्रिवेणी तलाउमा खसे हेर्दाहेर्दै दुवै काग हाँस भएर आकाशमा उडे । यो आश्चार्य देख्ने भक्तहरूले यस तीर्थको नाम हंसतीर्थ राखे । त्यसै बेलादेखि कागबेनी हंसतीर्थ नामले पनि प्रसिद्ध छ (मुक्तिक्षेत्रमाहात्म्य पृ. ६७) ।

यस तीर्थमा प्राचीनकालमा कुनै यक्षले तपस्या गरेकाले यसलाई यक्षतीर्थ पनि भनिन्छ । यस पवित्रतीर्थमा स्नान गरी शिव र विष्णुको भक्ति गरेर जसले प्राण त्याग गर्दछ भने उसले यक्षलोकलाई अतिक्रमण गर्दै मोक्ष प्राप्त गर्दछ । यसरी कागभुसुण्डीको र यक्षको तपोभूमि कृष्णा र गण्डकीको सङ्गम तथा मुक्तिनाथबाट नजिकको तीर्थ हुनु जस्ता कारणहरूले यसको ठूलो धार्मिक महत्त्व रहेको छ । यहाँ वर्सेनि हजारौं नेपाली तथा भारतीय तीर्थयात्रीहरू आउँछन् । खासगरी चैत्र कृष्ण औंसी, रामनवमी, आश्विन पितृपक्ष, सोह्रश्राद्धको औसी, बडादशै, कात्तिक कृष्ण औसी, गङ्गादशहरा, मकरसंक्रान्ति, ऋषितर्पणीजस्ता पर्व तथा पुण्यकालहरूमा प्रशस्त तीर्थयात्रीहरू आउँछन् । यहाँ आएर उनीहरूले आफ्ना पितृहरूका तिथिमा र अन्य दिनहरूमा पनि सङ्गम स्नान, तीर्थश्राद्ध र अन्य प्रकारका पुण्य कर्महरू सम्पन्न गर्छन् । ब्राह्मण भोजन, दान दक्षिणा आदि गर्दछन् । कसैकसैले पितृउद्धारका लागि एकाह/सप्ताह लगाउने गरेको पाइन्छ । यहाँ ११ बजे पछि सधैं दक्षिणी हावा हुरी चलिरहने हुँदा श्राद्ध, तर्पण, स्नान दान गर्न कठिन हुन्छ । त्यसैले

अधिकांश यात्रीहरूले बिहानै श्राद्ध कार्य सम्पन्न गर्दछन् । तीर्थयात्रीहरूको घुइँचो लाग्ने पर्वहरूमा हावा हुरीको कठिनाई व्यहोर्दै दिनभरि श्राद्ध गर्नुपर्ने अवस्था पनि सृजना भएको देखिन्छ । यहाँ तीर्थयात्रीहरूका लागि बास बस्ने ठाउँ र शुद्ध भोजन बनाउने उपयुक्त ठाउँको व्यवस्था छैन ।

१५.निष्कर्ष

मुक्तिनाथ नेपाल र नेपालीले गौरव गर्ने महिमामण्डित तीर्थ हो । भौतिक चाहना र आध्यात्मिक चेतनासहितको धार्मिक भावनालाई मुक्तिनाथ तीर्थले जति खुराक अरूले दिँदैनन् । अग्निदेवता प्रत्यक्ष यहीँ छन्, इन्द्र, वरुणसहितका जलदेवता शालग्राममा अवतरित सबै लोकका सबै देवतालाई साथमा राखेर चक्र शिलामा विष्णु र चक्ररहित शिलामा शिवले नित्य निवास गरिरहेको मुक्तिक्षेत्र पवित्र तीर्थ हो । यहाँ सबै देवता, होता, जल, अग्नि, हविभोक्ताको भूमिकामा रहेर भक्तको कल्याण गर्दछन् । यहाँ अरू ठाउँमा जे छैन, त्यो छ त्यसैले यो अरू तीर्थभन्दा भिन्न छ । यहाँ प्रकृति र देवताहरूका विविध रूपको एकै ठाउँमा दर्शन पाइन्छ । यो तीर्थ देव कार्यको दृष्टिले जति पुण्य र फलदायी छ पितृउद्धारका दृष्टिले पनि उत्तिकै महत्त्वपूर्ण छ । मुक्तिनाथ ४ वैष्णवक्षेत्र र आठ भूवैकुण्ठहरूमध्ये मुख्य वैकुण्ठ हो । मुक्तिनाथ हिन्दूधर्म र संस्कृतिका सबै सम्प्रदायका उपास्य श्रद्धेय देवता हुन् । मुक्तिनाथ जति प्राचीन छ त्यति नै रहस्यमय छ । यो नेपाल र गण्डकी प्रदेशको पहिचानको धरोहर त हुँदै हो विश्वभरिका हिन्दूहरूका लागि गन्तव्यको दिव्य भूमि हो । यो क्षेत्र आफ्नै गरिमा र महिमाले जति विशिष्ट छ त्यति नै सम्भावनाले युक्त छ ।

जुन शालग्रामले मुक्तिक्षेत्रको महत्त्वलाई उचाइमा पुऱ्याएका छन् । तिनै शालग्राम आज क्रसरमा पिसिँदै छन्, कौडीमा मिल्किदै छन्, सडकमा फ्याँकिदै, फुटाइँदै टुटाइँदै छन् । तिनको संरक्षण र विश्वसम्पदा सूचीमा सूचीकृत गर्नु आजको आवश्यकता हो । मुक्तिनाथका बारेमा पुराणादिले जे लेखेका छन्, ऋषिका दिव्य दृष्टिले जे देखेका छन्, त्यसैसँग मिल्दो धार्मिक वातावरणको निर्माण हुनु जरुरी छ । मुक्तिनाथमा यात्रीहरूको सुविधाका

लागि एउटा रानीपौवा रित्तो धर्मशालाबाहेक अन्य कुनै व्यवस्था भएको पाइँदैन । पुर्खाहरूले गरेका व्यवस्था र राखेका गुठी जग्गा अहिले अस्तित्व र व्यवहारमा छैनन् ।

मन्दिरको भौतिक व्यवस्थापन मुक्तिनाथ विकास समिति, स्थानीय, प्रादेशिक, संघीय सरकारले गर्नुपर्दछ । मुक्तिनाथ तथा मुक्तिक्षेत्र र शालग्राम क्षेत्रलाई गुरुयोजनाका साथ विकास र संरक्षण गर्नु जरुरी छ । मुक्तिनाथको वर्तमान परिसरलाई बढाउन सकिने सार्वजनिक ठाउँ भएकाले यसलाई अझ फराकिलो पार्न सकिन्छ । यहाँ शालग्रामै शालग्रामको मन्दिर बनाउन जरुरी छ । रानीपौवाजस्ता हजारौं यात्री बस्न सक्ने पौवा, धर्मशालाहरू थप्नुपर्ने देखिन्छ । यातायातको सुविधा र मानिसहरूको संख्या वृद्धिसँगै हुन सक्ने फोहोर मैला प्रदूषणबाट जोगाएर सफा स्वच्छ बनाउनु जरुरी छ ।

सन्दर्भस्रोत

दाहाल, शारदाप्रसाद (वि.सं.२०४५), मुक्तिक्षेत्र, मुस्ताङ : मुक्तिक्षेत्र शोधकृति मूल्याङ्कन परिमार्जन तथा प्रकाशन समिति ।

मुक्तिक्षेत्रमाहात्म्य, (वि.सं.२०६८), मुक्तिनारायण रामानुज जीयर स्वामी सातौं सं.काठमाडौं : अखण्ड ज्योति बाबा स्वामी श्रीजी च्यारिटेवल ट्रस्ट ।

योगी, नरहरिनाथ (वि.सं.२०३८), देवभूमि भारत तथा आध्यात्मिक नेपाल, काष्ठमण्डप : गोरक्षपीठ मृगस्थली ।

वाराहपुराण, (सन् १९७४) द्वितीय संस्करण सम्पा. ऋषीकेश शास्त्री, वाराणसी : चौखम्वा अमरभारती प्रकाशन ।

शर्मा, कुलचन्द्र (वि.सं.२०६५), अमरकोष, दो.सं.काठमाडौं : रत्नपुस्तक भण्डार

स्रोतव्यक्ति

रविन सुवेदी (मुक्तिनाथका पुजारी)

गलेश्वर दिव्यधाम

डा. जगन्नाथ रेग्मी[1]

१. परिचय

पौरस्त्य आर्ष ग्रन्थहरूमा पूर्वी समुद्रदेखि पश्चिम समुद्रसम्म, हिमालयदेखि विन्ध्याचल पर्वतसम्म फैलिएको विस्तृत भूमिलाई आर्यावर्त भनिएको छ । आर्यावर्तको एउटा भूभागलाई हिमत्वखण्डले समेटेको छ । यही हिमवत्खण्डलाई शास्त्रहरूले देवभूमि, पुण्यभूमि, सिद्धभूमि, तपोभूमिका रूपमा उल्लेख गरेका छन् । यो भूमि मुक्तिका अधिष्ठाता भगवान् मुक्तिनाथ, कैलाशपति भगवान् शिव अनि शान्तिका अग्रदूत भगवान् बुद्धको प्रिय भूमि हो भने समस्त मानव जातिको साझापन र समन्वयको दिव्य भूमि पनि हो । एकातिर यही भूमिबाट सप्तगण्डकीका सात धाराहरू निस्किएर समस्त भारतवर्षलाई आप्लावित गरेका छन् भने अर्कोतिर उत्तुङ्ग हिमाल, सुरम्य पर्वत श्रृङ्खला, गहिरा गल्छी र हृदयहारी ताल तलैयाहरूले हरेक व्यक्तिलाई लोभ्याइरहेका छन् । यहाँको रहस्यमय भौगोलिक अवस्थिति, लोभ लाग्दो प्राकृतिक छटा, विस्मयकारी जैविक विविधता, अनुकरणीय सामाजिक धार्मिक र सांस्कृतिक सहिष्णुताका आफ्नै मौलिक विशेषता छन् । यो भूमि पर्यटनप्रिय मनुष्यहरूका लागि पर्यटनको प्रमुख गन्तव्यको केन्द्र हो, अध्येता अनुसन्धाताहरूका लागि अध्ययन अनुसन्धानको रहस्यमय पाठशाला हो, तत्त्ववेत्ता साधकहरूका लागि आध्यात्मिक शक्ति, जीवनविश्रान्ति अनि मोक्षको धाम पनि हो । यिनै विविध वैशिष्ट्यले भरिएको मुक्तिक्षेत्रको अभिन्न अङ्ग हो गलेश्वर क्षेत्र ।

मुक्तिक्षेत्रको प्रवेशद्वारका रूपमा रहेको यस क्षेत्रलाई शास्त्रहरूमा आदिप्रयाग, पुलहाश्रम, त्रिवेणीधाम, भरतक्षेत्र, शालग्राम चक्रतीर्थ भनिएको छ भने लोकमा गलेश्वर धाम भन्ने गरिएको छ । यो धाम मुक्तिक्षेत्र अन्तर्गतको अर्को आश्चर्यकारी भूमि हो । यस धामसँग सांख्याचार्य महायोगी कपिल, जैनधर्मका आदिनाथ ऋषभदेव, ब्रह्माजीका मानस पुत्र पुलस्त्य, पुलह अनि ज्ञानयोगी जडभरत र राजा रहुगणका पावन उपाख्यानहरू जोडिएका

१. लेखक नेपाल संस्कृत विश्वविद्यालय वि. सं. वि. (क्याम्पस) पोखराका उपप्राध्यापक हुनुहुन्छ ।

छन् । यस आलेखमा यही पुण्यभूमिको सङ्क्षिप्त इतिवृत्त प्रस्तुत गर्ने प्रयत्न गरिएको छ ।

२. भौगोलिक अवस्थिति

गलेश्वरधाम गण्डकी प्रदेश धवलागिरि अञ्चलको म्याग्दी जिल्लामा पर्दछ । नेपालको कूल क्षेत्रफलमा म्याग्दी जिल्लाले २२९७ वर्ग कि.मि. ओगटेको छ। पूर्वमा कास्की र पर्वत, दक्षिणमा बाग्लुङ, पश्चिममा बागलुङका केही स्थलहरू र रुकुम रोल्पा अनि उत्तरमा मुस्ताङ जिल्ला यसका छिमेकी सिमाना हुन् । यहाँ वि.सं. १२४६ तिर कालु थापाले ताकम राज्य स्थापना गरी राज्यशासन सञ्चालन गरेका थिए । उनकै शाखा सन्तानहरूले ३०० वर्षसम्म शासन गरेको यस ठाउँमा वि.सं. १४४५ पछि कर्णाली प्रदेशका मल्ल राजा आनन्द वमका नाति डिम्ब मल्लले थापाहरूलाई हटाई ढोलठानमा राज्य केन्द्र बनाएर शासन चलाएको इतिहास भेटिन्छ । हालको बेनी बजार त्यति बेलाको ग्रीष्मकालीन सदरमुकाम थियो । यो राज्य बहादुर शाहका पालामा एकीकृत नेपालमा विलय भएको उल्लेख पाइन्छ (भट्टराई २०७४/०७५ पृ ३९६) ।

जिल्लाको सदरमुकाम बेनी बजारदेखि २ कि.मि. उत्तरमा पर्ने गलेश्वरधाम नेपालकै प्रसिद्ध तीर्थस्थल हो । साबिकको घतान गा.वि.स मा रहेको यो धाम संघीय संरचनाअनुसार बेनी नगरपालिको वडा नं. ९ मा समेटिएको छ। अक्षांश २८°२२°३०°उत्तरमा र ८३°३४ पूर्वी देशान्तरमा अवस्थित बेनी नगरपालिका समुद्री सतहबाट ८९९ मि.- २३०० मिटरसम्मको उचाइमा फैलिएको छ (नगरपालिकाको कार्यालय वस्तु वि. पृ. २) । पूर्वमा पर्वत जिल्लाको जलजला गा.पा. उत्तरमा म्याग्दीको रघुगङ्गा अनि पश्चिममा मङ्गला गा.पा र दक्षिणमा बागलुङ न.पा. पर्दछन् । पूर्व र पश्चिमतर्फ अग्ला अग्ला पहाड उत्तर दक्षिण बग्दै गरेकी कालीगण्डकी र पश्चिमबाट दक्षिणतर्फ प्रवाहित मङ्गला नदीका बीचमा पर्ने यो ठाउँ खोंचमा भए पनि रमणीय छ । पोखराबाट ८१ कि.मि. को दूरीमा रहेको यस ठाउँबाट मुक्तिनाथ ९९ कि.मि. को दूरीमा पर्दछ । प्राचीन कालदेखि नै भोट र मधेशको व्यापारिक नाकाका रूपमा रहेको यो ठाउँ हालमा पनि व्यापारिक केन्द्रकै रूपमा विकसित

छ । त्यसभन्दा पनि बढी धार्मिक पर्यटन र पौराणिक दृष्टिले यसको महत्त्व देश विदेशसम्म फैलिरहेको छ ।

३. पौराणिक सन्दर्भ

पौराणिक वाङ्मयले शालग्रामवाहिनी कालीगण्डकी र देवगङ्गा भागिरथीसङ्गमपर्यन्तको भूमिलाई शालग्राम क्षेत्रका रूपमा व्याख्या गरेको छ । गण्डकी र गङ्गाका बीचको यो विशाल भूभागभित्र आ-आफ्नो पृथक् पहिचान र मौलिक महत्त्व बोकेका मुक्तिक्षेत्र, रुरुक्षेत्र, देवघाट, त्रिवेणीजस्ता तीर्थस्थलहरू विद्यमान छन् । तिनीहरूको शीर्षस्थान मुक्तिक्षेत्र हो । यसै मुक्तिक्षेत्रको प्रवेश द्वारमा पर्ने गलेश्वर चक्रतीर्थ प्रसिद्ध पुण्यस्थली हो । श्रीमद्भागवतमहापुराण, स्कन्दपुराण, पद्मपुराण, वाराहपुराणहरूमा यस क्षेत्रलाई पुलहाश्रमका रूपमा चिनाइएको छ । पुराणहरूमा गलेश्वर शब्दको स्पष्ट उल्लेख नभए पनि भौगोलिक अवस्थिति, पौराणिक उपाख्यान र सनातन लोकव्यवहारले पुलहाश्रम र गलेश्वरधाम एक अर्कासँग सम्पृक्त छन् भन्ने प्रमाणित गर्दछन् । वाराहपुराणका अनुसार भगवान् विष्णु गण्डकीका पुत्रका रूपमा रहनुभएको र भगवान्कै सान्निध्यले गर्दा गण्डकीमा ब्रह्मादि देवता, ऋषि, महर्षि, वेद, यज्ञ र सारा तीर्थहरूको नित्य निवास छ । यही भएकोले कालीगण्डकीलाई पवित्र महानदी भनिएको पाइन्छ । यिनै महानदीलाई केन्द्र बनाएर आदिम कालदेखि अर्वाचीन कालसम्म सिद्धर्षि, राजर्षि, देवर्षिहरूले तपस्या गरेका रहस्यहरू भेटिन्छन् । यहाँ प्रथमतः गलेश्वरधाम र पुलहाश्रमका सम्बन्धमा पौराणिक वाङ्मयले सङ्केत गरेका प्रसङ्गहरूको उल्लेख गरिन्छ-

३.१ वाराहपुराण

वाराहपुराणका अनुसार मानस नाम गरेको आदि कल्पमा ब्रह्माजीका मानस पुत्र पुलस्त्य र पुलहले देवनदी देविका र गण्डकीका सङ्गममा तपस्या गरेर सृष्टि गर्ने सामर्थ्य प्राप्त गरेका थिए भन्ने उल्लेख छ -

यत्र सा परमा पुण्या गण्डकी भुक्तिमुक्तिदा ।
अपरा देविका नाम्ना गण्डक्या सह सङ्गता ।।
पुलस्त्यपुलहौ पूर्वं तेपाते परमं तपः ।

यत्र सृष्टिविधानार्थ कृत्वाश्रमपदं पृथक् ।

सृष्टेर्विधानसामर्थ्यं यत्र लब्धं ततःपरम् ।।

(वाराहपुराण १४४/११२-१४) ।

यहाँ गण्डकी भनेर चक्रनदी कालीगण्डकीलाई र देविका भनेर रहुगङ्गा र कालीगण्डकीका सङ्गममा रहेको गुप्तगङगालाई सङ्केत गरिएको हो ।

यदा च भरतो राजा पुलस्त्यस्याश्रमान्तिके ।

स्थित्वा पर्यचरद् विष्णुं त्रिजलेशमपूजयत् ।।

ततः प्रभृति तस्यासीत् भरतेन इति स्फुटम् ।

पुनश्च मृगदेहान्ते जडः स भरतोऽभवत् ।।

तेनैव पूजितो ह्यस्माद् त्रिजलेश इति स्मृतः ।।

यस्य सम्पूजनाद् भक्त्या योगसिद्धिः प्रजायते ।।

(वाराहपुराण१४४/१३७-३९)।

माथि बताइएकै प्रसङ्गलाई हिमवत्खण्डले पनि वर्णन गरेको पाइन्छ। पुलत्स्य पुलहको तपस्थलीकै नामबाट म्याग्दीमा प्रसिद्ध हुन आएको पुला भन्ने क्षेत्रको नाम सार्थक देखिन्छ । गण्डकीमाहात्म्यले पनि यही प्रसङ्गलाई प्रमाणित गरेको देखिन्छ (गण्डकीमाहात्म्य १/२७-२८,८/१९-२१)।

३.२ विष्णुपुराण

स्वायम्भुव मनुका पवित्र वंशमा उत्पन्न प्रतापशाली पुरुष प्रियव्रतका दश पुत्रमध्येका जेठा आग्निन्ध्र (जो जम्बूद्वीपका अधिपति थिए) उनले आफ्नो राजपाट छोराहरूलाई सुम्पिएर शालग्राम क्षेत्रको पुलहाश्रममा तपस्या गरेको कुरा वर्णित छ -

वर्षेष्वेतेषु तान् पुत्रान्नभिसिच्य स भूमिपः ।

शालग्रामं महापुण्यं मैत्रेय तपसे ययौ ।।

(विष्णुपुराण २/१/२३-२४) ।

यिनै आग्निन्ध्रका पुत्र नाभिबाट उत्पन्न भगवान्का अवताररूप ऋषभदेवले पनि जीवनको उत्तरार्धमा यही पुण्यस्थलीमा आई तपःसाधना गरेका थिए-

अभिसिच्य सुतं वीरं भरतं पृथिवीपतिः ।

तपसे स महाभागः पुलहस्याश्रमं ययौ ।। (पूर्ववत् २/१/२९)।

३.३ श्रीमद्भागवतमहापुराण

आफ्ना पिता पितामहादिले अवलम्बन गरेको जीवनादर्शलाई अनुसरण गरी महायोगी राजर्षि भरत पनि भगवत् आराधनाका निमित्त यही पुलहाश्रम गलेश्वरमा पुगेको वर्णन पाइन्छ -

एवम् वर्षायुतसहस्रपर्यन्तावसितकर्मनिर्माणावसरोऽधिभुज्यमानं स्वतनयेभ्यो रिक्थं पितृपैतामहं यथादायं विभज्य स्वयं सकलसम्पन्निकेतात् स्वनिकेतात् पुलहाश्रमं प्रवव्राज (श्रीमद्भागवतमहापुराण ५/७/८)।

पुराणहरूमा यिनै राजर्षि भरतले यही शालग्राम क्षेत्रका पुलहाश्रम, कालीगण्डकी र कालञ्जरमा तीन जन्म बिताएर मुक्त भएको रोचक प्रसङ्गको चर्चा पाइन्छ । राजर्षि भरतको तीन जन्मसँग सम्बद्ध चरित्रलाई श्रीमद्भागवतमहापुराण (५, अ. ७-१५) विष्णुपुराण (द्वि.अं, अ-१३-१५) हिमत्वखण्ड (९/६७-६९) हरूले आ-आफ्नै शैलीले प्रस्तुत गरेका छन् । तीमध्ये **हिमवत्खण्ड**मा यस्तो उल्लेख पाइन्छ -

मृतस्तत्रैव क्षेत्रस्य प्रभावाद् ब्राह्मणोऽभवत् ।
सर्वज्ञ सर्वदोषज्ञो जडवत्भावमाचरत् ।
तदापि सोऽवसत् तत्र त्रिवेण्यां पुलहाश्रमे ।
नित्यं समर्चयद् देवं त्रिजलेशं महामतिः (हिमवत्खण्ड ९/६७-६९)।

गण्डकीमाहात्म्यले पनि यही प्रसङ्गलाई उद्घाटन गरेको छ (गण्डकी माहात्म्य ९/६०-७०)।

श्रीमद्भागवतमहापुराणमै धर्मराज युधिष्ठिरलाई देवर्षि नारदले मानव धर्म र गृहस्थाश्रमीका कर्म कर्तव्यहरू बताउने क्रममा मानवकल्याणका लागि शुभ कर्म गर्दै गङ्गादि नदी र पुण्य देशको आश्रय तथा तीर्थहरूको सेवन गर्नुपर्ने उपदेश दिएका छन् । त्यस क्रममा कुरुक्षेत्र, गया, प्रयाग, वाराणसी, मधुपुरी, पम्पासर, विन्दुसरोवर, नैमिषारण्य, प्रभास, कुशस्थली आदि तीर्थस्थलहरूको महत्त्वजस्तै पुलहाश्रमको महत्तालाई वर्णन गर्दै यसलाई पुण्यधामका रूपमा चिनाइएको छ -

यत्र यत्र हरेरर्चा स देशः श्रेयसां पदम् ।

यत्र गङ्गादयो नद्यः पुराणेषु च विश्रुताः ।।

सरांसि पुष्करादीनि क्षेत्राण्यर्हाश्रितान्युत ।

कुरुक्षेत्रं गयशिरः प्रयागः पुलहाश्रमः ।

एते पुण्यतमा देशा हरेरर्चाश्रिताश्च ये ।

एतान् देशान् निषेवेत श्रेयस्कामो ह्यभीक्ष्णशः ।।

(श्रीमद्भागवतमहापुराण ७/१४/२९,३०,३३) ।

कौरवपाण्डहरूको युद्धबाट उदासीन भई गङ्गा यमुनादि तीर्थहरूको भ्रमण गर्दै नैमिषारण्य पुगेका बलरामद्वारा सूतजीको हत्या भएपछि त्यस हत्याको दोष मेटाउन शौनकादि ऋषिहरूले बलरामलाई प्रायश्चित्तसहित तीर्थाटन गर्न लगाएका थिए । बलराम ऋषि आज्ञानुसार ब्रह्मद्रोही बलबल दानवको वध गरी पापमोचनका लागि कौशिकी, सरयू, गङ्गा, गोदावरी, रेवा, आदि नदीहरूमा स्नान तर्पण र देवपूजन गर्दै पवित्र पुलहाश्रममा गएको वर्णन छ। यस वर्णनले पनि पुलहाश्रम र त्यसैसँग सम्बद्ध गलेश्वरधामको पौराणिक महत्त्वलाई प्रकट गर्दछ -

अथ तैरभ्यनुज्ञातः कौशिकीमेत्य ब्राह्मणैः ।

स्नात्वा सरोवरमगाद् यतः सरयुरास्रवत् ।।

अनुस्रोतेन सरयूं प्रयागमुपगम्य सः ।

स्नात्वा सन्तर्प्य देवादीन् जगाम पुलहाश्रमम् ।।(पूर्ववत् १०/७९/९-१०)।

३.४ श्रीमद्देवीभागवत

श्रीमद्देवीभागवतले सांख्यशास्त्रका प्रवर्तक कपिलमुनिले आमा देवहूतिलाई सांख्यदर्शनको उपदेश दिएर यही पुलहाश्रम क्षेत्रमा आई बाँकी समय यापन गरेको प्रसङ्ग उपस्थापन गरेको छ -

कपिलोऽपि महायोगी भगवान् स्वाश्रमे स्थितः।

देवहूत्यै परं ज्ञानं सर्वाविद्यानिवतर्कम् ।।

सविशेषं ध्यानयोग्यमध्यात्मज्ञाननिश्चयम् ।

कापिलं शास्त्रमाख्यातं सर्वाज्ञानविनाशनम् ।।

उपदिश्य महायोगी स ययौ पुलहाश्रमम् ।
अद्यापि वर्तते देवः सांख्याचार्यो महाशयः ।।

(श्रीमद्देवीभागवत ८/३/१७-१९) ।

३.५ मुक्तिक्षेत्रमाहात्म्य

गलेश्वरधाम हरि र हर दुवैको प्रियस्थल हो । यहीं जलेश्वररूप शिवले भगवान् विष्णुको, भगवान् विष्णुले जलेश्वर शिवको आराधना गरेको रहस्य खुल्दछ । यहीं नै सुदर्शनचक्रको प्रथम प्राकट्य भएको थियो भन्ने पौराणिक सन्दर्भ भेटिन्छ –

शालग्रामे परे क्षेत्रे यदाहं सुभगे स्थितः ।
तत्र ज्ञात्वा जलेशेन स्तुतोऽहं वसुधे ! महि ।
ततो भक्तकृपावेशात् क्षिप्तवाँस्तत्सुदर्शनम्
प्रथमं पतितं यत्र तत्र तीर्थं ततोऽभवत् ।।
भक्तसंरक्षणार्थाय मयाज्ञप्तं सुदर्शनम् ।
यत्र तत्र भ्रमति तत्तत्र तत्राङ्किताः शिलाः ।।
एवं तद् वै भ्रमाक्षिप्तं सर्वं चक्रमयन्त्वभूत् ।

(मुक्तिक्षेत्रमाहात्म्य पृ. ६९-७०)।

३.६ गण्डकीमाहात्म्य

आदिकालमा गजग्राहको उद्धारका निम्ति भगवान् विष्णुले छाडेको चक्र घोटिनाले शिलाहरू चक्राङ्कित भएका र ती चक्राङ्कित शिलामध्ये गलेश्वर परिसरको शिला पनि एक हो भन्ने सङ्केत गरिएको छ -

चक्र संघटनात् तत्र चासन् चक्राङ्किताः शिलाः ।
पतितं प्रथमं यत्र तत्र खातमभूद्धरे !
तदेवं चक्रतीर्थन्तु तीर्थानामुत्तमोत्तमम् । (गण्डकीमाहात्म्य ९/५४-५५)।

३.७ शिवमहिम्नःस्तोत्र

भगवान् विष्णुले शिवप्रसन्नताका लागि नित्य एक हजार कमलपुष्प अर्पण गर्नुहुन्थ्यो । कुनै दिन एउटा कमल फूलको कमी हुँदा उहाँले भगवान् शिवलाई आफ्नो नेत्र कमल नै अर्पण गर्नुभयो । यस किसिमको अतिशय भक्तिका कारण शिवबाट सुदर्शनचक्र प्राप्ति भएको वर्णन आउँछ र त्यो ठाउँ यही

चक्रतीर्थ थियो भन्ने कुरा निम्न श्लोकले सङ्केत गर्दछ -

हरिस्ते साहस्रं कमलबलिमाधाय पदयो-
र्यदोकोने तस्मिन् निजमुदहरन्नेत्रकमलम् ।
गतो भक्त्युद्रेकः परिणतमसौ चक्रवपुषा
त्रयाणां रक्षायै त्रिपुरहर जागर्ति जगताम् ।।(शिवमहिम्नःस्तोत्र १९)।

यो सुदर्शन चक्र जहाँ जहाँ पुग्थ्यो त्यहाँ भगवान् चक्रमय शिलाका रूपमा रहनुभएको रहस्य मिल्दछ। आज पनि यहाँको विशाल शिलामा सयौं चक्रशिला भेटिन्छन् भने भक्तवत्सल भगवान् चक्रहरि राधाकृष्णको मन्दिर पनि निर्मित छ।

३.८ मेघदूत खण्डकाव्य

महाकवि कालिदासले आफ्नो मेघदूत खण्डकाव्यमा पनि हिमालयका काखमा अवस्थित विशाल शिलामा शिवका चरणचिह्नको दर्शन मिल्दछ र त्यस शिलाको प्रदक्षिणामात्रले शिवगणमा प्राप्त भइन्छ भन्ने वर्णन गरेका छन्। उनको वर्णनले पनि यही गलेश्वर चक्रशिलाको सङ्केत गर्दछ -

तत्र व्यक्तं दृषदि चरणन्यासमर्धेन्दुमौलेः
शश्वत्सिद्धैरुपचितबलिं भक्तिनम्रः परीयाः ।
यस्मिन् दृष्टे करणविगमादूर्ध्वमुद्धूतपापाः
कल्पिष्यन्ते स्थिरगणपदप्राप्तये श्रद्धधानाः।।(मेघदूत पूर्वार्ध ५९)।

३.९ देवभूमि भारत एवम् आध्यात्मिक नेपाल

इतिहासविद् योगी नरहरिनाथले (रहुगङ्गा) धौलीगङ्गा र कालीगङ्गाको पवित्र सङ्गम भएको गलेश्वरधाम प्रसिद्ध सिद्ध तपस्थली भएको उल्लेख गरेका छन्। यसलाई रहुगण तीर्थ पनि भनिन्छ। यहाँ सुर, असुर, नरनारी सिद्ध ऋषिमुनिहरूका आराध्य भगवान् गलेश्वर महादेव विराजमान हुनुहुन्छ। यही गलेश्वर धामको सन्निधिमा पुलस्त्य पुलह ऋषिले तपस्या गरेका थिए। यही नै पुलस्त्यका पुत्र विश्रवाबाट रावण, कुम्भकर्ण, विभीषण र कुबेर जन्मिएका थिए। यसै ठाउँमा पछिल्लो समयमा योगीन्द्र ईश्वरानन्दले पनि योगसाधनाद्वारा आफूलाई प्रसिद्ध तुल्याएका थिए। यस हिसाबले यो क्षेत्र पौराणिक महत्त्वको सिद्धभूमि रहेको बुझिन्छ -

गलेशे धवला-काली-सङ्गमे मङ्गलालये
स राजर्षी रहुगणस्तपस्तेपे प्रजाप्रियः ।।
रहुगणस्य तीर्थेऽस्मिन् गलेश्वर-महेश्वरः ।
सुराऽसुरनरैःसेव्यः सिद्धर्षिगणसेवितः ।।
चतुर्विंशति वर्षाणि गलेश्वरगुहागतः ।
ईश्वरानन्दयोगीन्द्रो योगसाधनमाचरत् ।।
तस्माद् गलेश्वराभिख्या लोके ख्यातिमुपागता ।
नानादेवगणा भान्ति तीर्थे रहुगणेर्चिताः ।।
अत्रैव कालिका कूले पश्चिमेऽस्ति गुहा गिरौ ।
तेपतुः सुचिरं यत्र पुलस्त्यपुलहवृषी ।।
रावणः कुम्भकर्णश्च विभीषणकुबेरकौ ।
यत्र विश्रवसो जाताः सुताः कठिनकोमलाः ।।
पुलहाश्रम इत्येष पुलाऽद्य गद्यते जनैः ।
अगस्त्यपुलहादीनां कथात्र प्रथिता भुवि ।।
राखु-राज्ञीप्रपाग्रामो मुक्तिनाथस्य गौष्ठिक : ।
अल्पोर्ध्वं कृष्णगण्डक्या बन्धोऽरमुडिना कृतः ।।

(योगी, २०३८, पृ. ५७)।

उल्लिखित पुराणप्रमाण, ऐतिहासिक सन्दर्भ, भौगोलिक अभिलक्षण एवं विद्वान् महात्माहरूका अनुसन्धान , अनुभव र ज्ञानका सन्दर्भहरूले समेत गलेश्वरधामको पौराणिक महत्त्वलाई पुष्टि गर्दछन् ।

४. नामकरण

गलेश्वरधामको नामकरणका सम्बन्धमा अनेक तर्क विश्वास र किंवदन्तीहरू पाइन्छन् । गलेश्वर नामको आधार भनेकै स्कन्दपुराणमा उल्लिखित सतीदेवीसँग सम्बन्धित उपाख्यान हो । जसअनुसार आफ्ना पिता दक्षप्रजापतिले गरेको ब्रह्मसत्र एक किसिमको विशाल महायज्ञमा पुगेकी सतीदेवीले आफ्नो बेवास्ता र पति शिवको निन्दाबाट दुःखित भई योगाग्नि उत्पत्ति गरी जीवन बिसर्जन गरेकी थिइन् । आफ्नी अर्धाङ्गिनीको वियोगले विक्षिप्त बनेका भगवान् शिव सतीदेवीको नश्वर शरीरलाई काँधमा बोकी

पृथ्वी घुम्नु भयो । जहाँ जहाँ शक्तिस्वरूप सतीदेवीका अङ्गहरू पतन हुँदै गए ती सबै ठाउँमा पीठहरू उत्पत्ति भए । तिनै अङ्गहरूका नाममा पीठहरूका नाम रहन गए । जसमध्ये कालीगण्डकीका तीरमा उनको गलापतन भएको ले त्यसैका आधारमा गलेश्वर नाम रहन गएको भन्ने विश्वास गरिन्छ । यही सन्दर्भलाई **नेपाली बृहत् शब्दकोश** पृ. ३१२, **स्वामी ज्ञानानन्द सरस्वती** (गलेश्वर विराट् महायज्ञ स्मारिका पृ.८) इतिहासविद् दिलबहादुर क्षत्री (**गलेश्वर शिवालय एवम् पुलहाश्रम क्षेत्र सङ्क्षिप्त परिचय पृ.७**) साहित्यकार प्रेम छोटा (**धवलागिरिका केही लोकसंस्कृतिहरू** पृ. ६१) ले उल्लेख गरेका छन् ।

गालवऋषिसँग सम्बद्ध भएर पनि गलेश्वरको नामकरण भएको हुन सक्छ । गालव (जसको वर्णन हरिवंशपुराण अ. २७ र देवीभागवत ७/१०/४१-४२ मा पाइन्छ) । ऋषिले परापूर्वकालमा यही ठाउँमा आएर अमृतकुण्ड तयार गरी दैनिक हवनसहितको यज्ञानुष्ठान सम्पन्न गरेका थिए। उनले यही यज्ञका माध्यमबाट आराध्यदेव भगवान् शिवको दर्शन प्राप्त गरेका थिए । अहिले बनेको यज्ञ कुण्डकै नजिक विशाल पत्थरका बीचमा केही गहिरो खाडल देखिनु र यज्ञमर्यादाअनुसार पूर्व आग्नेय कोणमा त्यो कुण्डाकारको खाडल देखिनुले पनि यसलाई पुष्टि गर्दछ। यिनै गालव ऋषिले उपासना गरिएका ईश्वर भएको हुँदा गालवेश्वर नाम रहन आएको र कालान्तर मा अपभ्रंश हुँदै गलेश्वर हुन गएको विश्वास गरिन्छ । वैकुण्ठवासी स्वामी श्रीधराचार्य, ब्रह्मलीन चेतानन्द सरस्वतीले गालव ऋषिको नामबाट गलेश्वर को नामकरण युक्ति सङ्गत मान्नुहुन्थ्यो, भने १००८ तारानन्द गिरि महाराजले पनि यस तर्कलाई उपयुक्त बताउनुहुन्छ ।

कुनै समयमा यस क्षेत्रको नाम गर्भेश्वर पनि थियो भन्ने केही अभिमत भेटिन्छन् । ९ रोपनी बराबरको विशाल शिलाको बीचमा अवस्थित ज्योतिर्लिङ्गलाई गर्भेश्वरका रूपमा आराधना उपासना गर्दा भक्तहरूको मनोवाञ्छा पूर्ण हुँदै आएको हुँदा यसलाई गर्भेश्वर भनिएको किंवदन्ती प्रसिद्ध छ।

ज्ञानयोगी राजर्षि भरतले कालीगण्डकीका तटमा अवस्थित पुलस्त्य पुलहाश्रममा एकै साथ भगवान् विष्णु र शिवको उपासना गर्दथे । उनले काली रहुघाट र मङ्गला (म्याग्दी) नदीका पावन जलबाट रुद्राभिषेक गर्दथे।

तीन नदीको जलार्पण गरिने ईश्वर भएकोले त्रिजलेश्वर भनियो । उनले यही गण्डकीका तटवर्ती क्षेत्रमा भरत, मृगभरत र जडभरतका रूपमा तीन जन्म बिताएका पनि थिए । तीन जन्मसम्ममा उनलाई भगवान्‌को दर्शन मिलिरह्यो त्यसैले यसको नाम त्रिजन्मेश्वर पनि हुनसक्ने अनुमान गर्न सकिन्छ । राजर्षि भरतले अन्तिम जन्ममा जडवत् बनेर पनि आफ्ना आराध्य देवलाई प्राप्त गरेको हुँदा जडका पनि ईश्वर भएकाले जडेश्वर पनि भनिएको हुन सक्छ ।

गलेश्वर क्षेत्रलाई त्रिजलेश र कतै त्रिजलेश्वर पनि भनिएको पाइन्छ । यो क्षेत्र हरिहरात्मक क्षेत्र हो । यो शालग्राम क्षेत्र हरि विष्णु र हर शिव दुवैको सहचर्यात्मक महत्त्वको छ । शिवतत्त्व र विष्णुतत्त्व एक अर्कामा अभिन्न पनि हुन् । भगवान् विष्णु जलका अधिष्ठाता हुन् भने शिव जलद्वारा प्रसन्न हुने भगवान् हुन् । पूर्वोक्त तीन नदीका ईश त्रिजलेश विष्णु र त्यहीं जलधाराद्वारा पूजिने ईश्वर त्रिजलेश्वर अर्थात् शिव हुन् । भरतले जलेश विष्णु र त्रिजलेश्वर शिव दुवै भगवान्‌को दर्शन प्राप्त गरेका हुन सक्छन् । त्यसैका आधारमा जलेश्वर वा त्रिजलेश्वर पनि भनियो होला । टीकाराम पन्थी (**केही जनश्रुतिहरू पृ.८६**) र नलराज शास्त्री नेपाल (**भगवती गण्डकीका चार तीर्थराज प्रयाग पृ. ५५-५७**) ले पनि यही सन्दर्भलाई विवेचना गरेका छन् ।



गलेश्वर शिवालय परिसर



राधाकृष्ण मन्दिर

५.साझा समन्वयको भूमि

गलेश्वरधाम शैवमार्गी र वैष्णवमार्गीहरूको उदात्त समन्वयको भूमि हो । यहाँ एकातिर स्वयम्भू चक्रशिलाका विविध आकार प्रकारका चक्राङ्कित अभिलक्षणहरूले शिव र विष्णुका अनेक रूपलाई व्यक्त

गरेका छन् भने अर्कातर्फ एकै परिसरमा भव्य शिवालय, लक्ष्मीनारायण एवम् दक्षिणभारतीय शैलीमा निर्मित चक्रहरि राधाकृष्ण भगवान्को दिव्य मन्दिर सुशोभित छ। के शैव के वैष्णव के शाक्त के गाणपत्य सबै भक्त भागवत् हरूले एक अर्को मन्दिरको दर्शन नगरेसम्म आफ्नो अभीष्ट अपुरो रहेको अनुभव गर्दछन्। उर्ध्वपूण्ड्राङ्कित र त्रिपुण्ड्रधारी महात्मा साधुसन्त, विद्वान् विदुषी भक्त भक्तिनीहरूको भक्ति, पर्व, महोत्सव, यज्ञ यागादिमा हुने सद्भाव सहयोग साहचर्य एवम् निस्वार्थ सेवाका भावहरूले यहाँ जो कसैलाई मोहित पारिरहन्छन्। एकातिर **गणेशसहस्रनाम**, **शिवमहिम्नः स्तोत्र**, **शिवपञ्चाक्षर**, **रुद्राष्टक**, **शिवसहस्रनाम**, **शिवमहापुराण** र **रुद्रसूक्त**का मन्त्रहरू गुञ्जित भइरहन्छन् भने अर्कातिर **वेंकटेशस्तोत्र**, **आलवन्दारस्तोत्र**, **विष्णुसहस्रनाम**, **विष्णुपुराण**, **श्रीमद्भागवतमहापुराण** र **पुरुषसूक्त**का पाठ पारायण भइरहेका हुन्छन्। बालाचतुर्दशी, शिवरात्रि, कृष्णाष्टमी, ठूली एकादशी, वैकुण्ठ चतुर्दशी, अक्षय तृतीया, रामनवमी, बुद्धपूर्णिमा, धनुर्मास, चतुर्मास आदि विशिष्ट तिथि पर्वहरूमा सबै खाले भक्तहरूको उपस्थिति रहने गर्दछ। के आर्य के मङ्गोल के गृहस्थी के वानप्रस्थी रागी वा विरागी सबैका लागि यो पुण्यभूमि सामाजिक एकता धार्मिक सहिष्णुता र समन्वय एवम् परम श्रद्धा र आस्थाको केन्द्र बनेको छ।

६.यज्ञभूमि

गलेश्वरधाम यज्ञभूमि हो। सभ्यताको विकास र जीवजगत्को कल्याणमा यज्ञको विशिष्ट महत्त्व रहेको देखिन्छ। यहाँ पौराणिक कालमा कति कति यज्ञ भए होलान् अनुमान मात्र गर्न सकिन्छ। जहाँ जहाँ ऋषि-मनीषीहरू बस्तछन् त्यहाँ यज्ञकर्मको निरन्तरता भइ नै रहन्छ।

> **अन्नाद् भवन्ति भूतानि पर्जन्यादन्नसम्भवः।**
> **यज्ञाद् भवति पर्जन्यो यज्ञकर्मसभुद्भवः।।** (श्रीमद्भगवद्गीता ३/१४)।

यही भाव र भावनाले प्रेरित भएका महापुरुषहरूले अर्वाचीन कालमा पनि विभिन्न उद्देश्यका साथ यज्ञ, महायज्ञ र विराट् महायज्ञ सम्पन्न गरेका छन्। तीमध्ये २०४३ सालमा षडाचार्य स्वामी श्रीधराचार्यको निर्देशनमा भएको **धनधान्याचल महायज्ञ** र डा. रामानन्द गिरि, स्वामी ज्ञानानन्द सरस्वतीको

संरक्षकत्व र स्वामी आत्मानन्द गिरि महाराजहरूको अध्यक्षता एवम् समाजसेवी राधाकृष्ण पराजुली लगायतका व्यक्तित्वहरूको सक्रियतामा भएको **गलेश्वर विराट् महायज्ञ** २०५६ बढी उल्लेखनीय छन् । यी महायज्ञ र अन्य थुप्रै यज्ञ यागादिले गलेश्वरको रूपै फेरिदिएका छन् । सुन्दर कलात्मक भव्य शिवालय, यज्ञशाला, धर्मशाला, सन्तग्राम (वृद्धाश्रम) अन्न क्षेत्रको प्रबन्ध शालग्राम गण्डकी वेदविद्याश्रमको निरन्तरता जस्ता लोककल्याणकारी कार्यहरूका आधार भनेकै यिनै यज्ञ महायज्ञ हुन् । यज्ञमार्फत यस क्षेत्रको व्यापक प्रचार प्रसार हुन गएको छ । यहाँ वि.सं. मा गठित गलेश्वर शिवालय क्षेत्र विकास कोषले केवल धार्मिक पक्षलाई मात्र नभएर समाज सेवामा समेत अग्रणी भूमिका खेल्दै आएको छ । बालाचतुर्दशी शिवरात्रि एवम् साउने सोमवारका विशेष तिथिहरूमा प्रतिदिन ३,००,००० बराबरको आय भएको देखाउँछ (समाधान राष्ट्रिय दैनिक, साउन ३०, २०७५) ।

७. तपस्थली

कालीगण्डकी, रहुघाट र मङ्गलाका पवित्र जलधाराहरूले सिञ्चित यो भूमि तपस्थलीका रूपमा रहेको कुरा पुराणका प्रसङ्गहरूले स्पष्ट पारेका छन् । यो ठाउँ स्वयं सप्तर्षिहरूको पनि आश्रयस्थल थियो भन्ने कुरा ब्रह्मयोगी ईश्वरानन्द बाबाका अनुभव र उहाँका भनाइहरूबाट पनि स्पष्टिन आउँछ । किनभने उहाँ कुनै पनि ठाउँमा १२ वर्ष मात्र बस्नुहुने तर यस ठाउँमा किन २१ वर्षसम्म बस्नुभयो भन्ने भक्तहरूको जिज्ञासामा आफूले यस ठाउँमा बह्ममुहूर्तमा गौरीशङ्करका साथ सप्तऋषिको दर्शन गर्न पाएकोले यहीं बसेको भन्ने प्रसङ्गले पनि यो स्थल दिव्यात्मा ऋषिहरूको आश्रय स्थल हो भन्न सङ्कोच मान्नु पर्दैन । अहिले पनि गलेश्वर धामदेखि पश्चिमोत्तर गाउँमा रिखार भन्ने ठाउँ छ। जहाँ ऋर्षितर्पणीका दिन सप्तर्षिहरूको विशेष पूजा अर्चनाका साथ यज्ञोपवित अभिमन्त्रित गरिन्छ र लगाइन्छ। यी र यस्तै यस्तै अन्य वैशिष्ट्यहरूले गर्दा यो क्षेत्र वीतरागी सन्त र महात्माहरूले विचरण गर्ने पुण्यभूमि सिद्ध भएको छ। अन्नपूर्ण, धवलागिरि, नीलगिरि, माछापुच्छ्रेजस्ता हिमालयहरूका काखमा अवस्थित यस पावन भूमिका पहाड कन्दरा वृक्ष लहरा, गाउँ बस्ती खोला नाला सबै सबैमा दिव्यताको आभास हुन्छ ।

८. गलेश्वरधामका महापुरुषहरू

गलेश्वर धामको दिनानुदिन प्रसिद्धि बढ्दै जानुमा यहाँका तपस्वी, साधु सन्त महात्माहरूका लीला चरित्र र उहाँहरूले गरेका तपःसाधना पनि कारण बनेका छन् । गलेश्वरधामका त्यस्ता महापुरुषहरूमध्ये वीतरागी सन्त **ईश्वरानन्द बाबा**को नाम अग्रपङ्क्तिमा आउँछ । ताप्लेजुङ जिल्लाको दोखु गााउँ बाँसबोटे ठाउँमा भारद्वाज गोत्रीय निरौला थरका ज्योर्तिविद् पिता हरिलाल र माता मनमाया (रन्धता) का जेष्ठ सुपुत्रका रूपमा जन्मनुभएका बाबाले गलेश्वरधामलाई साधनास्थल बनाउनु भएको थियो । बाबाका बारेमा अनेकौं रोचक जनश्रुतिहरू भेटिन्छन् । योगसाधना र वेदमाता गायत्रीका समुपासक बाबा अष्ट सिद्धिप्राप्त महापुरुष हुनुहुन्थ्यो । बाबाले गलेश्वरधामको गायत्रीघाटमा गमयत्री पुरश्चरण गर्दै २१ वर्ष बिताउनु भएको थियो ।

दण्डीस्वामी महाराज माथि वर्णित ईश्वरानन्द बाबाका सत् शिष्य हुनुहुन्थ्यो । आफ्ना गुरुले देखाएको योग साधनालाई अवलम्बन गर्नुहुने स्वामीले गुरु ईश्वरानन्दको सत्सान्निध्यलाई प्राप्त गरेपछि काली तटमा रहेको तपस्थली गायत्रीघाटलाई विकसित गर्न ठूलो योगदान गर्नुभएको थियो ।

गलेश्वरधामको आध्यात्मिक उन्नतिमा **स्वामी श्रीधराचार्य**को महनीय योगदान छ । स्वामी श्रीधराचार्य सन्त पुरुष र नेपालकै विशिष्ट विद्वान् हुनुहुन्थ्यो । उहाँका जन्म, कर्म, संस्कार, आचार, विचार, व्यवहार, शिक्षा-दीक्षाका हरेक पक्षहरू आदर्शमय थिए । **व्याकरण**, **साहित्य**, **पुराणेतिहास**, **धर्मशास्त्र**, **रामानुजवेदान्त**, **शाङ्करवेदान्त**मा आचार्य गर्नुभएका स्वामीजी पौरस्त्यवाङ्मयका खानी हुनुहुन्थ्यो । विशेष गरेर नेपालको गुरुकुलीय शिक्षाक्षेत्रको विकास, सन्तसेवा, शालग्रामक्षेत्रको रहस्य प्रकाशन, विशिष्टाद्वैत दर्शनको अतलस्पर्शी व्याख्यान, मुक्तिक्षेत्रको प्रचार प्रसार जस्ता कार्यमा उहाँको विशिष्ट भूमिका रहेको छ ।

स्वामी कमलनयनाचार्य (मुक्तिनाथ बाबा) गलेश्वरधामको समृद्धिसँग जोडिएका अर्का महापुरुष हुनुहुन्छ । नेपालका देवस्थल, तीर्थस्थलहरूको संरक्षण संवर्धन, सनातन वैदिक धर्मसंस्कृति र पौरस्त्य सभ्यताको नवजागरण

एवम् नेपाली राष्ट्रियताको उद्बोधन सन्त सेवा, गाउँ गाउँमा भक्तिमय वातावरण निर्माण, कालीगण्डकीको महिमा प्रकाशनजस्ता उहाँका अनुकरणीय कार्यहरू सञ्चालित छन् । अहिले विकसित गलेश्वरक्षेत्रको प्रचार प्रसार वर्तमान स्वरूप र संरचनाको पृष्ठभूमिमा उल्लिखित महापुरुषहरू र राधाकृष्ण पराजुली, मुक्तिनाथ सुवेदीलगायतका समाजसेवी, उद्योगी, व्यपारी एवम् विद्वान् विदुषीहरूको त्याग समर्पण अविस्मरणीय रहेका छन् ।

९. धार्मिक सांस्कृतिक महत्त्व

हिमत्वखण्ड नेपालको मुक्तिक्षेत्रअन्तर्गत पर्ने गलेश्वर क्षेत्रका हरेक गाउँ नगरहरू कुनै न कुनै विशेषताले भरिएका देखिन्छन् । गणेश, देवी, सूर्य, शिव, विष्णु यी पाञ्चायन देवता मध्ये कुनै न कुनै देवी देवताहरूका मन्दिर नभएका कुनै ठाउँ छैनन् । पञ्चदेवोपासना नहुने कुनै घर छैनन् । सभ्य सुसंस्कृत आर्षपरम्पराबाट अनुप्राणित यहाँको जनजीवन निकै लोभलाग्दो र अनुकरणीय देखिन्छ । जति नै दुःख आपत् परे पनि धर्म कर्म नछोड्नु, कसैको दुःखमा द्रवित हुनु र सुखमा प्रसन्न रहनु, सहिष्णुता र सद्भावको भावना हुनु, पर्व मेला महोत्सवमा रमाउनु, श्रम र पसिनामा विश्वास गर्नु, ईश्वरप्रतिको आस्था रहनु, इमान्दारिता र स्वाभिमानलाई नै आदर्श ठान्नुजस्ता यहाँका व्यक्तिहरूको विशेषता हो । यी र अन्य यस्तै यस्तै विशेषताहरू भेटिनुमा तीर्थस्थलको भक्तिमय परिवेश, पुराण प्रवचनको प्रभाव, पुण्यशील चरित्रका सन्त महात्माहरूको सङ्गत आदि कारण हुन सक्छन् । धर्म र संस्कृति समाजका पहिचान हुन् । यहाँ यी दुई तत्त्व एक अर्कामा अन्तरघुलन भएर रहेका देखिन्छन् । यहाँको जनजीवन धर्म संस्कृतिसँग जोडिएर रहेको छ । यहाँका घाट, वेणी, मठ मन्दिर, आश्रम, पाटीपौवा र चौताराहरू जीवन व्यवहारका अभिन्न अङ्ग बनेका छन् । धार्मिक दृष्टिले यहाँका कालीगण्डकी रहुगङ्गा र प्रच्छन्न रूपले रहेकी सरस्वती नदीको सङ्गम छ । भारतमा रहेका गङ्गा, यमुना सरस्वतीको सङ्गममा रहेको तीर्थराज प्रयागराजजस्तै यसलाई नेपालको आदि प्रयोगको रूपमा पुराण वाङ्मयले परिभाषित गरेको छ । प्रयागले सामान्यतया भारतको इलाहवाद नगरनजिकै पर्ने तीर्थलाई बुझाए पनि विषेश नदीहरूको वेणी र घाटलाई पनि बुझाएको पाइन्छ । जस्तै अलकानन्द

र भागीरथीको सङ्गम **देवप्रयाग,** अलकानन्द र मन्दाकिनीको सङ्गम **रुद्रप्रयाग,** अलकानन्द र पिण्डरगङ्गाको सङ्गम **कर्णप्रयाग**, अलकानन्द र नन्दाको सङ्गम **नन्दप्रयाग,** भागीरथी र श्यामगङ्गाको सङ्गम **श्यामप्रयाग**, भागीरथी र नीलगङ्गाको वेणी **गुप्तप्रयाग**,विष्णु गङ्गा र अलकानन्दको सङ्गम **विष्णुप्रयाग**, अलसतरङ्गिणी र मन्दाकिनीको सङ्गम **सूर्यप्रयाग** आदि भारतवर्षमा चौंधवटा प्रयागहरूको अवस्थिति भेटिन्छ (कल्याण पुराण कथाङ्क पृ.१२६) । यसै गरी यो ठाउँ पनि आदि कालको प्रयाग नै थियो भन्न सकिन्छ। जहाँ यज्ञको फल प्राप्त हुन्छ, जहाँ देवनदीहरूको सङ्गम रहन्छ त्यस ठाउँलाई प्रयाग भन्न सकिन्छ। जहाँ स्नानादि कर्महरूगर्दा पापहरू पखालिएर साधकलाई नारकी गति भोग्नु पर्दैन त्यस्तो ठाउँ प्रयाग हो भन्ने मान्यतालाई अनुसरण गर्दा पनि गलेश्वर धाममा मिसिन आउने काली, रहु र सरस्वतीको सङ्गम एउटा विशिष्ट प्रयाग बन्न गएको छ भन्ने प्रमाणित हुन्छ।

परापूर्व कालदेखि नै यहाँ स्नान दान पुण्यादि गर्दा मुक्ति मिल्दछ भन्ने जनविश्वास रहेकोले यसको धार्मिक महत्ता कति छ भन्ने कुरा यस तीर्थस्थलमा देखिने उर्लंदो जनलहरले नै बताउँछ। एउटै नदीमा गरिएको स्नानबाट मान्छेले रोग, शोक र भयबाट मुक्ति पाउँछ, ऊ कल्मषरहित हुन्छ, अनि अन्तमा सद्गति प्राप्त गर्दछ भन्ने समाजको धार्मिक विश्वास छ भने त्रिवेणीमा स्नान गर्दा अनन्त फल प्राप्ति हुन्छ भन्ने शास्त्रवचन पनि छ। यस अर्थले पनि त्रिवेणी सङ्गम रहेको यस क्षेत्रको धार्मिक महत्त्व बढेको छ । ऋषि, मनीषी, वीतरागी सन्त महात्मा, महापुरुषहरूको प्रिय तपस्थली भएकोले पनि यो धाम धार्मिक विशेषताले भरिएको सिद्ध हुन्छ । टाढा टाढाबाट आएर विशेष किसिमका अनुष्ठानहरू गर्नु कालीगण्डकीका तीरमा देहविसर्जन गरे सिधै स्वर्ग जान पाइन्छ भन्ने विश्वास राख्नु, मनकामना सिद्धिका लागि महिनौंसम्म व्रत उपवास गर्नु, घर परिवार त्यागेर कल्पवास बस्नका लागि यही ठाउँलाई रोज्नु, तीर्थयात्री, साधु सन्त, वैदिक वटुहरूलाई भोजन गराउनु लगायतका कर्महरूलाई धर्म कर्मसँग जोडेर हेरिएको पाइन्छ । विभिन्न पर्व र उत्सवसँग जोडिएर आउने वर्षदिन भरिका संक्रान्ति, विशेष तिथि, सूर्य चन्द्र ग्रहण, अयन परिवर्तन आदिका सन्दर्भमा यही तीर्थस्थललाई आधार बनाइनुले समेत यस ठाउँको धार्मिक

महत्त्वलाई प्रस्तुत गर्दछन् ।

धार्मिक आस्थासँग जोडिएको गण्डकी स्नानले एकातिर यहाँका व्यक्तिहरूमा देखिने पुण्यकर्मप्रतिको गहिरो विश्वासलाई प्रकट गर्दछ भने अर्कोतिर जलसम्पदा एवम् प्रकृतिप्रतिको सम्मान भाव राख्ने वैदिक धर्मानुयायीहरूको सभ्य संस्कृतिको सङ्केत गर्दछन् । विषेश गरेर नववर्षारम्भको संक्रान्ति, माघे संक्रान्ति, साउने संक्रान्ति हरिशयिनी एवम् हरिबोधनी एकादशीका दिन यहाँ गण्डकी स्नान गर्नेको भीड लाग्दछ भने हरिबोधनी एकादशी भीष्मपञ्चक चतुर्मास व्रतसमाप्तिका अवसरमा टाढाटाढाबाट बाजागाजासहित भजन कीर्तन गर्दै रङ्गीविरङ्गी फूलमाला र धजा पतकाले सिंगारिएको तोरणलाई श्रद्धा आदरका साथ डोलामा राखेर ल्याइन्छ र भक्तिपूर्वक गण्डकीको पूजाआजा गरी तोरण टाँगिन्छ । त्यति बेला सयौं तोरणले सिंगारिएकी गण्डकीलाई देख्दा जो कुनै पनि व्यक्ति पुलकित हुन्छ, शिर श्रद्धाले झुक्दछ, हृदयमा भक्तिका अनन्त भावलहरहरू उर्लन्छन् अनि मनमा अपार आनन्दको अनुभूति हुन्छ । ब्राह्मण, क्षेत्री, नेवार, मगर, गुरुङ, थकाली, छन्त्याल, आदि वर्ण समुदायका व्यक्तिहरूको साझा गन्तव्यको भूमि बनेको यस ठाउँमा यी पर्व महोत्सवहरूले एकातिर धार्मिक परम्पराको निरन्तरता दिएका छन् भने भजन कीर्तन, झाँकी, नृत्य आदिका माध्यमबाट उदार र समन्वयात्मक मौलिक लोकसंस्कृतिको महत्त्वलाई बढाइरहेका छन् ।

१०. वर्तमान अवस्था

गलेश्वरक्षेत्र भन्नाले कालीगण्डकीको पश्चिम र रहुगङ्गाको दक्षिण भागमा अवस्थित ९ रोपनीको विशाल चक्र शिला एवम् त्यस परिसरको दायाँबायाँ भागको क्षेत्रलाई जनाउँछ । त्यसो भएपनि लोकले म्याग्दीका गलेश्वर शिवालय, गायत्री घाट र पर्वतको जलजला-२ मा पर्ने राम मन्दिर समेत सम्बोधन गर्ने हुँदा यहाँ तिनीहरूको वस्तुस्थितिको चर्चा गरिन्छ-

१०.१.गलेश्वर शिवालय क्षेत्र

गलेश्वर चक्रशिलाको वास्तविक ऐतिहासिक तथ्य पत्ता लगाउन कठिन छ । यो चक्रशिला सृष्टिकै उषाकालको हुनुपर्छ अथवा

कालीगण्डकीको प्रवाह खिइँदै जाँदा भूगर्भभित्र रहेको यो आश्चर्यलाग्दो चट्टान देखिएको हुनुपर्छ । मानव निर्मित भौतिक संरचनाहरू फेरिए होलान् तर यसको प्राकृतिक स्वरूप फेरिएको छैन । यो अनादि कालदेखि यस्तै थियो र अनन्तसम्म यही रूपमा रहिरहने छ । यस शिलाका परिसरमा बनेका संरचनाहरूमा केही विकास र परिवर्तनहरू हुँदै आएका छन् । यहाँको मूल मन्दिर आजभन्दा २०० वर्ष अगाडि बनेको हो भन्ने जनविश्वास छ । यहाँ सर्वप्रथम नाथ भनिने कुनै एक सज्जनले शिवजीको पूजा चलाएका थिए । पछि हरिनारायण गिरिले खरले छाएर मन्दिरको आकार दिएका थिए । त्यसपछि राखु पिप्लेका हस्तबहादुर मल्लले आफ्नो बेपत्ता भएको छोरा भेटिएमा मन्दिर बनाउने भाकल गरेका र छोरा भेटिएको हर्षले भाकल पूरा गर्न ढुङ्गाको छानो भएको एकतले मन्दिर निर्माण गरेको बताइन्छ । समयसँगै बिस्तारै जनआकर्षण बढ्दै जाँदा वि.सं. २०२१ मा जि.वि.स. म्याग्दी र घतान गाउँपञ्चायत अनि शिवालयको आयआर्जनबाट तीनतले मन्दिर निर्माण भएको थियो । त्यसको धेरै समय पछाडि म्याग्दी पात्लेखेत जन्म भई काठमाडौं ताहचल निवासी समाजसेवी राधाकृष्ण पराजुलीले वि.सं. २०५३/५४ मा रू.२०,००,००० बीस लाख बराबरको निजी लगानीमा प्यागोडा शैलीको व्यवस्थित र आकर्षक मन्दिर निर्माण गरेको देखिन्छ । त्यसै गरी रघुगङ्गा गा.पा.१ भगवतीका समाजसेवी मुक्तिनाथ सुवेदीद्वारा रू. ५,११,०००/-को खर्चमा यज्ञशाला निर्माण गरी हस्तान्तरण गरेको त्यहाँको शिलालेखले बताउँछ । उहाँहरूको यो समर्पण भावसँगसँगै शिवालय क्षेत्रको रूपै फेरिएको छ भने २०५६ मा सम्पन्न गलेश्वर विराट् महायज्ञ सम्पन्न भएपश्चात् गलेश्वरधामका रूपमा परिणत हुँदै आएको छ यसै परिसरमा बेनी निवासी श्री भगवान् श्रेष्ठद्वारा निर्मित लक्ष्मीनारायण मन्दिर र स्वामी श्रीधराचार्यद्वारा राधाकृष्ण मन्दिर निर्माण भएका हुन् । स्वामी कमलनयनाचार्य (मुक्तिनाथ बाबा)को संरक्षकत्व र उत्तराधिकारी स्वामी ऋषि प्रपन्नाचार्यको सक्रियतामा यस मन्दिरको जीर्णोद्धार गरी २०७३ मा शिखर शैलीमा नयाँ मन्दिर निर्माण गरिएको छ । मन्दिरका चारै कोणमा विभिन्न देवीदेवताहरूको कलात्मक मूर्तिहरूको स्थापना र दक्षिण भारतीय शैलीका

कलाकृति यस मन्दिरका विशेषता हुन् ।

यहाँ २०२१ सालमै वेद विद्याश्रम स्थापना भएको पाइन्छ । त्यो केही समय चलेर बन्द हुन पुगेको थियो भने २०४३ सालमा शालग्राम गण्डकी वेदविद्याश्रमका नाममा पुनः सञ्चालनमा आएको थियो । २०४५ सालतिर पङ्क्तिकारले पनि यसै गुरुकुलमा वेद व्याकरणको अध्ययन गरेको थियो । शिवालय क्षेत्रको गहना र धवलागिरि अञ्चलको नमूना गुरुकुल बनेको त्यो विद्यालय केही समय नामशेष हुन पुगे पनि २०७० बाट पुनः सञ्चालनमा अएको छ ।

विगतमा स-साना कुटी, अव्यवस्थित बस्ती, साँघुरो बाटो, सुरक्षा पर्खालको अभाव, जीर्ण मन्दिर, यज्ञशाला र धर्मशालाको अभाव, तीर्थयात्रीको आवागमनमा कठिनाइ, जनशक्तिको कमी, स्रोतसाधनको अपर्याप्तता, आर्थिक विपन्नता, प्रचार प्रसारको शून्यता, प्रशासनिक निकायको उदासीनता यस्तै यस्तै केही आन्तरिक केही बाह्य कठिनाइहरूसँगै जुध्दै र विगतका अनुभवहरूबाट पाठ सिक्दै यसको बृहत्तर विकास गर्नुपर्छ भन्ने उद्देश्यले वि.सं. २०५८ सालमा गलेश्वर शिवालय क्षेत्र विकास समितिको गठन भएको पाइन्छ । यस कोषले यस क्षेत्रको भौतिक, सामाजिक र आर्थिक पक्षलाई समेटी तत्कालीन अल्पकालीन र दीर्घकालीन गुरुयोजना तयार पारेर तत्कालीनअन्तर्गत मठ मन्दिरको जीर्णोद्धार, तीर्थस्थलको प्रचारप्रसार, यज्ञयज्ञादिबाट प्राप्त हुने आम्दानीको पारदर्शिता एवम् बैंकिङ् कारोबारको व्यवस्था मिलाएको छ भने अल्पकालीन योजनाअन्तर्गत पुजारी आवास, पैदल मार्गको स्तरोन्नति, शौचालयको व्यवस्था, व्यवस्थित बृद्धाश्रमको निर्माण, सि.सि क्यामेरा जडानजस्ता कामहरू सम्पन्न गरेको छ । यसैगरी दीर्घकालीन योजनामा ज्येष्ठ नागरिक आश्रम, सत्सङ्ग भवन, यात्री निवास, बहु उद्देश्यीय पार्कनिर्माण संस्कृत विद्यालयको समुचित व्यवस्थापन, धार्मिक सभाको आयोजना लगायतका कार्यहरू गरेको देखिन्छ । क्षेत्र विकास कोषको स्थापनापछि अहिलेसम्म साना ठूला गरी ४४ वटा आयोजना पूरा भएको बुझिन्छ । यी आयोजना पूरा गर्न दाताहरूबाट ४,००,००,००० (चार करोड,) नेपाल सरकारबाट ३,००,००,००० (तीन करोड) र शिवालय क्षे.वि. कोषबाट ३,००,००,००० (तीन करोड) लगानी भएको देखिन्छ (महेश पराजुली/

रुद्रबहादुर के.सी) ।

वर्तमानमा चक्रशिला परिसरमा मूल शिवालय, लक्ष्मीनारायणको मन्दिर, राधाकृष्ण मन्दिर, हवन कुण्ड, यज्ञशाला, निर्मित छन् भने गणेश, शिव, हनुमान्, नटराज, दुर्गा भवानी, लक्ष्मीनारायण, कामधेनु गाई, शेषशायी विष्णु र १०८ ज्योतिर्लिङ्ग सुशोभित छन् । चक्रशिलाका बाहिरी भागमा शालग्राम गण्डकी वेद विद्याश्रम, शिवालय अन्तर्गतको सुविधासम्पन्न यात्रीनिवास, अन्नक्षेत्र, वृद्धाश्रम, पाकशाला, ज्येष्ठ नागरिक आश्रम, औषधालय राधाकृष्ण मन्दिरअन्तर्गतको धर्मशाला, सन्त सेवाश्रम विद्यमान छन् । अन्नक्षेत्र, ज्येष्ठ नागरिक र संस्कृत विद्यालयको व्यवस्थापन शिवालय क्षेत्र विकास कोषले गर्दै आएको छ। ज्येष्ठ नागरिक आश्रममा ५० जना वृद्धवृद्धा १० जना एकल महिलाको आश्रय बनेको छ । यिनीहरूलाई निशुल्क गास, वास, कपासको सेवा प्रदान गर्दै आएको छ भने संस्कृत विद्यालयमा आवासीय रूपमा रहेका २५ जना ब्राह्मण वटुहरूको खर्चसमेत यसै कोषले व्यहोर्ने गरेको देखिन्छ । यसका अतिरिक्त मुक्तिनाथ जाने तीर्थयात्री र अनाथ, अशक्त, साधु सन्तहरूको आवास र भोजन प्रबन्ध अन्नदान क्षेत्रअन्तर्गत भइरहेको छ ।

रामानुज सन्त सेवाश्रमको सम्पूर्ण खर्च राधाकृष्ण मन्दिरबाट सञ्चालन हुँदै आएको छ । यी सबैको लागि हुने खर्च प्रबन्धको मुख्य स्रोत दानदातव्य हो। दानवीरहरूको उदारता भक्तहरूको सहयोग, सज्जनहरूको सेवा भावले नै अहिलेसम्म यी संस्थाहरूले जीवन पाएका छन् । त्यसो त शिवालय क्षेत्रका नाममा ६० रोपनी गुठी जग्गा देखिन्छ तर श्रमअनुसार को उब्जनी नहुँदा त्यसको प्रभावकारिता देखिँदैन भने राधाकृष्ण मन्दिरका नाममा रहेको जग्गाको पनि सही सदुपयोग हुन सकेको छैन । दानदातव्यबाट प्राप्त सहयोग आकाशवृत्तिजस्तै हो । तसर्थ यी विशाल संस्थाहरूको सही व्यवस्थापनका निमित्त भरपर्दो अक्षय कोषको व्यवस्था हुनुपर्ने देखिन्छ ।

१०. २. गायत्रीघाट

गलेश्वर शिवालय क्षेत्रदेखि उत्तर वायव्य कोणमा कालीगण्डकी र रहुगङ्गाको ठिक दोभानमा रहेको गायत्री ध्यानाश्रम म्याग्दी जिल्लाको रहुगङ्गा गा.पा.३ मा अवस्थित छ । ब्रह्मयोगी **ईश्वरानन्द बाबा**ले यहीं

बसेर गायत्रीको उपासना गरी अष्टसिद्धि प्राप्त गरेको हुँदा यस ठाउँको गायत्री ध्यानाश्रम नामकरण गरिएको हो । १७५ वर्ष पुरानो पछिल्लो इतिहास रहेको यो क्षेत्र गायत्री उपासनाका निम्ति नेपालभर प्रसिद्ध छ । भौतिक विकासभन्दा पनि आध्यात्मिक चिन्तनमा रमाउने बाबा ईश्वरानन्दको जीवनदर्शनबाट प्रभावित भएका उहाँका शिष्य प्रशिष्य १००८ **दण्डी स्वामी** र १००८ **स्वामी चेतानन्द सरस्वती**का जीवनकालमा यस आश्रमको जति विकास र आकर्षण बढेको थियो वर्तमान समयमा त्यति हुन सकेको देखिँदैन । गायत्री माताको पुरानो र नयाँ १/१ मन्दिर ईश्वरानन्द र दण्डी स्वामीका मूर्ति भएका मन्दिर, यज्ञकुण्ड, बाबाको पर्णकुटी अनि एउटा यात्री निवास यहाँका भौतिक संरचना हुन् । पञ्चपल्लवका रूखहरूका सुन्दर छहारी, शान्त एकान्त प्रकृति, काली र रहुगङ्गाको पावन तटमा सुशोभित यस आश्रममा पुग्दा जो कोहीलाई साँच्चिकै तपोभूमि हो भन्ने अनुभूति हुन्छ । गलेश्वरबाबा ध्यानाश्रम समितिमार्फत सञ्चालनमा आएको यस आश्रमको नाममा १४ रोपनी जग्गा गुठी छ (क्षेत्री, २०५६, पृ.३५) । यसका अतिरिक्त दानदातव्यबाट प्राप्त हुने सहयोग नै सञ्चालनको मुख्य स्रोत रहेको देखिन्छ ।

१०.३. राममन्दिर

गलेश्वर शिवालय क्षेत्रको ईशानकोण गायत्री ध्यानाश्रमको पूर्व , कालीगण्डकी र रहुगङ्गा मिसिएको दोभानको ठिक सम्मुख कालीगण्डकीका तीरैमा अवस्थित राम मन्दिर पर्वत जिल्लाको जलजला गा.पा वडा नं. २ मा पर्दछ । पर्वत खुर्कोटमा जन्मिएका रामानन्द सम्प्रदायबाट दीक्षित आबाल ब्रह्मचारी **केशवदास वैरागी**को सक्रियतामा वि.सं.२०४५मा निर्मित राम मन्दिरले कालीका पूर्वीतटबाट समग्र गलेश्वर क्षेत्रको शोभा बढाइरहेको छ । प्रत्येक रामनवमी र शारदीय नवरात्रमा नियमित **वाल्मीकीय रामायण**, **रामचरितमानस**को पाठपारायण एवम् अखण्ड रामनाम सङ्कीर्तन यस आश्रमका विशेषता हुन् । विभिन्न यज्ञ यागादि र भक्तहरूको दानदातव्यबाट अक्षयकोष खडा गरी सञ्चालनमा आएको राम मन्दिर परिसर एउटा साधना क्षेत्रका रूपमा विकास हुँदै गएको छ । राममन्दिरका नाममा १५ मुरी धान

फल्ने खेत अचल सम्पत्तिको व्यवस्थापन भए पनि बदलिँदो समयमा त्यसबाट आयआर्जन गरेर आश्रम सञ्चालन गर्न निकै कठिनाइ छ । समग्र गलेश्वर क्षेत्रका गहना बनेका यी शिवालय क्षेत्रका अपेक्षा राम मन्दिर र गायत्री ध्यानाश्रमको त्यति विकास हुन सकेको छैन । यी दुवै आश्रमहरू उदार दाता र त्यागी महापुरुषहरूको पर्खाइमा बसेको अनुभूति हुन्छ ।

११.पर्यटकीय विशेषता

कालीगण्डकी प्रस्रवण क्षेत्रले एकातिर धार्मिक पौराणिक महत्त्वका कारण समस्त वैदिक धर्मावलम्बीहरूको आस्थाको प्रतिनिधित्व गरिरहेको छ भने अर्कातिर यो क्षेत्र सुशीतल जलप्रवाह, भौगोलिक वैचित्र्य, एवम् प्राकृतिक सम्पदाका कारण विश्वकै पर्यटनप्रिय मानवहरूका लागि गन्तव्यको प्रियक्षेत्र भइरहेको छ । यही कालीगण्डकी प्रस्रवणको एउटा मुख्य केन्द्रको रूपमा रहेको गलेश्वरधामले आन्तरिक र बाह्य पर्यटकहलाई लोभ्याइरहेको छ । पौराणिक, धार्मिक, प्राकृतिक र सांस्कृतिक महत्त्व बोकेको विश्वदुर्लभ विशाल चक्रशिला नै यसको आधार हो । यहाँ यातायातको पहुँच पुगेसँगै दिनप्रतिदिन आन्तरिक र बाह्य पर्यटकहरूको लोभलाग्दो उपस्थिति देख्न पाइन्छ । मुख्यतः यो क्षेत्र मुक्तिनाथ दामोदरकुण्डजस्ता शीर्ष तीर्थस्थलहरूको प्रवेशद्वारको रूपमा रहेको हुँदा बढी मात्रामा धार्मिक पर्यटकहरू भित्रने गर्दछन् । शैक्षिक तथा विभिन्न संघसंस्थाहरूको भ्रमण अवलोकन, अध्ययन र, भौगोलिक सांस्कृतिक प्राकृतिक रहस्यहरूको अन्वेषण कर्ताहरूका लागि पनि यो क्षेत्र रोजाइको विषय बन्न थालेको छ । यहाँ विशेष पर्व उत्सवहरूमा हुने मेला महोत्सवका माध्यमले पनि हजारौको संख्यामा पर्यटकहरू भित्रिरहेका हुन्छन् । धार्मिक सांस्कृतिक पक्षले मात्र नभएर यो क्षेत्र व्यापार प्रवर्धन र नेपाल भ्रमणका लागि पनि एउटा प्रमुख गन्तव्य बन्न सक्ने देखिन्छ । कालीगण्डकी करिडोर सम्पन्न भएपछि कोरला नाका हुँदै चीनको मानसरोवरसम्म जाने तीर्थयात्रीहरूको विश्रामस्थलका रूपमा विकास गर्न सके अहिलेको सङ्ख्यामा तेब्बर वृद्धि हुने अनुमान गर्न सकिन्छ ।

यहाँ गलेश्वर क्षेत्रका अतिरिक्त पर्यटनका अन्य केन्द्रहरू पनि छन् तर तिनको सही सूचना प्रवाह नहुँदा टाढाटाढाबाट आएका यात्रीहरू त्यसै फर्कने

गरेको पाइन्छ। त्यसैले गलेश्वरको पर्यटकीय विशेषतालाई बुझाउनका लागि छिमेकी जिल्ला र गाउँ नगरका दर्शनीय स्थलहरूसँग जोड्न आवश्यक छ। गलेश्वर पुलहाश्रम अनि कालञ्जर क्षेत्र एक अर्काका परिपूरक हुन्। भरतले तपस्या गरेको पुलहाश्रम, स्नान गरेको कालीगण्डकी अनि मृग भएर घुमेको कालञ्जर पर्वत र त्यस वरपरका पर्यटकीय स्थलहरूको समेत उत्तिकै महत्त्व छ। गलेश्वरको पूर्वी भागमा अवस्थित नेपालको इतिहासमै प्रसिद्ध मल्लाजको ऐतिहासिक दरबार एवम् त्यस क्षेत्रमा रहेका गिद्धेश्वर, सर्षकमाए, फलामे डाँडा, शिर्पु, हम्पाल, जलजला (मृगतीर्थ), धाईरिङ्ग भूमे आदि, दक्षिण पश्चिमतर्फ रहेका पुलहाश्रम, जगन्नाथ मन्दिर, टोडके एवम् उत्तरतर्फ राखु भगवती कोटजस्ता धार्मिक ऐतिहासिक महत्त्वका बारे जानकारी गराउन आवश्यक छ।

१२.विकासका सम्भावना र सुझाव

कुनै पनि ठाउँको विकास चेतना, जागरण, परिश्रम, उद्यम आदि क्रियाकलापमा निर्भर रहन्छ । विकास भनेको विगतको भन्दा वर्तमान, वर्तमानभन्दा भविष्य क्रमशः सुधारोन्मुख हुँदै यथास्थितिबाट माथि उठेर सम्भावनाको खोजी गरी तदनुरूपको कार्य गर्नु हो । विकासका दृष्टिले गलेश्वरधाम प्रशस्त सम्भावना बोकेको क्षेत्र हो। यो क्षेत्र आफैमा विशिष्ट स्थल भएकोले यसको आफ्नै किसिमको बहुआयामिक विकास हुन सक्ने देखिन्छ । यहाँ सम्भावना र विकासका लागि अपनाउनुपर्ने उपायका बारे सुझावहरू प्रस्तुत गरिन्छ -

१२.१.अलौकिक तीर्थस्थलका रूपमा विकास

माथि नै चर्चा गरिसकियो कि यो क्षेत्र संसारकै एक दुर्लभ र विस्मयकारी चक्रशिला भएको पावन स्थल हो। प्रकृतिको वरदान ९ रोपनीको क्षेत्रफलमा फैलिएको एउटै विशाल चट्टान, चट्टानमाथि पौराणिक वाङ्मयमा निर्दिष्ट अनेक अभिलक्षणहरू भेटिने शालग्रामका विचित्र आकृतिहरू त्यसैमा समुत्पन्न स्वयम्भू हिरण्यगर्भ, अनि माटोरहित पत्थरकै बीचमा कहिल्यै नसुक्ने जलकुण्ड त्यसैमा देखिने पीपलको वृक्ष, हरि विष्णु र हर शिवको एकत्वको भूमि यस्तै यस्तै विशेषताले भरिएको यो दिव्यभूमि सृष्टिको अनुपम नमूना हो भने कहिल्यै नरित्तिने नसिद्धिने प्राकृतिक सम्पदा पनि हो। यस सम्पदालाई

विश्वकै अलौकिक तीर्थस्थलका रूपमा विकास गरी विश्व सम्पदासूचीमा सूचीकृत गर्न सके यसको बृहत्तर विकासको ढोका खुल्ने सम्भावना छ ।

१२.२.आध्यात्मिक साधनाको केन्द्र

श्रीमद्भागवतमहापुराण, वाराहपुराण, स्कन्दपुराण आदि पौराणिक वाङ्मयका अनेक ग्रन्थहरूमा वर्णित गलेश्वर पुलहाश्रमका पावन परिसरमा जीवन उत्सर्ग गरेका ज्ञानगुरु राजर्षि जडभरत साँख्यशास्त्रका प्रवर्तक महर्षि कपिल अनि राजा रहुगणका त्याग साधना र उदारताको सही व्याख्या गरी अध्यात्म साधनाको केन्द्रका रूपमा विकास गर्न सकिन्छ । जसबाट द्वन्द्व, कलह र अशान्तिले छट्पटिएको मानव समाज आत्मिक सुख शान्ति प्राप्त गरी लोककल्याणको मार्गमा उन्मुख हुन सक्ने देखिन्छ ।

१२.३.गण्डकी प्रदेशको चार धाममध्ये विशिष्ट धामका रूपमा विकास

भारतका चार धाम बदरीनाथ, जगन्नाथ, रामेश्वर, द्वारका र नेपालका चार धाम मुक्तिक्षेत्र, वराहक्षेत्र, पाशुपतक्षेत्र, रुरुक्षेत्रजस्तै गण्डकीका त्रिवेणी, देववघाट, मुक्तिनाथ र गलेश्वर यी चार तीर्थस्थल मध्येको एउटा विशिष्ट धामका रूपमा प्रदेशतहबाटै विकास गर्न सकिने ।

१२.४.प्रमुख पर्यटकीय गन्तव्य

निर्माणधीन कालीगण्डकी करिडोर गलेश्वर क्षेत्र हुँदै जोमसोमतर्फ जाने हुँदा यस ठाउँलाई पर्यटकहरूको विश्रामस्थलका रूपमा विकसित गरी आन्तरिक बाह्य पर्यटकहरू भित्राउन सकिने सम्भावना छ । गलेश्वर धामका तीन त्रिकोणमा रहेका गलेश्वर शिवालय क्षेत्र, गायत्री ध्यानाश्रम र राममन्दिर लाई तीन तिरैबाट जोडी परिक्रमा मार्ग बनाएर धार्मिक पर्यटकहरूको आकर्षण बढाउन सकिने ।

गलेश्वरधामसँग अन्तरसम्बन्ध रहेका कालञ्जर क्षेत्रभित्रका सषर्कमाए, गिद्धेश्वर, हम्पाल, शिर्पु र पुलहाश्रमतर्फका पौलस्त्य आश्रम, जगन्नाथ मन्दिर, टोड्के पात्लेखेत अनि उत्तरी भेगमा अवस्थित राखु भगवती सम्म रज्जुमार्ग निर्माण गरी अग्ला अग्ला पर्वत शिखरहरूमा रहेका धार्मिक, प्राकृतिक र ऐतिहासिक स्थलहरूको भ्रमण र दृश्यावलोकनको आनन्द प्राप्त गर्न सकिने देखिन्छ ।

१३.सुझाव

- सर्वप्रथम चक्रशिलाको अनुसन्धान गरी त्याहाँ भएका शिलाहरूको नामाङ्कन हुनुपर्ने ,
- यस क्षेत्रलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्न पहल गर्नुपर्ने,
- यसको प्रचार प्रसारमा व्यापकता ल्याउनुपर्ने,
- स्थानीय, प्रदेश र राज्यस्तरबाटै अल्पकालीन र दीर्घकालीन योजना तयार पारी क्रमिक विकास गर्नुपर्ने ,
- प्राचीन कालका जडभरत, रहुगण र कपिलजस्ता ऋषि महर्षि अनि आधुनिक कालका ईश्वरानन्द, दण्डीस्वामी श्रीधराचार्य लगायतका महापुरूषहरूका जीवन चरित्रबारे पुस्तकहरू तयार गर्नुपर्ने ,
- नदीमा फ्याँकिएको ढललाई नियन्त्रण गर्नुपर्ने ,
- ठाउँठाउँमा सूचना र सचेतनाका बोडहरू राख्नुपर्ने ,
- पर्यटकहरूको बढ्दो चापलाई मध्यनजर गरी आवासको व्यवस्थापन हुनुपर्ने ,
- गलेश्वर क्षेत्र परिसरमा पञ्चपल्लव रोप्न पर्ने ,
- वैदिक सनातन धर्मको धरोहरका रूपमा रहेको संस्कृत विद्यालयलाई स्तरोन्नति गर्नुपर्ने ,
- गण्डकीको नित्य आरती गर्नुपर्ने ,
- वार्षिक रूपमा विद्वत् सम्मेलन, सन्त सम्मेलन आदि गर्नुपर्ने ,
- हुलाक टिकट प्रकाशन गर्न पहल गर्नुपर्ने,
- विभिन्न संस्कार र धार्मिक कृत्यहरूमा देवनदी भागीरथीको जल नेपालमा ल्याएजस्तै गण्डकीको जल घर घरमा पुऱ्याउने चेतना भर्नुपर्ने ,

१४.निष्कर्ष

नेपालका अन्य तीर्थस्थलहरूझैं गण्डकीक्षेत्र अन्तर्गतको गलेश्वर धाम पनि एउटा महनीय तीर्थस्थल हो । धार्मिक सांस्कृतिक र पर्यटकीय महत्ताका प्रशस्त सम्भावनाहरू हुँदाहुँदै पनि जुन रूपले यस धामको विकास हुनपर्ने हो त्यति हुन सकेको छैन । धार्मिक, पौराणिक सन्दर्भले मात्र होइन प्राकृतिक, भौगोलिक, पर्यावरणीय र पर्यटकीय विलक्षणताले पनि यो

क्षेत्र समस्त पृथ्वीतलका दुर्लभ भूमिहरूमध्येको आश्चर्यकारी भूखण्ड हो भन्न अत्युक्ति हुँदैन । कुनै पनि ठाउँको महत्त्वबोध गर्न बाहिरी दृष्टि मात्र पर्याप्त हुँदैन त्यहाँ सूक्ष्म निरीक्षणको आवश्यकता रहन्छ । अर्थात् भनौं त्यस ठाउँको समग्र गवेषणले मात्र वास्तविकतालाई बुझ्न सकिन्छ । गलेश्वर धामको दृश्यजगत् र संवेद्य जगत्लाई एकैसाथ आत्मसात गर्दै जाँदा हरेक द्रष्टालाई एकातिर आर्षसभ्यताको आलोक फैलिएको जस्तो लाग्छ भने अर्कातिर छुट्टै किसिमको नयनाभिराम प्रकृतिको काखमा पुगेको अनुभव हुँदै जान्छ । आदिकालका ज्ञानयोगी राजर्षि भरत हुन् अथवा राजा रहुगण आदि तपसी पुलस्त्य पुलह हुन् अथवा सांख्याचार्य महायोगी कपिलमुनि, पछिल्लो समयका सिद्धपुरूष गुरु ईश्वरानन्द (गलेश्वर बाबा) हुन् अथवा तपोममूर्ति दण्डीस्वामी महाराज त्यसैगरी ज्ञानमूर्ति षडाचार्य स्वामी श्रीधराचार्य हुन् अथवा सन्तपुरूष चेतानन्द सरस्वती एवम् अन्यान्य देशविदेशका धार्मिक तीर्थयात्री हुन् अथवा वीतरागी योगी संन्यासी, घुमन्ते फकिर हुन् अथवा कल्पवासी वृद्धवृद्धा यी सबै पुण्यात्माहरूको, अध्येता अनुसन्धानहरूको प्रिय भूमि हो । त्यागी, योगी, साधक साधिका, सन्त, महात्मा, विद्वान् विदुषीहरूको साधना र ज्ञानको दिव्य तपस्थली बनेको यस धामको हिजो जति महत्त्व थियो आज पनि त्यत्तिकै महत्त्व बढिरहेको छ । यहाँको पौराणिक आख्यानको आफ्नै विशेषता छ भने भूबनोट एवम् शान्त सुन्दर प्रकृतिको अर्कै महत्ता छ । यस क्षेत्रलाई केवल धर्म संस्कृतिसँग साधना र उपासनासँग मात्र सीमित गर्नुहुँदैन । अपितु यस क्षेत्रका बहुविध विशेषताहरूको खोजी र पहिचान हुनुपर्ने देखिन्छ । त्यसो भएमा यो क्षेत्र म्याग्दी जिल्लाको मात्र नभएर समग्र गण्डकी प्रदेश अनि देवभूमि नेपालकै उत्कृष्ट गन्तव्यको भूमि बन्न सक्ने निश्चय गर्न सकिन्छ ।

सन्दर्भस्रोत

कालिदास, (२०१२) मेघदूत, व्या.दयाशङ्कर शास्त्री, वाराणसी : चौखम्वा सुरभारती।

कल्याण पुराणकथाङ्क, (वि.सं.२०४६) गोरखपुर : गीताप्रेस पृ.१२६।

क्षेत्री, दिलबहादुर (२०५६), गलेश्वर शिवालय तथा पुलहाश्रम क्षेत्र संक्षिप्त परिचय, म्याग्दी : गलेश्वर शिवालय क्षेत्र विकास समिति।

गलेश्वर विराट् महायज्ञ स्मारिका, (२०५६), म्याग्दी : गलेश्वरक्षेत्र विकास कोष।

नेपाल, नलराज (२०७०), भगवती गण्डकी क्षेत्रअन्तर्गतका चार तीर्थराज प्रयाग, तनहुँ : मणि मुकुन्देश्वर चक्रवर्ती आश्रम, देवघाट धाम।

पन्थी, टीकाराम (२०४२), केही जनश्रुतिहरू, गुल्मी : तम्घास किरण पुस्तकालय।

पद्मपुराण, (१९८४) सम्पा. नागशरण सिंह. दिल्ली : जवाहरनगर नाग पब्लिशर्स।

पराजुली, ठाकुर (वि.सं.२०५६), 'गलेश्वरका सन्त र वहाँको गलेश्वर आश्रम' गलेश्वर विराट् महायज्ञ स्मारिका, (२०५६), म्याग्दी : गलेश्वरक्षेत्र विकास कोष।

पोखरेल, बालकृष्ण र अन्य (२०५५), नेपाली बृहत् शब्दकोश, काठमाडौं :नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान।

प्रेम छोटा (२०४४), धवलागिरिका केही लोक संस्कृतिहरु, पुलचोक : साझा प्रकाशन।

भट्टराई, ज्ञानेश्वर (२०७४/७५), बृहत् ज्ञानकोश, काठमाडौं : वागबजार आशीष बुक हाउस प्रा.लि।

मुक्तिक्षेत्र महात्म्य (वि.सं.२०६८) सं.अनु, श्री निवास मुक्तिनारायण रामानुज जीयर, काठमाडौं : अखण्ड ज्योति बाबा श्रीजी च्यारिटेवल ट्रस्ट

योगी, नरहरिनाथ (२०३८), देवभूमि भारत एवम् आध्यात्मिक नेपाल, काष्ठमण्डप : गोरक्षपीठ, मृगस्थली।

वस्तुगत विवरण (२०७५) म्याग्दी : बेनी नगरपालिका, बेनी।

वाराहपुराण (१९८२), सम्पा. ऋषीकेश शास्त्री, वाराणसी : चौखम्बा अमर भारती प्रकाशन।

विष्णुपुराण (वि.सं.२०७४)अनु. मुनिलाल गुप्त, गोरखपुर : गीताप्रेस ।

शिवमहिम्नःस्तोत्र (वि.सं.२०७०), अनु . रामानन्द गिरि, देवघाट : महेश संस्कृत गुरुकुल।

श्रीमद्भगवद्गीता (२०५३), द्वितीय सं., गोरखपुर : गीताप्रेस।

श्रीमद्देवीभागवतमहापुराण (२०७२), टीका. वेणीमाधव ढकाल, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।

समाधान राष्ट्रिय दैनिक साउन ३०, २०७५ पोखरा : कास्की।

सूरि, काशीराम (२०५५) गण्डकीमाहात्म्य, अनु. टीकाराम अधिकारी दाङ : म.सं.वि.।

हिमवत्खण्ड (वि.सं.२०७५), अनु. सम्पा.वेणीमाधव ढकाल, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।

स्रोतव्यक्ति

ब्रह्मलीन चेतानन्द सरस्वती महाराज (गायत्री ध्यानाश्रम)।

महेश पराजुली (गलेश्वर क्षेत्र विकास कोषका पूर्व अध्यक्ष)।

रुद्र बहादुर के.सी (गलेश्वर क्षेत्र विकास कोषका अध्यक्ष)।

वैकुण्ठबासी स्वामी श्रीधराचार्य (राधाकृष्ण मन्दिर)।

स्वामी तारानन्द गिरि महाराज (गायत्री ध्यानाश्रम)।

✡✡✡✡

कालञ्जर मृगतीर्थ

डा. जगन्नाथ रेग्मी[1]

१. परिचय

आध्यात्मिक र भौतिक जगत्मा कालीगण्डकीको विशेष चर्चा भएको पाइन्छ । पौरस्त्यवाङ्मयमा कालीगण्डकीलाई कतै देवनदी, कतै चक्रनदी, कतै कृष्णगण्डकी, कतै कृष्णाभा, कतै शालग्रामनदी, कतै महानदीको संज्ञा दिइएको छ । शालग्रामका रूपमा सारा देवताहरूलाई धारण गर्ने कालीगण्डकी देवतात्म गिरिराज हिमालयबाट उत्पत्ति भएर आफ्ना पवित्र प्रवाहद्वारा नेपालका अनेक भूखण्डलाई अभिसिञ्चन गर्दै देवनदी त्रिशूलीलाई आफूमा एकाकार गराई पुण्यसलिला नारायणीसँग सहयात्रा गरेर भगवती भागीरथी सँगसँगै महासागरसम्म पुग्दछिन् । पौराणिक ग्रन्थहरूको अनुशीलन गर्दै जाँदा भारतका गङ्गा, यमुनाझैँ नेपालका कोशी, गण्डकीको समान महत्त्व प्रकटित भएको पाइन्छ । त्यसमा पनि पुराणहरूले गण्डकीका सातवटा धाराहरूमध्ये कालीगण्डकीलाई विशेष रूपले वर्णन गरेका छन् । कालीगण्डकी मात्र यस्ती नदी हुन् जहाँ विश्वमा अन्यत्र कतै नपाइने शालग्राम शिला पाइन्छन् । यति सम्म कि यहाँका हरेक पाखा पर्वतहरू शालग्राममय छन् । यहाँ सौभाग्यले मात्र जन्मन पाइन्छ र यहीँ देहविसर्जित हुँदा प्राणीलाई मुक्ति मिल्दछ । यिनै कालीगण्डकीका किनारै किनार यात्रा गर्दै जाँदा पाइलैपिच्छे कुनै न कुनै तपस्थली, मठ मन्दिर, आश्रम वेणी र घाटहरू भेटिन्छन् । यहाँ कतिपय तीर्थहरू यस्ता छन् जसको पुराणहरूले मुक्तकण्ठले प्रशंसा गरेका छन् तर प्रकाशमा आउन सकिरहेका छैनन् । तिनै सिद्ध तपस्थली मध्येको पुण्यतम तीर्थ हो कालञ्जर मृगतीर्थ । यहाँ त्यही तीर्थस्थल र त्यस क्षेत्रसँग सम्बद्ध पौराणिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक महत्त्वका विषयमा केही चर्चा गर्ने प्रयास गरिएको छ ।

२.कालञ्जर शब्द र अर्थ

सामान्य अर्थमा काल शब्दले समयलाई बुझाउँछ भने विशेष अर्थमा मृत्यु, मृत्युका देवता यमराज र मृत्युञ्जय शिवलाई पनि जनाउँछ । यही

१. लेखक नेपाल संस्कृत विश्वविद्यालय वि.सं.वि.(क्याम्पस) पोखराका उपप्राध्यापक हुनुहुन्छ ।

बहुअर्थक काल शब्दमा जृ+णिच्+अच् प्रत्यय लगाएर कालञ्जर शब्द बन्दछ। व्याकरणगत व्युत्पत्तिअनुसार **कालेन जीर्यति** अर्थात् कालले जीर्ण वा बूढो हुनु हो भने **कालं मृत्युं जरयति** जसले काल अथवा समय र मृत्युमाथि विजय पाउँछ त्यो कालञ्जर हो। प्रवृत्ति अर्थात् व्यवहारमा कालञ्जर भन्नाले एउटा पौराणिक पर्वत र सिद्ध तपस्थली वा तीर्थभूमि भन्ने बुझिन्छ। आधुनिक शब्द कोशहरूमा यस शब्दको कतै उल्लेख नभए पनि **वाचस्पत्यम्** (पृ. १९९८) र **शब्दकल्पद्रुम** (पृ. १०९) जस्ता विशाल शब्दकोशहरूले कालञ्जर भनेर पर्वत र तीर्थस्थानलाई सङ्केत गरेका छन्। विभिन्न पुराण र महाभारतमा पनि पौराणिक पर्वत र तीर्थलाई बुझाइएको पाइन्छ।

वाचस्पत्यम्ले भूमध्यरेखादेखि पूर्वतर्फ र चित्रकूटनजिकै कालञ्जर पर्वतको अवस्थिति देखाएको छ भने अग्निपुराण, विष्णुपुराण र श्रीमद्-भागवतमहापुराणादिले राजर्षि जडभरतको तपस्थली र उनका तीन जन्मसँग सम्बद्ध कथासँग जोडेर चक्रनदी कृष्णगण्डकीको सान्निध्यमा रहेको पवित्र भूमिलाई सङ्केत गरेका छन्। कतिपय भारतीय शब्दकोशहरूले कालञ्जरको समानार्थी कलिंजर शब्द प्रयोग गरेका छन्। भारतीय संस्कृति कोशमा उत्तर प्रदेशको बाँढा जिल्लामा रहेको धार्मिक ऐतिहासिक दुर्गलाई कलिंजर भनेको पाइन्छ। त्यहाँ भगवान् नीलकण्ठ र काल भैरवका दर्शनीय मूतिहरू रहेको उल्लेख छ। राजनीतिक परिवर्तनका क्रममा त्यहाँका राजाहरूले त्यस दुर्गको आश्रय लिने गरेका ऐतिहासिक तथ्यहरू पनि भेटिन्छन्। **भारतीय संस्कृति कोश** (पृ.२०४), **आदर्श हिन्दी शब्द कोश** (पृ.१४५) र **संस्कृत नेपाली बृहत् शब्दकोश** (पृ.२९२) ले पनि कलिंजर भनेर यही पूर्वोक्त दुर्गलाई सङ्केत गरेका छन्। तिनीहरूले निर्दिष्ट गरेका ठाउँ भारतको बाँढा जिल्लामा पर्दछ। तर पुराणहरूले जुन अर्थमा कालञ्जर पर्वतको वर्णन गरे त्यो पवित्रभूमि कालीगण्डकीकै तटवर्ती क्षेत्र हम्पाल (हिमपाल पर्वत) माधवी (मोदी) नदी र पुलहाश्रमसम्म फैलिएको भूभाग हो भन्ने कुरा जडभरतको उपाख्यान, चक्रनदी कृष्णगण्डकीको वर्णन र मृगतीर्थका प्रसङ्गहरू नै पर्याप्त छन्। यिनीहरूको चर्चा यथा स्थानमा गरिनेछ।

३. भौगोलिक अवस्थिति

राजनीतिक र प्रशासनिक विभाजनअनुसार सात प्रदेशमा विभाजित नेपालको गण्डकी प्रदेशमा पर्ने धवलागिरि अञ्चलका चार जिल्ला मध्येको पर्वत एउटा जिल्ला हो । गण्डकी प्रदेशको केन्द्र रहेको कास्कीसँग जोडिएको यो जिल्ला पोखराको नजिकको जिल्ला हो । पूर्वमा कास्की र स्याङ्जा, पश्चिममा म्याग्दी र बागलुङ, दक्षिणमा गुल्मी र स्याङ्जा, उत्तरमा केही म्याग्दी केही कास्कीका गाउँहरू यसका छिमेकी सिमाना हुन् । २ नगरपालिका ५ गाउँपालिका गरी जम्मा ७ स्थानीय तहमा विभाजित यस जिल्लाले नेपालको कूल क्षेत्रफलमा ५४१ वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ । विश्वमानचित्रअनुसार २८°००, १९ देखि २८° २३,५९ उत्तरी अक्षांश र ८३° ३३° ४० देखि ८३° ४९' ३० पूर्वी देशान्तरसम्म यस जिल्लाको व्याप्ति छ (जि.वि.स.पर्वत २०७०, पृ.४) ।

पर्वतराज हिमालय र उनकै पुत्री पार्वती अनि उत्तुङ्ग पर्वतमालाहरूसँग जोडिएर सार्थक नाम रहेको यो जिल्ला नेपाल एकीकरण हुनुपूर्व ऐतिहासिक चौबीसे राज्यअन्तर्गतको पर्वत राज्यमा पर्दथ्यो । मल्लाजकोट, दुर्लुङकोट, खौलाकोट, धूवाँकोट, पैयूँकोट, देउपुरकोट, पाङ्राङ्कोट, वाहाकी कोटजस्ता ऐतिहासिक कोटहरूको अवस्थिति, कालञ्जर, धाइरिङ भूमे, पञ्चासे, मल्लाज बेनी, मोदीबेनी, सहस्रधारा, गुप्तेश्वर गुफा, डहरे देउराली, महाशिला, सेतीबेनी, त्रिवेणीजस्ता पुण्यतम क्षेत्रहरूको प्रसिद्धि र विस्मयकारी अग्ला अग्ला पुल अनि कालीगण्डकी, मोदीजस्ता ठूला नदी र लुङ्दी, लस्ती, मल्याङ्दी लगायतका जलधाराका प्रवाहले सिञ्चित पर्वत जिल्ला प्राकृतिक, भौगोलिक, धार्मिक ऐतिहासिक विशेषताले युक्त छ । यही वैविध्यको अभिन्न पाटो हो कालञ्जर पर्वत । पौराणिक वाङ्मयका विशाल ग्रन्थहरूमा बारम्बार वर्णित यो पर्वतको भौगोलिक अवस्थितिलाई पूर्वमा मोदी नदीदेखि उत्तर पश्चिम म्याग्दीका केही भूभाग र दक्षिणमा बागलुङसम्म फैलिएको जनाइएको छ । यसको मुख्य केन्द्र पर्वत जिल्लाको जलजला र मोदी गाउँपालिकाको शीर्ष स्थानमा रहेको हिमपाल पर्वत (हम्पाल) हो । यो ठाउँ समुद्री सतहबाट ३३०० मिटरको उचाइमा रहेको छ । पौराणिक गौरव र गरिमा बोकेर पनि पहिचान

र प्रचार प्रसारका अभावमा यो ठाउँका बारेमा जनचाँसो बढेसँगै बिस्तारै विकासका गतिमा अगाडि बढिरहेको छ।

४. पौराणिक सन्दर्भ

पौरस्त्य वाङ्मयका पौराणिक ग्रन्थहरूमा सिद्धभूमि कालञ्जर क्षेत्रको विशेष वर्णन भएको पाइन्छ। यहाँ तिनै पौराणिक सन्दर्भहरूको उल्लेख गरिन्छ -

४.१ अग्निपुराण

अग्निपुराणमा पृथ्वीतलका पुष्कर, प्रयाग, काशी, सोमनाथ, गङ्गा द्वारका, गोमती, पिण्डारक, पञ्चनद, कुरुक्षेत्र, गङ्गाद्वार, गोदावरी, कावेरी, नर्मदा, नैमिषारण्य, जस्ता तीर्थहरूका गणनामा कालञ्जरको उल्लेख गरेर तिनै तीर्थसमानको प्रसिद्ध तीर्थको रूपमा चर्चा गरिएको छ -

तीर्थं राजगृहं पुण्यं शालग्राममघान्तकम् ।
वटेशं वामनं तीर्थं कालिकासङ्गमुत्तमम् ।।
कालञ्जरं मुञ्जवटं तीर्थं सूर्पारकं परम् ।
अवन्ती परमं तीर्थमयोध्या पापनाशिनी ।
नैमिषं परमं तीर्थं भुक्तिमुक्तिप्रदायकम् ।।

(अग्निपुराण १०९/२०,२३,२४)।

४.२ श्रीमद्देवीभागवत

श्रीमद्देवीभागवतपुराणमा सर्वस्वरूपा भगवतीद्वारा हिमालय पर्वतलाई भूमण्डलका प्रसिद्ध देवी तीर्थहरूको र ती स्थानमा अधिष्ठित देवीहरूको वर्णन गर्ने क्रममा कालञ्जर पर्वतमा भगवती काली विराजमान भएको प्रसङ्ग उल्लेख छ -

कुरण्डले त्रिसन्ध्यास्यान्माकोटे मुकुटेश्वरी ।
मण्डलेशे शाण्डकी स्यात्काली कालञ्जरे पुनः ।।

(श्रीमद्देवीभागवत ७/३८/२९)।

दक्ष प्रजापतिका घरमा पुत्रीका रूपमा अवतीर्ण सतीले आफ्नै पिताका यज्ञमा योगाग्निद्वारा देह त्याग गरेपछि उहाँको विप्रयोगले व्याकुल

बनेका भगवान् शिवले सतीको शरीरलाई बोकी हिँड्दा अङ्गपतन भएर उत्पत्ति भएका १०८ शक्तिपीठमध्ये कालञ्जर शैलको शक्तिपीठ पनि मुख्य पीठ भएको तथ्य प्राप्त हुन्छ -

वराहशैले तु जया कमला कमलालये ।

रुद्राणी रुद्रकोट्यां तु काली कालञ्जरे तथा ।।(पूर्ववत् ७/ ३० / ६२)।

श्रीमद्देवीभागवतको यसै अध्यायमा वर्णन गरेअनुसार देवीका शक्तिपीठहरूमा साधना गर्ने साधकले सिद्धि प्राप्त गर्दछ भने पितृकर्ममा यी शक्तिपीठहरूको पठन र स्मरणले पितृहरू तृप्त भएर परं गतिमा पुग्दछन् भन्ने मान्यताले पनि कालञ्जरको विशेष महत्ता सिद्ध हुन्छ।

४.३ गरुडपुराण

गरुडपुराणले प्रयाग, गङ्गासागर, वाराणसी, कुरुक्षेत्र, केदारनाथ, बदरिकाश्रम, पुष्कर, अयोध्या, चित्रकूट, रामगिरि, उज्जयिनी, मथुरा आदि तीर्थहरूमा झैँ कालञ्जर क्षेत्रमा गरिएका पुण्यकर्महरूको अनन्तफल मिल्दछ भन्ने सङ्केत गरेको छ -

एतेषु च तथान्येषु स्नानं दानं जपस्तथा ।

पूजा श्राद्धं पिण्डदानं सर्वं भवति चाक्षयम् ।।

गोकर्ण परमं तीर्थं, तीर्थं माहिष्मती पुरी ।

कालञ्जरं महातीर्थं शुक्रतीर्थमनुत्तमम् ।।

(गरुडपुराण आ.का.८१/१४, १९)।

४.४ कूर्मपुराण

कूर्मपुराणमा जैमिनि आदि ऋषिहरूसहित भगवान् वेदव्यासले प्रयागादि मुख्य तीर्थहरूको यात्रा गर्ने सन्दर्भमा कालञ्जर तीर्थको यात्रा गरेको वर्णन आउँछ -

केदारं तीर्थं मुख्याख्यं कालञ्जरमनुत्तमम् ।

सारस्वतं प्रभासञ्च खेटकर्णहरं शुभम् ।। (कूर्मपुराण ३५/१२)।

कूर्मपुराणमै सूतजीले शौनकादि ऋषिहरूलाई रुद्रकोटी तीर्थ अन्तर्गतका पवित्र स्थलहरूको महिमा बताउँदै कालञ्जर क्षेत्रको उपाख्यान जोडेका छन्। पुराणका अनुसार यही कालञ्जर पुण्यभूमिमा श्वेत नाम गरेका

राजर्षिले भगवान् रुद्रको स्थापना गरी शतरुद्रीय मन्त्रको जप गर्दै थिए तपः साधनाकै बीचमा उनलाई कालपाशले बाँध्यो तर पनि उनी अविचलित भई अनन्य शरण भगवान्मै समर्पित भएर शतरुद्रीय जप गर्दै रहे । उनको भक्तिमय पराकाष्ठाबाट प्रसन्न पिनाकधारी कालरूप भगवान् प्रादुर्भाव भएर भक्तको उद्धार गरी गाणपत्यपद प्रदान गर्नुभयो -

कालञ्जरं महातीर्थं रुद्रलोके महेश्वरः ।
कालञ्जरं भजन्देवं तत्र भक्तप्रियो हरः ।।
श्वेतो नाम शिवे भक्तो राजर्षिप्रवरः पुरा ।
तदाशीस्तन्नमस्कारैः पूजयामास शूलिनम् ।
संस्थाप्य विधिना रुद्रं भक्तियोगः पुरस्सरः ।।
इत्येतत् परमं तीर्थं कालञ्जरमिति श्रुतम् ।
गत्वाभ्यर्च्य महादेवं गाणपत्यं स विन्दति ।।

(कूर्मपुराण रुद्रकोटी कालञ्जरतीर्थवर्णन ३६ / ११,१२,३८)।

४.५ वाराहपुराण

वाराहपुराणले कालञ्जर तीर्थमा रहेका भगवान् शिवको दर्शन मात्रले कृष्णगङ्गाको स्नानको फल मिल्दछ भन्दै कालञ्जर क्षेत्रलाई शिवको प्रिय निवास स्थलका रूपमा वर्णन गरेको छ –

कालञ्जरे महादेवं तत्र तीर्थपतिं शिवम् ।
यस्य सन्दर्शनादेव कृष्णगङ्गाफलं भवेत् ।। (वाराहपुराण १७५/६)।

४.६ स्कन्दपुराण

स्कन्दपुराणको काशीखण्डअन्तर्गत अगस्त्य लोपामुद्रा संवादमा पृथिवीतलका मुक्तिप्रदायक मुख्य तीर्थस्थलहरूमा कालञ्जर क्षेत्रको महिमा व्यक्त गरिएको छ -

कालञ्जरं प्रभासञ्च तथा बदरिकाश्रमः ।
महालयस्तथोंकारक्षेत्रं वै पौरुषोत्तमम् ।।
गोकर्णो भृगुकच्छश्च भृगुतुङ्गश्च पुष्करम् ।
श्रीपर्वतादितीर्थानि धारातीर्थं तथैव च ।।

(स्कन्दपुराण काशीखण्ड ६/२४-२५)।

स्कन्दपुराणकै काशीखण्डको ६९ अध्यायमा स्कन्दले अगस्त्य ऋषिलाई अन्यान्य तीर्थहरूभैं कालञ्जर तीर्थबाट पनि नीलकण्ठेश्वर भगवान् काशीमा पुगेको वर्णन गरेका छन् -

कालञ्जरान्नीलकण्ठस्तिष्ठेदत्र स्वयं विभुः ।

गणेशाद्दन्तकूटाख्यात्समीपे भवनाशनः।।

नीलकण्ठेश्वरं लिङ्गं काश्यां यै परिपूजितम् ।

नीलकण्ठास्त एवास्यु त एव शशिभूषणः।। (पूर्ववत् ६९/५९-६०)।

४.७ शिवमहापुराण

शिवमहापुराण कोटीरुद्रसंहितामा श्रुतिस्मृतिहरूले वर्णन गरिएका नीलकण्ठ भगवान् महेश्वर कालञ्जर पर्वतमा लिङ्गरूपले रहनुहुन्छ र त्यहीं नीलकण्ठेश्वर तीर्थमा स्नान गर्नाले सकल पाप नष्ट हुन्छन् भन्ने उल्लेख छ -

कालञ्जरे गिरौ दिव्ये नीलकण्ठो महेश्वरः ।

लिङ्गरूपः सदा चैव भक्तानन्दप्रदः सदा ।।

महिमा तस्य दिव्योऽस्ति श्रुतिस्मृतिप्रकीर्तितः ।

तीर्थं तदाख्यया तत्र स्नानात्पातकनाशकृत् ।।

(शिवमहापुराण कोटीरुद्रसंहिता ५/१-२)।

४.८ श्रीमद्भागवत्महापुराण

श्रीमद्भागवतमहापुराणमा शुकदेव स्वामीले राजा परीक्षितलाई भूगोलको उपदेश दिँदै जम्बूद्वीपका नौ खण्डहरूका माभमा रहेको इलावृत्त खण्डको माभमा सुमेरु पर्वतको अवस्थिति बताएका छन् र त्यसै सुमेरु पर्वतका चारैतिर कमलका गट्टाका केसरभैँ रहेका बीसवटा मुख्य पर्वतहरूका गणनामा कालञ्जर पर्वतको गणना गरिएको छ -

कुरङ्ग-कुरर-कुसुम्भ-वैङ्कक-त्रिकूट-शिशिर-पतङ्ग-रुचक-निषध-शिनीवास -कपिल-शङ्ख-वैदूर्य-जारुधि-हंसर्षभ- नाग-कालञ्जर नारदादयो विंशति गिरयो मेरोः कर्णिकाया इव केसरभूता मूल देशे परित उपक्लृप्ताः ।। (श्रीमद्भागवतमहापुराण ५/१६/२६)।

ऋषभदेव पुत्र राजर्षि भरत शालग्राम क्षेत्रको पुलहाश्रममा तपस्या गर्दा मृगशिशुको आसक्तिले मृग भै जन्मिएका र मृगजन्ममा यही कालञ्जर

क्षेत्रलाई आश्रय बनाई अन्तमा शालग्राम क्षेत्रको पुलहाश्रममा शरीर त्याग गरेको वर्णन आउँछ -

इत्येवं निगूढ निर्वेदो विसृज्य मृगीं मातरं पुनर्भगवत्क्षेत्रभुपशमशील–मुनिगणदयितं शालग्रामं पुलस्त्यपुलहाश्रमं कालञ्जरात्प्रत्याजगाम ।

(श्रीमद्भागवतमहापुराण ५/८/३०) ।

४.९ पद्मपुराण

पद्मपुराणमा भगवान् महादेवले पार्वती मातालाई पृथिवीतलका तीर्थहरूको माहात्म्य वर्णन गर्ने सन्दर्भमा जम्बूद्वीपमा रहेका गुप्त तीर्थहरूमध्ये कालञ्जरलाई पनि पवित्रतम तीर्थका रूपमा उपस्थापन गरिएको छ । यी तीर्थहरू विशेष गरेर पितृहरूको सद्गतिका लागि प्रसिद्ध रहेको र यिनीहरूको स्मरण मात्रले पापकर्म विलय हुन्छन् भन्ने कुराको उल्लेख छ -

जम्बूद्वीपं महापुण्यं यत्र पुण्यं विवर्धते ।।
तत्रार्याख्यं महापुण्यं सर्वकामफलप्रदम् ।।
नीलकण्ठमिति ख्यातं तीर्थ नन्दह्रदस्तथा ।
तथा रुद्रह्रदस्तीर्थं पुण्यं रुद्रमहालयम् ।।
धूम्रामित्रपदं तद्वद् वैजनाथं दृषद्वरम् ।
क्षिप्रानदी महाकालं तथा कालञ्जरो गिरिः ।।

(पद्मपुराण उत्तरखण्ड १३५/६०,६१,६३)।

पद्मपुराणमै कालञ्जर तीर्थको माहात्म्य प्रकट गर्ने उपाख्यान मिल्दछ । पाञ्चाल देशको ब्रह्मघाती विदुर/विद्वल, मगध देशको गुरुघाती चन्द्र शर्मा, त्यस्तै अगम्य गमन गर्ने वेदशर्मा र सुरापायी गोघाती वंजुल वैश्य यी सबै पात्रहरू आ-आफ्ना जघन्य कर्मका कारण समाजबाट परित्यक्त भई दुःख कष्ट भोग्दै घुमिरहेका र अन्तमा दुःख मुक्तिका लागि कालञ्जर क्षेत्रमा आएको प्रसङ्ग विस्तार गरिएको पाइन्छ -

एवं दुःखसमाविष्टा नानातीर्थेषु वै गताः ।
तेषां तु पापका घोरा न नश्यन्ति च नन्दनः ।।
सामर्थ्यं नास्ति तीर्थानां महापातकनाशने ।
विदुराद्यास्ततस्ते तु गताः कालञ्जरं गिरिम् ।।

कालञ्जरं समासाद्य निवसन्ति सुदु:खिता: ।

महापापैस्तु संदग्धा हाहाभूता विचेतना: ।।

(पूर्ववत् भू. ख. ९१/३९-४०, ९२/१)।

श्राद्ध तर्पणादि गर्दा पितृप्रसन्नताका लागि गरिने प्रार्थनामा कालञ्जर मृगतीर्थको वर्णन आउँछ । जसअनुसार कौशिक ऋषिका पुत्रहरू गोहत्याको पाप मोचनका निमित्त कालञ्जर पर्वतमा मृग भएर घुमेका थिए -

सप्त व्याधा दशार्णेषु मृगा: कालञ्जरे गिरौ ।

चक्रवाका शरद्वीपे हंसा: सरसि मानसे ।।

ये विप्रमुख्या: कुरु जाङ्गलेषु जातास्तथा दासकुले मृगाश्च ।

कालञ्जरे सप्त च चक्रवाका ये मानसे तेऽत्र वसन्ति सिद्धा: ।।

(पद्मपुराण सृष्टिखण्ड १०/९९,११४)।

पद्मपुराणको सृष्टिखण्डमै भीष्म र पुलस्त्य ऋषिको संवाद प्रसङ्गमा कौशिक ऋषिका पुत्रहरूको कथा र तीर्थस्थलहरूको वर्णन गर्दा कालञ्जर तीर्थको महत्त्व प्रस्तुत भएको छ -

सञ्जाता मृगरूपास्ते सप्त कालञ्जरे गिरौ ।

प्राप्तविज्ञानयोगास्ते तत्त्यजुस्तां निजां तनुम् ।।

(पद्मपुराण सृष्टिखण्ड १०/६१)।

यसैगरी पद्मपुराणकै सृष्टिखण्डमा पितृहरूको श्राद्धकर्मका लागि निर्देश गरिएका उत्तम तीर्थहरू गङ्गासागर, ब्रह्मसर, शतद्रु, नैमिषारण्य, गोमती, कोकामुख, इक्षुमती, गङ्गा, यमुना, कुरुक्षेत्र, नीलकण्ठ, भद्रसर, मानसरोवर, मन्दाकिनी, अच्छोद, विपाशा, सरस्वती, वैद्यनाथ, क्षिप्रानदीका साथै कालञ्जर तीर्थलाई पितृतीर्थका रूपमा उल्लेख गरिएको छ -

कोकामुखं परं तीर्थमिन्द्रमार्गोऽपि लक्ष्यते ।

अत्रापि पितृतीर्थं तु ब्रह्मणो व्यक्तजन्मन: ।।

पुष्करारण्यसंस्थोऽसौ यत्र देव: पितामह: ।

विरिञ्चीदर्शनं श्रेष्ठमपवर्गफलप्रदम् ।।

कृतं नाम महापुण्यं सर्वपापनिषूदनम् ।

यत्राद्यो नारसिंहस्तु स्वयमेव जनार्दन:।।

तीर्थमिक्षुमती नाम पितृणां च शुभावहा ।
तुष्यन्ति पितरो नित्यं गङ्गायमुनसङ्गमे ।।
कुरुक्षेत्रं महापुण्यं यत्र मार्गोऽपि लक्ष्यते ।
अद्यापि पितृतीर्थं तु सर्वकामफलप्रदम् ।।
नीलकण्ठमितिख्यातं पितृतीर्थं नराधिपाः।
तथा भद्रसरः पुण्यं सरो मानसमेव च ।
मन्दाकिनी तथाच्छोद विपाशा च सरस्वती ।।
सर्वमित्रपदं तद्वद्वैद्यनाथं महाफलम् ।
क्षिप्रानदी तथा पुण्या तथा कालञ्जरं शुभम् ।।
तीर्थोद्भेदं हरोद्भेदं गर्भभेदं महालयम् ।
एतानि पितृतीर्थानि सर्वपापहराणि च ।
स्मरणादपि लोकानां किमु श्राद्धप्रदायिनाम् ।।

(पूर्ववत् ११/१०-१७) ।

४.१० बृहन्नारदीयपुराण

बृहन्नारदीयपुराणअन्तर्गतको पुरुषोत्तममाहात्म्यमा कालञ्जरतीर्थको वर्णन आउँछ । त्यस माहात्म्यमा कुनै चित्र शर्मा नामक कदर्य (कन्जुस) ब्राह्मणलाई जन्मान्तरका कर्मले प्रेत योनिका कष्ट भोग्दै अन्तमा बाँदरको जन्म लिन परेको र त्यही जन्ममा कालञ्जर तीर्थको मृगकुण्डमा तीन दिनको स्नान मात्रले मुक्त भएको रोचक उपाख्यान प्रस्तुत भएको छ (पुरुषोत्तममाहात्म्य अ. २७-२८) ।

यही पुराणमै दैत्यबाट सन्त्रस्त देवताहरूले मृगरूप धारण गरी कालञ्जर पर्वतको विशाल जलाशयमा स्नान गर्ने गरेको हुँदा यस ठाउँलाई मृगतीर्थ भनिएको प्रमाण मिल्दछ । यही कुण्डमा श्रद्धादि कर्म गर्नाले पितृहरूले सद्गति प्राप्त गर्दछन् भन्ने पुराणको वचन छ -

दिव्ये कालञ्जरे शैले जम्बूखण्डमनोहरे ।
सुशीतलजलच्छाये फलपुष्पसमन्विते ।।
तत्रासीद्देवराजेन निर्मितं कुण्डमुत्तमम् ।।
मृगतीर्थमिति ख्यातं सुराणामपि दुर्लभम् ।

यस्मिन् कृत्येन श्राद्धेन पितरो यान्ति सद्गतिम् ।।

तत्र दैत्यभयाद्देवा मृगा भूत्वा निरन्तरम् ।

अभिसस्नुर्निरातङ्का मृगतीर्थमतो विदुः ।।

(पुरुषोत्तममाहात्म्य २८/७-१०)।

४.११ लिङ्गपुराण

लिङ्गपुराणका अनुसार तेइसौं द्वापरका अन्तमा तृणविन्दु नामका व्यासका पालामा स्वयं भगवान् शिव महाकाय मुनिपुत्रका रूपमा श्वेत नामबाट अवतीर्ण भएर कालीगण्डकी क्षेत्रको पूर्वी तटमा रहेको उत्तुङ्ग पर्वतमा काल व्यतीत गरेको हुनाले यस पर्वतको नाम कालञ्जर रहन गएको प्रमाण मिल्दछ -

परिवर्ते त्रयोविंशे तृणविन्दुर्यदा मुनिः ।

व्यासो हि भविता ब्रह्मस्तदाहं भविता पुनः ।।

श्वेतो नाम महाकायो मुनिपुत्रस्तु धार्मिकः ।

तत्र कालं जरिष्यामि तदा गिरिवरोत्तमे ।।

तेन कालञ्जरो नाम भविष्यति स पर्वतः ।।

(लिङ्गपुराण पूर्वभाग २४ / १०७-९) ।

४.१२ मत्स्यपुराण

नैमिषारण्य क्षेत्रको ब्रह्मसत्रमा दीक्षित अठासी हजार ऋषिहरूलाई श्री सुतजीले उत्तम पितृतीर्थहरूको वर्णन गर्दै हरिद्वार, हृषीकेश, मित्रपद, केदार, गङ्गासागर, ब्रह्मसर, नैमिषारण्य, रुद्रसर, मानसरोवर, वैद्यनाथ, महाकाल आदि तीर्थहरूझैं कालञ्जर तीर्थ पनि उत्तम पितृतीर्थ भएको वर्णन गरेका छन् । यी तीर्थहरूमा श्राद्ध गर्दा गयामा पिण्डदान गरे तुल्य फल मिल्छ भन्ने उल्लेख छ-

पूर्वमित्रपदं तद्वद् वैद्यनाथं महाफलम् ।

क्षिप्रानदी महाकालस्तथा कालञ्जरं शुभम् ।।

गयापिण्डप्रदानेन समान्याहुर्महर्षयः ।

एतानि पितृतीर्थानि सर्वपापहराणि च ।।(म.पु.२२/२४-२६)।

४.१३ महाभारत

महाभारत वनपर्वअन्तर्गतको तीर्थयात्रा पर्वमा ऋषि पुलस्त्यले भीष्मपितामह र युधिष्ठिरादिलाई तीर्थहरूको माहात्म्य बताउँदै जाँदा

गङ्गासागर, अयोध्या, चित्रकूट, प्रयाग आदि तीर्थहरूकै समानस्तरमा कालञ्जरको महत्ता रहेको स्पष्टाएका छन् । त्यही कालञ्जरमा अवस्थित देवह्रद मृगतीर्थ नाम गरेको पावन सरोवर छ । त्यसमा स्नान गर्नाले हजार गाईदान गरे बराबरको पुण्य मिल्छ भने यस ठाउँमा साधना गर्ने व्यक्तिले स्वर्गलोक प्राप्त गर्दछ भनिएको छ -

अत्र कालञ्जरं नाम पर्वतं लोकविश्रतम् ।

तत्र देवह्रदे स्नात्वा गोसहस्रफलं लभेत् ।।

यः स्नातः साधयेत् तत्र गिरौ कालञ्जरे नृपः।

स्वर्गलाके महीयेत नरो नास्त्यत्र संशयः ।।

(महाभारत वनपर्व ८५/५६-५७)।

महाभारतकै वनपर्वमा धौम्य ऋषिले महाराज युधिष्ठिरलाई पावन तीर्थहरूका वर्णन गर्ने सन्दर्भमा अगस्त्य, कुण्डोद आदि पर्वत शिखरहरू र त्यहाँका तपस्थलीहरूको महत्त्व बताउँदै कालञ्जर गिरिशिखरको महिमा उल्लेख गरेका छन् -

हिरण्यविन्दु कथितो गिरौ कालञ्जरे महान् ।

अगस्त्य पर्वतो रम्यः पुण्यो गिरिवरः शिवः ।।(महाभारत वनपर्व ८७/२१)।

हस्तिनापुरको राजपाट छाडेर महाप्रस्थानतर्फ लागेका पाण्डवहरू हिमालयको यात्रा गर्ने क्रममा कालीगण्डकीका किनारै किनार मुक्तिक्षेत्रतर्फ बढेका थिए। त्यसबेला उनीहरू कालञ्जर पर्वतमा पनि आएको हुन सक्ने अनुमान गर्न सकिन्छ। त्यहाँ भेटिने ठूला ढुङ्गा अनि भीमपाइला, भीमगुफा आदि नामले यसको सङ्केत गर्दछन् ।

महाभारतमै राजा युधिष्ठिरलाई भीष्मपितामहले महर्षि गौतम र अङ्गिराको संवादका माध्यमबाट पृथिवीतलका पवित्र तीर्थहरूको महत्ता बताउँदै कालञ्जर तीर्थमा एक महिनामात्र स्नान गर्नाले दश अश्वमेध यज्ञ गरे बराबरको पुण्य लाभ हुने स्पष्टाएका छन् -

गङ्गायमुनयोस्तीर्थे तथा कालञ्जरे गिरौ ।

दशाश्वमेधानाप्नोति तत्र मासं कृतोदकः।। (महाभारत अनु.२५/३५)।

४.१४ देवभूमि भारत एवम् आध्यात्मिक नेपाल

कालञ्जरसँगै रहेको हम्पाल पर्वत पौराणिक मान्यताले युक्त पर्वत हो भन्ने कुरा इतिहासविद् योगगुरु योगी नरहरिनाथको अनुसन्धानले पनि प्रष्ट पारेको छ। योगीजीका अनुसार वातपित्त आदि रोग शमन हुने तप्तकुण्डतीर्थ (भुरुङ् तातोपानी) उत्तरगङ्गा (घारखोला) को शिरो भागको विशाल पहाड हम्पाल पर्वत हो । यही बाटो भएर सन्त, योगी, महात्माहरू मुक्तिनाथको यात्रा गर्दछन् । यही हम्पालकै काख शक्ति स्वरूपा दुर्गा, शारदा जयाको तपस्थली पनि हो ।

अत ऊर्ध्वं कियद्दूरे जलेश्वर महेश्वरः।
स्वयम्भूः सङ्गमे भाति कालिकोत्तरसङ्गयोः।।
भोलानाथः समाधिस्थः सिद्ध सिद्धाश्रमे निजे ।
भोलानाथ तपः कुण्डं तप्तकुण्डं शिलातटे ।।
पाङ्गपर्वतमार्गेण शिखा हम्पालवाटतः।
जायते सङ्गमश्चात्र मुक्तिनाथस्य यात्रिणाम् ।
तपस्यन्ति चिराद्यत्र दुर्गाद्याः शारदा जया ।
मार्जयन्ति रुजः सर्वा मनुजास्तत्र कुण्डगा :।।(योगी, २०३८, पृ-५८)।

योगी नरहरिनाथले बताएका प्रमाणअनुसार पनि कालञ्जर पर्वत र हम्पाल प्राचीन तीर्थस्थल प्रमाणित हुन्छन् । कालञ्जर पर्वतका शिखरमा रहेको भोलानाथ सिद्धको प्रसङ्गले नीलकण्ठेश्वर महादेव र त्यहाँको तपस्वीको सङ्केत मिल्दछ भने यहाँ पाइने जडीबुटीको महत्ता र तप्तकुण्डका लागि मात्र नभएर निरोगी जीवन चाहने व्यक्तिहरूका लागि समेत सेवनीय छ । शालग्रामक्षेत्र र कालञ्जर भूमि उत्तराखण्डका शीर्षस्थ तपस्थली हुन् भन्ने स्पष्ट्याउँदै योगी नरहरिनाथले कालञ्जरको बृहत् सीमाभित्र समस्त शालग्रामभूमि समेटिएको उल्लेख गरेका छन् –

"मुक्तिनाथधाम से दामोदर कुण्डपर्यन्त, देवदेश हिमालयकी देवमयी भूमि में, संयुक्त शालग्रामशैल संज्ञा है और जल–स्थल सर्वत्र शालग्राम हैं । कालीगण्डकी कालञ्जरका सारा क्षेत्र शालग्राममय है । ३३ कोटि देवी देवता शालग्रामशिला रूपमें विद्यमान हैं ।...... जयन्ती, मङ्गला, काली, भद्रकाली, कपालिनी, आदि मार्कण्डेयपुराण में शक्तिरूपेण वर्णित नदीयां तथा

उत्तरा, धवला, सीता, कामधेनु गङ्गा मेघदा (म्याग्दी) आदि पुण्यतोया सभी नदीयां मिलकर कालीगण्डकी का जल –बल बढाती है और सङ्घे शक्ति का उपदेश देती हैं । इसके अतिरिक्त शत सहस्र हिमनिर्भर युक्त और अनेक सहायक नदीयां भी आकर काली मे मिलती है उक्त समस्त पवित्र नदियों के दोनों तटोंपर असंख्य तीर्थगुम्बा तथा ऋषि–मुनि–योगी जनोंके आश्रम है । इस कालञ्जर क्षेत्र के मुक्तिक्षेत्र मुक्तिनाथ में आकर उक्त त्रिगुणज्वालामूर्ति मुक्तिनाथ को शैवलोग शिवकी भावनासे वैष्णव लोग विष्णुकी भावनासे तथा बौद्धलोग बुद्धकी भावनासे उपासना करते हैं "(योगी, २०३८ :पृ.५९–६०) ।

४.१५ श्रीरहस्यरत्नमाला

त्रिदण्डी श्री पराङ्कुशाचार्य स्वामीजीद्वारा सङ्कलित पुराणवाङ्मय, स्तोत्रसाहित्य, भक्तिग्रन्थहरूका गूढतम रहस्यहरूको सूक्ष्मचिन्तन रहेको **श्रीरहस्यरत्नमालामा** शालग्राम उपलब्ध हुने कालीगण्डकीतटीय पौराणिक महत्त्वका स्थलहरूको वर्णन गरिएको छ । यसमा कालीगण्डकीका शीतल जलकणले सिञ्चित भूमि, कोइली, सारिका, मैना आदि पर्वतीय पंक्षीहरूको मधुर गुञ्जन हुने, कृष्णसार मृग सञ्चरण गर्ने, गोब्रे, सल्लो,गोकुलधूपलगायत सुगन्धमय वृक्षवनस्पतिका सौन्दर्यले पूर्ण, कालिका मालिका, देविका, लस्ती, लुङ्दी आदि नदीहरू प्रवाहित हुने मृगतीर्थ जलजलाको स्वच्छ सरोवरले सुशोभित कालञ्जर पर्वत मुक्तिकामी सिद्धयोगीहरूको तपस्थली एवम् स्वयं भगवान् श्री हरिको प्रिय भूमि हो भन्ने उल्लेख गरिएको छ -

ह्रस्वरात्रिर्दिवा दीर्घ रात्रिर्दिवा ते उभे ते हरे स्तः सदा मङ्गले ।
पश्चिमे गोधरः पूर्वकालञ्जरः, दक्षिणे गण्डकी रम्यपारस्कर : ।।
गण्डकीशीकरैर्घर्मतापं हरे राजसे त्वं हरे भद्रकालञ्जरे ।
कोकिला–पीकसारीमुखैः सुस्वरे मोदसे श्रीहरे मुक्तिकालञ्जरे ।।
खञ्जरी सुन्दरी पीतरक्ताम्बरी शान्तिदा भूदरी यत्र मोदङ्करी ।
सज्जलाजल्जलापुष्करस्योपरि तत्र कालञ्जरे भ्राजसे त्वं हरि ।।
कानने सौरभं सर्वतः सञ्चराः, गन्धनाभिं धरामर्त्यचित्तहरा ।
कृष्णसाराश्चराश्चित्रकाः सुन्दराः,वन्यगावो वरा हुङ्कराः सुस्वराः ।।

चित्रनानासुमैर्गुग्गुलैःसौरभे तापसैर्मुक्तिकामैः सदा गौरवे ।
मालिका कालिका देविका संगमे मोदसे त्वं हरे लस्तिकालञ्जरे ।।

(पराङ्कुशाचार्य २०७२ः पृ.६-९) ।

उल्लिखित पद्यहरूमा आएका गोधर, कालञ्जर, पारस्कर आदि पर्वत, गण्डकी, कालिका, मालिका, देविका, लस्ती आदि नदी एवम् जलजला ताल र त्यस क्षेत्रमा उपलब्ध वन्यसम्पदा एवम् प्राचीन कालदेखि लोकप्रचलनका भौगोलिक नामहरूले समेत पुराणवर्णित कालञ्जरक्षेत्र मोदीनदीदेखि उत्तरतर्फ विद्यमान हम्पाल पर्वत र त्यस वरपरको विशाल भूमि हो भन्ने प्रमाणित हुन्छ । यो क्षेत्र भारतवर्षका काशी, मथुरा, हरिद्वार, गया, मधुवन जस्तै एउटा महनीय तीर्थस्थल हो । यो एउटा सिद्धभूमि पनि हो । यहाँ पिण्डदानादि कर्म गर्नाले पितृहरूले सद्गति प्राप्त गर्दछन् भने साधकलाई सिद्धि मिल्दछ, प्राणीले जन्मान्तरका प्रारब्धबाट उन्मुक्ति मिल्छ भन्ने पौराणिक वाङ्मयको आशय हो ।

५. कालञ्जर सिद्ध तपस्थली

कालञ्जर मृगतीर्थ (जलजला)

कालञ्जर श्रीपुरको नीलकण्ठ मन्दिर

पौराणिक वाङ्मयका विशाल ग्रन्थहरूको अध्ययन अनुशीलनबाट कालञ्जर भूमिको अपार महिमा बोध गरेका अनि हिमवत्खण्डका पवित्र पर्वत कन्दाराहरूका महत्त्वलाई जाने बुझेका धेरै सन्त योगीहरूले यस ठाउँमा आई तपस्या गरेका प्रसङ्गहरू भेटिन्छन् । भारतवर्षको विशाल राजपाट त्याग गरेर वीतरागी बनेका राजा भरतले यही ठाउँमा तीन जन्म बिताएर मोक्ष प्राप्त गरेको इतिवृत्त अनि संसारमा अन्यत्र कतै शान्ति र मुक्तिको आधार नभेटेर उद्विग्न बनेका कौशिक ऋषिका पुत्रहरू गोहत्याजन्य पापबाट

मुक्त हुन यसै तपस्थलीमा आई मृग भएर जन्मान्तरका पापकर्मको प्रायाश्चित्त गरेको प्रसङ्ग पुराणहरूमा र पितृतर्पण सम्बद्ध पुस्तकहरूमा उल्लेख छ। त्यसै गरी कदर्य नामका ब्राह्मण पनि यहीं नै आएर अनेक पापसञ्चितिबाट मुक्त भएका उपाख्यानहरू भेटिन्छन्। पौराणिक वाङ्मयको पुनरावलोकन गर्दै जाँदा यस्तै अन्य सन्दर्भहरू भेटिने धेरै सम्भावनाहरू देखिन्छन्। प्राचीन कालमा झैं अर्वाचीन समयमा असाधारण व्यक्तित्व, लोकोपकारी चरित्र एवम् सादगी जीवनशैली भएका अनेकौं त्यागी , सिद्ध,, सन्त महापुरुष र साध्वी नारीहरूले यही सिद्धभूमि कालञ्जर पर्वतका काखमा स-साना कुटी र आश्रम बनाई विभिन्न कालखण्डमा अध्यात्म साधना गरेका प्रमाणहरू भेटिन्छन्। जसमध्ये भारतको अलमोडाबाट आई हम्पालको श्रीपुर/सिर्पुमा साधना गर्ने योगशास्त्रका ज्ञाता सिद्धपुरुष **पुतुङ्गे महाराज,** वीतरागी सन्त **दण्डी स्वामी महाराज** (श्रीपुर), परंतपस्वी **शालग्रामाचार्य** (नाङ्लीवाङ) विद्यामूर्ति **त्रिदण्डी स्वामी पराङ्कुशाचार्य** (पाङ् सहस्रधारा) **नारायण गिरि** (भोडे ओडार मल्लाज) **नित्यानन्द गिरि, तपसी महाराज, सीताराम बाबा** (सहस्रकमाए मल्लाज) **खड्ग गिरि** (माझरानी गुफा मल्लाज) **केशवदास ब्रह्मचारी** (जयँले राममन्दिर मल्लाज) का त्यागमय जीवनका अनुकरणीय चरित्रहरूले आज पनि यस भूमिको महत्तालाई बढाइरहेका छन्।

६. धार्मिक सांस्कृतिक महत्ता

येन लिङ्गेन यो देशो युक्तः समुपलभ्यते ।
तेनैव नाम्ना तं देशं वाच्यमाहुर्मनीषिणः।। (महाभारत आदिपर्व २/१२)

अर्थात् कुनै देश वा स्थान विशेषको नाम त्यहींका ऐतिहासिक अभिलक्षणका आधारमा राखिएका हुन्छन्। त्यसलाई लोकले त्यसरी नै व्यवहारमा ल्याउँछ भन्ने महाभारतीय कथनअनुसार यस क्षेत्रका केही ठाउँहरूले पनि यस क्षेत्रलाई धार्मिक र ऐतिहासिक महत्त्वका रूपमा चिनाएका छन्। जस्तै श्रीपुबाट सिर्पु, देवपुरबाट देउपुर, शैलजाबाट शालिजा, यवक्षेत्रबाट जौखेत, अक्षोवटबाट ओखरेनी, अन्नचत्वरबाट अन्नेचौर, पार्वतीपुरबाट पाङ्, कुसमपुरीबाट कुस्मा, आदि नाम प्रचलित भएका देखिन्छन्

भने हम्पालको मृगकुण्ड रोहिणीदह लोकले बोल्ने गरेको मार्कन्ने खोला (मार्कण्डेयनदी) भ्रुशुण्डी ऋषिको तपस्थली मानिएको भुरुङ्दी खोला र सहस्रधारा, अनि मादी (माधवी) जस्ता नदी, प्राचीन गुफा, ओडार तत् तत् क्षेत्रका शान्त एकान्त भूमि अनि यो क्षेत्र देवस्थल हो भन्ने प्राचीनकाल देखिको लोकविश्वासले समेत यहाँको धार्मिक महत्तालाई प्रकट गर्दछन् ।

कृष्णसारस्तु चरति मृगो यत्र स्वभावतः ।

सं ज्ञेयो याज्ञिको देशः। (मनुस्मृति २/२३)

अर्थात् जहाँ कृष्णसार मृग स्वच्छन्द विचरण गर्छ, त्यो यज्ञ भूमि हो भन्ने मनुको वचनझैं यहाँ प्रशस्त कृष्णसार भेटिनु पुराणवर्णित नीलकण्ठेश्वरको मन्दिर स्थापित हुनु यही ठाउँमा राजा भरतले मृगरूप ग्रहण गर्नु, जलजलाको दहलाई मृगतीर्थ भनेर सदियौंदेखि सम्बोधन गरिनुजस्ता सन्दर्भहरूले समेत यस क्षेत्रको पवित्रतालाई प्रमाणित गर्दछन् । पछिल्लो समयमा यहाँको मृगतीर्थमा आएर श्राद्ध गर्ने श्रद्धालुहरूको घुइँचो लाग्ने गरेको छ । धार्मिक आस्थाका दृष्टिले कालञ्जरको नीलकण्ठेश्वर, सहस्र धाराका वराह वाराही, मल्लाजको गिद्धेश्वर सहस्रकमाए, माझरानी, कोट भगवती, भद्राचलको वेकंटेश मन्दिर धाइरिङ्गको भूमेस्थान, कालञ्जर क्षेत्रका प्रमुख गन्तव्य स्थल हुन् । पछिल्लो समय शिवरात्रि, बालाचतुर्दशी अनि श्रावण महिनामा गिद्धेश्वर शिवालयमा आएर रुद्राभिषेक गर्ने क्रम बढिरहेको छ ।

संस्कृतिका हिसाबले पनि यो क्षेत्रको आफ्नै महत्त्व छ । बाहुन, क्षेत्री, मगर, गुरुङ, नेवार, कामी, दमाइँ आदि जातजातिहरूको समावेशी बस्ती, भिन्न प्रकृति भिन्न स्थिति तर एक आपसको सहिष्णु सहयोगी जनजीवनले सांस्कृतिक एकताको सन्देश दिएका छन् । धर्म र संस्कृति एक अर्काका परिपूरक हुन् भनेझैं यहाँ आ-आफ्नो धर्म र कर्मअनुसार गरिने संस्कारका साथै मेला महोत्सवमा सम्पन्न हुने प्रदर्शनी खेलकूद गीत सङ्गीत, वाद्य वादन, नृत्य नाटकका प्रस्तुतीहरूमा नेपाली मौलिक लोक संस्कृति झल्किएको पाइन्छ । आजभन्दा तीन दशक पहिले सिर्पुमा मल्लाज, धाइरिङ्ग, शालिजालगायतका बस्तीहरूबाट मान्छेहरू मेला भर्न आउँथे । यो ठाउँ अनेक जातजातिहरूको सांस्कृतिक गन्तव्यको केन्द्र थियो, त्यो आज इतिहास बनेको छ । सिर्पुमा

रहेको मन्दिरमा उधौली, उभौलीका अवसरमा पूजा चल्दथे त्यहाँ गरिएको भाकल पूरा हुन्छ भन्ने लोकविश्वास पनि थियो । विगतको द्वन्द्वकालमा यो क्रम विच्छिन्न भए पनि पुनःयो परम्परा चल्न थालेको छ ।

गाउँबस्तीका छेउछाउमा बनाइएका कुलमन्दिर, थुम्का थुम्कीमा देखिने चैत्य स्तूप, देउराली स्थान, विभिन्न मठमन्दिर, धार्मिक सांस्कृतिक विविधताका नमूना हुन् ।

७.वर्तमान अवस्था

पौराणिक वाङ्मयले मुक्तकण्ठले प्रशंसा गरेको कालञ्जरको मुख्य केन्द्र विकासका दृष्टिले अझै पनि पछाडि परेको देखिन्छ । समुचित प्रचार प्रसारको अभाव, दुर्गम भौगोलिक अवस्थिति, बाटो घाटोको कठिनाइ, मानव बस्तीदेखि टाढा रहनु, प्राकृतिक, भौगोलिक एवम् पौराणिक पहिचानका अभिलक्षण र स्रोतबाहेक कुनै लिखित दस्तावेज नपाइनुजस्ता कारणले यो क्षेत्रको सही पहिचान र उचित विकास हुन सकेको छैन । यहाँका कतिपय प्राचीन मन्दिर, सत्तल गुफा ओढारहरू संरक्षणको अभावमा नामशेष हुन लागेका छन् । यहाँ विकासका नाममा अहिले जनस्तरबाट सिर्पुमा रहेको मन्दिरको जीर्णोद्धार भएको छ भने कालञ्जरको मुख्य केन्द्र जलजलामा नीलकण्ठेश्वर महादेवको मन्दिर एवम् पाकशाला निर्मित छन् । यस क्षेत्रलाई पुनरुत्थान गर्ने र यसको पौराणिक महत्तालाई विश्वव्यापी बनाउने उद्देश्य सहित जनस्तरबाटै केही प्रयासको थालनी भएको छ । भर्खरमात्रै जलजला गाउँपालिकाले गुरुयोजनाअनुसार डि.पी आर तयार पारी प्रदेश र केन्द्र सरकारको सहयोगमा यस क्षेत्रलाई नेपालकै प्रमुख धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकसित गर्ने योजना तर्जुमा गरेको छ । यसै अन्तर्गत कालञ्जर क्षेत्रका **मल्लाज दरबार, कोत भगवती, माझरानी गुफा, सर्सकमाए, पूर्णगाउँको वराहताल, गिद्धेश्वर शिवालय, दीपको वराह स्थान, हम्पाल,सिर्पु** लगायतका समग्र पौराणिक, ऐतिहासिक, प्राकृतिक महत्त्वका स्थलहरूलाई समेट्दै सर्किट रुट तयार गरी ३ दिनको पदमार्ग बनाउने लक्ष्य लिएको छ । अन्नपूर्ण पदमार्गका पर्यटकलाई भित्र्याउन हम्पालकै लेकमा रहेको जलजलाको २२ रोपनी क्षेत्रफल बराबरको भूमिमा विशेष किसिमको

ताल बनाउने अनि एकैसाथ पर्वत, म्याग्दी, बागलुङका सुरम्य गाउँबस्ती अनि अन्नपूर्ण, नीलगिरि, धवलागिरि, माछापुच्छ्रे हिमालका लोभ लाग्दा दृश्यहरू हेर्न सकियोस् भनी जलजला ५ को फलामे डाँडामा विशेष किसिमको भ्यु टावर बनाउने लक्ष्य लिएको छ (कान्तिपुर राष्ट्रिय दैनिक कार्तिक ८, २०७५)।

कालञ्जरको मुख्य केन्द्र पछाडि परे पनि यसका काखमा रहेका गाउँ बस्तीलाई बिस्तारै सडकसञ्जालले छोएसँगै तिनीहरूको मुहार फेरिदै गएको छ। आधारभूत शिक्षा स्वास्थ्य र विद्युत्को सेवाबाहेक राज्यका तर्फबाट कुनै उद्योगधन्दा खुलेका छैनन् । यहाँका पौरखी किसानहरू कृषिकर्ममै निर्भर छन् भने अधिकांश युवाहरू खाडीमुलुकमा गई गुजारा चलाउन बाध्य छन् ।

यस पदमार्गमा यात्रा गर्ने पर्यटकले कालञ्जरको शीर्षस्थानमा पुगी बागलुङ, म्याग्दी, कास्की, स्याङ्जाका उत्तुङ्ग हरियाली डाँडा काँडा, रमाइला बस्ती, काली, म्याग्दी, र मोदी नदीका नागवेली जलरेखाको अवलोकन गर्न पाउने छन् । यस क्षेत्रलाई केन्द्रित गरेर मल्लाज मिलनचोकबाट लेकफाँट, शालिजा हुँदै र कुस्माबाट दुर्लुङ्ग हुँदै अनि पातीचौर बाट लेसपार हुँदै तीनतर्फी यातायात जोड्ने उद्देश्यसहित मोटरवेल सडक बन्दै छ । यातायातको सुविधासँगै भविष्यमा यस क्षेत्रले काँचुली फेर्ने छ भन्ने अपेक्षा गर्न सकिन्छ ।

ट.पर्यटकीय विशेषता

नेपाल विश्वकै पर्यटकीय गन्तव्यको देश हो । बहुल संस्कृति बहुल जातिको साझा फूलबारी नेपाल भौगोलिक र प्राकृतिक वैविध्यले समेत मनोरम छ । यिनै विशेषतासँग जोडिएको पर्यटनले नेपालको अर्थतन्त्रलाई धानेको छ । संसारकै अग्ला हिमशृङ्खला, गहिरा गल्छी, थरिथरिका ताल दुर्लभ वन्यजन्तु, प्रसिद्ध शक्तिपीठ, पौराणिक महत्त्वका मठमन्दिर आर्ष सभ्यताका पवित्र तीर्थस्थल ऐतिहासिक कोट, गढी, पुरातात्त्विक सम्पदा आदि पर्यटनका आधार हुन् । पर्यटनका धार्मिक, सांस्कृतिक, पुरातात्विक, प्राकृतिक क्षेत्रमध्ये कालञ्जर भूमि धार्मिक र प्राकृतिक पर्यटनको सम्भावना बोकेका क्षेत्र हो । समुद्री सतह देखि ३२०० को उचाइमा रहेको हम्पालको लेक र यस अन्तर्गतका मृगतीर्थ कालञ्जर, सिर्पु, मल्लाज लेकफाँटको गिद्धेश्वर,

धाइरिङको भूमेस्थान र सिद्धस्थान, माँझ्काटको भगवती मन्दिर अनि सहस्रधारा धार्मिक पर्यटनका मुख्य केन्द्र हुन् । यसको धार्मिक महत्ता र प्राकृतिक सम्पदाका स्रोतहरूलाई सुव्यवस्थित गर्दै लैजान सके पर्वत जिल्लाको मात्र नभई समग्र देशकै पर्यटनमा समृद्धि हुने सम्भावना देखिन्छ । यस ठाउँलाई काठमाडौंको **शिवपुरी**, प्युठानको **स्वर्गद्वारी**, गोर्खाको **मनकामना**, डोटीको **खप्तडलेक**, बागलुङको **पञ्चकोट**, नवलपरासीको **मौलाकालिका**, पाल्पाको **सत्यवतीताल** गुल्मीको **रेसुङ्गा**जस्तै विकास गर्न सकिने आधारहरू छन् । मात्रै खाँचो छ क्रियाशक्तिको । विश्वका कतिपय मुलुकमा सुख्खा बञ्जर भूमिलाई हरियालीमा परिणत गरी कृत्रिम संरचनाद्वारा पर्यटकहरूलाई भित्राइरहेको सुन्न र पढ्न पाइन्छ तर प्रशस्त सम्भावना बोकेका नेपालका प्राकृतिक सम्पदाहरू वनमा फुलेको सुनगाभाझैं त्यसै त्यसै ओझेलमा परेका छन् । त्यस्तै ओझेलमा परको क्षेत्र हो कालञ्जर क्षेत्र । यस क्षेत्रको समुचित विकास गर्ने हो भने एकातिर तेस्रो मुलुकबाट आउने अन्नपूर्ण पदमार्गका पर्यटकहरूलाई आकर्षित गर्न सकिन्छ भने अर्कातिर मुक्तिनाथका तीर्थयात्रीहरूलाई यहाँ भित्र्याउन सकिन्छ । त्यसैगरी आन्तरिक पर्यटन प्रवर्धनमा समेत यसले महत्त्वपूर्ण भूमिका खेल्न सक्तछ ।

कालञ्जरक्षेत्रको पर्यटन प्रवर्धनको अर्को पाटो प्राकृतिक सम्पदाको पर्यवलोकन हो । यसलाई पहाडी वन्य आरक्षणका रूपमा विकास गर्न सकिन्छ। यहाँ हिमचितुवा, कस्तूरी, कृष्णसार, नाहूर, बाघ, भालु, झारलजस्ता जङ्गली जनावरका साथै डाँफे, मुनाल, कालिज, च्याखुरा, गिद्ध, लुईचे, हुके चरा, दुम्सी, लाटोकोसेरो आदि पशुपन्छी भेटिन्छन् ।

यसका अतिरिक्त नाम नजानिएका र पहिचान गर्न नसकिएका समूहमै उड्न चाहने स-साना छिर्के मिर्के चराचुरुङ्गीको लोभ लाग्दो समूह देख्न पाइन्छ । त्यसै गरी यस ठाउँलाई वनौषधिको खानी नै भने हुन्छ । **नास्ति मूलमनौषधम्** (सुभाषित) भनेझैं यहाँका हरेक वृक्ष वनस्पतिहरू औषधीय गुणले युक्त छन् । बोझो, सतुवा, चिराइतो, अमिली, ब्राह्मी (भोलटाप्रे) खएर, पाषाणभेद, जेठीमधु, पदमचाल्नु, निरामसी, जटामसी, टिम्मुर, सिल्टिमुरजस्ता औषधीजन्य वृक्ष, लता र फरक-फरक किसिमका

गुँहेली, ऐसेलु, चुत्रो, जन्मुन्द्रो, सिमल्टो, गोफ्लो, आदि वनस्पति भेटिन्छन् । उल्लिखित वनस्पतिहरूका अतिरिक्त यहाँ नाना प्रजातिका फलफूल अनि अल्लो, लोकता, अर्गेलीजस्ता नेपाली कागज र घरेलु कपडा उत्पादन गर्न सकिने बहूपयोगी वृक्षलहरा एवम् काष्ठ उद्योग र विभिन्न काष्ठकलाका लागि प्रयोगमा ल्याउन सकिने ओखर, सिर्मु, सल्लो, गोब्रे, गुराँस लगायतका वृक्षहरू पाइन्छन् । विगतमा देखिने गरेका बाँस र निगालाबाट बनेका कोर्का, धुन्से भकारी, मान्द्रोजस्ता वस्तुहरू ठेकी, चौठी, मुदुस जस्ता काष्ठकलाका सामान क्रमशः लोप हुँदै गएका छन् । यिनको समुचित संरक्षणको आवश्यकता छ । यिनीहरूलाई उचित तरिकाले परिचालन गरी पर्यटन र लघु उद्योगसँग जोड्न सके यस क्षेत्रको समग्र समृद्धिमा टेवा पुग्ने देखिन्छ ।

९.विकासका सम्भावना

समय बित्दै गयो । देशमा धेरै किसिमका राजनीतिक परिवर्तनहरू भए । मान्छे देश विदेश आउँदै गरे जाँदै गरे । तर दुर्गम गाउँ बस्तीहरू र त्यहाँका पाटी, पौवा मठमन्दिरहरूको संरक्षण संवर्धन हुन सकेन हिजो पुर्खाहरूले धानेका सम्पदा संस्कृति र संस्कार अनि उनीहरूले गरेका उत्सर्ग समर्पण र निर्माण गरेका धरोहरहरू वर्तमानमा दीनहीन बन्न पुगेका छन् । यिनीहरूको संरक्षण संवर्धनको कर्तव्य पूरा गर्नुपर्ने आजको आवश्यकता हो । यहाँ यस क्षेत्रको विकासका लागि अपनाउन सकिने केही सझाव प्रस्तुत गरिन्छ ।

- कालञ्जर क्षेत्रलाई धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नुपर्ने,
- हम्पालको लेकलाई पहाडी वन्य निकुञ्जका रूपमा संरक्षण हुनुपर्ने,
- मल्लाज मिलनचोक वा म्याग्दीको गलेश्वर धामदेखि कालञ्जरतीर्थमा पुग्न विद्युतीय रज्जुमार्ग निर्माण गर्नुपर्ने,
- म्याग्दीको गलेश्वरधामदेखि मल्लाजकोट भगवती, मल्लाज दरबार हुँदै हम्पालसम्म र हम्पालदेखि धाइरिङ् भूमे स्थान हुँदै गलेश्वरसम्मको चक्रीय पदमार्ग बनाउनुपर्ने,
- उत्तरपट्टि रहेका धवलागिरि, नीलगिरि, माछापुच्छ्रे, अन्नपूर्ण हिमश्रृङ्खला अनि दक्षिणतर्फ पर्वत, म्याग्दी बागलुङका मनोरम दृश्यावली देखिने

ठाउँहरू, फलामे डाँडा र हम्पालको धुरीमा भ्यु टावर बनाउनुपर्ने,

- जलजलाको लोप्रेमा अन्तराष्ट्रिय गुराँस पार्क निर्माण गर्नुपर्ने,
- बाँसखर्क, लेकफाँट, शाालिजा र धाइरिङ्मा उत्पादन, हुने सुन्तला, आलु, किवीजस्ता नगदे बालीको बजारीकरण गर्नुपर्ने,
- अल्लो, लोकता र अर्गेलीजस्ता बहूपयोगी वस्तुहरूको प्रवर्धन गरी घरेलु उद्योग खोल्नुपर्ने,
- हम्पालको लेकमा पाइने जडिबुटीहरूको प्रशोधन केन्द्र सञ्चालन गर्नुपर्ने,
- यस क्षेत्रका प्राचीन मठ मन्दिर, गुफा, तालहरूको संरक्षण हुनुपर्ने ।

१०. निष्कर्ष

कालञ्जर क्षेत्र सदियौं देखिको गरिमापूर्ण इतिहास बोकेको पौराणिक र धार्मिक महत्त्वको पवित्र भूमि हो । यो भूमि पर्वतराज हिमालयकी पुत्री पार्वतीको जन्म तथा हिमालय (हिमपाल) नामक उत्तुङ्ग पर्वतसँग सम्बद्ध रहेर सार्थक नाम बनेको पर्वत जिल्लाको उत्तरी भेगमा अवस्थित छ । कालञ्जर पर्वत मुक्तिनाथ देखि त्रिवेणीसम्म, कालीगण्डकीदेखि त्रिशूली नदीसम्मको भूभागमा फैलिएको गण्डकी प्रसवण क्षेत्रको शालग्राम, त्रिकूट, हेमकूट, नीलकण्ठ, व्योमकूट जस्ता पुराणप्रसिद्ध पर्वतहरूमध्येको पर्वत हो भने देवनदी कालीगण्डकीका पावन तटमा अवस्थित प्रसिद्ध तीर्थस्थल मध्येको एउटा महत्त्वपूर्ण तपस्थली हो । पौरस्त्य आर्षग्रन्थहरूका सङ्केतअनुसार कालञ्जरको क्षेत्र विशाल भए पनि हम्पालको धुरी यसको केन्द्र हो । यस क्षेत्रलाई प्रायः पुराणहरूले पितृमुक्तिका प्रसङ्गसँग जोडेको हुँदा यो भूमि काशी, गया, गोकर्ण, कागबेनीजस्तै पितृउद्धार को पवित्र तीर्थ र अध्यात्म साधनाको सिद्धभूमि हो भन्ने बुझिन्छ । यसलाई कतै **मृगतीर्थ** कतै **कालञ्जर**, कतै **मृगकालञ्जर** भनिएको छ । यो क्षेत्र अनादि कालदेखि नै सिद्ध, महात्मा, सन्तहरूको तपस्थली र आश्रयस्थल थियो भन्ने कुरा पनि ऐतिहासिक सन्दर्भहरूले प्रमाणित गर्दछन् । कतिपय लेखकहरूमा कालञ्जर क्षेत्र अन्यत्र हो भन्ने भ्रम देखिन्छ तर वास्तविक कालञ्जर यही हो भन्ने कुरामा कुनै संशय छैन । कालञ्जर र पुलहाश्रमको सम्बन्ध, चक्रतीर्थ गलेश्वरधाम र चक्रनदी कृष्णगण्डकीको सामीप्य, माधवी (मोदी) नदी र हम्पाल पर्वतको सन्दर्भ, राजर्षि भरतको मृगजन्म र उनको

पुलहाश्रममा प्रस्थान यी सबै प्रमाणका आधारमा पनि उपर्युक्त तथ्यलाई पुष्टि गर्दछन् । पक्कै पनि पूर्वजहरूले यिनै आधारहरूलाई मानेर यस ठाउँलाई कालञ्जर भनेका थिए । त्यस किसिमका अभिलक्षणहरू अहिले पनि भेटिन्छन् । यो समस्त आर्यहरूको पुण्यतम क्षेत्र हो । यहाँका पुरातात्त्विक, प्राकृतिक, धार्मिक, पौराणिक, भौगोलिक वैशिष्ट्यले पनि यही सङ्केत गर्दछन् । नजिकै रहेका तीर्थस्थल र प्राकृतिक सम्पदाहरूको पहिचान गर्न नसक्नु हाम्रो आफ्नै कमजोरी हो । अतः नजिकको तीर्थको महत्त्व नबुझेर टाढा-टाढा भौतारिनु भन्दा वास्तविकतालाई उद्घाटन गरी यसको समयोचित विकास सँगसँगै देश विदेशसम्म प्रचारप्रसार गर्नु आजको आवश्यकता हो ।

सन्दर्भस्रोत

अग्निपुराण (वि.सं.२०७०), पुनर्मुद्रण सं. गोरखपुर : गीताप्रेस ।

आदर्श हिन्दी शब्दकोश, (सन् १९९४) वाराणसी : भार्गव बुक डिपो ।

कान्तिपुर राष्ट्रिय दैनिक, कार्तिक ८, २०७५ ।

कूर्मपुराण (सन् १९८६), (द्वितीय खण्ड) सम्पा.पं.श्रीराम शर्मा आचार्य, वरेली : संस्कृति संस्थान ।

गरुडमहापुराण (सन् २०१२), पुनर्मुद्रण सं. दिल्ली : जवाहरनगर, नागपब्लिशर्स ।

जि.वि.स. पर्वत (वि.सं.२०७०) जिल्ला पर्यटन विकास गुरुयोजना , कुस्मा : जि.वि.स. पर्वत तथा पर्वत विकास मञ्च काठमाडौं ।

पद्मपुराण (सन् १९८४), सम्पा. नागशरण सिंह. दिल्ली : जवाहरनगर, नाग पब्लिशर्स ।

पराङ्कुशाचार्य (वि.सं. २०७२), श्री रहस्यरत्नमाला, नवलपरासी : गैडाकोट शुकदेव भागवत आश्रम ।

पाण्डेय, फणीन्द्रप्रसाद (वि.सं.२०५७), संस्कृत नेपाली बृहत् शब्दकोश, दाङ : म.सं.वि. ।

पुरुषोत्तममाहात्म्य, टीकाकार एकदेव उपाध्याय, वाराणसी : बम्वई पुस्तक भवन ।

भट्टाचार्य, तारानाथ तर्कवाचस्पति (सन् २००२), वाचस्पत्यम्, पुनर्मुद्रित सं. दिल्ली : जनकपुरी ।

मनुस्मृति (सन् २०१०), अनु. शिवराज आचार्य कौण्डिन्यायन, वाराणसी : चौखम्वा

विद्याभवन।
महाभारत (वि.सं. २०७०), (चौदहवां संस्करण) गोरखपुर : गीताप्रेस।
योगी, नरहरिनाथ (वि.सं. २०३८), देवभूमि भारत एवम् आध्यात्मिक नेपाल, काष्ठमण्डप : गोरक्षपीठ, मृगस्थली।
लिङ्गमहापुराण (वि.सं.२०७१), (सचित्र हिन्दी व्याख्यासहित) गोरखपुर : गीताप्रेस।
वाराहपुराण (सन् १९८२), सम्पा. ऋषीकेश शास्त्री, वाराणसी : चौखम्बा अमर भारती प्रकाशन।
विष्णुपुराण (वि.सं. २०७४), अनु. मुनिलाल गुप्त गोरखपुर : गीताप्रेस।
शर्मा, लीलाधर (सन १९९६), भारतीय संस्कृतिकोश, (संशोधन सं.) दिल्ली : मदरसा रोड, राजपाल एण्ड सन्स काश्मिरी गेट।
शिवमहापुराण (वि.सं.२०५९), नेपाली भाषानुवाद, काठमाडौं : पशुपतिक्षेत्र विकास कोष सञ्चालक परिषद्।
श्रीमद्भागवतमहापुराण (वि.सं.२०५८), अठारहवाँ संस्करण, गोरखपुर : गीताप्रेस ।
श्रीमद्देवीभागवतमहापुराण (वि.सं.२०७२), अनु. वेणीमाधव ढकाल काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।
स्कन्दपुराण (सन् १९९९) द्वितीय सं.दिल्ली : जवाहरनगर नागपब्लिशर्स।
स्यार, राजा राधाकान्तदेव (सन्२००२), शब्दकल्पद्रुम, (पुनर्मुद्रण सं.) दिल्ली : जनकपुरी, राष्ट्रिय संस्कृत संस्थान।

✡✡✡✡

पावन पुलहाश्रम

रामप्रसाद सुवेदी[1]

१. परिचय

नेपाल पुराणप्रसिद्ध तपोभूमि हो । नेपालको पूर्वदेखि पश्चिमसम्म हिमशृङ्खलाहरू फैलिएर रहेका छन् । भगवान् शिवको निवास पर्वतराजपुत्री पार्वतीको जन्मस्थल हिमालयपर्वत नेपालको शिरोभाग हो । ६ हजार ५ सयभन्दा बढी पवित्र नदीहरूले यो पावन भूमिलाई सिञ्चन गर्दै सदासर्वदा पवित्रता, शीतलता, अनुकूलता, जीवन्तता प्रदान गरिरहेकै छन् । नेपाल अनेकानेक देवी देवताको बासस्थान रहेको विभिन्न ग्रन्थहरूमा उल्लेख भएकै विषय हो । त्यसमध्ये गण्डकी प्रदेश सप्त गण्डकीद्वारा सिञ्चित प्रदेश हो । यस क्षेत्रमा दामोदरकुण्ड, मुक्तिनाथ, कागबेनी, चक्रतीर्थ, पुलहाश्रम, कालञ्जर पर्वत, बेनी, मोदीबेनी, रुरुक्षेत्र, देवघाट हुँदै गण्डकी नगर (चितवन) जस्ता तीर्थस्थलहरू रहेका छन् । यीमध्ये पुलहाश्रम गण्डकी प्रदेश म्याग्दी जिल्लामा पर्दछ । यो बेनी नगरपालिकादेखि मालिका गाउँपालिका हुँदै रघुगङ्गा गाउँपालिकासम्म जोडिएको छ । म्याग्दी जिल्ला समुद्री सतहबाट ७९२ मिटरदेखि सुरु भई ८१६७ मिटरसम्मको उचाइमा रहेको छ । विश्वमानचित्रमा म्याग्दी ८३°८' पूर्वदेखि ८३°५३' पूर्वी देशान्तर र २८°२०' उत्तरदेखि २८°४७' उत्तरी अक्षांशभित्र रहेको छ । म्याग्दी जिल्लामा हिमाली क्षेत्र ३६ प्रतिशत रहेको छ । पुलहाश्रम मध्य पहाडी क्षेत्रदेखि उच्च पहाडी क्षेत्रसम्म फैलिएको छ (सुवेदी, २०७०, १/१) । तिब्बती मुस्ताङ खोला हुँदै आएको र दामोदर हिमालबाट निःसृत कृष्णगण्डकी अनि मुक्तिनाथको पवित्रजल मिसिँदै कागनदी समेत समाहित भएर बग्ने कालीगण्डकी देवघाटमा त्रिशूलीलाई आफूमा समाहित गरी नारायणी नदीका नामले चिनिन्छिन् ।

कालीगण्डकीमा हिरण्यगर्भयुक्त शालग्राम चक्रशिला पाइन्छन् । हिन्दू धर्म परम्परामा शालग्रामलाई अत्यन्तै पवित्र र साक्षात् विष्णुरूप मानिन्छ । कालीगण्डकीले लोमन्थाङ, मुक्तिनाथ, जोमसोम, टुकुचे, दाना, बेनी, बागलुङ, कुस्मा, रिडी, देवघाट र गैंडाकोटसम्मको तटीय क्षेत्रलाई पवित्रता प्रदान

१. लेखक (बेनी-६, जामुनाखर्क म्याग्दी) सेवानिवृत्त शिक्षक हुनुहुन्छ ।

गरिरहेको छ । कृष्णगण्डकीले दाहिनावर्त गरेको चक्रतीर्थमा एउटा विशाल प्रस्तरमा स्वयम् प्रकटित शालग्राम विष्णु र भगवान् शिव ज्योतिर्मय स्वरूपमा पूजित रहेका छन् । जनजिब्रामा यसलाई गलेश्वरधाम भनिएको छ । कालीगण्डकीको गर्भभित्र रहेको शालग्राम शिला जलको प्रवाह पूर्वीतिर सरे पछि देखिएको, पूजित हुन थालेको र यसलाई सुरुमा जलेश्वर भनिएको र जडभरतले तपस्या गरेको भनेर जडेश्वर हुँदै अपभ्रंश भई गलेश्वर भन्न थालेको पाइन्छ (क्षेत्री, २०५६, पृ. ८) । यसरी कृष्णगण्डकीले दाहिनावर्त गरेको चक्रतीर्थ पुलहाश्रम कालञ्जर पर्वतको सारको रूपमा यो क्षेत्र पावन तपस्थली रहेको कुरा पुष्टि भइसकेको छ । यसै गलेश्वरधामको नैऋत्य दिशाको करिब तीन किलोमिटरमाथि पर्ने पुलाडाँडा नै पुलहाश्रम हो । यो क्षेत्र धार्मिक, ऐतिहासिक र पर्यटकीय दृष्टिले अत्यन्तै महत्त्वपूर्ण छ ।

२.भौगोलिक अवस्थिति

पुलहाश्रम २८°२१'२४.५" उत्तरी अक्षांश र ०८३°३२'५५.३" पूर्वी देशान्तरमा अवस्थित छ । यो समुद्री सतहदेखि १६९२ मि. उचाइमा रहेको छ । पुलहाश्रमकै अङ्ग मानिएको कपिलाश्रम गुफा समुद्री सतहदेखि १४१३ मिटरको उचाइमा अवस्थित छ । कपिलाश्रम २८°२१'० ९०" उत्तरी अक्षांश र ०८३°३३'१७.६" पूर्वी देशान्तरमा पर्दछ । यो पनि पुलहाश्रम तपोक्षेत्र नै हो । पुलहाश्रमको अर्को अङ्ग ढोलठाना हो । यो समुद्री सतहदेखि १९५० मिटरको उचाइमा छ भने गाजने २०२६ मिटरको उचाइमा रहेको छ । ढोलठाना सोह्रौं शताब्दीमा पर्वतराज्यको राजधानी रहेको क्षेत्र हो । वि.सं. १८४३ मा नेपालमा एकीकृत हुन गई बेनी बजारमा नेपाली झन्डा गाडिएको थियो । पुलहाश्रम तपस्थली भएकाले ती पर्वते राजाहरूले भगवान् जगन्नाथको मन्दिर बनाई सेवा गरेको अभिलेख प्राप्त छ । पुलहाश्रमको दक्षिणतर्फ पुलाचौर छ । त्यो पुलहाश्रमकै उन्नत भूमि हो । पुलहाश्रम उच्च स्थानमा रहेकाले जनबोलीमा यसलाई पुलाडाँडा भनिन्छ । पुलहाश्रमको पूर्वतर्फ श्रीकृष्णगण्डकी र पश्चिमतर्फ मङ्गला (म्याग्दी) नदी रहेका छन् । यी दुवै नदीहरूको सङ्गम स्थल हालको बेनीबजारमा रहेको छ । संस्कृतभाषाको वेणी शब्दको प्राकृत रूप नै बेनी हो । यही वेणीको

तटमा महर्षि पुलहले आश्रम बनाई तपस्या गरेका थिए । उनैको तपस्थली भएकाले यस पुण्यभूमिलाई पुलहाश्रम (पुला) भनिएको हो ।

पुलहाश्रम

३. पौराणिक सन्दर्भ

ब्रह्माका मानसपुत्र एवम् सप्तर्षिमध्येका एक पुलह हुन् । यिनलाई सोह्र प्रजापतिमध्ये एक मानिन्छ । पुराणको कथनानुसार ब्रह्माजीले महर्षि पुलहलाई सृष्टिको वृद्धि गर्न भनेपछि उनले महर्षि कर्दमका छोरीहरूलगायत दक्ष प्रजापतिका पाँच छोरीहरूसँग विवाह गरी सन्तानोत्पादन गरे र यिनका सन्तानहरू अनेक जातिका छन् भनिएको छ । पुलहले महर्षि सनन्दनलाई गुरु बनाएर शिक्षादीक्षा ग्रहण गरी विभिन्न सम्प्रदायको रक्षाको जिम्मा लिन पुगे । पछि महर्षि गौतम पुलहका चेला बनेर यिनैबाट ज्ञान प्राप्त गरे । पुलह जगत् कल्याणका लागि तपस्या गर्न चक्रनदीको किनारमा आई तपस्यामा लीन भए । त्यसपछि उनले मङ्गला (मायानदी) अर्थात् म्याग्दी नदी र चक्रनदीको वेणीमा कुटी बनाई धेरै वर्षसम्म जप-तप, ध्यान, यज्ञयागादि गरेर बसे । उनका शिष्यहरूको पनि बसोबास हुँदै गयो भने उनले जन्म दिएका सन्ततिहरू पनि यो घना जङ्गलभित्र स्थायी बासिन्दा बने । नदी किनाराका आसपासमा रहेका सम्म परेका फाँटमा सबैजना मिलेर बसे । उनीहरूले आफ्ना प्रिय वंशजलाई पुलह नै भने । यसरी यो क्षेत्रमा लामो समयसम्म तपस्या गरेकाले यो ठाउँको नाउँ नै पुलहको नाउँबाट विकसित हुँदै छोटिएर पुला बनेको हो ।

भाषावैज्ञानिक मान्यताअनुसार कुनै कुनै शब्दको अन्त्यमा 'ह' उच्चारण हुन्छ भने त्यो छोटिएर आकारमा परिणत हुनसक्छ । यसको कारण के हो भने 'ह' महाप्राणी मुख्य व्यञ्जनवर्ण हो, 'ह' अङ्ग्रेजीमा H बाट जनाइन्छ र प्रत्येक H आउने नेपाली व्यञ्जनवर्णहरू महाप्राणी नै छन् । अपवादको रूपमा H भए पनि 'च' अल्पप्राणी र 'स' H नभए पनि महाप्राणी

व्यञ्जन छन् । अन्त्यमा महाप्राणी व्यञ्जन आएमा कुनै साटिएर 'ह' उच्चारण हुन्छन् भने स्पष्ट 'ह' हराएर ओ, इ, आ स्वर वर्णमा आउन सक्छन् । केही उदाहरण-

सप्ताह - सप्ता , पुलह - पुला , जगह - जगा, जिराह जिरा,
बसाह - बसा, ठगाह - ठगा , दमाह - दमा , चाहिँ - चाईं,
मोही - मोई गोही - गोई, गदाहा - गधा , रनाह - रना ,

भाषाको यस्तो परिवर्तनले पुलह छोटिएर 'ह' को क्षति 'ल' मा आकार जोडिँदै पुला बनेको कुरामा सन्देह हुँदैन । त्यसैगरी 'पुलहाश्रम' पनि जनजिब्रो मा 'पुलाश्रम' बनेर रहेको छ । कुनै पनि शब्द छोटिँदा मूल शब्दको साइनो रहन्छ । पुला भन्ने शब्द पुलहबाट बनेको भन्न सकिन्छ । यसलाई केहीले पुलस्त्याश्रम पनि भन्न थालेका छन् । त्यसो भए पुलाडाँडा र यसको अति पुरानो नाम पुला जसले उत्तरमा भिँ गाउँको घ्याङ्ग्री खोलादेखि दक्षिणमा पूर्णगाउँ र कुहूँको सिमानासम्मको क्षेत्र लिन्छ, त्यो पुला 'पुलस्त्य' शब्दबाट छोटिएर बन्थ्यो भने पुला होइन, अर्कै हुन्थ्यो । अर्को कुरा पुलस्त्य र पुलह दाजुभाइ हुन् भन्ने प्रमाण भने भेटिएको छ -

ततः प्रीतः स भगवान् वसिष्ठो मुनिसत्तमः ।
सम्प्राप्तश्च तदा तत्र पुलस्त्यो ब्रह्मणः सुतः ।।
पितामहेन दत्तार्घ्यः कृतासनपरिग्रहः।
मामुवाच महाभागो मैत्रेय पुलहाग्रजः ।।(विष्णुपुराण १/१/२२,२३)।

त्यसो त ब्रह्माजीका मानसपुत्र नाम मिल्दो देखियो भन्दैमा पुलह, पुलस्त्य दुई भाइ हुने अरू नहुने कुरै हुँदैन । यस अर्थले ब्रह्माका मानसपुत्र भनिएका सबै ऋषिहरू पुलह पुलस्त्यकै भाइभाइ नै भन्न मिल्ने भइहाल्यो । यस सन्दर्भमा स्मरणीय कुरो के छ भने पुलह ज्ञानी भए पनि ज्ञानका व्याख्याता थिएनन्, तपस्वी थिए । महर्षि गौतमको ज्ञानविस्तार नै पुलहको ज्ञान थियो तर पुलस्त्य भने ज्ञानका प्रचारक थिए । यिनले पनि लोकको भलो नै चिताउँथे र पुलस्त्य राक्षस वंशवर्द्धक थिए भनी लेखिएको पाइन्छ ।

३.१.पुलस्त्यको सन्दर्भ

पुलस्त्य ऋषिलाई ब्रह्माका मानसपुत्र मानिएको छ । उनले कर्दम

ऋषिका नौ कन्यामध्ये हविर्भूसँग विवाह गरेका थिए । उनीबाट अगस्त्य र विश्रवाको जन्म भएको उल्लेख छ । विश्रवा पनि ऋषि नै थिए । उनका दुई पत्नी थिए समाली राक्षस ताडका राक्षसीकी छोरी कैकसी र सम्राट् तृणविन्दु एवम् अलामवुशा अप्सराकी छोरी इलाबिला । कैकसीबाट रावण, विभीषण र कुम्भकर्ण जन्मिए भने इलाबिलाबाट कुबेर जन्मिएका थिए भन्ने धार्मिक ग्रन्थहरूले बताउँछन् ।

पुलस्त्यले अनेकन धार्मिक ग्रन्थहरू रचना गरेका थिए । वृद्ध याज्ञवल्क्य पुस्तकमा पुलस्त्यलाई धर्मवक्ता मानिएको छ । पुलस्त्य स्मृतिका उद्धरणहरू मिताक्षरा, अपरार्क, स्मृति चन्द्रिका, दानरत्नाकर आदि पुस्तकमा परेका हुनाले उनी ज्ञानी थिए भन्ने स्पष्ट हुन्छ । पुलस्त्यलाई भगवान् शिवका साढु पनि भनिएको छ । दक्षप्रजापतिको यज्ञ विध्वंसमा पुलस्त्य जलेर मरेको र वैवस्वत मन्वन्तरमा ब्रह्माका सबै मानसपुत्रका साथ उनको पनि पुनर्जन्म भएको भन्ने पनि सुनिन्छ ।

पुलस्त्यका छोरा विश्वश्रवा (विश्रवा) नर्मदा नदीको किनारमा रहन्थे । विश्रवाले भगवान् शिवको प्रार्थना गरी लङ्कामा आफ्नो तपस्थल प्राप्त गरेका थिए भन्ने कुरा भेटिएको छ । त्यतिखेर लङ्कामा महिदन्त नाम गरेका राजा थिए । यसरी पुलहाश्रमनजिकै पुलस्त्यको आश्रम भए पनि विश्रवा सुदूर दक्षिणमा तपस्या गर्न पुगेको तथ्य खुल्दछ । उत्तरमा हिमालयपर्वतसम्म भारतवर्ष नाम बताइएको छ । ऋषिमुनिहरू तपसिद्धिका लागि हालको नेपालभूमिमा आउने र फर्कने गरेको पनि बुझिन्छ । महर्षि पुलस्त्यले ब्रह्माजीको आदेशअनुसार भीष्मपितामहलाई ज्ञान दिएको प्रसङ्ग महाभारतमा भेटिन्छ । कारणवश पुलस्त्यले गिरिराज गोबर्धन पर्वतलाई श्राप दिएकाले सो पर्वत ३ हजार मिटरबाट घटेर ३० मिटरमा सीमित भएको कुरा पनि उल्लेख छ । वायुपुराणमा राक्षसहरूलाई पुलह पुलस्त्य कश्यप तथा अगस्त्यका सन्तान मानिएको छ (वायुपुराण ७०/५१/६५) । महाभारत तीर्थयात्रापर्वको अध्याय ८४ मा पुलस्त्यले विभिन्न तीर्थका बारेमा बताएको देखिन्छ । त्यसमा उनले देवपुष्करिणी (देवघाट पोखरी), नारायणस्थान (मुक्तिनाथदेखि देवघाटसम्म) जातिस्मर (पुलहाश्रम जहाँ भरतले पूर्वजन्मको कुरो सम्झन्थे)

माहेश्वरपुर शिवपुरी (काठमाडौं) कुशिकाश्रम कौशिक नदी (कोशीनदी क्षेत्र) विनशनतीर्थ (गण्डकी क्षेत्र) जनकपुर (धनुषसागर) धेनुतीर्थ (खुर्कोट र पाउद्वार) गृध्रवट (गिद्धेश्वर) आदि पुलहाश्रम नजिकका तीर्थहरू उल्लेख गरेका छन् । उनले त्यसको वर्णन काशीमा गरेका हुन्, जहाँ कुरूक्षेत्रमा महाभारत लडाइँ भएको थियो ।

३.२. 'पक्षै' र पुलहाश्रम

शालग्राम नदी र माया नदीको किनारमा पुलस्त्यको तपस्थली थियो । त्यस ठाउँमा महर्षि पुलहले पक्ष पक्षमा तप यज्ञ गर्दथे । यसलाई पाक्षिक यज्ञयागादि हुने भएका कारण यसलाई पक्षै भनिएको हो (दण्डपाणि शर्मा) । अर्को सन्दर्भ यो तपस्थली वेणीबाट पूर्व फर्किएर हेर्दा उत्तर र दक्षिण दुई पक्षलाई नै अवलोकन गर्न सकिने अवस्था थियो भनेर पनि पक्षै भनिएको हो भन्ने किंवदन्ती पनि रहेको छ। त्यस्तै पुलहले र पुलस्त्यले नजिकै आश्रम बनाएकाले ज्ञानविस्तारको पक्ष अर्थात् प्रवचन पक्ष पुलस्त्यले सम्हालेका र तपस्या गरी तपोबलले जगको हित गर्ने, यज्ञ, यागादि गर्ने पक्ष पुलहले सम्हालेका कारण पनि यो ठाउँलाई पक्षै भनिएको हो भन्ने जनश्रुति पाइन्छ ।

महर्षि पुलहले तपस्या गरेको स्थल भएकैले यसलाई पुलहाश्रम भनिँदा गौरवानुभूति हुन्छ । पुलह + आश्रम पुलहाश्रमको शब्द संरचनाले यो उनकै आश्रम हो भन्ने जनाउँछ। जहाँ पुलाको डाँडो वा पुलाडाँडा भन्ने ठाउँ परापूर्वकालदेखि नै प्रचलित थियो र आज पनि यही शब्दले सम्बोधन गरिन्छ । कृष्णगण्डकी नामले प्रसिद्ध नदीको किनारमा रहेको पुला भन्ने ठाउँ दामोदरकुण्डदेखि त्रिवेणीधामसम्म पुग्दा यही एउटा मात्र भेटिन्छ, त्यस कारणले समेत पुराणप्रसिद्ध पुलहाश्रम पुलाडाँडाको पक्षै भन्ने ठाउँ रहेको निष्कर्ष निकाल्न सकिन्छ।

३.३.रहुगण र पुलहाश्रम

सौवीरराज रहुगणले जडभरतबाट दीक्षित भएको ठाउँ पुलहाश्रम नै हो । रहुगण ऋषि कपिलदेवसँग ज्ञान लिन पाल्कीमा चढेर आएका थिए। उनी यहाँ आइनपुग्दै डोलेको आवश्यकता पर्न गएकाले बाटैमा फेला

परेका जडभरतलाई पाल्की बोकाएर आउँदा जडभरतले आत्मज्ञानका विषय उठाएकाले पछि उनको शरणमा परी जडभरतबाट ज्ञान पनि लिए। अर्को वेणी पुलहाश्रम नजिकै थियो। उनले त्यहीँ आफ्नो अन्तिम विश्राम लिए। उनले नित्य स्नान गरेको घाटलाई अहिले पनि रहुघाट र त्यो नदीलाई रहुगङ्गा भनिन्छ। उनले आश्रम बनाएर बसेको क्षेत्रलाई अहिले राखु भनिन्छ। त्यो रहु भन्दाभन्दै रघु र रघु भन्दाभन्दै राखु भएको कुरा ध्वन्यात्मक एकरूपताले पनि स्पष्ट हुन्छ। पुरानो नेपाली भाषामा नदी वा खोलालाई गाड भनिन्छ। यसउसले रहु नदी रहुगाड हुन पुग्यो, रहुगङ्गा वा शालग्राम नदीले बनाएको वेणी फाँटलाई अहिले पनि रहुगाड खेत भनिन्छ। यसरी रहुगण पनि पुलहाश्रम नजिकै बसेको बलियो प्रमाण देखिनुले पुलहाश्रमको प्रसिद्धि यसैमा छ भन्नु अत्युक्ति हुँदैन।

३.४. पुलहाश्रम र मुक्तिनाथको सम्बन्ध

पुलहाश्रम मुक्तिनाथसँग जोडिएको क्षेत्र हो। रहुगङ्गावारि पुलहाश्रम र रहुगङ्गापारि रहुगणको आश्रम भएपछि मुक्तिनाथ त्यसैमा जोडियो किनभने हालको राखु क्षेत्र मुक्तिनाथ मन्दिरको गुठी हो। राखुको उत्पादन मुक्तिनाथको आम्दानी हो। राखुको बेगखोलापारि दोबा गाउँको ७५% जग्गा मुक्तिनाथकै गुठी हो, त्यो गुठी मोहीका रूपमा कमाइ भएको छ भने बाँकी दोबाबासीको जमिन २०४७ सालमा व्यक्तिको नाममा पुर्जा दिइएको हो। कतिपय गुठी जग्गा बञ्जर नै छ। दोबा र राखुको पिप्ले भगवती क्षेत्रको गरी ३० हजार १ सय रोपनी जग्गा अझै मुक्तिनाथकै गुठीका रूपमा छ। वि.सं. २०४७ मा राखुक्षेत्रका ६६ रोपनी खेत र १ हजार ८७ रोपनी पाखोबारी व्यक्तिलाई दिइएको थियो। यसरी राखुसँग मुक्तिनाथको सम्बन्ध थियो। राखुको जग्गा मुक्तिनाथमा गुठी राख्नुको विषय यसरी मेल खान्छ कि राजर्षि रहुगण भगवान् मुक्तिनाथका भक्त थिए। उनको आश्रम वरपरको जग्गा मुक्तिनाथमा रहनु अस्वाभाविक रहेन।

मुक्तिनाथलाई धेरैले श्री विष्णुभगवान्‌को नृसिंह अवतारका रूपमा व्याख्या गर्दछन् किनकि त्यहाँ नृसिंहभगवान्‌को मूर्ति छ। कसैले भगवान्‌को वामन अवतार पनि भनेका छन्। मुक्तिनाथ भनी नारायणको कुन अवतार लाई भन्ने ? रामले रावणलाई मुक्ति दिए, कृष्णले कंसलाई मुक्ति दिए,

नृसिंहले हिरण्यकशिपुलाई मुक्ति दिए । यसरी प्राप्त मुक्तिलाई मुक्तिकै रूपमा उल्लेख नगरी श्रीमद्भागवतमहापुराणमा मुक्तिको विषय भगवान् कपिलसँग जोडिएको छ। नारायणका २४ अवतारमध्ये एउटा कपिल अवतार मानिन्छ। भगवान् कपिल कर्दमऋषि र देवहूतिका पुत्रका रूपमा अवतरित रहेको प्रसङ्ग भागवतमा लेखिएको छ।

भगवान् कपिलले आफ्ना पिताको महाप्रस्थान पछि आफ्नी आमा देवहूतिलाई आत्मज्ञान दिलाए। उनले माता देवहूतिलाई जीवितै मुक्ति प्रदान गरेको प्रसङ्ग भागवतमा पाइनुले मुक्तिका देवता भनी भगवान् कपिललाई नै मान्नुपर्छ तर यत्रो मुक्तिको प्रसङ्ग अध्ययन गरेका व्याख्याताले मुक्तिनाथ अर्थात् मुक्तिका मालिक एवम् मुक्तिदाता भगवान् कपिल नै हुन् र मुक्तिनाथ नै भगवान् कपिलको अर्को नाम हो भन्न किन हिचकिचाउँछन् ? हो, मुक्तिनाथ (भगवान् कपिल)लाई भेटी ज्ञान प्राप्त गर्नु थियो र त उनलाई पुलहाश्रमको बाटो जानु परेको थियो । यसकारण मुक्तिनाथ भगवान् नृसिंह नभई कपिल भगवान् हुन् र पवित्र तीर्थस्थल मुक्तिनाथ कपिल भगवान्को बासस्थान हो भन्न पनि सकिने आधार भेटिन्छन् ।

३.५. पुलहाश्रमसँग राजर्षि भरतको सन्दर्भ

राजर्षि भरत भगवान् ऋषभदेवका जेठा छोरा थिए । नाभिपुत्र ऋषभदेवले अजनाभ खण्डमा शासन गर्दथे। उनका सय भाइ छोराहरूमध्ये जेठा भरत अत्यन्त तेजस्वी थिए। उनकै नामबाट अजनाभखण्ड भारतवर्षमा परिणत भएको हो भन्ने प्रमाण भेटिन्छ-(श्रीमद्भागवतमहापुराण ५/अ.१-७)।

ऋषभदेव पुत्र भरत भगवद्भक्त थिए । धेरै वर्ष शासन गरेपछि उनले त्यो राज्यभार छोराहरूलाई सुम्पेर कृष्णगण्डकीका किनार पुलहाश्रम हरिहरक्षेत्रतर्फ लागेको उल्लेख छ -

एवं वर्षायुतसहस्र-पर्यन्तावसित-कर्मनिर्माणा-वसरोऽधिभुज्यमानं स्वतनयेभ्यो रिक्थं पितृपैतामहं यथादायं विभज्य स्वयं सकल-सम्पन्निकेतात् स्वनिकेतात् पुलहाश्रमं प्रवव्राज (पूर्ववत् ५/७/८)।

हरिहरक्षेत्र नै पुलहाश्रम हो भनी पण्डित वासुदेव भट्टराईले अनुवाद गरेको श्रीमद्भागवतमहापुराण नेपाली टीकामा उल्लेख छ। राजर्षि भरत

जीवनको उत्तरार्धमा पुलहाश्रमको उपवनमा तपस्यामा लीन भइरहन थाले । कुनै समय श्रीशालग्राम चक्रनदी कृष्णगण्डकीमा स्नान गर्ने क्रममा सिंहद्वारा खेदिएको अवस्थामा गर्भिणी हरिण कृष्णगण्डकीमा फाल हाल्दा नदीको प्रवाहमै बच्चा जन्माई आफू मरेपछि तपस्वी भरतलाई त्यो शावकको माया लाग्यो र आश्रममा ल्याई लालनपालन गर्न थाले । उनको स्नेह मृगशिशुमा बढ्यो र उनी पथभ्रष्ट हुन पुगे । एकदिन कृष्णसार जङ्गलतर्फ लाग्यो र फर्किएन, उनले त्यसैको धेरै शोक गर्दै प्राण त्याग गरे । अन्त्य अवस्थामा मृगतर्फ आसक्ति भएकाले उनले कालञ्जर पर्वतमा मृगकै जन्म लिन पुगे । मृग भएपनि उनलाई पुण्यको प्रभावले पूर्वजन्मको स्मृति भइरह्यो । कालञ्जर पर्वतमा मृगरूपमा जन्म लिएका भरत आफ्नी आमालाई छाडेर पुनः पुलहाश्रम तपोवनमै फर्केर शालग्राम नदी तटमा रहन थाले । त्यसपछि मृग शरीर त्याग्ने चाहनाले कृष्णगण्डकीमा आधा शरीर डुबाई प्राण त्याग गरेर अङ्गीरस गोत्रीय ब्राह्मणकी पत्नीबाट जन्मन पुगे । यी ब्राह्मण ईश्वरभक्त थिए (पूर्ववत् ५/९/१) । आफ्नो पूर्वजन्मको स्मृति भएका हुनाले यिनी सांसारिक मोहबाट मुक्तिको बाटो लिन सम्पूर्ण मोहबाट पृथक भई भगवान् ऋषभदेवकै चरित्रको अनुसरण गरी यही पुलहाश्रममा आई बस्न थाले । यिनैलाई कुनै दिन शूद्रराजाले पुरुष पशुका रूपमा उभ्याई पुत्र प्राप्तिका लागि भगवती चण्डिकालाई बलि दिन लाग्दा भगवती प्रकट भई उसकै संहार गरी जडभरतको रक्षा गरिन् (पूर्ववत् ५/ अ. १०-१२) । कुनै समयमा उनले कपिल आश्रममा जान लागेका राजा रहुगणलाई कर्मकाण्डको बाटो मिथ्या छ भनी परामार्थ मार्गको दिशाबोध गराउँदै ज्ञानगङ्गामा चुर्लुम्म डुबाइदिए । उनले भवाटवी (संसार)को वर्णन गरेर राजा रहुगणको सम्पूर्ण सन्देह हटाइदिए । यसरी राजर्षि भरत र रहुगणले पुलहाश्रम हरिहरक्षेत्र (दामोदरकुण्डदेखि नवलपुर त्रिवेणीधामसम्म) अन्तर्गत पुलहाश्रममै सबै समय व्यतीत गरी परमगति प्राप्त गरे ।

३.६. जडभरत गुफा

राजा रहुगणले जडभरतबाट ज्ञान प्राप्त गरेपछि उनले जडभरतलाई ज्ञानको मालिक सम्झेर 'नाथ'को सम्बोधन गरे । यसरी जडभरत भरतनाथको नामले पनि पुकारिए । भरतनाथले तपोभूमिबाट रहुगणलाई

अनेकन कल्याणकारी आशिष दिए। आशिषलाई अर्को शब्दमा वर भनिन्छ। वर प्रदान गर्नु भन्ने शब्दबाट प्र उपसर्ग झिक्दा पनि व्यतिरेकी अर्थ लाग्दैन। यसरी वरदान शब्द भयो। एकातिर भरतनाथ अर्कोतर्फ वरदान शब्द मिलाएर नयाँ शब्द बन्न पुग्यो। वरदानको 'वर' र भरतनाथको 'नाथ' जोडिँदा वरनाथ बन्न नसक्ने कुरो आएन। पुलहाश्रमदेखि केही माथि वायव्य कोणमा स्थित वरनाथ गुफा नै जडभरत गुफा हो। अहिले वरनाथलाई बानियाँ बन्धुहरूले श्रद्धासाथ इष्टदेव मानी पूजा गरेको देखिन्छ। यो भरतगुफालाई तीर्थस्थलका रूपमा प्रचारप्रसार गर्न बाँकी रहेको छ।

३.७.शालग्राम क्षेत्रको सन्दर्भ

भगवान् श्रीविष्णुले कृष्णगण्डकीको शिलाबाट बनेको विनायकको मूर्ति स्थापना गर्नुभयो र त्यस गाउँको नाम सिद्धिक्षेत्र रह्यो-

तत आनन्दपूर्णोऽसौ मेने तावसुरौ जितौ।
प्रासादं निर्ममे तत्र स्फाटिकं भूरिरत्नकम्॥
लसत्काञ्चनशिखरं चतुर्द्वारं सुशोभनम्।
प्रतिमां स्थापयामास गण्डकीयोपलैः कृताम्॥
देवाश्च मुनयः सिद्धविनायक इति प्रथाम्।
चक्रुरत्र यतः सिद्धिः प्राप्तेयं हरिणा शुभा॥

(गणेशपुराण उपासना खण्ड १८/२०-२२)।

गणेशको कृपाले काशी फर्किएका शिवले कालीगण्डकीमा पाइने शालग्राम शिलाबाट ढुण्ढिराज गणेशको मूर्ति तयार गराई काशीमा प्रतिष्ठा गर्नुभयो (पूर्ववत् २/४८)। 'शालग्रामक्षेत्र मुक्तिक्षेत्रबाट १२ योजनसम्म फैलिएको शालग्रामरहस्यादिमा वर्णन गरिएको छ। सालङ्कायन नामक ऋषिले भगवान्को दर्शन पाउँदा यसक्षेत्र (गाउँ) को नाम शालग्राम क्षेत्र रहेको भन्ने पौराणिक कथन छ (पूर्ववत्)। यही क्षेत्र अर्न्तगतको कालञ्जर पर्वतमा 'काली' र शालग्राममा 'महादेवी' नामले भगवतीलाई पुकारिन्छ-

वराहशैले तु जया कमला कमलालये।
रुद्राणी रुद्रकोट्यां तु काली कालञ्जरे तथा॥

शालग्रामे महादेवी शिवलिङ्गे जलप्रिया ।

महालिङ्गे तु कपिला माकोटे मुकुटेश्वरी ।।

(श्रीमद्देवीभागवत ७/३०/६२-६३)।

महाराज भरतले सम्पूर्ण राज्यवैभव छोडेर पुलहाश्रम क्षेत्रमा आई तीन जन्म बिताएको प्रसङ्ग पुराणहरूमा विस्तार गरिएको छ -

(श्रीमद्भागवतमहापुराण ५/अ.७-१३)।

यसरी विभिन्न पौराणिक ग्रन्थमा पुलहाश्रम अत्यन्त पवित्र भूमि, देवताहरूको प्रियस्थल, ऋषिहरूको बासस्थान र तपस्थली, मङ्गला, काली र भद्रकालीको सुन्दर पीठ, प्राकृतिक छटाले धपक्कै बलेको भूमि हो भन्ने विषय उजागर भएकाले पुलाक्षेत्र चक्रतीर्थ शालग्रामक्षेत्र र हरिहरक्षेत्रको मुख्य विन्दु रहेको कुरा नकार्न मिल्दैन ।

४. धार्मिक/सांस्कृतिक महत्ता

पुलहाश्रम तपस्थली हो । यहाँ धार्मिक गतिविधि धेरै भइरहन्छन् । यस ठाउँमा धार्मिक कृत्य गर्दा अक्षय फल प्राप्त हुने कुरामा विश्वास गरिन्छ । पुलहाश्रममा वेणी रहँदैदेखिको यो पुण्यभूमि बेनीबजारदेखि तल पुगे पनि यहाँका ढुङ्गाभित्र आस्थाका धरोहर शालग्राम देखिएका छन् । यस क्षेत्रमा अलिकति मात्र पुण्य गरेमा पनि ठूलो फल मिल्ने कुरामा विश्वास गरिन्छ। वेणी तल सर्दै जाँदा वारिपारिको दूरी पनि टाढा हुँदै गयो तर धार्मिक सांस्कृतिक महत्त्वले भरिएका नयाँ नयाँ स्थानहरू पनि बन्दै गए। यस क्षेत्रमा भएका केही धार्मिक सांस्कृतिक महत्त्वका स्थान र प्रसङ्गहरू यसप्रकार छन् -

४.१. पुलाक्षेत्र

प्राचीन पुलहाश्रम नै पुला क्षेत्र हो । यस क्षेत्रका मानिसहरू जो धार्मिक विषयमा विश्वास राख्छन्, उनीहरू पर्वपर्वमा कृष्णगण्डकीमा स्नान गर्न आइपुग्छन् । पुलह र पुलस्त्यको तपस्थलीमा मन्दिरहरू निर्माण गरिएका छन् । यहाँबाट अधिकतम स्थान र पानीका स्रोतहरू देखिन्छन् । यो ठाउँ पवित्रता र भगवत् सान्निध्य मिलेको ठाउँ हो । यस पुलहाश्रममा पुलह पुलस्त्यको मन्दिर छ भने गाजनेमा जगन्नाथ भगवान्‌को मन्दिर छ। जगन्नाथ भगवान्‌को स्थापना पर्वत राज्यका राजाहरूले गरेका हुन् । बेनीबजारमा

देवी, शिव, गणेश, नवदुर्गा भगवती, वरनाथ गुफा, शिवालयहरू, कपिलाश्रम र केही कोतघरहरू पनि छन् ।

४.२. पुलहाश्रमको वेणी

समुद्री सतहदेखि ७९५ मिटरको उचाइमा रहेको बेनीबजार पनि धार्मिक, सांस्कृतिक, ऐतिहासिक, प्राकृतिक र सामरिक दृष्टिले अत्यन्तै महत्त्वपूर्ण छ । बेनीबजार ऐतिहासिक पर्वत राज्यको ग्रीष्मकालीन राजधानी हो । पर्वते राजाको ग्रीष्मकालीन राजधानी पुलहाश्रम नजिकै गाजने ढोलठानामा थियो । ढोलठाना ढोरका राजाको राज्यविस्तार हुँदै आएर दरबार नजिकै ठाना (सैनिक मुख्यालय) रहेकाले ढोरठाना हुंदा परिवर्तन भई ढोलठाना/ढोलठान भएको हो । बेनीबजार दुई सय वर्ष यतैको प्रारूप हो । यहाँ बेनी शिवालय, बालमुक्तेश्वर शिव मन्दिर, बेनी भगवती मन्दिर, लक्ष्मीनारायण मन्दिर, बेनी कोत भगवती मन्दिर, महारानी थान, बौद्ध चैत्य, गणेश मन्दिर, भीमसेन मन्दिर, कमलजैसी मन्दिर, जामुनाखर्क भगवती मन्दिर आदि रहेका छन् । धेरैजसो मन्दिरमा दैनिक पूजा चलिरहेको छ भने एकदुई मन्दिरमा आवधिक पूजा रहने गरेको छ । बेनीबजार कृष्णगण्डकीको किनारमा रहेकाले धार्मिक अर्थले यस ठाउँमा टेके मात्रै पुण्यप्राप्ति हुने कुरामा हिन्दूहरूको विश्वास छ । कृष्णगण्डकीको प्रवाहको आवाज सुनिन्छ । यहाँको प्रत्येक घरमा कृष्णगण्डकीको बालुवाको प्रयोग हुँदा शालग्रामयुक्त घरहरू स्वयम् वैकुण्ठ समान हुन्छन् भन्ने विश्वास गरिन्छ ।

पुलाहाश्रमसँगै जोडिएका यस क्षेत्रका अन्य धार्मिक र सांस्कृतिक महत्त्वका तीर्थस्थल मठ मन्दिर र आश्रमहरूमा गलेश्वरधाम, रहुगङ्गा र कालीगण्डकीका दोभानमा रहेको गायत्रीघाट, मल्लाज जलजला गा.पा.मा पर्ने राममन्दिर, राखुको भगवती मन्दिर, पात्लेखेतको शिवालय, रघुगङ्गा गा.पा.भिं गाउँमा अवस्थित शिवरात्रि देवस्थल, वाखेतको शिरानमा पर्ने दुवाखर्क/उवाखर्कको शिवालय, पूर्णगाउँको शिरमा रहेको टोड्के आश्रम एवम् राखुको पौवा, मौवाफाँट, पुला, ओखलेको देउतीसर, ओखले, तोरी पानी, पुलाचौर, चिप्लेटी, डडुवा, पूर्णगाउँ, डाँडाखेत, भीरमुनि, सिङ्गा आदि गाउँहरूमा प्रशस्तै मठमन्दिरहरू रहेका छन् । अनेकन स्थानीय देवीदेउरालीहरू

रहेका छन् । पुलहाश्रमसँगै जोडिएको कपिलाश्रममा कपिल भगवान्‌को मन्दिर स्थापना गरी दैनिक पूजाअर्चना भइरहेकै छ । कतिपय स्थान विशेष पवित्रता र कतिपय स्थापित देवीदेवताका कारण यो क्षेत्रमा अपेक्षित रूपमा बढीभन्दा बढी धार्मिक कार्यहरू सञ्चालन भइरहेका हुन्छन् ।

यस्तो अनेक धार्मिक तथा ऐतिहासिक कारणले पुलाक्षेत्र अत्यन्तै पवित्र एवम् पुण्यभूमिका रूपमा प्रमाणित क्षेत्र हो । यो भोगक्षेत्र भन्दा पनि तपक्षेत्र हो भन्दा अत्युक्ति हुँदैन ।

५.पर्यटकीय विशेषता

पुलहाश्रम (पुला) क्षेत्र पर्यटकीय दृष्टिले अत्यन्तै सम्भावना बोकेको क्षेत्र हो । यो उच्चस्थानमा भएको र हरिहरक्षेत्र शालग्राम कृष्णगण्डकी, मङ्गला र रहुगङ्गा समेतको प्रत्यक्ष दर्शन हुने हुँदा यस क्षेत्रमा आन्तरिक पर्यटन, बाह्य पर्यटन, आन्तरिक तथा बाह्य धार्मिक पर्यटन गरी तीन किसिमका पर्यटनको सम्भाव्यता रहेको पाइन्छ । भौगोलिक विकटता र सेवासुविधाका कमीले गर्दा यी तीनै प्रकारका पर्यटनको प्रचुर सम्भावना हुँदाहुँदै पनि त्यसतर्फ खासै पाइला चालिएको छैन । पुलहाश्रम हुँदै जगन्नाथ मन्दिर ऐतिहासिक पर्वत राज्यको दरबार भग्नावशेष स्थलसमेत समेट्ने हो भने धार्मिक, ऐतिहासिक र प्राकृतिक तीन प्रकारका पर्यटन स्थल र अध्ययनका बाटाहरू खुल्ने थिए । यस क्षेत्रबाट धवलागिरि, अन्नपूर्ण, माछापुच्छ्रे हिमालहरू, म्याग्दी, पर्वत, बागलुङ, मुस्ताङका ४८ गाउँहरू, दर्जन साना ठूला नदीहरू, विभिन्न ऐतिहासिक कोतहरू, बेनीबजार क्षेत्र, अनेक उच्च समस्थली, पानीढलाहरू, तरेली परेका अग्ला होचा थुम्का, डाँडा र उच्च पहाडहरू, अग्ला भीर पाखा र पखेराहरू, घाँसेभीर र वनजङ्गलक्षेत्र, आजभन्दा झण्डै ३००० वर्षपूर्व पुच्छ्रे तारा खसेको खाडल (ढोलठाना गाउँभन्दा तल), टोड्केको लालीगुराँस, लेकाली जडीबुटी आदि अनेक कुराहरूले यो क्षेत्र पर्यटकीय सम्भावनाले भरिएको छ । पुलहाश्रमको पश्चिमी धुरी मालिका (कालिका) जो खससमाजको आराध्यदेवी कालिका, मालिका, जालपामध्ये एक पनि भनिन्छ, त्यस ठाउँदेखि यहाँसम्म दृश्यावलोकनका लागि दर्जनौं स्थलहरू रहेका छन् ।

विभिन्न भौगर्भिक अनुसन्धान, सांस्कृतिक विविधता, धार्मिक मूल्यमान्यता, ढुङ्गामाटाको अध्ययन अनुसन्धान, जडिबुटीहरूको सम्भाव्यता, विभिन्न खानीहरूको अध्ययन, पानीको शुद्धता र पवित्रता, खेतीपातीको सम्भाव्यता अनुसन्धान, जीवजनावरहरू पन्छीहरूको अध्ययन, सामाजिक जनजीवनसँग सम्बन्धित अध्ययन, मानवबस्ती विकासको ऐतिहासिक अध्ययन आदिका लागि यस क्षेत्र एउटा खुला किताब नै हो। यसैले यति धेरै सम्भाव्यता हुँदाहुँदै पनि यसतर्फ अपेक्षित काम हुन सकिरहेको अवस्था छैन।

६. वर्तमान स्थिति

पुलहाश्रम क्षेत्रमा हिन्दू धर्मावलम्बीहरू छन्। वर्तमान समयमा नगण्य रूपमा अन्य धर्मका मानिसहरू पनि देखिन थालेका छन्। बेनीबजारक्षेत्र हुनाले विविध स्थानका मानिसहरू जागिर, बन्दव्यापार र बसोबासकै दृष्टिले पनि आवतजावत गरिरहेका र कतैकतै पर संस्कृतिग्रहणको अवस्था पनि देखिन थालेको छ। वैदिक परम्परामा आधारित पर्वहरूमा व्रत, उपवास, पूजा, अर्चना बढी हुने क्षेत्र भनेर पुलहाश्रमलाई चिनिन्छ। त्यसो त पुलहाश्रम मात्र होइन, यो शालग्राम गण्डकी हरिहरक्षेत्र नै धार्मिक कृत्यहरूअत्यधिक हुने क्षेत्र हो। पुलहाश्रम क्षेत्रमा विकासको अवस्था अत्यन्तै धीमा गतिमा अगाडि बढिरहेको छ। कृष्णगण्डकीको किनारमा बजार क्षेत्र भए पनि गण्डकीको किनारमा केके हुनुपर्थ्यो भन्ने विषय शून्यप्रायः छ। कृष्णगण्डकी शालग्राम क्षेत्रको जुन ढङ्गले प्रचारप्रसार हुनुपर्दछ भन्ने अपेक्षा छ, त्यो पनि पछाडि नै छ। जुन नाम पुराणवर्णित ब्रह्माका मानसपुत्रहरूको तपस्थली हो, त्यसको सन्दर्भ पनि ज्वलन्त हुन सकेको छैन।

पुलाहाश्रम गण्डकी क्षेत्रको अति प्राचीन तपस्थली हो। यसको जुन मूल्यमान्यता हुनुपर्थ्यो, त्यसको पहिचान सम्पूर्ण हिन्दू समुदायमा गराउन त परै जाओस्, राष्ट्रिय रूपमा नै गुमनाम रहेको छ। यस क्षेत्रका विषयमा अनुसन्धानात्मक कृतिहरू लेखिएका छैनन्। खोजी भएकै छैन। पुलहाश्रम पुलह तपस्थलीमा जुन साजसज्जा हुनुपर्थ्यो, त्यो शून्यप्रायः छ। पुलहाश्रम पुग्नका लागि व्यवस्थित पदमार्ग छैन। पुलहाश्रम के हो भन्न स्पष्ट सूचना यात्रा आरम्भविन्दुमा कतै छैन। यति महत्त्वपूर्ण स्थान हुँदाहुँदै पनि मुक्तिनाथ

पुग्ने यात्री-तीर्थयात्रीहरूले यस क्षेत्रलाई छोएर जान्छन् तर पहिचान गर्ने अवसर पाउँदैनन् ।

धार्मिक मात्र होइन, दर्शनीय स्थलको बहुलताका कारण अन्य पर्यटकहरूको लागि पनि यो पुलहाश्रम क्षेत्रको सम्भावना विशेष खालको छ । धार्मिक, प्राकृतिक, भौगोलिक, सांस्कृतिक, ऐतिहासिक सबै प्रकारले सम्पन्न पुलहाश्रम क्षेत्र पर्यटकीय सम्भावनायुक्त छैन भन्नु सूर्यका अगाडि उज्यालो देखिन भन्नुजत्तिकै हास्यास्पद र असत्य हुनजान्छ ।

पुलहाश्रम क्षेत्रको सामाजिक स्थिति मिश्रित प्रकारको छ । यहाँ ब्राह्मण, क्षेत्री लगायत चारै वर्णका मानिसहरू बसोबास गरिरहेका छन् । यहाँका मानिसहरू स्वदेशी जागिरे, वैदेशिक रोजगार एवम् बहुसङ्ख्यक जनताहरू खेती गरेर जीविकोपार्जन गर्ने गर्दछन् । विभिन्न जातजातिहरूका बीचमा सहिष्णुता छ । धार्मिक एवम् सामाजिक कार्यमा सबैको संलग्नता रहने गरेको छ ।

पुलहाश्रम क्षेत्र अधिकतम भिरालो, थोरै मात्र फाँट रहेको र दुर्गम पहराहरू रहेको भूधरातल भएकाले नै चारैतिर देख्न सकिने स्थान बनेको छ । पुलाडाँडाको उत्तरतर्फ फर्केको भाग पूरै पहरो छ भने तल पुगेपछि नेप्टे खालको जमिन छ । छड्के परेको चौरजस्तो देखिने हुनाले नेप्टेचौर भन्ने नाम रहेको छ । पुलहाश्रमदेखि केही माथिको डाँडालाई घतानको डाँडो भनिन्छ । यसै नाउँबाट घतान गाउँपञ्चायत हुँदै गाउँ विकास समिति (गाविस) कालसम्म चिनियो । हाल बेनी नगरपालिकाले घतानलाई एउटा सानो बस्तीमा सङ्कुचन गरिदियो । दक्षिणतर्फ पुलाचौर हुँदै म्याग्दी नदी पूर्वतर्फ अर्थुङ्गे हुँदै काली म्याग्दीको वेणी र उत्तरतर्फ नेप्टेचौर हुँदै गलेश्वरधामको दृश्यावलोकन यस ठाउँबाट गर्न सकिन्छ । खेतीयोग्य जमिन प्रायः कम नै रहेको पुलहाश्रम क्षेत्रमा ढुङ्गाको मात्रा बढी छ । प्रायः सेता ढुङ्गाहरू रहेको र चुरेपहाडको परिचय पाउने खालका छन् । यस क्षेत्रमा चिलाउने, गोब्रेसल्लो, ठिँङ्गुरे सल्लो, पैयुँ, खनियुँ, पिपल, फर्सो, साज, महुवाका बोटहरूको बहुलता छ भने माथितिर ओखर, गुराँस, खस्रु जातका बोटविरुवाहरू रहेको पाइन्छ ।

पुलहाश्रम क्षेत्रको सांस्कृतिक आधार भनेको हिन्दूसंस्कृति हो । यसलाई वैदिक संस्कृति भनेर पनि चिनिन्छ । त्यसबाहेक स्थानीमानी देवीदेउराली, भूमेझाँक्रीको पूजा गर्ने वर्षको एक पटक कुलपूजा गर्ने गैडुपूजा (दियाली) गर्ने, दोखाला पुज्ने जस्ता आफ्ना व्यक्तिगत तथा सामूहिक परम्पराका कुराहरूलाई पनि यस क्षेत्रमा मान्ने गरिन्छ। पुलहाश्रमको बेनीबजार म्याग्दी जिल्लाको सदरमुकाम पनि हो। यहाँ मौसमी नाँचहरू निकाल्ने परम्परा छ। यसलाई बर्खे नाँच पनि भनिन्छ। बेनीबजारमा नेवार समुदायको संस्कृति विशेषतः उल्लेखनीय रहेको र यसलाई हेर्न अन्य सबै समुदायको अभिरूचि रहेको छ। यस्ता नाँचहरूमा लाखे नाँच, रोपाईं नाँच, नागानगिनी नाँच, हनुमान नाँच, थिएटर नाँच आदि छन् । नेवाहहरूले आफ्ना परम्परागत सांस्कृतिक रीतिरिवाजहरू पालना गरेको देखिन्छ। बेनीमा बस्ने अन्य जातजाति एवम् जनजातिहरूले पनि आआफ्ना परम्परा र संस्कृतिलाई यथाशक्य पालना गरेको पाइन्छ । सबै जातजातिहरूको हिन्दू संस्कारप्रति पनि आस्था रहेको र फरक आस्था भए पनि सम्माजनक दृष्टिले हेर्ने गरेको पाइन्छ । ग्रामीण भेकमा यदाकदा हेरकोर, फुफा र मन्साइमुन्साइ गरी आत्म सन्तुष्टि दिलाउने काम पनि गरिँदै छ। भजनलाई रामकथामा जोडी हनुमान् चलाउने काम भने पुलहाश्रममा एकादेशको कथा भइरहेको छ। केही दशकअघिसम्म यो एक लोकप्रिय नाँच थियो ।

७. विकासको सम्भाव्यता र सुझाव

पुलहाश्रम क्षेत्रमा विकासको ढोका त खुलेको छ तर यसले सबै क्षेत्रमा पाइला टेकिसकेको छैन। बेनीबजार पुलहाश्रमकै भएकाले बेनीमा विकासले पाइला टेकेको छ । ग्रामीण क्षेत्रमा भने धुले हिले मोटर बाटो पुऱ्याउने कोसिस गरिएको छ । पुलहाश्रममा देखिएका विकासका पूर्वाधारहरूमा सबै भन्दा बढी मात्रामा पुगेको सञ्चार हो। प्रायः सबैका हातहातमा रहेका मोबाइल फोन सेटहरू आवश्यकतानुसार इन्टरनेटसँग पनि जोडिएका छन्। विद्युतीकरण भएको छ तर वितरण प्रणाली व्यवस्थित छैन । सानातिना उद्योगबाहेक ठूला उद्योगहरू यस क्षेत्रमा छैनन् ।

यस क्षेत्रमा पर्यटकीय विकासको अत्यन्तै ठूलो सम्भावना रहेको छ। यस विषयमा यहाँ कामको थालनी भएको छैन। पर्यटकीय पदमार्गका लागि सिँढीहरू बनाउने काम भर्खर थालिएको छ। यहाँ रहेका विकासका केही सम्भाव्यताहरू यस प्रकार देखाउन सकिन्छ -

- धार्मिक पर्यटनको अत्यधिक सम्भावना भएकाले यहाँका धार्मिक क्षेत्रलाई पर्यटकीय क्षेत्रसँग एकीकृत विकास गर्नुपर्ने,
- रहुगङ्गा, कालीगण्डकी र म्याग्दी नदीबाट ठूलो परिमाणमा विद्युत् उत्पादन गर्नुपर्ने,
- बेनी, अर्थुङ्गे, गुफा, पुलहाश्रम पक्षै, पुलाडाँडा, ढोलठाना हुँदै गाजने जगन्नाथ मन्दिरसम्म केबुलकार सञ्चालन गर्नुपर्ने,
- अर्थुङ्गेबाट पर्वत मल्लाज जोड्ने झोलुङ्गे पुल निर्माण र कालीगण्डकीमा बन्जीजम्प खेल सञ्चालन गर्नुपर्ने,
- कृष्णगण्डकी र मङ्गला (म्याग्दी) नदीमा डुङ्गा सञ्चालन गर्नुपर्ने,
- पुलहाश्रम, ढोलठाना, गाजने, टोड्के लगायत मालिकासम्म नै भ्युटावरहरूको निर्माण हुनुपर्ने,
- प्राविधिक शिक्षालय, आयुर्वेद विद्यालयको स्थापना गर्नुपर्ने,
- पुलहाश्रम क्षेत्रका बारेमा धार्मिक इतिहाससँग नबाझिने गरी काव्य-खण्डकाव्य- महाकाव्य लेखन, प्रकाशन हुनुपर्ने,
- गलेश्वर शिवालय क्षेत्रमा धार्मिक पुस्तकालय र धार्मिक अध्ययन अनुसन्धानशालाको स्थापना र सञ्चालन गर्नुपर्ने।

उल्लिखित कार्यहरू बाहेक पुलहाश्रम क्षेत्रमा गर्न सकिने अन्य प्रशस्तै कार्यहरू छन्। यस्ता कार्यहरू सञ्चालन गर्न सरकारी गुरुयोजना, प्रदेशस्तरीय योजना, स्थानीय योजना आवश्यक पर्दछ। यस्ता योजनाहरू अल्पकालीन, मध्यकालीन, दीर्घकालीन र शृङ्खलाबद्ध रूपले सञ्चालन हुन सकेमा यसको प्रतिफल अत्यन्तै राम्रो हुने एवम् अन्तर्राष्ट्रिय सहयोगसम्म जुट्ने देखिन्छ। यस्ता कार्य सञ्चालन गर्दा निम्न फाइदाहरू हुन सक्छन् -

- पुराणप्रसिद्ध पावनभूमि पुलहाश्रम श्रीकृष्णगण्डकीको गरिमा उच्च भई राष्ट्रमै शिर उन्नत हुने,

- पुलहाश्रम विश्वविख्यात हुने र पर्यटकहरूको आगमन तीव्र हुने,
- विकसित पुलहाश्रम बनाउने क्रममा रोजगारीका अवसर प्रशस्तै प्राप्त भई यस क्षेत्रका जनताहरूको आर्थिक वृद्धिदर बढ्न गई गुणस्तरीय जीवनयापन गर्न सघाउ पुग्ने ,
- जडीबुटी, ढुङ्गा आदि स्रोत र सामग्रीको प्रयोग र बजारीकरणले आर्थिक वृद्धि हुने ,
- पुलहाश्रम एउटा स्वर्गकै टुक्राका रूपमा विख्यात हुने आदि ।

८. निष्कर्ष

श्रीकृष्णगण्डकीका तटमा अवस्थित पुलहाश्रम पौराणिक कालदेखि कै प्रसिद्ध क्षेत्र हो । पुराणवर्णित यो भूमि पावनक्षेत्र भएकाले पुलहाश्रम अन्यत्र कतै नामकरण भएको भए पनि त्यो झुटो सावित हुन्छ किनकि शालग्राम पाइने नदी विश्वमा अर्को छैन । पुला त अन्य ठाउँमा पनि होला तर पुलहाश्रम यहीं हो । यो स्थान पुलह र पुलस्त्यको तपस्थली हो । पुलह पुलस्त्यको समयमा विश्रवाको सँगै चर्चा छैन । पुलस्त्यका छोरा भए पनि विश्रवा नर्मदानदीका किनारमा तप गर्थे र उनी पछि शङ्करको कृपाले लङ्का गएको कुराको प्रमाण भेटिएको छ । जे होस्, पुलहाश्रम सम्भावना नै सम्भावनाको राशि हो । धार्मिक मात्र नभएर प्राकृतिक, भौगोलिक कारणले पनि सम्भावना प्रचुर भएको क्षेत्र भएकाले यहाँ गर्न नसकिएको मात्र हो, नभएर होइन । कसरी सम्भावनाको चाबी खुल्ने हो, चाबीवाला महापुरुष कतै छ कि अझै जन्मिसकेको छैन, त्यो सम्भावनाकै गर्भमा रहेको छ । गफ फलाक्नुभन्दा शास्त्रीय बहस र सन्दर्भ देखाएर निर्णय दिने ढङ्गले सत्योन्मुख निरूपण गर्दै अगाडि बढ्नुपर्ने देखिन्छ । होइन भने यो पनि एकादेशकै कथामा थन्किएर बस्ने हुनसक्छ । पुलहाश्रमलाई आर्थिक विकासको आधारस्तम्भका रूपमा ठड्याउन ढिलो भइसकेको छ । अब बिउँझनु पर्दछ ।

सन्दर्भस्रोत

गणेशपुराण (वि.सं. २०६६), अनु.सम्पा. वेणीमाधव ढकाल, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

क्षेत्री, दिलबहादुर (वि.सं.२०५६), गलेश्वर शिवालय तथा पुलहाश्रम क्षेत्र संक्षिप्त परिचय, म्याग्दी : गलेश्वर शिवालय क्षेत्र विकास समिति ।

वायुपुराण (वि.सं.१९५२), बम्वई : खेमराज श्रीकृष्णदास, वैंकटेश्वर स्टीम यन्त्रालय ।

श्रीमद्भागवतमहापुराण (वि.सं.२०५८), अठारहवाँ सं., गोरखपुर : गीताप्रेस ।

श्रीमद्देवीभागवतमहापुराण(वि.सं. २०६६), तृतीय पुनर्मुद्रण सं. गोरखपुर : गीताप्रेस ।

सुवेदी , रामप्रसाद (वि.सं २०७०), म्याग्दी स्रष्टा र सृष्टि म्याग्दी : निर्मला सुवेदी ।

स्रोतव्यक्ति

दण्डपाणि शर्मा, बेनी नगरपालिका ६, म्याग्दी ।

दण्डपाणि उपाध्याय, बेनी नगरपालिका ६, म्याग्दी ।

✡✡✡✡

बागलुङ कालीगण्डकी तटीय पर्यटकीय स्थलहरू

दीपकप्रसाद शर्मा कँडेल[1]

१. परिचय

प्रस्तुत आलेख पश्चिम नेपालको ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय केन्द्रको रूपमा स्थापित हुँदै गएको बागलुङ जिल्लाको सदरमुकाम बागलुङ बजारका नजिकै कालीगण्डकीका तटमा रहेका प्रसिद्ध कालिका भगवती मन्दिर, शालग्राम सङ्ग्राहलय तथा श्री विश्वशान्ति सर्वसिद्धिधाम पञ्चकोटको ऐतिहासिक, धार्मिक र पर्यटकीय पक्षको चर्चा एवम् त्यहाँको वस्तुस्थिति प्रस्तुत गर्नमा केन्द्रित रहेको छ। आवश्यकताअनुसार प्राथमिक तथा द्वितीयक दुवै सामग्रीहरू प्रयोग गरी यो आलेख तयार पारिएको छ। स्थलगत अवलोकन, पर्यटन व्यवसायी, मन्दिर, गुठी व्यवस्थापन तथा निर्माण समितिका पदाधिकारी एवम् सदस्यहरू, प्राध्यापक, शिक्षक, बुद्धिजीवी, पत्रकार आदिसँग छलफल गरी यस आलेखका लागि सूचना एवम् तथ्याङ्कहरू सङ्कलन गरिएको छ।

प्रसिद्ध शक्तिपीठ कालिका भगवती मन्दिरको ऐतिहासिक र धार्मिक महत्त्वको प्रामाणिकता, आन्तरिक तथा बाह्य धार्मिक पर्यटकहरूको आकर्षण, कुँडुले फेदीमा अवस्थित शालग्राम सङ्ग्राहलय, रङ्गवेङ्कटेश मुक्तिनारायण मन्दिरको धार्मिक एवम् ऐतिहासिक प्रामाणिकता, वेदविद्याश्रमको स्थापना र धार्मिक पर्यटनको आकर्षक स्थल पञ्चकोटमा भइरहेको भौतिक संरचना, ऐतिहासिकता, धार्मिक महत्त्व तथा यहाँबाट देखिने मनोरम प्राकृतिक छटाको चर्चाका साथै सर्वसिद्धिधाम पञ्चकोटमा विश्वकै अग्लो र अनुपम कलाकृतिले भरिएको १२८ फिट अग्लो विश्वशान्ति कलश निर्माण लगायतका विषयवस्तुलाई यस लेखमा प्रस्तुत गर्ने प्रयास गरिएको छ।

२. भौगोलिक अवस्थिति

नेपाल विविध सांस्कृतिक एवम् भौगोलिक विशेषताहरू समेटिएको एसिया महादेशको मध्यभाग र उत्तरी श्रृङ्खलाको दक्षिणमा पूर्व

१.लेखक धवलागिरि बहुमुखी क्याम्पस बागलुङका उपप्राध्यापक हुनुहुन्छ।

मेचिदेखि पश्चिम महाकालीसम्म फैलिएको भारत र चीन दुई ठूला राष्ट्रहरूको बीचमा सानो आकारमा फैलिए तापनि लगभग बङ्गलादेश जत्तिकै विशाल, श्रीलङ्काभन्दा लगभग दोब्बर एवम् स्विजरल्यान्डभन्दा तीनगुणा ठूलो देश हो। यो देश अन्य पक्षले पिछडिएको भए तापनि भौगोलिक तथा सांस्कृतिक विविधताका कारणले देशविदेशका अनुसन्धानकर्ताहरूका लागि रोचक र आकर्षक भूभाग बन्न पुगेको देखिन्छ। बागलुङ जिल्ला पनि नेपालको त्यस्तै स्थानहरूमध्ये एक हो। यो जिल्ला अनेकौं भौगोलिक, सांस्कृतिक तथा ऐतिहासिक तथ्यहरू लुकाएर विश्वप्रसिद्ध धवलागिरि हिमालको अगाडि लम्पसार परेर बसेको छ (मैत्रेय, २०५१, पृ.२)।

बागलुङ जिल्ला नेपालको गण्डकी प्रदेशअन्तर्गत धवलागिरि अञ्चलको दक्षिण-पश्चिममा ईट्टा आकारमा रहेको नेपालको नक्सासँग मिल्दोजुल्दो मानिन्छ। बागलुङको पूर्वमा पर्वत, पश्चिममा रुकुम र रोल्पा, उत्तरमा डोल्पा र म्याग्दी, दक्षिणमा रोल्पा, प्युठान र गुल्मी जिल्लाहरू पर्दछन्। कुल १,७८४ वर्ग कि.मि. मा फैलिएको बागलुङ जिल्लाको औसत लम्बाई ८५,५०० मि. र चौडाइ २३,८१५ मि. रहेको देखिन्छ। बागलुङ जिल्लामा ६ वटा गाउँपालिका र ४ वटा नगरपालिका गरी १० स्थानीय निकाय रहेका छन्। देशकै सबैभन्दा बढी रेमिटेन्स भित्रिने यस जिल्लामा आर्थिक रूपले सक्रिय रहेको जनसंख्या ५५.५७ प्रतिशत रहेको देखिन्छ। जल, जमिन, जङ्गल, जडीबुटी साथै खनिज सम्पदाले धनी बागलुङ जिल्लामा पर्यटन विकास गर्न सकिने थुप्रै आधारहरू रहेका छन्। (सिलवाल, २०७३, पृ.७)।

पवित्र कालीगण्डकीको काखमा अवस्थित बागलुङ जिल्लाको सदरमुकाम बागलुङ बजार हो। यसै बजारसँग जोडिएर रहेको प्रसिद्ध शक्तिपीठ बागलुङ कालिका मन्दिर, बा.न.पा.४ मा रहेको रङ्गवेङ्कटेश्वर मन्दिर तथा बा.न.पा.८ मा रहेको श्री विश्वशान्ति सर्वसिद्धिधाम पञ्चकोट यी तीनवटा ऐतिहासिक तथा धार्मिक महत्त्व बोकेका स्थलहरू अहिले पर्यटक तथा अनुसन्धान्ताका लागि प्रमुख आकर्षण केन्द्रको रूपमा रहेका देखिन्छन्। नेपालको समग्र समृद्धिमा यहाँका पर्यटन क्षेत्र, धार्मिक र

ऐतिहासिक महत्त्व बोकेका मठ, मन्दिर तथा स्थानहरूले महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् तर यी सम्भावना बोकेका मठमन्दिर तथा धार्मिक र ऐतिहासिक स्थलहरूको प्रचारप्रसार गर्न सकिएको छैन ।

३. कालीगण्डकी तटका प्रमुख पर्यटकीय स्थलहरु

संसारमा शालिग्राम पाइने एकमात्र कृष्णगण्डकीलाई जनबोलीमा कालीगण्डकी भनिन्छ । यिनै कालीगण्डकीको तटमा अवस्थित बागलुङ बज़ार धेरै पहिलेदेखि नै धवलागिरि अञ्चलको व्यापारिक सदरमुकामका रूपमा रहेको छ । यसै बागलुङ बजारको काखबाट बग्ने पवित्र कालीगण्डकी नदीको तटमा रहेको कालिका भगवती मन्दिर, विश्वको एकमात्र शालिग्राम सङ्ग्रहालयको रूपमा विकसित हुँदै गरेको बा.न.पा.-४, कुँडुले फेदीमा रहेको रङ्गवेङ्कटेश्वर मन्दिर तथा बागलुङ बजारको उत्तरतिर शिरमा रहेको विश्वशान्ति सर्वसिद्धिधाम पञ्चकोटको ऐतिहासिक धार्मिक तथा पर्यटकीय महत्त्वलाई छुट्टाछुट्टै रूपमा तल चर्चा गरिएको छ ।

३.१. कालिका भगवती मन्दिर

कालीगण्डकी नदी र काँठेखोलाको सङ्गममा रहेको करिब १९० रोपनी जङ्गलको बीचमा ठूलाठूला सल्लाका वृक्षहरूको माँझमा रहेको कालिका भगवती मन्दिर गण्डकी प्रदेशको प्रसिद्ध शक्तिपीठ हो । यो ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् पर्यटकीय महत्त्व बोकेको शक्तिपीठ भएकोले बडादसैं र चैते दसैंमा लाखौं भक्तजनहरूको भीड लाग्ने गर्दछ । हिन्दूजगत्मा शक्तिपीठहरूको उपासना र पूजाअर्चना गर्ने प्रचलनअनुरूप बागलुङमा पनि भगवतीको मूर्ति स्थापना गरी पूजाआजा गरिदै आएको बूढापाकाहरू बताउने गर्दछन् । वंशावलीअनुसार पर्वतका राजा प्रतापीनारायण मल्लले पाल्पाका राजा मुकुन्द सेन प्रथमकी छोरी विवाह गरी फर्कदा दाइजोस्वरूप पाल्पा माझकी प्रसिद्ध भगवतीलाई बागलुङ चौरमा स्थापित गरेका थिए । भगवतीको खड्क पाल्पाकै खड्काले र डोली बागलुङका लङ्गाउँका मगरले बोकेर ल्याएका थिए । राजा प्रतापीनारायणले यिनै खड्कालाई भगवतीको पुजारीको रूपमा नियुक्त गर्नुका साथै भगवतीको पूजाआजाको लागि गुठीको व्यवस्था गरिदिएका थिए

(मैत्रेय, २०५१, पृ.५०) । पर्वतका राजा प्रतापीनारायण मल्लसँग पाल्पाली राजा मुकुन्द सेनकी राजकुमारी विसवादेवीको विवाह सम्पन्न भएपछि राजकुमारीले बुबासँग कालिका (माझकी) देवी मागेकी हुन् । राजकुमारी कालिका देवीकी अनन्य भक्त थिइन्, किन भने उनले मूर्तिरूपी यी कालिका देवीको प्रत्यक्ष दर्शन पाउँथिन् । यी राजकुमारी कालिका देवीबेगर एक क्षण पनि बस्न नसक्ने भएकोले बुबासँग दाइजोस्वरूप आफ्नै साथमा ल्याएकी हुन् भन्ने जनश्रुति छ । जन्ती पर्वत फिर्ता हुन लाग्दा कालिका देवीको खड्ग र डोली नउठेकाले खड्ग भेषधारी चक्रपवारले उठाए भने डोली बागलुङका लङ् गाउँबाट गएका मगरले उठाए । हाल मन्दिर भएको ठाउँ बाङ्गेचौरमा बिसाइएको र पछि त्यहाँबाट डोली नउठेकाले कालिका देवीलाई त्यसै पावनभूमिमा स्थापना गरी आउने चक्रपवारलाई खड्का पदवी दिई देवीको पूजा गराई गुठी राखी राजदम्पती बेनी ठोलठाना गएका थिए (खड्का, २०६५, पृ.१२) । संस्कृतिविद् प्राज्ञ प्रेम छोटाका अनुसार पर्वतका राजा प्रतापीनारायण मल्लले पाल्पाका राजा मणिमुकुन्द सेनकी राजकुमारीसँग वि.सं. १५९१ मा विवाह गर्दा राजकुमारीले पाल्पा माझकी देवी कालिकालाई पनि साथमा नै ल्याएकोले कालीगण्डकी नदी किनारमा रहेको जङ्गलमा विधिपूर्वक स्थापना गरिएको कालिका देवीलाई माझकी देवी, देवी, माइस्थानलगायतका नामले चिनिँदै आए पनि हालमा बागलुङ कालिकाको नाम नै प्रसिद्ध छ ।

कालिका मन्दिरको चारै दिशामा ढोकाहरू रहेका छन् भने पूर्वको ढोका खोल्दा नाग उत्पन्न हुने हुनाले सधैं बन्द गरिन्छ र बाँकी तीनवटा ढोकाहरू आवश्यकताअनुसार खोल्ने गरिन्छ । यस मन्दिरको व्यवस्थापन र गुठी सञ्चालनमा यहाँका खड्काहरूको जिम्मेवारी भएकाले मुख्य कर्ताको रूपमा यिनै खड्काहरूले नै काम गर्दै आएको पाइन्छ । पर्वतराज्य वि.सं. १८४३ मा नेपालमा गाभिएपछि वि. सं. १८४५ मा तत्कालीन राजाहरूले लालमोहर लगाएर स्थानीय रामचन्द्र खड्कालाई पुजारी बनाएपछि खड् काहरू नै गुठियार बस्ने अधिकार दिइएको कुरा दस्तावेजमा उल्लेख छ (प्रकाश बराल) । मन्दिरको भित्तामा विभिन्न शक्तिका १४ वटा मूर्ति कुँदिएका छन् । पूर्व उत्तर र दक्षिणमा सत्तललगायत प्यागोडा शैलीमा निर्मित मन्दिर

शोभायमान देखिन्छ। मन्दिरको अगाडि शिवलिङ्ग र देवीको वाहन पित्तलको सिंहको मूर्ति, मन्दिर वरिपरि १०८ वटा तामाका दियाहरू साथै बागलुङको पहिचान कालोपाटे बाघको मूर्ति पनि राखिएकाले मन्दिरलाई झनै आकर्षक बनाएको छ। मन्दिरको भित्र ३ फिट अग्लो र ९ फिट चौडाइ भएको चारकुने चौको बनाइएको छ। चौकाको तीनतिर चाँदीको ढकनीले ढाकेर तीनवटा थुम्का बनाइएको छ जसलाई महाकाली, महालक्ष्मी र महासरस्वती मानिन्छ। त्यसैको छेउमा शिवलिङ्ग र गणेशको स्थापनासमेत गरिएको छ। मन्दिरभित्र दाहिने कुनामा अखण्ड धुनी लगाइएको छ। कालिका देवी पहिले साक्षात थिइन् र दर्शन दिँदा सबै दर्शनार्थीहरू देवीको तेजले भस्म हुने भएकाले पछिल्लो समय देवीको मूर्तिलाई जमिनमुनि स्थापित गराई चौको बनाएर पूजा थालिएको स्थानीय खड्काहरू बताउँछन्।

आश्विन नवरात्र र चैत्राष्टमीमा कालिका मन्दिरमा ठूलो मेला लाग्ने गर्दछ। हजारौँको संख्यामा श्रद्धालुहरूले पूजाअर्चना गर्ने, पञ्चबलि दिने, नाचगान गर्ने, यहाँको मौलिक कलाको रूपमा चिनिने ठेका, बुट्टेनली, डाला, नाङ्लाजस्ता सामाग्रीहरूको प्रर्दशन र बिक्रीसमेत गरिन्छ। चैत्राष्टमी मेलामा विशेष गरी लोकदोहोरीको आयोजना गरेर लोकसंस्कृतिको जगेर्ना गर्ने गरिएको छ भने ठेलो फाल्ने परम्परा पनि कायमै राखिएको छ। कालिका मन्दिरमा नित्यपूजा हुने गर्दछ। शनिवार र मङ्गलवार भक्तजनको ज्यादै भीड लाग्ने गर्दछ भने बडादसैं र चैतेदसैं भने महामेलाकै रूपमा लाग्ने गर्दछ।

गण्डकी प्रदेशको प्रमुख शक्तिपीठको रूपमा कालिका भगवती मन्दिरलाई लिएको छ। पाल्पाका राजा मुकुन्द सेनले आफ्नी छोरीलाई दाइजोको रूपमा दिएको भगवतीको मूर्ति वि.सं.१५९१ मा यस ठाउँमा स्थापित गरिएको र राजकुमारीले भगवतीको दर्शन प्रत्यक्षरूपमा प्राप्त गर्ने गरेकाले यो मन्दिर शक्तिपीठ नै हो भन्दा अन्यथा नहोला। यो मन्दिरका पुजारी पवार खड्का छन् र उनले प्रत्येक बिहान कालीगण्डकी नदी नुहाएर पवित्र जल लिएर फर्केपछि जलले मन्दिरभित्र सिञ्चित गर्दछन्। चन्दन घोटेर पहिले चण्डी कालीको थालीमा राखेपछि मात्र कालिकाको थालीमा राखिन्छ। पहिले दीप, गणेश, कलश, शिव, महाकाली, महालक्ष्मी र महासरस्वतीको

पूजा गरिन्छ । राजा महेन्द्रले २०१६ सालमा यस मन्दिरको दर्शन गरेका थिए भने पूर्वराजा ज्ञानेन्द्रले पनि दुईपटक यस मन्दिरको दर्शन गरेका हुन् । स्थापना कालकै गजुरमा १६३४ लेखिए पनि प्यागोडा शैलीको मन्दिरको निर्माण वि.सं. १७६९ मा भएको मानिन्छ तर हालको मन्दिर वि.सं. २०५४ सालमा पुनर्निर्माण गरिएको हो ।

अहिले यस मन्दिरलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्नका लागि पहल भइरहेको छ। मन्दिर पहिले ठेक्का प्रणालीबाट चल्ने गर्दथ्यो भने विगत ४ वर्षदेखि अमानत प्रक्रियाबाट भेटी सङ्कलन गरिने र दिनदिनै बैंकमा जम्मा गरी सार्वजनिक समेत गरिन्छ । कालिका भगवती साक्षात् देवीको रूपमा विराजमान भएकाले यो मन्दिर कहिल्यै नदेखेको भए तापनि सपनामा देवीको दर्शन गरेकाले विपनामा दर्शन गर्न आएको धेरै घटना छन् । यस मन्दिर मा भाकल गर्ने, पूजापाठ लगाउने, व्रतबन्ध गर्ने विवाह गर्नेजस्ता चलन पनि रहेको छ। यो मन्दिरमा साउन र माघ महिना साथै औंसी र एकादशीमा पशुबलि दिइँदैन । पहिले परेवाको बलि चढ्ने यस मन्दिरमा अहिले परेवा विश्वशान्तिको दूत भएकाले यसको बलि दिनु हुँदैन भनेर गुठीले निर्णय गरेको छ । त्यसैले विगत ३ वर्षदेखि परेवाको बलि चढ्दैन । मन्दिरको परिसर १९० रोपनी जङ्गलमा फैलिएकाले यसलाई पर्यटनसँग जोडेर वन्यजन्तु संरक्षण उद्यानको रूपमा विकास गर्दै लैजाने उद्देश्यसहित एक जोडी मृगलाई **मिनी जू** बनाएर राखिएको छ । प्रदेश सरकार, बागलुङ नगरपालिका, ढोरपाटन सिकार आरक्ष र कालिका भगवती गुठी मिलेर वैज्ञानिक ढङ्गले वन्यजन्तु संरक्षण उद्यान निर्माण गर्ने र तेस्रो मुलुकका पर्यटकहरूलाई पनि यस मन्दिर मा भित्र्याउने लक्ष्य छ । कालीगण्डकी करिडोरको मालढुङ्गाबाट भारतीय तथा चीनका पर्यटकलाई मन्दिरमा सिधै प्रवेश गराउनका लागि विद्युतीय लिफ्ट वा केवलकारको पनि २ वर्षभित्रमा निर्माण गरी सक्ने योजना रहेको छ । वार्षिक रूपमा झण्डै ३० लाख भक्तजनले दर्शन गर्ने यस मन्दिरमा बडा दसैंको १५ दिनमा झण्डै ६ लाख भक्तजनले दर्शन गरेको तथ्याङ्क छ भने चैत्राष्टमीमा त योभन्दा धेरैले दर्शन गरेका थिए । वार्षिक झण्डै ६० लाख बराबरको भेटी उठ्ने भएकाले धवलागिरि क्याम्पस र धौलागिरि अस्पताललाई ५/५ लाख

दिने व्यवस्था मिलाइएको छ सो रकम शुल्क तिर्न नसक्ने विद्यार्थी र गरिब, असहायका लागि उपचारमा प्रयोग गरिनेछ (राजु खड्का)।

यसरी हेर्दा कालिका भगवती मन्दिर गण्डकी प्रदेशको एक शक्तिपीठ रहेको र कालिका भगवतीले व्यक्तिहरूले इच्छाएको पूरा गर्नेसमेत विश्वास गरेको पाइन्छ । कालिका भगवती मन्दिरसँग ऐतिहासिक, धार्मिक तथा केही लोकसंस्कृति पनि जोडिएका छन् । हनुमान् नाँचको उद्‌गमस्थल भक्तपुरलाई मानिए तापनि त्यहाँबाट आएका नेवारहरूले अहिलेसम्म बागलुङ बजारमा यस नामलाई जोगाएर र संरक्षण गरेर राखेका छन् । आज भन्दा ३०० वर्ष पुरानो यस लोकसंस्कृतिसँग सम्बद्ध प्रेम छोटाको लेख अमेरिकाको स्वतन्त्र विश्व भन्ने पत्रिकामा छापिएको र पुरस्कृत भएको हुँदा बागलुङको लोकसंस्कृति र कालिका मन्दिरको महत्त्व अन्तराष्ट्रिय रूपमा समेत बढ्न गएको देखिन्छ। साँच्चै भन्ने हो भने **कालिका मन्दिर**, गोरखाको **मनकामना**, कास्कीको **विन्ध्यवासिनी**, काठमाडौंको **कालभैरव** र **दक्षिणकाली**जस्तै यो एउटा प्रसिद्ध शक्तिपीठ हो ।

मल्लकालमा पाल्पाका राजा मणिमुकुन्द सेनकी छोरी र पर्वतका राजा प्रतापीनारायण मल्लसँग बिहे भइसकेपछि पश्चिमको बाटो पर्वत आउने क्रममा बागलुङ बजारको देउरालीचोक हुँदै आएर अहिले मन्दिर भएको ठाउँमा राजकुमारीले दाइजोस्वरूप ल्याएको देवीको मूर्तिलाई स्थापित गरिएको थियो किनकि कालीले सपनामा आफूलाई कालीवारि जङ्गलको बीचमा लगेर प्रतिस्थापना गर्न भनेकोले पहिलेकै मन्दिर भएको स्थानमा प्रतिस्थापन गरिएको हो। वि.सं. १६९१ मा पर्वते राजा प्रतापीनारायण मल्लले खरको छानो शैलीको सानो मन्दिर बनाई पवार खड्कालाई पुजारी नियुक्ति गरी भगवतीको नित्य पूजाआजा सञ्चालन र मन्दिर व्यवस्थापनका लागि गुठीको व्यवस्थासमेत गरेको इतिहासमा उल्लेख छ।

अर्को किंवदन्ती के छ भने धवलागिरि अञ्चलको उत्तरखण्डलाई महादेव र पार्वतीले लीला गर्ने ठाउँको रूपमा लिने गरिन्छ। यो विभिन्न पुराणहरूमा पनि उल्लेख गरिएको छ। ब्रह्मलीन स्वामी परमानन्दका अनुसार पार्वतीले यही ठाउँमा आएर तपस्या गर्नुभएछ । तपस्याका

बेला बाघहरूले घेरा हाली बसेको अवस्थामा महादेव प्रसन्न भई वर माग भन्दा पार्वतीले सबै चिज तपाइँ नै हुनुहुन्छ म केही माग्दिनँ भनेपछि महादेव अति प्रसन्न हुँदैं आजबाट तिमी पार्वतीबाट भगवती हुनु र यी बाघहरू तिम्रा बहिनी भएर रक्षा गरून् भन्ने आशीर्वाद दिएको हुँदा पार्वती भगवतीमा परिणत भई बाघमाथि बसेर यसै जङ्गलबाट सयर गर्नुभएको हो भन्ने विश्वास गरिन्छ। मन्दिरको भित्र महाकाली महालक्ष्मी, महासरस्वतीको मूर्तिको आडमा गणेशको मूर्ति र शिवलिङ्ग हुनुले किंवदन्तीलाई प्रमाणसमेत मान्न सकिन्छ। पश्चिम नेपालको एउटा गहना तथा शक्तिपीठको रूपमा यो भगवती मन्दिर छ।

वि. सं. २०५४ मा मन्दिर पुनर्निर्माण गरिनुभन्दा पहिले बागलुङका समाजसेवी ओमप्रसाद गौचनले थाकखोलाका अनङ्गमान शेरचन (सुब्बा) को आर्थिक सहयोगमा यस मन्दिरको वि.सं. १९९८ सालमा पूर्णरूपमा निर्माण गरेर दक्षिण पूर्वको ढोका खोल्न खोज्दा अजिङ्गर निक्लेकाले त्यो ढोका अहिलेसम्म खोलिएको छैन र राजा महेन्द्रको सवारी हुने वेला (वि. सं. २०१६) ढोका खोल्न अनुरोध गर्दा पुजारीहरूले पनि दक्षिणपूर्वी ढोका खोल्न मानेनन् र अहिलेसम्म मन्दिर निर्माण भैसकेपछि यो ढोका खोलिएको छैन। आजभन्दा २५/३० वर्ष पहिले भगवतीको मूर्तिको केही भाग चोरिएको र त्यो चोर्ने व्यक्तिको मनमा ठूलो अशान्ति भैसकेपछि पुनः चोरेको सामान मन्दिरमा राखिदिएकोले अहिले भगवतीको मूर्तिलाई कसैले नदेख्ने गरी चौकाको गर्भमा राखिएको छ। बाटोको असुविधाले मानिसहरू १५ दिन लगाएर पाल्पा, बुटवल, मुस्ताङ, कास्की तथा गोरखपुर का व्यापारीहरू चैत्राष्टमीमा सामान बेच्न आउँथे। यातायातको सुविधा बढेसँगै आन्तरिक तथा बाह्य पर्यटकले यस मन्दिरको गरिमा र महत्त्वलाई अझ माथि उकासेको छ। पर्यटकहरू कालिका मन्दिर दर्शन गर्न आउने र यहाँको स्थानीय उत्पादन बुट्टे नली, नाङ्लो, डालो लिएर जाने हुनाले होटल व्यवसाय तथा स्थानीय व्यापारमा पनि पहिले भन्दा धेरै वृद्धि भएको छ। यस शक्तिपीठको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्त्वलाई संसार भरि फैलाएर बाह्य पर्यटकहरू धेरैको संख्यामा भित्र्याउन सके यस क्षेत्रको

समग्र विकास पनि हुनेछ । यो थलोलाई सांस्कृतिक रूपमा चिनाउनका लागि राज्य पक्ष तथा स्थानीयहरू सबै मिलेर अगाडि बढेमा यो क्षेत्र नेपालको होइन विश्वको संस्कृतिको धरोहर बन्न सक्छ (प्रेम छोटा) ।

ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्त्व राखेको यो मन्दिर पश्चिम क्षेत्रको गहना र प्रसिद्ध शक्तिपीठ हो । भौतिक पूर्वाधारमा तीव्र रूपमा अगाडि बढेको यो मन्दिर वर्तमानमा देश-विदेशका पर्यटकको आस्था र आकर्षणको केन्द्रबिन्दु बन्दै गएको छ । मन्दिर वरिपरिको जङ्गल थुप्रै पशुपंक्षीको आश्रयस्थल बनेको छ । कालीगण्डकीको पानी तानेर मन्दिरमै नवधाराको निर्माण गर्नाले भक्तजनलाई सहजै गण्डकीको स्नान गर्ने अवसर प्राप्त भएको छ । तीर्थालु आश्रयस्थल (धर्मशाला), सङ्ग्रालय र वन्यजन्तु संरक्षण उद्यानको निर्माण गरी अगाडि बढ्न अग्रसर भएको वर्तमान व्यवस्थापन समितिको कार्य प्रशंसायोग्य रहेको यहाँका बुद्धिजीवी, पत्रकार तथा राजनीतिक व्यक्तित्व बताउने गर्दछन् । यदि यो मन्दिरको महिमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउने हो भने यसको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक दस्तावेज तयार पारी, ब्रुसर, बुकलेट तथा पुस्तकको माध्यमबाट प्रचारप्रसार गर्नु आवश्यक छ (प्रेम छोटा) ।



कालिका भगवती, बागलुङ

पर्यटनकेन्द्रित भौतिक संरचनाको निर्माण मन्दिर वरपर गर्न सके साँच्चै नै यो वैदेशिक पर्यटनको केन्द्र बन्न सक्छ जसका कारण होटल व्यवसाय स्थानीय व्यापार वृद्धि हुने गर्छ रोजगारी तथा यहाँका व्यक्तिहरूको जीवनमा पनि गुणस्तरीय परिवर्तन देख्न सकिन्छ ।

३.२ रङ्गवेङ्कटेश मन्दिर र शालग्राम सङ्ग्रहालय

बा.न.पा.४, कुँडुले फेदीमा रहेको लक्ष्मीनारायण मन्दिरको

पूरा नाम श्रीरङ्गवेङ्कटेश मुक्तिनारायण मन्दिर, तिरुपति बालाजीधाम हो । रङ्गवेङ्कटेशको अर्थ - रङ्ग भनेको रामेश्वरम्, वेङ्कटेश भनेको तिरुपति बालाजी र मुक्तिनारायण भनेको मुक्तिनाथ भगवान् (शालग्राम भगवान्) भन्ने हुन्छ । यी तीनवटैलाई मिलाएर यो मन्दिरको निर्माण गरिएको छ । तिरुपति बालाजी भगवान्को दर्शन गर्न भारतमा जान नपरोस् र एकै ठाउँमा राधाकृष्ण, तिरूपति बालाजी एवम् शालग्राम भगवान्को दर्शन गर्न सकिने होस् भन्ने हेतुले स्वामी श्रीधराचार्य (सोमनाथ पौडेल) द्वारा वि.सं. २०४३ सालमा श्रीरङ्गवेङ्कटेश मुक्तिनारायण मन्दिर (जसलाई सजिलोको लागि लक्ष्मीनारायण मन्दिर पनि भनिन्छ) को शिलान्यास गरिएको थियो । मन्दिर बनाउने भनेपछि घरको काम छोडेर भए पनि मन्दिरको जग तयार पार्न सबै गाउँले नै आएर काम सघाउने गर्दथे । भान्सा गाउँ र मालिकाको जङ्गलबाट सल्लाका काठ, फेदीको वनबाट चिलाउनेका काठ र फर्सेको वनबाट सालका काठहरू आएका थिए भने छाउने ढुङ्गाहरू पाङ्ग्रेखोला र गलकोटबाट ल्याइएको थियो । मन्दिर पूर्ण भैसकेपछि फाल्गुनको तिष्य नक्षत्रमा भगवान्को श्रीविग्रहको प्राणप्रतिष्ठा सम्पन्न भएको हो (रिजाल, २०७१, पृ.२१) । असाधारण प्रतिभाका प्रतिमूर्ति स्वामीजीले वि.सं. २०३२ सालदेखि २०३८ सालसम्म आफ्नै निवास फेदी र लङ्कुमा गुरुकुल शिक्षा सञ्चालन गर्नुभएको थियो भने २०४२ सालमा श्रीस्वामीजीको सङ्कल्पअनुसार कुँडुले फेदी बागलुङमा श्री मुक्तिनाथ वेद विद्याश्रमको सुरुआत गराउनुभएको बुझिन्छ ।



यस संस्कृत पाठशालामा पढेका धेरै व्यक्तिहरू अहिले देशको उच्च स्थानमा सेवा गरिरहेको छन् । स्वामी श्रीधराचार्यको वैकुण्ठबासपछि यो आश्रम उहाँका शिष्यहरू मुक्तिनाथ बाबा (कमलनयनाचार्य) र ऋषि प्रपन्नाचार्यको सक्रियतामा सञ्चालित छ । लक्ष्मीनारायण मन्दिर व्यवस्थापन समिति र

विद्यालय व्यवस्थापन समिति एकअर्काका परिपूरक छन् (शान्ति ज्ञवाली र जगन्नाथ आचार्य) । यहाँ निशुल्क रूपमा संस्कृतबाहेक गणित, अंग्रेजी, सामाजिक तथा नेपालीको पढाइ हुन्छ । विद्यालयको सम्पूर्ण व्यवस्थापन यही तिरुपति बालाजी धामले गरेकाले यो विद्यालय र आश्रमप्रति व्यक्तिहरूको आकर्षण बढ्दै गएको छ ।

श्रीधराचार्य स्वामीजीको सङ्कल्प कालीगण्डकीमा पाइने शालग्रामको संरक्षण र महिमा संसारभर फैलाउनु रहेको थियो । त्यसैले आफ्ना गुरुको इच्छालाई मूर्तरूप दिन उहाँका शिष्यहरू स्वामी कमलनयनाचार्य र ऋषि प्रपन्नाचार्य संलग्न देखिनुहुन्छ । त्यसैको फलस्वरूप आश्रम परिसरमा झण्डै १०० मिटरको आयतनमा त्रिशूल आकारको गुफाभित्रै शालिग्राम सङ्ग्रहालय छ । नेपालका शालग्राम भारत हुँदै विश्वभरि बेचिन्छन् साथै तोडफोड हुन्छन् त्यसैले ती शालग्रामको देवत्व र देवत्व प्रतिपादनमा यस शालग्राम सङ् ग्रालयको महत्त्वपूर्ण भूमिका रहनेछ ।

मुक्तिक्षेत्र भनेको मुक्तिनाथदेखि त्रिवेणीधामसम्म फैलिएको क्षेत्र हो । शालग्रामको उपलब्धताले मुक्तिक्षेत्रको महिमा बढेको हो । शालिग्राम र मुक्तिनाथ शैव, शाक्त आदि पाञ्चायन उपासकका पनि उपास्य हुन् त्यसैले शालिग्रामलाई सर्वदेव पनि भनिन्छ । शालग्राम जोगाउनका लागि स्वामीजीको विशेष इच्छा थियो त्यसैले तिरुपति बालाजीधाममा नै शालग्राम सङ्ग्राहलय छ । स्वामी श्रीधराचार्यमा शालग्रामसँग सम्बद्ध धेरै ज्ञान थियो उहाँकै ज्ञान र प्रेरणाबाट यस सङ्ग्राहलयको निर्माण भएको हो । यहाँ शास्त्र प्रमाणअनुसार शालग्रामका गुण एवम् विषेशताका आधारमा एक लाख शालग्रामको संरक्षण गरिनेछ । त्रिशूल आकारको गुफाका देब्रेपट्टि शालग्रामहरूको संरक्षण गरिनेछ भने दाहिनेपट्टि १०० जना मानिसले एकै पटक बसेर हेर्ने वृत्तचित्र तयार भइरहेको छ । मूर्तिको माध्यमबाट नारी आवाजमा बोलिने यस वृत्तिचित्रले गण्डकीको तथा भगवान्को महिमा वर्णन हुनुका साथै शालग्राम अतिक्रमणको कथा पनि व्यक्त गर्नेछ । समग्रमा शालग्राम संरक्षणको ध्येय राखेर यस शालग्राम सङ्ग्राहलयको परिकल्पना गरिएको हो । (ऋषि प्रपन्नाचार्य) ।

आध्यात्मिक ज्ञानबाट राष्ट्रको सेवा गर्न सकिन्छ भन्ने अभिप्रायले तिरुपति बालाजीधामको परिकल्पना गरिएको बुझिन्छ । यो संस्था अध्यात्म ज्ञानका भण्डार श्रीधराचार्य स्वामीजीको उद्देश्यको प्रतिबिम्ब हो । अहिले यस संस्थामार्फत् यस क्षेत्रमा आध्यात्मिक ज्ञानमा र व्यक्तिहरूको जीवनमा समेत सकारात्मक परिवर्तन आएको छ । शालग्राम सङ्ग्रहालयले सिङ्गो कालीगण्डकी सभ्यतालाई प्रतिबिम्बित गर्ने छ । झण्डै ६ करोडको लागत निर्माण गरिएको यस सङ्ग्राहलयमा मासिक एक लाख पर्यटकले शालग्राको अवलोकन गर्नेछन् । यो आध्यात्मिक सङ्ग्रहालय भएकाले भारतीय पर्यटकको प्रमुख गन्तव्य र आकर्षणको केन्द्रसमेत बन्न जानेछ किनकि यसमा लाखौं शालग्राम भगवान्को एकैपटक दर्शन गर्न पाइने छ । यसमा राज्यले पनि चासो दिएर काम गर्न सकेमा ठूलो आर्थिक लाभसमेत हुन जानेछ । यो सङ्ग्रहालयभित्र धार्मिक, पुस्तकालय, दामोदरकुण्डको नमूना, धवलागिरि हिमालको आकृति पनि बन्नेछ र पर्यटकहरूलाई भित्र पस्दा साँच्चिकै कालीगण्डकी नदीमा स्नान गरेर भगवान्को दर्शन गरेको अनुभव हुनेछ ।

विगत एक वर्षदेखि यहाँको नयाँ मन्दिरमा तामाको छानो हाल्ने काम सकिएको र तामाकै छाना भएको सत्तल बनेको छ भने मन्दिरमा प्रयोग भएका सम्पूर्ण ढुङ्गामा श्री राम लेखिएको छ । यो प्यागोडा शैलीको मन्दिर हो । शालग्राम सङ्ग्रहालय बनिसकेपछि यहाँबाट उठेको पैसा यही विद्यालयको पूर्वाधार निर्माण र विद्यार्थीलाई गुणात्मक शिक्षाका लागि खर्च गरिनेछ भने आवश्यकताअनुसार भौतिक संरचनाहरू पनि निर्माण गर्दै लगिनेछ (जगन्नाथ आचार्य) । यहाँ दान र चन्दाकै भरमा करिब ६ करोडको लागतमा रङ्गवेङ्कटेश मुक्तिनारायणको नयाँ मन्दिर बनिसकेको छ । मल्लकालीन डिजाइन र कलात्मक आकृतिको यस मन्दिरमा श्रीराम लेखेका २४ हजार ढुङ्गाको प्रयोग भएको छ । मन्दिरको आडैमा ५०० जना अट्ने सत्तलको निर्माण भैसकेको छ भने गरुडस्तम्भ बनिसकेको छ । सङ्ग्रहालय विश्वकै पहिलो र नयाँ प्रयोग हो (प्रकाश बराल) । यस सङ्ग्रहालयमा ५ हजार के.जी.को एउटै शालग्राम पनि संग्रहित गरिनेछ । शालिग्राम सङ्ग्रहालयलाई बागलुङ

कालिका मन्दिर र निर्माणाधीन विश्वशान्ति कलश सर्वसिद्धिधामसँग कुनै न कुनै रूपमा जोड्न सके शालग्राम भगवान्‌को महिमा मुक्तिक्षेत्रमा मात्र नभएर संसारको कुना कुनामा पुग्नेछ ।

३.३ पञ्चकोट र धार्मिक पर्यटन

कालीगण्डकीको पावन तटमा अवस्थित बागलुङ बजारदेखि उत्तर पश्चिमतर्फ ६ किलोमिटरको दूरीमा करिब १५०० फिटभन्दा माथिको उचाइमा अवस्थित अन्नपूर्ण धवलागिरि, नीलगिरि आदि हिमश्रृङ्खलाको सान्निध्यतामा विविध प्राकृतिक छटाले भरिपूर्ण **ताराजलकोट**, **कारीकोट**, **माझकोट**, **रायँरायँकोट** र **संसार कोट**को संयुक्त रूप नै अहिलेको प्रचलित पञ्चकोट हो । नेपालको इतिहासमा बाइसे चौबीसे राज्यका समयमा स्थापना भएका विभिन्न कोटहरूमध्ये यी पाँचवटा कोटहरूको समूहलाई वर्तमानमा पञ्चकोट नामले चिन्न थालिएको छ । यी कोटहरूको ऐतिहासिक सन्दर्भ नेपालको एकीकरणपूर्व राज्य सञ्चालनमा तत्कालीन शासकहरूले निर्माण र प्रयोग गरेको देखिन्छ । राज्यको एकीकरणपश्चात् ती कोटहरूमा स्थापित शक्तिपीठहरू र श्रीविश्वशान्ति सर्वसिद्धिधाम पञ्चकोट (ताराजलकोटमा) आन्तरिक तथा बाह्‍य पर्यटकलाई लोभ्याउने हिसाबले भौतिक संरचनाको निर्माण हुँदै गर्दा यी कोटहरू चर्चाको विषय बनेका छन् (हरिप्रसाद पाण्डेय)।



सर्वसिद्धिधाम पञ्चकोट

श्री मुक्तिनाथबाबा कमलनयनाचार्य श्रीजीमहाराजका परिकल्पनामा नेपाली विविध कलाकौशलले भरिपूर्ण शिखर शैलीमा निर्मित श्रीगण्डकी माताको मन्दिर, सिसमहल, कलाकृतिपूर्ण लोभलाग्दो गरुडशिला, विशाल पर्वत धारण गरेका पवनपुत्र हनुमान्‌जी, गणेश मन्दिर, सिद्ध गुफा, ध्यानकुटी, स्थानीय गोवंश संरक्षण केन्द्र सञ्चालन भएसँगै यसले आन्तरिक तथा बाह्‍य पर्यटकहरूलाई

लोभ्याइरहेको छ। निर्माणाधीन अनेकौं कलाले भरिपूर्ण (१०८+२०) १२८ फिटको अग्लो विश्वशान्ति कलश, ५५५५ के.जी. को महाघण्टा, ध्यानकेन्द्र, योगशाला, अतिथि आवास, सुन्दर बगैंचा आदि संरचनाहरूले गर्दा यस क्षेत्रको मात्र नभई गण्डकी प्रदेशकै अद्वितीय धार्मिक पर्यटन क्षेत्र हुनुका साथै समग्र राष्ट्रको पर्यटन र आध्यात्मिक क्षेत्रको उजागर हुने बुझिन्छ (ऋषि प्रपन्नाचार्य)।

३.३.१ ताराजालकोट

पञ्चकोटको सबैभन्दा तल रहेको कोटको नाम ताराजलकोट हो। समुद्री सतहबाट १६५० मिटर उचाइमा अवस्थित यस कोटको स्थापना नेपालको एकीकरण पूर्व नै भएको थियो । यस कोटमा विगतमा केही भग्नावशेषसहितको खाली चौर रहेको थियो । त्यसैमा स्थानीय लहरेपीपलका श्रद्धालुहरूले पूजाअर्चना गर्ने गर्दथे । आज यसै स्थानमा श्री विश्वशान्ति सर्वसिद्धि धामको निर्माण प्रारम्भ भएको छ । यहाँबाट बागलुङ, पर्वत तथा म्याग्दी जिल्लाका मनोरम स्थानको अवलोकन गर्न सकिन्छ। निर्माणाधीन १२८ फिटको अग्लो विश्वशान्ति कलश पनि यही ताराजलकोटमा रहनेछ।

३.३.२. कारीकोट

ताराजलकोटभन्दा माथि १८०० मिटर उचाइमा कारीकोट (कार्कीकोट) रहेको छ। यो कोट बागलुङ बजारबाट देखिने सबैभन्दा अग्लो थुम्कोमा अवस्थित छ। चारैतिर सल्लाका रूखहरूले घेरिएको यस कोटमा कारीकोट मन्दिरको निर्माण गरिएको छ। यस कोटको मन्दिरमा दैनिक पूजा चल्नुका साथै बडादसैं र चैते दसैंमा कार्की थरका व्यक्तिलाई पुजारी राखी विशेष पूजा अर्चना गरिन्छ। कोटको मन्दिरको स्थापनादेखि नै कार्कीहरूले पुजारीको रूपमा कार्य गरेको हुनाले कतिपय मानिसहरूले यसलाई कार्कीकोट पनि भन्ने गरेका छन्।

३.३.३.माझकोट

कारीकोटभन्दा माथि समुद्री सतहबाट १८५० मिटर उचाइमा रहेको ऐतिहासिक कोटलाई माझकोट भनिन्छ। यस कोटमा माझकोट, काभ्रे तथा दान बिसउनाका स्थानीयवासीहरूले पूजाअर्चना गर्ने गरेको पाइन्छ। यसमा

अहिले देवीको मन्दिर र सत्तल रहेको छ । यस कोटमा पनि बडादसैं र चैते दसैंमा उपासक राखी विशेष पूजाआजा गर्ने गरिन्छ ।

३.३.४.रायँरायँकोट

माझकोटभन्दा केही माथि समुद्री सतहभन्दा २२०० मिटर उचाइमा रहेको रायँरायँ कोट एउटा विशाल पत्थरको परिवेशमा रहेको छ । यस कोटमा विशेष गरेर नृसिंह भगवान्को पूजाअर्चना गर्ने गरिन्छ । यो कोट चट्टानी जङ्गलको बीचमा रहेकाले मल्लकालका भुरेटाकुरे राजाहरूको सुरक्षित बासस्थान र हतियार संरक्षण गर्ने स्थानको रूपमा पनि लिने गरिन्छ । सेतो पर्वतमाथि रहेको यो कोटबाट मनोरम प्राकृतिक दृश्यहरू देखिन्छन् । यहाँ आउने मानिसहरू आनन्दाभूतिका साथ प्रकृतिको काखमा रमाउन पाउँछन् ।

३.३.५.संसारकोट

पञ्चकोटमध्ये सबैभन्दा माथिल्लो कोटको नाम संसारकोट हो । यस कोटबाट बागलुङ, म्याग्दी, पर्वत तथा कास्कीका अनेक ठाउँहरूको पनि सहजै दृश्यावलोकन गर्न सकिन्छ । समुद्री सतहदेखि ३५०० मिटर उचाइमा रहेको यो कोट मल्लकालमा निकै सुरक्षित र शक्तिशाली मानिन्थ्यो । यस कोटमा दुर्गादेवीको पूजाअर्चना गर्ने चलन छ । यस कोटमा अहिले पुरानो भग्नावेश मात्र देख्न सकिन्छ । विगतमा रुखमाथिको जाँतो हेर्न मानिसहरू त्यहाँ पुग्ने गर्दथे तर अहिले जाँतो त्यहाँ छैन । मानिसहरू धवलागिरि क्षेत्रका विभिन्न ठाउँका दृश्यावलोकन गर्नका लागि र दुर्गादेवीको आराधनाका लागि त्यहाँ पुग्ने गर्दछन् । वर्तमानमा पञ्चकोट सर्वसिद्धिधाम निर्माण गर्ने सन्दर्भमा मुक्तिनाथ बाबा श्री कमलनयनाचार्यज्यूको अग्रसरतामा टिनको छानो भएको सत्तल निर्माण गरी त्यही छानोबाट आएको पानी हिलटेङ्कमा सङ्कलन गरेर त्यहाँ पुग्ने श्रद्धालु तथा पर्यटकका लागि खानेपानीको व्यवस्था गरिएको छ ।

यसरी हेर्दा पञ्चकोट पाँचवटा कोटको समूह (ताराजलकोट, कारीकोट, माझकोट, रायँरायँकोट र संसारकोट) लाई मानिएको छ तर स्वामी श्री कमलनयनाचार्यको तपस्थली रहेको ताराजलकोट नै अहिले पञ्चकोटको नामले परिचित हुँदै गएको छ । यही स्थानमा विभिन्न देवी देवताहरूका मन्दिर, १२८ फिट अग्लो कलश तथा ५५५५ के.जी. को

घण्टाको निर्माणले यसको महत्त्वलाई शिखरमा पुऱ्याउने देखिन्छ।

४.कोटहरूको ऐतिहासिकता र विशेषता

मल्ल राजाको पालामा भुरेटाकुरे राजाहरूले आफ्ना सुरक्षा तथा हतियार र खरखजानाको सुरक्षाका लागि यी पाँच कोटहरूको प्रयोग गरेको इतिहास प्रमाण रहेको छ। सबैभन्दा तल ताराजालकोट त्यसपछि कारीकोट अनि माझकोट, रायँरायँकोट र सबैभन्दा अग्लो ठाउँमा रहेको संसारकोट जहाँबाट उत्तरमा रहेका मनोरम हिमालहरू, कास्की, पर्वत, म्याग्दी र गुल्मीका उत्कृष्ट प्राकृतिक छटाहरूको दर्शन गर्न सकिन्छ। आदिकवि भानुभक्तलाई आदिकवि भानुभक्त बनाउने यही बागलुङको भूमि हो। यो उनका पनि गुरु वीरशाली पन्तको जन्मभूमि हो। गोरखाका राजा रामशाह यही मुक्तिक्षेत्रमा (म्याग्दीको ताकम धारापानी) आएर गीता अध्ययन गरी गोरखा गएर थिति बाँध्ने काम गरेका थिए। नेपाल राज्यको नेतृत्व गर्ने थिरबम मल्ल पनि यस क्षेत्रका प्रतिनिधि पात्र हुन्।

प्राकृतिक छटाले भरिपूर्ण मुक्तिक्षेत्रको वर्णन श्रीमद्‌भागवत, पद्मपुराण तथा वराहपुराणमा पनि गरिएको छ। पवित्र मालिका स्थान धार्मिक रूपले पनि उत्कृष्ट मानिन्छ। अल्पकालबाट जोगाउनका लागि कालिका, पापमोचनका लागि मालिका, डर हटाउनका लागि भवानी र शत्रु नाशका लागि चण्डिकाको पूजा अर्चना गर्ने हाम्रो शास्त्रीय मान्यता रहेको छ। अर्को कुरा पञ्चकोटको समानान्तर उचाइमा उत्तरपूर्वमा कालञ्जर र हम्पाल पर्वत रहेको श्रीमद्‌भागवतमा वर्णन गरिएको छ। जहाँ हिमपाल राजाकी पुत्री शैलजा (जसलाई हिमालय पर्वतकी छोरी पार्वती पनि भनिन्छ) खेलेको ठाउँ, पवित्र कालीगण्डकी तट अत्यन्तै पवित्र भूमि भएको शास्त्रीय मान्यता रहेको छ। शास्त्रमा पञ्च शब्दलाई अति उत्तम मानिन्छ। यसै पञ्चकोटबाट पञ्च हिमालहरू -धवलागिरि, नीलगिरि, अन्नपूर्ण पहिलो, दोस्रो र तेस्रो, पञ्च नदी (लुङ्दी, लस्ती, दमुवा, मालिका, कालीगण्डकी) देख्न सकिन्छ। यसै स्थानबाट पवित्र कालीगण्डकी नदीलाई पाँच ठाउँमा देख्न सकिन्छ। पञ्चकोटबाट तलतिर कालीगण्डकी नदीतिर हेर्दा पाँचवटा मनोरम प्राकृतिक खण्डहरू पनि देख्न सकिन्छ। यसै स्थानमा अहिले पञ्चशाला (यज्ञशाला, गौशाला, पाठशाला, पाकशाला, अतिथिशाला) तथा पञ्च

परिक्रमाको तीव्र रूपमा निर्माण हुँदैछ ।

स्वामी श्रीधराचार्यका शिष्य स्वामी कमलनयनाचार्यको जन्मभूमि तथा ध्यानभूमि यही पञ्चकोट भएकाले पनि यसको महत्त्व अझ बढ्दै गएको छ। उहाँले २०७१ सालमा यसै स्थानमा महायज्ञ गरेर पञ्चकोटलाई तीर्थस्थल बनाउने सङ्कल्प गर्नुभएको थियो । भूमिशुद्धिको लागि एक महिना हरिनाम संकीर्तन (२०७१ माघ महिनाभरि) र फाल्गुन १ गतेबाट १५ गतेसम्म १५ दिनको महायज्ञ सम्पन्न भएको थियो । २०७१ फाल्गुन ९ गते तत्कालीन प्रधानमन्त्री सुशील कोइरालालगायतका विशिष्ट व्यक्तिहरूका साथमा १२८ फिट अग्लो विश्वशान्ति कलश निर्माण कार्यको हजारौं व्यक्तिहरूद्वारा शिलान्यास गरिएको थियो । यहाँ कलश आकारको भित्र एकै पटक २००० जना व्यक्तिहरू बसेर दर्शन गर्न सक्नेछन् । यस कलशमा विश्वका सम्पूर्ण तीर्थस्थलको जल राखिनेछ । यो अद्भुत कलश दर्शन गर्न विश्वका धार्मिक पर्यटकहरू आउने छन् भने मुक्तिनाथ दर्शन गर्न जाने तीर्थयात्रीहरू पनि फेदीमा रहेको शालिग्राम सङ्ग्राहलयमा एकलाख शालिग्रामको एकैसाथ दर्शन गरी पञ्चकोट क्षेत्रको पनि दर्शन गर्नेछन् । (जगन्नाथ आचार्य) ।

५. सर्वसिद्धिधामको परिकल्पना र सम्भावना

महापुरुषहरू जन्मेको र तपस्या गरेको ठाउँ स्वभावैले तीर्थ स्थल हुन्छन् । यस पञ्चकोट (ताराजालकोट) मा पनि स्वामी श्री कमलनयनाचार्यको जन्म र उहाँले गरेका तपस्या एवम् यहाँ सम्पन्न भएका ठूला ठूला यज्ञहरूले गर्दा यो ठाउँ पुण्यस्थली भइसकेको छ । उहाँको सङ्कल्प र निर्देशनअनुसार आध्यात्मिक जागरण तथा बन्दै गरेका संरचनाहरूले यो पनि नयाँ तीर्थस्थल एवम् धार्मिक पर्यटकीय स्थल हुने निश्चित देखिएको छ ।

उल्लिखित ऐतिहासिक कोटहरूका साथै यो ठाउँ देवत्वको वास भएको दिव्य भूमि एवम् सिद्ध पुरुष कमलनयनाचार्य मुक्तिनाथबाबाले विशेष आध्यात्मिक शक्ति प्राप्त गरेको भूमि भएकोले यस क्षेत्रलाई आध्यात्मिक गन्तव्यको मुख्य केन्द्र बनाउने उद्देश्यसहित विश्वशान्ति सर्वसिद्धिधाम पञ्चकोट निर्माण समिति बनेको छ । यसै समितिले यहाँका विश्वशान्ति कलश, महाघण्ट लगायतका संरचनाहरू तयार गर्नेछ । (कर्णबहादुर के.सी.) ।

ताराजलकोटमा रहेको चुच्चो ढुङ्गोमा निर्माण गरिएको गरुडशिला

साँच्चिकै गरुडजस्तै देखिन्छ । अहिले पञ्चकोट पुग्ने अधिकांश व्यक्तिहरू गरुडशिलामा रमाउने गरेका छन् । यो शिला सबै आगन्तुकहरूको आर्कषणको विषय बनेको छ । गरुड शिलाको आडमा रहेको सिसमहलमा अहिलेसम्म लाखौं व्यक्तिले राधाकृष्णको दर्शन गरेको बुझिन्छ (गुरुप्रसाद पौडेल) ।

पञ्चकोटमा धार्मिक भौतिक संरचनाहरू तीव्र रूपमा निर्माण भइरहेका छन् । सन्तले चाहे भने हर कुरा सम्भव हुन सक्छ भन्ने ज्वलन्त उदाहरण विश्वशान्ति सर्वसिद्धिधाम पञ्चकोटको निर्माणस्थलमा भइरहेका कार्यबाट प्रस्तुत भएको छ। बागलुङका यी विभिन्न धार्मिक तथा ऐतिहासिक मठ, मन्दिरहरू तथा मनोरम प्राकृतिक छटालाई धार्मिक पर्यटनको हब्स बनाउन सकिने देखिन्छ ।

पञ्चकोट सर्वसिद्धिधामको विकाससँगसँगै बागलुङ जिल्लाको विविधतामा नव आयाम थपिएको छ । मुक्तिक्षेत्र प्रवेशद्वार, धवलागिरि, नीलगिरि तथा अन्नपूर्ण हिमालको मनोरम दृश्यावलोकन गर्न सकिने यो स्थान (पञ्चकोट) धार्मिक, सांस्कृतिक तथा सामाजिक विविधतामा, पश्चिम क्षेत्रकै महत्त्वपूर्ण स्थान बन्दै गएको छ । आज जुन किसिमले धार्मिक पर्यटनमा वृद्धि भइरहेको छ ।त्यसैका अनुरूप यहाँ राज्यको पनि दृष्टि पर्नुपर्ने देखिन्छ । (वसन्तकुमार श्रेष्ठ) ।

पञ्चकोटलाई यस क्षेत्रको पहिलो आध्यात्मिक पर्यटनका दृष्टिले महत्त्वपूर्ण गन्तव्य बनाउन विभिन्न भौतिक संरचनाको तीव्र रूपमा निर्माण कार्य गर्दै छ । १२८ फिटको विश्वकै अग्लो कलश निर्माण गर्न ३२ करोडको विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) तयार भइसकेको छ । हाल विभिन्न भौतिक संरचनाका लागि १६ करोड लगानी भइसकेको छ । यस क्षेत्र भित्रका ताराजलकोट, कारीकोट, माझकोट, रायँरायँकोट र संसार कोटमा पूर्वाधार निर्माण गरेर पञ्चकोट धार्मिक पर्यटन गन्तव्य बनाउने बृहत् गुरुयोजनाका साथ काम अगाडि बढिरहेको छ । पहिले नै यहाँ दैनिक ५ सयदेखि १ हजारसम्म मानिसहरू घुम्न आउने गर्दछन् । यहाँको १५० रो पनी जग्गामा सबै प्रकारका पूर्वाधारहरू निर्माण गर्दा करिब २ अर्ब खर्च हुने अनुमान गरिएको छ । पूर्वाधार निर्माण हुँदै गर्दा ३ सय ६५ तुलसीका मठ, १०८ वरपीपलका चौतारीका साथै सदरमुकामदेखि पाँचवटा कोटलाई जोड्ने

केवलकार पनि निर्माण गर्ने योजना बनाइएको छ । स्थानीय गाई संरक्षणका लागि गौशालाको समेत निर्माण भइसकेको छ । सम्पूर्ण भौतिक संरचनाहरू निर्माण सम्पन्न भइसकेपछि मासिक रूपमा १ लाख पर्यटक भित्र्याउन सकिनेछ (प्रकाश बराल) ।

५. निष्कर्ष

बागलुङ जिल्ला पश्चिम नेपालको गण्डकी प्रदेशअन्तर्गत नेपालको नक्साजस्तै आकारमा फैलिएको छ । मुक्तिक्षेत्रअन्तर्गत पर्ने यो जिल्ला मुक्तिनाथ दर्शनको प्रवेशद्वार मानिन्छ । पवित्र कालीगण्डकीको तट तथा धवलागिरि हिमालको काखमा अवस्थित बागलुङ बजार धवलागिरि अञ्चलकै सदरमुकाम हो । यसै बजारको दक्षिण पूर्वमा रहेको पश्चिम नेपालकै प्रमुख शक्तिपीठ कालिका भगवती मन्दिर आध्यात्मिक जनका लागि धरोहरको रूपमा रहेको छ । बडादसैं तथा चैत्राष्टमीमा लाखौं व्यक्तिले कालिका भगवतीको दर्शन गर्दछन् । यो मन्दिर प्रसिद्ध शक्तिपीठको रूपमा परिचित छ । हरेक व्यक्तिको मनोकामना पुऱ्याइदिने यस मन्दिरमा वार्षिक रूपमा लाखौंको भेटी चढ्ने गर्दछ । बागलुङ बजारको गहनाको रूपमा रहेको यो मन्दिर आन्तरिक तथा बाह्य पर्यटनको आकर्षणको केन्द्र बन्दै गएको छ । कालीगण्डकीको तटमा अवस्थित, षडाचार्य श्रीधराचार्यको जन्मस्थली तथा उहाँबाटै शिलान्यास भएको रङ्गवेङ्कटेश मुक्तिनारायण मन्दिर, अर्को पर्यटन गन्तव्यका रूपमा विकसित हुँदैछ । श्रीधराचार्य स्वामीजीको सत्सङ्कल्पबाट कालीगण्डकीमा पाइने शालग्राम भगवान्को संरक्षणका लागि उहाँका शिष्यहरू स्वामी कमलनयनाचार्य र ऋषि प्रपन्नाचार्य अहोरात्र खट्नुभएको छ । यहाँ तामाको छानोसहित २४ हजार श्रीराम लेखेका शिलाको प्रयोग गरी रङ्गवेङ्कटेश मुक्तिनारायणको नयाँ मन्दिर बनिसकेको छ यसै परिसरमा तामाकै छानो राखेर आकर्षक सत्तल पनि बनिसकेको छ । यहाँ करिब १०० जना विद्यार्थीहरूले निःशुल्क आवासीय रूपमा अध्यात्म र भौतिक दुवै ज्ञान हासिल गरिरहेका छन् ।

त्यस्तै बा.न.पा. ६ मा रहेको श्री सर्वसिद्धिधाम पञ्चकोट अहिले लाखौं पर्यटकको आकर्षणको केन्द्रबिन्दु बन्दै गएको छ । यसले आन्तरिक एवम् बाह्य पर्यटकहरूलाई लोभ्याइरहेको छ । यस स्थानबाट देखिने पञ्च

हिमालहरू, पञ्च नदीनालाहरू, पञ्च स्थानमा देखिने कालीगण्डकी नदी, पञ्च प्राकृतिक रूपमै निर्मित खण्डहरू, निर्माणधीन पञ्चशाला, पञ्चकोट तथा प्राकृतिक पञ्चखण्डहरूसमेत भएको हुँदा यो क्षेत्र नेपालकै प्रमुख धार्मिक पर्यटकीय स्थलका रूपमा विकसित हुने सम्भावना देखिन्छ ।

सन्दर्भसामग्री

खड्का, विदुर (वि.सं.२०६५), बागलुङका पवार खड्का, बागलुङ : सुगंगा प्रकाशन ।

छोटा, प्रेम (वि.सं. २०७५), "बागलुङको सांस्कृतिक आकाशमा नाटकीय इन्द्रेणी", बागलुङः दिअ प्रकाशन, रत्न श्रेष्ठ पुरस्कार गुठी, ।

रिजाल, चक्रपाणि (वि.सं.२०७१), श्रीधराचार्य स्वामीज्यूको जीवनी, व्यक्तित्व र कृतित्त्व, बागलुङ : श्रीधराचार्य यतिराज प्रकाशन ।

शर्मा 'मैत्रेय', विष्णुप्रसाद (वि.सं. २०५१), बागलुङको ऐतिहासिक रूपरेखा, बागलुङ : धवलागिरि साहित्य पुरस्कार प्रतिष्ठान ।

सिलवाल, सुदर्शन (वि.सं.२०७४), बागलुङको सम्भावित विकास मोडल, बागलुङ : जि.के. फाउन्डेसन, नेपाल ।

स्रोतव्यक्ति

ऋषि प्रपन्नाचार्य (उत्तराधिकारी, तिरुपति बालाजीधाम, बागलुङ) ।

कर्ण बहादुर के.सी. (निर्माण समिति संयोजक सर्वसिद्धिधाम पञ्चकोट) ।

गुरुप्रसाद पौडेल (पञ्चकोट बाग्लुङ) ।

जगन्नाथ आचार्य, (प्र.अ. विद्यामन्दिर मा.वि.बागलुङ) ।

जगन्नाथ आचार्य (अँग्रेजी शिक्षक वेद विद्याश्रम बागलुङ) ।

प्रकाश बराल (उपसम्पादक कान्तिपुर दैनिक) ।

प्रेम छोटा (प्राज्ञ तथा संस्कृतिविद् बागलुङ) ।

राजु खड्का (अध्यक्ष कालिका भगवती गुठी बागलुङ) ।

वसन्तकुमार श्रेष्ठ (पूर्व अध्यक्ष उद्योग वाणिज्य संघ बागलुङ) ।

शान्ति ज्ञवाली (प्र.अ. वेद विद्याश्रम मा.वि. बागलुङ) ।

✡✡✡✡

सहस्रधारा श्री गण्डकीसङ्गम

स्वामी नारायणाचार्य [1]

१.परिचय

कुनै पनि स्थानको महत्त्व वा पवित्रताको विषयमा परमाप्तपुरुष भक्तिसिद्धान्तका महान् आचार्य सर्वत्र अव्याहत गति देवर्षि नारदजीले धर्मराज युधिष्ठिर महाराजलाई -

स वै पुण्यतमो देशः सत्पात्रं यत्र लभ्यते ।
बिम्बं भगवतो यत्र सर्वमेतच्चराचरम् ।
यत्र ह ब्राह्मणकुलं तपोविद्यादयान्वितम् ।।
यत्र यत्र हरेरर्चा स देशः श्रेयसां पदम् ।।

(श्रीमद्‌भागवतमहापुराण ७/१४/२७-२८)।

धर्म, अर्थ, काम, मोक्ष चारै पुरुषार्थ सहज सुलभ हुने सर्वोत्तमस्थान त्यही हो जहाँ तपस्या, विद्या, दया आदि सद्‌गुणसम्पन्न भगवत्प्रपन्न ब्राह्मण समूह रहन्छन् (ब्रह्म जानाति ब्राह्मणः) प्रमाणमूर्धन्य वेदका ज्ञाता (प्रमाता)हरू जहाँ रहन्छन्, एवं प्रमेयमूर्धन्य भगवान् श्रीहरिका स्वयं व्यक्त श्रीरङ्गवेङ्टेश मुक्तिनाथादि अथवा स्वर्चारूप श्रीशालग्राम भगवान्, सिद्ध दैव मानुष आदि भेदयुक्त महाभागवताचार्यहरूबाट परम वैदिक आगमोक्त विधिले सभक्ति प्रतिष्ठापित विधिपूर्वक पूजा गरिएका श्रीसीताराम, श्रीराधामाधव, श्रीलक्ष्मी नारायणादि भगवान्‌का दिव्यविग्रह विराजमान भईबक्सिन्छ, जहाँ शास्त्रप्रसिद्ध गङ्गा, यमुना, सरस्वती, कावेरी, गण्डकी आदि पुण्यसलिला नदीहरू छन् (त्यो क्षेत्र सर्वोत्तम हो) भनेर बताईबक्सेको हुँदा पर, व्यूह, विभव, अन्तर्यामी, अर्चावतार भेदले पाँच श्रेणीमा तत्‌तत्‌स्थानमा अनन्तरूपधारी सर्वशक्तिमान् परमोदार श्रीमन्नारायण भगवान्‌को सर्वसुलभ सर्वफलप्रद दृढतम वेदप्रमाणप्रथित स्वयं व्यक्त अर्चावतार शालिग्राम भगवान् सुलभ हुने, वेदान्तोभयविज्ञ सत्सम्प्रदायाचार्य सदाचार्यहरूद्वारा आचन्द्रार्क सम्प्रतिष्ठापित सपरवासुदेव श्रीमुक्तिनारायण भगवान्‌को दिव्यदर्शन सुलभ हुने, पर्वतराजतनया

१. लेखक श्री मुक्तिनारायण मन्दिर, सहस्रधारा पर्वतका उत्तराधिकारी तथा प्रखर पुराण प्रवक्ता हुनुहुन्छ।

भगवती पार्वतीजी, चन्द्रमौली भगवान् भूतनाथ, वेदद्रष्टा याज्ञवल्क्यनन्दन पारस्करमुनि एवं अत्र्यादि सप्तर्षिहरूद्वारा चिरकाल तपअनुष्ठित वैदिक विद्याका लागि उत्तरकाशी अभिधेय, अष्ट भूवैकुण्ठान्यतम श्रीमुक्तिनाथधामको प्रथम प्रवेशद्वार, प्राचीन, अर्वाचीन अनेकौं सिद्धसाधकहरूको सफल साधनाभूमि, एवं श्रीमदुभयवेदान्तविशारद श्रीमत्परमहंस परिव्राजकाचार्यानन्तश्रीविभूषित अस्मदादि पामरजनोपायोपेयस्वरूप त्रिदण्डी श्रीपराङ्कुशाचार्य(जीयर) स्वामीजी महाराजको नितान्त अभिमतभूमि यो पाङ् सहस्रधारा परिसरको वाचामगोचर महत्त्वलाई यहाँ आफ्नो अल्पमतिअनुरूप वर्णन गर्ने प्रयास गरिएको छ ।

२. भौगोलिक स्वरूप र विलक्षणता

समग्र देवभूमि नेपाल असंख्य पवित्र तीर्थहरू, अनेकौं पुण्यसलिला देवनदीहरूले अभिषिञ्चित, श्री वराहक्षेत्र श्री मिथिलाक्षेत्र, श्री पाशुपात क्षेत्र, श्री उत्तरकौशलक्षेत्र, श्री मुक्तिक्षेत्र (श्री हरिहरक्षेत्र) आदि अद्वितीय उत्तमोत्तम अनेकौं पुण्यक्षेत्रहरूले समलङ्कृत, उदाउँदा बालसूर्यको प्रथम दर्शन गर्ने देवतात्मा नगाधिराज सगरमाथा, धवलागिरि, माछापुच्छ्रे, कैलाश, कञ्चनजङ्घा अन्नपूर्ण आदि गगनचुम्बी हिमालयहरूको मुकुटमणिमण्डित आदर्शनारी जगज्जननी जानकी जन्मभूमि, शान्तिदूत भगवान् गौतमबुद्धको अवतार भूमि, प्रायःसर्वत्र भगवान् श्री हरिहरका मन्दिरहरूले सुशोभित, विश्वमानचित्रमा आजसम्म कसैको पराधीन नभएको एकमात्र सार्वभौमसत्ता सम्पन्न "सुन्दर शान्त विशाल" यो देश गौरक्षक समरशूर वैदिक हिन्दूबहुल वीर गोर्खालीहरू भएको, "चारै जात छत्तीस वर्णको साझा फूलबारी" सबै जातजाति, हिन्दू, बौद्ध, नेवार, राई लिम्बू, किराँत, गुरुङ, मगर, ब्राह्मण, क्षत्रिय वैश्य शूद्र, अन्तरजाति आदि सबै एक आपसमा आ-आफ्ना ठाउँबाट परस्परमा नङ् र मासुको सम्बन्धझैं युगौं युगदेखि सौहार्दमय वातावरणमा मिलीजुली बस्ने स्वाभिमानी नेपालीहरूको प्यारो देश, विश्वकै एकमात्र आदिकवि परमाप्त पुरुष महर्षि श्री वाल्मीकि अवतरित भएको, सबै कविवरहरूको उपजीव्यस्वरूप आदिकाव्य श्रीमद्वाल्मीकीय रामायण रचना भएको अविस्मरणीय देश, वेदद्रष्टा याज्ञवल्क्य महर्षि, प्रजापति पुलस्त्य पुलहादिको पावन अवतारस्थली तथा तपस्थली, राजर्षि आदि भरतको मनोऽभिराम सुरम्य साधनस्थल, ब्रह्मर्षि वशिष्ठ, कालजयी श्री व्यास पराशरादि युगद्रष्टा सत्पुरुषाग्रगण्य स्वयं भगवान्

तथा, भगवदंशभूत महापुरुषहरू अवतरित भएको देवभूमि नेपाल जहाँ घरघरमा श्री राधाकृष्ण, सीताराम, गौरीशङ्कर, सिद्धिविनायक, राम, लक्ष्मण, भरत, शत्रुघ्न, युधिष्ठिर, अर्जुन, पाणिनि, कात्यायन, पतञ्जलीहरू भएको नैतिक सभ्य, सुसंस्कृत, सच्चरित्रवान् आबाल वृद्ध, वनिता, नरनारी भएको अति उर्वर आदर्श यो देश मुकुन्दप्रिय भगवान् चन्द्रमौली गङ्गाधर नीलकण्ठ, उमापति महादेवको नितान्त अभिमत, पशुपतिनाथसनाथ यो देवदेश, पर्वतराजतनया पराम्बा भगवती शिवप्रिया श्री पार्वतीमाता अवतरित भएको परमपावन देश,

अर्कालाई नपारुँ पीर, मनमा बस्छन् सबैका हरि
सेवायोग्य गरेर जीव सबको हुन्छन् खशी श्री हरि ।
आफैं दुःख सहूँ मदेखि न दुखोस् काँही कसैको मन
सुन्दै अद्भुत सच्चरित्र हरिको मेरो बितोस् जीवन ।।

(अप्रकाशित गण्डकीवैभव काव्य)।

भन्ने उदात्त भावना चरितार्थ गर्ने विमलात्मा महाभागवतहरूको अभिमत देश,

सारा यो नयपाल धन्य छ, यहीँ सर्वत्र देवस्थल
छन् सच्चा दिलका सबै जना यहाँ गर्दै न गर्ने छल ।
गर्छन् श्री हरिभक्ति, पितृ, सुरको गर्छन् सदा आदर
पूजा गो, द्विज, पाहुना घर-घरै घन्किन्छ सप्तस्वर ।।

(नारायणाचार्य , २०७०, पृ. १०, १६)।

भनेअनुसारका (नय-न्यायलाई, पाल-पालना गर्ने नयपाली) अर्थात् नेपाली इमानदार धर्मप्राण गोर्खाली जनहरूको प्यारो देश, पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म हिमाल, पहाड, तराई सर्वत्र पवित्र तीर्थमय देवभूमि नेपालको पावन हिमनदी कोशी कर्णालीको अन्तर्वेदी, अझ कृष्णगण्डकी र शुक्लागण्डकी (काली सेती नदी) द्वयको मध्यवेदी पुलस्त्य पुलहादि महर्षिहरूको पावन यज्ञवेदीस्वरूप, सबै प्रकारको दुःख अशान्ति जन्म र मरणादिको घोर भयदेखि आत्यन्तिक मुक्ति गराइबक्सिने स्वयं व्यक्त शालग्राम विग्रह अष्ट भूवैकुण्ठमा सर्वोत्तम भूवैकुण्ठ स्वरूप भगवान् मुक्तिनाथसनाथ नेपाल राष्ट्रको समग्र वैदिक सनातन आस्थाको प्राणनाडी

सर्वाधिक शुचिजला शालग्रामगर्भा सरित्प्रवरा चक्रनदी श्रीकृष्णा (काली) गण्डकीको विमल शीतल जलकणले अविरल अभिषिक्त श्री गण्डकी वारिपारिको **शतयोजनविस्तीर्ण मम क्षेत्रं वसुन्धरे** भन्ने श्री भगवान् यज्ञवराहको वचनअनुसार सोनपुर विहारदेखि नेपाल हिमाल पारिको ठाउँ दामोदरकुण्डसम्मको भूभागलाई पावन हरिहर क्षेत्र मानिएको, भगवान् श्रीमन्नारायणको विराट्स्वरूप मानिएको श्री गण्डकी परिसरमध्ये सोनपुर-भगवान् श्रीमन्नारायण (मुक्तिनारायण) भगवान्को श्री चरण कमल स्थान मुक्तिनाथधाम भगवान्को मुख तथा दामोदर भगवान् को शिर (शिरो मुकुट) श्री गलेश्वर धाम भगवान्को गला(कण्ठ) मानिएको छ भने शास्त्रविख्यात भएर पनि लोकमा अपेक्षित विख्यात नभएको "श्री सहस्रधारा श्री गण्डकी सङ्गम क्षेत्र" (सहस्रधारा तीर्थ) (श्री मुक्तिनारायण) श्री हरि भगवान्को वक्षस्थल मानिएको छ । भगवान्को वक्षस्थलमा श्री लक्ष्मीजी निवास गरिबक्सिन्छ भनी समुद्रमन्थन प्रसङ्गमा समुद्रतनया लक्ष्मी

तस्याः श्रियस्त्रिजगतो जनको जनन्या
वक्षो निवासमकरोत् परमं विभूतेः।(श्रीमद्भागवत म.पु.८/८/२५)।
पश्यतां सर्वलोकानां ययौ वक्षस्थलं हरः ।
नमस्ये सर्वलोकानां विष्णुवक्षःस्थलस्थिताम् ।।(विष्णुपुराण)।

आदि शास्त्रीय प्रमाणानुरूप श्री लक्ष्मी आमा श्री विष्णु भगवान्का वक्षस्थलमा विराजमान भई बक्सिन्छ भनेको हुँदा सहस्रधारा श्री हरि भगवान् को वक्षस्थल भएपछि यो स्थान श्री लक्ष्मीजीको निवास स्थान भएकोले सहस्रधारालाई लक्ष्मीधारा भनिन्छ।

भगवती लक्ष्मीजीको निवास स्थान, भगवती पार्वतीजीको अवतार भूमि (पाङ्‌ नुवार सन्निकट भूमि) माता पार्वतीको तपस्थली मुक्तिनाथधाम तीर्थयात्राको प्रथम प्रवेशद्वार अभिनव श्री मुक्तिनारायण भगवान् सपरिकर आचन्द्रार्क सर्वलोकोपकारार्थ आविर्भूत भइबक्सिएको यस पावन सहस्रधारा तीर्थको महत्त्व निःसन्देह वाचामगोचर छ।

अविरल हजारौं निर्मल जलधाराको मनमोहक छटा देखेर सबै मोहित हुने यस स्वभाविक तीर्थका बारेमा पङ्क्तिकारले धेरै वर्ष पहिले अभिव्यक्त गरेका केही हृदयोद्गार–

अहो कस्तो शुद्ध स्फटिकसरि बग्दो छ सलिल
हजारौं धारा छन् सलल बगिराख्छन् कलकल ।
मनोहारी साँच्चै अनवरत यो मोहक छटा
धूनूभाको हो नि यहीँ शिव रमाई निज जटा ।।

(नारायणाचार्य, अप्रकाशित गण्डकीवैभव)।

तपस्वी भोलेश्री पशुपति यहीँ आसन कसी
बसी सम्झी नारायण जपि सदा श्री हरि हरि ।
भूलाई यो मायामय जगत भेटी रघुपति
बसीबक्सेको हो नगपति किशोरीसँग यहीँ ।।

(नारायणाचार्य, अप्रकाशित स्फुट रचना)।

सहस्रधारा

पार्वती गुफा पाङ

यस्तो दिव्य महिमामण्डित समस्त भूमण्डलमण्डन हिमत्वखण्डालङ्कार यहीँ पाङ् सहस्रधारा परिसरमाथि "पाङ् नुवार" भन्ने स्थान छ जहाँ पर्वतराज पुत्री पार्वतीजीको अवतार भएको हो, तथा भगवती पार्वतीजीको नामकरण संस्कार (ग्राम्य भाषामा नुवारन) गरिएकोले नामकरण शब्दको अपभ्रंश अहिले नुवार भनिन्छ। माता पार्वतीकै प्रिय विहारस्थली–श्री गण्डकीको उत्तर तट परिसर जलजला, कालञ्जर (कालाबञ्जर) भद्राचल मल्लाज, शालिजा (शैलजा) धाइरिङ्, वनौं, शिर्पु(श्रीपुर), पाङ, (गोखुराङ्कित कोट) खुर्कोट एवम् श्री गण्डकीको दक्षिण पूर्व परिसर (कुसमवाटिका फूलबारी) कुस्मा, श्री गौरीशङ्कर भगवानूको विजन तपःस्थली गुप्तेश्वर, (पार्वतीचौर) पातीचौर शङ्करपोखरी, मोदीबेनी, फलेवास, जिम्रीघाट(जैमिनीघाट) आदि भेकलाई यस सहस्रधारा "श्री त्रि.य. आश्रम, श्री मुक्तिनारायण मन्दिर" का संस्थापक श्री स्वामीज्यू

महाराजले –

पार्कोटस्य पुरे रम्ये जैमिनिपुलहान्तरे ।

रावणस्य ह्यभूत् जन्म धर्मनाशाय दुर्मतेः।।

भन्ने पौराणिक श्लोक उच्चारण गर्दै "पार्कोट" नाम हो भनिबक्सिन्थ्यो ।

अर्थात् म्याग्दी पुलहाश्रमदेखि बागलुङ बलेवा जैमिनिघाटसम्मको समग्र श्रीकृष्णगण्डकीको उत्तर तटपरिसरलाई "पार्कोट पुर" पार्कोट क्रमशः पार्-पाङ् भनियो ।

३. तपस्थलीका रूपमा सहस्रधारा

वेदद्रष्टा आर्षदम्पती कात्यायनी याज्ञवल्क्यका सुपुत्र श्रीपारस्कर जसले **पारस्कर गृह्यसूत्र** लेखिबक्सियो । उहाँले तपस्या गरिबक्सेको पारस्कर पर्वत भनिने यस पाङ् सहस्रधारा तीर्थको अत्युत्तम महत्त्वलाई हृदयङ्गम गरी दिगन्तकीर्ति श्रीमद्वेदमार्ग- प्रतिष्ठापनाचार्योभय- वेदान्त-प्रवर्तकाचार्य - श्रीमत्परमहंस- परिव्राजकाचार्य- शमदमाद्यनेक- सद्गुणगण- समलङ्कृत श्रीमत्कौडिन्य- कुलकमल- दिवाकर- त्रिसान्ध्य- परमवन्द्य- निरवद्य- अनन्त श्रीविभूषित सार्वभौम- प्रपन्न जगद्गुरु त्रिदण्डी श्रीपराङ्कुशाचार्य (जीयर) स्वामीजी यहाँ वि.सं. २०३२ मा आफ्नो प्रधान तपस्थल श्री त्रिदण्डी यतिराज आश्रमको संस्थापना गरी २०३६ सालमा यसै आश्रमबाट आदि शेषावतार श्रीभाष्यकार श्रीरामानुजाचार्य स्वामीजी महाराजको अवतारभूमि दक्षिण भारतको भूतपुरी सवारी भई परिपूर्ण विधिका साथ मोक्षाश्रम ग्रहण गरी सम्भवतः नेपाल राष्ट्रका प्रथम सशिखः त्रिदण्डी सन्न्यासी भइबक्सिएको हो ।

आध्यात्मिक दृष्टिकोणले श्रीभगवद्वक्षःस्थल स्वरूप, भौतिक रूपले पनि **मधेशको दाङ् पहाडको पाङ्, मोहनी लाउने पाङ्** आदि सूक्ति मुखरित हुने, षडङ्गवेदका ज्ञाता विद्वज्जन बहुल ज्योतिषविद्याको काशी मानिएको पाङको प्रमुख पहिचान मुखपृष्ठ हो सहस्रधारा । धनाध्यक्ष कुबेरजीका पिता, प्रजापति पुलस्त्य ऋषिका पुत्ररत्न महर्षि विश्रवाको तपोभूमि बलेवाको पश्चिमोत्तर सीमा पावन ज्ञानमण्डप (पाउजा)को पारीपट्टि पारस्कर पर्वतको वक्षःस्थलबाट अविरल प्रवाहित भइरहने सहस्रधारा जल स्नानार्थी तीर्थालु भक्तहरूका लागि जाडोको समयमा मन्दोष्ण एवम् गर्मीको समय शीतल अति अनुकूल रहने प्रकृति देवीको महान् उपहार सिद्धसाधना भूमि, स्वयं व्यक्त प्रमेय मूर्धन्य अर्चावतार

शालग्राम भगवान् भेटिने स्वाभाविक तीर्थ यस पाङ् सहस्रधारालाई शिष्टाग्रगण्य ब्रह्मविदग्रेसर श्रीमदित्याद्यनेकविरूदावलि - विभूषित त्रिदण्डी श्रीपराङ्कुशाचार्य जीयर स्वामीजी महाराजले आफ्नो अभिमत तपस्थली स्वीकार गरी वि.सं. २०४२ फाल्गुनमा आचन्द्रार्क सविधि सेवा चल्ने गरी भाष्यकार यतिराज श्रीरामानुज स्वामीजीसहित सपरिकर श्रीमुक्तिनारायण भगवान्को परमवैदिक पाञ्चरात्रागम विधिले प्रतिस्थापन गरी स्वयं गोपालनसहित देव, द्विज, अतिथि, तीर्थयात्रीहरूको सेवापूर्वक स-योगक्षेम विद्यार्थीहरूलाई व्याकरण, उभय-वेदान्त अध्यापन गराउँदै दीर्घकाल यस स्थानलाई आफ्नो समुपस्थिति उपलब्ध गराउनु यस पवित्र तीर्थलाई पवित्रम बनाउन परिपूर्ण प्रमाण हो। पारखीहरूलाई सन्त सान्निध्य अलभ्य लाभ हो। यस क्षेत्रको सर्वोत्तम विशेषता हो। जस्तै–

यत्र भागवता नित्यं पञ्चकालपरायणाः ।
निवसन्ति सदा युक्तास्तत् क्षेत्रं नैमिषाद्वरम् ।।
यत्र चैकान्तिनो नित्यं स्नानपानार्चनादिकम् ।
कुर्वन्ति तज्जलं ज्ञेयं सतीर्थं पुष्करादपि ।।
निवसन्ति महात्मानो यत्र चैकान्तिनो द्विजाः ।
देवा देवर्षयो नित्यं तं देशं पर्युपासते ।। (शाण्डिल्यस्मृति अ. ४)।

अर्थात् जहाँ पञ्चकाल परायण महात्माहरूको निवास हुन्छ त्यो देश ८८ हजार शौनकादि महाभागवतहरू, अष्टादश पुराणवक्ता महात्मा श्री सूतजी निवास गरेको अष्ट भू वैकुण्ठमा अन्यतम नैमिषारण्य भन्दा पनि उत्तम तीर्थ क्षेत्र हो। एवम् जुन तीर्थमा एकान्ती महाभागवतहरूले स्नानपान आदि गरी बक्सिन्छ त्यो जल अष्ट भूवैकुण्ठमा अन्यतम दुष्कर पुष्कर भन्दा पनि पवित्र तीर्थ हो। एवम् जहाँ एकान्ती भगवद्भक्त द्विजहरू रहिबक्सिन्छ त्यस स्थानमा सकल देवता देवर्षिहरू समाराधक भएर विराजमान भइबक्सिन्छ।

प्रायेण तीर्थाभिगमापदेशैः स्वयं हि तीर्थानि पुनन्ति सन्तः ॥ (श्रीमद्भागवतमहापुराण १/१९/८)। अर्थात् तीर्थाटनका निहुँले विचरण गर्दै स्वाभाविक जङ्गम तीर्थ महाभागवताचार्यहरूले भौतिक तीर्थहरूलाई पवित्र पारीबक्सिन्छ। उपर्युक्त अर्ध श्लोकमा बताएझैं श्रीमद्भागवतमै

भवद्विधा भागवतास्तीर्थभूताः स्वयं विभो ।
तीर्थीकुर्वन्ति तीर्थानि स्वान्तस्थेन गदाभृता ॥ (श्रीमद्भागवत म.पु १/१३/१०)।

आदि भन्दै हजुरजस्ता स्वाभाविक तीर्थ भएका महाभागवतहरूले (पवित्र नभएका नाम मात्रका) तीर्थहरूलाई (भ्रमण गर्दै गएर आफ्ना चरण स्पर्शले) आफ्ना हृदयमा विराजमान भइबक्सेका अन्तर्यामी गदाधारी भगवान् हरिका सम्बन्धले यथार्थ पवित्र तीर्थ बनाइबक्सिन्छ भन्दै धर्मराज युधिष्ठिरजीले महाभागवत विदुरजीको यथार्थ महिमा समुद्घाटन गरिबक्सिन्छ।

ज्ञानानुष्ठानसम्पन्न महाभागवताचार्यहरूको अभिमत स्थान नै सर्वोत्तम स्थान हो । एवम् महाभागवतहरू नै सर्वोत्तम तीर्थ भइबक्सिन्छ भन्दै **अनुव्रजाम्यहं नित्यं पूययेत्यङ्घ्रिरेणुभिः** (भागवत) अर्थात् महाभागवतहरूको चरणरेणुले म वेणु गोपाल स्वयं भगवान् कृष्ण पनि आफू चोखिन्छु भनेर महाभागवत (वैष्णव जन) हरूको पछि हिँड्छु । यस्ता महाभागवतमा तीर्थ बुद्धि नभएको व्यक्ति अत्यन्त निकृष्ट हो । भन्दै सूर्य ग्रहणका बेलामा कुरुक्षेत्र तीर्थमा समुपस्थित हजारौं सन्तमहन्त साधुसद्गृहस्थ आबाल वृद्ध वनिता नरनारीहरूलाई सनाउँदै भनिबक्सियो कि –

यस्यात्मबुद्धिः कुणपे त्रिधातुके स्वधीः कलत्रादिषु भौम इज्यधीः।
यत्तीर्थबुद्धिः सलिले न कर्हिचिज्जनेष्वभिज्ञेषु स एव गोखरः ।।
(श्रीमद्भागवतमहापुराण १०/८४/१३)।

अर्थात् जसले शवतुल्य कफवातपित्तमय (नश्वर) शरीरमा आत्मबुद्धि गर्दछ (नित्य आत्मालाई चिन्दैन) पत्नी, पुत्र आदिलाई मात्र आफ्ना सम्झन्छ (भगवदक्तहरूलाई आफ्ना सम्झँदैन), पार्थिव विग्रहादिमा मात्र पूज्य बुद्धि गर्दछ (भागवदक्तमा पूज्य बुद्धि गर्दैन), एवम् धेरै समय शक्ति सम्पत्ति व्यय गरेर दर्शन पाइने पुण्यक्षेत्र, पुण्यनदी, समुद्र सरोवरादिमा रहेका जलमा मात्र तीर्थबुद्धि गर्दछ तर (पापाहारी श्रीहरि भगवान्लाई आफ्ना हृदयमा विराजमान गरेर सर्वोत्तम तीर्थ भएका) **ज्ञानी त्वात्मैव मे मतम्** गीतोक्त भगवद्वचनानुसार भगवान्का पनि आत्मा (धारक पोषक भोग्य भई बक्सेका) तत्त्वज्ञ ज्ञानी महाभागवताचार्यमा परम पावन तीर्थबुद्धि गर्दैन भने त्यही व्यक्ति मनुष्याकृति भएको गदहा (खच्चड) हो । अतः यही सिद्ध भयो कि अभिज्ञ महाभागवतहरू सर्वोत्तम जङ्गम तीर्थ हुन् । यस्ता महाभागवतहरूको अभिमत देश अति पवित्र तीर्थ हो भनी विष्णुघण्टावतार कवितार्किक सिंह परमाप्त पुरूष श्री वेदान्तदेशिक (वेङ्कटनाथार्य) स्वामीजी आज्ञा गरिबक्सिन्छ -

सा काशीति न चाकशीति भुवि साऽयोध्येति नाध्यास्यते
साऽवन्तीति न कल्मषादवति सा काञ्चीति नोदञ्चति ।
सा मान्या मधुरेति नाग्रिम धुरं नान्यापि मान्या पुरी
या वैकुण्ठकथा सुधारसभुजां रोचेत नो चेतसि ।।

(सङ्कल्प सूर्योदय) ।

अर्थात् यदि श्री वैकुण्ठनाथ भगवान्का कथामृतरसैक रसिक महाभागवतहरूको अभिमत (मनपर्ने) नभए मोक्षपुरी काशीपुरी पनि निष्प्रभ हुन्छिन् । मोक्षपुरी श्री अयोध्या पनि (भगवद्भक्तहरूको मन नपरे) आवास कल्पवास योग्य हुन्नन्, अवन्तिका पुरी (उज्जैन) पनि आश्रित जनहरूलाई निष्कल्मष (निष्पाप) बनाउन सक्षम हुन्नन् । अष्टादश दिव्यदेश समलङ्कृता काञ्चीपुरी पनि गतिहीन हुनेछिन् । **मथुरा नाम नगरी सर्वपाप हरापरा** भनिएकी सर्वमान्या भगवती मथुरापुरी पनि सबै तीर्थहरूका अग्रपङ्क्तिमा आउने छैनन् । अतः

अयोध्या, मथुरा, माया, काशी काञ्ची ह्यवन्तिका ।
पुरी, द्वारावती चैव सप्तैता मोक्षदायिकाः ।। (प्रसिद्ध स्तुतिपद्य)।

भनिएका उक्त अनुक्त सबै पुण्यतीर्थहरू श्रीमन्नारायणैकनिष्ठ महाभागवताचार्यहरूका चरणरजले नै विरज हुन्छन् । श्री वैष्णवहरूको चरणरजको महत्त्व स्वयं जानकीवल्लभ श्री रामचन्द्र भगवान्ले १४ वर्षको वनवास समाप्त गरी अयोध्या पुरीमा

सुग्रीव- मारुति- विभीषण- पुण्यपाद-
सञ्चारपूतभवनं प्रविवेश रामः ।

अर्थात् परम वैष्णव महाराज सुग्रीवजी, हनुमानजी, महाराज विभीषणादिका चरणरजले पवित्र भएकी अयोध्या नगरीमा सपरिवार भगवान् श्रीराम अतिशय हर्षप्रकर्ष प्रवेश गरिबक्सियो, अतः **राम ते अधिक रामकर दासा** (रामचरितमानस) अर्थात् राम भन्दा पनि रामदास पवित्र हुन्छन् भन्ने सूक्ति सार्थक हुन्छ । अतः शङ्कर भगवान्ले पनि –

पृथ्वी शेषधृता स शम्भु मुकुटे कैलासवासोऽप्यसौ
कैलासोऽपि दशाननेन तुलितो बद्धोऽप्यसौ वालिना ।

वाली राघवसायकैर्युधि जितो विष्णुः सतां मानसे
तस्माद्विष्णुपरायणात्परतरं नान्योऽस्ति लोकत्रये ।।

(गौरीशङ्कर संवाद कौशिकसंहिता) ।

यस श्लोकमा भनिबक्सिन्छ कि सबैभन्दा गौरव पृथ्वीको छ भनूँ भने पृथ्वीलाई शेषजीले धारण गरिबक्सिएकोले शेषजी पृथ्वीभन्दा महान् भइबक्सिन्छ, शेषजी शिवको शिरमा धारित भएकाले शिवजीको महत्त्व धेरै छ भनौं भने शिवजीलाई पनि श्री कैलाश पर्वतले धारण गरेको हुँदा कैलाशजीको महत्त्व धेरै, तर यस्तो महान् कैलाशलाई पनि कुनै बेला दशानन (रावण)ले हल्लाएको रावण पो श्रेष्ठ भनौं भने रावणलाई पनि बलवान् वानरेन्द्र वालिले बाँधेको हुँदा वालि श्रेष्ठ भन्ने हो भने त्यस्ता अप्रतिम बलशाली वानरेन्द्र वालि पनि भगवान् राघवेन्द्रका वाणले युद्धमा पराजित भएकाले भक्ति श्रद्धातिरेकले श्रीमन्नारायण भगवान् नै सर्वश्रेष्ठ भइबक्सिन्छ भनेको त सर्वसद्गुणगणोदधि भगवान् श्रीमन्नारायण भगवान् पनि भक्तिसूत्रोपनद्ध भएर सज्जनका मन मन्दिरमा वशीभूत भएर निवास गरिबक्सने हुँदा श्री विष्णुपरायण (वैष्णव) जनभन्दा उत्तम कोही पनि छैन ।

परस्परं भावयन्तःबोधयन्तः परस्परम् । (श्रीमद्भगवद्गीता ३/११) ।

गीतामा भनेअनुसार भगवच्चर्चा सुन्दै सुनाउँदै कालक्षेप गर्ने महाभागवत भगवद्भक्त नरनारीहरूको आवास स्थलमा सबै तीर्थहरू नित्य निवास गर्दछन् भन्ने अवगत हुन्छ –

तत्रैव गङ्गा यमुना च तत्र गोदावरी सिन्धु सरस्वती च ।
सर्वाणि तीर्थानि वसन्ति तत्र यत्राच्युतोदारकथाप्रसङ्गः ।।

(प्रसिद्ध स्तुतिपद्य)।

उपर्युक्त **अच्युतोदारकथा** वाक्यको उदार शब्द नितान्त माननीय छ । दिव्य सूरि, पूर्वाचार्यहरूका अभिमत रामायण, महाभारत, सात्विक पुराण, भागवत पुराणादिमा उक्त भगवद् महिमा (असङ्कुचित परतत्त्व महिमा, एवम् विशुद्ध भागवद्भक्त आचार्यहरूको महिमागान नै) अच्युतोदारकथा प्रसङ्गको अभिप्राय हो ।

चिरकाल समुपासित महच्चरणपूज्य आचार्यचरण श्री पराङ्कुशाचार्य जीयर स्वामीजी महाराजले उभयवेदान्तका श्री गीताभाष्यम्, श्रीभाष्यम्,

भगवद्विषय, मुमुक्षुप्पडि आदि अनेक वाद ग्रन्थ, रहस्य ग्रन्थहरूको अध्यापनका साथ अनेक ग्रन्थहरू पनि यस सहस्रधारा आश्रममा रही रचना गरिबक्सिएको ले यो स्थान अविस्मरणीय काव्यसाधना भूमि पनि हो ।

४. पर्यन्त कथन

वैदिक सनातन धर्मको प्राणनाडी अर्चावतारोत्तम सलक्षण विविध रूपमा श्री शालग्राम भगवान् पाइने यही सहस्रधारा परिसरमा अवश्य दर्शनीय गुप्तशेष गुफा छ । जहाँ श्री शेषभगवान्का अनेक रूपहरू छन् । अनेकौं सन्त महापुरूषहरूले तपश्चर्या एकान्त अनुष्ठान गरिएका पावन स्थान यही "शेष गुफा" मा "श्री त्रि.य. आश्रम, श्री मुक्तिनारायण मन्दिर सहस्रधारा" का संस्थापक संरक्षक यथार्थ द्रष्टा परमाप्त पुरूष पूज्य श्री स्वामीजी महाराजले अनेकौं चातुर्मास्य व्रतानुष्ठान गरिबक्सिएको , इतर दुर्लभ अनेकौं विलक्षण विशेषता विशिष्ट यो सहस्रधारा तीर्थ निःसन्देह सर्वोत्तम तीर्थ हो ॥

सन्दर्भस्रोत

नारायणाचार्य, (वि.सं.२०७०), जीवनसार, प्रका. दामोदरी न्यौपाने/ लक्ष्मीनारायण न्यौपाने ।

नारायणाचार्य, गण्डकी वैभव (अप्रकाशित काव्य) ।

नारायणाचार्य, सहस्रधारा सुतरां पवित्रा (अप्रकाशित स्फुटरचना)

विष्णुपुराण (वि.सं.२०७४), अनु. मुनिलाल गुप्त, गोरखपुर : गीताप्रेस ।

वेदान्त देशिक स्वामी, सङ्कल्पसूर्योदय, (तिथि मिति टुटेको जीर्ण पुस्तक) ।

शाण्डिल्यस्मृति (तिथि मिति नभएको जीर्ण पुस्तक) ।

श्रीमद्भगवद्गीता (वि.सं.२०५३), वाराणासी : दुर्गा साहित्य भण्डार ।

श्रीमद्भागवतमहापुराण (वि.सं.२०५८), अठारह्वाँ सं. गोरखपुर : गीताप्रेस ।

स्रोतव्यक्ति

स्वामी पराङ्कुशाचार्य (सहस्रधारा पाङ)

✡✡✡✡

मोदीबेनी नृसिंहधाम

प्रकाश पौडेल[1]

१.परिचय

नेपाल प्राचीन कालदेखि नै सिद्ध, महात्मा र योगीहरूको साधनाभूमि रहेको पाइन्छ । यहाँ अनेक पवित्र नदी तथा तीर्थस्थल अवस्थित छन् । कालीगण्डकी नेपालको मध्य भागमा बग्ने नारायणी नदीको प्रमुख सहायक नदी हो । मुक्तिक्षेत्र र दामोदरकुण्डको पवित्र जल बग्ने र शालग्राम शिला पाइने यही पवित्र नदीको तीरमा पर्वत जिल्लाको सदरमुकाम कुस्मादेखि दक्षिणतर्फ मोदीबेनी पर्दछ। यहाँ नृसिंह भगवान्को मन्दिर भएको हुँदा यसलाई नृसिंहधाम पनि भनिन्छ । यस लेखमा यही मोदीबेनी नृसिंहधामको चर्चा गरिएको छ ।

२.भौगोलिक अवस्थिति

नेपालको गण्डकी प्रदेश अन्तर्गतका दुई जिल्ला पर्वत र बागलुङको सिमानामा उत्तर दक्षिण बग्ने कालीगण्डकीको पूर्वी किनारमा मोदीबेनी अवस्थित छ। गुराँसे डाँडाका रूपमा प्रसिद्ध म्याग्दी जिल्लामा पर्ने घोरेपानी लेक र कास्कीको प्रसिद्ध गुरुङ सांस्कृतिक गाउँ घान्द्रुकको माथि पर्ने हिमशृङ्खला अन्नपूर्णको पूर्वी भाग र माछापुच्छ्रेको पश्चिमी भागबाट उत्पन्न भई बग्दै आएको मोदी खोला यहीं पुगेर कालीगण्डकीमा मिसिन्छ। यो पर्वत जिल्लाको सदरमुकाम कुस्मादेखि दक्षिणमा रहेको छ । टाढाबाट हेर्दा कुस्मा, ज्ञादी, बलेवा र फलेबास एउटै समथर उपत्यका जस्तै देखिन्छन् । उच्चस्थानबाट झट्ट नियाल्दा विशाल उपत्यकाको झल्को दिए तापनि यो ठाउँ दुई नदी मोदी र कालीगण्डकीले बनाएको गल्छीका कारण प्राकृतिक रूपमा विभाजित छ। कालीगण्डकी नदीले बलेवाबाट कुस्मा र फलेबासलाई विभाजन गरेको छ भने ज्ञादी र फलेबास मोदी खोलाको करिब १५५ मिटर गहिरो खोचका कारण कुस्माबाट विभाजित छन् । कुस्माको तल्लो भागमा अवस्थित मोदीबेनी काली र मोदीको सङ्गमस्थलदेखि उत्तरपूर्वी किनारमा पर्दछ। यसलाई नृसिंहधामका नामले पनि चिनिन्छ । यहाँ प्राकृतिक रूपमा

१. लेखक नेपाल संस्कृत विश्वविद्यालय वि. सं. वि.(क्याम्पस) पोखराका उपप्राध्यापक हुनुहुन्छ ।

बनेका भगवान् विष्णुका दश अवतारमध्ये चौंथो नृसिंह अवतारको आकृति भएको शालग्राम शिला स्थापित नृसिंह मन्दिर, शिव मन्दिर, १०८ गौमुखी धारा, सत्तल कल्पवासीहरूका कुटीलगायतका धार्मिक सम्पदाहरू छन् । पर्वत जिल्ला सदरमुकाम कुस्माबाट बडागाउँको सल्लाघारी हुँदै पाखामा रहेको सालघारी को बीचबाट ओराली झरेपछि मोदीबेनी पुगिन्छ । कुस्मा बजार र मोदीबेनी कच्ची सडक तथा पैदल मार्गद्वारा जोडिएका छन् । मोदीबेनी हुँदै उत्तर दक्षिण कालीगण्डकी लोकमार्गको रेखाङ्कन भई निर्माणको चरणमा छ ।

पहिले पर्वत र बागलुङका दक्षिणी भूभागसम्म यही बाटो भएर खच्चर तथा मानिसले मालसामान ढुवानी गर्थे । सडकसम्म पुग्न होस् वा प्रशासनिक काम गर्न यही बाटो नै प्रयोग गरिन्थ्यो । हाल मालढुङ्गा कुस्मीसेरा सडक, कालीगण्डकी करिडोर र दोभिल्ला फलेबास सडक सञ्चालनमा आएसँगै पदमार्ग प्रयोगमा कमी आएको छ । काली नदीमा बडागाउँ कैया झोलुङ्गे पुल (२०७०) र मोदी खोलामा बडागाउँ सिर्सुवा झोलुङ्गे पुल (२०७३) निर्माणपछि पैदल यात्रु पनि मोदीबेनीको बाटो प्रयोग गर्न छाडेका छन् । मोदी र कालीको दोभानदेखि करिब आठ नौ सय मिटरमाथि रहेका यी दुई पुलबाट मोदी बेनी र यस वरपरका दृश्य स्पष्ट देख्न सकिन्छ । यसको उत्तरतर्फ गुप्तेश्वर गुफा, बागलुङ भगवती मन्दिर र पार्वतीको जन्मभूमि मानिएको पाङ पर्दछ । उत्तरपूर्वी भागमा अवस्थित कुस्मा बजार पार्वतीको फूलबारी मानिएको छ । पार्वतीले तपस्या गरेर शिवलाई प्राप्त गर्न यहाँबाट कुसुम अर्थात् फूल सञ्चय गरेकी थिइन् । त्यसैले यस ठाउँको नाम कुसुमपुरी रहन गयो पछि कुसुमपुरीबाट कुस्मा बन्न पुगेको हो भन्ने भनाइ प्रचलित छ । श्रवणकुमार-लाई मृग ठानेर हानेको बाण लागेर मृत्यु भएपछि राजा दशरथले ब्रह्महत्याको पाप पखाल्न गरेको यज्ञमा वशिष्ठ आदि ऋषिमुनिहरूले मङ्गलमय शान्ति सूक्तद्वारा अवभृथ स्नान गराउँदा बगेको जलबाट उत्पन्न मङ्गलदा अर्थात् मल्याङ्दी खोला पनि यही धाम नजिकै मोदीमा मिल्दछ । बलेवातर्फको पहाडको चुचुरामा भैरवको मन्दिर पर्दछ ।

३. पौराणिक तथा ऐतिहासिक सन्दर्भ

श्रीमद्भागवतमहापुराणको सप्तम स्कन्धका ८, ९ र १० अध्यायमा

नृसिंह अवतारको वर्णन पाइन्छ । जसमा खम्बाबाट नृसिंह अवतार, हिरण्यकशिपुको वध, ब्रह्मा आदि देवता र प्रह्लादद्वारा नृसिंहको स्तुति, प्रह्लाद र नृसिंहको संवाद, प्रह्लादलाई वरप्रदान, प्रह्लादको राज्याभिषेक र भगवान् नृसिंहको अन्तर्धान आदि घटनाहरूको सविस्तार वर्णन गरिएको छ । जैमिनि ऋषिको तपस्थली, ब्रह्मज्ञानी जडभरत घुमेको स्थान कालञ्जर पर्वत, पार्वतीको जन्मभूमि मानिएको पाङ, कुसुम(फूल) टिप्ने ठाउँ कुस्मा, पातीचौर मोदीबेनीको वरिपरि नै अवस्थित छन् । यी पौराणिक स्थलहरू निकटमा नै रहेको र नृसिंहको मन्दिर र मूर्तिसमेत रहेको हुँदा मोदीबेनी पनि भगवान् नृसिंह अवतीर्ण भूमि हो भन्ने अनुमान गर्न सकिन्छ । काशीराम सूरिद्वारा शकसम्वत् ११३६ (वि. सं. १७७१) मा रचना गरिएको पुराणकल्प काव्य गण्डकीमाहात्म्यमा मोदीबेनीको चर्चा यसरी गरिएको छ -

मुक्तिक्षेत्रे प्रशंसन्ति जपादियोगसाधनम् ।
श्राद्धञ्च मोदिकावेण्यां रुद्रवेण्यां च शान्तिकम् ।।

(गण्डकीमाहात्म्य, ४/६०) ।

अर्थात् मुक्तिक्षेत्रमा जप, ध्यान आदि योग र साधना, मोदीबेनीमा श्राद्ध र रुद्रवेणीमा शान्तिकर्मलाई विद्वान्हरूले प्रशंसा गर्दछन् ।

सप्तधाराः प्रशंसन्ति गण्डकीतुल्यपुण्यदाः ।
मोदिका, शुक्लिका, माद्री, मेदगङ्गा च कर्मदा ।।
तत्रैव धर्मदा प्रोक्ता तत्र गन्धवहा शुभा ।
प्रातः प्रातश्च यः स्नायात्तासु भाग्यदिनक्रमात् ।।
संप्राप्य मोदिवेण्यान्तु धेनुं दद्यात् द्विजातये ।
सप्तमे शनिवारे च स लभेद् वाञ्छितं फलम् ।।
अपुत्रो लभते पुत्रं निर्धनो धनमाप्नुयात् ।।
स्त्रियं विद्याञ्च नैरुज्यस्वर्गमोक्षान्न संशयः ।।(पूर्ववत् , ५/८-११) ।

एक सप्ताहमा आइतवारबाट प्रारम्भ गरी क्रमैले आँकू, दरौंदी, मर्स्याङ्दी, मिदिम, मादी, सेती र मोदीबेनीमा नुहाउने, हप्ताको सातौं दिन शनिवार मोदीबेनीमा गाई दान गर्ने मानिसले इच्छाएको फल प्राप्त गर्दछ भन्ने उपर्युक्त कथनको आशय हो । जस्तै सन्तान नभएकाले सन्तान, गरिबले धन, पत्नी चाहनेले

पत्नी, विद्या चाहनेले विद्या, रोगीले स्वास्थ्य , स्वर्गकामीले स्वर्ग अनि मोक्षार्थीले मोक्ष प्राप्त गर्छ, यसमा शङ्का गर्नु पर्दैन ।

मोदिकायाञ्च यः स्नायाज्जेष्ठे लम्बोदरार्चकः ।

स वसेद् गणनाथस्य लोके कल्पं सुपूजितः ।। (पूर्ववत् ,५/१८) ।

जसले जेठ महिनामा मोदी बेनीमा नुहाउँछ र गणेशको पूजा गर्छ त्यो मानिस पुजिएर नै एक कल्प गणेश लोकमा बस्न पाउँछ ।

त्रिवेण्यां मरणन्मुक्तिर्देवघट्टे च कर्मभिः ।

योगेन मुक्तिक्षेत्रे स्यात् सर्वथा गण्डकीजले ।।(पूर्ववत् , ७/६२) ।

अर्थात् त्रिवेणीमा मरण, देवघाटमा धर्मकर्म र मुक्तिक्षेत्रमा योग ध्यान आदिबाट मात्र मुक्ति पाइन्छ भने गण्डकी जलमा सधैं मुक्ति मिल्दछ ।

शुच्यादिकार्तिकान्ते च यः स्नायाद् गण्डकीजले ।

वैकुण्ठे स वसेन्नित्यं पुरुषः पुरुषार्चकः ।।(पूर्ववत् , ५/१९)।

जेठदेखि कार्तिक महिनासम्म गण्डकी जलमा स्नान गर्ने र विष्णुको पूजा गर्ने व्यक्ति नित्य वैकुण्ठमा बस्छ। यसरी गण्डकीमाहात्म्यमा मोदीबेनीमा गरिने स्नान, श्राद्ध, दान र गणेश पूजनको महिमा गाइएको छ। यहाँ स्नान गर्दा गण्डकीजलमा स्नान गरिने हुँदा गण्डकी स्नानबाट पाइने फल पनि मोदीबेनी स्नानबाट प्राप्त हुन्छ ।

पुराणकल्प गण्डकीमाहात्म्यका अतिरिक्त अन्य कतिपय ग्रन्थहरूमा पनि मोदीबेनीलाई विशेष तीर्थका रूपमा अर्थ्याइएको पाइन्छ । जसमध्ये नेपाल प्रज्ञाप्रतिष्ठानद्वारा २०४० सालमा प्रकाशित नेपाली **बृहत् शब्दकोश** ले कालीगण्डकीको तीरमा अवस्थित, नृसिंहको मन्दिर रहेको एक प्रसिद्ध तीर्थस्थान भनेर मोदीबेनीको उल्लेख गरेको छ। (पोखरेल र अरु, २०४०, पृ. १०९९) पर्वत पाङका जयदेवले रचना गरेको **गोरखाख्यायिका महाकाव्य**को भूमिकामा कली, मोदी र मङ्गलदा नदी मिसिएको स्थान मोदिकावेणी हो भनिएको छ -

कती उत्तम भन्नू तिनभुवनमा माझबिनि यो,

जहाँ विष्णले नै नरहरि भई बास लिइयो ।।

मदी मङ्गल काली इ तिन तटिनीको त्रिविणीमा
हुँदा यस्तो उत्तम् छ भनि दिनमा छैन उपमा ।।

(गोरखाख्यायिका, भूमिकाखण्ड, पृ. ढ)।

त्यसैगरी मोदीबेनीमा स्नान गरी असल ब्राह्मणलाई कालो गाई दान गर्नेले अयुत (दस हजार) गाई दान गरे बराबर पुण्य प्रतिदिन प्राप्त गर्छ भनिएको छ -

यहीँ आई न्वाई खुसिभई लिई गाई कपिला
असल् ब्राह्मणलाई जउन जनले दान गरला ।
त्यही पुण्यद्वारा अयुत सुरभीको वितरण
गरिएको पुण्यै दिन दिन प्रती पाउँछ जन ।।

(गोरखाख्यायिका, भूमिकाखण्ड, पृ. ण)।

गण्डकी नगमालिका काव्यमा पर्वतका विभिन्न स्थानको वर्णन गर्ने क्रममा कृष्णा र मोदी मिलेको त्रिवेणी भनेर मोदीबेनीको सङकेत गरिएको छ -

पार्वत्या जन्मभूमौ ननु कुसुमपुरी पार्वती राजधानी
पाङ्गे बागलुङगसङ्गे जयति परिगता पार्वती गङ्गयापि ।।
ओंकारेशो महेशस्त्रिदशमुनिगणा यत्र गुप्तेश्वराद्याः
कृष्णा-मोदी-त्रिवेणी-प्रगुणितविभवा पर्वते यान्ति लोकान् ।।

(गोरखाख्यायिका, भूमिकाखण्ड, पृ. त)।

यसप्रकार मोदीबेनी तीर्थ गण्डकीमाहात्म्य, गण्डकी नवमालिका, गोरखाख्यायिका काव्यका लेखकहरूबाट पनि प्रशंसित छ ।

मोदीबेनीको ऐतिहासिक पाटोलाई केलाउँदा यसको इतिहाससँग सम्बन्धित दुई शिलालेख र केही जनश्रुति पाइएका छन् । नृसिंह मन्दिरमा रहेको शिलालेखमा वि.सं. १८९० मा स्व. जयराम वैरागीद्वारा स्थापित नृसिंह भगवान्को मन्दिर निजकै सन्तति प्रेमदास वैरागीद्वारा जीर्णोद्धार गरिएको भन्ने उल्लेख गरिएको छ । यहाँ एक शताब्दी पुरानो सदाशिव भगवान्को मन्दिर रहेको छ । वि. सं. १९७१ मा स्याङ्जा सिरुबारीका स्व. धर्मराज गुरुङकी प्रथम पत्नी (काठमाडौं ज्याठा निवासी) अनन्तलक्ष्मी गुरुङले शिवालय र पाटी निर्माण गरी नित्य पूजाका लागि ४० मुरी माटोको खेत गुठी

राखेको कुरा उल्लेख छ । मोदीबेनीमा अवस्थित नृसिंह मन्दिरसँग सम्बन्धित अर्को किंवदन्ती पनि प्रचलित छ । जसअनुसार अयोध्याबाट मुक्तिनाथ धामसम्म तीर्थयात्रा गर्न हिँडेका जयराम वैरागी मोदीबेनी पुगे । उनले बास बस्न उपयुक्त ठानेर पीपलको वृक्षमुनि चिम्टा गाड्न जमिन खन्ने क्रममा एउटा शालग्राम फेला पारे । विष्णु भगवान्का दश अवतारमध्ये चौंथो अवतार नृसिंहको मुखाकृति भएको त्यो शालग्राम पनि साथमा लिएर उनी मुक्तिनाथ र दामोदर कुण्डको तीर्थाटन सम्पन्न गरी अयोध्या फर्कने क्रममा पुनः मोदीबेनीमा नै बास बस्न पुगे । राती सपनामा नृसिंह भगवान् प्रकट भई चिम्टा गाड्ने क्रममा भेटिएको शालग्रामले आफ्नो यहीं बस्ने इच्छा भएको हुँदा जयराम वैरागीलाई मोदीबेनीमा मन्दिर बनाई वैष्णव विधिअनुसार पूजा गरी यहीं बस्न भने । सपनामा भगवान्ले भनेअनुसार नै जयराम वैरागीले काठ, खर र ढुङ्गाको सानो मन्दिर र कुटी निर्माण गरी यहीं बसेका थिए भन्ने जनश्रुति भेटिन्छ ।

माथि चर्चा गरिएको शिलालेख र भनाई दुवैका आधारमा मोदीबेनीको नृसिंह मन्दिरको निर्माण आजभन्दा १८५ वर्ष पहिले वि.सं. १८९० मा र सदाशिव मन्दिर वि. सं. १९७१ मा निर्माण भएको देखिन्छ। यस स्थानको प्रसिद्धि १९७१ अघि नै टाढा-टाढासम्म पुगेको पाइन्छ ।

४.धार्मिक सांस्कृतिक महत्ता

विश्वका प्राचीन मानव सभ्यताको इतिहास नियाल्दा सबै सभ्यता नदीको किनारबाट प्रारम्भ भएका छन् । वैदिक सभ्यताले त नदीलाई साक्षात् देवी गङ्गा मानेको छ । वैदिक सभ्यताका अनुयायीहरूका लागि मठ, मन्दिर आदि धार्मिक स्थलजस्तै नदीहरू पनि उत्तिकै श्रद्धेय छन् । गङ्गास्वरूपा नदी धर्म र संस्कृतिसँग आबद्ध छन् । नेपालको मध्य भागमा अवस्थित नारायणी नदीको सहायक नदीमध्ये एक प्रमुख नदी कालीगण्डकी धार्मिक महत्त्वको नदी मानिन्छ । शालग्राम शिला पाइने प्रसिद्ध तीर्थस्थल मुक्तिनाथ र दामोदर कुण्डको पवित्र जल प्रवाहित कृष्णगण्डकी पौराणिक कालदेखि नै पवित्र नदी मानिएको छ । पुराणहरूद्वारा महिमा गाइएको कालीगण्डकी भगवान् विष्णुकै स्वरूप हो भन्ने मान्यता पनि जनमानसमा रहेको छ । गण्डकी स्नान गरी

विष्णुको पूजा गर्ने व्यक्ति नित्य वैकुण्ठमा बस्छ भन्ने वैदिक धर्मानुयायीको मान्यता यस अघि नै उल्लेख गरिसकिएको छ । त्यसैले मानिसहरूद्वारा टाढाटाढादेखि कालीतटमा पुगेर यसको जलमा विधिपूर्वक स्नान गर्ने परम्परा परापूर्व कालदेखि चल्दै आएको छ । कालीको तटमा अवस्थित मोदीबेनी नृसिंहधामको निकै प्रसिद्धि छ । यस धाममा पर्वत र बागलुङ्का निकटवर्ती क्षेत्रका साथै कास्कीको लुम्ले, ढिकुर पोखरी, पोखरा आदि स्थानबाट पनि मानिसहरू स्नान र अन्त्येष्टि क्रियाका लागि आउने गर्दछन् । शव ल्याउन सम्भव नभए अस्तु भए पनि यहाँ ल्याएर सेलाउने चलन अद्यापि कायम छ। पोखराको मध्य भागबाट सेती नदी बगेको छ। बाटामा निकै अघि मोदी भेटिन्छ। यस्ता अन्य विकल्प हुँदाहुँदै पनि पोखराबाट हिँडेर दुई तीन दिनमा मोदीबेनी पुग्ने र स्नान, तर्पण, शवदहन आदि कार्य गरेर फर्कने गरेको सुनिन्छ।

अहिलेजस्तो यातायातको प्रबन्ध नभएको समयमा यति धेरै समय, श्रम र धनराशि खर्च गरी नजिकका नदी छोडेर मानिस यहाँ आउनुले पनि मोदीबेनीको विशिष्ट धार्मिक महत्त्व झल्कन्छ। सुख र सुविधा खोज्नु मानवीय स्वभाव हो । मानिससँग धेरै विकल्प छन् भने सबैभन्दा सरल विकल्प नै उसले छनोट गर्दछ। नदी स्नान, शव विसर्जन आदि कार्यका लागि सजिला र निकटवर्ती अन्य विकल्प छोडेर मानिस किन मोदीबेनी नै आए ? यो रहस्यको कुरा छ । जसको काली नदीमा पाञ्चभौतिक शरीर विसर्जन हुन्छ त्यो मानिस स्वर्गमा जन्मिन्छ भन्ने धार्मिक मान्यता छ। मानिसहरू कालीनदीसम्म पुग्न टाढाबाट आउँदा पहाडहरू पार गरेर आउनु पर्दथ्यो । अन्य ठाउँबाट कालीको किनारमा जान धेरै उकालो र ओरालो हिँड्नुपर्ने हुन्थ्यो । नदीको किनारबाट उकाली नचढी आउन सजिलो र दूरी पनि छोटो हुने हुँदा मोदीको तीरमा पुगेर यसको तीरैतीर मोदी र कालीको दोभान मोदीबेनी नै आउने गरेका हुन सक्छन् । अथवा मोदीबेनीमा श्राद्ध गर्दा पितृमुक्त हुन्छन्, जेठ महिनामा यहाँ स्नान गरी ब्राह्मणलाई गोदान गर्ने लोकपूज्य हुन्छ र देहत्यागपछि पनि गणेशलोक प्राप्त गर्दछ भन्ने विश्वासका कारण पनि मानिस यहाँ आएका हुन् भन्ने भनाइ पनि उचित नै लाग्छ । प्रत्येक संक्रान्ति र एकादशीमा मोदीबेनीमा श्रद्धालु भक्तजनले स्नान, देवदर्शन, पुराण कथा श्रवणजस्ता

धार्मिक कृत्य गर्ने गर्छन् । वैशाखे र माघे संक्रान्ति, नृसिंह चतुर्दशी, हरिशयनी र हरिबोधनी एकादशी पर्वमा यहाँ मेला लाग्ने गरेको छ । पितृपक्षमा प्रत्येक वर्ष महायज्ञकै स्वरूपमा पितृपुराण लगाउने गरिएको छ भने शनिवार स्नान र सदाशिव पूजन गर्ने चलन पनि छ ।

विभिन्न व्रत, पर्व, निमित्त र नैमित्तिक कर्म तथा पितृकर्महरूमा पनि मोदीबेनीमा स्नान गरी यहाँबाट जल, माटो यज्ञस्थलसम्म लैजाने र यज्ञमा



नृसिंहधामको शिलालेख

प्रयोग गर्ने प्रचलन पाइन्छ । श्रद्धालु भक्तहरूले विभिन्न समयमा मोदीबेनी धाममा अवस्थित गौमुखी धारामा स्नान गरी नृसिंह भगवान्को मन्दिर, सदाशिव मन्दिर, गणेश, हनुमान् र काली नागका वेदीहरू, तुलसीका मठको दर्शन गर्ने गर्छन् । यो ठाउँ कल्पवासीहरूले साधनाकेन्द्रका रूपमा पनि प्रसिद्ध छ । उनीहरूले समयसमयमा भजन, कीर्तन, प्रवचन आदि कार्य पनि सञ्चालन गर्दै आएका छन् । मोदीबेनी गण्डकीक्षेत्रको महत्त्वपूर्ण धार्मिक स्थलमा पर्दछ ।

५. पर्यटकीय विशेषता

मोदीबेनीको पर्यटकीय विशेषतालाई प्राकृतिक, धार्मिक गरी दुई कोणबाट हेर्न सकिन्छ ।

५.१. प्राकृतिक महत्ता

काली र मोदीमाथि एक डाँडाबाट अर्को डाँडा जोड्ने गरी एकपछि अर्को पुल बनाउने क्रमले विगत पाँच सात वर्षदेखि निरन्तरता पाउँदै आएको छ । यी विभिन्न स्थान र शैलीका झोलुङ्गे पुलले यात्रुलाई सहजता प्रदान गरेका छन् नै साथसाथै यस क्षेत्रमा पर्यटक आकर्षित गर्ने माध्यमका पनि बनेका छन् । यी पुलमध्ये १५५.७० मिटर उचाइ र ३९५ मिटर लम्बाइको कुस्मा सिर्सुवा झोलुङ्गे पुल र १५९ मिटर उचाइ ३४७ मिटर लम्बाइ भएको कैया झोलुङ्गे पुलबाट मोदीबेनी धाम वरपरको दृश्य मनमोहक लाग्छ ।

यहाँको देवालय परिसर, नदीको नागवेली र दोभानको दृश्य तथा नदी किनारका हरियाली, पहरा आदि विविध दृश्य आकाशबाट हेरेजस्तै लाग्छ। काली नदीमा नौका विहारका लागि स्वदेश तथा विदेशबाट पर्यटकहरू आउने गरेका छन्। यसलाई अझै सुरक्षित र भरपर्दो बनाउन सकिए मनग्य आर्थिक लाभ लिन सकिन्छ। अग्ला डाँडाबाट मोदी र कालीका तटमा रबडको डोरीमा झुन्डिएर झर्ने सहासिक खेल (बन्जी जम्प) को पनि यहाँ प्रशस्त सम्भावना छ। कुस्मा बजारको कोलाहलबाट उम्केर प्रकृतिमा रमाउने, साँझबिहान टहलिने ठाउँका रूपमा पनि मोदीबेनी प्रयोग हुन थालेको छ। शारीरिक परिश्रम हुने कामका अभावमा शारीरिक व्यायाम गर्ने प्राकृतिक व्यायामशालाका रूपमा पनि सहरवासीद्वारा मोदीबेनीको उकालो प्रयोग गर्ने क्रम बढ्दो छ। पदमार्गलाई व्यवस्थित गर्न सकेमा ज्ञादी फलेबास र बलेवा सहरीकरणपछि यो स्थान प्रकृतिमा रमाउने तथा साँझबिहान टहलिने ठाउँ बन्ने सम्भावना देखिन्छ।

५.२. धार्मिक सांस्कृतिक महत्त्व

सनातन धर्मावलम्बी तथा बौद्धमार्गीका लागि मुक्तिनाथधाम उत्तिकै आस्थाको धरोहर रही आएको छ। मुक्तिनाथधाम दर्शनका लागि बर्सेनि नेपाल, भारत, वर्मा तथा भुटानका विभिन्न ठाउँबाट श्रद्धालु भक्तजनको आगमन हुने गरेको छ। पहिले बाहिरी पर्यटकहरूले पोखरादेखि जोमसोमसम्म हवाई यात्रा गर्दथे। अहिले बेनी गलेश्वर हुँदै मुस्ताङसम्म सडक निर्माणसँगै भूमार्ग प्रयोगको क्रम बढ्दै गएको छ। मुक्तिनाथ दर्शनका लागि पोखराबाट कुस्मा हुँदै बेनी पुग्ने र फर्कने भक्तजनहरू जाँदा वा फर्कदा बाटोमा पर्ने बागलुङ कालिका, गलेश्वर, गुप्तेश्वर र कुस्माका अग्ला र लामा पुलहरूमा आकर्षित हुने गरेका छन्। पुलबाट नदी र यस वरपरका दृश्य अवलोकन गरेर फर्कने भक्तजनलाई तल मोदीबेनीसम्म पुग्ने बनाउन सके यसको विकासमा टेवा पुग्ने देखिन्छ। यसका लागि बाटोको निर्माण, मोदीबेनी नृसिंहधामको प्रचार, नृसिंहमन्दिर लगायतका संरचनाहरूको कलात्मक सजावटको आवश्यक छ जसले पुलबाट अवलोकन गर्ने जो कसैलाई पनि तल पुगूँपुगूँ लागोस्। नृसिंह शिलाको प्रचार गर्न सकिए श्रद्धालु भक्तलाई यहाँ आउन उत्प्रेरणा जाग्ने थियो।

बुद्ध धर्मावलम्बी भक्तजनलाई लुम्बिनीदेखि र वैदिक सत्यसनातनीलाई त्रिवेणी धामदेखि मुक्तिक्षेत्रसम्म धार्मिक यात्राको व्यवस्था गरी यात्राका क्रममा काली नदीको तटमा अवस्थित तीर्थको दर्शन गराउन सकिएमा कालीको तीरमा अवस्थित अन्य तीर्थहरूसँगै मोदीबेनीमा पनि तीर्थयात्रीहरूको उपस्थिति बढ्ने थियो । मोदीबेनीमा गरिएका पितृकर्म, शनिवासरीय स्नान र जेठदेखि कार्तिकसम्म स्नान र गणेश तथा विष्णुपूजनको महत्त्व जनमानसमा बुझाउने स्नान तथा देवदर्शन गर्न इच्छुक जनलाई उचित व्यवस्था मिलाउन सके यहाँ धार्मिक पर्यटनको सम्भावना छ ।

६.वर्तमान स्थिति

नृसिंह गुठीको नाममा पहिले प्रशस्त जग्गा थियो । बिस्तारै धेरै जग्गा अतिक्रमणमा गरी घरहरू बनाइए । पर्वतको सदरमुकाम कुस्मा बनेपछि सरकारी कार्यालय राख्न पनि यो गुठीको जग्गा प्रयोग गरियो । यसरी सरकारी र व्यक्तिगत अतिक्रमणबाट अहिले ८० मुरी उब्जनी हुने जमिन मात्र बचेको छ । केही समय संरक्षण र संवर्धनको अभावमा गुज्रेको मोदीबेनीको संरक्षण, संवर्धन र प्रवर्धनमा स्थानीय जन जुर्मुराएका छन् । मोदीबेनी धामको व्यवस्थापनका लागि समिति निर्माण भएको छ । महायज्ञ(२०६६), वार्षिक पितृपुराण, विभिन्न अवसरमा कथा प्रवचन कार्यक्रमको आयोजना आदि कार्यबाट यसको प्रचार र अर्थ सङ्कलन गरी विविध निर्माणका कार्यलाई अघि बढाउने कार्य यस समितिबाट भएका छन् । यसै क्रममा तुलसीका मठ, गौमुखी धारा, प्रवेशद्वार, बडागाउँदेखि मोदीबेनीसम्मको पैदल मार्गमा सिँढी, मोदीबेनी धामदेखि घाटसम्म पुग्ने सिँढी र सत्सङ्ग भवन निर्माण गरिएका छन् भने ६४ शिवलिङ्ग र जेष्ठ नागरिक आवास निर्माणको सङ्कल्प पनि समितिले लिएको छ । मन्दिर परिसरमा आउने भक्तजनलाई दुई तीन दिनसम्म भोजन र बासको व्यवस्था समितिले गरेको छ । स्नान गर्न र सङ्गमको जल लिन आउने भक्त जनलाई कुनै बाधा नपरोस् भन्ने उद्देश्य राखी शव दाहस्थल र स्नान, तर्पण आदि कर्म गर्ने क्षेत्र छुट्ट्याइएको छ । मोदीबेनी नृसिंह-धामको संरक्षण, मर्मतसम्भार, व्यवस्थापन र सञ्चालनका लागि नृसिंह मन्दिर धार्मिक तथा पर्यटकीय विकास समिति निरन्तर क्रियाशील रहँदारहँदै पनि

२०७५ फागुन ४ गते राति नृसिंह मन्दिरको ढोका फोडेर करिब पचास शालग्राममध्ये नृसिंह मन्दिरको मुख्य शालग्रामसहित सात सय वर्ष पुराना ४७ वटा शालग्राम चोरी गरिएका छन् । नृसिंह मन्दिर धार्मिक तथा पर्यटकीय विकास समिति तथा प्रशासनको सक्रियताले २०७५ फागुन २७ गतेका दिन पहिले हराएका सबै शालग्राम मन्दिरमा नै पुनःस्थापित गराउन सफलता प्राप्त भएको छ । अन्यथा यस घटनाबाट ठूलो क्षति पुग्ने थियो । कालीगण्डकी लोकमार्ग मोदीबेनी नृसिंहधामका लागि अवसरका साथ चुनौती पनि बनेर आएको छ । सडक निर्माणका क्रममा अतिक्रमण र ध्वनिप्रदूषण हुने चिन्ता थपिएको छ । कल्पवासीहरूले मन्दिरमा भजन कीर्तन र आआफ्ना कुटीमा साधना गर्ने गरेका छन् । नृसिंह, सदाशिव, गणेश, हनुमान् र कालिनागको नित्य पूजा हुने गरेको छ । मन्दिरको सरसफाइ रेखदेख निरन्तर गरिएको छ ।

७.विकासका सम्भाव्यता र सुझाव

पुण्यसलिला कालीगण्डकी र मोदीको सङ्गममा अवस्थित मोदीबेनी धार्मिक तथा प्राकृतिक महत्त्वको ठाउँ हो । कल्पवास, साधनाभूमि र अन्य धार्मिक अनुष्ठानको केन्द्र बनिरहेको यस क्षेत्रको विकास र प्रचार गर्न सके यो क्षेत्र पर्यटनको केन्द्र बन्ने सम्भावना छ । यसलाई पूर्वीय सभ्यता संस्कृति र वैदिक सत्यसनातन धर्मको अध्ययन तथा साधनास्थल बनाउन सकिए यस क्षेत्रकै आध्यात्मिक उन्नतिमा टेवा पुग्ने देखिन्छ । यिनै सम्भावनालाई फलीभूत बनाउन यसको विकासका लागि आवश्यक देखिएका कार्यलाई यसरी देखाउन सकिन्छ -

- यस क्षेत्रको समग्र विकासको गुरुयोजना निर्माण र कार्यान्वयन,
- बडागाउँदेखि मोदीबेनीसम्म पक्की सडक निर्माण,
- आगन्तुक लक्षित अतिथिगृह र चमेनागृहको सुव्यवस्था,
- मालढुङ्गादेखि मोदीबेनीसम्म छोटो दूरीको स्वदेशी पर्यटक लक्षित नौका विहार (Rafting) को व्यवस्था,
- कल्पवासी तथा आगन्तुकका लागि स्वास्थ्य केन्द्र, नित्य भजन तथा प्रवचन श्रवणको प्रबन्ध,
- मोदीबेनीदेखि भैरवथानसम्म विद्युतीय रज्जुमार्ग (Cablecar)

निर्माण गरी मोदी बेनी स्नान र शिवार्चनपछि भैरव दर्शनको व्यवस्था मिलाउने,

❖ मन्दिर तथा देवालय परिसरमा पुष्पवाटिका निर्माण,

८.निष्कर्ष

नेपालको गण्डकी प्रदेशमा पर्ने पर्वत र बागलुङको सिमानामा उत्तरबाट दक्षिण बग्ने कालीगण्डकीको पूर्वी तटमा मोदीबेनी नृसिंहधाम अवस्थित छ। सडक र हवाइ यातायातको विकास हुनुपूर्व यही स्थान हुँदै नेपाल र भारतका तीर्थयात्री मुक्तिनाथ र दामोदरकुण्डको यात्रा गर्दथे । पछिल्लो समयमा पनि पर्वत र बागलुङका दक्षिणी भागका मानिस सदरमुकाम पुग्न वा सडक मार्गबाट देशका अन्य स्थानसम्म पुग्न यही बाटो पैदल यात्रा गर्ने गर्दथे । हाल सडक तथा पुलका कारण यो बाटो प्रयोगमा आएको छैन । धार्मिक, सांस्कृतिक र पर्यटकीय महत्त्वले पूर्ण यस ठाउँको पौराणिक महत्ताको खोजी हुन बाँकी नै छ । गण्डकीमाहात्म्यमा मोदीबेनीमा गरिने श्राद्ध, तर्पण, स्नान, दान र गणेश, विष्णु र शिव पूजनकार्यको महिमा गाइएको छ। कुस्मा, फलेबास र बागलुङ निकट तथा मुक्तिनाथ प्रवेशद्वारका रूपमा अवस्थित यस पावन भूमिमा धार्मिक सांस्कृतिक गतिविधि सञ्चालन गरी पर्यटक भित्र्याउन सकिने प्रशस्त सम्भावना छन् । यस स्थानमा पूर्वजहरूले बनाएका मन्दिर, पाटी, पौवा आदिको उचित संरक्षण, मर्मतसम्भार, व्यवस्थापन र सञ्चालनमा बीचमा केही उदासीनता देखिएको भए पनि हाल संस्थागत तथा व्यक्तिगत प्रयास भएका छन् । महत्त्वपूर्ण शालग्राम शिला दानपेटिका आदि चोरी हुनु, गुठी राखिएको जग्गा अतिक्रमणमा पर्नु र यसको संरक्षण, विकासमा निरन्तरता नहुनु र उचित प्रचारप्रसारका अभावमा ओझेलमा पर्नु यसको विकासका अवरोधक तत्त्वहरू हुन् । यसको विकासमा यहाँका स्थनीय जनताको सक्रियता अझै आवश्यक छ । सबै मिलेर यसको संरक्षण, विकास र प्रचारप्रसार गर्ने हो भने महत्त्वपूर्ण धार्मिक सांस्कृतिक केन्द्र बन्ने सम्भाव्यता देखिन्छ ।

सन्दर्भस्रोत

"चोरिएका शालिग्राम भेटिए" कान्तिपुर, (वर्ष २७, अङ्क २२, २०७५ फागुन २८) पृ. ८ ।

जयदेव, गोरखाख्यायिका महाकाव्य (जीर्ण भएका कारण प्रकाशक, प्रकाशन वर्ष आदि पत्ता नलागेको)

पोखरेल, बालकृष्ण र अन्य, (वि. सं. २०४०) नेपाली बृहत् शब्दकोश काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

महर्षि वेदव्यास, (वि.सं.२०६०) श्रीमद्भागवतमहापुराण, (२४ संस्करण,) गोरखपुरः गीताप्रेस ।

श्रेष्ठ, विष्णुप्रसाद (वि.सं.२०७५ जेठ २१ सोमवार), "नृसिंहधाम - मोदीबेनी एक चर्चा" आदर्श समाज, पृ. २ ।

सूरि, काशीराम (वि. सं. २०५५), गण्डकीमाहात्म्यम् (सम्पा/अनु., टीकाराम अधिकारी) दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय ।

लेखक स्वयंले गरेको अवलोकन तथा सम्बन्धित व्यक्तिबाट प्राप्त जानकारी

✡✡✡✡

कालभैरव मन्दिर बलेवा

डा. टीकाराम आचार्य 'आरुणि'[1]

१. परिचय

ग्रामीण समुदायले भैरम वा भैरिम भनेर सम्बोधन गरिने भैरव शिवजीका अवतार मानिन्छन् । पुरुष देवता कालभैरवले आम मानिसका भूमि, गोधन, अन्नबाली र परिवारको पनि सुरक्षा गर्छन् । भैरवको मन्दिर पहाड, उपत्यका र तराईका भूभागमा पाइन्छ । उनलाई धर्मशास्त्रअनुसार शिवजीका आठवटा प्रमथादि गणमध्ये एक गण रहेको स्वीकार गरिन्छ । संस्कृत व्याकरणका अनुसार भैरव शब्दको व्युत्पत्ति भने भीरु शब्दमा अण् प्रत्यय लागेर बनेको हो । पौराणिक मान्यताअनुसार भैरवको जन्म शिवजीबाट भएको हो । भैरवलाई धार्मिकबाहेक कोशीय अर्थबाट नियाल्दा भयानक, डरलाग्दो, भीषण र भयावह भन्ने तात्पर्यमा प्रयोग गरिएको पाइन्छ । भैरव शब्दको अर्थ भयानक भए पनि रूपाकृति डरलाग्दो देखिए पनि भक्तजनले उनलाई अत्यन्त दयालु एवम् भक्तभीरु स्वभाव भएका देवताका रूपमा सम्मान गर्दछन् ।

भैरवलाई जुनसुकै ठाउँका श्रद्धालु भक्तजनले पूजा आराधना गर्न सक्छन् । त्यसो भए पनि कुनै ठाउँ विशेषको अधिपति वा स्थानीय देवताका रूपमा भक्तजनले उनको आदर गर्दछन् । क्षेत्रपति भैरवका अनेक प्रकार का रूपाकृति झल्किने मूर्तिहरू यत्र तत्र पाइन्छन् । यस्ता अनेक स्वरूप भएका भैरवहरू काठमाडौं उपत्यकामा बढी मात्रामा छन् । उपत्यकाबाहिर तिर भने पर्वत, कास्की, नुवाकोट, बागलुङ र पाल्पाजस्ता पहाडी इलाकामा कालभैरवका मन्दिरहरू देख्न सकिन्छ । जुनसुकै भूभागमा मन्दिर बनाइएको पाइए तापनि निश्चित सीमामा बाँधिएको भूभागमा उनी शक्तिका प्रतीकका रूपमा पूजित देखिन्छन् । शक्तिका प्रतीक भैरवको रूपाकृतिलाई अनेक तरहका मूर्तिबाट प्रस्ट्याउने प्रयास गरिएको पाइन्छ र नाम पनि सोहीअनुसार राखिएको देखिन्छ । यस्ता मूर्तिहरूमध्ये उन्मत्तभैरव, आनन्दभैरव, बाघभैरव, हयग्रीवभैरव, महाभैरव, पञ्चमुखीभैरव, विघ्नान्तकभैरव, सिंहसुखकामभैरव, चण्डभैरव, महाभैरव, कालभैरव, श्वेतभैरव, प्रचण्डभैरव, आकाशभैरव,

१. लेखक सैनिक आवासीय महाविद्यालय पोखराका नेपाली विभाग प्रमुख हुनुहुन्छ ।

टीकाभैरव र महाकालभैरव ज्यादा प्रचलित रहेका छन् । अनेक प्रकारका भैरवहरूका कुकुर, मानिस, बँदेल, मृग, परेवा, सुँगा, भैंसी, सारस, हाँस, बाघ, घोडाजस्ता वाहन पनि नाना प्रकारका रहेका छन् । भैरव र तिनका वाहन निर्माण गर्दा काठ, ढुङ्गा, माटो, मैन र धातुहरूको प्रयोग गरिएको देखिन्छ । यसरी एउटै देवताका अनेक प्रकारका स्वरूप र अनेक प्रकारका वाहन रहेको पाइनु नेपाली भैरव संस्कृतिको मौलिक विशेषता हो ।

बागलुङ बलेवामा रहेको कालभैरव मन्दिर कालीगण्डकी नदीको तटीय क्षेत्रमा रहेको पवित्र तीर्थस्थल हो । भैरवमन्दिर बलेवाबाट सबैभन्दा नजिक रहको कैयाको पुछार कलीगण्डकी नदीतटमा पुग्न कम्तीमा तीन घण्टा मात्र पैदल यात्रा (९.६ कि.मि.) तय गर्नुपर्छ । कालभैरको कालगण्डकी नदीसँग साइनो रहेको पनि पाउन सकिन्छ। जस्तै तन्त्रचूडामणि नामक ग्रन्थमा भैरवका त्रिपन्न नाम रहेको बताइको (पौडेल, २०६०, पृ. ६१) र तीमध्ये श्रीपर्वत (श्रीनगर) पाल्पामा अवस्थित भैरवको नाम सुन्दरानन्द रहेको बुझिन्छ। त्यस्तै गण्डकी नदीको निकटमा निवास गर्ने भैरवलाई चक्रपाणि भनिने गरिएको भेटिन्छ। चक्रतीर्थ कालीगण्डकीको नजिकमा रहेका भैरवको नाम चक्रपाणि हुनु पनि सार्थक रहेको देखिन्छ। यी दुवै भैरव मन्दिर कालीगण्डकी नदीको आसपासमा हुनुले पनि गण्डकी क्षेत्रकै देवालय रहेको कुरालाई द्योतन गर्दछन् । यसरी सरल सोझा किसान वर्गले समेत रक्षक र सहकालका देव भनी आराधना गर्ने कालभैरव सबै भक्तजनका मनोवाञ्छा पूर्णकर्ताका रूपमा चक्रतीर्थमा विराजमान रहेका छन् । चक्रपाणि कालभैरवलाई सहकाल र शक्तिका प्रतीक मानी पूजा गर्ने प्रचलन रहेको छ।

२. भौगोलिक अवस्था

बागलुङ जिल्लाको सदरमुकामदेखि करिब बाईस किलोमिटर (मोटरमा जाँदा) दक्षिणमा पर्ने बलेवाली कालभैरव मन्दिर बागलुङ नगरपालिका वडा नम्बर १२ अमलाचौरमा अवस्थित छ। स्थानीय भाषामा मन्दिर रहेको ठाउँलाई भैरिमस्थान पनि भनिन्छ । यस ठाउँलाई कसैले काउलेको टाकुरो भन्छन् भने त्यसभन्दा तल रहेको समथर पर्ती जगगालाई झरूवा पाटा भन्छन् । मन्दिरको दक्षिणतिर कोट (मल्ल राजाका पालाको प्रशासनिक

केन्द्र) नाम गरेको ठाउँ पनि छ । मन्दिरको उत्तरतिर पाग्जा कोटको डाँडो रहेको छ । यस मन्दिरको वरिपरिको भागले सामुदायिक वनको करिब एघार रोपनी (११.५.२) जग्गा ओगटेको छ (दीपेन्द्रबहादुर थापा) । यही जग्गामध्ये करिब ३० मुरी धान उब्जनी हुने खेत मन्दिरको आम्दानीको स्रोत रहेको छ । यहींबाट मल्ल राजाले सात सय बलिया (सात सय घरधुरी) को शासन गरेका थिए भन्ने बुझिन्छ । मल्लकालीन समयमा सात सय बलियाको भूभाग भने को भैरव मन्दिरदेखि पूर्वमा कालीनदी, पश्चिममा रायडाँडाको बेतिनी, उत्तरमा रिठेखोलो र दक्षिणमा टिमुर खोलाभित्रको जमिन हो (रत्नबहादुर के.सी.) । यति सबै सात सय बलियाका शक्तिदाता भैरवनाथ हुन् भने त्यहाँको शासनको केन्द्र मन्दिरको आडैमा अवस्थित कोट हो (सूर्यप्रसाद ढकाल) । कोटघर र भैरव मन्दिर डाँडोको मझधारमा अवस्थित छन् । यी दुवै संरचनाको दायाँबायाँ भिरालो जग्गा रहेको छ ।

भैरवनाथ मन्दिर समुद्रसतहबाट २२०८ मिटर उच्चाइमा अवस्थित छ । बागलुङ बजारबाट भैरव मन्दिरको पैदल दूरी करिब १६ कि.मि. रहको छ । यति बाटो पूरा गर्नका लागि जम्मा पाँच घण्टा लाग्न सक्छ । त्यस्तै पर्वतको कुस्मा बजारबाट पैदल यात्रा गर्ने हो भने १३ कि.मि. पदमार्ग रहेको छ । यो बाटो भने कम्तीमा चार घण्टामा हिँडेर पार गर्न सकिन्छ । कुस्माकै अर्को बाटोबाट पनि पैदल यात्रा गर्न नसकिने होइन । त्यसका लागि कैयाको झोलुङ्गे पुल तरेपछि कैया, उपल्ला सरङ्गी, गौंडाकोट, रातामाटा, चाम्टार र सतीपखरा हुँदै मन्दिरसम्म पुगिन्छ । कुस्माको यान्त्रिक पुलबाट जाँदा पानीट्याङ्की र पैयुँपाटा हुँदै छोटो बाटोको यात्राबाट पनि सजिलै पुग्न सकिन्छ । त्यस्तै कालीगण्डकी करिडोरमा अवस्थित जैमिनि घाटमा गण्डकी स्नान गरेर यात्रा गर्दा टुनिबोट, गिठेको डाँडो र सतीपखरा हुँदै पुग्न सकिन्छ । मन्दिरमा आउने यात्रीहरू निजी सवारी साधनमा र भाडाका जिभ वा भ्यानमा चढेर बागलुङ सदरमुकामबाट कच्ची मोटरबाटो हुँदै आइपुग्न सक्छन् । रुटमा चल्ने सवारी साधन भने यहाँ त्यति पाइदैनन् ।

कालभैरव मन्दिरमा पुगेपछि त्यहाँबाट भकुण्डे, बागलुङ बजार, पर्वतको कुस्मा, म्याग्दी, दमेक, सर्कुवा, रायडाँडा राङ्खानी, फलेबास

र कुस्मिसेराका रमणीय फाँटहरू र सलक्क परेका भिराला पहाडहरू देखिन्छन् । त्यहाँबाट उत्तरतर्फ नियाल्दा मनमोहक अन्नपूर्ण हिमशृङ्खला अवलोकन गर्न सकिन्छ । मन्दिरको वरिपरिको वातावरण पनि कम्ती रमणीय छैन । मन्दिरका चारैतिर सल्लिपिरले सजिएको भुइँतल, मेलापर्वमा गुञ्जिने भजनकीर्तन, स्तोत्रपाठ र भाकलहरूको ध्वनिले मन्दिरको वातावरणलाई मोहक बनाएको देखिन्छ । मन्दिरबाटै पुछारमा हेर्ने हो भने उत्तरतर्फबाट बग्दै आएको कालीगण्डकी नदी नागझैँ लम्पसार परेर सुतेको जस्तो देखिन्छ । यसरी हेर्दा भैरवस्थान मन्दिर उच्च पहाडी भूभागमा रहेको धार्मिक स्थल मात्र नभएर शासनशक्तिको समेत केन्द्र रहेको पाउन सकिन्छ ।

३. पौराणिक सन्दर्भ

कालभैरव शिवजीका अंश हुन् । उनको वस्त्रालङ्कार र स्वरूप भयङ्कर देखिन्छ । उनलाई तामसी (मद्य, मांस, मारण, मोहन, उच्चाटन) तरिकाले आराधना गरिन्छ । उनको उत्पत्ति र गरगहनाका बारेमा पुराणमा चर्चा गरिएको पाइन्छ । शिवपुराणका अनुसार कार्तिक महिनाको कृष्ण-पक्षको अष्टमी तिथिको मध्याह्नमा भैरवको जन्म शिवजीको शरीरबाट भएको हो । यसकारण कार्तिक कृष्णाष्टमीलाई भैरवाष्टमी पनि भनिन्छ । शिवपुराणको शतरुद्रसंहिता अन्तर्गतको पार्वती खण्डमा शिवजी कुपित भएर भैरवलाई जन्म दिएको कथा उल्लेख गरिएको छ (शतरुद्रसंहिता, ८) । पुराणअनुसार एकदिन ब्रह्मा र विष्णुका बीचमा कुनचाहिँ देवता महान् भन्ने विषयमा झगडा परेपछि त्यसको छिनोफानो गर्न दुवै देवता शिवजीकहाँ जान्छन् । त्यहाँ पुगेपछि शिवजीको प्रार्थना गर्ने क्रममा ब्रह्माले अहंतापूर्वक शिवको अवहेलना गर्छन् । त्यपछि कुपित भएका शिवले कालभैरवलाई जन्म दिन्छन् । कालभैरवलाई दुईमध्ये कुन देवता ठूलो हो भनेर छिनोफानो गर्ने जिम्मा दिइन्छ । त्यसपछि कालभैरवले ब्रह्मालाई शिवजीको शीर्षलोक र विष्णुलाई पादतल पत्ता लागाएर आउने काम दिन्छन् । यस्तो काममा जो पहिला उद्देश्य पूरा गरी फर्किन्छ त्यो नै ठूलो हुन्छ भनी घोषणा गर्छन् । त्यसपछि विष्णु र ब्रह्मा आआफ्नो काममा लागि हाल्छन् । पातालमा पुगेका विष्णुले यो काम असम्भव छ भन्ने पत्तो पाउँछन् र फर्केर कालभैरवसँग माफी माग्छन् ।

ब्रह्माले भने गायत्री र सरस्वतीलाई झुट बोल्न लगाएर आफूले शिवजीको शीर्षलोक स्पर्श गरेको प्रमाण पेस गर्दछन् । त्यसपछि कुपित भएका भैरवले ब्रह्माको शिरच्छेदन गरिदिन्छन् । शिवको अनुमतिविना कालभैरवले यस्तो काम गरेपछि प्रायश्चित्त गराउनका लागि उनलाई संसारका तीर्थहरूको भ्रमण गराउँछन् । काशीमा आएपछि कालभैरवको हातमा रहेको ब्रह्मशिर भुईंमा झर्छ । कालभैरव पनि ब्रह्महत्याबाट मुक्त हुन्छन् । त्यसपछि शिवजीले भैरवलाई काशी क्षेत्रको क्षेत्रपाल बनाइदिन्छन् । सोही समयबाट भैरवलाई स्थानीय देवताका रूपमा पूजा गरिँदै आएको पाइन्छ । पुराणको यस्तो कथाले भैरवलाई शिवजीका अवतार हुन् भन्ने देखाएको छ । शिवपुराणमा उल्लिखित भैरवको जन्म र रूपाकृति संस्कृत पद्यमा यसरी उद्धृत गरिएको छ -

सकोपतस्समुत्पाद्य पुरुषं भैरवं क्वचित् ।
प्रज्ज्वलन्तं सुमहसा प्रीत्या च परमेश्वरम् ।।

(शिवपुराण, शतरुद्रसंहिता ८/४५) ।

महादेवजी एकदमै रिसाएपछि जाज्ज्वल्यमान कालभैरवलाई उत्पन्न गरे र ती कालभैरवले महादेवजीलाई खुसी पारे ।

विश्वं भर्त्तु समर्थोसि भीषणोभैरवः स्मृतः ।
त्वत्तो भेष्यति कालोऽपि ततस्त्वं कालभैरवः ॥ (पूर्ववत् ८/४६)।

भैरवलाई उत्पन्न गरेपछि महादेवले भने, हे भैरव ! तिमी समस्त विश्वको भरणपोषण गर्न समर्थ छौ, डरलाग्दो स्वरूप भएको हुनाले तिमी भैरव हौ, तिमीदेखि काल पनि डराएर भाग्नेछ, त्यसकारण तिम्रो नाम कलभैरव सार्थक रहन गएको छ ।

अथायान्तं महाकालं त्रिनेत्रं सर्पकुण्डलम् ।
महादेवांशसम्भूतं पूर्णाकारं च भैरवम् ।। (पूर्ववत् ९/६) ।

यसरी त्रिनेत्रधारी, सर्पको गहना लगाएका, पूर्ण ब्रह्मस्वरूप महादेवका अंशभूत महाकाल भैरवलाई आइराखेका अवस्थामा देखियो ।

अनेकजन्मनियुतैर्यत्कृतं जन्तुभिस्त्वघम् ।
तत्सर्व विलयं याति कालभैरवदर्शनात् ।। (पूर्ववत् ९/६६) ।

हरेक मानवको अनेक जन्मजन्मान्तरमा आर्जित खराब कर्महरू

कालभैरवको दर्शन मात्रबाट नष्ट हुन्छन् ।

भैरव कालका पनि काल, देवताका पनि देवता र ब्रह्माका पनि ब्रह्मा हुन् । भैरवको रूपाकृति जति अघोर, भयङ्कर र डरलाग्दो छ त्यति नै उनी दयालु छन् । तीनवटा आँखा, सर्पको आभूषण र हातमा भिक्षापात्र लिएका कालभैरव महादेवका अंशबाट उत्पन्न भएका हुन् । उनी शत्रुहरूलाई परास्त गर्नका लागि शक्तिदिन पनि सक्षम रहेका छन् । यसकारण शत्रुसाध्न र वशीकरण गर्नका लागि अलौकिक शक्तिमाथि पनि विश्वास गर्ने मल्ल राजाहरूले भैरवको मन्दिर स्थापना गरेको ऐतिहासिक तथ्यले देखाएको छ ।

४.सांस्कृतिक तथा धार्मिक महत्त्व

शारीरिक शुद्धता र अर्चनागत पवित्रता भैरवभक्तका मुख्य विशेषता हुन् । भैरवको अर्चना गर्नका लागि रोट (चामलको पिठोबाट बनाइने एक प्रकारको बाक्लो रोटी) निर्माण गर्नु र त्यसलाई अर्पण गर्नु पहिलो सर्त हो । रोट बनाउने पनि स्थानीय विधि रहेको छ । सर्वप्रथम एक माना चामल भिजाउनु पर्छ । चामललाई राम्ररी खल, जाँतो वा सिलौटोमा पिँध्नु पर्छ । पिँधिएको चामलको पिठोलाई एकचौथाइ (एक मानाको चार भाग मध्ये एक वा स्थानीय भाषामा एक ढेउवा) घ्यूमा पकाई, नारिवल, छोकडा, ल्वाङ, सुकमेल, इलाइची, चिनी आदि सरजाम राख्नु पर्छ । पाकिसकेको रोट टुक्रा नहुने गरी (टुक्रिएमा अशुभ हुने विश्वास छ) भाँडामा राखेर रचना (बेसारको सुठोमा स्वाग र अमिलो राखेर बनाइएको रङ) वा सिन्दूरले सजाउनु पर्छ । साथमा धूप, बत्ती र धजा राखेर कालभैरवलाई भोग लगाउने चलन रहको छ (यदुनाथ आचार्य) । भैरव मन्दिरमा अर्पण गरेर आधा भाग काटिएको रोटलाई परिवारका सबै सदस्यले प्रसादका रूपमा ग्रहण गर्ने परिपाटि पाइन्छ । भाकल (वाचा वा प्रतिज्ञा) गरेका वा नगरेका भक्तजनहरूले घ्यूमा पाकेको स्वादिष्ट रोट चढाउन सक्छन् । यसरी घृतपाक्य चोखो रोट चढाउनाले कालभैरव प्रसन्न हुन्छन् र मनकामना पूरा हुन्छ भन्ने भक्तजनको विश्वास रहेको छ ।

भैरव मन्दिर नजिकै रहेको कोटमा हरेक वर्ष नवरात्रमा तरबार नाच देखाइन्छ । यहाँ क्षत्री र ठकुरीका युवाहरू जम्मा भएर युद्धकला सम्बन्धित तरबार नाच देखाएर मौलिक संस्कृतिको संरक्षण गर्दै आएका छन् । त्यस्तै चार

गाउँलेहरूले आ-आफ्नो क्षेत्रको प्रतिनिधित्व हुने गरी कोटघरको अगाडिपट्टि चौरमा मौलो (काठको थाम) गाडेका हुन्छन् । त्यसरी काठको मौलो बनाउँदा तीनवटा हाँगा फाटेको सालको काठमध्येको एउटा हाँगोको चुरो काठ प्रयोग गरिन्छ । त्यसलाई मौलाको रूपमा गाड्नुपूर्व पनि धार्मिक विधि गर्नुपर्छ । ठाडो परेर गाडिएको मौलोलाई आकाशबाट चट्याङ (बज्र) ले हानी बारम्बार नष्ट गरेपछि मौलोलाई जमिनमुनि सुताएर गाड्ने गरिएको बताइन्छ (रत्नबहादुर के.सी.) । त्यही सुताएर राखिएको मौलोमा बाबियोको रसी बाँधी बलिदिने चौपाया (राँगो वा बोको) लाई बाँधेर बलिपूजा गरिन्छ । यसरी बलि दिने चौपायालाई धार्मिक विधिअनुसार पूजा गरी कोटागार र भैरव मन्दिरमा मार हानिन्छ । पूजित पशुको वध गर्नु पूर्व पञ्चेबाजा बजाएर नगरा (बाजाको एक किसिमको ताल) लगाउने चलन पनि छ (सूर्यप्रसाद ढकाल) । बलि दिइएका पशुका शिर मन्दिरमै अर्पण गर्ने प्रचलन रहेको छ । शिवांश भए पनि भैरव तमोगुणी देवता भएको हुनाले उनलाई बलि दिने गरिएको बुझिन्छ । हरेक वर्ष नवरात्रमा यही पवित्र कोटमा जम्मा भएका ज्योतिषी, पण्डित विद्वान् र हकाधिकारीहरूले पुली लिने, न्वागी खाने, दशैं र तिहारको टीकाको साइत हेर्ने गर्दछन् । हरेक शुभअवसरमा कोटमा तोप पड्किएपछि कार्यारम्भको साइत भयो भन्ने बुझ्ने गरेको आम सर्वसाधारणको विश्वास रहेको छ । यस आधारमा भैरव मन्दिरका मौलिक सांस्कृतिक विशेषता भनेका तरबार नाच देखाउनु, रोट चढाउनु र चाडपर्वको साइतका बारेमा निधो गर्नु हुन् ।

भैरव मन्दिरका अरू पनि केही मसिना संस्कृति रहेका छन् । यहाँ मन्दिरमा पूजा गर्न ल्याएका माला र धजाहरू फिर्ता लैजाने चलन छैन । भक्तजनले भैरवको गुप्त स्वरूप हेर्न नहुने विश्वास छ (मन्दिरको चौकोमुनि भैरवज्वाला छ भन्ने विश्वास गरिन्छ) । हेरिएका खण्डमा अनिष्ट हुने धारणा व्यापक रूपमै पाइन्छ । त्यस्तै परेवा, कुखुरा, बोका, हाँस र राँगोजस्ता चौपायाको बलि दिइन्छ । मल्ल र शाही ठकुरीले मात्र मन्दिरको नित्य पूजा गर्छन् । प्रतिवर्ष दशैंमा तत्कालीन शासकीय व्यवस्था अनुसार हरेक गाउँविकास समिति (सत सय कुरिया) बाट चन्दा उठाएर रकम सङ्कलन गरी भैरव पूजाका लागि पञ्चल (बलि दिने राँगा, बोका, कुखुरा,

परेवा र हाँसको सामूहिक नाम वा पञ्चबलि) लिएर बाजागाजासहित भेटी चढाउन जाने प्रचलन छ। यसरी कालभैरवलाई सात्विक, राजसी र तामसी तीनै तरिकाले आराधना गर्न सकिन्छ। मन्दिरभित्र भने सर्वसाधारणलाई प्रवेश गर्न भने दिइदैँन ।

कालभैरव मन्दिर धार्मिक आस्थाको केन्द्र हो । यस मन्दिरमा आउने सनातन धर्मावलम्बीहरूले बटुकभैरवस्तोत्र (संस्कृत भाषामा लेखिएको भैरवगुणगान भएको पुस्तक) दुर्गा सप्तशती (दुर्गा देवीको गुणगान भएको पुस्तक) र महाकाल शनिमृत्युञ्जय (शिवजीले पार्वतीलाई उपदेश दिएको मृत्यु जित्ने ज्ञान) पाठ गर्दछन् । कालभैरवलाई खुसी पार्नका लागि सत्तलमा बसेर भजन कीर्तन गर्नेको पनि कमी पाइँदैन । यसरी शिवावतार भैरवले समस्त भक्तजनको कल्याण गर्ने, निर्धनलाई धन, रोगीलाई आरोग्य, निसन्तानलाई सन्तान, बेरोजगारलाई रोजगार र अनिकालमा सहकाल दिने गरेका छन् भनी भक्तहरू भाकल लिएर आउने गर्दछन् (टेकबहादुर शाही) । उल्लिखित सत्यले उक्त मन्दिर सनातन धर्म मान्ने आम जनसमुदायको आस्थाको धरोहर रहेको देखाउँछ । यसरी शिवको अवतार मानी भैरवको आराधना गर्नु कालभैरव मन्दिरको धार्मिक पक्ष हो भने मन्दिरमा प्रचलित चलनहरू सांस्कृतिक पक्ष हुन् । यिनै मौलिक पक्षले भैरव मन्दिरलाई विशेष महत्त्वपूर्ण बनाएका छन् ।

५. पर्यटकीय विशेषता, सम्भावना र भावी कार्ययोजना

भैरवस्थान मन्दिरको पहिलो पर्यटकीय विशेषता भनेको धार्मिक यात्रा हो । अघिल्ला शीर्षकमा चर्चा गरिएका धार्मिक र सांस्कृतिक पक्ष यस ठाउँका थप पर्यटकीय आकर्षण हुन् । त्यसबाहेक यहाँ पर्याप्त मात्रामा पर्यटकीय क्रियाकलाप सञ्चालन गर्न सकिन्छ । वनभोज गर्ने उचित ठाउँ यस मन्दिर को आसपासमा रहेको छ । हिमाली सौन्दर्यको दृश्यावलोकन यहीँबाट हुन सक्छ । कालीनदीको किनारबाट पदयात्रा गरी मन्दिरसम्म पुग्ने उकालो बाटो छ। मन्दिरको ऐतिहासिक महत्ताका बारेमा अध्ययनका लागि अनुसन्धानकर्ताहरू आकर्षित छन् । चैत्राष्टमी र विजया दशमीमा रमाइलो मेला भर्न देश विदेशबाट आउने यात्रीहरूको लर्को देखिन्छ । यहाँ मल्ल राजाका पालामा पाग्जाकोटको डाँडो छेडेर बनाएको दुर्ग रहेको छ । तिनले छोडेको तिब्बती

तोपको ठुँडोले पनि चित्ताकर्षण गर्न सक्छ । मल्ल राजाले शासन गरेको कोटमा रहेका पुरातात्त्विक सामग्रीको अवलोकन गर्न सकिन्छ । मल्ल राजाले खाद्य सामग्री पिँध्नका लागि बनाएका ढुङ्गाका ओखल मन्दिरको नजिकै छन् । तत्कालीन दरबारका अवशेषहरू पनि यत्र तत्र भेटिन्छन् । रायडाँडामा तामा, फलाम र सिसाजस्ता भौगर्भिक खनिज पदार्थहरूको स्रोत रहेको बताइन्छ (दीपेन्द्रबहादुर थापा) । सतीपखराको जङ्गलमा अनौठो पानीको कुवा रहेको छ । यो हिउँद होस् या वर्षा कहिल्यै पनि सुक्दैन । उपल्ला खोरमा रहेको भैरवको फूलबारीको मोहकता छुट्टै छ । अमलाचौरको अम्बा, भकुण्डे को आलु, रायडाँडाको अम्रिसो, भाङ, डोका, डाला, नाङ्ला र दारको काठ एवम् गुराँसबाट बनाएका ठेकी पर्यटकका अकर्षणका वस्तु हुन् । त्यतिमात्र नभएर कालीनदीमा स्नान गरी त्यहाँको जल लिएर भैरव मूर्तिमा अभिषेक गर्दा पुण्य हुने विश्वास पनि छ । यसरी हरेक महाशिवरात्रिका दिनमा र श्रावण महिनाको सोमवारका दिनमा जैमिनिघाटमा अवस्थित काली नदीमा स्नान गरी जलपूर्ण ताम्रकलश (बोलवम यात्रा वा कुम्भ मेला पनि भन्न सकिने) बोकेर भैरव मन्दिर पुग्न सकिन्छ । यसले पर्यटक र तीर्थयात्रीलाई थप आकर्षण थप्न मद्दत गर्दछ । यसअनुसार जैमिनिघाटदेखि टुनिबोट, अमालाचौर र सतीपखरा हुँदै भैरवस्थानसम्म पदमार्गको सम्भावना बढेर जान्छ अनि त्यहाँका स्थानीयवासी लाभान्वित हुन्छन् । यसरी धार्मिक आस्थालाई पर्यटकीय विशेषतसँग जोडियो भने धर्मको रक्षाका साथै आम्दानीको स्रोत समेत बढेर जाने देखिन्छ ।

भैरवस्थान मन्दिर उच्च पहाडी भूभागमा अवस्थित रहेको छ । यस हिसाबमा यहाँ पर्यटकीय सम्भावनाहरू प्रचुर मात्रामा रहेका छन् । यहाँ पाल्पाको भैरवस्थान मन्दिरका तुलानमा अति कम भौतिक पूर्वाधार निर्माण भएका छन् । पर्यटकीय क्रियाकलापहरू त शून्यप्राय नै छन् । त्यसो भए पनि आगामी दिनमा गुरुयोजना बनाएर भौतिक पूर्वाधारको विकास गर्न लागिएको छ (दीपेन्द्रबहादु थापा) । भावी योजनामा पार्किङलाई सर्वप्रथम व्यवस्थित गरिने छ । त्यसपछि आवसहरू निर्माण गरिने छ । पुरातत्त्व विभागको स्वीकृतिमा मन्दिरको पुनर्निर्माण हुनेछ । मन्दिर वरिपरिको जग्गा फराकिलो पारिनेछ ।

पाग्जा कोटमा रहेको दूरदर्शन कक्षलाई व्यवस्थित बनाइनेछ । पार्किङ्कै नजिकमा पूजासामग्री पसल सञ्चालन हुनेछ । वातावरणलाई हराभरा बनाउन आकर्षक उद्यान निर्माण गरिने कुरा योजनामा समावेश गरिएको छ (दीपेन्द्रबहादुर थापा) । यस्ता किसिमका योजना कार्यान्वयन गरिएका खण्डमा मन्दिर क्षेत्रलाई पुनर्जीवन दिन सकिन्छ । यसका लागि कार्यसमिति चनाखो भएर लाग्नुपर्ने हुन्छ ।

भैरवस्थान मन्दिरको आसपासको स्थानीय संस्कृति नै पर्यटक आकर्षण गर्ने मूल मेरुदण्ड हो । जसरी तराईका थारू जातीमा डण्डिया नाच प्रख्यात छ त्यसरी ठकुरीहरूको तरबार नाचलाई अझै व्यवस्थित तुल्याउनु पर्छ । युवावर्गलाई त्यसतर्फ बढीभन्दा बढी आकर्षित गर्नुपर्छ । यसो गर्न सकियो भने यहाँ आउने पर्यटकलाई मुग्ध बनाउन सकिन्छ । त्यसबाहेक ज्यादै बढी धनराशि खर्च हुने परियोजना पनि मन्दिरको आसपासमा सञ्चालन गर्नुपर्ने हुन्छ । जस्तै मौरीभीरमा रक क्लाइम्बिङको सम्भावना हुन सक्छ । गहुँदीदेखि कुस्मिसेरासम्म जिपफ्लाइङको योजना तर्जुमा गर्न सकिन्छ । कुस्मादेखि बलेवासम्म केबुलकारको निर्माण गरेर यात्रीलाई सुविधा दिनुपर्छ । एकदुई रात बिताउन सकिने होटलको निर्माण हुन नसकेका खण्डमा त्यतातिर पनि ध्यान दिन अत्यावश्यक छ । भजन कीर्तन गर्ने र सभा सम्मेलन गर्ने सभाहल निर्माण गर्नुपर्छ । प्याराग्लाइडिङ जस्ता साहसिक खेलको विकास गर्दै जाँदा यस ठाउँलाई देशकै पर्यटनको केन्द्र बनाउन सकिन्छ । यस्तो प्रचुर सम्भावना रहेको भैरव मन्दिर धर्म र पर्यटनको आकर्षक केन्द्र बनाउनु उपयुक्त हुन्छ ।

६. वर्तमान अवस्था र पूजाआजा

नेपाली धार्मिक वास्तुकलाकको एक भेद सत्तल शैलीबाट निर्मित कालभैरव मन्दिर तलैतला मिलेर बनेको छ । तले वा छाने शैली पनि भन्न सकिने मन्दिरको छानो सबैभन्दा तल फराकिलो छ भने त्यसमाथिको भाग साँघुरो छ । छानाको माथिल्लो भागमा गजुर रहेको छ भने त्यसैकै आडमा रहेको त्रिशूलले मन्दिर शोभायमान देखिएको छ । वि.सं. १९९० सालपूर्व यस मन्दिरमा खरको छानो रहेको थियो । मन्दिरको गाह्रो पनि माटो र

ढुङ्गाबाट बनेको थियो । यसरी साधारण तरिकाले निर्मित मन्दिर चुच्चेढुङ्गामाथि स्थापित छ । १९९० सालमै खड्गबहादुर पाठकले निजी खर्चमा ३२ धार्नी (करिब असी किलो) तामाको प्रयोग गरी तामेछानो बनाइदिएका हुन् (टेकबहादुर शाही) । छानाको भित्री भागलाई अडाउनका लागि काठका निदाल राखिएका छन् । मन्दिरको आयतन चतुर्भुजाकारको छ । आकर्षक तरिकाले काठमा कुँदिएको एउटा ढोका छ भने छवटा आँखी झ्याल छन् । छानोको सबैभन्दा तल कलात्मक बुट्टादार पट्टी राखिएको छ । पट्टीमुनि भने आधुनिक तरिकाले निर्माण गरिएको ढलानको पाली राखिएको छ र त्यसलाई अडाउन पिल्लर गाडिएका छन् । मन्दिरको वरिपरि झुन्ड्याइएका घण्टीका मधुर आवाजले सङ्गीतमय वातावरण रचना गरेको पाउन सकिन्छ । छानाको चारैवटा कुनामा चरा आकारका सुन्दर आकृति राखिएका छन् । छानो अडाउनका लागि निर्माण गरिएका आकर्षक टुँडालहरू मन्दिरका वरिपरि छन् । मन्दिरलाई अवस्था हेरी सेतो वा गेरू रङ्ले रङ्गाएर राखिएको हुन्छ । मन्दिरको वरिपरि ढुङ्गाको पर्खाल छ । पर्खालभन्दा पर रानी ढुङ्गो छ । मन्दिरको प्रदक्षिणा गर्ने प्राङ्गण भने माटाकै रहेको छ । मन्दिरको द्वार अगाडि भजन कीर्तन गर्न मिल्ने सत्तल छ । मन्दिरको अग्रभागमा प्रवेशद्वार छ भने त्यसभन्दा अगाडि खुला मैदान रहेको छ । यसको नजिकै अगाडि बलेवा कोट रहेको छ । कोटबाट तलतिरका फाँटहरू सजिलै नियाल्न सकिन्छ । मन्दिरमा देखिएका यस्ता धार्मिक वास्तुकलाका अवयवले मन्दिरलाई अति मोहक बनाएका छन् ।

मन्दिरमा रहेको हालको मूर्ति कृष्णवर्णको छ । पत्थरबाट निर्मित उक्त मूर्ति अमलाचौरका चित्रलाल विश्वकर्मा र चन्द्रप्रसाद आचार्यद्वारा वि.सं. २०७०/०१/१७ गतेका दिनमा निजी खर्चमा स्थापना गरिएका हुन् (टेकबहादुर शाही) । उक्त मूर्तिमा रहेका भैरव कुकुरमा सवार रहेका छन् । कुकुरको मुख भैरवको दाहिने खुट्टातिर फर्किएको छ । चारवटा हातमा अनेक प्रकारका आयुध रहेका छन् भने भैरवको मूर्ति नाङ्गो देखाइएको छ । चारवटा हातमध्ये दाहिने हातमा डम्मरू, त्रिशूल छ भने देब्रे हातमा भिक्षापात्रको आकृति र गदा रहेको छ । देब्रेहातमुनि नागको प्रतिमा कुँदिएको

छ । रुद्राक्षको मालाले सजाइएको मूर्तिको आडमा कालीमाता दुर्गाको प्रतिमा पनि छ । कालभैरवको मूर्तिको ठिक सामुन्नेमा ठूलाठूला डरलाग्दा खड्गहरू राखिएका छन् । मन्दिरमा राखिएका धजापताका र प्रशस्त त्रिशूलको थुप्रोले वातावरणमा जीवन्तता थपेका छन् । यसरी कालभैरव मन्दिर धार्मिक वास्तुकला र मूर्तिकलाको राम्रो नमूना बनेको देखिन्छ ।

कालभैरवको नित्य पूजामा स्थानीय विधिको नै बढी उपयोग गरिन्छ । मन्दिर खोलेपछि चामल भिजाएर मूर्तिहरूको स्नान गराइन्छ । त्यसपछि पिठो पिनेर रोट पकाउन आगोमा बसालिन्छ । दियो, कलश, गणेशको पूजा गरेपछि शङ्ख र घण्ट पूजा गरिन्छ अनि मात्र भैरवको पूजा गरेर आरती गरिन्छ र रोटको भोग लगाइन्छ । अन्त्यमा बटुकभैरवस्तोत्र पाठ गरेर नित्य पूजा समाप्त गरिन्छ (टेकबहादुर शाही) । त्यसपछि मात्र सर्वसाधरणलाई पूजा गर्न अनुमति दिइन्छ । यसरी आराधना गर्दा वैदिक विधि नभई तान्त्रिक विधिबाट भैरवलाई प्रसन्न पारिन्छ । यस तरिकाले हप्तामा दुईदिन (मंगलवार र शनिवार) मन्दिरमा पूजा हुन्छ । यसरी ठकुरी पुजारीले मन्दिरको सेवा गर्नुलाई पुख्यौंली कर्म र कर्तव्य ठान्दछन् (टेकबहादुर शाही) । पुर्खाको विरासतलाई थामेका ठकुरी पुजारीमा सेवा र धर्मको भावना बढी रहेको देखिन्छ । यसरी धर्म र आस्तिकताका जगमा कालभैरव मन्दिरको अस्तित्व सुरक्षित रहेको देखिन्छ ।



७. ऐतिहासिकता

मल्लकालीन सातसय बलेवाक्षेत्र शक्तिशाली चौबीसी राज्यभित्र पर्ने पर्वत राज्य अन्तर्गत शासित थियो । पर्वत राज्यको स्थापना वि.सं.१४९३ मा भएको थियो भने यसको पतन वि.सं. १८४२ को अन्त्यतिर भएको थियो । पर्वत राज्यका अन्तिम वा चौधौं राजा कीर्तिवम मल्ल हुन् । उनी वि.सं. १८१९ मा पर्वत राज्यको राजा भएका थिए । उनकै पालामा करिब चारसय वर्ष पुरानो पर्वत राज्य ध्वस्त भएको थियो । उनको राज्यलाई तत्कालीन गोर्खाली राज्यमा गाभ्ने काम पृथ्वीनारायण शाहका माहिला छोरा बहादुर शाहले गरेका

थिए । बहादुर शाहले पर्वतमा पजनी गरेपछि कीर्तिवम मल्ल भागेर भारतको काशीमा गई शरण लिए र त्यसको अर्को साल उनको देहान्त भयो (कँडेल, २०५५, पृ.५०) । उनले आफ्नो शासन कालमा सात सय बलेवालाई पर्वतबाट शासन गर्न टाढा हुने देखी बलेवाको पाग्जाको डाँडोमा कोटको स्थापना गरेका थिए । त्यसरी स्थापना गरिएको बलेवाको पाग्जाकोटमा मगरहरूले बारम्बार हमला गरिरहन्थे । पर्वतका राजाले मगरराज्यसँग युद्ध गरी बलेवालाई आफ्नो अधीनमा पारेका थिए । त्यसकारण मल्लराज्य बनाएका कीर्तिवमको इलाकामा मगरहरूले बारम्बर आक्रमण गर्दथे (रत्नबहादुर के.सी.) । यसको अर्थ पाग्जा कोटमा मल्लहरूले राज्य गर्नुपूर्व पनि प्रशासनिक अस्तित्व थियो भन्ने देखिन्छ । मगर राज्यलाई मल्लहरूले सजिलै पराजित गरी अधीनमा लिएको जानकारहरूको ठम्याइ रहेको छ ।

यसरी आक्रमण गर्दै जाँदा उनीहरूले एक दिन कोटघर (प्रशासनिक कार्यालय) मा समेत आगजनी गरे । यसरी कोटघर ध्वस्त भएको खबर राजा कीर्तिवमले पाएपछि पं. बलीभद्र पौड्याललाई आफ्नो प्रतिनिधि राजखड्ग दिई प्रमुख क्षेत्रपाल (प्रशासक) बनाएर पठाए । उनकै साथमा उनका कान्छा छोरा पं. माधव पौड्याललाई सहायक क्षेत्रपाल बनाएर खटाए । पं. बलीभद्र पाग्जाकोटमा आएपछि त्यहाँ पानीको चरम अभाव रहेको महसुस गरे । रणनीतिक हिसाबले पनि ठाउँ असुरक्षित र असुविधाजनक रहको अनुभव गरे । यसकारण पाग्जाकोटबाट कोटलाई स्थानान्तरण गर्ने मनस्थिति बनाए । त्यसैको फलस्वरूप कोटगार (शस्त्रागार) मा बचेका शस्त्रास्त्र लिई दक्षिणतर्फको काउले डाँडामा कोटप्रशासनको स्थापना गरे । काउलेमा प्रशासन सारेपछि बलीभद्रले प्रशासनका लागि आवश्यक पर्ने भवन, सुरक्षाकर्मी र हातहतियार समेतको प्रबन्ध मिलाए । यतिका काम भएपछि पनि उनलाई अझै कोट असुरक्षित रहेको अनुभव भइरह्यो । त्यसपछि उनले शक्ति र सिद्धिका लागि पर्वते मल्ल ठकुरी राजाका इष्ट देवता कालभैरवको मन्दिर स्थापना गर्ने निधो गरे ।

बलीभद्रले राजाको समेत सल्लाह लिएर काउलेको डाँडोमा कोटघरको उत्तरतर्फ हाल मन्दिर रहेकै ठाउँमा कालभैरवको स्थापना गरे ।

त्यसरी मन्दिरको स्थापना गरेपछि एकमुरी चामलको पिठोमा खुदो (पकाएको ऊखुको रस) घ्यू र सख्खर राखी रोट निर्माण गरेर अर्पण गरे। रोट चढाउने चलनको आरम्भ पनि उनैले गरे । उनले नित्यनैमित्तिक पूजाआजाको खर्च जुटाउनका लागि सिमको खेत (अमलाचौर), सेराको खेत (कुस्मिसेरा) र उपल्लाखौर (कुस्मिसेरा) फूलबारीको जग्गालाई गुठी राखे (वर्तमान समयमा सिमखेत मात्र भैरवको नाममा रहेको र अन्य जमिन मन्दिरका नाममा नरहेको) । मन्दिरमा नित्य पूजाआजा गर्नका लागि मल्ल ठकुरीलाई नियुक्त गरे । यसरी धार्मिक र प्रशासनिक तबरबाट बलेवालाई शक्तिशाली बनाएपछि आफ्ना छोरा माधवलाई क्षेत्रपाल बनाई बलीभद्र गुरु पर्वततिर फर्किए (रत्नबहादुर के.सी.ले दिएको हस्तलिखित सामग्रीमा आधारित) । यिनै बलीभद्रलाई बले बा, बले बा भनेर सम्बोधन गर्दै जाँदा अपभ्रंश भई बलेवा/बलीया नाम रहन गएको हो भन्ने पनि जानकारहरूको ठम्याइ रहेको छ । उनै बलीभद्र र माधवका सन्तानहरू नारायणस्थान, गार्लुङ र कुस्मिसेराको कुशिगाउँमा बसोबास गर्छन् र तिनीहरूमध्ये कुनै एक परिवारसँग कीर्तिवम मल्लले राजगुरु बलीभद्रलाई दिएको तरबार अझै सुरक्षित रहेको छ भन्ने बुझिन्छ ।

यसरी पर्वत राज्यभित्र पर्ने बलेवा कालभैरव मन्दिरको स्थापना गर्ने प्रमुख योजनाकार कीर्तिवम मल्ल हुन् । उनी शत्रुराज्यबाट पर्वतलाई जोगाउनमा नै बढी तल्लीन हुनुपरेको हुनाले अरू काम गर्न धेरै फुर्सद थिएन। बेफुर्सदीका अवस्थाबाट पनि उनले भीमसेनको मन्दिर र कालभैरवको मन्दिर स्थापना गर्ने योजना बनाएको बुझिन्छ। उनलाई बहादुर शाहले गोर्खाली राज्यमा गाभेको समय वि.सं. १८४२ भएको हुनाले बलेवाको काल भैरव मन्दिर पनि यही समयको रहेको कुरा ऐतिहासिक तथ्यबाट देखिन आएको छ। कीर्तिवम मल्लको पतनलाई मानक मानेर व्यतीत वर्ष निर्क्योल गर्नुपर्दा जम्मा २३२ वर्ष पुरानो मन्दिर रहेको तथ्य खुल्न आउँछ। उनको राज्याभिषेक पनि वि.सं. १८१९ मा भएको र नेपाल एकीकरणको ज्वाला पनि १८३१ पछि अझै व्यापक मात्रामा दन्किएको देखिएका कारण यसपछिको समयमा शत्रुबाट सुरक्षित हुन भैरव मन्दिरको निर्माण गरिएको हो भन्ने तर्क बढी ओजपूर्ण

देखिन्छ। भैरव मन्दिरको अवस्था यस्तो रहे पनि कोट प्रशासनको अस्तित्व त्यसभन्दा पहिल्यै थियो भन्ने बुझिन्छ।

८. सुझाव

बुद्धिमान् मानिसले कम मूल्यको वस्तुलाई पनि बहुमोलमा बजारमा बिकाउँछ भने अल्पमति भएकाले हिरामोतीलाई पनि कौडीका भाउमा मिल्काउँछ। बलेवा कालभैरव मन्दिर पनि त्यस्तै अवस्थाबाट गुज्रिरहेको छ। कालभैरव देवताको सिद्धि र शक्तिअनुसार राम्ररी प्रचारप्रसार हुन सकेको छैन। त्यसकारण सर्वप्रथम यस मन्दिरको प्रचार प्रसार र भौतिक पूर्वाधारको विकासमा जोड दिनुपर्ने हुन्छ। त्यसपछि सहज तरिकाले बाह्रै महिना सवारी साधन आवागमन होओस् भन्ने हेतुले बागलुङ नगरपालिकाले पक्की बाटो निर्माण गरिदिनुपर्छ। भौतिक पूर्वाधार विकास गर्नका लागि उचित मात्रामा बजेट छुट्याउनुपर्छ। गुठीसंस्थानले मन्दिरको आयस्रोत मात्र बुझ्ने र भौतिक विकासमा खासै चासो नदिने परिपाटि तुरुन्त बन्द गर्नुपर्छ। मन्दिर बाट हुने आम्दानीलाई त्यहींको विकासमा लगाउनुपर्छ। बृहत्तर रूपमा विकास गर्ने सोचका साथ व्यावसायिक दृष्टिकोणको विकास गर्नुपर्छ। स्वार्थी प्रवृत्ति त्यागी गुरुयोजनाअनुसार काम नगर्ने पद्धति बन्द गर्नुपर्छ। वर्सेनि लाखौं रूपियाँ आम्दानी हुने मन्दिरको वरिपरिको वातावरण ढुङ्गे युगको जस्तो रहेको छ। जसलाई तुरुन्तै सुधार गर्न आवश्यक छ। खाने पानीको चरम अभावलाई न्यूनीकरण गर्नु, होटल, रेष्टुराँ, घरबास कार्यक्रम र पूजासामग्री पसलको व्यवस्थापन गर्नु वर्तमान कार्यसमितिले गर्नुपर्ने कर्तव्य हुन्। यस्ता न्यूनतम आवश्यकता पूरागर्न त्यहाँका बुद्धिजीवी, स्थानीय समाजसेवी, संस्कृतिकर्मी र स्थानीय जनता नै बढी जागरूक हुन आवश्यक छ। पुजारीलाई पनि उचित तरिकाले मासिक वृत्ति दिइनुपर्छ। बलीभद्रका सन्तानसँग सुरक्षित रहेको भनिएको तरबार मन्दिरलाई फिर्ता दिनुपर्छ र मन्दिरको समितिले त्यसलाई सुरक्षित राख्नुपर्छ। समुदायिक वनभित्र रहेको मन्दिरलाई अब आफ्नै नाममा जग्गा नामसरी गरी व्यवस्थित गर्नुपर्छ। पुरातात्त्विक महत्त्व रहेको यस मन्दिरकोको पूर्वाधार निर्माण गर्दा पुरातत्त्व विभागबाट स्वीकृति लिई सोही अनुरूपका कार्य गर्नुपर्छ। यस्ता काम

गर्न सकिएका खण्डमा कालभैरव मन्दिर बलेवाले आगन्तुक भक्त र पर्यटकको मन जित्न सक्नेछ ।

९. निष्कर्ष

बागलुङ जिल्ला सदरमुकामबाट करिब बाईस किलोमिटर दूरीमा रहेको बलेवा कालभैरव मन्दिर समुद्र सतहबाट २२०८ मिटर उच्चाइमा रहेका छ । विजया दशमी र चैत्राष्टमीमा विशेष मेला लाग्ने यो मन्दिर हरेक हप्ता मंगलवार र शनिवार खुला रहन्छ । हालसम्म प्राप्त तथ्यले यस मन्दिरको इतिहास २३२ वर्ष पुरानो रहेको देखाएको छ । सत्तलशैलीमा निर्माण गरिएको भैरव मन्दिरको छानो वि.सं.१९९० सालमा तामाको बनाइएको हो । मूर्तिको स्थापना भने २०७० सालमा आएर भएको हो । पौराणिक कथनअनुसार शिवजीका अवतार मानिने कालभैरव सनातन धर्मावलम्बीका आस्थाका धरोहर हुन् । भयङ्कर रूपाकृति हुने कालभैरव दयालु स्वभावका पनि छन् । उनी सर्वसाधरण जनताका रक्षक र स्थानीय क्षेत्रपति पनि हुन् । उनलाई सात्विक, राजसी र तामसी तीनै तरिकाले पूजा गर्न सकिन्छ । उनको पूजा गर्दा रोट चढाउने प्रचलन रहेको छ भने ठकुरी जातिले नित्यपूजा सम्पन्न गर्छन् । यहाँ नवदुर्गामा तरबार नाच देखाइन्छ र जनावहरूलाई बलि पनि दिइन्छ । मन्दिरलाई यस ठाउँमा स्थापना गर्नेदेखि लिएर पूजाआजाको प्रबन्ध मिलाउने काम पर्वतका राजा कीर्तिवम मल्लका राजगुरु बलीभद्र पौड्यालले गरेका हुन् । मन्दिरको भौतिक पूर्वाधार निर्माण गर्नका लागि गुरुयोजना बनाइए पनि हालसम्म कार्यान्वयन हुन सकेको छैन । पर्यटकीय केन्द्र र धार्मिक गन्तव्य बनाउन कार्यसमितिका पदाधिकारी फुटेर हैन कि जुटेर लाग्नु पर्ने हुन्छ । प्रशस्त सम्भावना रहेको यस मन्दिरको चौतर्फी विकासका लागि नगरपालिकाले प्रचुर ध्यान दिनुपर्छ । यस आधारमा बलेवाको कालभैरव मन्दिरको धार्मिक, सांस्कृतिक, पौराणिक, ऐतिहासिक, पुरातात्त्विक र पर्यटकीय महत्त्व प्रबल मात्रामा रहेको छ । समयमै यहाँका सम्भावनाको पहिचान गरी कार्यारम्भ गर्नु आजको टड्कारो आवश्यकता हो ।

सन्दर्भस्रोत

कँडेल, देवीप्रसाद (२०५५), नेपालको इतिहास, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

पौड्याल, वीणा (वि.सं. २०६०), काठमाडौँ उपत्यकाका प्रमुख उमामहेश्वर र भैरव मूर्तिहरू, ललितपुर : साझा प्रकाशन ।

शिवमहापुराण (वि.सं.२०५९), टीकाकार ज्वालाप्रसाद मिश्र, बम्बै : श्रीकृष्ण दास प्रकाशन ।

स्रोतव्यक्ति

टेकबहादुर शाही, (जैमिनि नगरपालिका १ उपल्ला खौर, बागलुङ) ।

दीपेन्द्रबहादुर थापा, (बागलुङ नगरपालिका १२ रायडाँडा, बागलुङ) ।

यदुनाथ आचार्य, (जैमिनि नगरपालिका १ जलुकेनी, बागलुङ) ।

रत्नबहादुर के.सी., (जैमिनि नगरपालिका १ कुस्मिसेरा बजार, बागलुङ) ।

सूर्य ढकाल, (बागलुङ नगरपालिका १२ बलेवा कुँडर, बागलुङ) ।

✡✡✡✡

जैमिनि ऋषि र जैमिनिघाट

डा. मतिप्रसाद ढकाल[1]

१. पृष्ठभूमि

पौराणिक दृष्टिले नेपाल हिमवत्खण्डका रूपमा सुपरिचित छ । हिमालयबाट प्रादुर्भाव भएका अनेकौं नदीहरूको आसपासका तीर्थस्थलहरू विभिन्न ऋषिमुनिहरूका तपस्या गर्ने स्थल थिए भन्ने कुरा वैदिक एवम् पौराणिक वाङ्मयबाट प्रमाणित हुन्छ । यसै सन्दर्भमा यस आलेखमा जैमिनि ऋषि र कालीगण्डकीको प्रस्रवण क्षेत्रमा अवस्थित जैमिनि ऋषिको तपस्यास्थल जैमिनिघाटका बारेमा सङ्क्षेपमा परिचयात्मक चर्चा गर्ने प्रयत्न गरिएको छ ।

२. जैमिनि ऋषिको परिचय

जैमिनि ऋषिलाई परिचित गराउने खालका पर्याप्त सन्दर्भ सामग्रीहरू हामीसँग नभए पनि जैमिनि ऋषिको काल निर्धारण गर्ने आधार र उनले रचना गरेका कृतिहरूका आधारमा उनको सामान्य परिचय प्राप्त गर्न सकिन्छ ।

२.१ जैमिनि ऋषिको काल

जैमिनि ऋषि महर्षि वेदव्यासका शिष्य मानिन्छन् । महाभारतको आदिपर्व र महीधरभाष्यमा उल्लेख भएअनुसार जैमिनि ऋषिले वेदव्यासबाट सामवेद र महाभारतको शिक्षा लिएका थिए । त्यसैले जैमिनि वेदव्यासका समकालिक थिए भन्ने अनुमान गर्न सकिन्छ । पाश्चात्य विद्वान्हरूले जैमिनि इसापूर्व आठौं शताब्दीभन्दा पूर्वका हुन् भन्ने अभिमत प्रकट गर्दछन् भने भारतीय विद्वान्हरूले जैमिनिलाई ई. तीन हजार वर्षपूर्वका मान्दछन् । वेदव्यासका समकालिक भएकाले पाश्चात्य विद्वान्को मतभन्दा भारतीय विद्वान्को मतलाई आधार मानेर जैमिनि ऋषिको समय निर्धारण गर्नु युक्तिसङ्गत देखिन्छ ।

२.२ जैमिनि ऋषिद्वारा रचित कृतिहरू

वर्तमानमा जस्तो प्राचीन कालमा स्रष्टाले आफ्नो परिचय र कृतिहरूको

---

१. लेखक नेपाल संस्कृत विश्वविद्यालय, कालिका विद्यापीठ, गैंडाकोटका सहप्राध्यापक हुनुहुन्छ ।

विवरण आफैले प्रस्तुत गर्ने प्रचलन थिएन । त्यसैले जैमिनि ऋषिले के-कति कृतिहरू रचना गरेका थिए भन्ने कुराको निर्क्योल गर्न निकै कठिन छ तापनि हालसम्मको अनुसन्धानका आधारमा जैमिनि ऋषिले मुख्यतः जैमिनीय सामवेद संहिता, जैमिनीय ब्राह्मण, जैमिनीय श्रौतसूत्र, जैमिनीय गृह्यसूत्र, जैमिनीय महाभारतको अश्वमेधपर्व, जैमिनीय पूर्वमीमांसासूत्र र जैमिनीय सूत्र गरी सातवटा कृतिहरू रचना गरेका थिए भन्ने कुरा प्रमाणित भइसकेको छ ।

२.१.१ जैमिनीय सामवेद संहिता

सामवेदका एक हजार शाखाहरू थिए । तीमध्ये वर्तमानमा कौथुमी शाखा, जैमिनीय शाखा र राणायनीय शाखा गरी तीन शाखामात्र उपलब्ध छन् । विशेषतः कौथुमी शाखा गुजरात र मिथिला क्षेत्रमा तथा राणायनीय शाखा महाराष्ट्र प्रदेशमा प्रचलित छन् भने जैमिनिद्वारा प्रवचन गरेको जैमिनीय शाखा मुख्यतया भारतको कर्नाटक प्रदेशमा प्रचलनमा रहेको छ । आफूले वेदव्याससँग सामवेद पढेपछि त्यसकै आधारमा जैमिनिले तयार गरेको जैमिनीय सामवेद संहिताको एउटा संस्करण सन् १९०७ मा **डब्लु क्यालन्ड**ले प्रकाशित गरेका थिए र यस संहितालाई तलवकार संहिता पनि भन्ने गरिन्छ ।

२.१.२ जैमिनीय ब्राह्मण

वेदको संहिता भागपछिको अर्को भागलाई ब्राह्मण ग्रन्थ भनिन्छ । जैमिनिले प्रवचन गरेको जैमिनीय ब्राह्मण हाल सर्वांशमा उपलब्ध नभए पनि त्यसका दुई अंश भने उपलब्ध छन् । जैमिनीय ब्राह्मणसँग सम्बद्ध 'जैमिनीय आर्षेय ब्राह्मण' लाई सन् १८७८ मा वर्नेलले प्रकाशन गरेका थिए भने 'जैमिनीय उपनिषद् ब्राह्मण' लाई सन् १९२१ मा **एचदृ एन्टल**ले प्रकाशमा ल्याएका थिए । डच भाषामा अनुवाद गरिएको 'जैमिनीय आर्षेय ब्राह्मण' लाई भने **डब्लु क्यालन्ड**ले प्रकाशन गरेका थिए । 'जैमिनीय आर्षेय ब्राह्मण' को नवौं अध्याय केनोपनिषद् र ब्राह्मणोपनिषद्का नामले समेत प्रसिद्ध छ ।

२.१.३ जैमिनीय श्रौतसूत्र

जैमिनि ऋषिले सामवेद पढेकाले उनले रचना गरेको जैमिनीय श्रौतसूत्र पनि सामवेदसँग सम्बद्ध छ । सन् १९०६ मा **लाइडेन**ले जैमिनीय श्रौतसूत्रलाई खण्डित रूपमा प्रकाशमा ल्याएका थिए भने संस्कृतेतर भाषामा

यसको केही अंश अनुवादका रूपमा प्रकाशित छ ।

२.१.४ जैमिनीय गृह्यसूत्र

जैमिनिद्वारा रचित जैमिनीय गृह्यसूत्र पनि सामवेदसँग नै सम्बद्ध छ । **डब्लु क्यालन्ड**कै सत्प्रयासमा सन् १९२२ मा पन्जाब संस्कृत सिरिज लाहोर बाट यसको अनुवादसहितको संस्करण प्रकाशित भएको छ ।

२.५.५ जैमिनीय महाभारतको अश्वमेधपर्व

महाभारत आदिपर्व (७६३/८९-९०) मा उल्लेख भएअनुसार वेदव्यासले जैमिनिलाई सामवेद संहिताका साथमा महाभारत पनि पढाएका थिए । महाभारत पढेका आधारमा जैमिनिले महाभारतको अश्वमेधपर्व तयार गरेका थिए र त्यस पर्वमा ६८ अध्यायहरू छन् । जैमिनिले यस पर्वमा युधिष्ठिर को अश्वमेधयज्ञका साथै अन्य धार्मिक क्रियाकलापको पनि विस्तृत वर्णन गरेका छन् । वेदव्यासले जैमिनिसँगै सुमन्त, पैल र शुकलाई पनि महाभारत पढाएका थिए र उनीहरूले रचना गरेका महाभारतका सबै अंशहरू लुप्त भएकाले पनि जैमिनीय महाभारतको अश्वमेधपर्वको ऐतिहासिक विशेष महत्त्व रहन गएको देखिन्छ ।

२.१.६ जैमिनीय पूर्वमीमांसासूत्र

मीमांसाशास्त्र पूर्वमीमांसा र उत्तरमीमांसा गरी दुई किसिमको हुन्छ । पूर्वमीमांसाशास्त्रका प्रणेता जैमिनि ऋषि हुन् । उनले रचना गरेको पूर्वमीमांसासँग सम्बद्ध ग्रन्थलाई जैमिनीय पूर्वमीमांसासूत्र भनिन्छ । यो ग्रन्थ १२ अध्यायमा विभक्त छ । यसमा कर्ममीमांसाका धर्म, कर्मभेद, शेषत्व, प्रयोज्य प्रयोजकभाव, क्रम, अधिकार, सामान्यातिदेश, विशेषातिदेश, अह, बाध अभ्युच्चय, तन्त्र र आवाप गरी १२ विषयहरूमा विचारविमर्श गरिएको छ । त्यसैले यो ग्रन्थ द्वादश लक्षणी नामले पनि प्रसिद्ध छ । यस ग्रन्थमा **लङ्गदर्शनाच्च** सूत्र ३० पटकसम्म पुनरावृत्ति भएको छ भने यसरी बारम्बार आवृत्त भएका सूत्रहरू यस ग्रन्थमा प्रशस्त पाइन्छन् । त्यसै गरी बादरायण, आत्रेय आदि आचार्यहरूको नाम पनि पूर्वमीमांसासूत्रमा पुनरावृत्ति भएको पाइन्छ । त्यतिमात्र होइन जैमिनि स्वयमूले आफ्नो नामसमेत मीमांसासूत्रमा पाँच पटकसम्म दोहोऱ्याएका छन् । अधिकांश प्राचीन लेखकहरूमा यस किसिमको लेखनशैली पाइने

भएकाले यसलाई ग्रन्थकारको दोष मान्न उपयुक्त देखिँदैन । जैमिनीय पूर्वमीमांसासूत्र नामक ग्रन्थको पहिलो अध्यायको पहिलो पाउ तर्कपाद नामले प्रसिद्ध छ। **अथातो धर्मजिज्ञासा** नामक पहिलो सूत्रबाट धर्मका बारेमा जिज्ञासा राख्तै यस ग्रन्थको आरम्भ भएको छ। यस ग्रन्थमा प्रत्यक्ष, अनुमान, उपमान, अर्थापत्ति, अभाव र शब्द गरी छ प्रकारका प्रमाणहरूको चर्चा गरिएको छ। जैमिनिले पनि वेदलाई अपौरुषेय मानेका छन् भने वैयाकरणहरूले झैं उनले पनि शब्द र अर्थको सम्बन्धलाई नित्य ठान्दछन् । शरीरदेखि भिन्न आत्मा, स्वर्ग र मोक्षको अस्तित्वलाई स्वीकारे पनि साक्षात् ईश्वरको अस्तित्वको चर्चा भने उनले गरेका छैनन् ।

२.१.७ जैमिनीय सूत्र

जैमिनिले रचना गरेको ज्योतिषशास्त्रसँग सम्बद्ध ग्रन्थ 'जैमिनीय सूत्र' का नामले प्रसिद्ध छ। काशी हिन्दू विश्वविद्यालयका ज्योतिषशास्त्रका भूतपूर्व प्राध्यापक रामरत्न ओझाले जैमिनिको ज्योतिषशास्त्रसँग सम्बद्ध **जैमिनीय सूत्र** नामक ग्रन्थ प्रकाशन गरेका थिए । फलित ज्योतिषमा जातकको फलादेशका लागि यो ग्रन्थ प्रामाणिक मानिन्छ। नेपाल र भारतका संस्कृत विश्वविद्यालयमा शास्त्री तहको पाठ्यक्रममा यस ग्रन्थलाई समावेश गरिएको छ । चार अध्यायमा विभक्त यस ग्रन्थमा जातकको रूप, स्वभाव, आजीविका र नातेदारसम्बन्धी फलादेश गर्न छोटो र छरितो विधि पाइन्छ। यस ग्रन्थमा विशेषतः आयुका बारेमा विचारविमर्श गरिएको छ । आयुका बारेमा जैमिनि मत अकाट्य मानिन्छ। विभिन्न प्रकारका दशा र तिनको फलादेश गर्ने तरिका सटिक भए पनि नेपाली ज्योतिषीले यसको प्रयोग गरेको भने देखिँदैन।

३. जैमिनिघाटको परिचय

कालीगण्डकीको प्रस्रवण क्षेत्रमा अवस्थित जैमिनिघाटको सामान्य परिचयका लागि त्यसको भौगोलिक अवस्थिति, नामकरण, स्वरूप, दाह संस्कार स्थल, धार्मिक एवम् सांस्कृतिक महत्त्व, जैमिनीश्वर महादेवको मन्दिर र पर्यटन विकासको सम्भावनाका बारेमा चर्चा गर्नु युक्तिसङ्गत हुनेछ।

३.१ जैमिनिघाटको भौगोलिक अवस्थिति

बागलुङ जिल्ला सदरमुकामदेखि करिब बीस किलोमिटर दक्षिणमा

कालीगण्डकीको किनारमा जैमिनिघाट अवस्थित छ । पश्चिमतर्फबाट बगेर आउने ठेउले खोला जैमिनिघाटमा आएर मिसिएको छ। जैमिनिघाटको पूर्वतर्फ पर्वत जिल्लाको फलेबास गाउँ रहेको छ भने दक्षिणमा बागलुङ जिल्लाको बिनामारे पर्दछ । बागलुङदेखि कुस्मीसेरासम्मको कच्ची सडकअन्तर्गत टुनिबोट गाउँबाट करिब बीस मिनेटको ओरालो लागेपछि जैमिनिघाट पुग्न सकिन्छ भने पर्वत जिल्लाको फलेबासको डिलबाट करिब पन्ध्र मिनेट ओरालो झरी पुल तरेर पनि जैमिनिघाटमा पुग्न सकिन्छ। जैमिनिघाट पञ्चायत कालसम्म अमलाचौर गाविसमा पर्दथ्यो भने त्यसपछि जैमिनिघाटलाई कुस्मी गाविसमा समावेश गरिएको थियो । स्थानीय तहको पुनः संरचना आयोगले सरकारलाई हालै बुझाएको प्रतिवेदनमा उल्लेख भएअनुसार बागलुङमा चारवटा नगरपालिका एवम् छवटा गाउँपालिकाको व्यवस्था गरिएको र जैमिनिघाटलाई नगरपालिकामा राखिएको छ । जैमिनि ऋषिका नाममा नामकरण गरिएको जैमिनि नगरपालिकाले निश्चय नै जैमिनिघाटको मात्र होइन समग्र त्यस क्षेत्रको विकासमा महत्त्वपूर्ण योगदान दिने कुरामा आशावादी हुन सकिन्छ ।

३.२ जैमिनिघाटको नामकरण

जैमिनि ऋषिले योगसाधना र तपस्या गरेको घाट भएकाले यसलाई जैमिनिघाट भनिएको हो । संस्कृतको 'घट्ट' शब्दले नदीको किनारलाई बुझाउँछ र त्यही घट्ट शब्दबाट नेपालीमा घाट शब्द विकसित भएको हो । जुनसकै नदीको किनार वा घाटलाई तीर्थस्थल मानिन्छ । जैमिनि

ऋषिको तपस्याका बलले अझै पवित्र बनाइएको तीर्थस्थल भएकाले जैमिनि ऋषिकै नाम जोडेर यसको 'जैमिनिघाट' नामकरण गरिएको हो । स्थानीय रूपमा धेरैले यसलाई 'ज्यामिरघाट' भन्न रुचाउँछन् । 'ज्यामिर' शब्दले फलविशेषलाई बुझाउँछ। ज्यामिर फल्ने वा ज्यामिर पाइने घाट भनेर यसलाई ज्यामिरघाट भनिएको होइन। जैमिनिघाट शब्द नै अपभ्रंश भएर ज्यामिरघाट बन्न पुगेको हो ।

३.३ जैमिनिघाटको स्वरूप

पश्चिम दिशाबाट बग्दै आएको ठेउले खोला र पूर्वोत्तर दिशाबाट बग्दै आएको कालीगण्डकीको सङ्गमस्थलदेखि करिब सय मिटर उत्तरतर्फ कालीगण्डकीको किनारमा दुईवटा शिला छन् । तीमध्ये एउटा शिला विशाल छ । त्यो शिला शङ्खको जस्तो आकारको छ अनि त्यसमा शङ्खको जस्तै प्वाल पनि छ। शङ्ख फुक्न अत्यन्त सिपालु मान्छेले त्यस शिलाको प्वालमा मुख राखेर फुक्ता त्यसको ध्वनिले पहाड नै थर्किएको जस्तो हुन्छ। शङ्खजस्तो भएका कारण त्यस ढुङ्गालाई स्थानीय बासिन्दाले 'शङ्खेढुङ्गा' भन्दछन् । शङ्खेढुङ्गाको करिब सात मिटर पश्चिम दिशामा अवस्थित पहराको आडमा अर्को शिला छ। जैमिनि ऋषिले तपस्या गर्दा बसेको आसनजस्तो आकार शिलामा स्पष्ट देखिएकाले त्यसलाई 'जैमिनि शिला' भन्ने गरिन्छ। त्यसको दक्षिणतर्फ 'देवशिला' अवस्थित छ जसलाई स्थानीयवासीले 'देउढुङ्गा' भन्ने गर्दछन् । त्यसको उत्तरतर्फ पहरामा एउटा कुटी छ, जसलाई जैमिनि कुटी भनिन्छ। त्यस कुटीभित्र एउटा कुनामा पूजा गर्ने मण्डप छ, जसमा कालीगण्डकीकै किनारमा पाइने शालिग्राम राखिएको छ । स्थानीय किंवदन्तीअनुसार प्राचीन कालदेखि नै त्यस मण्डपमा शालिग्रामको नियमित पूजा गरिँदै आए पनि केही वर्षदेखि त्यसले निरन्तरता पाउन सकेको छैन ।

३.४ दाह संस्कार स्थलका रूपमा जैमिनिघाट

बागलुङ जिल्लाको दक्षिणी भेक र पर्वत जिल्लाको उत्तरी भेकका करिब एक दर्जन गाउँमा बसोबास गर्ने व्यक्तिहरूको दाह संस्कार गर्ने स्थलका रूपमा पनि जैमिनिघाट सुप्रसिद्ध छ । यस क्षेत्रमा मानिसको मृत्यु भएपछि एकोहोरो शङ्ख फुक्ने चलन छ। यसरी एकोहोरो शङ्ख फुक्ता छिमेकीहरूले तत्काल मृत्युको सूचना पाउँछन् । त्यसका साथै शवलाई लिएर दाह संस्कार स्थलसम्म पुग्दा पनि एकोहोरो शङ्ख फुकिन्छ र मलामीको गन्ती गर्दा त्यसरी फुकिएको शङ्खलाई पनि गन्ती गरिन्छ । यस क्षेत्रमा कसैलाई अत्यन्त नराम्रोसँग गाली गर्नुपऱ्यो भने 'तेरो टाउको शङ्खेढुङ्गामा सेलाउन परोस्' भनिन्छ। जैमिनिघाटमा दाह संस्कार गर्ने मृतकको शिरलाई शङ्खेढुङ्गामा

सिरान बनाइन्छ । शङ्खेढुङ्गाको प्वालमा फुक्ता दोहोरो शङ्ख बजाउन नसकिने र एकोहोरो शङ्ख बजेजस्तो आवाज निस्कने भएकाले त्यसलाई अशुभ मानेर त्यस भेकमा सर्वप्रथम एकोहोरो शङ्ख फुक्ने चलन चलेको हुनसक्छ, जुन प्रचलन पछि आएर क्रमशः नेपालका अधिकांश भागमा फैलिएको अनुमान गर्न सकिन्छ । प्रारम्भमा खसआर्यहरूमा मात्र सीमित रहेको एकोहोरो शङ्ख फुक्ने चलन क्रमशः अनार्यहरूमा पनि विस्तार हुनगएको देखिन्छ ।

३.५ जैमिनिघाटको धार्मिक तथा सांस्कृतिक महत्त्व

जैमिनिघाट त्यस भेकको महत्त्वपूर्ण तीर्थस्थल भएकाले जुनसकै धार्मिक चाडपर्वका अवसरमा त्यहाँ गङ्गास्नान गर्नेहरूको भीड लाग्ने गर्छ । प्रत्येक माघ सङ्क्रान्तिका अवसरमा कालीगण्डकीको किनारमा अवस्थित रिडीमा जस्तै जैमिनिघाटमा पनि भक्तालु जनहरूको तीन दिनसम्म मेला लाग्ने गर्दथ्यो । बागलुङ र पर्वतबाट मात्र होइन कास्की, स्याङजा र गुल्मीबाट समेत जैमिनिघाटमा माघे सङ्क्रान्ति मेला भर्न आउनेहरूको घुइँचो लाग्दथ्यो । माघे सङ्क्रान्ति मेला लागिरहेकै बेलामा करिब पच्चीस वर्षअघि अज्ञात व्यक्तिद्वारा प्रहरी इन्स्पेक्टरलाई छुरी हानेर हत्या गरिएपछि असुरक्षाकै कारण जैमिनिघाटमा माघे सङ्क्रान्तिका बेलामा मेला लाग्न छाडेको हो । बालाचतुर्दशीका दिनमा पनि जैमिनिघाटमा शतबीज छर्ने मान्छेहरूको भीड लाग्थ्यो । पहिला पहिलाजस्तो भीड लाग्न छाडे पनि माघे सङ्क्रान्ति, बालाचतुर्दशी र ठूली एकादशीका अवसरमा जैमिनिघाटमा भक्तजनहरूको जमघट हुँदै आएको पाइन्छ । जैमिनिघाटको धार्मिक र सांस्कृतिक महत्त्वलाई जनसमक्ष पुऱ्याउने उद्देश्यले २०४२ सालमा योगी नरहरिनाथको सक्रियतामा स्याङजाका पं.कमलाकान्त सुवेदीको प्रमुख वाचकत्वमा शिवपुराण महायज्ञ सञ्चालन गरिएको थियो । त्यसको यज्ञशेषबाट जैमिनिघाटमा सोही वर्ष वेद र वेदाङ्गका विषयहरू पठनपाठन गर्ने उद्देश्यले 'जैमिनि संस्कृत पाठशाला'को स्थापना गरिएको थियो, जुन पाठशाला केही वर्षपछि स्थानान्तरण भएर बागलुङ दमेकको शिवपुरीमा हालसम्म सञ्चालन हुँदै आएको छ । योगी नरहरिनाथको यसै अभियानबाट

प्रेरित भएर स्वदेश तथा विदेशमा रहेका स्थानीय व्यक्तिहरूको सत्प्रयासमा जैमिनिघाटमा जैमिनि ऋषिको मूर्ति र शिवको मन्दिरसमेत स्थापना भएका छन् । विगतमा झैँ वर्तमानमा पनि जैमिनिघाटमा भक्तजनहरूको आकर्षण बढाउन यथोचित सुरक्षा प्रबन्ध मिलाउनुका साथै यसको धार्मिक एवम् सांस्कृतिक महत्त्व बुझाउने खालका थप कार्यक्रमहरू बेला बेलामा सञ्चालन गरिनु आवश्यक छ ।

३.६ जैमिनीश्वर महादेवको मन्दिर

जैमिनिघाटमा रहेको मन्दिरलाई जैमिनीश्वर महादेवको मन्दिर भनिन्छ । यसको स्थापना वि.सं. १९९० तिर भएको र यसको जीर्णोद्धार भने २०१६ सालतिर भएको अनुमान गरिन्छ । जागिरका सिलसिलामा भारतको मद्रासमा रहेका त्यस भेकका केही भक्तजनहरूको सक्रियतामा अर्थसङ्कलन गरी २०४१ तिर स्थानीय व्यक्तिहरूको श्रमदानसमेत प्राप्त गरेर जैमिनीश्वर महादेव मन्दिरको वर्तमान स्वरूप खडा भएको हो । यस मन्दिरको दैनिक पूजाखर्च र पुजारीको जीवनवृत्तिका लागि बिनामारे गाउँमा करिब सात मुरी धान फल्ने खेत मन्दिरका नाममा दर्ता गरिएको छ । विशेषतः महाशिवरात्रीका अवसरमा यस मन्दिरमा दर्शनार्थीहरूको ठूलो भीड लाग्ने र २४ घण्टा अखण्ड कीर्तनसमेत हुने गरेको छ ।

३.७ जैमिनिघाटमा पर्यटन विकासको सम्भावना

नेपाल प्राकृतिक रूपले मात्र समृद्ध छैन अपितु धार्मिक, सांस्कृतिक र पुरातात्त्विक दृष्टिले पनि उत्तिकै समृद्ध छ । त्यसैले यिनको समुचित संरक्षण गर्दै यिनका बारेमा विश्व समुदायलाई राम्रोसँग जानकारी गराउन सकियो भने मात्र नेपालका हरेक क्षेत्रमा पर्यटन विकासको प्रचुर सम्भावना छ । प्रकृतिले ठगे पनि विश्वका कैयौं मरूभूमि मुलुकहरूले दिनानुदिन लाखौं पर्यटकहरूलाई आकर्षित गर्न सफल भइरहेका सन्दर्भमा नेपालमा जैमिनिघाटजस्ता ऐतिहासिक तीर्थस्थलहरूमा पर्यटन विकासको सम्भावनामात्र होइन सार्थकता पनि रहेको छ । निर्माणाधीन कालीगण्डकी करिडोरले जैमिनिघाटलाई पनि छोएको र जैमिनिघाटदेखि रिडीसम्म कालीगण्डकीमा च्याफ्टिङको सम्भावना रहेका कारण मुक्तिनाथ क्षेत्रतर्फ जाने आन्तरिक तथा बाह्य पर्यटकहरूलाई

जैमिनिघाटतर्फ पनि आकर्षित गर्न सकिन्छ । हालसम्म राज्यबाट उपेक्षित रहँदै आएको जैमिनिघाटमा पर्यटनको विकास हुनसक्यो भने त्यसबाट नेपालमा अहिलेसम्म ओझेलमा परेका जैमिनि ऋषिको व्यक्तित्व र कृतित्वका बारेमा जानकारी हासिल गर्नाका साथै पर्यटनका माध्यमबाट स्थानीय जनता र समग्र राष्ट्रसमेत आर्थिक समृद्धितर्फ अग्रसर हुनसक्ने सम्भावना देखिन्छ ।

४. निष्कर्ष

जैमिनिघाटलाई आफ्नो तपस्यास्थल बनाउने जैमिनि ऋषि निश्चय नै नेपाली थिए होलान् । उनको कृतित्वका बारेमा विभिन्न मुलुकमा अध्ययन अनुसन्धानहरू सम्पन्न पनि भइसके होलान् र सम्पन्न हुने क्रममा पनि रहेका होलान् तर बत्तीमुनिको अँध्यारो भनेझैं जैमिनि ऋषि र उनको तपस्यास्थल जैमिनिघाटका बारेमा हालसम्म नेपालबाट विशेष खोज वा अनुसन्धान हुन नसक्नु गम्भीर चिन्ताको विषय हो । त्यसका साथै जैमिनिघाटलाई पर्यटकीय क्षेत्रका रूपमा समेत विकास गर्न नेपाल सरकार र स्थानीय जनताहरूको विशेष सक्रिय संलग्नता रहनु आवश्यक देखिन्छ ।

सन्दर्भस्रोत

गुगल, जैमिनि ऋषि, विकिपिडिया, हिन्दी संस्करण ।

महाभारत, (२०७०) चौदहवाँ संस्करण गोरखपुर : गीताप्रेस ।

शर्मा, कीर्तिनाथ (२०७०), जैमिनीश्वर महादेव एक शब्दचित्र (अप्रकाशित लेख) बागलुङ : कुस्मी-२ ।

शर्मा, दीनानाथ, जैमिनि ऋषि र ओझेलमा परेको जैमिनिघाट, गुगल, टुरिजम अफ नेपाल डट कम ।

✡✡✡✡

पूर्तिघाट

गोविन्द गौतम[1]

१. परिचय

विश्वको भौगोलिक मानचित्रमा नेपाल एउटा सानो स्वतन्त्र राज्य हो। यसै राज्यभित्रको लुम्बिनी अञ्चल, गुल्मी जिल्ला, कालीगण्डकी गाउँपालिका अन्तर्गत पर्ने पूर्तिघाट धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्त्वले भरिएको स्थल हो। यसको सदरमुकाम तम्घासमा पर्दछ। तम्घास २८°१' अक्षांश उत्तरमा र ८३°१५' देशान्तर पूर्वमा अवस्थित छ। त्यसको ठिक पूर्वी भेगमा पर्ने पूर्तिघाट लगभग २८° अक्षांश उत्तर र ८३° देशान्तर पूर्वमा समुद्री सतहदेखि लगभग ५६० मिटरको उचाइमा अवस्थित छ। पूर्तिघाट क्षेत्र धेरै सम्भावना र चुनौती बोकेको कालीगण्डकीको काखमा अवस्थित छ। यो क्षेत्र प्राकृतिक सौन्दर्यले भरिएको विभिन्न जात जाति भाषाभाषीको बसोबास भएको अनेकतामा एकताको प्रतिबिम्बन देखिने र महत्त्वपूर्ण क्षेत्र हो।

मुक्तिनाथधामबाट निस्किएर शालिग्रामहरूको दर्शन गराउँदै बग्ने कालीगण्डकीका अविरल धाराहरूले यहाँका निवासीहरू धन्य बनेका छन्। विश्वका अन्य नदीहरूमा नपाइने विशेषता कालीगण्डकीमा पाइन्छ। कालीगण्डकी चारवाहिनी नदी हो। दामोदरकुण्डबाट पूर्तिघाटसम्म दक्षिणवाहिनी भएर बगेको खड्गकोटको पुछारमा घुमाउनेबाट पूर्ववाहिनी यस्तै केही पूर्व केही पश्चिम एवम् पूर्व-पश्चिम, उत्तर-दक्षिण हुँदै बगेको देखिन्छ। यो यस नदीको प्रमुख विशेषता हो।

पूर्तिघाटको पारिपट्टि पर्वत जिल्ला रहेको छ। हर्मिचौर, अर्बेनी, जयखानी, पूर्तिघाट, फोक्सिङ, खड्गकोट, भुर्तुङको संयुक्त नाम वर्तमान संरचनाअनुसार कालीगण्डकी गाउँपालिकाको केन्द्रबिन्दुको रूपमा पूर्तिघाट रहेको छ। यहाँका अधिकांश जनताहरू कृषिमा आश्रित भएपनि पछिल्लो चरणमा व्यापारमा पनि लागेको देखिन्छ। केही वैदेशिक रोजगारमा केही भारतीय सेना, नेपाली सेना र प्रहरीका साथै केही शिक्षण पेसामा पनि लागेको देखिन्छ। प्रायः यहाँको जग्गामा वर्षमा तीन खेती हुने गर्दछ। फलफूल

१. लेखक जीवनोद्धार मा.वि.कालीगण्डकी ४, गुल्मीका शिक्षक हुनुहुन्छ।

र तरकारी खेतीको प्रचुर सम्भावना यस क्षेत्रमा देखिन्छ । यस स्थललाई दक्षप्रजापति क्षेत्र पनि भन्ने गरिएको छ । पूर्वमा अलकादेवी महाशिला गोर्लेङको लेख, पश्चिममा पेरीवाङ, उत्तरमा गाजाको धुरी नदीतटमा जैमिनिघाट र दक्षिणमा रुद्रमती गङ्गासम्म फैलिएको भूभाग यस क्षेत्रमा पर्दछ ।

२.पौराणिक सन्दर्भ र किंवदन्ती

अनादिकालमा दक्षप्रजापतिले यज्ञ गरेको ठाउँ कुनौटा बेल्टारीमा शिवालय मन्दिर रहेको छ । पूर्वमा अलकादेवी महाशिला गोर्लेङको लेख, पश्चिममा पेरिवाङ, उत्तरमा गाजको धुरी जैमिनिघाट, दक्षिणमा रुद्रगङ्गा रुद्रवेणी भएर बग्ने नदीका बीचको पवित्र भू–भागलाई दक्षप्रजापति क्षेत्र भनिन्छ । दक्षप्रजापतिका साथै ऋषिमुनिहरूले तपस्या गरी यज्ञ यज्ञादि गरी आफ्नो मनोकामना पूर्ति गर्ने गरेकाले यस ठाउँको नाम पूर्तिघाट रहेको भन्ने जनश्रुति छ (टीकाराम ढकाल) ।

मध्यकालमा पैयुँ पर्वतमा मगर राजाले राज्य गर्ने गरेको र सोही समयमा राज्यमा ठूलो हैजा आई जनताले दुःख पाएपछि तत्कालीन समयमा धामी, झाँक्रीमा विश्वास गरिने भएकाले धाँमीलाइ हेराउँदा धाँमीले ठकुरी राजा बनाउनु पर्ने सल्लाह दिएछन् । सल्लाहअनुसार तत्कालीन राजा ठकुरी राजाको खोजीमा पर्वतबाट पूर्तिघाटमा आई भाकल गरेर हिँड्दै गरेको बेला एउटी महिला विधवा भएकी तर उनी गर्भवती भएपछि श्रीमान् बितेका हुँदा एक ज्योतिषीले उनीबाट छोरा जन्मे राजा हुने भविष्यवाणी गरेको कुरा थाहा पाएर तिनैलाई लिएर काली तरी पारि जाँदा ती महिलाबाट छोरा जन्मेकाले कामना पूर्ति भएको घाट भनी पूर्तिघाट नाम रहन गएको किंवदन्ती भेटिन्छ (टीकाराम ढकाल) ।

पर्वतमा ठाडीचौर भन्ने ठाउँमा रानीले नुहाएको पँधेरो जसलाई रानी पँधेरो भनिने, विहादीमा पुगेर जल सिँचन गरी नवजात शिशुलाई परम्परागत चलन अनुसार काइनो बाँधिएको रानीपानी नामकरणका साथै पूर्तिडाँडाका मानिसहरूले नुहाउने घाट भएकाले पूर्तिघाट नाम रहन गएको भन्ने कुरा जनश्रुतिको रूपमा प्रचलित छ (टीकाराम ढकाल) ।

राजा मणिमुकन्द सेनले कालीगण्डकीको एकसय आठ घाट दर्ता

गरेका थिए भन्ने ऐतिहासिक कथन छ। जसमा यो पूर्तिघाट एकसय पाँचौं नम्बरमा दर्ता भएकाले पनि यसको प्राचीन महत्त्व रहेको दखिन्छ।

पूर्तिघाटमा रहेको राधाकृष्ण मन्दिर स्थानीय अनन्तनारायण श्रेष्ठका सक्रियतामा वि.सं. १८४२ मा निर्माण भएको भन्ने भनाइ छ (भगवतीप्रसाद श्रेष्ठ)। यस मन्दिरमा श्रीकृष्ण जन्माष्टमी र कार्तिक शुक्ल द्वादशीमा ठूलो मेला लाग्नुका साथै रथयात्राका साथ बजार परिक्रमा गर्ने प्रचलन पनि छ। यहाँ गुठियारा भाइहरू मिलेर हरेक वर्ष पालैपालो पूजा सञ्चालन र रथयात्राको चाँजोपाँजो मिलाउने गरेको देखिन्छ। हरेक दिन बिहानसाँझ पूजा आरती हुँदै आएको छ।

हिमवत्खण्डमा कालीगण्डकीको पवित्रताको महत्त्व वर्णित छ। हिमालय पर्वतका विभिन्न भागहरूबाट निस्कने जति नदी र खोलाहरू छन् तिनीहरू शालग्रामवाहिनी कालीगण्डकीमा मिसिएपछि ती सङ्गमभूमिहरू पवित्र तीर्थ बन्दछन्। कालीगण्डकीका सान्निध्यले पवित्र बनेका त्यस्ता सङ्गममा गएर स्नान गर्नाले प्राणीलाई स्वर्गीत मिल्दछ भन्ने पौराणिक कथन छ -

यावतीभिर्नदीभिश्च गिरिगह्वरजन्मभिः।
कृष्णाभायां जले मिश्रं तानि तीर्थानि सङ्गमे ।।
सङ्गमेषु च तीर्थेषु क्षुद्रापगाप्रयुक्तिषु ।
तेषु स्नात्वा दिवं यान्ति वियुक्ताः सर्वकिल्विषैः ।।

(हिमवत्खण्ड ५६/२१-२२)।

यसै कालीगण्डकीको पवित्र तटमा रहेको पूर्तिघाट क्षेत्र एउटा धामको रूपमा अवस्थित छ। यहाँको जयखानी बेल्टारीमा रहेको पवित्र शिवालय मन्दिर परिसरमा दक्षप्रजापपति (श्री स्वस्थानीमा वर्णित) ले यज्ञ गरेको भन्ने जनविश्वास छ। उक्त स्थान अहिले बेल्टारी शिवमन्दिरका नामले प्रसिद्ध छ। यो मन्दिर वि.सं. १८६२ मा निर्माण भएको भन्ने उल्लेख गरिएको छ (बुढाथोकी, ऐतिहासिक सम्झनाका क्षणहरू)।

बोमबहादुर बुढाथोकीद्वारा लिखित **ऐतिहासिक सम्झनाका क्षणहरू** भन्ने कृतिमा उल्लेख भएअनुसार वि.सं.१८६२ मा काठमाडौं पशुपति क्षेत्रबाट मुक्तिनाथधाम जान भनी आउनु भएका गुरुमहाराज हिरा

गिरि र मोहन गिरिले यो ठाउँ निकै महत्त्वपूर्ण र पवित्र भएको ठानेर बुढाथोकी परिवारका गोकुल बुढाथोकी, मनिराज बुढाथोकीलाई मन्दिर निर्माण गर्न सल्लाह दिएर उहाँहरूकै सक्रियतामा मन्दिर निर्माण गरी गुठी जग्गाको समेत व्यवस्था गरेको पाइन्छ । यहाँ हालसम्म निरन्तर दैनिक पूजा आरती एवम् शिवरात्रिमा ठूलो मेला लाग्ने गरेको छ । त्यति बेला जगाएको अग्नि धुनी हालसम्म देख्न सकिन्छ । यहाँ सुन्दर बगैचा आँप, पलाश डुम्री, शमी, वर, पीपल, रुद्राक्ष आदि महत्त्वपूर्ण वृक्षहरू समेत रहेका छन् । अत्यन्तै रमणीय यो क्षेत्रलाई स्वर्गजाने ढोकाका रूपमा लिने गरेको जनविश्वास पनि छ । पारि पर्वतमा पूर्तिडाँडा भन्ने ठाउँ छ । यो ठाउँ पुलस्त्य ऋषि नुहाउन आउने घाट भएका हुनाले पुलस्त्य घाट, पुलस्त्यधाम भन्दा भन्दै पूर्तिधाम भएको हो भन्ने अर्को जनश्रुति रहेको पाइन्छ (पुण्यप्रसाद पराजुली) ।

खड्गकोटको पुछारतिर कालीगण्डकीको तटमा फूलबारी मुक्तिघाट अवस्थित छ। विश्वका आठओटा वैकुण्ठ धाममध्ये फूलबारी मुक्तिघाट पनि एक हो । यस धाममा मरे सिधै मुक्ति पाइने विश्वासले अनादि कालदेखि नै राजा-महाराजहरू, सन्त-महन्तहरू जीवनको अन्तिम क्षणमा यही घाटमा आई जीवनको विश्राम लिने गरेको विश्वास गरिन्छ ।

राजा मुकुन्द सेनले डुम्रिघाटबाट डुङ्गा चलाउनका लागि डुङ्गा दर्ता गरेको ऐतिहासिक पृष्ठभूमिले पनि यस क्षेत्रको महत्त्व बढेको छ । घुमाउने देखि केही माथिपट्टि गौमती गङ्गाको तटमा गौतम ऋषिको तपस्थली रहेको छ । गौतमले दक्षप्रजापतिसँग मिलेर यज्ञमा सहयोग गरेकाले शिव फौजका डरले ऋषि उक्त गुफामा लुकेर तपस्या गरेको भन्ने जनश्रुति रहेको छ । कनौटाको शिवालय मन्दिरमा महन्त हुने मान्छेले यसै गुफामा बसी ६ महिनासम्म साधना, तपस्या गर्नुपर्ने परम्परा रहेको छ ।

गौमती नदी र कालीगण्डकीको घुमाउने आइपुग्दा पूर्ववाहिनी हुने स्थलनजिक दक्षप्रजापतिले एकसय आठ वृक्ष रोपेर शतबीज छरी तोरण तारेको र रातभर जाग्राम बसी बिहान गङ्गा स्नान गरी गाई दान गरेको हुनाले अहिले पनि यस स्थानमा शतबीज छर्ने गरिन्छ ।

खड्गकोट, वरल्बाको तल गणेश स्थान रहेको छ। दक्षप्रजापतिले आफ्नो यज्ञमा शिवजीलाई आमन्त्रण नगरेपछि सतीदेवीले यज्ञमा आत्मदाह गरेबाट उत्पन्न विषम परिस्थितिमा गणेशले मानसरोवरबाट आफ्ना फौज लिएर कालीगण्डकीको किनारै किनार आउँदा तेत्तीसकोटी देवताले गणेश भगवान्‌को प्रार्थना गरेको अनि फौजलाई रोकेको स्थान नै गणेश स्थान हो भन्ने आप्तवचन सुनिन्छ । जहाँ अहिले मन्दिर निर्माण भई गणेश चौथी लगायतका विभिन्न पर्वहरूमा मेला लाग्नें पूजाआजा हुने गर्दछ। तेह्रौं शताब्दीमा गुरु शङ्कराचार्य पूर्तिघाटमा आई यस ठाउँलाई अत्यन्तै पवित्र मानी वास बसेको भन्ने भनाइ प्रसिद्ध छ (टीकाराम ढकाल)। पूर्तिघाट आस-पासमा निकै महत्त्वपूर्ण क्षेत्रहरू रहेका छन् सत्यवती कालीलेकमा सिद्धस्थान, जैमिनि ऋषिले तपस्या गरेको जैमिनिघाट छ यहाँ उनले बजाउने गरेको ढुङ्गाको शङ्ख अझै देख्न सकिन्छ। यसै गरी कौशिक ऋषिले तपस्या गरेको ठाउँ र उनले तपस्या गर्दा बसेको घाँस नै अहिले कुश भनी उपयोग गर्ने गरिएको लोकविश्वास छ।

कालीगण्डकीको पवित्र जल शालिग्रामको दर्शन, पवित्र सेतीवेणी शिलाजीको दर्शन अति दुर्लभ र सौभाग्यशालीले मात्र गर्न पाइन्छ भन्ने लोकमा गहिरो छाप परेको देखिन्छ। त्यसै भएका हुनाले पर्व पर्वमा यस ठाउँमा श्रद्धालु जनसमुदायको बाक्लो उपस्थिति भइरहन्छ। यिनै धार्मिक पर्यटकीय, सांस्कृतिक स्थलहरूले यस पूर्तिघाटको गरिमालाई बढाएका छन्।

३.धार्मिक /सांस्कृतिक महत्ता

पूर्तिघाटको धार्मिक एवम् सांस्कृतिक महत्त्व कालीगण्डकीको पवित्रतासँगै जोडिएको छ **गङ्गे तव दर्शनान् मुक्तिः** जसको दर्शन मात्रले पनि मुक्ति प्राप्त गर्न सकिन्छ। यसमाथि पनि फूलबारीको मुक्तिघाट जहाँ मृत्यु प्राप्त गर्नु नै सौभाग्य ठानिन्छ। यसै गरी बेलटारी शिवालय मन्दिर दक्षप्रजापतिको यज्ञस्थली स्वर्ग जाने ढोका मानिन्छ। पूर्तिघाट बजारको काखमा अवस्थित यहाँका राधाकृष्ण मन्दिर, गौतम ऋषिको तपस्थली, शतबीज छर्ने गङ्गाको पूर्ववाहिनी क्षेत्र अति नै महत्त्वपूर्ण स्थलहरू हुन्। यस क्षेत्रको धार्मिक एवम् सांस्कृतिक महत्त्व जीवन्त छ। यहाँ नचरी, लाखे नाच, लोक दोहरी, भजन

कीर्तन आदि लोकसंस्कृतिको निकै राम्रो विकास भएको देखिन्छ ।

यहाँका बासिन्दाहरू धर्म कर्ममा विश्वास गर्दछन् । एकादशी, पूर्णिमा, बालाचतुर्दशी, श्रीकृष्णजन्माष्टमी, दसै, जनैपूर्णिमा, ऋषिपञ्चमी आदि पर्वहरू यसक्षेत्रका महत्त्वपूर्ण सांस्कृतिक पक्षहरू हुन् । कनौटा बेलटारीमा रहेको शिवालय मन्दिरमा पूजाआजा गर्नाले शुभ हुने जनविश्वास रहेको छ। शिवरात्रिमा यस मन्दिरमा रुद्राभिषेकसहित भव्य पूजा-आजा लगाउने प्रचलन छ ।

पूर्तिघाटको राधाककृष्ण मन्दिरमा श्रीकृष्णजन्माष्टमीका दिन भजन कीर्तनसहित रातभरि जाग्राम बस्ने प्रचलन छ। यसैगरी कार्तिक शुक्लद्वादशीमा रथ यात्रासहित बजार परिक्रमा गर्ने परम्परा रहिआएको छ। यसको व्यवस्थापन गुठियारा भाइहरूले हरेक वर्ष पालै पालो गर्ने गरेको पाइन्छ। बालाचतुर्दशीमा घुमाउनेमा शतबीज छर्ने चलन अद्यावधि छँदै छ। यसै गरी फूलबारी, मुक्तिघाट तथा गणेश बगरमा पनि गणेश चौथी, शिवरात्रि, बालाचतुर्दशी लगायतका विविध पर्वहरूमा पूजा आजा हुने गर्दछ ।

यस क्षेत्रका मानिसहरूले घरमा कुनै पनि धार्मिक कार्य गर्दा कालीगण्डकीको जल लैजान नपाएमा आफ्नो कार्य अपूर्ण सम्झन्छन् । यहाँको बालुवाको पनि महत्त्व रहि आएको छ । यसैगरी यस नदीमा पाइने शालिग्रामलाई घरमा लगेर राख्ने र पूजा आजा गर्ने प्रचलन छ । साथै यस भेकमा मृत्यु भएकालाई यसै घाटमा ल्याएर दाहसस्कार गर्ने प्रचलन पनि छ । यसरी यस क्षेत्रमा मरे मुक्ति हुने गङ्गा जलको स्पर्श गरेमात्र आफूलाई पवित्र ठान्ने बालुवा र जललाई घरमा लगी धार्मिक कार्यमा उपयोग गर्ने आदि विशेषता पाइने भएकाले पूर्तिघाट क्षेत्रको धार्मिक सांस्कृतिक महत्त्व अतुलनीय छ ।

४.पर्यटकीय विशेषता

पर्यटकयि हिसाबले हेर्दा पूर्तिघाटको राम्रो सम्भावना देखिन्छ । स्याङ्जाको मिर्मीदेखि सेतीवेणीसम्म जलयातायातले निकै सम्भावना बोकेको छ । यसै गरी नेपाली सेनाले निर्माण गरेको कालीगण्डकी करिडोर यही घाटक्षेत्र हुँदै मुक्तिनाथ धाम र कोरल्लासम्म पुग्ने भएकाले पनि यो ठाउँ

भएर जाने पर्यटकहरूलाई यहाँका महत्त्वपूर्ण ठाउँको बारेमा जानकारी गराउन सके यहाँ पर्यटकीय विशेषता बढ्ने देखिन्छ ।

प्राकृतिक सौन्दर्यका साथ गङ्गाको शीतल जलले यहाँका धार्मिक सांस्कृतिक पक्षहरूले पर्यटकीय विशेषता थपेका छन् । धार्मिक तथा सांस्कृतिक महत्त्वका स्थलहरूको साथै पूर्तिघाट नजिक रहेका पहाडका काखमा अवस्थित **हिलेसिद्ध, सत्यवती, कालीलेक, सिद्धिथान,** आदि ठाउँहरू पर्यटकहरूका लागि आकर्षणका केन्द्रबिन्दु हुन् ।

५. वर्तमान स्थिति

वर्तमान अवस्थामा पूर्तिघाट क्षेत्र कालीगण्डकी गाउँपालिकाको केन्द्रको रूपमा विकसित भएको छ । बिस्तारै बिस्तारै आधुनिक किसिमका घरहरू निमाण हुँदै छन् । यो ठाउँ अहिले व्यापारिक केन्द्रको रूपमा स्थापित हुँदै छ । कालीगण्डकी करिडोरले यहीबाटो हुँदै नियमित्त दिइरहेकाले पनि यसको विकासमा महत्त्वपूर्ण योगदान पुगेको छ । माध्यामिक विद्यालय, स्वास्थ्य चौकी, आयुर्वेदिक औषधालयका साथै निजी स्वास्थ्य क्लिनिक र प्रयोगशालाको समेत व्यवस्था रहेको छ । वित्तीय संस्थाहरूका साथै वैङ्किक सुविधा र सहकारीको समेत सुविधा रहेको छ ।

धार्मिक, पौराणिक र ऐतिहासिक महत्त्वले भरिएका यहाँका स्थलहरूको संरक्षणको अभाव देखिएको छ । केही पहल भने नभएको होइन र संरक्षणका लागि गुरुयोजना बनाएरै लाग्नुपर्ने आवश्यकता देखिन्छ ।

६.विकासको सम्भाव्यता र सुझाव

विकासको प्रचुर सम्भावना बोकेको पूर्तिघाट क्षेत्रलाई धार्मिक तथा पर्यटकीय केन्द्रको रूपमा प्रर्वधन गर्नका लागि स्थानीय स्तर, गाउँपालिकाका साथै केन्द्रीय स्तरबाट समेत दीर्घकालीन र अल्पकालीन योजनाहरू तयार गरी कार्यान्वयनमा लैजान सके यस क्षेत्रको मुहार उज्यालो हुने कुरामा विमति छैन । केही सम्भाव्यता र गर्न सकिने कार्यहरूलाई निम्नानुसार सूचीकृत गर्न सकिन्छ ।

➢ बेल्टारी शिवालय मन्दिर व्यवस्थापन गरी त्यसको परिसरमा एउटा सुविधा सम्पन्न अतिथि गृह निर्माण गर्नुपर्ने र वाचनालय, सन्त भोजन, दिवाकालीन वृद्ध वृद्धा सत्सङ्गकक्ष भजन कीर्तनको व्यवस्था

गर्ने साथै सोही ठाउँको पारिपट्टि रहेको मन्दिरसम्म जान एउटा झोलुङ्गे पुलको निर्माण गर्ने ,

- अर्बेनीदेखि सेतीवेणी शिलासम्म आवतजावत गर्नका लागि विद्युतीय केवुलकारको व्यवस्था गरी अर्बेनी र सेतीवेणीलाई जोड्न सके कालीगण्डकी करिडोर भएर हिँड्ने श्रद्धालु सेतिवेणी दर्शन गर्न पुग्नलाई सहज हुनुका साथै दुवै ठाउँको विकासमा टेवा पुग्ने,
- पूर्तिघाट क्षेत्रको आसपासबाट सम्भाव्यता अध्ययन गरी सत्यवतीसम्म जानको लागि विद्युतीय केवुलकारको सञ्चालन गर्ने, जसले गर्दा सत्यवती दर्शन गर्न जाने श्रद्धालुका लागि सहज हुने र पर्यटन प्रवर्द्धनमा विकास पुग्ने,
- पूर्तिघाटबाट कालीलेख, सिद्धबाबा, सत्यवती, थाप्ले लेख लगायतका विभिन्न धार्मिक तथा पर्यटकीय स्थलहरूमा नियमित यातायातका साधन सञ्चालन गर्ने,
- यस क्षेत्रमा रहेका धार्मिक तथा पर्यटकीय क्षेत्रको प्रचार प्रसार गरी धार्मिक एवम् पर्यटकीय केन्द्रका रूपमा विकास गर्ने ,
- कालीगण्डकीमा र्‍याफ्टिङको सञ्चालनलाई व्यवस्थित गरी नदीतट नजिकै पर्यटन सूचना केन्द्रको स्थापना गर्ने ,
- पूर्वीय दर्शनको प्रचार प्रसारका लागि यसै क्षेत्रमा एउटा अध्ययन केन्द्रको समेत स्थापना गरी व्यवस्थित गर्ने ,
- पर्यटकलाई सम्मान गर्ने सहयोग गर्ने आदि कार्यलाई हरेकले आत्मसात् गर्ने ,
- नदी र नदीजन्य पदार्थ, खनिजका साथै यहाँको प्रकृतिमा पाइने जडीबुटीलाई संरक्षण गरी जडीबुटी प्रशोधन केन्द्रको स्थापना गर्ने ,
- गुठी जग्गालाई संरक्षण गरी उत्पादनमूलक बनाउन प्रयास गर्ने ,
- यस क्षेत्रका सबै मठ मन्दिर तीर्थस्थलहरूको संरक्षण गर्ने ,
- नदी किनारमा व्यवस्थित घाटको व्यवस्था गरी वृक्षारोपण गर्ने ।

यसरी व्यापक महिमा र महत्त्व बोकेको पूर्तिघाट प्राचीन धार्मिक धरोहरसमेत रहेकाले यहाँका हरेक व्यक्ति यसको संरक्षण र विकासमा लाग्नु

पर्ने आजको टड्कारो आवश्यकता देखिन्छ ।

७. निष्कर्ष

लुम्बिनी अञ्चल गुल्मी जिल्ला कालीगण्डकी गाउँपालिकाअन्तर्गत रहेको पूर्तिघाट विकासको सम्भावना बोकेको धार्मिक, सांस्कृतिक, पौराणिक तथा ऐतिहासिक महत्त्वले भरिएको स्थल हो । यो क्षेत्र प्रसिद्ध कालीगण्डकीको तटमा अवस्थित हुनुका साथै मुक्तिनाथधामको दर्शन गर्न जाने पदमार्ग र कालीगण्डकी करिडोरसमेत यसै क्षेत्रबाट निर्माण हुनुले यसको महत्त्व अझै बढ्न गएको छ । यहाँका पवित्र पर्यटकीय एवम् प्राकृतिक छटाले भरिपूर्ण स्थलहरूको अवलोकन गर्नका लागि स्वदेशी तथा विदेशी पर्यटकहरूको सम्भावना रहेको छ । यस क्षेत्रलाई अझै व्यवस्थित गर्न सके वर्तमान अवस्थामा रहेको सम्भावना अझै बढेर जानेमा दुईमत छैन ।

सन्दर्भस्रोत

बुढाथोकी, बोमबहादुर, ऐतिहासिक सम्झनाका क्षणहरू ।

हिमवत्खण्ड (२०१३), काशी : योगप्रचारिणी गोरक्षटिला ।

सन्दर्भव्यक्ति

टीकाराम ढकाल (कालीगण्डकी-६, गुल्मी) ।

पुण्यप्रसाद पराजुली (विहादी-२ पर्वत) ।

भगवतीप्रसाद श्रेष्ठ (कालीगण्डकी-४, गुल्मी) ।

✡✡✡✡

सेतीबेनी

तिलक पराजुली[1]

१.परिचय

मानव सभ्यताको विकासमा धेरै कुराले भूमिका राख्छन् । सभ्यताका बहुआधार हुन्छन् र बहुआयाम पनि । नेपाल यसमा अपवाद हुन सक्दैन । नदी र हिमाल हाम्रा सभ्यताका आधारस्तम्भ हुन् । त्यसो त विश्वका प्रमुख सभ्यताहरूको उद्‌गम नदी किनाराबाटै सुरु भए । कसरी हुने हामी मात्रै अपवाद ? हाम्रो अर्थ-राजनीति र धर्म -संस्कृतिमा नदी र हिमालको मीमांसा अपरम्पार छ । यिनले नै नेपाललाई एउटा देश मात्रै नभएर एउटा सभ्यताको रूपमा स्थापित गरेका हुन् । नेपालका नदी प्रणालीहरूमा गण्डकी नदीको महत्ता उच्चकोटीको छ । गण्डकी माहात्म्यलाई अपूर्ण भन्न सकिएला तर फजुल भन्न सकिँदैन । नदीलाई हामी स्त्रीको स्वरूप मान्छौं, माता भन्छौं श्रद्धा र भक्तिले । गण्डकी नदी हाम्री आमा नै हुन् । यिनले उपलब्ध गराएका अजस्र स्रोतहरू हाम्रा जीवनका अवदानहरू हुन् ।

नदीको महत्ता कति क्युसेक पानी प्रवाहित हुन्छ भनेर मात्र मापन हुँदैन । उत्तर भारतको गयामा वहने नेरंजना नदीको तटमा शाक्यमुनि सिद्धार्थले समाधिलाभ गरे, बुद्धत्व हाँसिल गरे । जैनधर्मका श्रावक-श्राविकाहरूलाई तीर्थङ्कर भनिन्छ । जैन धर्ममा नदीघाटहरू अझ विशेष गरेर नदीसङ्गम स्थलहरू धर्मका पुञ्ज नै मानिन्छन् । गण्डकी नदीकिनाराहरूमा धेरै धार्मिक स्थलहरू छन् । यी धार्मिक स्थलहरूमा सबै जात जाति धर्म सम्प्रदायलाई पहुँचको समान अवसर छ । यस मानेमा यहाँका तीर्थहरू समानता र सहिष्णुताका प्रतीक पनि हुन् । यस्तै महत्त्वको तीर्थस्थल हो कालीगण्डकी किनारामा अवस्थित सेतीबेनी ।

२. भौगोलिक अवस्थिति

सेतीबेनी पर्वत, स्याङ्जा र गुल्मी तीन जिल्लाको सङ्गम हुने ठाउँमा अवस्थित छ । पर्वतको सुदूर दक्षिण, स्याङ्जाको पश्चिम-उत्तर र गुल्मीको

---

१. लेखक (पोखरा-५, मालेपाटन) वरिष्ठ अधिवक्ता हुनुहुन्छ ।

पूर्वोत्तरमा अवस्थित यो ठाउँमा विशाल शिला छन् जसको सम्बन्धमा धेरै धार्मिक आधार र केही किंवदन्तीहरू पनि भेटिन्छन् ।

पर्वत जिल्लाको धुवाँकोट डाँडाको फेदीबाट सेतीखोला निःसृत भएको छ । सेतीबेनीलाई स्थानीयहरू 'सेदीबेनी' भन्ने गर्छन् । पङ्तिकारलाई पनि सेदीबेनी भन्नमै सहज लाग्छ । धुवाँकोट डाँडाको यो फेदीलाई सेदी भनिन्थ्यो र त्यहाँबाट निस्केको खोला सेदीखोला भनिएको हो भन्ने पनि सुनिन्छ । यद्यपि संस्कृतिविद् जगमान गुरुङजीको 'नेपालको राष्ट्रिय समीकरणको परिप्रेक्षणमा गण्डकी प्रसवणक्षेत्रमा तीर्थस्थलहरूको विश्लेषणात्मक अध्ययन' पुस्तकमा पनि सेतीबेनी नै छ । तर यसमा थप खोजहुनु वाञ्छनीय यस कारणले पनि छ कि गुरुङजीको उक्त पुस्तक एक सरसरी सर्वेक्षण (र्‍यापिडसर्भे) जस्तो मात्रै प्रतीत हुन्छ । उत्तरतर्फबाट आएकी कालीगण्डकी र पूर्वबाट आएकी सेतीखोला भेट हुन्छन् सेतीबेनी-मा । त्यसैले सेती वा सेदी जे भए पनि याहाँ सेतीबेनी नै भनेर लेख्दा पनि केही फरक पर्ने छैन । पर्वतको शालिग्राम गा.वि.स.हाल विहादी गाउँपालिका, स्याङ्जाको पिंडीखोला गा.वि.स. हाल गल्याङ् न.पा. र गुल्मीको अरिबेनी गा.वि.स.हालको कालीगण्डकी गाउँपालिका यी तीन स्थानीय तह भेट हुने खोंचमा छ यो सेतीबेनी । वस्तुतः सेतीबेनी पर्वतको विहादी गाउँपालिकामा पर्छ । साँगुरो खोंच भएकोले ठूलो बसोबास क्षेत्र भने यहाँ छैन ।

३.पौराणिक इतिहासको सन्दर्भ

कालीगण्डकीको पश्चिम किनार अर्थात् सेतीबेनी पारि बडो महत्त्वको अरिबेनी भन्ने गाउँ छ । एउटा दलित वृद्ध र ब्राह्मणी वृद्धाको प्रेम विवाह प्रसङ्गमा यो ठाउँ राष्ट्रिय सञ्चार जगत्‌मा चर्चित पनि भएको थियो । तर यसको प्राचीन ऐतिहासिकता सम्बन्धमा भने कसैको ध्यान गएको छैन । कलम चलेको पनि छैन । कुरा भने बडो महत्त्वको छ (आचार्य , २०६०, पृ.१५१) ।

यो आठौं शताब्दीको कुरा हो । कश्मीरमा महत्त्वाकांक्षी लडाकु र एक किसिमले दुस्साहसी युवाराज थिए । जसको नाम जयापीड थियो । यता नेपालमा पनि दूरदर्शी र प्रतापी सम्राट् थिए- अरमुडी । एक पटक यी कश्मीरका सम्राट् आफ्नो साम्राज्य विस्तार गर्दै सैन्य दलबलका साथ

नेपालसम्म आएछन् । हिमाली देशका यी सम्राट्लाई नेपालको उत्तरका हिमाल श्रृङ्खलासम्म आफ्नो राज्य विस्तार गर्ने लालसा भएको हुनुपर्छ । यी सम्राट् जयापीड कालीको किनार समातेर निष्कण्टक रूपमा अगाडि बढेछन् । यता नेपाली सम्राट् अरमुडीले उनीहरूलाई कुनै प्रतिरोध नगरी उत्तरतर्फ बढ्न दिए तर पर्वत जिल्लाको सदरमुकाम भन्दा केही उत्तरको अरमादी घाटमा बाँध बनाएर कालीको पानी थुन्ने बन्दोबस्त गरेछन् । जयापीड जब सैन्य दस्तासहित सेतीबेनीको खोचबाट अगाडि बढ्दै थिए उत्तरतर्फ अरमादीको बाँध खोली दिए । ठूलो भेलआयो । जयापीडका सैनिकहरू पानीमा बगे (पूर्ववत् पृ.१५१) । अरमुडीले यहीं आफ्ना सैनिक पनि गाउँले भेषमा राखेका हुँदा हुन् । यो किन भन्न सकिन्छ भने याहाँ सेदीबेनीको केही उत्तरमा तिलिङ्गे डाँडा भन्ने सम्मो मैदान छ । तिलिङ्गा भनेको सिपाही हो । उनीहरू परेड खेल्ने ठाउँ तिलिङ्गेडाँडा भनिएको हो । यिनै नेपाली सैनिकहरूले बचे रहेका शत्रुमाथि जाईलागे, पिट्टा लगाए । आक्रमण गरे र राजा जयापीडलाई पक्राउ गरेर सेतीबेनी पश्चिमको अरबेनीमा कैदी बनाए ।

यतै अरमादी वरपर रहेर यो गुरिल्ला प्रकृतिको प्रत्याक्रमणको नेतृत्व गरी रहेका नेपाली सम्राट् अरमुडीले आफ्ना शत्रु कश्मीरी सम्राट् जयापीडलाई कैदी अवस्थामा यहीं भेटे । दुईटा अरिको भेट भयो । अरि भनेको शत्रु । दुई अरिको भेट यहाँ भएकोले यो ठाउँको नाम अरिबेनी रहेको हो भन्ने पङ्क्तिकारको दृढ धारणा छ । काली र सेती भेट भएको सेतीबेनी भएझैं राजा अरमुडीले आफ्ना अरि जयापीडलाई बन्दी अवस्थामा भेटेको अरिबेनी ज्यादै ऐतिहासिक छ ।

४. धार्मिक र सांस्कृतिक महत्त्व

सेतीबेनीको धार्मिक र सांस्कृतिक महत्त्व अपरम्पार छ । पुराणमा के आउँछ भने एक पटक विष्णु भगवान्लाई यस्तो खण्डखातिर पर्‍यो कि एक सुविख्यात ब्राह्मण पत्नी जो अत्यन्त पतिव्रता, निष्ठावान् सती-सावित्री थिइन् । छद्‌म भेष गरेर विष्णुले उनको सतीत्व च्युत गराए । यस दुष्कर्मको कारण यी पतिव्रता नारीले विष्णुलाई ढुङ्गा बनेस् भनी श्राप दिइन् । सतीको श्राप नलाग्ने कुरै भएन । विष्णुले ढुङ्गा भएर कहाँ बस्ने विचार गरे । उत्तम



सेतीवेणी शिला

नदी कालीगण्डकी नै ठहर गरी उनी यहीँ शालिग्राम भएर बसे । शालिग्राम काली गण्डकी किनारमा मात्रै पाइन्छ । शालिग्राम मध्ये सबैभन्दा ठूलो सेतीबेनीको शालिग्राम हुन् । यिनलाई शालिग्राम शिरोमणि भने पनि हुन्छ । त्यसैले यस ठाउँको ठूलो महत्त्व छ ।

सेतीबेनीमा माघे संक्रान्ति, ठूली एकादशी, शिवरात्रिमा ठूलो धार्मिक मेला लाग्छ । यहाँको घाटमा स्नान गर्ने व्रतालु भक्तजनहरूको नित्यता पनि उल्लेखनीय छ । भगवद्गीतामा श्रीकृष्णले अर्जुनलाई आफ्नो विभिन्न विभूति वर्णन गर्नेक्रममा

पवनः पवतामस्मि रामः शस्त्रभृतामहम् ।

झषाणां मकरश्चास्मि स्रोतसामस्मि जाह्नवी ।।

(श्रीमद्भगवद्गीता १०/३१) ।

अर्थात् नदीहरूमा म गङ्गा हुँ भनेको वस्तुतः यिनै कालीगण्डकीलाई हो भन्दा अत्युक्ति हुने छैन । किनकि गङ्गा नदीमा प्रवाहित हुने जलमा ७० प्रतिशत नेपाली नदीको योगदान छ ।

श्रद्धालुहरू सेतीबेनी शिलासँग भाकल गरेर आफ्नो मनोवाञ्छित आकांक्षा पूरा हुने विश्वास राख्छन् । यहाँ बलि दिइँदैन, काटमार हुँदैन । नारायणको पूजा, रुद्रीपाठ र भागवतमहापुराण वाचन गरिन्छ । कात्तिक महिना र माघ महिनामा प्रत्येक दिन सेतीबेनी घाटमा स्नान गरेमा पुण्य प्राप्त हुने जनविश्वास छ । मुख्यतः शिलामा गाईको दूध चढाइन्छ । शिलामा पूजाआजा दर्शन गर्न कुनै जात जातिको बन्देज छैन । त्यसैले शिला हाम्रो एकता, सहिष्णुता र समताका प्रतीक पनि हुन् ।

धेरै ऋषि मुनि, सिद्ध पुरुषहरू सेतीबेनी शिलाको नगिच बसेर समाधि लाभ गरेको महिमा थप विशेषताको कुरा हो । यद्यपि सेतीबेनीदेखि उत्तरमा जैमिनिघाट छ । यो घाटको नाम पूर्वमीमांसा दर्शनका प्रणेता जैमिनि ऋषिको नामबाट रहेको हो । यहाँ उनको आश्रम थियो । यी ऋषि सेतीबेनीमा पनि

बसेर तप, साधना र लेखनी गरेका थिए भनिन्छ ।

पङ्क्तिकारको घर पर्वतको विहादी गाउँपालिका भएको र हाईस्कूलसम्म पाल्पाको सदरमुकाम तानसेन पढेको हो । तानसेन जाँदा आउँदा यहाँ एक सिद्ध महात्मासँग भेट भएको सम्झना छ । उनलाई हिलेका प्रभु भनिन्थ्यो । सेतीबेनी आउनु अगाडि हिले नामको डाँडा (लेक) मा तप गरी सिद्धि प्राप्त गरेकोले उनलाई हिलेका प्रभु भनिएको हो । उनमा अचुक वाक्‌सिद्धि थियो । भनेको कुरा भएरै छाड्ने । उनको आशीवर्चन पङ्क्तिकारले पनि पाएको थियो । पछि उनी रुद्रवेणीमा बस्न थाले (नेत्रप्रसाद पाण्डे) । राजदरबारमा पनि उनको महिमा पुगेकोले हुनुपर्छ । राजा वीरेन्द्र वर्षैपिच्छे उनलाई भेट्न गर्दथे । किशोर उमेरमा तानसेन जाने आउने गर्दा शिलाको परिक्रमा गरी दर्शन गरेर प्रास्थान गर्दा एउटा अज्ञात शक्ति अभयता अनुभव गरेको पङ्क्तिकारको स्मरण पनि शब्दातीत छ ।

सेतीबेनीका सिद्ध पुरुषको अर्को एक घटना पनि उल्लेखनीय छ । पाटन ललितपुरको शाक्य परिवारका एक किशोर ज्ञानको खोजीमा घरबाट हिँडेछन्, भौतारिँदै उनी सेतीबेनी आएछन् । यही शिलाको आडमा रहेको बोधी वृक्षको छहारीमा पानीमात्रै पिएर महिनौं तपस्यारत रहेका पछि विहादीका मुखिया पुरुषोत्तम पराजुलीसहितका भद्र व्यक्तिहरूको आग्रहमा दिनमा एक कचौरा गाईको दूध सेवन गरी केही दिनको तपस्यापछि भगवान्‌को ज्योति दर्शन गर्न सकेको कुरा यो पङ्क्तिकारले ती सिद्ध पुरुषबाटै अवगत गरेको हो । उनले पछि विहादीको कुँडादी भन्ने ठाउँमा आश्रम बनाए । असी वर्षको उमेरमा परिनिर्वाण प्राप्त गरेका यी सन्तको आश्रम 'गुफा' अहिले पनि छ । उनका शिष्य भिक्षु भिक्षुणी कोही जीवित छैनन् । देवदत्त गिरिका नाउँले प्रसिद्ध यी सन्तका दुईमात्रै गृहस्थ शिष्यहरूमा एक जना बागलुडे वैद्यका नाउँले प्रसिद्ध पोखरा भैरवटोलमा बस्ने गोपाल वैद्य हुन् । संस्कृत भाषा र साहित्यका विद्वान् किञ्जल्क उपनामबाट प्रसिद्ध गोपाल वैद्यले संस्कृत भाषामा श्रीगणेशलगायत विभिन्न देवदेवीका स्तवन अनुवाद र **किञ्जल्ककणिका, सूक्तिमुक्ताहार, हिमाद्रिमहिमा, बद्रीकेदार दर्शन**जस्ता काव्य, खण्डकाव्य एवम् दजनौं फुटकर कविता रचना गरेका छन् । अर्को गृहस्थ शिष्य यो पङ्क्तिकार हो ।

५. नेपालको अर्थ-राजनीतिमा सेतीबेनी

लुम्बिनी विकास कोष तथा पुरातत्त्व विभागको एक टोलीले गरेको अनुसन्धानअनुसार तिब्बत-चीन र नेपालको मैदानी भाग तथा उत्तर भारतसम्म व्यापार हुने पुरानो रेशमी मार्ग कालीगण्डकीको किनारबाट थियो। कोरला, मुस्ताङ, लुम्बिनी हुँदै जाने आउने यो मार्गको करिब मध्यबिन्दु हो, सेतीबेनी। पछिसम्म पनि यही बाटो बागलुङ, म्याग्दी, मुस्ताङसमेतका भरियाहरू आवतजावत गर्ने गर्दथे। उनीहरूको बास बस्ने, खानपान गर्ने ठाउँ (एक केन्द्र) हो- सेतीबेनी। यो नेपाल, भारत र चीन त्रिदेशीय व्यापारको स्मारक पनि हो।

यताका युवाहरू ब्रिटिस साम्राज्यले भारतमा शासन गर्दा हाल पाकिस्तानमा पर्ने लाहोरसम्म भर्ती हुन जान्थे। लाहोरमा गई पैसा कमाएर फर्कनेलाई लाहुरे भनिएको हो। यी लाहुरेहरू मुग्लान जाँदा आफ्नो पारिवारिक रक्षाको कामना र आफ्नो कुशलता तथा वृत्तिविकासको याचना गर्थे-यिनै सेतीबेनी शिलासँग। अतः सेतीबेनी नेपालको पश्चिम भेकको समृद्धि र सुख तथा प्राचीन व्यापारको प्रतीक पनि हो। यस गौरवलाई पुनर्जागरण गरिनु आवश्यक छ।

हाल सेतीबेनीको केही दक्षिणमा कालीगण्डकी 'ए' जलविद्युत् परियोजना छ। यसको बाँधले एक रमणीय जलाशय बनाएको छ। कालीगण्डकीमा च्याफ्टिङ र यो जलाशयमा बोटिङ व्यवस्था राम्रो गर्न सकियो भने सेतीबेनी विदेशी एवम् आन्तरिक पर्यटकहरूको राम्रो गन्तव्यस्थल पनि बन्न सक्छ। मुख्यतः सेती खोला र कालीगण्डकीलाई प्रदूषणमुक्त गराई सेतीबेनीको महिमा प्रचार गर्न सक्ने हो भने यो सुनको फुल दिने पक्षीझैं हुनेछ।

सन्दर्भस्रोत

आचार्य, बाबुराम (वि.सं.२०६०), प्राचीनकालको नेपाल,काठमाडौं : श्रीकृष्ण आचार्य।

गुरुङ, जगमान (वि.सं. २०६७), गण्डकी प्रस्रवण क्षेत्रको सांस्कृतिक सम्पदा, काठमाडौं : पश्चिमाञ्चल विकास मञ्च।

श्रीमद्भगवद्गीता, (वि.सं.२०५३) द्वितीय सं. गोरखपुर : गीताप्रेस।

सन्दर्भव्यक्ति

नेत्रप्रसाद पाण्डे (आलमदेवी, स्याङ्जा)।

हिलेका प्रभु (प्रसिद्ध सिद्ध महात्मा)।

✡✡✡✡

रुद्रवेणी

डा.कृष्ण भण्डारी 'मुमुक्षु'[1]

१.परिचय

गुल्मी र स्याङ्जा जिल्लाको सिमाना जोडिने ठाउँ तथा कालीगण्डकी र रुद्रावती नदीको सङ्गम क्षेत्रलाई रुद्रवेणी तीर्थ भनिन्छ । यहाँको पौराणिक, धार्मिक, सांस्कृतिक र पर्यटकीय महत्त्व विशिष्ट रहेको छ। प्रकृति वा भूगोलको महिमासँगै यसको धार्मिक, सांस्कृतिक पक्षका बारेमा यस लेखमा सङ्क्षिप्त अध्ययन गरिएको छ।

२. भौगोलिक अवस्थिति

रुद्रवेणी क्षेत्र पश्चिम नेपालका पवित्र नदी कालीगण्डकी र रुद्रावती नदीको सङ्गम भएको स्थानमा पर्दछ। काठमाडौंदेखि १८४ कि.मि. पश्चिममा रहेको रुद्रवेणी धार्मिक महत्त्वको क्षेत्र हो। समुद्री सतहदेखि ५२१३ वर्गफिट तथा १५८९ मिटरको उचाइमा पर्ने यस क्षेत्रको उत्तरी अक्षांश २७.९७५ डिग्री रहेको छ भने पूर्वी देशान्तर ८३.४७६ डिग्री रहेको छ । पूर्वबाट पश्चिम वाहिनी कालीगण्डकी र पश्चिमबाट पूर्व दक्षिण हुँदै बगेकी रुद्रावतीको मिलन भएको यो क्षेत्रको उत्तरमा सत्यवती-१ अस्लेवा र ठूलो लुम्के गाउँ रहेका छन् । पश्चिमतर्फ रुरु गाउँपालिकाको पूर्वी चोसो तथा दक्षिणतर्फ लसर्गा गाउँपालिकाको कोटाकोट क्षेत्र पर्दछ भने पूर्वमा स्याङ्जाको कोटाकोट र गुल्मीको रामबारी क्षेत्र पर्दछ । परापूर्व कालमा डेढ दुई मिटर माथिबााट गण्डकी बगेको यो नदी त्यहाँका छेउछाउका चट्टानहरूको दृश्यले कालान्तरमा गहिरिँदै गहिरिँदै बगेको स्पष्ट देखिन्छ।

३. पौराणिक सन्दर्भ

पूर्वीय वाङ्मयका धरोहर ग्रन्थ पुराण हुन् । पुराणमा विशेष गरी स्कन्दपुराणको हिमवत्खण्डअन्तर्गत शालिग्राम शिलाको महिमा र कालीगण्डकी, रुद्रावती, रुरु र त्रिशूली प्रवहण क्षेत्रका बारेमा चर्चा गरिएको छ । कालीगण्डकीमा मिसिन आउने अन्य नदीको सङ्गम क्षेत्रमा विभिन्न

---

१. लेखक त्रि. वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौंका सहप्राध्यापक हुनुहुन्छ।

ऋषिहरूले तपस्या गरी ज्ञान प्राप्त गरेको पाइन्छ । यस कारण रुद्रवेणीको पौराणिक महत्त्व रहेको छ ।

बागलुङ जिल्लाको रुद्रतालको जल ढोरपाटन, वामीटक्सार, रूपाकोट, जोहाङ हुँदै रुद्रवेणीमा आएको छ भने कालीगण्डकीको जल मुक्तिनाथदेखि जोमसोम, गलेश्वर, बेनी, मालढुङ्गा सेतीवेणी हुँदै रुद्रवेणीमा आइपुग्छ । शालिग्राम शिलाको महिमा पुराणले गरेको पाइन्छ । मुक्तिक्षेत्रमाहात्म्यमा जसले चक्राङ्कित शालिग्राम शिलाको दर्शन (पूजा) गर्दछन्, तिनीहरू सबै पापबाट मुक्त हुन्छन् भनिएको छ -

ये च पश्यन्ति पाषाणान् विष्णुचक्रेण संयुतान् ।
ते तद्दर्शनमात्रेण मुच्यन्ते सर्वकिल्विषैः ।।

(मुक्तिक्षेत्रमाहात्म्य पृ.१८ श्लो. ५८) ।

एक अर्को प्रसङ्गमा जसले शालिग्राम शिला पखालेको जल पिउँछ ऊ सबै योनिबाट छुट्कारा पाई हरिको वैकुण्ठ लोकमा जान्छ भनी कालीगङ्गाको महिमागान गरिएको छ -

शालिग्रामशिलातोयं यःपिवेद् विन्दुमात्रकम् ।
सः सर्वयोनिमुत्सृज्य प्रयाति सदनं हरेः।। (महागरुडपुराण) ।

रुद्रावती तीर्थको बारेमा पद्मपुराणमा लेखिएको एक सन्दर्भमा जुन भक्तले रुद्रवेणीमा गई स्नान गर्दछ त्यो व्यक्तिले स्वर्गलोक प्राप्त गर्दछ भनिएको छ -

रुद्रावर्त ततो गच्छेत् तीर्थसेवी नराधिपः ।
तत्र स्नात्वा नरो राजन् स्वर्गलोके महीयते ।।

यस तीर्थका बारेमा केही जनश्रुतिहरू पनि छन् । पहिले यस ठाउँमा एघार रुद्र आई तपस्या गर्नुभएको थियो । ती एघार रुद्र कपाली, पिङ्गल,भीम, विरूपाक्ष, विलोहित, शास्ता, अजैकपाद, अहिर्बुन्ध्य, शम्भु, चण्ड र भव हुन् । पुराणमा पुलह ऋषिको तपस्थल क्षेत्र पुलहाश्रममा स्नान गर्नाले सबै तापबाट मुक्त हुन्छन् भनिएको पाइन्छ । त्यस्ता क्षेत्रहरूमा मुक्तिक्षेत्र, रुरुक्षेत्र, त्रिवेणी क्षेत्रको महिमा विशिष्ट रहेको बताइएको छ -

तेपू रुद्रा रुद्रवेण्यां पुलहो पुलहाश्रमे ।
पुलस्त्यवेणिकायान्तु पुलस्त्योऽपि ततापं च ।।

(गण्डकीमाहात्म्य ४/५१)।

मुक्तिक्षेत्रं प्रथमतो रुरुखण्डं ततःपरम् ।
संभेदो देवेनद्योश्च त्रिवेणी च ततःपरम् ।।

(वाराहपुराण १४५/१०५)।

मानव समाजको विचारयात्रा पौराणिक अवधारणसँग अघि बढेको पाइन्छ । पुराणमा विशेष गरी स्कन्दपुराण र अग्निपुराणमा तीर्थको महिमा बताइएको छ । अग्निपुराणमा अग्निदेवले भनेका छनः- शालिग्राम तीर्थ तीर्थहरूको राजा हो जहाँ वामन र वटपत्रशायी भगवान्को पुण्य तीर्थ कालिकासङ्गम छ त्यो पाप नाश गर्ने तीर्थराज हो -

तीर्थं राजगृहं पुण्यं शालग्राममघान्तकम् ।
वटेशं वामनं तीर्थं कालिकासङ्गमुत्तमम् ।।

(अग्निपुराण तीर्थमाहात्म्य २०) ।

गङ्गास्नानको महत्त्वका बारेमा लेखिएको अर्को सन्दर्भमा गङ्गाको दर्शनले, स्पर्शले, जलपान गर्नाले नाम उच्चारण गर्नाले सयौं हजारौं पुण्य दिई पुरुषहरूलाई पवित्र गर्दछिन् भनिएको छ -

दर्शनात्स्पर्शनात्पानात्तथागंगेति कीर्तिनात् ।
पुनाति पुण्यपुरुषाच्छतशोऽथ सहस्रसः ।।

(अग्निपुराण गङ्गामाहात्म्य ६)।

यी तीर्थको महत्त्व यति धेरै छ कि तिनको गुणगान गाएर सकिन्न । गरुडपुराणमा सबैको मङ्गल होस् सबै निरोगी रहून्, सबैलाई सम्मानपूर्वक हेरौं, कोही पनि दुःखभागी हुन नपरोस् भन्ने महान् विचारले तीर्थ स्नान, ध्यान र दानपुण्यको शृङ्खला लोकमा चलिआएको उल्लेख छ -

सर्वेषां मङ्गलं भूयात् सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा काश्चिद् दुःखभाग् भवेत् ।।

(गरुडपुराण २/३५/५१/) ।

४. धार्मिक सांस्कृतिक महत्त्व

धार्मिक तथा सांस्कृतिक महत्त्वका दृष्टिले नेपाल विश्वमै अद्वितीय देश हो धर्मले नै जीवन रक्षा गर्दछ **धर्मो रक्षति रक्षितः** भन्ने लोकविश्वास र कर्मको प्रेरणास्रोत धर्म हो भन्ने आस्थाले नेपालीहरू गङ्गास्नान, देवपूजन र दानपुण्यका कर्महरू गर्दै आएका छन् । जुन समाजमा धर्म र संस्कृति हुँदैन

त्यहाँ मानवभन्दा दानवहरू धेरै बस्दछन् भन्ने लोकमान्यता छ।

रुद्रवेणी नेपालको धार्मिक सांस्कृतिक महत्त्वले युक्त पुण्यक्षेत्र हो। यस ठाउँमा गरिने धार्मिक क्रियाकलाप एक वर्षको समयचक्रलाई आधार मानी उल्लेख गरिएको छ। रुद्रवेणीमा वि.सं.१९८२ मा राममन्दिरको स्थापना भएको बुझिन्छ (वासुदेव पाण्डे)।

रुद्रबेनी

ठूलाबगरको शिला

काठमाडौंबाट एक अग्निहोत्री सज्जन महात्मा अग्निधर यहाँ सपरिवार आउनुभएको थियो। उहाँका छोरा तारकेश्वर जो दण्डस्वामी नामले चिनिनुहुन्थ्यो। उहाँले रुद्रावती र कालीगण्डकीका तटमा बसी ध्यान गर्नुहुन्थ्यो। बेलाबेलामा उहाँ सत्यवती, रिडी, रुद्रवेणीमा सर्दै बस्नुहुन्थ्यो। उहाँ (तारकेश्वर)लाई धैरेनी बस्ने चिरञ्जीवी राजाका मन्त्री प्रेमप्रताप सिंह राजाले रुद्रवेणीमा ल्याएका थिए। उनै तारकेश्वरले भगवान् रामको र शिवको मूर्ति स्थापना गरी पूजा गर्न थालेको जनुश्रुति पाइन्छ। विष्णुस्वरूप कालीगण्डकी र शिवस्वरूप रुद्रावतीको मिलन भएको स्थलका रूपमा रुद्रवेणी प्रसिद्ध छ। त्यहाँ राममन्दिर छ भने रामका सामु शिवको स्थापना गरी रामेश्वर भगवान्‌को पूजा आराधना गरी उहाँ बस्नुभयो।

अग्निहोत्री अग्निधरजीले गुल्मीको लिम्घा गाउँमा विवाह गर्नुभयो। उहाँका दुई छोरा जन्मे। जेठा छोरा कामको खोजीमा कतै जानुभयो। कान्छा तारकेश्वरले वनारसमा पुगी संन्यास आश्रम ग्रहण गर्नुभयो। संन्यासी भएपछि आगो र धातु नछुने व्रत लिनुपर्थ्यो। संन्यासी भएका उनै तारकेश्वर बाबालाई धैरेनीका राजाका साला एवम् मन्त्री प्रेमप्रताप सिंहले रुद्रवेणीमा ल्याई

राखेपछि उनै राजाले रुद्रवेणीमा ठूलो राममन्दिर निर्माण गरे। मन्दिर बनाउनुको कारण जनश्रुतिअनुसार प्रथम पाण्डे र रथम पाण्डेले घरमा दाहिने शङ्खको पूजा गरेका कारण धेरै धन कमाएर महाधनी भएका थिए। उनीहरूको त्यो धन राजाले हडपे। राजाले धन छिनेपछि दुबै भाइले आत्महत्या गरे। पछि राजाको दरबार वरिपरि बाघ भालु चित्तल र प्रेत आई दुःख दिन थाले। अब के गर्ने त भन्दा सज्जन महात्माको सल्लाहबमोजिम त्यो धनले भगवान्को मन्दिर बनाऊ र ठिक हुन्छ भने। त्यसैकारण राजाले मन्दिर स्थापना गरेको बुझिन्छ।

लिम्घा मामाघर भएका संन्यासी तथा दण्डीस्वामी शिखासूत्र राखेका अत्यन्त आचारवान् व्यक्ति थिए। उनको निर्देशनमा राममन्दिरको पहिलो पुजारी वासुदेव भण्डारी भए। खरले छाएको त्यो राममन्दिर पछि विस्तार गर्दै राम्रो बनाइएको हो। उनीपछि कुस्माखर ढकाल, चेतनारायण ढकाल, पादीश्वर पाण्डे हुँदै अहिले वासुदेव पाण्डेले मन्दिरमा पूजा गर्नुहुन्छ।

रुद्रवेणी क्षेत्रको सांस्कृतिक पक्ष उत्तिकै महत्त्वपूर्ण छ। विष्णु-पुराणको कथानुसार प्राचीन कालमा पराशर मुनिले भने– जब महर्षिहरूले पृथु राजालाई राज्यभिषेक गरे तब ब्रह्माले राज्यहरूको विभाजन गरे। त्यसपछि उनले भने :- जुन जीवद्वारा जे उत्पत्ति गरिन्छ ती सबैमा भगवान् विष्णुको देह नै एक मात्र कारण हुन्छ-

यत्किञ्चित् सृज्यते येन सत्त्वजातेन वै द्विज ।
तस्य सृज्यस्य सम्भूतौ तत्सर्वं वै हरेस्तनुः ।।

(विष्णुपुराण १/२२/३८/)।

जगत्मा उत्पत्ति भएका स्थावर जङ्गममध्ये कोही कसैको अन्त्य गर्दछ भने त्यो अन्त गर्नेवाला भगवान् नै रौद्रावतार हुन् -

हन्ति यावच्च यत्किञ्चित्सत्वं स्थावरजङ्गमम् ।
जनार्दनस्य तत् रौद्रं मैत्रेयान्तकरं वपुः ।।(पूर्ववत् १/२२/३९)।

गण्डकी तीर्थमा स्नान गरेर पवित्र हुने लोकविश्वास पुराणले भनेका कर्मसँग गाँसिएको छ। सहस्र चान्द्रायण व्रत बसी मिल्ने पुण्यभन्दा एकपटक गङ्गा स्नान गर्नाले धेरै पुण्य पाइन्छ। यदि एक महिनासम्म नियमित गङ्गा स्नान गरिन्छ भने सम्पूर्ण यज्ञ गरेको फलप्राप्त हुन्छ भनिएको छ -

चान्द्रायणसहस्राश्च गङ्गाम्भःपानमुत्तमम् ।

गङ्गां मासं तु संसेव्य सर्वयज्ञफलं लभेत् ।।

(अग्निपुराण गङ्गामाहात्म्य श्लो. ३)।

यी कुराले ज्ञान र ध्यानको मुरली एकैचोटि बजाएको हुँदा यही स्वरमा हाम्रा सांस्कृतिक रीतिरिवाजहरू अघि बढ्दै आएको देखिन्छ ।

राममन्दिरभन्दा केही पर देउपाटन (देवाटन देवताहरू घुम्ने) भन्ने ठाउँ छ । भगवान् हृषीकेशवले यही देउपाटनमा रुरु कन्यालाई दर्शन दिनुभयो । त्यसकारण पनि रुद्रवेणीको तटीय महिमा अपार रहेको छ ।

पहिले देवदत्त नामका ऋषिले रिडीको गलफूल गुफामा तपस्या गरेर बसेको बेलामा स्वर्गका राजा इन्द्रको आसन डगमगाएछ । इन्द्रले देवदत्त ऋषिको तपस्या भङ्ग गर्न भनी एउटी प्रम्लोचा नाम गरेकी अप्सरालाई पठाए । ती अप्सराले ऋषिको गुफामा पुगी उनलाई मोहनी नजरले आकर्षित गरिन् र बिस्तारै उनीसँग उठबस गर्दागर्दै प्रेम सम्पर्क समेत गरी गर्भवती हुन पुगिन् । पछि उनको कोखबाट रुरु नामकी कन्या जन्मिन् । ती रुरु कन्यालाई त्यहीँ छोडी उनी इन्द्रलोक फर्किन् । ऋषि देवदत्तको मनमा अप्सराको संसर्गले आफ्नो तपस्या भङ्ग भयो भनी ती रुरुकन्यालाई होतोलोंक्क (च्यात्तै) छोडी रिडीबाट केही पूर्वमा रहेको भृगुतुङ्गेश्वर गुफामा तपस्या गर्न गए । त्यहाँ बसी उनले भगवान् शिवजीको तपस्या गर्न थाले । अर्कोतिर ती बालिका रुरु कन्याको दया लागेर पार्वती माता मृगिणीको रूप लिई उक्त गलफूल गुफामा जानुभयो र बालिकालाई आफ्नो स्तनपान गराउन थाल्नुभयो । बालिका बिस्तारै हुर्किन् । उसलाई यहाँ कसरी म एक्लै भएँ भन्ने जिज्ञासा भयो । त्यसपछि ध्यानदृष्टिले हेर्दा आफ्ना पिता भृगुतुङ्गेश्वर गुफामा तपस्या गर्न जानुभएको र आमा आफूलाई छोडी इन्द्रलोक फर्केको ती रुरु कन्याले चाल पाइन् । पछि म पनि भगवान् नारायणको तपस्या गर्छु भनी देवपाटन क्षेत्रमा पुगिन् र तपस्या गर्न लागिन् । उनको तपस्याबाट भगवान् नारायण प्रसन्न भई कार्तिक शुक्ल एकादशीका दिन त्यही देवपाटनमा रुरु कन्यालाई दर्शन दिनुभयो । उहाँले तिम्रो के इच्छा छ वर माग भन्दा जुन रूपमा अहिले मलाई दर्शन दिनुभयो हजुरको त्यही रूपको दर्शन सधैं गर्न पाउँ भनिन् । भगवान्ले तथास्तु भन्नुभयो साथै तिमीले यही देउपाटनको एक योजन

बराबरको क्षेत्र तिम्रै रुरु नाउँबाट प्रचलित हुनेछ भनी आशीर्वाद दिनुभयो। त्यसपछि भगवान्ले शालिग्रामको रूप लिनुभयो र भगवान् हृषीकेश नामले प्रसिद्ध हुनुभयो।

रुरुकन्याले कार्तिक शुक्ल हरिबोधनी एकादशीका दिन भगवान् हृषीकेशवको दर्शन पाउनुभयो र द्वादशीको दिनमा भगवान्लाई लिएर आफ्नो जन्मस्थल रिडी जानुभयो। उहाँ बाँचुन्जेल भगवान्को सेवा गरेर बस्नुभयो। जब आफ्नो शरीर छुट्ने बेला आयो तब उहाँले भगवान्लाई काखमा लिएर कृष्णगण्डकीमा जलसमाधि लिनुभयो। त्यसपछि उहाँको शरीर पतन भयो तर भगवान् त्यहीं बस्नुभयो।

धेरै कालपछि पाल्पाली राजा मणिमुकुन्द सेन गङ्गामा स्नान गर्न रिडीमा डुब्दा भगवान्को मूर्तिमा ठोक्किन पुगे। केमा ठोक्किएँ भनेर हेर्दा त्यहाँ उनले भगवान्को मूर्ति देखे। त्यसपछि त्यो मूर्तिलाई जलबाट बाहिर ल्याउन लगाए। त्यसपछि आफू बस्ने ठाउँ भैरवस्थान (पाल्पा) मा पुऱ्याउने इच्छाले सबैलाई अह्राए तर भगवान्को इच्छा नभएकाले उचालेर लैजान जति बल गरे पनि सकेनन्। त्यसपछि वर्तमानमा जहाँ ऋषिकेशव भगवान्को मन्दिर छ त्यहीं मन्दिर बनाउने व्यवस्था मिलाए। उनै भगवान्को भविष्यमा सेवा पूजा चलिरहोस् भनेर उनले अर्गलीमा दुई सय पचास मुरी धान फल्ने खेत किनी एकजना भट्टराई थरका ब्राह्मणलाई पुजारी र एक जना मगरलाई परिचारक (सेवक) राखी सेवा पूजाको बन्दोबस्त मिलाएका थिए। आजसम्म पनि सोही व्यवस्थाअनुसार सेवा पूजा चलिरहेको छ।

भगवान् हृषीकेशवलाई कार्तिक शुक्ल द्वादशीका दिन रथयात्रा गराउने परम्परा रहेको छ तर रुद्रवेणीमा भने कार्तिक शुक्ल एकादशीका दिन मेला गरी नाच्ने गाउने परम्परा रहिआएको थियो। २०४६ सालको बहुदलीय जनआन्दोलनपछि त्यहाँ मेला लाग्ने क्रम छुटेको छ। स्याङ्जातिरका गाउँले स्याङ्जातर्फको काली बगरमा र गुल्मीतिरका वारि तटमा नाच्ने गाउने चलन रहेको थियो। पछि देउपाटनमा कोटाकोट तर्ने पुल बन्यो। त्यसपछि गुल्मीतिरका भक्त पनि पारि कोटाकोटतर्फको तटमा गई नाच्ने गाउने गर्दथे।

रुद्रवेणीको राममन्दिरमा भगवान् रामचन्द्र र सीताको मूर्ति छ भने तिनको अगाडि शिवलिङ्ग स्थापना गरिएको छ। अहिले त्यहाँ एउटा हवन

कुण्ड छ। एउटा शिवालय मन्दिर छ, करिब तीस हजारको सङ्ख्यामा शालिग्राम शिलाको दर्शन गर्न पाइन्छ। दण्डी स्वामीका पालादेखि नै भक्तहरूले त्यहाँ शालिग्राम शिला जम्मा गरेर राख्ने परम्परा बसेको बुझिन्छ। यस क्षेत्रका जनताले विशिष्ट पर्वमा रुद्रवेणीमा आई स्नान गरी भगवान्को दर्शन गर्दछन् भने पूर्वतर्फको देउपाटनमा मृत शरीरको दाह संस्कार गर्दै आएको देखिन्छ। यस क्षेत्रमा गरिने धार्मिक तथा सांस्कृतिक कर्महरूको विवरण निम्न तालिकामा दिइएको छ।

तालिका

महिना	तिथि पर्वमा स्नान गरिने दिनहरू
वैशाख	नयाँवर्ष, एकादशी, अक्षय तृतीया, पूर्णिमा, औंसी, विशेष तिथि श्राद्ध।
जेठ	बुद्धपूर्णिमा, निर्जला एकादशी।
असार	हरिशयनी एकादशी, गुरु पूर्णिमा, विशेष तिथि श्राद्ध।
साउन	नागपञ्चमी, जनैपूर्णिमा, एकादशी, महालक्ष्मीव्रत आरम्भ।
भदौ	श्रीकृणजन्माष्टमी, हरिपरिवर्तिनी एकादशी, हरितालिका तीज , ऋषिपञ्चमी, गणेश चौथी, कुशे औंसी, वामन द्वादशी, महालक्ष्मी व्रत समाप्त हुने दिन।
असोज	सोह्र श्राद्ध, नवदुर्गा, घटस्थापना, शरद् पूर्णिमा।
कार्तिक	कार्तिक दीपदान स्नान, हरिबोधिनी एकादशी, पुराण श्रवण।
मंसिर	बालाचतुर्दशी, धान्यपूर्णिमा, उधौली स्नान, विवाह पञ्चमी।
पुस	धनुर्मास व्रतारम्भ स्नान, पुत्रदा एकादशी, स्वस्थानी व्रतारम्भ।
माघ	माघे संक्रान्ति ३ दिन, वसन्त पञ्चमी, माघे औंसी, पूर्णिमा।
फागुन	शिवरात्रि, होली, उँभौली पर्व, विवाहोत्सव आदिमा।
चैत	चैते दशैं, रामनवमी, वसन्त स्नान, व्रतबन्ध आदि।

रामन्दिरमा नित्य पूजा चलेको छ। कल्पवास वस्ने भक्तभक्तिनीहरू बीस तीस जना त्यहाँ छन्। उनीहरूले फूलमाला गाँस्ने, सरसफाइ गर्ने भजन गर्ने र माला जपेर बस्ने काम गर्दछन्। बेला-बेलामा गाउँबाट कालीगण्डकीमा स्नान गर्न जाने भक्तहरूले केही सहयोग गरे पनि उनीहरू आफ्नै खर्च खाई बसेको देखिन्छ।

राममन्दिरमा बेला-बेलामा गीता पाठ र श्रीमद्भागवत एकाह पाठ गर्ने गरेको पाइन्छ । देशविदेशबाट आएका भक्तहरूले पूजा लगाउने, भण्डारा लगाउने, विवाह, व्रतबन्धजस्ता शुभ कार्यहरू गरी धार्मिक सांस्कृतिक महिमालाई अक्षुण्ण राख्दै आएका छन् ।

५.पर्यटकीय विशेषता

नेपाल प्राकृतिक सौन्दर्यले सुशोभित देश हो । त्यसमा शिक्षा, धर्म, संस्कृति, होटल व्यवसाय, कृषि, उद्योग, वन र पर्व मेला हेर्न जाने उद्देश्यले पर्यटकहरू घुम्न जाने ठाउँहरूमध्ये रुद्रवेणीलाई पनि लिन सकिन्छ । यहाँ बाहिरी पाहुना बस्ने धर्मशाला बनेको छ । मन्दिरको पश्चिमपट्टि करिब आधा किलोमिटरमा सानो बजार छ । त्यहाँ होटल व्यावसायीहरू पनि छन् । मन्दिर को पूर्वतर्फ देवपाटन पर्दछ । त्यहाँ पनि केही पसलहरू छन् । बस्नका लागि होटल पनि छन् । मन्दिरभन्दा माथि अस्लेवा गाउँ छ । पारिपट्टि स्याङजाको कोटाकोट गाउँ छ । रुद्रवेणीमा कहिले कोटी होम चल्दछ भने कहिले सप्ताह पुराण चल्दछ । पर्यटकहरू रुद्रवेणीमा स्नान गरी देवकार्य, पितृकार्य गर्न आउँछन् भने ठाउँ हेर्नका लागि पनि आउने गर्दछन् । यातायात पुगेकोले उक्त ठाउँको बसाइ, घुमाइ आनन्ददायक देखिन्छ । यस ठाउँमा स्नान गर्नाले मोक्ष प्राप्ति हुने जनविश्वास रहिआएको छ ।

रुद्रवेणीदेखि वरपर रहेका दर्शनीय स्थलहरू पनि महत्त्वपूर्ण छन् । पश्चिमतर्फ रुरु गाउँपालिकाको गोविन्दी ग्राम छ । त्यहाँ एउटा सिद्ध स्थान पनि छ । ऋषिहरूले त्यहाँ तपस्या गरी सिद्धि प्राप्त गरेकाले सिद्ध स्थान नाम रहेको जनश्रुति पाइन्छ । त्यहाँ विभिन्न पर्वका दिनमा एकाह, सप्ताह लगाउने परम्परा छ । त्यसको मुनि बोटे गाउँ रहेको छ ।

सत्यवती- ६ जोहाङदेखि रुद्रवेणीसम्म २०७५ सालबाट पर्यटकहरूलाई मनोरञ्जन प्रदान गर्न र्‍याफ्टिङ (जलयात्रा) अभियान प्रारम्भ भएको छ । उक्त जलयात्राले नयाँ गन्तव्यका रूपमा रुद्रवेणीलाई चिनाएको पाइन्छ । नैऋत्य कोणमा शिव गुफा, भृगुतुङ्गेश्वर भृगु ऋषिको तपस्थलीका रूपमा रहेको प्रमाण पाइन्छ । दक्षिणपूर्व अर्थात् आग्नेय कोणमा स्याङ्जा जिल्लाको आलमदेवी स्थान प्रसिद्ध मन्दिर रहेको छ ।

यसरी नै ठूला बगर भन्ने स्थानमा शिलारूप भगवान्‌को दर्शन पाइन्छ । करिब एक किलोमिटर टाढा रहेको शिलारूप स्थल वर्तमान स्याङजा

जिल्लातर्फको कालीगण्डकी किनारमा अवस्थित छ। कालीगण्डकीमा विद्युत् उत्पादन गर्दा अहिले हिउँदको समयमा जल थोरै मात्र बगेर आएकाले रुद्रवेणीको सङ्गम स्थलको शोभा केही कम भएको देखिन्छ। दुई तीन किलो मिटर पूर्वमा वीरेनून र हिउँ मिसिएको पानी बगेको सानो झरना रहेको छ। वरिपरिको प्रकृति खयर, धँयेरो, खन्यू, बाँस, दब्दबे, वर, पीपल, शमी वृक्षले शोभायमान देखिन्छ। भुइँघाँसमा सालिम र खर पाइन्छ।

धार्मिक पर्यटनको साथसाथै त्यहाँ पाठशाला, गौशाला, वृद्धाश्रम बनाएमा बच्चादेखि वृद्ध उमेरसम्मका व्यक्तिको बासस्थल हुने देखिन्छ। कृष्णगण्डकी र रुद्रावती(वडीघाट) को सङ्गम नजिकै वृद्धवृद्धाहरू कल्पवास बस्ने हुँदा त्यहाँ सत्सङ्गकेन्द्र स्थापना भएमा किसानहरू पनि तत्त्वचिन्तन सुन्न, बुझ्न त्यहाँ पुगी रमाउनेछन्। राज्यले पर्यटन क्षेत्रको रूपमा विकास गरी रुद्रवेणीलाई चिनाउनु पर्ने देखिन्छ। त्यहाँ पौवा, धर्मशाला, होटेल, मेला महोत्सवको आयोजना गर्न सकेमा स्वदेश र विदेशका मानिसहरू यस धार्मिक क्षेत्रमा आउने वातावरण बन्ने देखिन्छ। विभिन्न पर्वहरूमा स्याङ्जा, गुल्मी, पाल्पा र रूपन्देहीका मानिसहरू त्यहाँ पुगी पितृको उद्धार गर्न यज्ञ लगाउने काम गरिरहेका छन्। देवपाटन क्षेत्रलाई देवघाटकै रूपमा लिई अन्तिम दागबत्ती प्रदान गर्न काली किनारमा पुऱ्याउने परम्परा छ। त्यस ठाउँमा विद्युत्, शवगृह बनाउन सकेमा दाउराको समस्या पर्ने थिएन। यसरी नै किरियापुत्रीहरूलाई लक्षित गरी उपर्युक्त धर्मशाला बनाउनुपर्ने काम बाँकी छ। शालिग्राम शिला खोज्दै हात हातमा भगवान्को दर्शन गर्न पाइने यो रुद्रवेणीधाम सामाजिक, धार्मिक र सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण रहेको छ। यस क्षेत्रमा रुद्रवेणी एफ एम, रुद्रवेणी टेलिभिजन, रुद्रवेणी महोत्सव, रुद्रवेणी कल्पवास गृह, रुद्रवेणी बजार, रुद्रवेणी गौशाला, रुद्रवेणी वाचनालय, रुद्रवेणी रङ्गशाला, रुद्रवेणी सिप विकास केन्द्र, रुद्रवेणी कृषिमेला, रुद्रवेणी जडीबुटी संकलन केन्द्र आदिको व्यवस्थापन गरी यस ठाउँलाई पर्यटकीय विकास क्षेत्रको रूपमा चिनाउनु राज्यको दायित्व देखिन्छ।

६. निष्कर्ष

गुल्मी र स्याङ्जा जिल्लाको सिमानामा पर्ने रुद्रवेणी क्षेत्र धार्मिक, सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण रहेको छ। कृष्ण र रुद्रावतीको सङ्गम भएको हुँदा यो क्षेत्र शैवमार्गी र वैष्णवमार्गी भक्तहरूको अति पवित्र तीर्थस्थल पनि

हो । भूबनोट हेर्दा नदीको किनार कम समथर ज्यादा भिरालो देखिन्छ तापनि पौराणिक कालदेखि अति महिमायुक्त क्षेत्र भएकाले कसैले रामेश्वर तीर्थ कसैले कैलाशेश्वर तीर्थ कसैले सृष्टिकर्ताको सम्मिलन तीर्थ मानी स्नान, दान, यज्ञ र मेला गरी पवित्र तीर्थ मानेको पाइन्छ । रुद्री, एकाह, सप्ताह आदि लगाई शङ्ख घण्टका ध्वनिले चारैतिर आस्थाको गुञ्जन फैलिएको देखिन्छ । यस ठाउँको भूगोल, पौराणिक महिमा, सांस्कृतिक सद्भाव केन्द्र, पर्यटकीय क्षेत्र र विविध रचनात्मक गतिविधिको पनि सङ्गम क्षेत्र तुल्याई रुद्रवेणीलाई धार्मिक पर्यटकीय क्षेत्र, सांस्कृतिक पर्यटकीय क्षेत्र र शास्त्र र समाजको सम्मिलन केन्द्रका रूपमा स्थापित गर्न ढिलो भएको छ । यो क्षेत्रमा 'राम राम' जपेर भगवान् शिव पार्वती निवास गर्नुहुन्छ भने 'शिव शिव' जपेर सीताराम र हनुमान्ले लोकलाई परस्पर सद्भाव र विश्वासको ज्ञान सिकाउनुहुन्छ । समष्टिमा रुद्रवेणी कृष्णगण्डकीमा रुद्रवती मिलेर प्रकृति जगत् र जीवनको कुञ्जका रूपमा रहेको तीर्थक्षेत्र हो । पूर्वबाट वगेकी कृष्ण नदीमा शालिग्राम शिला साक्षात् विष्णु भगवान् गङ्गा लक्ष्मीरूपा छन् भने रुद्रावतीमा शिवलिङ्ग शिला साक्षात् शिव रूपमा छन् त्यसै गरी रुद्राणी पार्वती गङ्गाको रूपमा रहेकोले यो पुण्यक्षेत्र अद्वितीय रहेको प्रमाणित हुन्छ ।

सन्दर्भस्रोत

अग्निपुराण (सन् १९६८), 'तीर्थमहात्म्य', सम्पा. श्रीराम शर्मा आचार्य बरेली : संस्कृति संस्थान ।

मुक्तिक्षेत्रमाहात्म्य (वि.सं. २०६८), टीकाकार श्रीनिवास मुक्तिनारायण रामनुज जीयर स्वामी, सातौं सं., काठमाडौं : अखण्ड ज्योतिबाबा स्वामी श्रीजी च्यारिटेवल ट्रस्ट ।

विष्णुपुराण (सन् १९६७), सम्पा. पं. श्रीराम शर्मा, बरेली : संस्कृति संस्थान ।

स्कन्दपुराण (सन् १९६१), तृतीय भाग, कलकत्ता : ल्काइबरो ।

स्रोतव्यक्ति

कृष्णप्रसाद पाण्डे (सदस्य, मन्दिर विकास समिति) ।

बलराम अधिकारी (उपाध्यक्ष, मन्दिर विकास समिति) ।

वासुदेव पाण्डे (पुजारी, राममन्दिर) ।

✡✡✡✡

रमणीय रुरुक्षेत्र

प्रा.डा. वेणीमाधव ढकाल[1]

१. उपक्रम

नेपालको मध्यभूभागमा रहेको रुरुक्षेत्र भगवान् हृषीकेश र कालीगङ्गाको उपस्थिति, अनेक प्राचीन मठ-मन्दिरको अवस्थिति, वेदव्यासविरचित पुराणहरूमा गरिएको सश्रद्ध वर्णनजस्ता विशेषताका कारण विश्वमा नै प्रसिद्ध छ । तपस्वी देवदत्त, सुन्दरी प्रम्लोचा अप्सरा, तपस्विनी रुरुकन्या र उनकै नामबाट नामकरण गरिएको विशिष्ट धाम रुरुक्षेत्र नेपालको सांस्कृतिक अलङ्कार हो । यस आलेखमा उक्त सबै विषयबारे सङ्क्षेपमा प्रकाश पारिनेछ ।

२. देवदत्तको तपस्या र हृषीकेश आश्रमको सौन्दर्य

हिमालयको समीपवर्ती महारण्यको बीचमा भगवान् हृषीकेशको आश्रममा आश्रय लिएर तपस्या गर्ने महाभाग्यशाली, कर्मयोग, भक्तियोग र ज्ञानयोगमा निष्णात र वेदवेदाङ्गमा पारङ्गत भृगुवंशी मुनि देवदत्त कठोर तपस्या गरिरहेका थिए-

हिमशैले महारण्ये हृषीकेशाश्रितो मुनिः ।
देवदत्त इति ख्यातस्तपस्यति महत्तपः ।।
आसीत् पुरा महाभागो देवदत्त इति द्विजः ।
भृगुवंशे समुत्पन्नो वेदवेदाङ्गपारगः ।। (वाराहपुराण १४६/१३, १५)।

देवदत्तले तपस्या गर्ने पौराणिक समयमा हृषीकेश आश्रमको प्राकृतिक सौन्दर्य चित्रण गर्दै वाराहपुराणमा भनिएको छ-

तत्राश्रमपदं पुण्यं पुण्यद्रुमलतान्वितम् ।
शान्तैर्मृगगणैः कीर्णं कन्दमूलफलान्वितम् ।। (वाराहपुराण १४६/१६)।

अर्थात् हृषीकेश भगवान्को मन्दिर परिसरमा बेल, रुद्राक्ष आदि पुण्यवृक्ष र लताहरूले सुहाएको आश्रम शान्त स्वभावका मृगहरूले चारै तिरबाट घेरिएको थियो । यो आश्रम कन्दमूल र फलका कारण रमणीय थियो । स्वर्गका अधिपति इन्द्र महाराज कृष्णगण्डकीको तट पवित्र

१. लेखक नेपाल संस्कृत विश्वविद्यालय, सेवा आयोग दाङका पूर्व अध्यक्ष, एवम् संस्कृत विद्याशिरोमणि हुनुहुन्छ ।

हृषीकेश आश्रममा तप गरिरहेका देवदत्तको तपस्याबाट डराइरहेका थिए । उनले देवदत्तको तपस्या भङ्ग गर्न कामदेवलाई आज्ञा दिए ।

कामदेव हृषीकेश मन्दिरको परिसरमा जाँदा त्यो परिसर अत्यन्त रमणीय देखिन्थ्यो । मुनि देवदत्तको तपस्या भङ्ग गर्न आएका कामदेवले वासन्तिक वातावरण हृदयंगम गरे । मुनिको हृदयलाई कामसन्तप्त तुल्याउन प्रम्लोचा अप्सरा त्यसैबेला त्यहाँ टुप्लुक्क आइपुगिन् । प्रम्लोचा आउँदा हृषीकेश मन्दिर परिसरको भूभाग रमणीय र रोमाञ्चक प्रकृतिसौन्दर्यले आप्लावित थियो । त्यस सम्मोदमय अवसरमा प्रम्लोचा अप्सराले आएर प्रकृतिप्रेमीहरूका मानसलाई प्रसन्न तुल्याएकी थिइन् । त्यस अवसरको निसर्गसौन्दर्यको चित्रण गर्दै भनिएको छ-

समीपोपवने रम्ये नानाद्रुमलताकुले ।
मधुरालापबहुले कोकिलानां कुलाकुले ।।
रसालमञ्जरीव्याप्तरसामोदालिसङ्कुले ।
गुञ्जन्मत्तालिसन्नादस्तुतिश्रुतिधरान्विते ।।
गन्धर्वगीतसम्मिश्रे मलयानिलशीतले ।
सम्फुल्लपङ्कजवने सुनिर्मलजलाशये ।।
मुनिप्रभावसन्त्यक्तक्रौर्यस्थलजलाशये ।
मधुरामोदमधुरे चित्तक्षोभविधायिनि ।।
प्रविश्य सा वरारोहा गीतं सुमधुरं जगौ।

(वाराहपुराण,१४६/१८-२२) ।

अर्थात् अनेकौं वृक्षलताले भरिभराउ हृषीकेश आश्रम परिसरको रमणीय उद्यान कोइलीहरूको भुण्डले भरिएको र उनीहरूको श्रुतिमधुर पञ्चम नादद्वारा निनादित थियो । आम्रमञ्जरीहरूलाई छ्याप्छ्याप्ती ढाकेर रसपान गर्दा आनन्द मानिरहेका मत्त भमराहरूको चारैतिर मीठो गुञ्जन फैलिएको थियो । भमराहरूको गुञ्जनलाई आनन्द मानेर सुनिरहने प्रकृतिप्रेमीहरूले भरिएको त्यस उद्यानमा गन्धर्वहरूको सङ्गीतको धुन व्याप्त थियो । त्यहाँ मलयपवनझैं शीतल मन्दपवनको सञ्चार थियो । निरतिशय निर्मल जलाशयहरूमा कमलपुष्पका कलिकाहरू आह्लादक शोभा फैलाउँदै पुष्पित थिए । देवदत्त मुनिको तपस्याजनित सत्त्वगुणको प्रभाव चारैतिर

फैलिनाले त्यहाँका जल-स्थलमा रहने हिंस्रक स्वभावका पशुपंक्षीहरूले आफ्नो जातीय स्वभाव परित्याग गरेका थिए । मनमा मीठो गुद्‌गुदी पैदा गर्ने र वसन्तजन्य पुष्पसाम्राज्यको मधुर सुगन्धद्वारा सुगन्धित हृषीकेश आश्रमको उपवनमा एक्कासि प्रवेश गरेकी सुन्दरी प्रम्लोचाले सुमधुर गीत गाएकी थिइन् ।

३. प्रम्लोचाको आगमन र देवदत्तको तपस्याभङ्ग

सङ्गीतमय मीठो गीत सुनेर देवदत्तले ध्यानमा चिम्लिएका आफ्ना आँखा खोले । चित्त चञ्चल भयो, उपवनमा आई कन्दूकक्रीडा गरिरहेकी सुन्दरी अप्सराको हाव-भाव र कटाक्षका कारण देवदत्तले झनै कामवेदना अनुभव गरे । दुवैमा मीठो संवाद भयो र पूर्वाङ्गक्रीडा पनि । रमण र अनुपम सुखभोगको सिलसिला जारी रह्यो । अगणित दिन एवम् मास बिते र प्रम्लोचामा देवदत्तले कतिबेला गर्भाधान गरे, पत्तै भएन । अकस्मात् देवदत्तको मनमा विवेक जागृत हुँदा झल्याँस्स भए । मनमनै भने के हो मेरो तपस्याको लक्ष्य ? कहाँ म डुबें ? अनि मनमनै गुनगुनाए-

अहो भगवती माया ययाऽहं भृशमोहितः ।

जानन्नपि तपोभ्रंशं प्राप्तो दैवबलात् कृतः ।।(पूर्ववत् श्लो. ३७) ।

अर्थात् अहो ! भगवती महामायाको महिमा अपरम्पार छ । उहाँद्वारा नै म गहिरो सम्मोहमा परें । शास्त्र र अनुभवबाट माया-मोहमा पर्न हुँदैन भन्ने तथ्य जान्दाजान्दै पनि दैवको अगाडि मेरो केही लागेन, आज मेरो तपस्या भङ्ग भयो । म आफै इन्द्रियको दास बन्दा यो घटना घटेको हो । यसमा प्रम्लोचा अप्सराको कुनै दोष छैन । म अब कठोर तपस्या गर्न जान्छु । भृगु ऋषिको आश्रमनजिकै एकान्त ठाउँमा गई मैले शरीर सुकाउँछु । यसरी अठोट गरी कालीगण्डकीको पूर्वतर्फ रहेको भृगुतुङ्गमा जानका लागि हृषीकेश आश्रमबाट प्रस्थान गरे ।

४. देवदत्तको भृगुतुङ्ग यात्रा

मुनि देवदत्त हृषीकेश आश्रमबाट तल झरेर रिडीगङ्गा र कालीगङ्गाको सङ्गममा गई स्नान, देव-पितृतर्पण र विष्णु-शिवको पूजा गरेपछि कुन होला उत्तम तपस्यास्थल ? भन्ने विचार गर्दै दुवै गङ्गाको सङ्गमको उत्तरतर्फ रहेको महर्षि भृगुको आश्रमको लोकपावन सौन्दर्य नजर गर्दै सुस्तरी अगाडि बढे । भृगुतुङ्गनजिकै गण्डकीको तीरमा गई पूर्वतर्फ पवित्र, निर्जन र मङ्गलमयस्थान

अवलोकन गरी तपोभूमि ठम्याए । अनि अलिकति माथि थुम्कोमा रहेको भृगुतुङ्गमा गई भगवान् शङ्करको दर्शन पाउने आशा लिएर घोर तपस्या गर्न लागे -

त्यक्त्वाश्रममिदं चान्यत् स्थानं गत्वा समाहितः ।
तपस्तीव्रं समास्थाय शोषयिष्ये कलेवरम् ।।
इति निश्चित्य मनसा गत्वा भृग्वाश्रमं प्रति ।
गण्डकीसङ्गमे स्नात्वा सन्तर्प्य पितृदेवताः ।।
विष्णुं शिवञ्च सम्पूज्य तपःस्थानं विचिन्तयन् ।
पश्यन् भृग्वाश्रमं रम्यमुत्तरं गतवान् शनैः ।।
गण्डक्याः पूर्वभागे तु विविक्तं विजनं शुभम् ।
दृष्ट्वा तीरेषु विश्रान्तस्तपोभूमिमचिन्तयत् ।।
भृगुतुंगं समासाद्य शङ्कराराधने रत :।
अतप्यत तपो घोरं शिवदर्शनलालसः ।।(पूर्ववत् ४२-४६)।

५. शङ्करदर्शन र वरप्राप्ति

देवदत्तको दीर्घकालिक तपबाट परमप्रसन्न हुनुभएका भगवान् शङ्करले तल, माथि, यता र उता गरी चारैतिरबाट उर्लिएको जलधाराले आप्लावित लिङ्गरूप धारण गरी तपस्वी देवदत्तको हृदयको सन्ताप मेटाउँदै भन्नुभयो- 'हे मुनि ! म शिव हुँ, मेरो दर्शन गर । मलाई नै तिमीले विष्णुरूप पनि जान । हृषीकेश आश्रम परिसरमा पहिले तिमीले जुन तपस्या गऱ्यौ त्यसमा तिमीले भगवान् विष्णु र मलाई भेददृष्टिले हेरेका थियौ । त्यसैले तिम्रो तपस्यामा अप्सराद्वारा विघ्न पऱ्यो र तिमी उनै अप्सराको मायामोहमा बल्झियौ । अब तिमीले हामी दुवै देवतालाई एउटै भावले हेर । अवश्य मोक्षलाभ गर्नेछौ ।' भगवान् शङ्करका वचन सुनेर देवदत्तले स्तुति गर्दै भने -

जय पञ्चतनो! त्रितनो ! वितनो ! जय विश्वतनो ! विविधात्मतनो!
प्रणमामि सदात्मभुवे हरये, प्रणमामि नमामि भवाय च ते ।।

(गण्डकीमाहात्म्य ३/६४)।

अर्थात् पाञ्चायन देवताका रूपमा विराजमान हुनुहुने ब्रह्मा, विष्णु र शिवका रूपमा रही सृष्टि पालन र संहार गर्नुहुने, निर्गुण एवम् निराकार रूपमा रहनुहुने, विराट्रूपमा रहनुहुने र सकल प्राणीको आत्मामा विराजमान हुनुहुने स्वयम्भूरूप, हरिरूप र शिवरूप परमात्मालाई बारम्बार प्रणाम गर्दछु ।

देवदत्तको स्तुति सुनेर भगवान्ले भन्नुभयो- 'हे देवदत्त ! तिमीले गरेको तपस्याका कारण यस भृगुतुङ्गमा अनेक शिवलिङ्ग प्रकट भएका छन् । यी शिवलिङ्ग र विष्णुका मूर्तिहरूको महिमा समान छ । विष्णुको मूर्ति शिवलिङ्गसमान छ भने शिवलिङ्ग विष्णुको मूर्तिसमान छ । यो दिव्यदृष्टि मैले तिमीलाई दिएको छु । यस भृगुतुङ्गको अर्को नाम समङ्ग हो । जसले यहाँ आएर तपस्या गर्नेछ त्यसले सम्पूर्ण योगको फल प्राप्त गर्नेछ' भनी भगवान् शम्भु अन्तर्धान हुनुभयो । देवदत्त पनि तपस्याद्वारा उत्तम ज्ञान प्राप्त गरी शिवसायुज्यमा प्राप्त भए ।

६. रुरुकन्याको तपस्या र भगवान् हृषीकेशको दर्शन

देवदत्तबाट गर्भधारण गरेकी प्रम्लोचा हृषीकेश आश्रमपरिसरमा एउटी कन्या पैदा गरी स्वर्गतर्फ लागिन् । प्रम्लोचाबाट पैदा भएकी कन्याको पालनपोषण रुरु जातिका मृगहरूले गरे । रुरुहरूद्वारा पोषित हुनाले ती कन्या रुरुकन्याको नामले विख्यात भई देवदत्तकै आश्रममा रहिन् -

साऽपि कन्या मृगैस्तत्र रुरुभिर्वर्धिता सती ।
रुरुरित्येव विख्याता पितुरेवाश्रमे स्थिता ।
युवभिः प्रार्थ्यमानापि चित्ते कञ्चन नाध्यगात् ।।

(वाराहपुराण १४६/५५)।

रुरुहरूद्वारा पालन-पोषण गरिएकी रुरुकन्या बढ्दै गइन् र एउटी आकर्षक सुन्दरीका रूपमा देखा परिन् । अनेक युवाहरूले आफ्नी प्रेयसी बनाउन प्रार्थना गरे तर उनी कसैलाई पनि मनमा ठाउँ नदिएर भगवान्को भक्ति गर्दै तपस्यामा लीन भइन् ।

रुरुकन्याले जगत्का स्वामी भगवान् रमापति विष्णुलाई चिन्तन गर्दै पहिलो महिनादेखि सातौं महिनासम्म फलाहार गरिन् र आठौं महिनामा सुकेका पात खाएर तपस्या गरिन् । त्यसपछिका दिनहरूमा वायुपान गरेर तपस्या गरिन् । यसरी सय वर्षसम्म ध्यानस्थ भई तपस्या गर्दा उनी समाधिमा पुगिन् र स्थाणुझैं अर्थात् ठुटोझैं निश्चल भइन् । उनी प्राकृतिक द्वन्द्वबाट मुक्त भइन् । सर्वत्र परमात्माको दर्शन गरिरहेकी महातपस्विनी रुरुकन्या तपस्याको अत्यधिक तेजका कारण तेजपुञ्जकै रूपमा प्रकाशमान भइन् । उनको तेजले संसार ढाकियो । त्यसबेला इन्द्रियसमूहलाई नियमन गरी ध्यानमग्न

भएकी रुरुकन्याका सामु भगवान् विष्णु अर्थात् हृषीकेश प्रत्यक्ष हुनुभयो । इन्द्रियदमन गरिएको हुँदा रुरुकन्याले आफ्नै आँखाले भगवान्लाई नजर गर्न सकिनन् । भगवान्ले उनको हृदयबाट बाहिर आई उनकै इन्द्रियहरूमा प्रवेश गरेर आँखा खोलिदिनुभयो र उनले आफ्नै आँखाबाट भगवान्को दिव्यरूप दर्शन गरिन् । भगवान् पनि **हृषीक** अर्थात् इन्द्रियहरूका **ईश** अर्थात् स्वामीका रूपमा हृषीकेश नाम लिएर त्यहाँ प्रत्यक्षरूपमा विराजमान हुनुभयो । जब रुरुकन्याले आफ्नो हृदयमा दर्शन नपाएर आँखा खोलिन् त्यसबेला उनले भगवान्को पूर्णरूपमा दर्शन पाइन् । अनि गद्गद भएर आँखाभरि हर्षका आँसुका साथ भगवान्लाई प्रणाम गरिन् । भनिएको छ -

सन्निरुद्धेन्द्रियग्रामा नाचक्षत बहिःस्थितम् ।
तदा हृषीकमाविश्य संहृत्य स्वं गतो बहिः ।।
स्थितोऽहं वसुधे विष्णुः क्षणे प्रत्यक्षतां गतः ।
हृषीकेश इति ख्यातो नाम्ना तत्रैव संस्थितः ।।
सा मां यदा च नापश्यदुन्मील्य नयने तदा ।
बहिःस्थितं च मां दृष्ट्वा प्रणामाय कृताञ्जलिः ।।
गद्गदस्वरसंयुक्ता साश्रुक्लिन्नविलोचना ।।

(गण्डकीमाहात्म्य ३/८०-८३) ।

त्यस अवसरमा भगवान्ले भन्नुभयो- हे बाला ! म तिम्रो तपस्याबाट प्रसन्न भएको छु । तिमीले वर माग । भगवान्का वचन सुनेर रुरुकन्याले भनिन्-

ददासि चेद् वरं मह्यं देवदेव जगत्पते ।
अनेनैव स्वरूपेण भगवन् स्थातुमर्हसि ।। (वाराहपुराण १४६/७०)।

हे जगन्नाथ ! हे देवदेव ! हजुर ममाथि प्रसन्न हुनुभएको छ भने अहिले मलाई जुन स्वरूपले दर्शन दिनुभएको छ, यही स्वरूप लिएर यस पुण्यधाममा हजुर सर्वदा विराजमान हुनुहोस् । उनको प्रार्थना सुनेर भगवान्ले भन्नुभयो- 'लौ नानी ! अब उप्रान्त म यहीं यसै स्वरूपले बस्ने भएँ, अरु वर माग । मैले तिमीले चिताएको दिनेछु, किनकि तिमीले ठूलो तपस्या गरेकी छौ ।' उनले भनिन्- हे प्रभो ! मलाई पवित्र तुल्याउनुहोस् र यस क्षेत्रलाई मेरै नामबाट अर्थात् रुरुक्षेत्रको नामबाट विख्यात तुल्याउनुहोस् ।' भगवान्ले

भन्नुभयो- 'हे देवी ! तिम्रो शरीर तीर्थसमान पवित्र हुनेछ, यो रुरुक्षेत्र तिम्रै शरीर मानिनेछ र तिम्रै नामबाट संसारमा विख्यात हुनेछ -

तीर्थानां परमं तीर्थं तव देहो भवत्वलम् ।

तव नाम्ना च विख्यातं क्षेत्रमेतद् भविष्यति ।।(पूर्ववत् ७६) ।

७. शालग्राम शिलामा हृषीकेश भगवान्को ज्योतिर्मय प्रवेश

रुरुकन्याले इन्द्रियदमन गरी तपस्या गरेकी थिइन् । इन्द्रियका स्वामी भगवान् विष्णु हृषीकेशको रूपमा अवतरित हुनुभयो र उनलाई दर्शन दिनुभयो । त्यसबेला भगवान् विष्णुले भन्नुभयो- हे रुरुकन्या ! यो क्षेत्र तिम्रो नामबाट प्रसिद्ध हुनेछ । त्यसपछि रुरुक्षेत्र धाम विश्वमा विख्यात भयो । त्यसबेला रुरुकन्याले भनेकी थिइन्- हे भगवन् ! यो क्षेत्र मेरो नामबाट त संसारमा विख्यात हुनेभयो तर हजुर नभएको यो रुरुक्षेत्र मेरा लागि शून्यस्थान हुनेछ त्यसैले हजुर यहाँ सधैं विराजमान हुनुहोस् । रुरुकन्याको बिन्ती स्वीकार गरेर भगवान् विष्णुले आफू चतुर्बाहु रूपमा रहनका लागि तुरून्तै विश्वकर्मालाई बोलाउनुभयो र गण्डकीभित्र रहेको सुन्दर शालग्राम शिला ल्याएर विश्वकर्मालाई आफुजस्तै मूर्ति बनाउन आज्ञा दिनुभयो । त्यसपछि विश्वकर्माले भगवान्ले दिनुभएको शालग्राम शिलालाई मूर्तिको रूपमा कल्पना गरी सुन्दर आकार प्रदान गरे । अनि त्यसै आकारभित्र भगवान् विष्णु तेजोमय बनेर प्रवेश गर्नुभयो । भगवान् विष्णुले प्रवेश गर्नुभएको त्यो शालग्राम मूर्ति ३ फिट ९ इञ्च अग्लो थियो । आज पनि भगवान् त्यसै रूपमा विराजमान हुनुहुन्छ ।

यस्तो पवित्र रुरुक्षेत्रमा त्रेतायुगदेखि भगवान् विष्णु हृषीकेश नामले प्रसिद्ध भई कलियुगका प्राणीहरूको उद्धार गर्ने उद्देश्यले विराजमान हुनुहुन्छ । जीवनभर भगवान् हृषीकेशको पूजा-आराधना गरी रुरुकन्याले शरीर त्याग गर्ने बेलामा विश्वकर्माद्वारा निर्मित भगवान् हृषीकेशको चतुर्बाहु मूर्तिलाई काखमा राखी गण्डकीभित्र प्रवेश गरेकी थिइन् ।

८. पाल्पाली राजा मणिमुकुन्द सेन र भगवान् हृषीकेश

रुरुकन्या गण्डकीमा बगेर गइन्, भगवान्को मूर्ति रुरुकन्याले स्नान गर्न प्रवेश गरेको ठाउँमा जलभित्र नै रहेको थियो । पछि पाल्पाली राजा मणिमुकुन्द सेनले सपनामा उक्त दिव्य चतुर्बाहु मूर्तिको दर्शन पाए । दर्शनमा भनिएअनुसार उनले विपनामा गई गण्डकीभित्र मूर्तिको खोजी गरे । भगवान्

को कृपा भयो र उनले मूर्ति फेला पारे । विक्रमको सोह्रौं शताब्दीको उत्तरार्द्धमा रुरुकन्याको तपस्याद्वारा प्रकट हुनुभएका भगवान् हृषीकेशको जय, विजय आदि पार्षद्, शङ्ख-चक्र आदि आयुधले सुहाएको चतुर्बाहु कृष्णवर्णको अति रमणीय मूर्तिलाई वर्तमान मन्दिर रहेको ठाउँमा ल्याई स्थापना गरे । उनले पूजा-आराधनाका लागि धेरै ठाउँमा गुठीको बन्दोबस्त गरे । यो कुरा पौराणिक मात्र होइन ऐतिहासिक रूपमा पनि प्रमाणित भएको छ ।

विक्रम संवत् १८१९ मा रणदल पाण्डेयले कमलको आकारको मूर्ति तयार गरी मन्दिरमा गजुर एवम् घण्ट अर्पण गरेका थिए। पाल्पाली राजा मणिमुकुन्द सेनले स्थापना गरेजस्तो भगवान्‌को मूर्ति संसारमा कतै देखिएको छैन । यो राष्ट्रकै अलङ्कार हो । यसको संरक्षण र विकासका लागि गुठी संस्थान, केन्द्रीय कार्यालयले हृषीकेश मन्दिर व्यवस्थापन समिति गठन गरेको छ। यहाँ नित्यपूजाका साथै रामनवमी, जन्माष्टमी, माघे संक्रान्तिलगायत अनेक पर्वहरूमा मेला लाग्दछ । माघे संक्रान्तिको मेला हरिबोधिनी एकादशीको मेला र द्वादशीको रथयात्रा यहाँ निकै प्रसिद्ध छन् ।

दण्डीस्वामी कृष्णबोधाश्रमद्वारा विक्रम संवत् २०११ मा स्थापित गायत्री मन्दिर हृषीकेश मन्दिरको परिसरको शोभा बनेर रहेको छ । गायत्री मन्दिरमा भगवती गायत्रीको आराधना हुन्छ । यहाँ वैदिक शिक्षा र कर्मकाण्ड शिक्षा प्रदान गरिन्छ । नित्य हवनको व्यवस्था छ र त्यहाँ अध्ययन गर्ने वटुहरूका लागि भोजन र आवासको व्यवस्था पनि गरिएको छ ।

९. रुरुक्षेत्रअन्तर्गन्तको और्वाश्रम

रुरुक्षेत्रअन्तर्गत कालीगङ्गा र कूर्मगङ्गाको बीचमा और्वाश्रम रहेको छ । और्व ऋषिको नामबाट नै रुरुक्षेत्रको एउटा गाउँ अर्गली नामबाट प्रसिद्ध छ। त्यहाँबाट गण्डकी पूर्ववाहिनी बनेर बगेकी छन् । कूर्मगङ्गा र कालीगङ्गाको दोभानलाई गाईघाट भनिन्छ । प्राचीन समयमा अर्गलीमा और्वऋषिको दिव्य आश्रम थियो । त्यस वरिपरि पुष्पतरु, लताद्वारा अलङ्कृत अनेकौं उद्यान थिए । त्यस आश्रममा रहेर प्रजापति महर्षि और्वले ७० कल्पसम्म अखण्ड तप गरेका थिए ।

उक्त अखण्ड तप उनको जारी नै थियो । उनले आफ्नो तपस्या कुनै विशेष उद्देश्यका लागि गरेका थिएनन् । उनको कुनै स्वार्थ थिएन । उनको

स्वार्थ थियो भने त्यो लोककल्याण र विश्वशान्ति मात्र । परमेश्वरसँग उनले केही माग्नु व्यापार गर्नु हो भन्दथे । परमार्थका लागि उनको दिव्य तपस्या चुलिँदै गयो र उनको तेज पनि अपूर्वरूपमा जाज्वल्यमान् भयो । भगवान् कैलाशेश्वर शिवले महर्षिहरूबाट और्व ऋषिको प्रचण्ड तपको विषयमा थाहा पाएर त्यस आश्रममा पदार्पण गर्नुभयो । जुन बेला भगवान् शिव त्यहाँ पुग्नुभएको थियो ठीक त्यसबेला महर्षि और्व भगवान्लाई अर्पण गर्नका निमित्त कमलराशिको खोजी गर्दै हरिद्वारतीर्थमा गएका थिए ।

भगवान् शिवले भन्नुभयो- म यहाँ आएको थाहा पाई-पाई और्व ऋषि हरिद्वारतर्फ गए, उनी ठूला घमण्डी रहेछन्, मैले यिनको अभिमान त निर्मूल गर्नैपर्छ । यिनको आश्रम दिव्य रहेछ, यहाँ लक्ष्मीको वास रहेछ र सुन्दर उद्यानहरू रहेछन् । मन प्रसन्न गराउने वातावरण रहेछ, यो उनकै तपस्याको फल हो । उनलाई म सिद्ध भएँ भन्ने घमण्ड होला त्यसैले म आउँदा पनि उनले मेरो उपेक्षा गरे । अब म यसमा आगो लगाउँछु भनेर भगवान् शिवले और्व ऋषिको आश्रममा आगो लगाउनुभयो र आफू हिमालयतर्फ जानुभयो ।

केही दिनपछि महर्षि और्व आफ्नो आश्रममा फर्केर आए । शान्त, इन्द्रियजयी, क्षमाशील र सत्यव्रती मुनि और्व आफ्नो आश्रम खरानी भएको देखेर साह्रै रिसाए, मन सन्तप्त भयो, उनले भने- 'जसले मेरो मन दुखायो त्यसले पनि यस्तै दुःखले सन्तप्त भएर संसारमा घुमन्ते हुनुपर्नेछ ।'

अर्कोतर्फ महर्षिको सरापका कारण संसारमा आगो बल्यो, प्राणीहरू त्राहि त्राहि मच्चाउन थाले, स्वयं भगवान् शङ्कर पनि महादाहका कारण सन्तप्त हुनुभयो, देवताहरू भयभीत भए, अब हाम्रो उद्धार कसले गर्ला ? यही चिन्ता देवताहरूका सामु थियो । भगवान् शङ्करले आत्तिँदै पार्वतीलाई भन्नुभयो- हे प्रिया ! मलाई साह्रै औडाहा भयो । पार्वतीले भन्नुभयो- अब हामी भगवान् विष्णुको शरणमा जानुपर्छ । त्यसपछि सबै देवता भगवान् विष्णुको शरणमा गए । उहाँकै निर्देशनअनुसार सबै देवता और्व आश्रममा पुगेर दुःख निवेदन गरे ।

और्वले भन्नुभयो- हे देवगण ! मैले कहिले पनि पाप गरेको छैन, असत्य भाषण पनि गरेको छैन, अरुलाई दुःख दिने काम पनि गरेको छैन, यस्तो निःस्वार्थभावले तपस्या गरिरहँदा पनि मेरो आश्रम खरानी भयो, त्यो देखेर मै

ले सहन सकिनँ, अहिले भगवान् शङ्करसमेतलाई दुःख आइलागेछ, म त्यसो गर्न चाहन्नथें । अब भगवान् शङ्करलगायत सबै देवताले तापमुक्त हुन चाहने हो भने यो अर्गली गाउँको नजिकमा बग्ने कालीगण्डकीको तीरमा जुन तीर्थ रहेको छ त्यहाँ ७७ वटा कामधेनुका सन्तान गाईहरू ल्याउनुपर्छ । ती गाईलाई ल्याएपछि नुहाइदिएर ती गाईले नुहाएर खसेको जलद्वारा सबै देवी-देवताहरूले स्नान गर्नुपर्दछ । ती गाईहरूको पञ्चगव्यद्वारा पनि स्नान गर्नुपर्छ त्यसपछि सबै देवताहरू तापमुक्त हुनुहुनेछ ।

औौर्व ऋषिको भनाइअनुसार सबै देवताहरूले त्यहाँ ७७ वटा गाई लिएर आए । ७७ गाईमध्ये प्रत्येक द्वीपमा १०-१० गाई पठाइयो । यसरी ७ द्वीपमा ७० गाई पठाइए । बाँकी ७ वटा गाईलाई भगवान् नारायणले त्यहीं अन्तर्धान गराई राख्नुभयो र नित्य तिनै गाईहरूको दुग्धामृत पान गर्नुहुन्छ । यसरी गाईहरूको अवतारणा गराइएका कारण त्यस तीर्थको नाम गाईघाट रह्यो । भनिएको छ-

द्वीपे द्वीपे दश दश मया गाः प्रापिता धरे !
गोपितास्तत्र सप्तैव यासां दुग्धं पिवाम्यहम् ।।

(गण्डकीमाहात्म्य ६/५२-५३) ।

१०. रुरुक्षेत्रअन्तर्गतको गाईघाट

पाल्पा अर्गलीको गाईघाट महिमामय तीर्थको रूपमा प्रसिद्ध छ। अहिलेको समयमा पनि प्रत्येक वर्ष ज्येष्ठशुक्ल द्वादशी तिथिको राति १२ बजेको समयमा गाईघाटमा गाई कराएको हम्बा हम्बा ध्वनि सुनिन्छ। भनिएको छ कि-गाईको ध्वनि श्रवण गर्नाले श्रवण गर्ने नर-नारीहरूका सबै पाप निर्मूल हुन्छन्-

शुचौ शुक्लेऽथ द्वादश्यां गवां शब्दोऽत्र सुन्दरि !
श्रूयते महदाश्चर्यं श्रोतुः पापहरः पर :।। (पूर्ववत् ६/७५-७६) ।

यस तथ्यलाई वाराहपुराणले पनि प्रकाशित गरेको छ -

तस्मिन् क्षेत्रे महाभागे आश्चर्यं श्रृणु सुन्दरि !
गवां वै श्रूयते शब्दो मम कर्णसुखावहः ।।
अथात्र ज्येष्ठमासस्य शुक्लपक्षस्य द्वादशी ।
श्रूयते सुमहान् शब्दः स्वयमत्र न संशयः।। (वाराहपुराण १४७/४८-४९)।

अर्थात् हे भाग्यवती पृथिवी ! गाईघाट तीर्थमा मेरो कानलाई आनन्द प्रदान

गर्ने गाईहरूको हम्बा ध्वनि सुनिन्छ। आफै प्रकट भएको गाईहरूको हम्बा ध्वनि ज्येष्ठमासको शुक्लपक्षको द्वादशी तिथिमा सुनिन्छ। यो आश्चर्यको विषय हो।

यसै गाईघाट क्षेत्रमा पञ्चपद तीर्थ छ जहाँ पाँच दिव्य शालग्राम शिला रहेका छन् यहीं नै ब्रह्मपद नामक गुह्यतीर्थ रहेको छ। यहीं नै कोटिवटनामक तीर्थ पनि छ। भगवान्ले पृथ्वीलाई भन्नुभयो- हे धरा ! मेरो आराधना गर्दै यस तीर्थमा कसैले प्राण त्याग गर्दछ भने त्यो भक्त वाजपेय यज्ञको फलभागी हुन्छ। कोटिवटनामक तीर्थमा स्नान गर्ने भक्तले हजारौं यज्ञ सम्पादन गरेको फल पाउँदछ र अन्तमा मेरै कोटिमा प्राप्त हुन्छ। यहाँ रहेकी कालीगङ्गाभित्र विष्णुसरोवर रहेको छ। यो विष्णुसरोवर पूर्वदेखि पश्चिमसम्म पाँच कोस फैलिएको कुरा वाराहपुराणमा बताइएको छ -

अस्ति कोटिवटं नाम तस्मिन् क्षेत्रे परं मम ।
पञ्चक्रोशं ततो गत्वा वायव्यां दिशि संस्थितः ।।
तत्र स्नानन्तु कुर्वीत षष्ठकालोषितो नरः ।
बहुयज्ञस्य कोटीनां फलं प्राप्नोति निष्कलम् ।।
अत्राथ मुञ्चते प्राणान् भूमे कोटिवटे शुभे ।
यज्ञकोटिफलं भुक्त्वा मम कोटिं प्रपद्यते ।।
अस्ति विष्णुसरो नाम तस्मिन् क्षेत्रे परं मम ।
पूर्वोत्तरेण पार्श्वेन पञ्चक्रोशं न संशयः ।।(वाराहपुराण, १४७/४०-४३)

कलियुगका तापसन्तप्त प्राणीहरूलाई परमशान्ति प्रदान गर्ने रुरुक्षेत्रअन्तर्गत अर्गली गाउँको गण्डकीतीरमा रहेको गाईघाट तीर्थको विषयमा भगवान् वराहले भगवती पृथ्वीलाई बताउनुभएको विषय यहाँ सङ्क्षेपमा प्रस्तुत गरिएको छ।

कालीगण्डकीको तटमा रहेका भगवान् हृषीकेशको दिव्यधाम रुरुक्षेत्र, देवदत्त ऋषि र रुरुकन्याको आराधनाका पुण्यसौरभले सुरभित छ। तिनै कालीगण्डकी अन्यत्र सामान्यरूपमा बग्दछिन् भने रुरुक्षेत्रमा प्रवेश गरेपछि भगवान् हृषीकेशको सान्निध्य पाएर विशेष गुणवती बन्दछिन्। गण्डकीको विशेषता बताउँदै भगवान् विष्णु भन्नुहुन्छ -

स्मरणाद् दर्शनात् स्पर्शान्निष्पापो जायते नरः ।
यस्यास्तत्समतां कान्या लभेद् गङ्गां विना नदीम् ।।

(पूर्ववत् १४४/१११)।

अर्थात् जसको स्मरण गर्नाले, दर्शन गर्नाले र स्पर्श गर्नाले दर्शन गर्ने मानिस निष्पाप बन्दछन् त्यस्ती कालीगण्डकीको बराबरी भागीरथी गङ्गाबाहेक अरु कुन नदीले गर्न सक्दछ ?

कालीगण्डकीभित्र रहनुभएका शालग्रामस्वरूप चतुर्बाहु विष्णुले भगवान् हृषीकेशको रूपमा आफूलाई स्थापित गर्नुभएका कारण रुरुक्षेत्र अलौकिक महिमाले अनुप्राणित छ, भव्य छ र दिव्य छ ।

११. रुरुक्षेत्रअन्तर्गत तीन जिल्लाका मठ-मन्दिर

रिडी खोलापारिको गुल्मी जिल्ला, कालीगण्डकीपारिको स्याङ्जा जिल्ला र रिडी खोला एवम् अर्गली गाईघाटसम्मको कालीगण्डकीको तटमा रहेको भूभाग पाल्पा जिल्लामा प्रभूत गरिमा र महिमाले अनुप्राणित रुरुक्षेत्र फैलिएको छ । कालीगण्डकी घाट, भगवान् हृषीकेशको मन्दिर, रुरुकन्या मन्दिर, गायत्री मन्दिर, देवदत्त तपोवन, और्वाश्रम, गाईघाट, सत्येश्वर महादेव, कमलपोखरी गुफा, राधाकृष्ण मन्दिर, विश्वेश्वर महादेव मन्दिर, शान्त मुक्तेश्वर मन्दिर, सत्यवती पोखरी एवम् मन्दिर, मनकामना मन्दिर, सिद्धमन्दिर,

रुरुक्षेत्र



हृषीकेश मन्दिर

सिद्धेश्वर मन्दिर, बद्रीनारायण मन्दिर, और्वाश्रमेश्वरी भगवतीको मन्दिर, अमरावती भगवतीको मन्दिर, देउराली मन्दिर, देवी मन्दिर, कालिका मन्दिर, सत्यनारायण मन्दिरजस्ता महत्त्वपूर्ण र पौराणिक महत्त्वका मन्दिर एवम् तीर्थ पाल्पा जिल्लामा पर्ने रुरुक्षेत्रभित्र रहेका छन् ।

गुल्मीतर्फको रुरुक्षेत्रमा रिडी बजारको रामजानकी मन्दिर, भीमसेन स्थान, गणेशस्थान, भैरवस्थान, सिठीनख, बुद्धमन्दिर, लक्ष्मीनारायण मन्दिर,

मणिमुकुन्देश्वर महादेवको मन्दिर, गम्भीर मुक्तेश्वर महादेवको मन्दिर, गलफुले गुफा, मानिकेश्वरी कालिकामन्दिर, गोपेश्वर महादेवको मन्दिर, कञ्चनेश्वर मन्दिर, पशुपतिनाथ मन्दिर, महाविष्णु मन्दिर आदि पौराणिक महत्त्वका मूर्ति र मन्दिर रहेका छन् । रुरुक्षेत्रको यसै भागमा ऐतिहासिक महत्त्वको रिडी संस्कृत पाठशाला र रुरु संस्कृत विद्यापीठ रहेका छन् ।

स्याङ्जातर्फको रुरुक्षेत्रमा भृगुतुङ्गेश्वर महादेव मन्दिर, भृगुतुङ्गेश्वर गुफा, गणेश मन्दिर, हनुमान् शिला, सीता गुफा आदि महत्त्वपूर्ण मूर्ति र मन्दिर रहेका छन् ।

१२. रुरुक्षेत्रको विशेषता

रुरुक्षेत्रमा आई कालीगण्डकीमा स्नान गरेर हृषीकेश भगवान्को दर्शन गरेपछि तीन रातसम्म उपवास बस्ने भक्त तत्काल पवित्र हुनेछ । कुनै व्यक्तिले जानी-नजानी ब्रह्महत्या आदि पाप गरेको छ भने पनि त्यो पाप मुक्त हुनेछ । यसरी वर दिएर भगवान् अन्तर्धान हुनुभयो र रुरुकन्या पनि रुरुक्षेत्रको रूपमा परिणत भइन् । त्यस दिनदेखि गण्डकीपारि, गण्डकीवारि र रिडीगङ्गा पारिको सम्पूर्ण भूभाग अर्थात् पाल्पा, गुल्मी र स्याङ्जा जिल्लाहरूका बीचको गण्डकीप्रवाह क्षेत्र रुरुक्षेत्रको नामबाट महान् तीर्थको रूपमा विश्वविख्यात भई त्यहाँका मन्दिर, मठ, गुफा, आश्रम र घाटहरूका कारण आस्थाको केन्द्र बनेर रहेको छ ।

यसै रुरुक्षेत्रमा नेपाल सरकार, शिक्षा मन्त्रालयको मातहतमा रिडी संस्कृत पाठशाला रहेको छ, जसले सय वर्षदेखि सनातन धर्म र संस्कृतिको मुटु संस्कृत भाषाको संरक्षण, संवर्धनमा प्रशंसनीय अवदान दिँदै आएको छ । यहाँबाट पैदा भएको सुसंस्कृत र शिष्ट जनशक्तिले नेपाल राष्ट्रमा भाषा, साहित्य, प्रशासन, प्रबन्धन, कूटनीति, शिक्षण, प्राध्यापन आदि क्षेत्रलाई माथि उठाउने काम गरेको छ ।

यहीं नै स्थापना गरिएको नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गतको रुरु संस्कृत विद्यापीठले आफ्नै किसिमको योगदानबाट रुरु क्षेत्रको गौरव-गरिमा कायम गरिरहेको छ । यो रुरुक्षेत्र नेपाल र भारतका महायोगी, तपस्वी र भगवान्का भक्तहरूको साधना भूमि हो र भगवान्को भक्तिमा लागेर घर-वार परित्याग गरेका तपस्विनी, भक्तिनीहरूको तपोभूमि पनि हो । **अद्वैत विश्वविद्यालय**मा प्रवेश गरी वेदान्तविद्याको अध्ययन, मनन र निदिध्यासन

गर्ने विद्वान् महात्माहरूका लागि यो दर्शनभूमि र ज्ञानभूमि पनि हो । आज पनि नेपालकै अद्वैत वेदान्तका अद्वितीय आचार्य श्रीदेवेन्द्र सरस्वती, पं. ज्ञानेश्वर ज्ञवाली वेदान्त सूर्यको अज्ञानभेदी प्रभापुञ्ज फैलाएर ज्ञानका पिपासुहरूको ज्ञानपिपासा शमन गर्दै हुनुहुन्छ ।

१३. निष्कर्ष

रुरुक्षेत्र नेपालका चार धाम- मुक्तिक्षेत्र, पाशुपतक्षेत्र, वराहक्षेत्र र रुरुक्षेत्रमध्ये एक धाम हो । भगवान् वेदव्यासबाट रचिएका महापुराणहरूमध्ये स्कन्दमहापुराण, वाराहमहापुराण एवम् श्रीमद्भागवतमहापुराणमा समेत यसको उल्लेख हुनाले यो अतीतकालिक नेपालको गौरव उजागर गर्ने ऐतिहासिक धाम पनि हो । पाल्पाली राजा मणिमुकुन्द सेनद्वारा स्थापित विश्वको एकमात्र शालग्राममय हृषीकेशमूर्तिका कारण यो रुरुक्षेत्र अनन्त महिमाले मण्डित छ ।

नेपाली संस्कृतिको प्राणतत्त्व संस्कृतभाषा, वैदिक सनातन धर्म र नेपालभूमिको सांस्कृतिक अलङ्कार रुरुक्षेत्रको संरक्षण, संवर्धन गर्ने पुण्यकार्यमा सम्पूर्ण नेपाली नर-नारीहरूको अभिरूचि बढ्दै जाओस् भन्ने कामनाका साथ कृष्णगण्डकी र भगवान् हृषीकेशको वन्दना गर्दै कलम बिसाउँछु ।

मुक्तिक्षेत्रं शिरो यस्या रुरुक्षेत्रं च मानसम् ।
पादौ हरिहरक्षेत्रं सकृष्णां नौमि गण्डकीम् ।।
यश्चात्र प्रथमं दृष्टो भक्त्या रुरुकन्यया ।
हृषीकेशमहं वन्दे हृषीकाणामधीश्वरम् ।।

सन्दर्भस्रोत

वाराहपुराण (सन् १९८२), सम्पा. हृषीकेश शास्त्री, वाराणसी : चौखम्वा अमर भारती प्रकाशन ।

सूरि , काशीराम (वि.सं. २०५५), गण्डकीमाहात्म्य, अनु. टीकाराम अधिकारी, दाङ : म.सं.वि. ।

लेखकको प्रत्यक्ष अवलोकन भ्रमण ।

राम्दीघाट

डा. केशव प्रपन्नाचार्य[1]

१. परिचय

नेपाल पवित्र नदीहरू, पर्वतहरू एवम् धार्मिक तीर्थक्षेत्रहरूले युक्त भएको पवित्र देश हो । स्कन्दपुराणको हिमवत्खण्डमा नेपालका पवित्र तीर्थहरूको वर्णन पाइन्छ । मुक्तिनाथ, पशुपतिनाथ, गौतम बुद्ध र जानकी (सीताजी) आदिले पवित्र पारेको यस देशमा मुक्तिक्षेत्र, वराहक्षेत्र, रुरुक्षेत्र, पशुपतिक्षेत्र, देवघाटधाम, त्रिवेणीधाम, राम्दीधाम आदिको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । यी पवित्र भूमिहरूमा भगवान् विभिन्न रूपमा रहनु भएको हुनाले यो देशलाई 'देवदेश' पनि भनिन्छ । गण्डकी, कोशी, कर्णाली, मेची र महाकालीजस्ता नदीहरू र सगरमाथा, गौरीशङ्कर, अन्नपूर्णजस्ता हिमालयहरूले यस देशको शोभा बढाएका छन् ।

यस्तो पवित्र स्थानमा रहेर भगवान्को पूजा आजा एवम् भक्ति गर्नाले मोक्षसमेत प्राप्त हुन्छ भन्ने पौराणिक आधार र लोकमान्यता पनि छ । अन्य विदेशी भूमिहरू त सुखभोग गर्ने स्थानमात्र हुन् । मानव सकाम भावनाले पुण्यकर्म गरेपछि स्वर्गमा गएर त्यसको फल सुख भोग्ने गर्दछन् र पुण्यको फल भोगिसकेर यस संसारमा आएर बाँकी रहेको पुण्यको फल भोग्नका लागि अन्य भूमिहरूमा जन्म लिन्छन् । यस पवित्र भूमि (भारतवर्ष) को प्रशंसा पुराणहरूमा समेत पाइन्छ –

गायन्ति देवाः किल गीतकानि धन्यास्तु ते भारतभूमिभागे ।
स्वर्गापवर्गास्पदमार्गभूते भवन्ति भूयः पुरुषाः सुरत्वात् ।।(वि.पु२/३/२४) ।

स्वर्गमा रहने देवताहरू पनि यहाँका मान्छेहरूको प्रशंसा गर्दै गीत गाउँछन् । उनीहरू भन्दछन् जो भारतवर्षको भूमिमा जन्मेका छन् ती धन्य हुन् । किनभने यो भूमि त स्वर्ग र मोक्षको पनि कारणस्वरूप हो । त्यसै कारणले त देवाताहरूले पनि देवयोनि भोगिसकेपछि यहीँ आएर मनुष्यको रूपमा जन्म लिन्छन् ।

अहो अमीषां किमकारि शोभनं प्रसन्न एषां किमुत स्वयं हरिः।
यैर्जन्म लब्धं नृषु भारताजिरे मुकुन्दसेवौपयिकं स्पृहा हि नः।।
(श्रीमद्भागवतमहापुराण ५/१९/२१)।

---

१. लेखक श्रीरामानुज आश्रम रामदीधाम पाल्पाका पीठाधीश हुनुहुन्छ ।

देवताहरू भन्दछन् कि भारतवर्षमा जन्मेका मान्छेले के पुण्य गरेछन् ? यिनीहरूमाथि भगवान् हरि पनि प्रसन्न हुनुभएको छ । यो भारतवर्षमा जन्म लिन त हामीलाई पनि मन लागिरहेको छ, किनभने त्यहाँ जन्म लिँदा भगवान्को सेवागर्न पाइन्छ । यसरी पुराणहरूमा प्रशंसा गरिएको भारतवर्ष भरत राजाको नामबाटै प्रसिद्ध भएको छ । भारतवर्षको भरतखण्ड नेपालमा पर्दछ । यसकारण सङकल्प गर्दा **भारतवर्षे भरतखण्डे** भन्ने गरिन्छ । भरत राजाले तपस्या गरेको ठाउँ नेपालकै म्याग्दी जिल्लाको गलेश्वरक्षेत्र हो । भरत राजाले मृगको जन्म लिएको ठाउँ गलेश्वरदेखि पूर्व पर्वत जिल्लाको हम्पाल क्षेत्र कालञ्जर पर्वत हो भने मृग शरीर त्यागेको ठाउँ म्याग्दीको पुलस्त्य पुलहाश्रम हो । जहाँ पुलस्त्य र पुलह ऋषिले तपस्या गर्दथे ।

मुक्तिनाथबाट बग्दै आएकी कालीगण्डकी नदी गलेश्वर, बेनी, सेतीबेनी, रिडी, केलादीघाट, राम्दीघाट, देवघाट, नारायणगढ, त्रिवेणीधाम हुँदै भारतका महानदीमा गएर मिसिएकी छिन् । गण्डकी नदीका तटवर्ती क्षेत्रहरू पवित्र तीर्थका रूपमा प्रसिद्ध छन् । यी तीर्थहरूमध्ये राम्दीघाट पनि एउटा तीर्थ हो । मगर भाषामा 'डी' भनेको पानी हो । रामभगवान् यहाँ आएर केही समयसम्म बस्नु भएको थियो भन्ने किंवदन्ती रहेको छ । रामले स्नान गरेको एवम् पिएको पानी भएको यस क्षेत्रलाई 'राम्डी' भनियो र राम्डी नै राम्दीको रूपमा रूपान्तरित हुन गएको विश्वास गरिन्छ ।

'राम्दी' को पूर्णनाम चाहिँ रामनदीधाम हो । राम्दीलाई इतिहासकार सिद्धसन्त योगी नरहरिनाथज्यूले नै रामनदीधामको संज्ञा दिएर प्रसिद्ध पार्नुभएको हो । उहाँले गण्डकीको पूर्वपट्टि स्याङ्जाको भूभागमा दुईवटा कोटिहोमको आयोजना गरी यसक्षेत्रको प्रचार गर्नु भएको थियो । त्रेतायुगमा अयोध्याका चक्रवर्ती सम्राट् दशरथका पुत्र श्रीरामचन्द्र यहाँ आएर रहनुभयो भने पछि द्वापर युगमा बलरामजी पनि आएर रहनुभयो भन्ने लोकमान्यता रहेको छ । राम भगवान् जनकपुर जाँदा यही बाटो जानुभएको र बलरामजीको पनि मिथिला यात्राको वर्णन पुराणहरूमा पाइएकोले त्यतिखेर मिथिला जाँदा बलरामजी यहाँ आउनु भएछ भन्ने विश्वास गरिन्छ ।

२. भौगोलिक अवस्थिति

भौगोलिक अवस्थितिको रूपमा हेर्दा राम्दीधाम धेरै फराकिलो

देखिँदैन । गण्डकी नदीको वारि र पारिको भूभाग नै राम्दी हो । गण्डकी नदीको पुलमाथिबाट हेर्दा सम्पूर्ण राम्दीको सौन्दर्य देखिन्छ । यो तीर्थ पोखरा- बुटवल सिद्धार्थ राजमार्गको बीच गण्डकीतटमा पर्दछ । राम्दीको आधा भाग पाल्पा जिल्लामा पर्छ भने आधा भाग चाहिँ स्याङ्जा जिल्लामा पर्दछ । बर्तुङबाट आर्यभञ्ज्याङ, पीपलडाँडा हुँदै राम्दी जाँदा राम्दीकै छेउमा राम्दीनामको नदी पर्दछ । यही नदीको नामबाट यस क्षेत्रको नाम राम्दी पर्न भएको हो । यो नदी गण्डकी नदीमा नै मिसिएको छ । राम्दीको सानो बजार वारि र पारि दुवैतिर सम्म भूभागमा रहेको छ भने राम्दीकै छेउ छाउको भाग चाहिँ डाँडा-काँडा अर्थात् पहाडले युक्त भएको छ । पाल्पापट्टि पीपलडाँडा डाँडो नै हो भने सुनादी गाउँ डाँडामा नै बसेको छ । सिद्ध सुनगुफा अग्लो डाँडामा नै रहेको छ । स्याङ्जापट्टि बाटाको उत्तरतिरको डाँडो अग्लो रहेको छ र डाँडापारि जङ्गल नै रहेको छ । यसप्रकार यो तीर्थ जङ्गल, नदी, पहाड र समथर भूभागले युक्त भएको प्राकृतिक सौन्दर्यले युक्त भएको प्रसिद्ध क्षेत्र हो ।



रामदीधाम राधाकृष्ण मन्दिर



रामदीधाममा जलविहार गर्दै पर्यटक

३.पौराणिक सन्दर्भ

स्याङ्जा र पाल्पाको बीचमा गण्डकी नदी बग्ने हुनाले राम्दीमा गण्डकी नदीको कलकल आवाज सुन्न पाइन्छ भने तरङ्गित भएर उर्लिरहेको नदीको सौन्दर्य देख्न समेत पाइन्छ । मुक्तिक्षेत्रमा तपस्यारत विष्णु भगवान्को गण्डस्थल (गाला) बाट प्रकट भएको हुनाले यो नदीलाई गण्डकी भनिएको हो -

पुरा विष्णुस्तपस्तेपे लोकानां हितकाम्यया ।
हिमालये गिरौ रम्ये देवतागणसेविते ।।

ततो बहुतिथे काले याते सति तपस्यतः ।
तीव्रं तेजः प्रादुरासीत् येन लोकाश्चराचराः।।
तस्योष्मणा समुद्भूतःस्वेदपूरस्तु गण्डयोः ।
तेन जाता धुनी दिव्या लोकानामघहारिणी ।।
मुक्तिक्षेत्रमिदं देव दर्शनादेव मुक्तिदम् ।
गण्डस्वेदोद्भवा यत्र गण्डकी सरितां वरा ।।
भविष्यति न सन्देहो यस्या गर्भे भविष्यसि ।।

(वाराहपुराण १४४/९२-९४,१०६)।

गण्डकीको गर्भमा भगवान् शालग्राम शिलाको रूपमा भेटिनुहुन्छ । विश्वका प्रत्येक मन्दिरमा राखिने शालग्राम यही गण्डकीमा मिल्ने हुनाले कृष्णगण्डकीको प्रसिद्धि बढ्दै गएको हो र यसको महिमालाई पुराणहरूले मुक्तकण्ठले प्रशंसा गरेका छन् । सर्वदेवमय शालग्रामस्वरूप भगवान् विष्णुलाई गर्भमा धारण गर्ने हुनाले कालीगण्डकी सबै नदीहरूमा श्रेष्ठ मानिएकी छन् -

सर्वदेवमयो विष्णुः सर्वतीर्थमयी च सा ।
गौरीस्वेदोद्भवस्नानात् कोटितीर्थगुणं फलम् ।।
प्रयागे शतधा स्नात्वा कुरुक्षेत्रे च नैमिषे ।
कृष्णाभायां सकृत् स्नात्वा फलं तुल्यं भवेदिह ।

(हिमवत्खण्ड ५५/७५-७६) ।

रघुकुलनन्दन भगावन् श्रीराम पनि यही गण्डकी नदीमा स्नान गरी जगदीश्वर भगावान्‌को दर्शन गरेर फर्किएको कुरा आनन्दरामायणमा वर्णन गरिएको छ -

गण्डकीसङ्गमे स्नात्वा नेपाले जगदीश्वरम् ।
दृष्ट्वा हरिहरक्षेत्रं ययौ रघुकुलोद्भवः।।(आनन्दरामायण यात्राकाण्ड)।

गण्डकीको दर्शन गर्नाले, जल पान गर्नाले र स्नान गर्नाले सय जन्मको पाप नष्ट हुन्छ भनी हिमवत्वखण्डमा लेखिएको छ ।

दृष्ट्वा जन्मशतं पापं पीत्वा जन्मशतोद्भवम् ।
स्नात्वा जन्मशतं पापं गण्डकी हरते ध्रुवम् ।।

(हिमवत्खण्ड परिशिष्ट ७/४१)।

गण्डकीलाई चक्रनदी भनिन्छ। जहाँ आश्रमका स्थानहरूलाई दुवैतिर नाभि भएका चक्र आकारका शालग्राम शिलाहरूद्वारा चक्रनदी नाम भएकी

गण्डकी नदीले सबैतिरबाट पवित्र पार्दछिन् ।

यत्राश्रमपदान्युभयतो नाभिभिर्दृषच्चक्रैश्चक्रनदी नाम सरित्प्रवरा सर्वतः पवित्रीकरोति ।(श्रीमद्भागवतमहापुराण ५/७/१०) ।

गण्डकीको बारेमा अन्य कविहरूले पनि वर्णन गरेको पाइन्छ -

'काली कल्मषनाशिनी विजयते नेपालभूगर्भजा ।

गण्डकीमा स्नान गर्दा यो श्लोक भन्ने गरिन्छ -

हरिगण्डसमुद्भूते सुरासुरनमस्कृते ।
अघौघशमने देवि ! पापं मे हर गण्डकी ।।

(हिमवत्खण्ड परिशिष्ट गण्डकीस्तोत्र १५)।

३.धार्मिक/ सांस्कृतिक महत्त्व

गण्डकी नदीको तटमा रहेको राम्दीधामको सांस्कृतिक तथा धार्मिक महत्त्व रहेको छ । धर्म र संस्कृतिको संरक्षणकै लागि यहाँ मठ मन्दिरहरू बनेका छन् । यी मठमन्दिरहरूमा भगावन्को पूजा आजाका साथै अतिथिसत्कार एवम् उत्सव सञ्चालन आदि कार्यहरू भइरहेका मन्दिरहरूको परिचय क्रमशः प्रस्तुत गरिन्छ -

सिद्ध सुनगुफा – पाल्पा जिल्लामा नै गण्डकीतटमा सिद्ध सुनगुफा रहेको छ । यहाँ कपिल मुनिले तपस्या गर्नु भएको थियो भन्ने मान्यता छ । पछि गएर यहाँ सुनवीर नामको माझीले पनि तपस्या गरेको प्रसङ्ग सुन्ने गरिएको छ । यहाँ शिवजीलाई सिद्धबाबाको नामले पूजा गरिन्छ । मोहनी बस्याल गुफाको महन्त हुनुहन्छ । यहाँ रुद्रभिषेक एवम् रुद्री पाठ भइरहन्छ । सिद्धागुफाकै आयोजनामा पहिलो यज्ञ भएको थियो भने त्यतिखेर बनेको धर्मशालामा २०७५ श्रावणमा अर्को यज्ञ सम्पन्न भएको छ ।

राधाकृष्ण देवसभा मन्दिर – योगी नरहरिनाथकै तपस्थली समेत रहेको स्थलमा जानकी आमाद्वारा निर्मित यस मन्दिरमा राधाकृष्णका साथै शिवजी र देवीका विभिन्न मूर्तिहरू रहेका छन् । कौशिकजीद्वारा सञ्चालित यस मन्दिरमा भगावन्को पूजा अर्चनाका साथै दैनिक सत्सङ्गसमेत चल्दछ । सङ्गीतको कक्षा पनि चल्दछ । सन्ध्यामा गण्डकीमाताको भव्य आरतीसमेत हुने गर्दछ ।

श्रीरामानुज आश्रम– राम्दीको पाल्पापट्टि नै गुफातिर जाने बाटामा पाल्पा

जन्मस्थान भै अयोध्या बस्ने वैकुण्ठवासी श्री देवनायकाचार्य स्वामीद्वारा स्थापना गरिएको यो आश्रम संस्कृतिको संरक्षण र धर्म प्रचारको केन्द्र हो । शेषावतार श्री रामानुजाचार्यको चल अचल मूर्ति र वेङ्कटेश भगवान् (तिरुपति बालाजी) एवम् हनुमान्जी र विष्णुपादुकासमेत भएको यस मन्दिरमा श्रीबालकृष्णाचार्य एवम् श्रीकृष्णमाचार्यस्वामीको संरक्षण र भक्तहरूको सहयोगमा सारा कार्यक्रमहरू सञ्चालित रहेका छन् । हाल केशव प्रपन्नाचार्य अध्यक्ष तथा मठाधीश रहेको यस आश्रममा नित्यपूजा, उत्सव सञ्चालन, अतिथिसत्कार र व्याकरण एवम् इतिहास पुराण धर्मग्रन्थहरूको पठनपाठन का कार्यहरू चलिरहेका छन् ।

गौशाला– स्याङ्जातर्फ गल्याङ् न.पा.१ मा अवस्थित गौशालामा ५० को सङ्ख्यामा गाईहरू रहेका छन् । यो नयाँ गौशाला हो । यहाँ पुरानो गौशाला पनि रहेको छ । यसको सञ्चालन श्री कौशिकजी महाराजले गर्नुभएको छ । यहाँ योगी नरहरिनाथको आज्ञाले जानकी आमाद्वारा निर्मित एक जीर्ण आश्रम (टहरा) पनि रहेको छ । यी आश्रमहरूका साथै अन्य केही प्रसिद्ध मठमन्दिरहरूमा **वृद्धाश्रम, रामजानकी मन्दिर , भगवती मन्दिर, राम मन्दिर, गुम्बा, रामनिवास आश्रम, राम –जानकी–गोपाल मन्दिर, कालिका मन्दिर, महाकाली मन्दिर, भैरथान, पुस्तकालय, गायत्री अनुष्ठान केन्द्र , कैलासेश्वर मन्दिर, टीकेश्वर मन्दिर, राममन्दिर, गणेश मन्दिर, भगवती मन्दिर** पर्दछन् । यिनीहरूले यहाँको सौन्दर्य बढाइरहेका छन् ।

यी मठ मन्दिरहरूमा तीर्थवास गर्ने कल्पवासीको संख्या लगभग ७० रहेको छ । आमाहरू ५० जना र बाबाहरू २० जना जति तीर्थवास गर्नुहुन्छ । नित्य गण्डकी स्नान गर्ने, जप एवम् पूजागर्ने, दैनिक सत्सङ्ग कथा श्रवण गर्ने र सायं सन्ध्यामा गरिने गण्डकी आरतीमा सम्मिलित हुने उहाँहरूको दिनचर्या रहेको छ ।

राम्दीधामको नजिकै पाल्पातिर नै अमाहाखोलामा अंगिरा ऋषिको तपस्थली रहेको छ । बगनासकाली ४ को तीन धाँगा खानी धापमा वसिष्ठ ऋषिको तपोभूमि रहेको छ । स्याङ्जातिर मालुङ्गा नामको स्थल रहेको छ । जसलाई मार्कण्डेय ऋषिको तपस्थली मानिन्छ । यहाँ शिवजीको

महालिङ्गधाम रहेको छ । यहाँ गण्डकी नदी उत्तरवाहिनी भएर बगेकी छिन् । राम्दीको उत्तरतिर जङ्गलपारि अग्लो डाँडो रहेको छ । यसलाई मार्कण्डेयले तपस्या गरेको स्थल भनेर मान्ने गर्दछन् । यो राम्दीधाम पर्यटकीय क्षेत्र हो । यहाँ देश विदेशका यात्रीहरू भ्रमण गर्न आउँछन् । ठूली एकादशीहरू, माघे संक्रान्ति, अक्षय तृतीया श्रीकृष्ण जन्माष्टमी आदिमा मेला लाग्ने गर्दछ । यी अवसरहरूमा नदीमा, पुलमा, बाटघाटमा भीड हुने गर्दछ ।

४.वर्तमान स्थिति

राम्दीधामको वर्तमान स्थिति हेर्ने हो भने यो कम आवादी भएको क्षेत्र हो । यहाँ रिडीभन्दा पनि निकै सानो बजार रहेको छ । सिद्धार्थ राजमार्गमा चल्ने यातायातका साधनहरूको विश्रामस्थल भएका हुनाले प्रायः होटेल व्यवसाय चलेको देखिन्छ । शिक्षातर्फ मा.वि र हालसालै गुरुकुलको स्थापना भएको छ । यो ठाउँमा हुलाक, प्रहरी चौकी, स्वास्थ्यकेन्द्र र साना बैंकहरू पनि रहेका छन् । सञ्चार, विद्युत् र यातायातको पहुँच भएपनि व्यवस्थित बस्ती बस्न सकेको देखिँदैन । भएका धार्मिक संरचनाहरू पनि प्रचारप्रसारको अभावमा ओभ्मेलमा परेका छन् । यसको समुचित विकासका लागि राज्यस्तर बाटै पहल हुनुपर्ने देखिन्छ ।

निष्कर्ष

रामदीधाम नेपालका प्रसिद्ध तीर्थस्थलहरूमध्येको अभिन्न तीर्थ हो । शालग्रामवाहिनी कृष्णगण्डकीका पवित्र तटमा अवस्थित यस धामले पौराणिक, धार्मिक, सांस्कृतिक र पर्यटकीय महत्त्व बोकेको छ । सनातन वैदिक धर्मावलम्बीहरूको श्रद्धा र आस्थाको केन्द्र बन्नुपर्ने यो पुण्यभूमि अझै पनि ओझेलमा परेको देखिन्छ । गण्डकीतटका देवघाट, रुरुक्षेत्र, गलेश्वरधामजस्ता तीर्थहरूझैं यस धामलाई पनि विकासका गतिमा अगाडि बढाई मुक्तिक्षेत्रसँग सम्बन्ध जोड्न सके यस तीर्थको महत्त्व अझ बढ्नेछ । यसले गण्डकीको गौरव वृद्धिमा समेत महत्त्वपूर्ण भूमिका खेल्ने देखिन्छ ।

सन्दर्भस्रोत

आनन्दरामायण (२०१३), व्या.पं.रामतेज पाण्डेय, दिल्ली : चौखम्वा संस्कृत प्रतिष्ठान ।
विष्णुपुराण (२०७४), अनु.मुनिलाल गुप्त, गोरखपुर : गीताप्रेस ।
श्रीमद्भागवतमहापुराण (२०५८), अठारहवाँ संस्करण,गोरखपुर : गीताप्रेस ।
हिमवत्खण्ड (२०७५), अनु.सम्पा., वेणीमाधव ढकाल, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।
लेखकको भ्रमण अवलोकन ।

❖❖❖❖

हुँगीघाट

प्रा.डा.शालिग्राम सुवेदी[1]

१. आमुख

नेपाली तन र मनलाई पवित्र पार्दै नेपाली भूमिलाई सिञ्चित गर्ने प्रायः ठूला ठूला नदीहरू तिब्बतीय भूभागबाट निस्किने भए तापनि कालीगण्डकी नदी नेपाली भूमिको पवित्र दमोदर हिमालबाट समुत्पन्न भएर देवघाटमा पुगी त्रिशूलीसँग मिलेर नारायणीको रूप धारण गरेर नेपाली माटोलाई सिञ्चित गर्दै नेपाली भूभागलाई पवित्र तीर्थस्थल बनाउँदै आफ्नो गन्तव्यमा पुग्ने कालीगण्डकीको नेपालको मात्रै नभएर समस्त भारतवर्षको पवित्रतम नदीमा गणना हुन्छ । काशीराम सूरिद्वारा विरचित गण्डकीमाहात्म्यमा विष्णुको गण्डस्थल (गाला) बाट निस्केको हुँदा गण्डकी नामकरण भएको हो भनिएको छ भने पवित्रताको वर्णन गर्ने क्रममा हिमालयलाई विष्णुको स्वरूप तथा कालीगण्डकीलाई विष्णुको गालाको पसिनाको रूपमा वर्णन गरिएको छ -

गण्डस्वेदोद्भवा ह्यत्र गण्डकी सरितां वरा ।
नगो हिमालयो नाम तव रूपो न संशयः।।
त्वद्गण्डस्थलसंभूता यत्र दिव्या सरिद्वरा ।

(गण्डकीमाहात्म्य २/६१, ७७)।

मार्कण्डेयपुराणमा कालीगण्डकीलाई हिमालबाट निस्केको पवित्र नदी हो भनिएको छ -

विपाशा देवका इक्षु निश्चिता गण्डकी तथा ।
कौशिकी चापगा विप्र हिमवत्पादनिसृताः ।।

(मार्कण्डेयपुराण ५७ / १८)।

गण्डकीमाहात्म्यमा कालीगण्डकी र सेतीगण्डकीलाई माछापुच्छ्रेबाट निस्केका पवित्र नदी भनिएको छ -

मत्स्यपुच्छाचलाग्राच्च गण्डक्योः सङ्गमावधिः ।(गण्डकीमाहात्म्य १/५)।

पद्मपुराणमा पनि गण्डकीको वर्णन गरिएको छ -

---

१. लेखक नेपाल संस्कृत विश्वविद्यालय वि.सं.वि.(क्याम्पस) पोखराका प्राध्यापक हुनुहुन्छ ।

गण्डकीं तु समासाद्य सर्वतीर्थजलोद्भवाम् । (पद्मपुराण १७९/१)।

देवीभागवतमा कालीगण्डकीलाई तुलसीको परिवर्तित रूप भनिएको छ -

इयं तनुर्नदीरूपा गण्डकीति च विश्रुता ।

पूता सुपुण्यदा नृणां पुण्ये भवतु भारते ।।

सद्यस्तद्देहजाता च बभूव गण्डकी नदी ।

ईश्वरः सोऽपि शैलश्च तत्तीरे पुण्यदो नृणाम् ।।

(श्रीमद्देवीभागवत ९ /२४/३१, ९८)।

तुलसीको शरीरबाट कालीगण्डकी नदी उत्पन्न भएपछि भगवान् नारायण पनि कालीगण्डकीको गर्भमा मानव जातिलाई पुण्यप्रदान गर्नका निमित्त शालिग्राम स्वरूपमा बस्ने वाचा गर्दै म पनि तिम्रो श्रापले काली-गण्डकीको तीरमा शालिग्रामशिलाको रूप धारण गरिरहनेछु र त्यस नदीमा रहने हजारौं कीरकहरूले आआफ्ना तीखा दाँतले काटेर शालिग्राम शिलामा चक्रको चिह्न बनाउने छन् भनिएको छ -

अहञ्च शैलरूपेण गण्डकीतीरसन्निधौ ।

अधिष्ठानं करिष्यामि भारते तव शापतः ।

तच्छिलाकुहरे चक्रं करिष्यन्ति मदीयकम् ।

(श्रीमद्देवीभागवत ९/२४/५६,५७)।

चक्रयुक्त शालिग्राम शिला प्राप्त हुने हुँदा कालीगण्डकीलाई चक्रनदी भनिएको छ । पुलहाश्रमको नजिक तल माथि दुवैतिर नाभिको समान चिह्न भएका चक्राकार शालिग्राम शिलाले युक्त चक्रनदी (काली गण्डकी) नाम गरेकी भारतवर्षकै पवित्रतम नदी आफ्ना तटमा अवस्थित प्राणी तथा आश्रमहरूलाई चारैतिरबाट पवित्र पार्दै बगेकी छन् भनिएको छ - **यत्राश्रमपदान्युभयतोर्नाभिभिर्दृषच्चक्रैश्चक्रनदी नाम सरित्प्रवरा सर्वतः पवित्रीकरोति ।।** (श्रीमद्भागवतमाहापुराण ५/७/१०) ।

एउटै परमात्माबाट यो संसार सञ्चालन भए तापनि व्यष्टिमा सृष्टिका लागि ब्रह्मा, पालनका लागि विष्णु र संहारका लागि शिवलाई स्वीकार गरिन्छ। समष्टिमा एउटै परमात्मको स्वरूप स्वीकार गरिन्छ। त्यसरी नै व्यष्टि

र समष्टिमा देखिने उक्त त्रिदेवको स्वरूपलाई नेपालको पवित्र भूमिबाट निःसृत भई नेपाली माटोलाई सिञ्चत गर्ने सेतीगण्डकीले ब्रह्माको स्वरूप, काली-गण्डकीले विष्णुको स्वरूप त्रिशूलीले शिवको स्वरूपलाई व्यक्त गरेका छन् भने समष्टिस्वरूप परमात्मको शक्तिको रूपलाई देवघाटबाट नारायणीले व्यक्त गरेकी छन् ।

विराट् पुरुषको आविर्भावपछि उसले आफ्नो अवस्थितिका लागि आफ्नो सङ्कल्पबाट जल उत्पन्न गऱ्यो । विराट् पुरुष (नर) बाट उत्पन्न भएको हुँदा जललाई (नार) भनियो । त्यही नारमा निवास गर्ने विराट् पुरुषलाई पुंलिङ्गमा नारायण भनिन्छ भने नदीरूप स्त्रीलिङ्गमा नारायणी भनिन्छ ।

आपो नारा इति प्रोक्ता आपो वै नरसूनवः ।
ता यदस्यायनं पूर्वं तेन नारायणः स्मृतः ।।(मनुस्मृति १/१०)।
नराणामयनं यस्मात्तेन नारायणस्मृतः । (कूर्मपुराण, पूर्वार्द्ध ४/६१)।
तास्ववात्सीत् स्वसृष्टासु सहस्रपरिवत्सरान् ।
तेन नारायणो नाम यदापः षुरुषोद्भवाः।।(श्रीमद्भागवत २/१०/११)।

कालीगण्डकी अनेक हिमाली खोलाहरूको समष्टिरूप पनि हो । यसमा मुक्तिनाथ मन्दिरका १०८ धाराबाट प्रवाहित जल पनि समाहित हुने हुँदा कालीगण्डकीको महिमा बढेको छ । धार्मिक महत्त्वका साथसाथै कालीगण्डकीले प्राकृतिक सौन्दर्य र पर्यटकीय सम्भाव्यतालाई वहन गरेको छ भने नदीजन्य भौतिक पदार्थ प्रदान गरी जैविक विविधतालाई बढाएको छ । यस नदीले भारतीय गङ्गासँग दोस्ती गरी महासागरमा विश्राम लिन्छ ।

२.घाट

स्नानका लागि या स्थानान्तरणका लागि मानव जहाँबाट आवागमन गर्छ (**घट्टते स्नानार्थ स्थानान्तरणार्थ वा जनः अस्मिन्**) यस अर्थमा संस्कृतको 'घट्ट' धातुदेखि अधिकरण अर्थमा **हलश्च । ३ । ३ । १२१** । ले 'घञ्' प्रत्यय भएर घट्ट शब्दको निर्माण हुन्छ । घट्ट शब्दको नेपाली अर्थ घाट हो । घाट अनेकार्थी शब्द हो । यहाँ नदीको दायाँबायाँको किनार, तीर्थस्थल, नदी वा जलाशयको पानी भएको ठाउँमा पुग्न सकिने सुगम स्थान, आवागमनका निम्ति सजिलो पर्ने ठाउँ या जहाज डुङ्गा आदिबाट ओर्लने वा तिनमा चढ्ने ठाउँको

अर्थमा प्रयोग गरिएको छ। हुन त घाट शब्दबाट नदीको दायाँबायाँको किनारको बोध भए तापनि यहाँ भने स्याङ्जा जिल्लामा पर्ने साबिक तुलसीभञ्ज्याङ् गा.वि.स.वडानं.३ हाल गल्याङ् नगरपालिका वडा नं. ११ मा पर्ने पाखचौर को क्षेत्रमा बग्ने कालीगण्डकीको वारिको भागलाई सम्बोधन गरिएको छ।

२.१ हुँगीघाट

कालीगण्डकी स्याङ्जा र पाल्पा जिल्लाको सिमानामा बग्ने हुँदा यस नदीले स्याङ्जा र पाल्पालाई छुट्याएको छ। गण्डकी पारि पाल्पा-तिरको ठाउँको नाम हुँगी साबिक हुँगीमा बसोबास गर्ने मानिसले स्थनान्तरणका लागि आवागमन गर्ने अर्थात् हुँगी जाने र हुँगीबाट आउने ठाउलाई नै हुँगीघाट भनिएको हो।

अथवा गण्डकीवारिको (स्याङ्जातिरको) क्षेत्रलाई शालिग्रामक्षेत्र भनिन्छ। शालिग्रामक्षेत्रमा जसको दाहसंस्कार हुन्छ त्यसको मुक्ति हुन्छ भन्ने शास्त्रीय मान्यता रहेको छ। यसैका आधारमा गण्डकीपारि (पाल्पातिरको क्षेत्र) हुँगी गा.वि.स.मा बसोबास गर्ने मानिसले पनि मुक्तिका लागि गण्डकीवारि (स्याङ्जातिरको) शालिग्रामक्षेत्रमा ल्याई दाहसंस्कार गर्ने तथा स्नान आदि गर्ने हुँदा यस घाटलाई हुँगीघाट भनिएको हो भन्ने जनधारणा पनि रहेको छ।

३.भौगोलिक अवस्थिति

यस घाटको पूर्वीतिर साबिक पकवादी गा.वि.स. हाल ग.न.पा. ९ पर्छ भने पश्चिमतिर साबिक जगत्रदेवी गा.वि.स. हाल ग.न.पा. ३ पर्छ। यस घाटको उत्तरतिर साबिक पेलाकोट गा.वि.स.हाल ग.न.पा. ७ पर्छ भने दक्षिणतिर कालीगण्डकी पाल्पा साबिक हुँगी गा.वि.स. हाल रम्भा गाउँपालिका वडा नं.१ पर्छ।

सिद्धार्थ राजमार्गको निर्माण नभएको अवस्थामा यो घाट गण्डकी पार गरेर भारततर्फ प्रवेश गर्ने सरल नाकाको रूपमा पनि प्रसिद्ध नै थियो। तुलसीभञ्ज्याङ् वडा कार्यालयले २०६९ मा तयार पारेको भिलेज प्रोफाइलका अनुसार साबिक तुलसीभञ्ज्याङ् गा. वि..स.वडा नं.३ हाल ग.ल.पा. ११ को जनसङ्ख्या महिला २९३९ तथा पुरुष ३०७७ गरी जम्मा ६०१६ तथा घरधुरी

९७० रहेको छ । यहाँका मानिस कृषि पेसामा संलग्न भई आफ्नो जीविकोपार्जन गर्दछन् । अस्तिक भावनाले पूर्ण पनि छन् ।

बुटबल पावर कम्पनीले आँधीखोलाको पानीबाट तुलसीभञ्ज्याङ क्षेत्रबाट विद्युत् उत्पादन गर्दा आँधीखोलाको पानीलाई तीन भागमा बाँढी दुईभाग विद्युत् उत्पादनका लागि र एक भाग सम्बन्धित क्षेत्रको सिञ्चाइका लागि भनी आँधीखोला जल उपभोक्ता समितिसँग सम्झौता गरिएको हुँदा सोही सम्झौताअनुसार आँधीखोला बहुउद्देशीय सिञ्चाई परियोजनाको सुविधाले गर्दा त्यस क्षेत्रमा बसोबास गर्ने मानिसले मौसमी बेमौसमी तथा आलु खेतीबाट प्रशस्त आय आर्जन गरेका छन् । यस क्षेत्रका प्रमुख वनस्पतिमा खयर तथा साल अग्रपङ्क्तिमा आउँछन् ।

४.धार्मिक तथा सांस्कृतिक महत्ता

स्याङ्जा र पाल्पाको सिमानामा रहेको यो घाट रमणीय हुनुका साथसाथै उत्तरवाहिनी गण्डकी प्रवाहित हुने हुँदा मुक्तिदायी पनि छ । हुन त गण्डकी नदी भारतवर्षकै पवित्रतम नदी हुन् । उनको जल जहिले पनि जहाँ पनि सबैका लागि पवित्र र सेवनीय नै छ । तापनि ठाउँ विशेषले काल विशेषले र पर्वविशेषले त्यसको पवित्रता र महिमालाई अझ बढी प्रतिबिम्बित गरेको हुन्छ ।

२०६१ मा प्रकाशित माधवशरणदेवको स्मृतिग्रन्थअनुसार २००५ मा माधवशरण देवज्यूले हुँगीघाटमाथि पाखिचौरमा आएर धँयराको झुपडी बनाएर भजन गर्न थालेको बुझिन्छ । यसै ठाउँमा २०१० सालमा रामपुर निवासी श्रद्धालुले धार्मिक जीवन यापनका लागि पौवा निर्माण गरिएको छ । त्यसपछि यसै ठाउँमा साधकका लागि भजन कुटियाको व्यवस्था गरियो । २०२५ सालमा श्रीकृष्ण यज्ञशालाको निर्माण भयो र यज्ञशालामा दैनिक हवन हुन थाल्यो । पठन, पाठन, पूजन , हवनका साथसाथै उत्तरवाहिनी गण्डकीमा स्नान गर्न पाउने अभिलाषाका कारण यस क्षेत्रमा श्रद्धालु भक्तजनको आवागमन हुन थाल्यो । निस्वार्थ भावले भजनकीर्तन र साधनामा तल्लीन माधवशरणको मनमा ज्ञानको ज्योतिसँगै शिक्षाको ज्योति पनि बाल्नुपर्छ भन्ने भावना जाग्यो । माधवशरणको संलग्नतामा २०२४ साल माघ २६ गते श्रीपञ्चमीका

दिनदेखि विधिवत् पठनपाठन प्रारम्भ भएको हो । पाखिचौर बगैंचामा राधासर्वेश्वर देववाणी विद्यालय सञ्चालन गर्नका लागि जिल्ला पञ्चायत कार्यालय स्याङ्जाले दिनाङ्क २०२४ । ९ । ३० गतेका दिन अनुमति दिएपछि स्थानको अभावमा २०१० सालमा रामपुर निवासी श्रद्धालुले धार्मिक जीवन यापनका लागि निर्माण गरेको पौवामा विद्यालय सञ्चालन भयो । यस पङ्क्तिकारले पनि २०२९ साल पुस १४ गतेदेखि २०३१ कार्तिकसम्म २ वर्ष राधासर्वेश्वरको छात्रावासमा बसी अध्ययन गर्ने अवसर प्राप्त गरेको थियो । कालीगण्डकीको हुँगीघाट नजिकमा रहेको राधासर्वेश्वर प्राथमिक विद्यालय अहिले विद्यार्थीहरूको प्रतीक्षामा र सञ्चालकको पर्खाइमा रहेको छ ।

निस्वार्थ भावले सत्कर्मरत माधवशरणको क्रियाकलापबाट प्रभावित भई २०२६ मा कुलप्रसाद ज्ञवालीका पाँच भाइले पाखिचौरको बगैंचाको जग्गा भजनकीर्तनका लागि माधवशरणलाई दिएपछि स्याउलाले बारेका स्याउलाले छाएका कुटिया बने र तिनै कुटियामा प्रवचन भजन कीर्तन र साधनाका लागि हुल लागे पछि त्यसै ठाउँमा माधवशरणद्वारा श्री राधासर्वेश्वर भगवान्को मन्दिर निर्माण गरियो । त्यही मन्दिरमा २०२३ सालमा श्री राधासर्वेश्वरको मूर्तिलाई विधिपूर्वक प्राणप्रतिष्ठा गरी अर्चना प्रारम्भ गरिएको थियो । त्यसपछि क्रमशः भक्त तथा श्रद्धालुका लागि पौवाहरू बन्न लागे । हुँगीघाटमा स्याङ्जा बजारसम्मका शवहरूको दाहसंस्कार गरिने र ठूली एकादशी आदि विशेष पर्वमा गण्डकीस्नान गर्न जाने, चौमास व्रतका लागि हुँगीघाटमा बस्ने, गुरुकुलमा बसेर पढ्न चाहने विद्यार्थीका लागि आवासको व्यवस्था आदिले गर्दा हुँगीको महिमा अति नै बढेको थियो । यस घाटमा कालीगण्डकी उत्तरवाहिनी भएका कारणले पनि यस ठाउँको महिमा अझ बढेको छ ।

घामपानीबाट बँचेर वन्यजन्तुबाट सुरक्षित रही उत्तरवाहिनी गण्डकीको पवित्रतम जलमा प्रतिदिन स्नान गरेर तनलाई र साधनाबाट मनलाई पवित्र बनाई आफ्ना आराध्य देवमा तनमनलाई समर्पण गरी आराधनामा लाग्ने हेतुले श्रीमाधवशरण देवाचार्यले पाखिचौरबाट झर्दा झोलुङ्गे पुलको दाहिने-तिरको गण्डकीको वारिपट्टिको तीरमाथिको पहरोलाई खोबेर आफू बस्न र

सुत्न मिल्ने गरी बनाएको गुफा पनि अवलोकनीय नै छ।

एक त भारतवर्षकै पवित्रतम नदी गण्डकीको जलले सिञ्चित भूमि अनि उत्तरवाहिनी गण्डकीको जलले भिजेको स्थल तथा पवित्रात्मा माधवशरण देवबाट स्थापित, निर्मित र पूजित राधासर्वेश्वर मन्दिरको सामीप्यले हुँगीघाटको महिमालाई अझै बढाएको छ। यसै कारण स्याङ्जा बजारसम्मका मानिसहरू यस घाटमा स्नान, दान र धर्मकर्म गर्न पुग्छन् भने देहावसानपछि पनि शवलाई यसै घाटमा दाह गरी आफूलाई सांसारिक बन्धनबाट मुक्त बनाउँछन्। तसर्थ यस घाटको धार्मिक तथा सांस्कृतिक महत्त्व रहेको छ।

५.वर्तमान स्थिति

अहिलेको युग प्रविधि र विकासको युग हो । प्रविधि र विकास भनेको मानिसको मानसिक विकासको चेतनाको द्योतक पनि हो । अहिलेको मानिस भौतिक विकासका साथसाथै आर्थिक विकासले पनि सबल बन्दै गएको छ। आर्थिक विकासका कारण मानिस भौतिक सुविधाको आकर्षणले तानिएको पनि छ। यसै कारण आर्थिक भार वहन गर्न परे पनि मानिस सुगम क्षेत्रमा नै आफ्ना सम्पूर्ण कृत्यहरू सम्पन्न गर्न चाहन्छ। तसर्थ आर्थिक अभावमा र श्रद्धाको उत्कर्षमा जति मानिसहरू हुँगीघाटमा आफ्ना धार्मिक कृत्यहरू सम्पन्न गर्न जान्थे अहिले त्यो सङ्ख्या ह्वात्तै घटेको छ। दाहसंस्कारका लागि पनि यस घाटमा पहिलेका झैँ टाढा टाढाबाट शवहरू ल्याइँदैनन् । एवम् धार्मिक कृत्य, पर्व, मेला र उत्सवमा पनि मानिसहरूको उल्लेख्य भीड रहेको पाइँदैन।

गण्डकीको तट हुँगीघाटमा वारपार गर्ने पुल थिएन । त्यसबेला डुङ्गा नै वारपार गर्ने साधन थियो । हुँगीघाटमा २०४९ मा झोलुङ्गे तथा २०७४मा पक्कीपुल बनेपछि पुलको अभावमा मानिसलाई गण्डकी वारपार गराउने एकमात्र साधनको रूपमा घाटमा सञ्चालित डुङ्गा सञ्चालन व्यवसाय विस्थापित भएको छ भने पुलको निर्माणपछि घाटमा नदीजन्य सामग्रीको उत्खननले तीव्रता लिएको छ । अब धार्मिक कृत्यले भन्दा घाटमा दोहन कार्यले प्राथमिकता पाएको छ। धार्मिक कृत्यका लागि टाढा टाढाबाट मानिसहरू नआउने र दाहका लागि पनि शव नल्याइँने हुँदा

सो प्रयोजनका लागि घाटमा प्रायः शून्यता छाएको छ भने विकासको क्रमले दोहनका लागि भने चहलपहलमा तीव्रता बढेको छ । विकासका साथसाथै गण्डकीको प्रवाहमा परिवर्तन आएको छ। घाट साँघुरिँदै गएको छ। मानिसको धार्मिक आस्थामा पनि ह्रास आउँदै छ । पुलको निर्माण भएपछि यातायातका साधनको सहजताले गर्दा गण्डकी किनारमा रहेका ढुङ्गा गिट्टी बालुवा आदिको उत्खनन तथा निकासीले गर्दा गण्डकीको प्रवाह र घाटको स्वरूपमा परिवर्तन आएको छ । विकासका साथसाथै घाटको संरक्षण र प्रवर्धन गरी धार्मिक पर्यटनको विकास गर्नु वर्तमान समयको माग र जनसमुदायको चाहना पनि हो ।

६.विकासका सम्भावना

आँधीखोला बहुउद्देश्यीय सिञ्चाई परियोजनाको सुविधालाई यथाशक्य सदुपयोग गरी मैसमी तथा बेमौसमी तरकारी खेतीको व्यवस्थाका साथसाथै त्यस क्षेत्रका प्रमुखरूपमा रहेका खयर तथा सालको प्रवर्धन र संरक्षण, गण्डकीको स्वरूप र महत्तालाई नखलबलाई नदीजन्य पदार्थको उपभोग तथा त्यस क्षेत्रमा हुने कार्तिक ठूली एकादशीको मेला, माघे सङ्क्रान्ति मेला तथा राधासर्वेश्वर मन्दिरको वार्षिकोत्सव आदिलाई मर्यादित र व्यवस्थित गरी धार्मिक पर्यटक तथा श्रद्धालुलाई आकर्षित गर्न सक्ने हो भने त्यस क्षेत्रको विकासले गति लिन सक्छ ।

७.पर्यटकीय विशेषता

स्याङ्जा र पाल्पा जिल्लाको साँधमा रहेको हुँगीघाट समतल क्षेत्रमा रहेको हुँदा धार्मिक कृत्यका लागि सजिलो छ । गण्डकीका पवित्र कणहरूले सिञ्चत गण्डकी वारिपारिको हरियालीले गर्दा मनमोहक तथा उत्तरवाहिनी गण्डकीको प्रभावले र राधासर्वेश्वर मन्दिरको सामीप्यले गर्दा यस घाटलाई महत्त्वपूर्ण पुण्यभूभि तुल्याएको छ। तसर्थ यस क्षेत्रमा पर्यटन गर्ने पर्यटकहरूले मनोरम दृश्यका साथसाथै विशेष पुण्यार्जन गर्ने हुँदा यो घाट भौगोलिक तथा धार्मिक दृष्टिले महत्त्वपूर्ण रहेको छ।

८.निष्कर्ष

नेपाल भूमिलाई महिमायुक्त बनाउने पुण्यसलिला कालीगण्डकी क्षेत्रको हुँगीघाट क्षेत्र विशेष पुण्यभूमिभित्र पर्ने हुँदा यस क्षेत्रका धार्मिक मठमन्दिरलाई व्यवस्थित गरी रधासर्वेश्वर विद्यालयलाई सञ्चालनमा ल्याउनुपर्छ। नदीजन्य पदार्थको उपभोग गर्दा धार्मिक पर्यटनमा आँच आउने काम नगरी सिञ्चाई परियोजनालाई व्यवस्थित गर्नुपर्छ। धार्मिक पर्यटनलाई बढाउन र उत्पादित पदार्थको बजार व्यवस्थापन गर्न सडक सञ्जालको विस्तार गर्नुपर्छ।

सन्दर्भस्रोत

कूर्मपुराण, (वि.सं.२०१८) कलकत्ता : गोपाल प्रिण्टिङ्ग बर्क्स।

भिलेज प्रोफाइल (वि.सं.२०६९), तुलसी भञ्ज्याङ् वडाकार्यालय।

मनु, (सन् १९२९) मनुस्मृति, मुम्बई : निर्णयसागर।

माधवशरण देव स्मृतिग्रन्थ (वि.सं.२०६१), हुँगीघाट : श्री निम्बार्क सत्सङ्गाश्रम।

मार्कण्डेयपुराण, (वि.सं.२०१८) कलकत्ता : गोपाल प्रिण्टिङ्ग बर्क्स।

श्रीमद्देवीभागवतमहापुराण, (वि.सं.२०६५) गोरखपुर : गीताप्रेस।

श्रीमद्भागवतमहापुराण, (वि.सं.२०६७) गोरखपुर : गीताप्रेस।

सूरि, काशीराम (वि.सं.२०५५), गण्डकीमाहात्म्य, अनु.टीकाराम अधिकारी बेलभुण्डी दाङ् : म.सं.वि.।

✡✡✡✡

मणिमुकुन्द घाट

प्रमोद पंज्ञानी[1]

१. परिचय

नेपाल तीनतर्फ भारत र एकातिर चीनसँग साँध जोडिएको, हिमालयको मध्य प्रदेशमा स्थित उत्तरमा उत्तुङ्ग हिमश्रृङ्खलासँगै क्रमशः दक्षिणतर्फ महाभारत लेक, चुरे पर्वतश्रेणी हुँदै समथर तराईमा विस्तारित अनि यही अवस्थितिभित्रका अनेक लेकबेंसी, भञ्ज्याङ, उपत्याका, खोँच, टार, फाँट र दूनद्वारा संरचित तथा प्राचीन कालदेखि नै विशेष धार्मिक, सांस्कृतिक र ऐतिहासिक एवम् सामाजिक गौरवगाथालाई आफूमा अक्षुण्ण राख्दै आएको देश हो । संसारका मानिसलाई आकर्षित गर्न सक्ने भौगोलिक एवम् प्राकृतिक सौन्दर्यले भरिपूर्ण यो देश जलाधार स्रोतका दृष्टिले पनि उत्तिकै धनी छ । कैयौं ताल तलैया, झरना, खोला र नदीहरूले सुशोभित छ यो देश । ती नदीहरूमध्ये हिमालदेखि पहाड हुँदै तराईसम्मको यात्रामा अनवरत प्रवाहित हुने कालीगण्डकी एक नदी हुन् । यिनै कालीगण्डकीको मुहान देखि दोभानसम्म अनेक पाटीपौवा, मठमन्दिर, तीर्थस्थल, वेणी र घाटहरू अवस्थित छन् । यस्तै स्थानहरूमध्ये कालीगण्डकी किनारमा स्थित स्याङ्जा जिल्ला, चापाकोट नगरपालिकामा पर्ने मणिमुकुन्द घाट पनि एक ऐतिहासिक पवित्र तीर्थस्थलका रूपमा रहिआएको छ । यस लेखमा सोही स्थानको परिचयात्मक अध्ययन गरिएको छ ।

२. कालीगण्डकी र मुकुन्दखोला

कालीगण्डकीको महत्त्व र विशेषता शालिग्रामसँग जोडिएको छ । किनकि कालीगण्डकीलाई शालिग्रामी नदी पनि भनिन्छ । त्यसैले शालिग्राम स्रोतका आधारमा कालीगण्डकीको मुहान खुट्याउने गरिन्छ । दामोदरकुण्डबाट बगेर आएको डिखोलामा शालिग्राम पाइन्छ । यो खोला लोमान्थाङबाट आएको खोलामा मिसिएर अगाडि बढ्दछ । यस दृष्टिले शालिग्राम स्रोतका आधारमा दामोदरकुण्डलाई कालीगण्डकीको उद्गमस्थल मान्नुपर्दछ (गुरुङ, २०६७, पृ. ४) । यसरी उत्पत्ति भएर बगेकी कालीगण्डकीले यात्रा प्रवाहका क्रममा आफूसँग मिसिन आएका विभिन्न सानाठूला खोलाहरूलाई समाहित

१.लेखक त्रिभुवन आदर्श बहुमुखी क्याम्पस स्याङ्जाका उपप्राध्यापक हुनुहुन्छ ।

गर्दै देवघाटमा पुगी त्रिशूलीलाई पनि आफूमा एकाकार गराएको देखिन्छ।

स्याङ्जा जिल्लाको दक्षिणपूर्व भागमा एक उपत्यका छ। बीचमा बगेकी कालीगण्डकीको पारिपट्टि रहेको पूर्वी पाल्पाको रामपुर फाँट र वारिपट्टि रहेको दक्षिण पूर्वी स्याङ्जाको चापाकोट फाँटको संयोगबाट बनेको उक्त विशाल उपत्यकाको उत्तरपश्चिम भागमा अवस्थित डाँडामा चाँपकोट नामक ऐतिहासिक कोट छ। ठूलो चाँपको रूखमुनि कोट रहेकोले यस कोटको नाम चाँपकोट रहन गएको भनाइ पाइन्छ। यही चाँपकोट नाम कालान्तरमा अपभ्रशं हुनगई त्यस भेगकै नाम चापाकोट रहन गएको बुझिन्छ। यही कोट रहेको डाँडाको दक्षिणतर्फको पानीढलोको फेदीबाट निस्केका पानीका मूलहरू जम्मा भएर अगाडि बढी प्रवाहमय गतिमा दक्षिणपूर्व हुँदै बगेर कालीगण्डकीमा मिसिन पुग्ने खोलालाई नै मुकुन्द खोला नामले पुकार्ने गरिन्छ। मुहान र दोभान बीचको दूरी पर्याप्त लामो नभए पनि यस खोलामा पानीको बहाव निरन्तर देखिन्छ। एउटा महत्त्वपूर्ण पक्ष के छ भने कालीगण्डकीका तुलनामा कमै मात्रामा भएपनि यस खोलामा शालिग्राम पाइन्छ।

३.भौगोलिक अवस्थिति

वर्तमान राजनैतिक विभाजनद्वारा निर्मित संरचनाअनुसार नेपालको गण्डकी प्रदेशअन्तर्गत स्याङ्जा जिल्लाको चापाकोट नगरपालिका वडा नम्बर ८ र ९ को सीमाक्षेत्रमा अवस्थित मुकुन्द खोला कालीगण्डकीमा मिसिएर एकाकार भएको ठाउँ वा दोभान नै मणिमुकुन्द घाटका नामले परिचित स्थान हो। यस घाटको पारिपट्टि पाल्पा जिल्लामा पर्ने खैरेनी नामले चिनिने, सिमलका विशाल रुखहरूले वेष्टित घना जङ्गल रहेको छ। उक्त जङ्गलमा हाल लोपोन्मुख अवस्थामा रहेको मानिएका जटायु पंक्षीको बासस्थान रहिआएको छ। यो घाट उत्तरवाहिनी क्षेत्रका रूपमा समेत परिचित छ। किनभने यहाँ पूरा १ कि.मि. लम्बाइयुक्त दूरीमा कालीगण्डकी दक्षिणबाट उत्तरदिशातर्फ बगेको देख्न सकिन्छ। मणिमुकुन्द घाट कालीगण्डकी किनारमा रहेका हुँगीघाट र केलादीघाटको बीचमा रहेको प्रसिद्ध घाट हो। यस घाटको सेरोफेरोमा प्राचीन मणिमुकुन्देश्वर महादेव मन्दिर र नवनिर्मित राधाकृष्ण मन्दिर रहेका छन् भने वरपर १०८ पीपलका वृक्षहरूसमेत हुर्काइएको छ।

४. मुकुन्द खोला र मणिमुकुन्द घाटको ऐतिहासिक सन्दर्भ

मुकुन्द खोला र मणिमुकुन्द घाट नाम कसरी रहन गयो भन्ने सन्दर्भमा आजसम्म कुनै अभिलेखीय प्रमाण भेटिएको छैन । यस क्षेत्रमा प्रचलित जनश्रुतिलाई नै ऐतिहासिक आधारका रूपमा लिनुपर्ने देखिन्छ । जनश्रुतिअनुसार यो खोला र घाटको नामकरण सन्दर्भ पाल्पाली राजा मुकुन्द सेन (प्रथम)सँग जोडिएको पाइन्छ । इसाको १५४० पछि पाल्पाली राजा रुद्र सेनका छोरा मुकुन्द सेन (प्रथम) ले पाल्पाको रजगद्दी सम्हालेको पाइन्छ जसलाई 'मुनि मुकुन्द सेन' पनि भन्ने गरिएको देखिन्छ (उपाध्याय, २०५५, पृ. ७२-७३) । विद्वान् र त्यागी राजा मुनिमुकुन्द सेनले जीवनको अन्तिम समयतिर आफ्नो राज्य छोराहरूलाई जिम्मा लगाएर धर्मकर्म गरी बाँकी जीवन बिताउने हेतुले घुम्दै फिर्दै आउने क्रममा यस चापाकोटको पाकरी खोला (तत्कालीन नाम) हुँदै खोलैखोला हात्तीमा सवार भई आउँदा साँझ परेकोले बैंडी भन्ने ठाँउको सोही खोला किनारमा रहेको ठूलोआकारको ढुङ्गामा हात्ती बाँधी त्यसै ठाउँमा बास बसेका हुनाले त्यस बेलादेखि उक्त ढुङ्गालाई हात्ती ढुङ्गा भनिएको कुरा सुन्न पाइन्छ । भोलिपल्ट बिहान उठेर पुनः खोलैखोल झर्दा केही तल खोलाको दोभान कालीगण्डकीमा पुग्दा कालीगण्डकीको लामो धाउको उत्तरी प्रवाह देखेर राजा अत्यन्त हर्षित हुन पुगेछन् । तत्पश्चात् केही अवधि त्यसै घाटमा बसी स्नान, जप, तप गररिहेका अवस्थामा एकरात सपनामा भगवान् शिवको दर्शन पाएको र शिवजीकै आज्ञानुसार घाटमाथि रहेको उच्च समथर भू-भागमा शिवलिङ्ग स्थापित गरी सानो मन्दिरसमेत निर्माण गरी सेवा पूजा गरी आएछन् । त्यसपछि उक्त स्थानको जिम्मा स्थानीयलाई लगाई आफू देवघाटमा पुगी तपस्यारत रहेको जनश्रुति आज पनि प्रचलित छ ।

माथि उल्लिखित जनश्रुतिगत सन्दर्भहरू यस पङ्क्तिकारले पितामह श्री टंकनाथ उपाध्यायबाट पनि पटक पटक सुनिआएकै हो । यसरी पाल्पाली राजा मणिमुकुन्द सेन (प्रथम) ले यात्रा गरेकोले त्यस खोलाको नाम मुकुन्द खोला (पछि मुकुन्दे खोला भनिएको) रहन गएको, उनले हात्ती बाँधेको ढुङ्गा को नाम हात्ती ढुङ्गा रहन गएको र आज पनि हात्ती ढुङ्गा नै भनिन्छ । मुकुन्द सेनले लामो समयसम्म स्नान गरेको स्थान भएकोले उक्त स्थानको नाम

मुकुन्दघाट रहन गएको र ती राजाले स्थापना गरेको शिवलिङ्गलाई आज पनि मुनि/मणि मुकुन्देश्वर महादेव भनिनुले उक्त जनश्रुतिमाथि पूर्ण विश्वास गर्न सकिन्छ ।

यसरी मुकुन्द सेनले शिवलिङ्ग स्थापित गरी सामान्य मन्दिर बनाई स्थानीयलाई जिम्मा लगाएर छाडेको यस स्थानमा स्थानीय बासिन्दाले त्यस समयदेखि सेवापूजा गरिआइरहेका अवस्थामा विविध कारणले बीचमा लामो समयसम्म सो कार्य स्थगित भएको बुझिन आउँछ (पंज्ञानी, २०६५, पृ.३) । वि. सं. १९७० को दशकमा आइपुगेपछि मात्र पर्वत मल्लाजबाट घुम्दैफिर्दै आएका नारायण गिरि नाम रहेका सन्तद्वारा उक्त स्थानको महत्त्व बुझी स्थानीय समुदायको सहयोगमा शिखर शैलीको मन्दिर निर्माण गरी आफू बाँचुन्जेल सोही मन्दिरको सेवापूजा गरेको थाहा हुन्छ । यो कुरा नारायण गिरिको जीवनलाई राम्ररी र नजिकबाट नियाल्नुभएका टंकनाथ उपाध्यायबाट यस पङ्क्तिकारले पटक पटक सुनेकै हो । मन्दिरको पुनर्निमाण गरेपछि स्थानीय समुदायकै अग्रसरतामा मन्दिर का नाममा ४० मुरी धान उत्पादन हुने खेत र मन्दिर परिसरमा १० रोपनी बारीसमेत मन्दिरको नाममा गुठ राखिएको छ । उल्लिखित जग्गा मन्दिर को नाममा आज पनि सुरक्षित छ । वि. सं. २००२ मा नारायण गिरिको देहावसान भएपछि भारत मद्रासबाट आउनुभएका मोती गिरि नामका सन्तद्वारा २०४४ सम्म यस मन्दिरको सेवापूजा गरेको पाइन्छ । २०४४ मा मोती गिरिको देहावसान भएपछि २०६५ सम्म नारायण खनालबाट सेवापूजा भएको तथ्य फेला पर्दछ। २०६५ यता आएर उक्त मन्दिरको अवस्था भिन्न किसिमले विकसित भइआएको देखिन्छ।

४ धार्मिक सांस्कृतिक महत्त्व

मुकुन्द घाटको धार्मिक महत्त्व यस स्थानमा देखिएको कालीगण्डकीको उत्तरवाहिनी प्रवाह र मणिमुकुन्देश्वर महादेव मन्दिरसँग जोडिएको पाइन्छ । अनि अर्को महत्त्व यस घाट वरपर भेटिने शालिग्रामसित पनि गाँसिएको छ । सनातन हिन्दू धर्म र पौराणिक मान्यताअनुसार कालीगण्डकीको महत्त्व आफैमा उच्च रहेको पाइन्छ। त्यसमा पनि कालीगण्डकीको उत्तरप्रवाह भएका स्थलहरू स्नान र मृत्यु संस्कारका लागि अझ बढी धार्मिक महत्त्वका हुने

विश्वास हिन्दू समाजमा प्रचलित देखिन्छ। यसर्थ मुकुन्द घाटको महत्त्व विशेष किसिमको रहेको छ। यसका साथै किनारमा रहेको पाल्पाली राजा मणिमुकुन्द सेनद्वारा स्थापित मणिमुकुन्देश्वर महादेव मन्दिरको समेत उत्तिकै धार्मिक एवम् सांस्कृतिक मूल्य रहेको भेटिन्छ। पवित्र मनले मणिमुकुन्देश्वर महादेवको दर्शन एवम् पूजाअर्चना गरेमा मनोवाञ्छित फल प्राप्तहुने जनविश्वास छ।

मणिमुकुन्द घाटको धार्मिक महत्त्वसँगै सांस्कृतिक महत्त्व पनि उत्तिकै उच्च रहेको भेटिन्छ। अनुकूल हुनेहरूले यस घाटमा पुगेर आफ्ना स्वर्गीय पितृहरूको सम्झना गर्दै श्राद्ध गर्ने प्रचलन छ। यहाँ विक्रम संवत्का प्रत्येक नयाँ वर्षको पहिलो दिन अर्थात् वैशाख १ गते धार्मिक तथा सांस्कृतिक मेला लाग्ने गर्दछ। उक्त दिनमा मणिमुकुन्देश्वर मन्दिर र राधाकृष्ण मन्दिरमा पूजापाठ, पीपलको जलखाने , भजनकीर्तन, दशावतार बालुन नृत्य प्रदर्शनजस्ता संस्कृतिजन्य कार्यक्रमहरू सम्पन्न गरिन्छ। त्यसैगरी मणिमुकुन्देश्वर महादेव मन्दिर प्राङ्गणमा प्रत्येक वर्ष महाशिवरात्रिमा विशेष उत्सव मनाउने परम्परा रहिआएको छ।

५ पर्यटकीय विशेषता

धार्मिक तथा सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण रहन गएको मणिमुकुन्द घाट आफैमा एक पर्यटकीय स्थलका रूपमा रहेको छ। शालिग्राम क्षेत्र, कालीगण्डकीको शालीन प्रवाह, घाटपारि सीमलका रूखहरूको घना जङ्गल, त्यसै जङ्गलमा रहेको हाल लोपोन्मुख मानिने पंक्षी गिद्धको बासस्थान अनि बेलामौकामा यस घाट र मन्दिर परिसरमा लाग्ने धार्मिक तथा सांस्कृतिक मेलापर्वहरू नै यस घाटका पर्यटकीय आकर्षणका पक्षहरू हुन्। मन्दिर परिसरमा बसेर कालीगण्डकीको मन्द गतिको बहाव हेर्दै, पारि जङ्गलमा नाचे उडेका पंक्षीहरूलाई नियाल्दै मणिमुकुन्देश्वर मन्दिर परिसरमा रहेको विशाल शिवमूर्तिको दर्शन गर्दा अनि मन्दिरमा अध्ययनार्थ विद्यार्थी (वटुक) का आवाजले गुञ्जायमान वेदध्वनि कानमा ठोकिँदा कुन पर्यटकको मन नरमाउला र ! यसर्थ प्राकृतिक सौन्दर्यले आफैमा मनोरम यो क्षेत्र धार्मिक पर्यटनका दृष्टिले अझ बढी महत्त्वको देखिन्छ।

६. वर्तमान अवस्था

मणिमुकुन्द घाटमा वर्तमान अवस्थामा यसअघिभन्दा केही नयाँपन

देखिन थालेको स्थिति छ। घाटसम्म सवारी साधन पुग्ने कच्ची बाटो निर्माण भएको छ । एकापट्टि किनारमा सभाहलसहित राधाकृष्णको सुन्दर मन्दिर निर्माण भएको छ। अर्कोतिर वि.सं. १९६५ तिर निर्माण भएको मणिमुकुन्देश्वर महादेव मन्दिर जीर्ण अवस्थामा पुगेकाले सोही स्थानमा स्थानीय बासिन्दाहरूको पहलसँगै पुरातत्त्व विभागको सहयोगमा पुरानै शैली संरचनाअनुसारको नयाँ मन्दिर निर्माणाधीन छ। २०६५ सालमा स्थानीय शिक्षा प्रेमी तथा २०३४ सालदेखि शिक्षण सेवामा आबद्ध हुँदै आउनुभएका तत्कालीन गंगालाल उच्च माध्यमिक विद्यालयका शिक्षक श्री शोभाकान्त पंज्ञानीको विशेष सक्रियतामा यही मन्दिर परिसरमै स्थापना भएको श्री मणि मुकुन्देश्वर निम्न माध्यमिक विद्यालय (गुरुकुल) को अवस्थामा पनि उल्लेख्य उन्नति भएको छ। आरम्भमा ५ विद्यार्थीका साथ बिहानी प्रहरमा शिक्षक शोभाकान्त पंज्ञानीकै सक्रियतामा लिचीको रूखमुनिबाट यात्रा थालेको यस विद्यालयका नाममा अहिले सानाठूला गरी ५ वटा पक्की भवन निर्माण भएका छन्। हाल २५ जना विद्यार्थीहरू आवासीय सुविधासहित अध्ययन गरिरहेका छन् । विद्यालयमा ६, ७ र ८ कक्षा सञ्चालित छन् । यहाँ संस्कृत व्याकरण, भाषा, कर्मकाण्ड लगायत अंग्रेजी, गणित, सामाजिक, नेपाली विषयको पढाइ हुने गरेको छ । अहिले विद्यालयले सरकारी मान्यतासहित २ वटा शिक्षक दरबन्दी पनि प्राप्त गरेको छ । महर्षि फाउन्डेसन नामक एक संस्थाको सहयोगमा अर्को एक शिक्षकको व्यवस्थासहित दैनिक रुद्राभिषेक सञ्चालन भइरहेको छ।

वि.सं. २०६५ देखि १८ पुराणहरूमध्ये प्रत्येक वर्ष कुनै १ पुराण यसै मन्दिर परिसरमै वाचन तथा श्रवण गर्दै जाने उद्देश्य राखी हरेक वर्ष महाशिवरात्रि पर्वको अवसर पारेर पुराणवाचन तथा श्रवणसहित धन-धान्यञ्चल महायज्ञ सञ्चालन हुँदै आइरहेको छ । यसबाहेक अन्य विभिन्न अवसरमा विद्यालयमा विविध शैक्षिक, प्राज्ञिक एवम् धार्मिक प्रवचनका कार्यक्रमहरू पनि सञ्चालन भइरहेका छन् । हाल आएर देश विदेश जहाँसुकैबाट आउने सन्त, महन्त एवम् तीर्थयात्रीहरूलाई निश्चित समयका लागि निःशुल्क गासबासको व्यवस्थासमेत गरिएको छ । मन्दिर व्यवस्थापन समिति र विद्यालय व्यवस्थापन समिति गरी २ छुट्टाछुट्टै समितिद्वारा

आवश्यक जिम्मेवारीसहितको कामकार्यले निरन्तरता पाइरहेको देखिन्छ। साथै विशेषतःचापाकोट न. पा. वडा नं ८ र ९ का स्थानीय बासीहरूबाट पनि मणिमुकुन्द घाटको विकासमा उल्लेख्य योगदान पुऱ्याउँदै आएको स्मरणीय छ। चापाकोट नगरपालिकाले पनि सक्दो सहयोग गरिआएकै छ।

७. विकासको सम्भाव्यता र सुझाव

भविष्यमा खासगरी धार्मिक, पर्यटकीय तथा शैक्षिक सम्भावना बोकेर उज्यालो समय र सहयोगी हातहरूलाई कुरेर बसिरहेको क्षेत्र हो मणिमुकुन्द घाट । प्राकृतिक छटाले भरिपूर्ण यो भूमि आफैमा शालिग्राम क्षेत्र हो। आफ्नै गुठद्वारा र नेपाल सरकारको सहयोगमा सञ्चालित यस मणि-मुकुन्देश्वर निम्न माध्यमिक विद्यालयलाई अझ विस्तार गरी संस्कृत भाषामा उच्च शिक्षा प्राप्त गर्ने एक शैक्षिक केन्द्रका रूपमा उभ्याउन सकिने सम्भावना छँदै छ । अर्कोतिर यस मणिमुकुन्द घाटमा शालिग्राम सङ्ग्रहालय बनाउन सकिने सम्भावना पनि त्यतिकै बलियो देखिन्छ। अतः यस मणिमुकुन्द घाटको थप विकासका लागि निम्नानुसारका सुझावहरू प्रस्तुत गर्न सकिन्छ -

- मुकुन्दघाटमा पुग्नका लागि निर्माण भएका मोटरबाटाहरूको तत्काल स्तरोन्नति गर्नुपर्ने,
- घाट किनारमा थप वृक्षारोपण गर्नुपर्ने,
- कालीपारि पाल्पा जिल्लाको रामपुर नगरपालिका र यस घाटबीचको सम्बन्धलाई र धर्मावलम्बी एवम् पर्यटकको आवागमनलाई सुगम बनाउनका लागि तत्काल एक झोलुङ्गे पुलको निर्माण गर्नुपर्ने,
- चापाकोट न. पा.वडा नं. ९ का बासिन्दालाई आवागमन सुविधा हुनेगरी मुकुन्द खोलामा पनि एक झोलुङ्गे पुलको निर्माण गर्नुपर्ने,
- शालिग्राम संरक्षण तथा सङ्कलन कार्यलाई थप गति दिनुपर्ने ,
- हाल ६, ७ र ८ कक्षमा मात्र सीमित विद्यालयलाई नयाँ शैक्षिक सत्रदेखि माध्यमिक तहसम्म विस्तार गर्ने योजनालाई अगाडि बढाउनपर्ने,
- विभिन्न माध्यमहरू (प्रचारप्रसार, पुस्तक प्रकाशन, वृत्तचित्र निर्माण) बाट यस क्षेत्रको ऐतिहासिक महत्त्व र पहिचानलाई उजागर गर्नुपर्ने ,
- राजा मणि/मुनिमुकुन्द सेनको मूर्ति निर्माण गरी स्थापित गर्नुपर्ने,
- नदी किनारमा रहेका मन्दिरहरूमा पिउने पानीको उचित व्यवस्था गर्नुपर्ने।

उपर्युक्त समस्याहरू समाधान गर्न सकेका खण्डमा यो क्षेत्र अझ सुन्दर धार्मिक तथा शैक्षिक गन्तव्यका रूपमा स्थापित हुने सम्भावना देखिन्छ।

८. निष्कर्ष

नेपाल राज्यभित्र रहेका विभिन्न घाट तथा तीर्थस्थलहरूमध्ये मणिमुकुन्द घाट पनि एक हो। कालीगण्डकी किनारमा अवस्थित यो घाट कालीगण्डकीको उत्तरप्रवाह र शालिग्रामक्षेत्रका कारण धार्मिक दृष्टिले अझ बढी महत्त्वको स्थानका रूपमा परिचित छ। यसका साथै जनश्रुतिअनुसार पाल्पाली राजा मणिमुकुन्द सेन (प्रथम)को जीवनसँग पनि जोडिन आएको यस स्थानको ऐतिहासिक महत्त्व पनि त्यत्तिकै उच्च रहेको छ। वास्तवमा मणिमुकुन्द घाट धार्मिक, शैक्षिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिले बढी महत्त्वको दर्शनीय स्थल हो। स्थनीय बासिन्दाहरूको सक्रियता र सहयोगमा यस स्थितिसम्म आइपुगेको यो ऐतिहासिक क्षेत्रले राज्यस्तरबाट संरक्षित हुने अवसर पाएको छैन। त्यस्तो अवसर पाएका खण्डमा यो मणिमुकुन्द घाट राष्ट्रिय गरिमा र महत्त्व बोकेको पवित्र तीर्थस्थलका रूपमा रहने छ भन्नेमा कुनै सन्देह छैन। यसतर्फ सम्बन्धित निकायको छिटै ध्यान पुगोस्।

सन्दर्भस्रोत

उपाध्याय, श्रीरामप्रसाद(वि.सं. २०५५), नेपालको समीक्षात्मक इतिहास, ललितपुर : साझा प्रकाशन।

गुरुङ, जगमान (वि.सं.२०६७), गण्डकीप्रस्रवणक्षेत्रको सांस्कृतिक सम्पदा, काठमाडौ : पश्चिमाञ्चल विकास मञ्च।

भण्डारी, ढुण्डीराज (वि.सं २०१५), नेपालको ऐतिहासिक विवेचना, वाराणसी : कृष्णकुमारीदेवी।

मणिमुकुन्देश्वर निम्नमाध्यमिक विद्यालयका संस्थापक शोभाकान्त पंज्ञानीबाट पङ्क्तिकारलाई प्राप्त मणिमुकुन्देश्वरको इतिहास शीर्षक रहेको मिति २०६५ उल्लेख गरिएको अप्रकाशित, लेख।

✡✡✡✡

रामघाट गुप्ततीर्थ

राधाकृष्ण गैरे [1]

१. परिचय

नेपाल धार्मिक मान्यता र भावनाले परिपूर्ण मुलुक हो । यहाँ प्रशस्त धार्मिक मूल्यमान्यता बोकेका पवित्र स्थल एवम् नदीनाला र जलसम्पदाहरू रहेका छन् । सम्पूर्ण विश्वका हिन्दू धर्मावलम्बीहरूको आस्थाको धरोहरका रूपमा कालीगण्डकी परिचित छन् । यस पावन गङ्गाकिनारमा मुक्तिक्षेत्रदेखि हरिहरक्षेत्रसम्म विभिन्न धार्मिक महत्त्व पाएका पुण्य क्षेत्रहरू छन् । कतिपय क्षेत्रहरू प्रसिद्धि प्राप्त छन् भने कतिपय क्षेत्रहरू पौराणिक सन्दर्भको अज्ञानता, भौतिक असम्पन्नता, यातायातको विकटता,जनमानसको अपायक स्थितिजस्ता समस्याका कारण चर्चामा आउन नसकेको देखिन्छ । पौराणिक आधारमा मुक्तिक्षेत्र, रुरुक्षेत्र, सङ्गमगण्डकी नदी (देवघाट) त्रिवेणी र हरिहरक्षेत्र प्रसिद्ध तीर्थस्थलका रूपमा वर्णन गरेको पाइन्छ भने गुप्त स्थलका रूपमा छौठौं क्षेत्र रामघाट रहेको उल्लेख भेटिन्छ । पौराणिक कालदेखि गोप्य स्थलका रूपमा रहेको यस क्षेत्रमा प्राचीन समयदेखि यहाँको महत्ताबोध भएका साधुसन्तले साधनास्थल बनाउँदै आएका र विभिन्न धार्मिक पर्वहरूमा स्थानीय तथा वरपरका भक्तजनहरूको स्नानस्थल, दैविक, पैतृक कर्मस्थल र दाहसंस्कार स्थलका रूपमा रहेको रामघाट क्षेत्रमा हाल आएर केही मठमन्दिर, पाटी पौवा, भक्त भक्तिनीका आश्रम आदि निर्माण भएका छन् । यही परिवेशमा यस क्षेत्रको सङ्क्षिप्त परिचय दिने उद्देश्य यहाँ लिइएको छ ।

२. भौगोलिक अवस्थिति

धार्मिक, ऐतिहासिक तथा पौराणिक दृष्टिले महत्तायुक्त रामघाट तीर्थस्थल हाल नेपालको गण्डकी प्रदेश स्याङ्जा जिल्ला चापाकोट नगरपालिका वडा नं. ७ (साबिक साँखर गा.वि.स.वडा नं. ८) मा पर्दछ । मुक्तिक्षेत्रदेखि निःसृत मुक्तिदायिनी गङ्गाका रूपमा प्रसिद्धि प्राप्त कालीगण्डकीको पावन तटमा रामघाट अवस्थित छ । चापाकोट नगरपालिका स्याङ्जा जिल्लाको दक्षिण पूर्वी सिमानामा रहेको छ । यस नगरपालिकाको पूर्वमा तनहुँ जिल्लाको

१. लेखक नेपाल संस्कृत विश्वविद्यालय वि.सं.वि.(क्याम्पस) पोखराका उपप्राध्यापक हुनुहुन्छ ।

घिरिङ गाउँपालिका, दक्षिणमा प्रदेश नं. ५ अन्तर्गत पाल्पा जिल्लाको रामपुर नगरपालिका पर्दछ भने पश्चिममा स्याङ्जा जिल्लाकै वालिङ नगरपालिका र उत्तरमा हरिनास गाउँपालिका रहेका छन्। स्याङ्जा, पाल्पा र तनहुँ तीन जिल्लाको सङ्गममा रहेको रामघाटबाट नवलपुर जिल्लाको पहाडी क्षेत्र बुङ्दीकाली गाउँपालिका पनि ३–४ घण्टाको दूरीमा रहेको छ। यातायातको समस्याले दुर्गम रूपमा रहेको यस क्षेत्रमा अहिले पूर्वतर्फ पृथ्वी राजमार्ग तनहुँको खैरेनी भीमाद, पश्चिम सिद्धार्थ राजमार्गको वालिङ, गल्याङ, आर्यभन्ज्याङ र दक्षिणतर्फ पूर्वपश्चिम राजमार्गको अरुणखोला, दुम्कीबास, दलदले आदि ठाउँहरूबाट कच्ची बाटो हुँदै सडक यातायातबाट जोडिएको छ।

उत्तर दक्षिण पहाडको हरियाली रमणीय बस्ती र बीचमा पश्चिम राम्दीघाटदेखि पूर्वतर्फ मोडिएको कालीगण्डकीले चिरिएको वारिपारिको समथर भूभाग उपत्याकाजस्तै रूपाकृतिमा चापाकोट रामपुर फाँट विस्तारित भएको छ। साबिकको साँखर गा.वि.स.मा पर्ने रामघाटक्षेत्र वरिपरि धार्मिक ऐतिहासिक तथा पुराना बस्तीका रूपमा महत्त्व बोकेका साँखरफाँटमा अवस्थित केलादीघाट धाम, छत्तीसादेवी मन्दिर, देवीथान, बिरूवा डाँडा, सिद्धेश्वर शिवालय, राधाकृष्ण मन्दिर, ज्ञानीचौर, सोल्टी, चर्तुभुजमठ, केलादीघाट, सिद्ध गुफा, साँहुखोला, शिवराम डाँडा, पीपलछाप, ढुङ्गा पोखरी, खासा, पटसार, सिम्रिङकोट, गैडुभन्ज्याङजस्ता बस्ती र प्रसिद्ध स्थलहरू छन्। जसमध्ये पौराणिक ग्रन्थहरूमा पनि उल्लेख भएको स्थलका रूपमा रामघाट रहेको छ।

राम्दीबाट पूर्वतर्फ प्रवाहित कालीगण्डकी देवघाट त्रिशूली सङ्गमस्थल यता किनारका प्रसिद्ध राम्दीघाट, असोर्दीघाट, मालुङ्गाघाट, जिम्माघाट, हुँगीघाट, गेजाघाट, हेमलाङघाट, निलघाट, खोरियाघाट, तिलपुरघाट, गौरीघाट, रामघाट, केलादीघाट, अत्रौलीघाट, पुटारघाट, डेढगाउँघाट, बुलिङटारघाट आदि घाटहरू रहेका छन्। राम्दीघाट र देवघाटको बीच भागमा पर्ने चापाकोट र रामपुर फाँटको सिमाना स्थलमा कालीगण्डकी किनारमा रहेको रामघाट क्षेत्र अत्यन्त रमणीय स्थलमा छ। आँप, पीपल, वर, शमी, खयर, करङजस्ता रूख र बुट्यानले हराभरा भएको सार्वजनिक जगगा (हाल वनक्षेत्र) भित्र रामघाट रहेको छ। परापूर्व कालदेखि यस क्षेत्रमा साधु सन्त र महात्माहरू आएर

आफ्नो तपस्थली बनाएको तथ्य यहाँ रहेका गुफा, ओढार र भग्नावशेषका रूपमा रहेका मठमन्दिर , पाटीपौवाहरूले पनि पुष्टि गरिरहेका छन् ।

३. पौराणिक सन्दर्भ

कालीगण्डकीका तीर्थस्थलहरूका बारेमा पौराणिक ग्रन्थहरूमा पनि प्रशस्त उल्लेख पाइन्छ ।

प्रथमं मुक्तिक्षेत्रञ्च रुरुक्षेत्रं द्वितीयकम् ।
संयोगो गण्डकीनद्योस्तृतीयं परिकीर्तितम् ।।
चतुर्थं कथितं क्षेत्रं त्रिवेणीति द्विजोत्तम !
पञ्चमं हरिक्षेत्रञ्च देवानामपि दुर्लभम् ।।

(हिमवत्खण्ड परिशिष्ट गण्डकीमाहात्म्य १/३६-३७)।

यसरी मुक्तिक्षेत्र (मुक्तिनाथ) रुरुक्षेत्र (रिडी) सङ्गम गण्डकी नदी (देवघाट) त्रिवेणी र हरिक्षेत्र (हरिहर क्षेत्र)को महिमा गान गर्दै छैटौं गुप्त वा प्रख्यात हुन नसकेको महत्त्वपूर्ण धार्मिक स्थलका रूपमा रामघाटलाई चिनाएको पाइन्छ

पञ्चैतानि च क्षेत्राणि कविभिः कथितानि च ।
गोपितं क्षत्रमेकञ्च तेषां षाष्ठमनुत्तमम् ।।
क्षेत्रं रामपुरं नाम गण्डक्योर्गुप्तसङ्गमम् ।
भीमबन्धमिति ख्यातं क्षेत्रं शुक्लातटे स्थितम् ।।
भीमेश्वरो महादेवस्तत्र तिष्ठति नित्यशः ।
देवीस्थानमिति ख्यातं क्षेत्रं कृष्णातटे शुभम् ।।
देवी त्रिभुवनेशानी तत्र तिष्ठति सर्वदा ।
क्षेत्रे रामपुरे रामः सर्वथा वसति द्विज !
तद्दक्षिणे च शैलाग्रे सीताकुण्डं सुशोभनम् ।
तत्र सीता जगन्माता सस्थिता जनकात्मजा ।।
शिवारात्रिर्यदा विप्र ! श्रवणेन समन्विता ।
तदा भवति संयोगो गण्डक्योः शिवरामयोः ।।
भीमबन्धं दृढं बध्वा गृहीत्वा शुक्लगण्डकीम् ।
शूलेन भेदितादद्रन्ध्रान्च्छिवो मिलति कृष्णया ।।

तस्मिन् योगे नरो यो वै कुरुते भाग्यवान् किल ।
दैविकं पैतृकं कर्म लभते फलमक्षयम् ।। (पूर्ववत् १/३८-४२)।

जसअनुसार कालीगण्डकीका विभिन्न घाटहरूमध्ये रामघाट क्षेत्र कुनै मानवनिर्मित मठ मन्दिरका कारणले भन्दा पनि पौराणिक कालदेखि नै धार्मिक क्षेत्रका रूपमा प्रसिद्धिप्राप्त स्थल रहेको देखिन्छ। रामघाटमा कालीगण्डकीको जलप्रवाह भङ्गालो फाटी राम शब्दको पहिलो अक्षर 'रा' आकृतिका बीचमा विशाल टापु बन्ने गरेको हिउँदे याममा अद्यापि देख्न सकिन्छ। शालिग्राम शिला पाइने स्थलका रूपमा पनि यो ठाउँ प्रसिद्ध छ -

तस्मिन् क्षेत्रे हरो देवो मत्स्वरूपेण संयुतः ।
शालग्रामगिरौ तस्मिञ्छिलारूपेण तिष्ठति ।।
अहं तिष्ठामि तत्रैव गिरिरूपेण नित्यदा ।
तस्मिञ्छिला समग्रास्तु मत्स्वरूपा न संशयः ।
(वाराहपुराण १४४/१३, १४)।

शालिग्रामशिलातोयं यः पिबेद्विन्दुमात्रकम् ।
स सर्वपापनिर्मुक्तः प्रयाति सदनं हरेः ।। (महागरुडपुराण)।

शालिग्राम शिलाको महत्त्व सर्वत्र चर्चा गरेको पाइन्छ। यहाँको टापुमा शालिग्राम पाइने हुनाले विभिन्न ठाउँका भक्तजनहरू शालिग्राम खोज्न यहाँ आउने गर्छन्। शालग्राम उपलब्ध हुने कालीगण्डकी स्नानको महत्त्व यसरी वर्णन गरेको पाइन्छ -

प्रयागे शतधा स्नात्वा कुरुक्षेत्रे च नैमिषे ।
कृष्णानद्यां सकृत् स्नात्वा फलं तुल्यं भवेदिह ।।
पशुपक्षिमृगा-मर्त्या वृक्ष-ग्रावास्तृणानि च ।
तज्जलस्पर्शनादेव गच्छन्ति स्वर्गमुत्तमम् (हिमवत्खण्ड ५५/७६,८०)।

४. धार्मिक सांस्कृतिक महत्ता

साँखर फाँटको पश्चिम दक्षिणमा रहेको यस रामघाट क्षेत्रमा पुरातन मानव निर्मित मठमन्दिर तपस्या एवम् साधना स्थलहरूको भग्नावशेषहरू यत्रतत्र भेटिए पनि ५०–६० वर्ष अघि बनेको एउटा जीर्ण ठाँटी (पौवा) मात्र भौतिक आश्रयस्थल रहेकोमा २०६५ सालमा आएर साँखरबासी तथा

श्रद्धालु भक्तजनहरूको सहयोगमा आकर्षक रामजानकी मन्दिरको निर्माण गरी रामनवमीका अवसरमा रामजानकी भगवान्‌को प्रतिमा प्रतिस्थापन र निरन्तर सेवापूजाको व्यवस्था हुँदै आएको पाइन्छ । रामघाट क्षेत्रमा रहेका धार्मिक महत्त्वका दृष्टिले उल्लेख्य ठाउँहरूमा रामगुफा (गौथली ढुङ्गो) काली सोती सङ्गमस्थल, भक्ति पँधेरो र वरपर रहेका प्राकृतिक गुफा ओढारहरू पाइन्छन् । यहाँ जनश्रुतिमा रहेका प्रसङ्गहरू पाइन्छन् । त्रेता युगमा भगवान् राम वनबासका क्रममा शालिग्राम क्षेत्रका पुण्यधामहरू भ्रमण गर्दै आउँदा यस क्षेत्रमा आई रामगुफामा बसोबास गर्नुभएको थियो भन्ने भनाइ छ। जुन गुफा एउटै शिलामा बनेको हात्तीको आकृति मान्न सकिने अवस्थामा अद्यावधि छ। भगवान् राम यहाँ बसेको अवस्थामा दिदी बहिनीका रूपमा लिइने काली र सेती गण्डकी दुवैको जलमा स्नान गर्ने इच्छा भएकाले लक्ष्मणलाई बाण प्रहार गर्न लगाई सेतीगण्डकीको जल कालीगण्डकीमा आउने जलमार्ग निर्माण गरी तिष्य नक्षत्र परेको शुक्ल रामनंवमीका दिन रामघाटमा कृष्णा र शुक्ला दुवै गङ्गाको जल सङ्गमस्थलमा भगवान् राम, सीता, लक्ष्मण र भगवान् शिवसमेतले स्नान गरेको भन्ने भनाइ प्रचलित छ -

(हिमवत्खण्ड परिशिष्ट गण्डकीमाहात्म्य १/४३-४५)।

कृष्णा र शुक्ला गण्डकीको सङ्गमका निम्ति जलमार्ग बनाइएको ठाउँमा द्वापर युगमा पञ्चपाण्डवमध्येका महाबलशाली भीमले त्यस जलमार्गबाट जलप्रवाह नरोकियोस् भन्ने हेतुले भीमाद (भीमबाँध) भन्ने ठाउँमा बाँध बाँधेका थिए भनिन्छ । यो ठाउँ हाल तनहुँ जिल्लाको भीमाद नगरपालिका भीमाद बजारनेर पर्छ । त्यहाँ अहिले पनि सेतीनदीको जलप्रवाहमा विशाल काठको मूढोको अवशेष देख्न सकिन्छ ।

यही विश्वासका आधारमा परापूर्वकालदेखि अहिलेसम्म पनि रामनवमीका दिन धेरै टाढा टाढाबाट भक्तजनहरू कालीगण्डकी किनार को कृष्ण शुक्ला सङ्गमस्थल मानिने खोँचमा स्नान गर्न आउँछन् । रातभर जाग्राम बस्ने भजन कीर्तन गर्ने र बिहान सूर्योदय हुनुपूर्व नै स्नान गर्नाले पुण्य प्राप्त हुने जनविश्वास छ । त्यस दिन दिनभर नै स्नान गर्न आउने श्रद्धालु भक्तजनको घुइँचो लाग्छ। यस क्षेत्रमा धार्मिक मान्यतासँग जोडिएका धेरै भनाइहरू पाइन्छन् । रामघाट र केलादीघाटको अभिन्न अङ्गको रूपमा

परिचित साँखर नामकरण हुनुमा पनि धार्मिक कारण रहेको कुरा वयोवृद्धहरूबाट सुनिन्छ। जस अनुसार शिव गौरी (शङ्कर –पार्वती) भ्रमण गर्दै आउँदा गौरी भन्ज्याङ्ग (गैडुभन्ज्याङ्ग) आइपुगेपछि भगवान् शिव अन्तर्ध्यान भई सिउन डाँडा (शिवराम डाँडा) आइ बस्नुभएको कारणले यो ठाउँको नाम शङ्करबाट अपभ्रंश भई साँखर हुन गएको भन्ने मत पाइन्छ -

सम्यक् कल्याणको कार्यगर्ने शङ्कर नामको ।

अपभ्रंश भई रूप साँखर भनी जान यो ।।

'सा' हो साम्राज्यको नाम 'ख' ब्रह्म र 'र' राम हो ।

साँखर मन श्रद्धाले पुकारी शान्ति पाउँ हो ।।(ढकाल, २०७०, पृ.३९)।

यसरी नै भगवान् रामसँग सम्बन्धित अन्य प्रसङ्गहरू पनि किंवदन्तीका रूपमा रहेका छन्। भगवान् राम रामघाट क्षेत्रमा बसेको अवस्थामा सीताजी रजस्वला हुनुभएकाले अपवित्र अवस्थामा गङ्गा स्नान गर्न अनुचित ठानी दक्षिणतिर रामपुर फाँटदेखि माथिको डाँडामा रहेको सीताकुण्डमा गई स्नान गरेको विश्वास गरिन्छ। त्यही आधारमा अहिले पनि जन्माष्टमीका दिन महिलाहरू सीताकुण्ड स्नान गर्न जाने पोखरीमा धानको बीउ रोप्ने परम्परा छ। त्यस्तै भगवान् राम रामघाट पाल्पा रामपुर गएर विश्राम गर्नुभएको र त्यहाँ उहाँले ढुङ्गाको चुल्हो लगाएर खाना पकाएको स्थान रामपुर नगरपालिकाको केन्द्र स्थलमा श्रद्धालु भक्तजनबाट भव्य राममन्दिर निर्माण गरिएको छ। भगवान् रामबाट निर्मित चुल्हो अहिले पनि सुरक्षित छ। रामपुर नगरपालिकाको नामकरण पनि त्यसकै कारणले भएको मानिन्छ। जुन स्थल रामघाटबाट दक्षिण गण्डकीपारि करिब ३–४ कि.मि.को दूरीमा पर्दछ।

यस्तो धार्मिक मान्यता बोकेको यस स्थलमा प्राचीन समयदेखि नै साधु - सन्त महात्माहरूले आफ्नो तपस्यास्थल बनाएको साँखरबासी वृद्धवृद्धाहरू बताउँछन्। वि.सं. १९८५ तिर कालीगण्डकी तटका तीर्थस्थलहरूको दर्शन गर्दै आएका करभुजे ब्रह्मचारी नाम गरेका महात्माले रामघाट आइपुगेपछि यहीं आफ्नो तपस्थल बनाएको र करिब ८–१० वर्षसम्म जप-तप र तुलसीदास विरचित रामायण पाठ गरी यसै क्षेत्रमा दिवङ्गत भएको कुरा सुनाउँछन्।

नेपाल निम्बार्कपीठ श्रीराधादामोदर मन्दिर केलादीघाटका संस्थापक अनन्त श्रीविभूषित भगवच्छरणदेवाचार्य महाराजले वृन्दावनबाट आई

नेपालमा निम्वार्क वैष्णव सम्प्रदायको स्थापना गर्ने उपयुक्त स्थलको खोजी गर्दा १९९५ तिर यही पुण्य क्षेत्रलाई आफ्नो आश्रम बनाएको तथ्य पनि सबै सामु छ। उहाँले यस स्थलमा मठ-मन्दिर हवनकुण्ड, भक्त–भक्तिनी आश्रम निर्माण गरी करिब १० वर्ष रहनुभएको थियो। त्यस समयमा यहाँ श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञ, विभिन्न धार्मिक अनुष्ठानहरू, हवन, हरिनाम सङ्कीर्तन साधुसन्त, आबाल, वृद्ध, दीनदुखीहरूलाई भोजन गराउने जस्ता कार्यहरू हुनेगरेको अनुभव वृद्धवृद्धाहरूबाट जानकारी पाइन्छ। महाराजको ख्याति र वैष्णव धर्मप्रतिको आकर्षण बढ्दै गएपछि उहाँका साथमा धेरै भक्त–भक्तिनीहरू जम्मा भए। तिनीहरूलाई आश्रय दिन धार्मिक कार्यबाट आम्दानीले मात्र सम्भव नहुने देखी रामघाट नजिकै रहेको केलादीघाटको उर्वर भूमि स्थानीय व्यक्तिहरूसित लिई त्यहाँ राधादामोदर मन्दिर, पाटी-पौवा, भक्त–भक्तिनी आश्रम आदि निर्माण गरेको बुझिन्छ। रामघाटमा रहँदा भगवच्छरण महाराजले कच्ची आश्रमहरू निर्माण गर्नुभएको हुँदा आज त्यहाँ ती आश्रमहरूको अवशेष देख्न सकिँदैन तर त्यहाँ भएका प्राकृतिक गुफा ओढारलाई साधुसन्तले आफ्नो साधनास्थल बनाएका तथ्यहरू गुफा ओढारमा लगाइएका ढुङ्गाका पर्खालहरूले पुष्टि गरिरहेका छन्। त्यस समयमा भक्त भक्तिनीले खाने पानीका लागि प्रयोग गर्ने कुवा हालसम्म पनि भक्ति पँधेरो नामले चिनिँदै आएको छ।

वि.सं. २०२८ सालतिर एकजना मद्रासी विद्वान् पुराणहरूमा उल्लेख भएको रामघाट क्षेत्र खोज्दै आई करिब ५–१० वर्षसम्म भिक्षाबाट गुजारा गर्दै स्वाध्ययन एवम् भगवत चिन्तन गरी दिवङ्गत भएका थिए। त्यसपछि भ्रमण गर्दै आएका एकजना नेपाली साधुले पनि यस क्षेत्रलाई आफ्नो साधनास्थल बनाएका थिए। उनले मानिसको हस्तरेखा तथा अनुहारको आकृतिका आधारमा भविष्यवाणी गर्दथे। उनी केही वर्षपछि साँखरको सिमानामा पर्ने तनहुँ जिल्लाको बैडी मैदी खोलाको दोभानमा रहेको भस्मे ओढारमा गएर बसोबास गरे। त्यहाँबाट हिँडेपछि काठमाडौं पुगी प्रसिद्ध भविष्यवक्ताका रूपमा स्थापित भएको कुरा गाउँवासीहरू बताउँछन्। त्यस्तै साँखरका भू.पू. प्रधानपञ्च कोमलचन्द्र बस्ताकोटीले एक महिना र साँखरकै शेषकान्त ढकाल करिब ६ महिना रामगुफामा बसी भगवत्

चिन्तन, जपतप गरेका फलाहारी बसेका थिए। शेषकान्त ढकालले रामगुफालाई नै बाहिरबाट सिमेन्टको जडानमा ढुङ्गाको गारो लगाई मन्दिर बनाएका थिए । त्यो गारो अहिले पनि जीर्ण अवस्थामा देख्न सकिन्छ । यस्तो पौराणिक महत्त्व र जनआस्था बोकेको रामघाट क्षेत्रमा रहेका भग्नावशेष, गुफा, ओढारहरूका आसपासमा उत्खनन गरेमा पुरातात्त्विक महत्त्वका वस्तुहरू फेलापर्ने प्रशस्त सम्भावना देखिन्छ। यही २०७५ सालमा रामजानकी मन्दिर अगाडि भोजनालय कक्षनिर्माण गर्न जग्गा खार्ने क्रममा रामजानकी चित्राङ्कित प्राचीन रजत मुद्रा मन्दिरका भक्तजन पुष्पराज अधिकारीले प्राप्त गरेका छन् । पौराणिक कालदेखि प्रसिद्ध यो क्षेत्र एकातिर यातायातको विकटता, प्रायः आर्थिक दृष्टिले विपन्न ग्रामीण बस्ती , व्यवस्थित मठमन्दिरको अभाव जस्ता कारणले प्रचार प्रसारमा आउन नसकेको देखिन्छ।

रामजानकी मन्दिर परिसरमा उत्खनन गर्दा भेटिएको रजत मुद्रा

५. वर्तमान अवस्था

विगत एक दशकदेखि यो क्षेत्रको पुनरुत्थानमा स्थानीयवासीहरू लागि परेका छन् । वि.सं. २०६४ मा टङ्कनाथ पोखरेलको अध्यक्षतामा रामघाटधाम व्यवस्थापन समिति गठन गरी रामनवमी (२०६०) का अवसरमा भजन, कीर्तन, पूजा-आजा गर्ने विभिन्न पाटी-पौवा, गुफा-ओढार वरपर झाडी हटाई सरसफाइ गर्ने कार्यको प्रारम्भ भयो । त्यस पछि यस क्षेत्रको विकासका लागि स्थानीय निकायबाट धेरथोर रकम छुट्टिँदै आएको छ । तत्कालीन साँखर गा.वि.स. वडा नं. ६ र ८ मा रहेका युवा क्लव, आमा समूह, कृषक समूहले पनि यस क्षेत्रको उत्थानमा सक्रियता देखाएका छन् । वि.सं. २०६५ मा स्थानीय

बासिन्दाहरूको सामूहिक भेलाले श्री राधादामोदर मन्दिर केलादीघाटका पूर्व प्रवन्धक पं छविरमण उपाध्यायको अध्यक्षतामा रामजानकी मन्दिर निर्माण समिति गठन गरी उक्त समितिको सक्रियतामा स्थानीय व्यक्तिहरूको चन्दा एवम् श्रम र अन्य विभिन्न संघसंस्थाको आंशिक आर्थिक सहयोगबाट रामजानकी मन्दिर निर्माण सम्पन्न भएको छ। वि.सं. २०६६ चैत्र रामनवमीका पावन अवसरमा मन्दिरमा रामजानकी, लक्षण र हनुमानूका मूर्तिहरू वैदिक विधिविधानअनुसार यज्ञ अनुष्ठानका साथ स्थापना र प्राणप्रतिष्ठा सम्पन्न गरी दैनिक सेवा पूजा हुँदै आएको छ। वि.सं. २०६७ मा रामजानकी मन्दिर रामघाटधाम व्यवस्थापन समितिका नाममा जिल्ला प्रशासन कार्यालय स्याङ्जामा विधिवत् दर्ता गरी दुर्गाप्रसाद गैरेको अध्यक्षतामा गठित समिति त्यस क्षेत्रको विकासमा क्रियाशील रहेको छ।

वर्तमान अवस्थामा रामजानकी मन्दिरका साथै मन्दिर वरपर पुजारी आवास, अतिथि आवास, १३ वटा भक्तभक्तिनी आश्रम , प्रवचन मञ्च, सभाहल , शौचालय, मन्दिरपछाडि विश्राम स्थल (पौवा), मन्दिरदेखि केही तल शव राख्ने,कुर्ने पौवा निर्माण भएका छन् भने मन्दिर परिसरमा नै कालिका भगवतीको मन्दिर निर्माण भएको छ।

भगवच्छरण देवाचार्य महाराजको तपस्थली आचार्य गुफा पुनर्निर्माण पुरानो भक्ति पँधेरोको पुनर्निर्माण र मन्दिरमा खाने पानी धाराको व्यवस्था, गौशाला, फूलबारी निर्माण, १०८ पीपल वृक्षारोपणजस्ता कार्यहरू भएका छन्।

मन्दिरले अनुमानित ३०० रोपनी सार्वजनिक जग्गा उपयोग गर्दै आएको छ। स्थायी पूँजीका रूपमा ३ रोपनी धान खेत समितिले खरिद गरेको छ भने बैंक खातामा रू. ३०००००।– (तीन लाख रूपैयाँ मात्र) नगद बैंक मौज्दात रहेको छ (कृष्णप्रसाद कंडेल)। मन्दिरमा २ जना भक्त र ५ जना भक्तिनी आवासीय रूपमा रहेका छन्। विभिन्न धार्मिक पर्वहरू जस्तै रामनवमी, विवाह पञ्चमी, एकादशी, औंसी आदिमा भक्तजनहरू गङ्गास्नान गर्न आउँछन्।

रामनवमीमा यज्ञ,कथा प्रवचन ,हरिनाम सङ्कीर्तन गर्ने परम्परा नै बसेको छ भने हरिवोधिनी एकादशीमा एकादशी माहात्म्य श्रवण तथा तोरण तार्ने परम्पराले पनि निरन्तरता पाउँदै आएको छ।

परापूर्व कालदेखि नै धार्मिक महत्त्व प्राप्त यस क्षेत्रमा स्याङ्जा जिल्लातर्फ रामघाटको निकटमा अन्य मठमन्दिरहरू पनि रहेका छन् । यहाँ प्रसिद्धिप्राप्त धार्मिक क्षेत्रका रूपमा केलादीघाटमा श्री राधादामोदर मन्दिर (नेपाल निम्बार्कपीठ) केलादीघाट धाम रहेको छ । जहाँ रामघाटलाई आफ्नो तपस्थली बनाउनुभएका अनन्त श्रीविभूषित स्वर्गीय भगवच्छरण देवाचार्यले वि.सं.२००७ सालमा आफ्नो आश्रम स्थानान्तरण गरी राधाकृष्ण मन्दिर, पाटी, पौवा, स्नान कुण्ड, गौशाला, भक्तभक्तिनी आश्रम, संस्कृत पाठशाला निर्माण गरी नित्य सेवा पूजा हरिनाम सङ्कीर्तन, कथा प्रवचन, यज्ञयागादि कार्य गर्ने गराउने कार्य हुँदै आएको छ । हाल यहाँ मन्दिर, हवनकुण्ड र वृद्धाश्रम, गौशालाजस्ता भौतिक संरचनाहरू नवनिर्माण पनि भएका छन् । पहिलेजस्तो भक्त भक्तिनीहरूको चहल पहल नभए तापनि यसको विकासमा नेपाल सरकारले पनि सहयोग पुऱ्याउदै आएको छ ।

केलादीघाटमा नै स्थापना काल अज्ञात रहेका अतिप्राचीन मन्दिरहरू छन् । जसमध्ये केलादीघाटको नदीकिनारमा नै अवस्थित चर्तुभुज मठ, केलादीखोला र मेदीखोलाको दोभानबीचको टापुमा रहेको राधाकृष्ण मन्दिर रहेका छन् । रामघाटको उत्तरतर्फ विरुवा डाँडामा शिवालय रहेको छ । पश्चिमतर्फ साहुँ खोलाको खोँचमा सिद्ध गुफा, साँखर फाँट देवीस्थानमा छत्तीसदेवीको मन्दिर पनि परापूर्व कालदेखि नै रहेको पाइन्छ । ज्याग्दी खोलादेखि पूर्वको गाउँ वनकट्टामा शिवालय मन्दिर र ज्याग्दी पश्चिम खोरियाघाटमा राधाकृष्ण मन्दिर पनि रहेका छन् । रामघाटदेखि उत्तर उच्च पहाडी भूभाग फोक्सिङ् कोट, बड्डाँडा, पुर्कोट, सामाकोटजस्ता कोटहरूमा चाडपर्व विशेषमा पूजाआजा गरिने देवीका मन्दिरहरू पनि छन् ।

कालीगण्डकी पारि पाल्पा जिल्लामा पनि प्रशस्त प्राचीन मठमन्दिरहरू छन् । रामघाट क्षेत्रको पारिपट्टि अतिप्राचीन गुठी संस्थानद्वारा सञ्चालित लक्ष्मीनारायण मन्दिर रहेको छ । जहाँ रामपुर नगरपालिकाको सहयोगमा अहिले आएर केही व्यवस्थित गर्ने प्रयास हुँदै आएको छ । जुन स्थलमा योगी नरहरिनाथले कोटीहोम पनि सम्पन्न गर्नुभएको थियो । रामघाटबाट रामपुर तर्ने झोलुङ्गे पुलको मुख रामपुर नगरपालिका वडा नं. ४ कोप्चेघाटमा श्री कालीगण्डकी आमा समूहद्वारा २०७२ सालमा सुन्दर शिव मन्दिरको निर्माण

र सेवा पूजा गर्ने कार्य हुँदै आएको छ। रामपुर फाँटको बीच भूभाग रामघाटदेखि दक्षिण रामपुर बजारको केन्द्र रामघाटदेखि केही पश्चिम काली किनारकै रामपुर न.पा. वडा नं. १ तातोपानीमा रामानुज सम्प्रदायका भक्त भक्तिनी आश्रम तथा स्वामीनारायण मन्दिर रहेको छ। यहाँ हालसालै पतञ्जली पीठका आचार्य बालकृष्णद्वारा गौशाला निर्माणको शिलान्यास भएको छ।

केलादीघाटको पाल्पातर्फ पनि गुठी संस्थानद्वारा सञ्चालित शिवालय तथा लक्ष्मीनारायणका प्राचीन मठमन्दिरहरू छन् भने हालसालै श्री राधादामोदर मन्दिरका पूर्व प्रबन्धक पं. छविरमण उपाध्यायद्वारा स्थापित राधाकृष्ण मन्दिरमा नित्य सेवा-पूजा हरिनाम सङ्कीर्तन, कथा प्रवचन, यज्ञ आदि हुँदै आएका छन्। यस स्थलमा पनि योगी नरहरिनाथद्वारा कोटीहोमको आयोजना भएको थियो। यसरी यस कालीगण्डकी बेंसीको स्याङ्जा, पाल्पा दुवैतर्फ प्राचीन कालदेखि विभिन्न मठमन्दिरहरू स्थापना भई धार्मिक मान्यताले अभिसिञ्चित रहेको पाइन्छ।

६. पर्यटकीय महत्त्व र विकासको सम्भावना

स्याङ्जा, पाल्ला, तनहुँ र सन्निकटमा नवलपुर जिल्ला समेतको सङ्गममा रहेको यो क्षेत्र पर्यटकीय दृष्टिकोणले पनि महत्त्वपूर्ण रहेको छ। गण्डकी बेंसीका समथर बस्ती सहरीकरण हुँदै आएको अहिलेको सन्दर्भमा यो शान्त, रमणीय स्थल धार्मिक पर्यटक मात्र नभई कालीगण्डकीको बहावको सुन्दरता र पहाडी दृश्यहरूको अवलोकनका लागि पनि उपयुक्त स्थल रहेको छ। निर्माणाधीन कालीगण्डकी करिडोर सडक सम्पन्न हुँदा यस क्षेत्रको भविष्य उज्ज्वल रहेको छ। कालीगण्डकीको बेंसीकै व्यापारिक केन्द्रका रूपमा विकसित रामपुर बेभाँड बजारबाट निकटमै रहेकाले झोलुङ्गे पुलबाट वारिपारि आवतजावत गर्ने मानिसहरूको घुइँचो अहिले पनि भइसकेको छ। भविष्यमा रामघाट, सीताकुण्ड, रामघाट–पुर्कोट कालिका मन्दिरजस्ता धार्मिक महत्त्व बोकेका एवम् प्राकृतिक सुन्दरताले भरिपूर्ण स्थलहरूमा केबुलकार व्यवस्था हुन सकेमा पर्यटकीय केन्द्र नै बन्न सक्ने र गण्डकी क्षेत्रकै विकासमा महत्त्वपूर्ण योगदान पुग्ने देखिन्छ।

अहिले सार्वजनिक जग्गामा निर्मित रामजानकी मन्दिर र यस रामघाट क्षेत्रलाई मन्दिरको व्यवस्थापन र पर्यटकीय पूर्वाधार निर्माणका लागि आवश्यक

पर्ने जग्गा मन्दिरको स्वामित्वमा ल्याउन र मन्दिरको दिगो व्यवस्थापनका लागि मन्दिर व्यवस्थापन समिति, स्थानीयवासी, श्रद्धालु भक्तजन र चापाकोट नगरपालिकाले अविलम्ब पहल गर्नु आवश्यक छ। केलादीघाटमा स्याङ्जा ,पाल्पा जोड्ने मोटरेबल पुल निर्माण भइसकेको र अर्को तिलपुर–गौरीघाट पुल निर्माणाधीन अवस्थामा रहेकाले सो पुल सम्पन्न भएपछि साँखर– रामपुर चक्रपथजस्तै बन्दै छ। केही वर्षभित्र वालिङ् साँखर र भीमाद साँखर, रामपुर बाटो कालोपत्र हुने निश्चित नै छ। त्यसैले अब यातायातका लागि असहज अवस्था रहने छैन । त्यसैले यस ऐतिहासिक, धार्मिक क्षेत्रको उन्नतिमा क्रियाशील रामजानकी मन्दिर व्यवस्थापन समिति, स्थानीय संघ संस्था, युवावर्ग, आमासमूह, धर्मप्रति आस्थावान् व्यक्तिहरूको माया ममता सहयोग र चापाकोट नगरपालिका तथा नेपाल सरकारको ध्यान पुगेमा रामघाट क्षेत्र नेपालकै चर्चित तीर्थस्थल र पर्यटकीय गन्तव्यका रूपमा विकसित हुन सक्ने देखिन्छ।

७.निष्कर्ष

स्याङ्जा जिल्ला चापाकोट नगरपालिका वाड नं. ७ कृष्णगण्डकीको पावन तट रामघाट क्षेत्र पौराणिक कालदेखि पुण्य क्षेत्रका रूपमा वर्णन गरेको पाइन्छ। पुराणका अध्येता साधुसन्तहरूले यस क्षेत्रको महत्त्व बुझी भगवत् चिन्तन एवम् साधनास्थल बनाउदै आएका थिए । स्थानीय एवम् वरपर क्षेत्रका भक्तजनहरूले पुण्य प्राप्त हुने विश्वासका साथ धार्मिक पर्वहरूमा स्नान एवम् दैविक, पैतृक कार्यगर्ने पवित्र स्थलका रूपमा लिँदै आएका थिए। तर पनि यस क्षेत्रको व्यवस्थित विकास र प्रचार प्रसार हुन सकेको थिएन। धार्मिक मठमन्दिर एवम् स्थायी आश्रयस्थल बन्न नसक्नु स्थानीय बासीमा रामघाटको विकासका लागि विशेष पहल नहुनु , यातायातको असुविधा हुनु आदि कारणले रामघाट क्षेत्र ओझेलमा रहेको हो। प्राचीन समयदेखि नै पाटीपौवा बन्ने भत्कने क्रम चल्दै आएको भए तापनि विगत एक दशकदेखि यस क्षेत्रको विकासका लागि स्थानीय बासिन्दाहरू जागरुक भएको पाइन्छ। हाल पक्की रामजानकी मन्दिरको निर्माण, नित्य पूजा आजाको व्यवस्था,भक्त भक्तिनी आश्रम निर्माण, पुराना महत्त्वप्राप्त स्थलहरूको संरक्षण आदि कार्यहरू स्थानीय बासिन्दा तथा व्यवस्थापन समितिबाट हुँदै आएका छन्।

स्याङ्जाको पूर्वी सिमाना तनहुँको पश्चिमी सिमाना र पाल्पाको पूर्वी सिमानामा अवस्थित यो क्षेत्र विगतमा यातायातका दृष्टिले विकट रहेको भए पनि हाल कच्ची सडकले सबैतिरबाट जोडिएको छ। स्याङ्जाको चापाकोट, साँखर फाँट, पाल्पाको रामपुर फाँट, तनहुँको बैंडी, अत्रौली, पुट्टार फाँटजस्ता समथर ठाउँमा घना जनबस्तीको विकास र सहरीकरण हुँदै आएको छ। यस क्षेत्रका बासिन्दाहरूमा धर्मप्रति प्रबल आस्था पनि पाइन्छ। गण्डकी बेंसीकै व्यापारिक केन्द्रका रूपमा विकसित हुँदै आएको रामपुर बजारको निकटमा रहेको यस रामघाट क्षेत्रको विकासका लागि सक्रिय एवम् व्यवस्थित रूपमा लागि परेमा यो धार्मिक सांस्कृतिक र पर्यटकीय क्षेत्रका रूपमा समेत उल्लेखनीय स्थल बन्न सक्छ।

सन्दर्भस्रोत

ढकाल, इन्द्रदेव (वि.सं.२०७०), श्रीकृष्णगण्डकी माताको शिक्षा, स्याङ्जा : कालीगण्डकी साहित्य प्रतिष्ठान।

वाराहपुराण,(सन् १९८२) सम्पा. हृषीकेश शास्त्री, वाराणसी : चौखम्बा सुरभारती प्रकाशन।

सूरि, काशीराम (वि.सं.२०५५), गण्डकीमाहात्म्य , अनु. टीकाराम अधिकारी, दाङ : म.सं.वि.।

हिमवत्खण्ड, (वि.सं.२०७५) अनु/सम्पा., वेणीमाधव ढकाल, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।

स्रोतव्यक्ति

कृष्णप्रसाद कँडेल, (सदस्य रामजानकी मन्दिर केलादीघाट स्याङ्जा)।

लेखकको प्रत्यक्ष अवलोकन भ्रमण।

✡✡✡✡

केलादीघाट स्वरूप र सौरभ

डा. नारायणप्रसाद अधिकारी[1]

१.परिचय

भारतवर्षको उत्तरमा देवताहरूले निवास गर्ने पर्वतहरूको राजा हिमालय अवस्थित छ । पूर्व पश्चिम समुद्रसम्म फैलिएको सौन्दर्याभिराम त्यो हिमशैल पृथ्वीमापनको मानकतुल्य भएर विराजित छ -

अस्त्युत्तरस्यां दिशि देवतात्मा हिमालयो नाम नगाधिराजः।
पूर्वापरौ तोयनिधी वगाह्य स्थितः पृथिव्या इव मानदण्डः ।।

(कुमारसम्भवमहाकाव्य १/१)।

संस्कृतका महाकवि कालिदासले उद्घोष गरेझैं देवताहरूको त्यही निवासभूमि हिमालयका सुन्दर काखमा नेपाल देश लमतन्न विराजमान छ । ती दिव्यात्मा देवताहरू बस्दै विचरण गर्दै, यज्ञ गर्दै, सत्सङ्ग गर्दै, स्नान गर्दै हिँडेका स्थानहरू नेपाल भूमिमा असंख्य छन् । तिनै हिमालयबाट उत्पन्न भएका दर्जनौं हिमनदीहरू यो देशका देहमा मुख्य रक्तप्रवाही नाडीतुल्य बनेर बगेका छन् र तिनका पावन तटमा शिव, राम, कृष्ण, ब्रह्मादेखि लिएर अत्रि, कश्यप, विश्वामित्र, वशिष्ठ, पराशर, च्यवन, मार्कण्डेय, भृगु, व्यास, शुकदेव आदि सयौं ऋषिमुनिहरूले ज्ञान-साधना, ध्यान-साधना, तप-साधना गरेका प्रसङ्गहरू पुराणहरूमा वर्णित पाइन्छन् ।

नेपालमा बग्ने हिमनदीहरूमध्ये कृष्णगण्डकी सबै तीर्थहरूले बास गर्ने पवित्रतम नदी हो । जसलाई लोक भाषामा कालीगण्डकी पनि भनिन्छ । कलियुगको पाँच हजार वर्ष बितिसक्दा भारतवर्षभरिका सबै तीर्थहरू खिचिएर कालीगण्डकी क्षेत्रमा आइबस्ने उद्घोष पुराणहरूमा गरिएको छ । भगवान् विष्णुकै शिलाप्रतीक मानिने शालग्रामले नित्य निवास गर्ने हुनाले पनि यस नदीको महत्त्व शास्त्रसिद्ध र लोकप्रसिद्ध भएको हो । कालीगण्डकी क्षेत्रलाई तीर्थै-तीर्थको सङ्गम मान्न सकिन्छ । त्यस्ता सङ्गमलाई लोक भाषामा घाट भनिन्छ । त्यस्ता घाटहरू पनि कालीगण्डकीमा सयौं छन् ।

---

१. लेखक पृथ्वीनारायण क्याम्पस पोखराका सहप्राध्यापक तथा अनुवादक हुनुहुन्छ।

मुक्तिनाथदेखि देवघाटसम्मको आयतनमा लम्बिएको यस नदीका दुवै तटवर्ती क्षेत्रहरू सबै महत्त्वपूर्ण छन् तापनि खासखास ठाउँमा विभिन्न अध्यात्मसाधक व्यक्तित्वहरूले निवास गरेको हुँदा ती ठाउँहरूको महत्त्व झन् बढी उल्लेख्य बनेका छन् । त्यस्ता विशिष्ट क्षेत्रलाई घट्ट वा घाट भनिन्छ र त्यस्ता सयौं घाटहरूमध्ये एउटा घाट हो केलादीघाट । यो घाट प्राचीन कालदेखि मानिसहरूलाई गण्डकी वारपार गराउने घाटका साथै अध्यात्म साधकहरूलाई संसार तार्ने र भगवत्प्राप्ति गराउने घाटका रूपमा पनि चिनिएको छ । यस घाट वरिपरि यस्ता थुप्रै दिव्यात्माहरूले निवास गरेका स-साना देवालयहरू छन् । तीमध्ये सबैभन्दा बढी भव्य र आकर्षणको केन्द्र छ श्रीराधादामोदर मन्दिर । यसै मन्दिरका माध्यमबाट यस घाटलाई बढी तीर्थीकरण गर्दै दिव्यता थप्ने महान् कार्य गर्ने नेपालकै महान् सन्तको नाम हो भागवत्शरण देवाचार्य । प्रस्तुत लेखमा केलादीघाट र त्यस घाटलाई आध्यात्मिक केन्द्र बनाउने सन्त श्री १०८ भागवत्शरण देवाचार्यको सङ्क्षिप्त चर्चा गरिनेछ ।

२.भौगोलिक अवस्थिति

गण्डकी प्रदेशको स्याङ्जा जिल्लाअन्तर्गत चापाकोट नगरपालिका वडा नं. ७ मा पर्ने साँखर र मोहमीको उत्तरी डाँडाको खोँचबाट दक्षिणतिर बग्दै आउने केलादी नामक एउटा सानो खोलो कालीगण्डकीमा मिसिएर बन्न गएको दोभान नै केलादीघाट हो । यहाँ प्राचीन कालदेखि नै नदी वारिपारिका मानिसहरू ओहोरदोहोर गर्ने वारपार गर्ने तारघाट थियो । डुङ्गा तर्ने घाट थियो । प्रविधिको विकासले गर्दा अहिले उक्त घाटभन्दा केही माथि पक्की पुल निर्माण भए पनि त्यसअघि सयौं वर्षसम्म यही घाटमा डुङ्गा तरेर मानिसहरू नदी वारपार गर्थे । साथै तनहुँको किहुँ, गजर्कोट, बोमा, डुम्रीबेसीलगायत वरपरका मानिसहरू एकादशी र ग्रहण आदि पर्वमा गण्डकी स्नान गर्नका लागि यहीं आउने गर्थे । उपर्युक्त क्षेत्रका मानिसहरूले मृतकको दाहसंस्कार गर्ने केन्द्र पनि रहँदै आएको छ यो घाट । माघे संक्रान्तिका अवसरमा यस ठाउँमा ठूलै मेला लाग्ने गर्थ्यो, जो अद्यावधि कायम छ र केलादी बजार नामले सुपरिचित छ । केलादी र कालीको सङ्गमनेर चतुर्भुज नारायणको प्राचीन मन्दिर पनि छ । श्रद्धालुहरू गङ्गा स्नानपछि यहाँ आएर भगवान् नारायणको दर्शन

र पूजाआजा गर्ने गर्छन् । केलादीघाट पारिपट्टि दक्षिणतिर पाल्पा जिल्लाको रामपुर नगरपालिका छ भने वारि उत्तरतिर स्याङ्जा जिल्लाको चापाकोट नगरपालिका छ । यहाँनेर कालीगण्डकीले दुई अञ्चल तीन जिल्ला र दुई नगरपालिकाको सीमारेखाको काम पनि गरेको छ। केलादीघाटको भण्डै १ कि.मि. तल उत्तरबाट आएको मैदीखोला कालीगण्डकीमा मिसिन्छ । मैदीखोलाले स्याङ्जा र तनहुँ जिल्लाको सिमाना छुट्र्याइदिन्छ। यो भूखण्डभित्रका स-साना ठाउँका भिन्दाभिन्दै नामहरू भए पनि समष्टिमा रामघाटदेखि तल मैदीको दोभानसम्मको सम्पूर्ण भागलाई केलादी नै भन्ने गरिन्छ । केलादी नामको ख्याति निकै परसम्म फैलिएको छ ।

३.ऐतिहासिकता

केलादीघाटका बारेमा तिथिमिति अङ्कित भएको कुनै लिखित दस्तावेज नपाइए पनि यो घाट गण्डकीका वारि र पारि रहेको मानव बस्तीजत्तिकै प्राचीन हो भन्न सकिन्छ । जहिलेदेखि यी ठाउँमा मानिसहरू बसोबास गर्न थाले, तिनको आवागमनका लागि समुचित घाटको आवश्यकता पऱ्यो होला र यो घाट बन्यो होला । त्यति मात्र नभएर सिद्धार्थ राजमार्ग बन्नु अघिसम्म साँखर मोहमी, गजर्कोट डुम्रीबेसी, किहुँलगायतका क्षेत्रका मानिसहरूको नून तेल, लत्ताकपडा आदि आवश्यकीय सामग्री किनमेल गर्न बटौली जाने बाटो र घाट पनि यही थियो । त्यसैले वालिङ र भीमादको बाटो नखुल्दै र कालीमा पक्की पुल नबन्दासम्म यो घाट निकै व्यस्त रहन्थ्यो । दैनिक सयौं मानिसहरू डुँगाद्वारा वारपार गर्थे । डुँगा तार्ने बोटे माझीहरूको व्यवसाय पनि निकै राम्रो चलेको थियो । यहाँका बोटेहरू हिउँदमा आफ्ना ग्राहकहरूबाट बाली उठाउन गाउँगाउँ घरघरै पुग्दथे । यहाँका मन्दिरहरूमा चतुर्भुज नारायणको मन्दिर नै सबैभन्दा पुरानो हो । यसको जराजीर्ण अवस्थाले पनि त्यस कुराको सङ्केत गर्छ । घाटको पूर्वोत्तरतर्फको डाँडाको टाकुरामा पनि राधाकृष्णको एउटा सानो मन्दिर छ । त्यसको इतिहास उपलब्ध हुन सकेन । यस क्षेत्रको सबैभन्दा ठूलो र भव्यतायुक्त मन्दिर भनेको श्री राधादामोदर मन्दिर नै हो, जसको निर्माण २०१३ सालमा सम्पन्न भएको थियो । यसको संस्थापना श्री १००८ भगवत्शरण देवाचार्यले गर्नुभएको हो । उक्त मन्दिर जीर्ण भएकाले

त्यसलाई भत्काएर अहिले त्यसै ठाउँमा अर्को नयाँ मन्दिर निर्माण गरिएको छ। मन्दिरसँगै २००८ सालतिर बनेको चार तले सत्तल छ।

४.केलादीधाम

घाटका रूपमा केलादी सदिऔंदेखि परिचिंत भए पनि धामका रूपमा केलादी चिनिन थालेको २०१३ सालदेखि हो। यसै वर्षको मंसिर विवाहपञ्चमीमा नवनिर्मित मन्दिरमा राधाकृष्णको स्थापना भएपछि यसको प्रचार टाढाटाढासम्म हुन थालेको हो भनिन्छ। राधाकृष्णको प्राणप्रतिष्ठा उत्सव हुँदा त्यस बखत पनि भण्डै एक लाख मानिसहरूको उपस्थिति यहाँ भएको थियो (वनवासी, २०७३)। स्याङ्जा, पाल्पा र तनहुँका मात्र नभई पूर्वमा विराटनगरसम्मका र पश्चिममा बर्दियासम्मका भक्तभक्तिनीहरू त्यस उत्सवमा सहभागी भएका थिए। मन्दिरको प्रतिष्ठा भएर नियमित सेवा पूजा, आरती, भजन, अखण्ड सङ्कीर्तन, मन्त्र अनुष्ठान, पौराणिक ज्ञानमहायज्ञ, सेवा सत्सङ्ग हुन थालेपछि यस ठाउँमा धार्मिक एवम् आध्यात्मिक प्रवृत्तिका मानिसहरूको आवागमन निकै बढ्न थाल्यो। अनि त्यहीं नै भजन, अनुष्ठान, गङ्गास्नान, ठाकुर सेवा गरेर बस्न रुचाउनेहरूको संख्या पनि अनायासै बढ्न थाल्यो, फलस्वरूप मन्दिर र आश्रमको नजिकै कल्पवासीहरूलाई आवास बनाएर बस्ने प्रबन्ध मिलाइयो। यसले साधकहरूको एउटा गाउँ नै तयार भयो। त्यसले नाम पायो भक्ति गाउँ। यसरी रैथाने कल्पवासी भक्तभक्तिनी र आगन्तुक धर्मप्रेमी एवम् साधक, साधुसन्तहरूको उपस्थिति तथा तिनका आध्यात्मिक गतिविधिका कारण केलादी एउटा नयाँ धामका रूपमा परिचित भयो। कृष्णगण्डकीको तटमा अर्को पावन तीर्थ थपियो। आखिर सामान्य ठाउँलाई पनि साधुहरूले तीर्थमय बनाइदिँदा रहेछन्। **तीर्थीकुर्वन्ति साधवः** शास्त्र पनि यसै भन्छ। गोस्वामी तुलसीदासले पनि भनेका छन् -

मुदमङ्गलमय सन्त समाजु, जो जग जङ्गम तीरथ राजु।

ईश्वरको अनुभूतिले आनन्दमग्न भएर जगत्‌को कल्याण गर्दै हिंड्ने साधुहरू नै जङ्गम (चलायमान) तीर्थ हुन्। तिनीहरू जहाँ, जान्छन्, बस्छन्, यज्ञ वा सत्सङ्ग गर्छन् त्यो ठाउँ तीर्थ बन्दछ, त्यहाँको वातावरण आध्यात्मीकरण भइदिन्छ। केलादीघाट पनि एउटा सामान्य तारघाटबाट विकसित हुँदै र

तीर्थका रूपमा परिणत हुँदै विशिष्ट धाम बन्न पुगेको छ । यसरी एउटा सामान्य स्थानलाई तीर्थधाममा परिणत गरिदिने परम सन्त आचार्यको नाम हो भगवत्‌शरण देवाचार्य ।

५. केलादीधाम र भगवत्‌शरण देवाचार्य

केलादीधामका सर्जक एवम् विकासकर्ता आचार्य भगवत्‌शरण देवचार्यजीको जन्म वि.सं. १९५० मा स्याङ्जा जिल्लाको मग्याम चिसापानी भन्ने ठाउँमा भएको हो । उहाँको न्वारनको नक्षत्रगत नाम त भवानीशङ्कर हो । पछि वृन्दावन पुगेर निम्बार्क वैष्णव सम्प्रदायमा दीक्षित भएपछि गुरु श्री हरिप्रियाशरण देवाचार्यले उहाँको नाम राखिदिनुभयो भगवत्‌शरण । ज्योतिष शास्त्रका ज्ञाता संस्कारी नैष्ठिक परिवारमा उहाँको जन्म भएको थियो, त्यसैले उहाँलाई आफ्ना बाबु धरणीधरले पहिले पारिवारिक परम्पराअनुसार ज्योतिषशास्त्र नै पढ्न प्रेरित गरे । आफ्नै घरको पिँढी पाठशालादेखि पर्वतको पाङसम्म पुगेर ख्यातनामा गुरुहरूबाट फलित ज्योतिषको गहिरो अध्ययन गरी फर्केका भवानीशङ्करलाई संस्कृत व्याकरणको अध्ययन नगरी पढिएको ज्योतिषले मात्र तृप्ति दिन सकेन र उहाँ व्याकरण पढ्नका लागि काठमाडौँ हुँदै वाराणसी पुग्नुभयो । तर उहाँलाई त्यहाँ पुगेपछि पढाइले भन्दा अध्यात्म साधनाले आकर्षित गर्न थाल्यो । पहिले अनेक देवी भगवतीको आराधना अनुष्ठान गर्दै रहे पनि अन्ततः भगवान् राधाकृष्णको उपासना गरेर जीवन सार्थक बनाउने सत्सङ्कल्प उहाँका हृदयमा जागृत भयो त्यसैले वनारस छोडेर हरिद्वार हुँदै उहाँ वृन्दावन पुग्नुभयो । वृन्दावनमा उहाँको साक्षात्कार त्यस्ता व्यक्तिसँग भयो जो वेदवेदान्त र व्याकरणशास्त्रमा निष्णात हुनुहुन्थ्यो, भारत प्रसिद्ध हुनुहुन्थ्यो । उहाँको प्रचलित नाउँ थियो दुलारेप्रसाद शास्त्री र दीक्षित नाम थियो हरिप्रियाशरण देवाचार्य । हरिप्रियाशरणजीबाट दीक्षा प्राप्त गरेपछि भवानीशङ्कर सिग्देलको नाम हुन गयो भगवत्‌शरण देवाचार्य ।

५.१.भगवत्‌शरणको अध्यात्म साधना र समाजसेवा

भगवत्‌शरणले वैष्णव दीक्षा प्राप्त गरेपछि गहन अध्यात्म साधनामा जुट्नुभयो । श्रीराधाकृष्णको युगल उपासना, मन्त्रहरूको पुरश्चरण, ध्यान, भजन, कीर्तन, सत्सङ्ग आदिको प्रगाढताले उहाँलाई चित्तशुद्धि मात्र

होइन, कर्मसिद्धि र वाक्सिद्धि पनि प्राप्त भए । एकदिन ध्यान साधनाकै अवस्थामा उहाँलाई अन्तःप्रेरणा भयो "तिम्रो आवश्यकता भारतमा होइन तिम्रै जन्मभूमि नेपालमा छ । दया र परोपकारमूलक सनातन वैदिक धर्म अनि अहिंसा र करुणामूलक बौद्ध धर्मको पनि जन्मभूमि तिम्रो देश नेपाल अहिले पाखण्डीधर्म र हिंसाकर्मले ग्रस्त छ, जाऊ पहिले आफ्नै देशको र आफ्नै समाजको सेवा गर ।" यही आत्मसन्देश प्राप्त गरेपछि आफ्ना गुरुको अनुमति र आशीर्वाद लिएर उहाँ फर्किनुभयो आफ्नै मातृभूमिमा पुग्नुभयो । आफ्नो जन्मस्थान मग्याम चिसापानी, जहाँ उहाँका बुबा, आमा, धर्मपत्नी, भाइबन्धुहरू लामो समयदेखि उहाँको व्यग्र प्रतीक्षा गर्दै थिए । मानव सेवा नै माधव सेवाको द्वार हो भन्ने उदाहरण प्रस्तुत गर्न भगवत्शरण त्यहाँको समाज सेवामा यसरी जुट्नुभयो कि उहाँका अग्रसरतामा अनेक धारा, कुवा, बाटो, पुल, पुलेसा, चौतारी, पार्टी, पाठशाला आदि बन्न थाले । यस्ता कार्यले उहाँ छोटै समयमा स्थानीय जनसमुदायका प्रियपात्र अनि सबैका विश्वास र भरोसाका केन्द्र बन्नुभयो । जनसेवादेखि जनार्दन सेवाको अभियानमा लागेका उहाँको अज्ञान, अन्धविश्वास, रूढि र पाखण्डरूपी फोहोर मैला सफा गर्दै सरल, सात्विक र समभावमा आधारित धर्ममार्ग प्रशस्त गर्नेतिर ध्यान गयो ।

५.२.धर्म सप्ताहको अभियान र कालीगण्डकीको शरण

एकदिन भगवत्शरणकै प्रस्तावमा गाउँमा नौलो खालको धर्म सप्ताह गर्ने निर्णय भयो । सप्ताहवाचन गर्न, कथा प्रवचन गर्न उहाँ आफै सक्षम हुनुहुन्थ्यो, तापनि व्यासासनमा विराजमान गराउनका लागि वनारसबाट एक जना भागवतमर्मज्ञ नेपाली विद्वान् ढुण्डीराज शास्त्रीलाई ल्याउनुभयो । उनको प्रवचन शैली र ज्ञान प्रवाहबाट प्रभावित स्थानीय जनसमुदाय सप्ताहका पण्डितबाटै दीक्षित हुन चाहे । तर ती पण्डितले कर्ता बनेर बस्नुभएका भगवत्शरणका अगाडि आफू दीक्षादान गर्न लायक नभएको भन्दै भगवत् शरणजीबाटै दीक्षा लिन अरूलाई पनि आग्रह गरे र आफू पनि उहाँसँगै दीक्षित भए । यस घटनाले भगवत्शरणजीको प्रभाव झन् बढ्यो । लगतै त्यस्तै धर्म सप्ताह स्याङ्जाकै कुलीन खोला भन्ने ठाउँमा आयोजना गर्ने निर्णय भयो र

त्यस सप्ताहको प्रमुख वाचक बन्नुभयो स्वयं भगवत्शरण । त्यसै अवसरमा त्यहाँका थुप्रै गन्यमान्य व्यक्तिहरूले भगवत्शरणको शिष्यत्व ग्रहण गरे ।

गाउँ समाजका अग्रज व्यक्तिले नै गुरु बनाएर पुज्न थालेपछि आम जनताको झुकाव भगवत्शरणप्रति झन्झन् बढ्न थाल्यो । अब गाउँ गाउँमा सप्ताह यज्ञ लगाउने, भगवत्शरणलाई मुख्य वाचक बनाउने र उहाँबाट वैष्णव दीक्षा ग्रहण गर्ने लहर चल्न थाल्यो । समाजमा धार्मिक सांस्कृतिक सुधारको क्रान्ति प्रारम्भ भयो । उहाँको माग सबैतिर बढ्न थाल्यो । उहाँलाई सुन्न चाहनेहरूको संख्या अधिकाधिक बढ्न थाल्यो र उहाँका शिष्यहरू पनि हजारौंमा हुन थाले । कैयौं शिष्यहरूले उहाँसँगै बस्न, हिँड्न र उहाँकै प्रत्यक्ष निर्देशनमा भजन साधना गर्ने चाहना गर्न थाले । यो दायित्वबोधसँगै जब उहाँको आयतन बढ्यो, मानस परिवार ठूलो भयो । उहाँलाई मग्यामको गाउँ साँघुरो हुन थाल्यो । बृहत्तर साधनाभूमि खोज्ने सोच विकास भयो । पहिले त उहाँ मग्यामको नजिकै पर्ने शुक्लागण्डकीको तट भीमाद पुग्नुभयो तर त्यहाँ आश्रम देवालय आदिको लागि उपयुक्त परिस्थिति नदेखिएपछि उहाँ पुग्नुभयो कालीगण्डकीको शरणमा अर्थात् वर्तमान केलादीभन्दा झण्डै दुई किलोमिटर माथि रहेको रामघाट भन्ने ठाउँमा । कृष्णगण्डकीको तीरमा रहेको स्याङ्जातर्फको यो भूभाग प्राकृतिक शोभाका दृष्टिले अति सुन्दर त छदैं छ साथै यो ठाउँ साधनाका दृष्टिले पनि अत्यन्त उपयोगी, सिद्धिदायक पुराणप्रसिद्ध ठाउँ हो ।

६.रामघाटको महत्त्व

रामघाटको महत्त्वको उल्लेख वाराहपुराण, हिमवत्खण्ड, गण्डकीमाहात्म्य आदिमा पाइन्छ । वर्षका खास खास पर्वमा भीमादको सेतीगण्डकीको जल भूमिगत सुरुङमार्ग हुँदै यहाँ आएर कालीगण्डकीमा मिसिन्छ भन्ने लोकविश्वास छ । कालीगण्डकीका किनारमा त्यहींनेर एउटा सानो खोंच छ, त्यहींबाट कहिले कहीं सेतो रंगको जल मूल फुटेझैं निस्किन्छ र कालीको जलमा मिसिन्छ, भन्ने त्यहाँका स्थानीय अध्येताहरूको कथन छ। यो व्यवस्था भगवान् रामले गर्नुभएको रे । भगवान् राम १४ वर्ष वनवासका लागि अयोध्याबाट प्रस्थान गरेपछि सीताको माइती देश दर्शन गर्दै भ्रमण

गर्ने क्रममा सीता र लक्ष्मणसहित यस ठाउँमा आउनु भएको थियो रे । यहाँ बस्दै जाँदा उहाँलाई शुक्ला र कृष्णा दुवै गण्डकीको संयुक्त जलले स्नान गर्ने इच्छा भएछ र आफ्नो इच्छाशक्तिका वाणले शुक्लाको जल आह्वान गर्नुभएछ। नभन्दै शुक्लाको जल उहाँ बसेकै कालीका तीरको उपर्युक्त खोँचबाट भुलभुले मूलझैं निस्कन थालेछ। दुवै नदीका जलको सङ्गममा उहाँले स्नान गर्नुभएछ । साथै वर्षका केही विशेष दिन रामनवमी, श्रीकृष्णजन्माष्टमी, शिवरात्रि आदि विशेष तिथि र नक्षत्रको योगमा उक्त जल त्यस ठाउँमा प्रकट हुने व्यवस्था पनि मिलाइदिनुभएछ, जुन परम्परागत विश्वास आजसम्म पनि कायम छ र विशेष पर्वमा स्थानीय श्रद्धालुहरू त्यस ठाउँमा स्नान गर्न जाने गर्छन् । ठीक त्यहींनेर कृष्णगण्डकीको प्रवाहमान् धारले पनि 'रा' अक्षरको आकृति निर्माण गरेको देखिन्छ। जो साच्चै अनौठो र चमत्कारिक छ ।

नदीपारि पाल्पापट्टिको भागमा भगवान् रामको र लक्ष्मीनारायणको पुरानो मन्दिर पनि छ, जसको पुनर्निर्माण गर्ने कार्य अहिले भइरहेको छ । रामले केही समय निवास गरेको ठाउँ हुनाले पाल्पाको त्यो भागलाई रामपुर भन्ने गरिएको हो भन्ने सुनिन्छ। रामले स्नान ध्यान आदि नित्यक्रिया गर्ने घाट भएकाले त्यसलाई रामघाट भनिएको हो भन्ने उल्लेख त पुराणमा पनि छ। त्यसको नजिकै अलि माथि रामको चौको (रामचौकी), रामको चुलो (रामचुह्लो), रामको ढुङ्गो (रामशिला), रामको चौतारी (रामचौतारी) आदि स्मारक पनि छन् । लोकमानसमा त्यहीं कुरा जमेर बसेको छ । रामघाटदेखि केही माथि डाँडामा पाल्पातर्फ एउटा सुन्दर जलकुण्ड छ, जसलाई सीताकुण्ड भनिन्छ। रामसीता त्यहाँ रहँदा रजस्वला भएकी सीतालाई स्नान गर्नका लागि रामले त्यो कुण्ड वा पोखरी बनाइदिएका हुन् भन्ने लोक विश्वास छ । सीताकुण्ड वरिपरिको दृश्य पनि अति नै मनमोहक छ । त्यसको पृष्ठभूमिमा रहेको डाँडाको प्रकृति र शोभा हेर्दा कालिदासले आफ्नो प्रसिद्ध काव्य मेघदूतमा वर्णन गरेको रामगिरि आश्रमको सम्झना हुन्छ -

यक्षश्चक्रे जनकतनया रामगीर्याश्रमेषु (मेघदूत १/१)।

सम्झना मात्रै होइन, कालिदासको वर्णन र त्यहाँको प्रकृति काटिकुटी मिल्छ पनि ।

६.१.रामघाट भगवत्शरणको साधना भूमि र पुनर्जागरण

रामघाटको यस्तो महिमा र महत्त्व पुराणवेत्ता भगवत्शरणलाई थाहा नहुने कुरै भएन त्यसैले उहाँ त्यस ठाउँमा झण्डै आठ वर्ष जति बसेर साधना गर्नुभयो । साधना आफूले मात्र गर्नुभएको होइन, आफ्ना सयौं शिष्यलाई पनि आफ्नै निर्देशन र निरीक्षणमा साधना गराउनु भयो । सयौं मन्त्रानुष्ठानहरू, सयौं पुरश्चरणहरू, हजारौं हवन, यज्ञहरू, श्रीमद्भागवत, भागवद्गीता, वेद आदि शास्त्रहरूको अहर्निश पारायण, व्याख्यान, स्नान, जप, कीर्तन आदि सत्कर्मले त्यो ठाउँ पुन तीर्थीकरण भयो त्यहाँको दिव्यत्व र तीर्थत्व पुनः जागृत भयो । स-साना अस्थायी टहरा, मन्दिर भएको यज्ञशाला, भजनकुटी आदि संरचनाले त्यहाँको वन्यक्षेत्र गुल्जार भयो, जङ्गलमा मङ्गल भयो । एउटा सिद्ध महात्माको अध्यात्मिक पराक्रमले **तीर्थीकुर्वन्ति साधवः** भन्ने शास्त्रवचनलाई पुनः चरितार्थ गरिदियो । त्यहाँको आध्यात्मिक उर्जा सशक्त बन्यो । रामले स्थापना गरेको रामघाटको ख्याति हजारौं वर्षपछि फेरि ताजा बनेर फैलियो । छिमेकका र परपरका पनि लाखौं नरनारीहरू पुण्यकार्य गर्न, सत्सङ्ग गर्न, स्नान गर्न रामघाट आउने क्रम फेरि उर्लेर बढ्यो ।

गुणको वैरी मानिस जाति भनेझैं केही धर्मध्वजी, ढोंगी, पाखण्डी, तथाकथित पण्डितहरूलाई अन्यत्रबाट आएका एक जना महात्माको त्यस्तो प्रभावले पीडा पुऱ्यायो । आफ्नो वृत्ति, व्यवसाय, मान सम्मानमा कमी आएको वा आउन सक्ने डरले उनीहरू महात्माको विरोधमा कालिय नागले झैं विष वमन गर्न थाले । अनेक प्रपञ्च, षडयन्त्र, भौतिक, मानसिक पीडा आदि उत्पन्न गरेर साधनारत भक्त भक्तिनीहरूलाई दुःख दिन, सताउन, निन्दा आलोचना गर्न थाले । हुँदाहुँदा त्यस्ता क्षुद्र आक्रमणको लक्ष्य गुरु महाराज भगवत्शरणजीलाई बनाउन थालियो । श्रद्धालुहरूलाई त्यहाँको भूमिमा पूर्ववत् धार्मिक गतिविधि गर्न अलि असजिलो हुँदै गएको अनुभव भएपछि त्यस्तै अर्को उपयुक्त ठाउँ खोज्ने उपक्रम सुरु भयो ।

६.२ मन्दिरको स्थापना

आश्रमसहितको मन्दिर निर्माणका लागि उपयुक्त भूमि खोज्दै गर्दा रामघाटभन्दा दुई किमि तल साँखर फाँटको पुछारमा, केलादी खोलाभन्दा

माथि पश्चिमतर्फको बञ्जर भूमि प्राप्त हुनसक्ने सम्भावना देखापऱ्यो। उक्त भूमि तत्कालीन चौतरिया मोहमीका राजा भोलाविक्रम शाह र रामचन्द्र शाहहरूको थियो। त्यहाँ उनीहरूले एउटा सानो शिव मन्दिर पनि स्थापना गरेका थिए र त्यसका लागि चार रोपनी जग्गा गुठी पनि छुट्याएका थिए तर व्यवस्थित सेवा पूजा हुन सकिरहेको थिएन। प्रस्तावित नयाँ मन्दिर निर्माणका लागि त्यहीं जग्गा उपयुक्त हुने ठहर सबैले गरे। केही दान र बाँकीको यथोचित मूल्य गरेर उक्त जग्गा भगवान् राधादामोदरका नाममा ल्याइयो। वि.सं.२००३ सालमा उक्त जग्गामा सर्वप्रथम आश्रम वा सत्तलको शिलान्यास भयो र वि.सं.२००८ सालमा ४ तले सत्तलको निर्माण कार्य सम्पन्न भयो। यसपछि लगतै सत्तलकै ईशान कोणमा मन्दिरको शिलान्यास भयो। काठमाडौँदेखि झिकाएका विशेषज्ञ मिस्त्री र अन्य कामदारहरूको संलग्नतामा वि.सं.२०१२ सालमा मन्दिर बनेर तयार भयो अनि वि.सं.२०१३ साल मंसिर शुक्ल पञ्चमी (विवाह पञ्चमी) का पावन अवसरमा उक्त मन्दिरमा धूमधामका साथ भगवान् श्री राधाकृष्णको प्राणप्रतिष्ठा सम्पन्न भयो र पूजा आरधना सुरु भयो जो अहिलेसम्म सुचारु छ। विगत दुई दशकदेखि अखण्ड हरिकीर्तन र नित्य हवनको कार्य पनि उक्त मन्दिरपरिसरमा चल्दै आएको छ।

केलादीमा सत्तल र मन्दिरको निर्माणपछि त्यसकै पश्चिमतर्फ कल्पवासी भक्तभक्तिनीहरूको निवासका लागि स्वतन्त्र रूपमा कुटियाहरू बन्न थाले। बिस्तारै भजनकुटीहरूको संख्या बढ्दै गएर एउटा गाउँकै रूप लियो। मानिसहरूले त्यसलाई भक्ति गाउँ भन्न थाले। अहिले त्यस ठाउँमा कल्पवासी वृद्धवृद्धाहरूको सेवा र हेरचाह गर्ने वृद्धाश्रमको पनि निर्माण भएको छ। रामघाट र केलादीघाटका बीचमा बनेको त्यो अध्यात्म केन्द्रले दुवै घाट वा तीर्थलाई जोड्ने धर्मसेतुको काम गरेको छ। तिनलाई थप महिमान्वित गर्ने काम गरेको छ। मानौं दुवैतर्फका घाटको तीर्थसार पुञ्जीभूत भएर राधाकृष्ण देवस्थान विराजमान छ र स्वयं केलादीधाम बन्न पुगेको छ।

७. संस्कृत विद्यापीठ

केलादीलाई धार्मिक एवम् आध्यात्मिक साधना केन्द्र बनाउनुका साथै प्राच्य धर्म दर्शन र भाषा वाङ्मयको अध्ययन अनुसन्धान गर्ने शैक्षिक

केन्द्र पनि बनाउने पवित्र योजना र उद्देश्य सन्त श्रीभगवत्शरणजीको थियो। खास गरी ह्रास हुँदै गएको गुरुकुलीय परम्परामा संस्कृत शिक्षालाई प्रवर्धन गर्ने अभिप्रायले उहाँले आफ्नै लगानीमा २०१८ सालमा **राधा दामोदर संस्कृत पाठशाला** स्थापना गर्नुभयो । शिक्षक र विद्यार्थी दुवैलाई निःशुल्क भोजनसहितको आवासीय सेवा उपलब्ध गराएर पठनपाठन प्रारम्भ भयो । त्यस पाठशालाबाट उत्पादित कतिपय विद्यार्थीहरू अहिले देशको उच्च शैक्षिक, प्रशासनिक, धार्मिक, सांस्कृतिक क्षेत्रमा क्रियाशील छन् । उक्त शिक्षालयले त्यस क्षेत्रका तत्कालीन संस्कृत शिक्षार्थीलाई काशी तथा मथुरा, वृन्दावनमा गएर पाइने सेवा उपलब्ध गराएको थियो । समयको माग र स्थानीय जनचाहनाअनुसार त्यस पाठशालाले २०३८ सालमा सं.मा.विको स्वरूप प्राप्त गर्‍यो, नाम राखियो राधादामोदर ज्ञानज्योति संस्कृत माध्यमिक विद्यालय । त्यसैलाई आधार बनाएर २०५० सालमा स्वतन्त्र रूपमा राधादामोदर संस्कृत विद्यापीठको पनि निर्माण भयो । नेपाल संस्कृत विश्वविद्यालयबाट सम्बन्धन र सहयोग प्राप्त यस विद्यापीठमा अहिले संस्कृत व्याकरण, साहित्य, ज्योतिष आदि विषयमा शास्त्री (स्नातक) सम्मको पठनपाठन हुँदै आएको छ ।

ट.निष्कर्ष

केलादीघाट पहिलेको डुँगा तर्ने घाट, गङ्गा स्नान गर्ने घाट र दाहसंस्कार गर्ने घाटबाट विकसित हुँदै प्रसिद्ध तीर्थ, प्रतिष्ठित देवस्थल, अध्यात्मिक साधना केन्द्र, धार्मिक सांस्कृतिक कर्मस्थल, शैक्षिक विद्यापीठ, वृद्धाश्रम आदिको विस्तारित योजना र संरचनाले नेपालकै दर्शनीय स्थल, एवम् एउटा मुख्य धार्मिक गन्तव्य स्थलसमेत बनेको छ । अब यसलाई आवश्यकता छ वराह क्षेत्रझैँ, देवघाटझैँ, रिडी र गलेश्वर आदिझैँ बृहत् धार्मिक क्षेत्रका रूपमा गुरुयोजनासहित विकास र विस्तार गर्ने ।

सन्दर्भस्रोत

कालिदास, (वि.सं.२०६३) कुमारसम्भवम अनु.नीलाम्वर पन्थी, काठमाडौं : एशिया पब्लिकेशन ।
कालिदास,(सन् २०१२) मेघदूत, व्या.दयाशङ्कर शास्त्री, वाराणसी : चौखम्बा सुरभारती प्रकाशन ।
वनवासी, देवीप्रसाद (वि.सं.२०७३), केलादीका सन्त, स्याङ्जा : नेभासा अनुष्ठान वालिङ न.पा. ।
मोहनशरण देवाचार्यसँगको कुराकानी ।
लेखकको प्रत्यक्ष भ्रमण, अवलोकन ।

✪✪✪✪

कालीगण्डकी र बेलघाट

डा. माधवप्रसाद पाण्डेय[1]

१. परिचय

नेपाललाई विश्वपरिवेशमा परिचय गराउने कारक तत्त्वहरूमध्ये धार्मिक तथा पर्यावरणीय दृष्टिले कालीगण्डकी र भगवान् शालग्राम अग्रभागमा पर्दछन् । शालग्राम भगवान्को ख्यातिसँगै विश्वभरि कालीगण्डकीको महत्त्व प्रसारित छ । कालीगण्डकी नेपालको शिर मुक्ति–क्षेत्रबाट कागबेनी हुँदै अन्नपूर्ण, माच्छापुच्छ्रे, मनासलु आदि हिमचुचुराहरूबाट धौलागिरी, गण्डकी, लुम्बिनीका विभिन्न भूभाग म्याग्दी, बागलुङ, पर्वत, स्याङजा पाल्पा र तनहुँ देवघाट हुँदै प्रवाहित हुन्छिन् । यो क्षेत्र कपिल, वाल्मीकि, भृगु, व्यास, पाणिनि, अमरसिंह आदि थुप्रै ऋषि, तपस्वी, विद्वान् हरूको बसोबास तथा तपोभूमिका रूपमा पनि प्रसिद्ध छ । सप्तगण्डकीको पवित्र जलद्वारा अभिसिञ्चित हिमवत्खण्डलाई गण्डकीप्रस्रवण क्षेत्र मानिएको छ । उच्च हिमशिखरबाट निःसृत हिमनदीहरू, त्यसका शाखा नदीहरू र तत्सम्बद्ध तीर्थस्थलहरू, मन्दिरहरू समन्वयात्मक संस्कृतिका द्योतक छन् । शालग्रामलाई गर्भमा राखेर बग्ने कालीगण्डकीका पवित्र क्षेत्रहरूमा मुक्तिक्षेत्र, रुरुक्षेत्र, हरिहरक्षेत्र, त्रिवेणीक्षेत्र र हरिक्षेत्र प्रमुख मानिएका छन् ।

यस लेखमा शालग्रामको उत्पत्ति, तिनका विभिन्न स्वरूप, रङ, चक्र र आकृतिका आधारमा पूजनफल, कालीगण्डकीको उद्गमका विविध स्रोत तथा तिनको महत्त्व आदिका साथै कालीगण्डकी प्रस्रवणक्षेत्रमा पर्ने प्रमुख घाटहरू तथा महत्त्वपूर्ण परिसरको उल्लेख गर्दै बेलघाटको परिचय दिने प्रयास गरिएको छ ।

२. शालग्रामको उत्पत्ति र स्वरूप

जालन्धरकी पतिव्रता पत्नी वृन्दाको सराप सुनेपछि भगवान् विष्णुले कालीगण्डकीमा स्नान गरी विश्वकर्मालाई बोलाएर आफ्ना मूर्ति बनाउनका लागि निर्देशन दिनुभयो "तिमी सुनौला ढुङ्गाले मेरा मूर्तिहरू बनाऊ । वज्रकीट नाम गरेको कीरो भएर कालीगण्डकीभित्र बसी शालग्राम शिलाको निर्माण गर । कालीगण्डकीमा विद्यमान शिलाहरूमा मेरा सबै अवतारअनुसारका

१. लेखक नेपाल संस्कृत विश्वविद्यालय वाल्मीकि विद्यापीठ काठमाडौंका सहप्राध्यापक हुनुहुन्छ ।

फरक-फरक चिह्न भएका चक्रहरू अङ्कित गराई अलग-अलग शालग्राम बनाऊ ।" महाविष्णुले विश्वकर्मालाई यसरी सम्झाएर उनै विश्वकर्माका साथ कालीगण्डकीमा स्नान गर्नुभयो । वृन्दाको सरापका छलले सम्पूर्ण प्राणीको हितका निमित्त भगवान् विष्णु शालग्रामशिलाका रूपमा परिणत हुनुभयो । विश्वकर्माले पनि वज्रकीट भएर सुवर्णजस्ता पहेँला, सेता आदि अनेकौं चिह्न र चक्रले युक्त भएका विष्णुका विभिन्न अवतारस्वरूप मूर्तिहरूको सृजना गरे । त्यसै समयदेखि आफ्नो इच्छालाई पूर्ण गर्न मानिसहरू भक्तिपूर्वक शालग्राम शिला लिएर उनको पूजा गर्छन् ।

(हिमवत्खण्ड, कृष्णाभामाहात्म्य, ५५/११-१९) ।

नेपालको मुस्ताङ जिल्लामा पर्ने मुक्तिनाथ परिसरमा ४८ कोस परसम्म फैलिएको ठाउँमा सालको रूखमुनि तपस्यारत सालङ्कायन नामक ऋषिले भगवान्को दर्शन पाएको हुँदा त्यस ठाउँको नाम शालग्राम क्षेत्र रहेको हो -

आरभ्य मुक्तिक्षेत्रं तत् क्षेत्रं द्वादशयोजनम् ।
शालग्रामत्वरूपेण मया तत्र स्थितं स्वयम् ।। (वाराहपुराण १४४/१५९) ।

त्यस क्षेत्रमा पाइने विशेष र फरक प्रकारको शिलालाई नेपाली भाषामा शालिग्राम भनिन्छ । त्यस शिलामा वज्रकीट नामक कीराद्वारा पारिएको प्वाललाई चक्र भनिन्छ । चक्रअनुसार देवताहरूका भेदहरू हुन्छन् । शालग्रामका ती भेदहरू यहाँ प्रस्तुत गरिएको छ -

(१) बाहिरी द्वारभागमा पृथक् पृथक् रूपले रहेका समान किसिमका चक्रहरू, सेतो वर्ण र सुन्दर स्वरूप भएको शालग्राम भगवान् वासुदेव हुन् ।
(२) लामो आकार, धेरै छिद्र, सूक्ष्म चक्र भएको, अत्यन्त राम्रो एवम् पहेँलो र केही रातोजस्तो वर्ण भएको शालग्रामलाई प्रद्युम्न भगवान् भनिन्छ ।
(३) तीन रेखा भएको, कमलका जस्ता चिह्नले युक्त भएको, नीलो वर्णको र अत्यन्त राम्रो शालग्रामलाई अनिरुद्ध भगवान् मानिएको छ ।
(४) श्यामवर्णे, नाभिमा चक्र, अग्लो खालको, लामो रेखाले युक्त दायाँपट्टि प्वाल परेको शालग्राम भगवान् नारायण हुन् ।
(५) दायाँ र बायाँपट्टिको काँध लामो भएको, कैलो वर्णको शिलालाई मत्स्यावतार भनिएको छ ।

(६) तीन विन्दुयुक्त शङ्ख र चक्रले सुशोभित २४ लक्षणले युक्त भूमण्डलको आकारको शिला कूर्मावतार भगवान्को स्वरूप हो ।

(७) विषम संख्यामा राम्रा चक्रले युक्त भएको बँदेलको आकारको शिलालाई वराह अवतार शालग्राम मानिएको छ ।

(८) इन्द्रनीलमणिजस्तै चम्किलो, ठूला-ठूला तीनवटा रेखाले युक्त, कैलो रङ्गको, छुट्टाछुट्टै दुईवटा अग्ला चक्र भएका शालग्राम शिला नृसिंहको मूर्ति हो ।

(९) विन्दुयुक्त बायाँपट्टि सुन्दर वर्ण भएका दुईवटा चक्र भएको, कालो वर्णको शालग्राम शिला लक्ष्मीनृसिंहको हो ।

(१०) कदमको फूलजस्तो पाँच रेखाले युक्त भएको, बाटुलो र सबैभन्दा सानो शालग्रामलाई वामनको स्वरूप मानिएको छ ।

(११) सुन्दर शङ्ख आदि चिह्नले युक्त भएको, पहेँलो वर्णको, बाण, बञ्चरो र हलो चिह्नले सुशोभित शालग्राम शिलालाई क्रमशः राम, परशुराम तथा बलरामको स्वरूप मानिएको छ ।

(१२) आलसको फूलजस्तो अत्यन्त नीलो वर्ण र विन्दुले युक्त भएको शालग्राम शिला सुदर्शन स्वरूप हुन् ।

(१३) बायाँतिर गदा, चक्र र दायाँतिर रेखा भएको ठूलो आकारको शालग्रामलाई दामोदर भनिएको छ ।

(१४) पद्म र चक्रले युक्त, सेतो वर्ण भएको शिलालाई ब्रह्माको मूर्ति मानिएको छ ।

(१५) गोलकाँक्रीको जस्तो आकार भएको र कहीं कहीं पहेँलो वर्ण भएको, पिठ्यूँतिर कालो वर्ण भएको, मोटा-मोटा सुन्दर दुई चक्र भएको शालग्रामलाई विष्णुको मूर्ति भनिएको छ ।

(१६) बीचमा गदाका आकारका पाँचवटा रेखा र वनमालाको चिह्नले अङ्कित शालग्राम श्रीधरको मूर्ति हो ।

(१७) कदमको फूलजस्तो चिह्न, तलतिर सेतो वर्ण, ठाडो रेखाले युक्त , दायाँ बायाँतिर एक-एकवटा रेखा भएका चिल्ला श्यामवर्णका शालग्रामलाई त्रिविक्रमको मूर्ति भनिन्छ ।

(१८) अङ्कुश आकारको चिह्न, चक्रको नजिकैबाट रेखाहरू गएको, हरियो

वर्णको र प्रशस्त थोप्लाहरू भएको शिलामा हयग्रीवको स्वरूप हुन्छ ।

(१९) तीन रेखा र मध्यभागमा तीनवटा चिह्न भएको गदाधरको मूर्ति हुन्छ ।

(२०) विभिन्न किसिमका वर्णहरूले युक्त, नागको शरीरको चिह्न र अनेकौं मुख भएको शालग्रामलाई अनन्त भनिएको छ ।

(२१) दायाँतिर गोलाकार चिह्न भएको, वनमालाले विभूषित शालग्राम शिलालाई कृष्णको मूर्ति भनिएको छ ।

(२२) दुवैतिर नजिकै चारवटा रेखा र माझभागमा दुईवटा चक्रभएको शिला चतुर्मुखी ब्रह्माको शिला हो ।

(२३) तलतिर कूर्म आकार भएको चक्र र बीचमा खुरको आकार भएको शिलालाई शिव शिला भनिन्छ ।

(२४) कमलको चिह्न भएको, भित्रतिर चार चक्रले युक्त, बाहिरपट्टि खुर तथा वनमालाले सुशोभित शिलालाई लक्ष्मीनारायणको मूर्ति भनिएको छ ।

(२५) चारैतिर मुख भएको शिलालाई पुरुषोत्तम ।

(२६) सेतो वर्णको शिलालाई वासुदेव ।

(२७) रातो रङ्कको शिलालाई सङ्कर्षण ।

(२८) नीलो वर्णको शिलालाई दामोदर तथा अनिरूद्ध भनिएको छ ।

(२९) श्यामवर्णको शालग्रामलाई नारायण, श्रीकृष्ण र विष्णु मानिएको छ ।

(३०) केही रातो वर्ण भएको शिलालाई अनन्त र पहेंलो वर्णको शिलालाई श्रीधरको मूर्ति भनिन्छ ।

२.१ शालग्राम पूजनको फल

(१) अत्यन्त रातो वर्णको शालग्रामले रोग पैदा गर्छ ।

(२) कैलो र पहेंलो मिसिएको वर्णको शालग्राम पूजा गर्नाले पत्नी वियोग हुन्छ ।

(३) खैरो वर्णको शालग्राम पूजा गर्दा सधैं भय र उद्वेग आइलाग्छन् ।

(४) धेरै ठूलो शालग्रामले आयु नाश गर्छ ।

(५) टेढो शालग्रामले दारिद्र्य पैदा गर्छ ।

(६) धेरै चक्र भएको, कैलो वर्णको र त्रिकोण परेको शालग्रामको पूजा गर्दा दाजुभाइमा वेमेल हुन्छ ।

(७) तलतिर मुख फर्किएको शालग्राम क्षयकारी तथा पुत्रघाती हुन्छ ।

(८) घोटिएको शालग्रामको पूजा गर्‍यो भने आयु नाश हुन्छ, डर पैदा हुन्छ र कुलकै नाश हुन्छ । त्यस किसिमको शिला अत्यन्त डरलाग्दो र सम्पत्तिनाशक हुन्छ ।

(९) त्यसैगरी कुरूप भएका, टुटेफुटेका, जलेका, त्रिकोण परेका, भित्र चक्र फुटेका, धेरै रेखा तथा चक्र भएका शिलाहरूलाई शालग्राम मानेर पूजा गर्नुहुँदैन ।

(१०) कुनै चिह्न नभएको शालग्रामको पूजा गर्नाले कुनै फल पाइदैंन ।

२.३. पूजायोग्य शिलाका रङ

(१) कालो वर्णको शालग्रामबाट कीर्ति प्राप्त हुन्छ ।

(२) नीलो वर्णको शालग्राम पूजा गर्‍यो भने सम्पत्ति प्राप्त हुन्छ ।

(३) कालो वर्णको शालग्राम पूजा गर्दा श्रीवृद्धि र पुष्टि प्राप्त हुन्छ ।

(४) सेतो शालग्रामको पूजा गर्नाले कल्याण तथा मुक्ति प्राप्त हुन्छ ।

(५) पहेंलो वर्णको शालग्रामले धन मिल्छ ।

(६) रातो वर्णको शालग्राम पूजा गर्नाले राज्य प्राप्त हुन्छ ।

(७) पाण्डुरवर्णको अर्थात् सेतो वा फिका पहेंलो वर्णको शालग्राम पूजा गर्दा पाप नाश हुन्छ, जहाँ शालग्रामको शिला रहन्छ त्यहाँ भगवान् विष्णुको निवास हुन्छ । काशीमा गरेको स्नान, जप र दानबाट पाइने फलभन्दा पनि शालग्राम शिलाको पूजाबाट बढी फल प्राप्त हुन्छ । चक्रले युक्त भएको शालग्रामको नजिकै बसेर मानिसले जुन स्नान, दान, जप, होम आदि गर्छ, ती सबै अक्षय कर्म हुन्छन् ।

२.४.चक्रानुसार स्वरूपज्ञान

(१) एक चक्र भएको सुदर्शन, (२) दुई चक्र भएको नारायण,

(३) तीन चक्र भएको अच्युत, (४) चार चक्र भएको जनार्दन,

(५) पाँच चक्र भएको वासुदेव, (६) छ चक्र भएको प्रद्युम्न,

(७) सात चक्र भएको सङ्कर्षण, (८) आठ चक्र भएको पुरुषोत्तम,

(९) नौ चक्र भएको नवव्यूह अर्थात् नवग्रह,

(१०) दश चक्र भएको सृष्टिकर्ता ब्रह्मा,

(११) एघार चक्र भएको भगवान् रुद्र,

(१२) बाह्र चक्र भएको शालग्राम भगवान् सूर्य ,

(१३) यसभन्दा बढी चक्रसङ्ख्या भएको शालग्रामलाई परमात्मा भनिएको छ । यस्ता शालग्रामको पूजा गर्नाले कैवल्य मुक्ति प्राप्त हुन्छ ।

जुन मानिसले विष्णुको चक्रले युक्त भएको शालग्राम शिलाको दर्शन गर्छन्, ती मानिसहरूको दर्शन गर्नाले मात्रै पनि सम्पूर्ण पापबाट मुक्त हुन्छन् । म्लेच्छ देशमै भए पनि चक्रले युक्त भएको शालग्राम शिला छ भने त्यसको तीन योजनसम्मको क्षेत्रलाई विष्णुक्षेत्र भनिन्छ । त्यस क्षेत्रभित्र शालग्रामको पूजा गर्ने जुन व्यक्तिले प्राण त्याग गर्दछ, त्यसले सबै पापबाट मुक्त भएर फेरि पृथ्वीमा जन्म लिँदैन । जो मानिस शालग्राम शिलाको नजिकै रहेको पवित्र ठाउँमा श्राद्ध गर्छ, त्यसका सबै पितृहरू दिव्य सय वर्षसम्म स्वर्ग-लोकमा बसेर तृप्त हुन्छन् । शालग्राम शिलाको चारैतर्फ एक कोससम्म यदि कुनै कीरासम्म पनि मर्‍यो भने त्यो अवश्य वैकुण्ठ जान्छ ।

जो मानिस शालग्राम शिला बेचेर त्यसको मूल्य लिन्छ, त्यो बेच्ने, बेच्नलाई सल्लाह दिने र परीक्षा गर्ने सबै मानिसहरू पापी नै हुन्छन्, तिनीहरूले ठूलो दुःख पाउँछन् । तिनीहरू डरलाग्दो नरकमा पर्छन् ।

पापदेखि डराउने मानिसले शालग्रामस्वरूप भगवान् वासुदेवको सम्झना गर्नुपर्छ र चक्रले युक्त भएका ती शिलाहरूको सधैँ पूजा गर्नुपर्छ । यस भुवनमा जति पनि तीर्थ छन्, जति मन्दिरहरू छन् र जति पनि पूजा-योग्य पवित्र स्थानहरू छन्, ती सबैको सेवा गर्नाले जुन फल प्राप्त हुन्छ, त्यो फल केवल शालग्रमस्वरूप भगवान् विष्णुको नामकीर्तनले उपलब्ध हुन्छ ।

(हिमवत्खण्ड, अ. ५५)।

३.कालीगण्डकी उद्‌गमको विविधता -

कालीगण्डकी नदी मुस्ताङ जिल्लामा स्थित दामोदरकुण्डबाट प्रवाहित भई मुक्तिनाथ मन्दिरमा उत्पत्ति हुने काग खोला र मुस्ताङ खोला यी दुबै कागबेनी भन्ने स्थानमा मिसिन्छन् र त्यसपछि उक्त नदीलाई कालीगण्डकी भनिन्छ ।

स्नान दान तथा पितृतृप्तिका लागि परम प्रिय तीर्थका नाम निर्देश गर्ने क्रममा मत्स्यपुराणमा काली, कालिका आदि नाममा कालीगण्डकीको उल्लेख गरिएको पाइन्छ -

यमुना देविका काली चन्द्रभागा दृशद्वती ।
नदी वेणुमती पुण्या परा वेत्रवती तथा ।।

कालिका च नदी पुण्या वितस्ता च नदी तथा ।

एतानि पितृतीर्थानि शस्यन्ते स्नानदानयोः ।।

तीर्थं पाशुपतं नाम नदी पार्वतिका शुभा ।

श्राद्धमेतेषु सर्वेषु दत्तं कोटिशतोत्तरम् ।। (मत्स्यपुराण, २२/ २०, ३६, ५६)।

हिमवत्खण्डमा स्वामी स्कन्दले अगस्त्य मुनिलाई सम्पूर्ण गण्डकीहरूको आविर्भाव र तीर्थको महिमाको उपदेश गरेका छन् । जसमा हिमालयको नीलकूटमा अवस्थित देवीको बायाँ पाउबाट बगेको अत्यन्त निर्मल पसिनाको तलाउमा गई गण्ड ऋषिले सभक्ति स्नान गरेर तलाउबाट बाहिर निस्कँदा आफूलाई २५ वर्षको युवक भएको देखे । त्यसपछि त्यस निर्मल तलाउमा रहेको जलमा गण्डऋषिले सभक्ति पूजा, परिक्रमा र स्तुति गरे भनिएको छ (हिमवत्खण्ड ४४/१-१०) । उनको स्तुतिबाट प्रसन्न भएर सोही तलाउबाट जलदेवीका रूपमा प्रत्यक्ष प्रकट भएकी गौरीले गण्ड ऋषिलाई मनोवाञ्छित वरदान दिने क्रममा यस तलाउमा सबैभन्दा पहिला स्नान गर्ने व्यक्तिका नाताले ती सबै नदीहरू तिम्रो नामबाट प्रसिद्ध हुनेछन् र गण्डकीमा एकचित्त भएर स्नान गर्ने व्यक्तिले पाइलैपिच्छे अश्वमेध यज्ञ गरेसरह फल प्राप्त गर्दछ । जसले त्यहाँ श्राद्ध गर्दछ, त्यो सबै अक्षय्य हुन्छ । जसले गण्डकीको तटमा जप, होम, पूजा, दान गर्दछ, त्यसले परम गति प्राप्त गर्दछ, (हिमवत्खण्ड, ४४/८७ - ८९) भनी गण्डऋषिलाई वरदान दिएको हुनाले ती नदीहरू गण्डकी र सप्तगण्डकीका नामले लोकमा प्रसिद्ध भएका हुन् भने तिनमा गरिएका सबै शुभकर्महरू अक्षय्य हुन्छन् ।

गौरीको शरीरका विभिन्न अङ्गबाट निस्केको पसिना नदीका रूपमा प्रवाहित भएपछि ती नदीहरू सप्तगण्डकीका रूपमा जगत्मा प्रख्यात भएको उल्लेख छ (पूर्ववत् अध्याय ४४) । पसिना निस्कने क्रममा सर्वप्रथम बायाँ पाउबाट, त्यसपछि चिउँडोबाट, अनि बायाँ ओठको छेउबाट, आँखाको कोषबाट, गालाबाट, केशबाट र निधारबाट समेत गरी शरीरका जम्मा सात ठाउँबाट बगेको पसिना पुण्यदायक सात नदीका रूपमा प्रवाहित हुंदा ती सप्तगण्डकी नै सात धारा हुन् । ती सात धाराका नाम यस प्रकार उल्लेख गरिएको छ- धर्मधारा, यशोधारा, विश्वधारा, सितप्रभा, रत्नधारा, सुवर्णाभा र कृष्णाभा । गण्डकीका यी सात धारा प्रसिद्ध छन् । तिनैलाई माहेश्वरी,

ब्राह्मी, नारसिंही, वैष्णवी, कौमारी, कालिका र गङ्गा भनिन्छ (पूर्ववत् ४४/३८-६७)। धर्मधारालाई अति नै सम्मान गरेर त्रिशूलगङ्गा अर्थात् त्रिशूली नदी भनिएको छ। त्यसैगरी यशोधारा- बूढीगङ्गा, विश्वधारा- चेपेदरौंदी, सितप्रभा- मर्स्याङ्दी, रत्नधारा- मादी, सुवर्णभा- सेती र कृष्णाभा- कालीगण्डकी नामले प्रसिद्ध छन्। यी नदीका स्रोतः उद्गमस्थल यस प्रकार रहेका छन् -

त्रिशूली नदी- हिमालयको नीलकूट, बुढीगङ्गा- रौप्यश्रृङ्ग, चेपेदरौंदी- महाकूट, मर्स्याङ्दी- मणिकूट, मादी- रत्नश्रृङ्ग, सेती- एकश्रृङ्ग, कालीगण्डकी- द्विकूटशिखरबाट निःसृत भएका हुन् (पूर्ववत् ४४/७६-८१)।

गण्डकीको उद्गमस्थलका विषयमा पाइने मतान्तरमा विष्णुको गालाबाट उत्पन्न भएका कालो र सेतो वर्ण भएका कृष्णा र शुक्ला नाम गरेका दुई नदीहरूको महत्ता वेद, पुराण र गण्डकीमाहात्म्यादि ग्रन्थहरूमा उल्लेख गरेको पाइन्छ -

विष्णुगण्डसमुद्भूते कृष्णाशुक्ले सरिद्वरे ।
वेदेऽपि श्रूयते चेति सितासिते सरिद्वरे ।।
वाराहादिपुराणेषु श्रीमद्भागवतेऽपि च ।
माहात्म्यं दृश्यते विप्र ! गण्डक्या मुक्तिदायकम् ।।

(गण्डकीमाहात्म्य १/६-७)।

कल्पहरूमध्ये पहिलो कल्पमा भगवान् विष्णुले लोकको हितको इच्छा गरेर सुन्दर हिमालयपर्वतमा तप गर्नुभयो। तपगर्ने क्रममा धेरै समय बिते पछि एउटा असह्य तेज प्रकट भयो र त्यस तेजद्वारा चर र अचर प्राणीहरू जल्न थाले। त्यस तेजको तातोले भगवान् विष्णुका दुवै गालाहरूमा पसिना पैदा भयो र सोही पसिना गण्डकीका रूपमा परिणत भएको हो (हिमवत्खण्ड कृष्णाभा माहात्म्य अ. ५५)। गोसाइँकुण्डदेखि महादेवको जटाबाट उत्पन्न भएर नेपालमा उत्पन्न भएका अन्य तीर्थहरूसँग मिल्दै देवताहरूका लागि पनि दुर्लभ हुने त्रिशूली नामकी महानदी आउँछिन्। पारकोट नाम गरेको ठूलो क्षेत्र देवताहरूका लागि गोप्य आश्रम हो। त्यहाँ उत्पन्न भएका ठूला तीर्थहरूसँग सेतीगण्डकी मिलेकी छिन्। सेती र त्रिशूली मिलेर यस देवघाटधाममा आदरपूर्वक कालीसँग भेट गर्न आउँछन्। पर्वतहरूको राजा हिमालय देवताहरूको उत्तम धाम हो र माछापुच्छ्रे नाम गरेको हिमालयको

टाकुरा निश्चय नै वैकुण्ठजस्तै पवित्र छ ।

ब्रह्माजीको हृदयबाट सबैका आश्रय, धर्म पैदा भए । धर्मकी पत्नी मूर्तिमा नर र नारायण नाम गरेका दुई ऋषिहरू पैदा भएका थिए । नर, नारायण नाम गरेका २ जना उत्तम ऋषिहरू माछापुच्छ्रेको शिखरमा रहनुभएको छ । ती दुईमा एकजना नारायण ऋषि काला वर्णका हुनुहुन्छ । उहाँको गालाको पसिनाबाट उत्पन्न भएकी नदी कालीगण्डकी ब्रह्माका लागि पनि अतिदुर्लभ मानिएकी छन् । कालीगण्डकी मुक्तिक्षेत्र आदि तीर्थहरूसँग मिलेर बगेकी छन् (हिमवत्खण्ड अ.४४)। तिनीहरूको गालाको पसिनाबाट देवताहरूका लागि पनि दुर्लभ दुई श्रेष्ठ गण्डकी नदीहरूको उत्पत्ति भयो र तिनीहरूको सङ्गम भएको स्थललाई नै देवघाट भनिएको हो । कालीगण्डकीको तीरले सुहाएको सुन्दर चम्पारण्य नाम गरेको ठाउँमा भोग र मोक्ष दिने र दर्शनमात्रले पापनाश गर्ने त्रिजलेश्वर नाम गरेको ठूलो शिवलिङ्ग रहेको छ । यस क्षेत्रको प्रभाव बुझेर देवताहरू त्यहाँ आए । मानस नामक आदिकल्पमा देवताहरूले समाधि लगाएर तप गर्दा तिनीहरूको प्रभावबाट देविका नाम गरेकी नदी उत्पन्न भइन् । पवित्र देविका नदी देवताहरूको नियमका लागि गण्डकीमा समाहित भइन् । त्यस मङ्गलमय पवित्रस्थलमा पुलस्त्य र पुलह ऋषिले पहिले ठूलो तपस्या गरेका थिए । ती ऋषिले सृष्टिविधानका लागि अलग आश्रमपद बनाएर तप गरे । त्यसपछि सृष्टिविधानको सामर्थ्य पनि प्राप्त गरेका थिए । त्यसपछि पवित्र नदीहरूमा श्रेष्ठ रुद्रतनया (रुद्रगङ्गा) उत्पन्न भइन् र गण्डकीमा समाहित भइन् । यसरी देविका र रुद्रतनयाको सङ्गम हुँदा गण्डकी त्रिवेणी नामले प्रसिद्ध भइन् (हिमवत्खण्ड, कृष्णाभामाहात्म्य, अ. ५५)। यसप्रकार गण्डकीको उद्गममा विविधता देखिन्छ।

३.१.कालीगण्डकीको महत्त्व

जगद्भर्ता विष्णुलाई आफ्नो गर्भमा धारण गर्ने गण्डकी सबै नदीहरूमा श्रेष्ठ मानिएकी छन् । त्यहाँ भगवान् विष्णु अंशावतार लिएर आफ्नो परिवारसहित बस्नुभएको छ । विष्णु भगवान् सबै देवताका स्वरूप हुनुहुन्छ भने गण्डकी नदी सबै तीर्थस्वरूप छन् । गण्डकी श्रीजगदम्बा गौरीको पसिनाबाट पैदा भएकी हुन् । त्यसैले गण्डकी नदीमा स्नान गर्नाले अरू तीर्थको भन्दा करोडौं गुणा बढी फल प्राप्त हुन्छ । तीर्थराज प्रयाग कुरुक्षेत्र र नैमिषारण्यमा सय

पटक स्नान गर्नाले मानिसले जुन फल प्राप्त गर्दछ त्यो फल कालीगण्डकीमा एक पटक स्नान गर्नाले पाउँछ। जसले कृष्णगण्डकीको तटमा बसेर श्राद्ध गर्छ, उसले आफ्ना सबै पितृहरूको उद्धार गर्छ। गयातीर्थमा पिण्डदान गर्दा उसले जति फल पाउँछ, कृष्णगण्डकीमा एक पटक स्नान गर्दा त्यो भन्दा सयगुणा बढी फल पाएर सम्पूर्ण पाप नाश भई ऊ स्वर्ग जान्छ। त्यसमा पनि जानेर स्नान, जप, होम, पूजा आदि गर्दा उसले मोक्ष प्राप्त गर्छ -

प्रयागे शतधा स्नात्वा कुरुक्षेत्रे च नैमिषे ।
कृष्णाभायां सकृत् स्नात्वा फलं तुल्यं भवेदिह ।।
श्राद्धं करोति यस्तस्यां पितृन् सर्वान् समुद्धरेत् ।
दत्ताच्छतगुणं लब्ध्वा गयायां स्वर्व्रजन्ति ते ।।
तस्याञ्च स्नानमात्रेण सर्वपापैर्विवर्जितः ।
कैवल्यं लभते ज्ञानाज्जपहोमार्चनान्मुने ।।(हिमवत्खण्ड ५५/७६-७८)।

३.२.सर्वोत्तम तीर्थका रूपमा कालीगण्डकी

मुक्तिधारा र कृष्णनदीको सङ्गमस्थल कागबेनीमा वहने जलले युक्त भएको स्थानलाई सर्वोत्तम तीर्थ मानिएको छ। यो तीर्थप्रति देवताहरूको पनि ठूलो लालसा रहेको हुन्छ। त्यस तीर्थमा स्नान गर्ने मानिसले मोहरूपी भोटो फुकाली ज्ञानरूपी भोटो पहिरिएर परमपद प्राप्त गर्छ। कालीगण्डकी नदीमा स्नान गरेर जुन व्यक्तिले जप, पूजा, हवन आदि गर्छ, त्यसले करोडौं करोड गुणा बढी अदृष्ट फल पाउँछ। जुन नदीमा आजसम्म भगवान् शङ्करको अनुग्रहबाट सबै देवताहरू आ-आफ्नो अंश लिएर आनन्दसित बसेका छन् त्यस्ती नदीश्रेष्ठ कालीगण्डकीको महत्त्व जति बखान गरे पनि पूरा हुँदैन (हिमवत्खण्ड, कृष्णाभामाहात्म्य, अ. ५५।)।

३.३.गण्डकीगर्भ महातीर्थका रूपमा कालीगण्डकी

माछापुच्छ्रे हिमालयदेखि त्रिशूली र कालीगण्डकीको सङ्गम देवघाटसम्मको क्षेत्रलाई गण्डकीगर्भ भनिन्छ। त्रिशूली र कालीगण्डकीको बीचमा गण्डकीगर्भ नाम गरेको महातीर्थ रहेको छ। त्यस महातीर्थमा गरिने प्रत्येक धर्मसम्बन्धी कार्यलाई अनन्त फलदायक मानिएको छ। नित्य आनन्द, नित्य मुक्तस्वरूप दिने र सधैंका लागि सबै देवताहरूकी आमा गण्डकी नदीको आफ्नै विशेष महिमा रहेको छ। मुक्तिको क्षेत्र मानिने यो गण्डकीगर्भभित्र

शालग्रामको रूप लिई आएर बसेका देवताहरू सधैँ मुक्त भएर नै बस्छन् । त्यसैले सबै देवताहरू गण्डकीका छोरी, नाती र पृथ्वीमा भए जति सबै तीर्थ उनीहरूका बासस्थान मानिएका छन् । गण्डकीको यो महिमाले गर्दा वेदादि सबै शास्त्र तथा सबै देवताहरूको नै माहात्म्य ठहर्छ । त्यसैले सबै तीर्थहरूमा वेदका मन्त्रहरूद्वारा गण्डकीका शिला शालग्रामहरूको पूजा गर्नुपर्छ । वेदादिशास्त्र, पुराण र लोकमा समेत सधैँ गण्डकीको व्यापक प्रसिद्धि छ । पृथ्वीपालन गर्ने सूर्य, विष्णु र विश्वको सृष्टि गर्ने ब्रह्माजीको महिमालाई कसैले लोप गर्न नसकेझैँ गण्डकीको महिमालाई कसैले लोप गर्न सक्तैन भनिएको छ (पूर्ववत्) ।

३.४. तपस्थलीका रूपमा कालीगण्डकी

कश्यप आदि महर्षिले गण्डकीको महिमामृत पान तथा शालग्रामको पूजा गरेर सिद्धि प्राप्त गरी शालग्रामको प्रभावले नाना प्रकारको सृष्टि पनि गर्न सफल भए । कुमारले मुक्तिक्षेत्रको कागबेनीमा तपस्या गरे । रुद्रहरूले रुद्रवेणी र कालीको दोभानमा तपस्या गरे । पुलहऋषिले पुलहाश्रम-म्याग्दीको लेकमा र पुलस्त्य ऋषिले पुलस्त्यदोभानमा तपस्या गरे । गण्डकीको सङ्गममा नारद र कर्दम मुनिले तपस्या गरे, चक्रतीर्थमा मरीचि, ऋतु र अङ्गिराले तपस्या गरे । सोमकूटपर्वतमा अत्रिले, भृगुतुङ्ग पर्वतमा भृगुले र नर्मदा नदीको सुन्दर तीरमा मनुराजाले तप गरेका थिए । त्यसरी नै रामपुरमा सूर्यवंशका गुरु वशिष्ठऋषिले तपस्या गरे भने गण्डकीको तीरमा बसी ब्रह्माले तपस्या गरे । कालीगण्डकीका तीरमा नै सालङ्कायन नाम गरेका ऋषिले उत्तम तप गरेर रुद्रसमान नन्दी नामक पुत्र जन्माएर परमपदमा प्राप्त भए । चन्द्रमाले पनि यहीँ गण्डकीतीरमा तपस्या गरेर नै सुन्दर कान्ति पाए । रावण पनि यहीँ तपस्या गरेर त्रिलोक विजयी भए । लोकको हित गर्ने महाविष्णुले पनि यहीँ तप गर्नुभयो । भृगुऋषिको आश्रम गण्डकीको सङ्गममा रहेको छ। सीताका साथ रामले पनि यही गण्डकीको सङ्गममा तपस्या गर्नुभएको थियो (पूर्ववत्) ।

सोमकूटपर्वतमा अत्रिले, भृगुतुङ्गपर्वतमा भृगुले र नर्मदा नदीको सुन्दर तीरमा मनुराजाले परम तप गरेका थिए । त्यसैगरी रामपुरमा सूर्यवंशका गुरु वशिष्ठऋषिले तपस्या गरे भने गण्डकीको तीरमा बसी ब्रह्माले तपस्या

गरे । देवता, दानव, गन्धर्व, पितृहरू र लोकपालहरू कल्प-कल्पमा र युग-युगमा गण्डकीतीरमा तपस्या गर्छन् ।

३.५.कालीगण्डकीका पाँच क्षेत्र

कालीगण्डकीका पाँचवटा क्षेत्रहरूमध्ये पहिलो मुक्तिक्षेत्र, दोस्रो रुरुक्षेत्र र तेस्रो गण्डकीहरूको सङ्गम हरिहरक्षेत्र मानिएको छ । त्रिवेणीलाई चौथो क्षेत्र मानिएको छ र पाँचौं हरिक्षेत्र गण्डकी र गङ्गाको सङ्गम देवताहरूको पनि दुर्लभ तीर्थ मानिएको छ । पाँच क्षेत्रहरूमा गण्डकीहरूको सङ्गममा लुकेर रहेको रामपुर नाम गरेको तीर्थलाई गोप्य राखिएको छ । यसैगरी सेतीगण्डकीको तीरमा रहेको भीमबन्ध अर्थात् भीमाद नाम गरेको तीर्थ पनि प्रसिद्ध छ । भीमादमा भीमेश्वर नाम गरेका महादेव सधैँ विराजमान हुनुहुन्छ । फेरि कालीगण्डकीको तीरमा देवीस्थान नाम गरेको क्षेत्र विख्यात छ । त्यस कालीगण्डकीको तीरमा तीनै लोकमा सामर्थ्य भएकी भगवती सधैँ नै बस्नुहुन्छ । पाल्पाको रामपुरक्षेत्रमा भगवान् राम सधैँ विराजमान हुनुहुन्छ । रामपुरक्षेत्रदेखि दक्षिणतर्फ पर्वतको टाकुरामा सुन्दर सीताकुण्ड छ र त्यहाँ जगन्माता जानकी विराजमान हुनुहुन्छ ।

३.६. कालीगण्डकीका विभिन्न घाटहरू

घाट भन्नाले नदीको दायाँबायाँको किनार वा नदीको जलसम्म पुग्न सकिने ठाउँ अथवा जहाज डुङ्गा आदिबाट ओर्लने ठाउँ, आवागमनका लागि सजिलो पर्ने ठाउँ आदि भन्ने बुझिन्छ । त्यसमध्ये यहाँ घाट भन्नाले नदीको दायाँबायाँको किनार वा नदीको जलसम्म पुग्न सकिने ठाउँ, नदीमा स्नान आदि गर्नका लागि सजिलो पर्ने तीर्थस्थल भन्ने अर्थमा प्रयोग गरिएको छ। दामोदरकुण्ड तथा मुक्तिनाथदेखि कागबेनी हुँदै देवघाटसम्म स्वतन्त्र र स्वच्छन्द रूपमा प्रवाहित हुँदै जाने क्रममा बीचबीचमा कालीगण्डकीका विभिन्न घाट तथा पवित्रतम तीर्थस्थलहरू परिभाषित भएका छन् । तीमध्ये केही प्रसिद्ध घाटहरू यहाँ उद्धृत गरिएको छ -

कागबेनी, निरयघाट, खनियाघाट, बेलबगरघाट, रुद्रवेणीघाट, पूर्तिघाट, अश्लेवाघाट, रानीघाट, अरुवाघाट, ठूलाबगरघाट, बेलटारीघाट, मालुङगाघाट उत्तरवाहिनी, छर्पीघाट, राम्दीघाट, हुँगीघाट, सम्पासघाट, आँदिघाट, मणिमुकुन्देश्वरघाट, खोरियाघाट, ज्यागदीघाट, रामघाट, तोलपुरघाट, केलादीघाट,

पुट्टारघाट, बेलघाट, साँवरीघाट, बालीघाट, घुमारीघाट, रामघाट, लुम्दीघाट, जन्तीरह, गणेशगुफा, गडगडीघाट, चम्घाघाट, खाल्टेबेसीघाट, कोटाघाट, नुवाकोटघाट, देवघाट आदि अरू पनि थुप्रै घाटहरू छन्।

यसबाहेक एउटै घाटलाई विभिन्न नाम र विभिन्न जिल्लाले छोएका केही नमूना यस प्रकार रहेकाछन्- दैलातुङ- स्याङ्जा र पाल्पाले छोएको छ। सेतीबेनी- गुल्मी, स्याङ्जा र पर्वतको सङ्गम परेको छ। रिडी- गुल्मी र स्याङ्जासँग जोडिएको छ। राम्दी- पाल्पा र स्याङ्जाको सिमानामा पर्दछ। राम्दीमा पाल्पातर्फ सिद्धबाबा मन्दिरको दर्शन गर्न पाइन्छ भने स्याङ्जातिरको भागमा राधाकृष्ण मन्दिरको दर्शन हुन्छ। यस्ता अनेकौं ठाउँहरू छन् जहाँ धेरै सङ्गम परेको पाइन्छ। ती सङ्गमहरूमध्ये मुगलिङमा त्रिशूली र मर्स्याङ्दीको सङ्गम परेको छ भने मुगलिङ र दासढुङ्गाको बीचमा आइपुग्दा त्यसैमा सेतीको संयोग हुन्छ र देवघाटमा आइपुग्दा कालीगण्डकी त्रिशूली, मर्स्याङ्दी, सेतीको संयुक्त रूप नारायणीका रूपमा प्रवाहित हुन्छन्। यस बीचमा थुप्रै साना ठूला खोला, नदी, नाला, खोल्सा, खोल्सीहरू यसमा समाहित भैसकेका हुन्छन्। देवघाटदेखि यी सबै संयुक्त र सम्मिलित भई नारायणीका रूपमा प्रवाहित हुन्छन्।

४.बेलघाट

पाल्पा र स्याङ्जाको दोभानमा रहेको रामघाटदेखि पाल्पा र स्याङ्जाको सिमानाका रूपमा प्रवाहित हुँदै हुंगीघाट, आँदीघाट, केलादीघाट आदि पार गरेर पाल्पा र तनहुँको सिमाना बन्दै पुट्टारघाट पछि बेलघाट पुगिन्छ। कालीगण्डकीको दक्षिणी किनारमा अवस्थित यस ठाउँमा कुनै बेला बेलको ठूलो जङ्गल थियो। त्यसैले यस घाटको नाम बेलघाट रहन गएको हो। पाल्पा जिल्लाको सुदूर पूर्वमा पर्ने बेलघाट हाल निस्दी गाउँपालिकामा पर्दछ भने पूर्वाभिमुखी कालीगण्डकीको बेलघाटदेखि उत्तरतर्फ तनहुँको गजर कोट गाउँपालिका पर्दछ। यो घाट ५०० मिटर लम्बाइ र २०० मिटरजति चौडाइमा फैलिएको छ।

४.१. बेलघाटको धार्मिक सांस्कृतिक महत्ता

निस्दी तथा गजरकोट गाउँपालिकाका वासिन्दाका लागि आस्थाको केन्द्रका रूपमा रहेको बेलघाटमा कार्तिक शुक्ल एकादशीका दिनमा ठूलो

मेला लाग्दछ । त्यस दिनमा कालीको वारि पारि स्नान, ध्यान, जप, तप गर्ने र तोरण तार्नेको लामो लर्को देखिन्छ । कतिले डुङ्गाको सहायता र कतिले पौडेर नै तोरण तार्ने गर्दछन् । बडो धूमधामका साथ बाजागाजाको धुनले त्यस भेगको रौनक नै फेरिन्छ त्यतिबेला । प्रत्येक वर्ष फरक फरक गाउँविशेषले तोरण तार्ने प्रबन्ध मिलाउने प्रकल्प हुन्छ। कतिले भाकल पूरा गर्न पनि तोरण तार्ने गर्दछन् । किनमेल इष्टमित्र भेटघाट आदिका दृष्टिले पनि यस महोत्सवलाई अवसरका रूपमा लिइन्छ । यसबाहेक माघेसङ्क्रान्ति, आषाढ शुक्ल एकादशीसहित अन्य एकादशी, औंसी, पूर्णिमा आदि पर्वमा बेलघाटमा स्नान गर्नेको घुइँचो देखिन्छ । त्यसबाहेक देहान्तपछि गरिने दाहसंस्कारका लागि पनि यही घाट प्रयोग हुन्छ । त्यसैगरी दिवङ्गतहरूको वार्षिक तिथिमा सोही स्थानमा आएर वार्षिकी कार्यक्रम सम्पादन गर्नेहरू पनि प्रशस्त हुन्छन् ।

४.२.वर्तमान स्थिति

नवलपुर तथा देवघाटदेखि पाल्पाको रामपुर, तानसेन, राम्दी तथा पोखरा, बाग्लुङसम्म पुग्ने कालीगण्डकी करिडोर मार्गमा बेलघाट पर्दछ । कालीगण्डकीको दक्षिणकिनारबाट निर्माण गरिएको यो करिडोरका कारण त्यहाँ रहेको जङ्गलमा क्षति पुगेको छ, जसले गर्दा यो घाट अहिले उदाङ्ग देखिन्छ । पहाडी बस्तीबाट बसाइँसराइ गर्ने क्रममा तीब्रता देखिएकाले त्यस घाटलाई प्रयोग गर्नेहरूको बस्ती पातलो हुँदै गएको छ, जसले गर्दा त्यसखघाटका प्रयोगकर्ता केही न्यून हुँदैछन् । यद्यपि नवलपुरमा पर्ने राइका, पीपलटारी, सिउन, रूचाङ, व्याघान, आमडाँडा, कुवाकोट, चारडाँडा, रिट्ठे लगायतका विविध गाउँ-ठाउँ र पाल्पाको बाकामलाङमा पर्ने दुईघरे, जुरेडाँडा, गेभ्रा, बडहरे, छपाग्दी, पोखरा, डाँडाबारी, तालबारी, गैरीबारी, पीपलबारी, स्वाँराथर, गाउँथर, पोखरीथोक, लेखमलाङ, पूर्वमलाङ, अर्मलाङ, डमरा, राहुवन, चारघरे, साँखर्दी, स्याउलीबजारजस्ता अनेकौं गाउँ-बस्तीका लागि पायक पर्ने बेलघाटलाई जुन रूपमा विकसित गर्नुपर्ने हो त्यो हुन सकेको छैन । अतः बेलघाटको संरक्षण र विकास सर्वतोभावेन अपेक्षित रहेको छ ।

४.३.विकासको सम्भाव्यता र सुझाव

बेलघाट र त्यस वरपरको क्षेत्रको विकास गर्नुपर्ने आवश्यकता र सम्भाव्यता प्रशस्त रहेको देखिन्छ । तराईदेखि पहाडको माथिल्लो भागसम्म

पुग्ने कालीगण्डकी करिडोरको मार्गमा पर्ने बेलघाटमा कालीगण्डकी पूर्वाभिमुख भएर प्रवाहित भएकी छन् । त्यस घाटबाट उत्तर-दक्षिणतर्फ नदी वारपार गर्नका लागि एउटा पक्की पुलको आवश्यकता रहेको छ । जसले गर्दा त्यस भेगका निवासी र अन्य यात्रुले पनि त्यहाँबाट सीधा पोखरासम्म सम्बन्ध विस्तार गर्न सक्नेछन् । त्यस घाटको वारिपारि दुवैतर्फ धार्मिक तथा पर्यटकीय दृष्टिले महत्त्व राख्ने हुनाले विकासको सम्भावना रहेको देखिन्छ ।

५.निष्कर्ष

आमुख, शालग्रामोत्पत्तिको पृष्ठभूमि, शालग्रामका विभिन्न रूप, विभिन्न स्वरूप, रङ र आकृतिका शिलापूजनको फल, चक्रानुसार स्वरूपज्ञान, कालीगण्डकीको उद्‌गमका विविध स्रोत, कालीगण्डकीको महत्त्व, कालीगण्डकी प्रवाहमा समेटिएका स्थानहरू र बेलघाटजस्ता शीर्षक उपशीर्षकमा प्रस्तुत भएका सामग्रीहरूबाट नेपालमा रहेका मुक्तिनाथदेखि गण्डकी प्रस्रवणमार्गमा पर्ने पुण्यतम क्षेत्र, धार्मिकस्थल, तीर्थमय विविध घाटहरू, चामत्कारिक कतिपय पावनस्थलहरू र पुरातात्त्विक देवालयहरूको ऐतिहासिक महत्त्वका दृष्टिले हाम्रो सम्पन्नताप्रति हरेक नेपालीलाई गौरवको अनुभूति हुन्छ । यी धरोहर र प्रकृतिप्रदत्त उपहारप्रति सबैले ज्ञान, मान र सम्मान गर्दै तिनको संरक्षण तथा संवर्द्धन गर्न सकौं, यही यथार्थ आवश्यकता एवम् स्वकीय परिचय हो । यसमा दुविधा छैन । यही स्पष्ट दिशानिर्देश हाम्रो मार्ग हो ।

सन्दर्भस्रोत

मत्स्यमहापुराण, (वि.सं. २०७२) गोरखपुर : गीताप्रेस ।

वाराहपुराण, (सन् १९८२) सम्पा. ऋषीकेश शास्त्री, वाराणसी : चौखम्बा अमर भारती प्रकाशन।

सूरि, काशीराम (वि.सं.२०५५), गण्डकीमाहात्म्यम्, अनु. टीकाराम अधिकारी दाङ : म.सं.वि. ।

हिमवत्खण्ड, (वि.सं.२०१३) सम्पा.योगी नरहरिनाथ, काशी : गोरक्षटिल्ला ।

हिमवत्खण्ड, (वि.सं. २०७५) अनु. सम्पा. वेणीमाधव ढकाल, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

सञ्जाल- www.google.com/ kaligandakiriver -09/19/2018.

स्रोतव्यक्ति

कालीगण्डकीका घाटहरूको नाम आदिको खोजी गर्ने क्रममा सहयोग लिइएका महानुभावहरू

कृष्णप्रसाद पौडेल (रिमुवा- ९, गुल्मी)।

कृष्णराज पाण्डेय (बीर्घा, स्याङ्जा)।

केशरीलाल पाण्डेय (निस्दी- १, बाकामलाङ, पाल्पा)।

केशवप्रसाद पाण्डेय (ऐजन)।

गङ्गाप्रसाद पाठक (भारतीपुर- ५, नवलपरासी)।

गणेशप्रसाद घिमिरे (बडागाउँ, गुल्मी)।

घनश्याम भण्डारी (रूपाकोट, गुल्मी)।

चण्डीप्रसाद पाण्डेय (निस्दी- १, बाकामलाङ, पाल्पा)।

जीवन अधिकारी (दुराडाँडा, लमजुङ)।

छविलाल पाठक (भारतीपुर- ५, नवलपरासी)।

नारायण चालिसे (जैदी- ३, बाग्लुङ)।

भागवत ढकाल (जोहाङ, गुल्मी)।

लालमणि पाण्डेय (जुकेना- ३, अर्घाखाँची)।

शम्भुप्रसाद गौतम (थानपति, रिडी)।

सन्तोष रेग्मी (पाङ, पर्वत)।

✡✡✡✡

देवघाट हरिहरक्षेत्र

प्रा.डा. नुरापति पोखरेल[1]

१. परिचय

आर्यावर्तको शीर्षस्थानमा रहेको विश्वकै सर्वोच्च शिखर सगरमाथाले मण्डित सम्पूर्ण नेपाल नै एउटा तीर्थभूमि हो । त्यसैले नै नेपाललाई तीर्थमयी नेपालजननी भन्ने गरिन्छ। गौरीशङ्करका दिव्य क्रीडाभूमिका रूपमा अवस्थित नेपालका हरेक डाँडा-काँडा नदी-नाला पावन तीर्थका रूपमा रहेका छन् । यहाँका माटाका कण कणमा र नदीहरूमा प्रवाहित हुने जलका थोपा-थोपामा दिव्यत्व झल्किरहेको हुन्छ । यहाँका शिला-शिलामा देवत्व अभिव्यञ्जित भएको पाइन्छ । देवालयका रूपमा रहेका प्रत्येक गृहस्थका घर-घरबाट र प्रत्येक मठ-मन्दिरबाट प्रातःकालमा निस्कने घण्ट र शङ्खका निनादले चारै दिशालाई गुञ्जाइरहेको हुन्छ। यिनै सबै विशेषताले युक्त भएको एउटा पावनतीर्थ हो देवघाट। प्रस्तुत लेखमा बुँदागत रूपमा यसै पुण्यभूमिको परिचय दिने प्रयत्न गरिएको छ।

देवघाटको पुरानो नाम देवाट हो । यसलाई अहिले जनबोलीमा देवघाट भनिन्छ। यसैलाई शास्त्रमा हरिहरक्षेत्र पनि भनिएको छ -

यदा नन्दी शूलपाणिर्गोधनेन पुरस्कृतः ।
स्थितवान् तद्दिनादेव क्षेत्रं हरिहरात्मकम् ।।
देवानामटनाच्चैव देवाट इतिसञ्ज्ञितम् । (वाराहपुरण१४४/१४५)।

अर्थात् जुन दिनबाट हातमा त्रिशूल धारण गरेका नन्दी गोधन अगाडि लगाएर यस क्षेत्रमा बस्न थाले त्यसै दिनबाट यो क्षेत्र हरिहरात्मक भयो भनिएको छ । हरिहरात्मक भएकाले नारायणीको र भागीरथीको सङ्गमभूमिलाई हरिहरक्षेत्र भनेझैं कृष्णगण्डकीको र त्रिशूलीको सङ्गमभूमिलाई पनि हरिहरक्षेत्र भनिन्छ । काशीरामद्वारा रचित गण्डकीमाहात्म्यमा पनि हरि र हरको नित्य सान्निध्य रहने हुनाले यस क्षेत्रलाई हरिहरक्षेत्र भनिएको हो भन्ने उल्लेख गरिएको छ । दृश्यरूपमा र अदृश्यरूपमा अनेकौं पुण्यसलिला नदीहरूको यहाँ समागम हुने भएकाले यसलाई तीर्थकदम्ब वा सर्वतीर्थकदम्ब भनिएको छ -

---

१. लेखक नेपाल संस्कृत विश्वविद्यालय वाल्मीकि विद्यापीठ काठमाडौंका प्राध्यापक हुनुहुन्छ।

एवम् नदीसमुद्भेदः सर्वतीर्थकदम्बकम् ।

मम क्षेत्रे समाख्यातं पुण्यं परमपावनम् ।।(पूर्ववत् १४५/८५)।

जस्ता पद्यहरूबाट प्रकट गरिएको छ । यस ठाउँलाई सिद्धाश्रम पनि भनिन्छ भन्ने कुरा वाराहपुराणको उक्त प्रसङ्गमै उल्लेख गरिएको छ -

यच्च सिद्धाश्रम इति विख्यातः पुण्यवर्धनः। (पूर्ववत् १४५/८६)।

भन्ने अर्धपद्यद्वारा अभिव्यक्त गरिएको छ । जसरी स्वच्छनीरा गङ्गा, कृष्णसलिला यमुना र श्वेतजला सरस्वतीको सङ्गमभूमिलाई प्रयाग भनिन्छ त्यसरी नै स्वच्छनीरा त्रिशूली, कृष्णसलिला कृष्णगण्डकी र श्वेतजला शुक्लागण्डकीको सङ्गमभूमिलाई प्रयाग वा आदिप्रयाग भनिन्छ । गण्डकीमाहात्म्यमा ठाउँ-ठाउँमा देवघाटलाई प्रयाग वा आदिप्रयाग भनिएको छ। हाल प्रचलित देवघाट शब्द देवाट शब्दकै विकसित रूप हो तापनि यसलाई देवघट्ट शब्दबाट निष्पन्न शब्द पनि मान्न सकिन्छ। यसको अर्थ धरामण्डलमा अवतीर्ण देवताहरूद्वारा स्नान गरिने घाट भन्ने हुन्छ। यस अर्थले पनि देवाट शब्दको अर्थलाई नै पुष्ट गर्दछ। हिमवत्खण्डमा सर्वप्रथम यस क्षेत्रका लागि देवघट्ट शब्दको प्रयोग गरिएको छ । परवर्ती कालमा सबै पुण्यक्षेत्रहरूका नाममा धाम जोड्ने परम्परा विकसित भएकाले देवघाटलाई पनि देवघाटधाम भनिन्छ । पर्यायका रूपमा रहेका अनेकौं नामले यस क्षेत्रको धार्मिक एवम् ऐतिहासिक गरिमालाई अभिव्यक्त गर्दछन् ।

२.भौगोलिक अवस्थिति

देवघाट कालीगण्डकी र त्रिशूलीका सङ्गममा रहेको छ । एकातर्फ कालो आभा भएको कालीगण्डकी प्रवाहित भइरहेको छ भने अर्कातर्फ श्वेता गण्डकीको सेतो आभालाई आत्मसात् गर्दै त्रिशूली नदी प्रवाहित भएको छ। त्यसैले नै सदानीरा हिमगङ्गाका कलकल ध्वनिले सधैँ सङ्गीतको आनन्द प्रदान गर्ने देवघाट प्रकृतिको क्रीडाभूमिजस्तो लाग्दछ। यी दुई दिव्य नदीका सङ्गमले नै देवघाटलाई पावन भूमि बनाएको छ । हिमशृङ्खलाबाट उत्पन्न भई नेपालभूमिका डाँडा-काँडा एवम् पाखा पखेरालाई छिचल्दै गङ्गामा समाहित हुने दुई ठूला नदी कृष्णगण्डकी र कौशिकीको धार्मिक दृष्टिले आफ्नै वैशिष्ट्य रहेको छ। कोशीका तटमा महत्त्वपूर्ण तीर्थका रूपमा कोका रहेको छ भने गण्डकीका तटमा मुक्तिक्षेत्र, रुरुक्षेत्र, देवघाट र त्रिवेणी गरी चारवटा

महत्त्वपूर्ण तीर्थ रहेका छन् । वाराहपुराण आदिमा महत्त्वका साथ वर्णन गरिएका तीर्थमध्येको एक तीर्थ देवघाट वर्तमान नेपालको मध्यभागमा लुम्बिनी, गण्डकी र नारायणी अञ्चलका एवम् नवलपुर, चितवन र तनहुँ जिल्लाका सङ्गममा अवस्थित छ । यसरी यो भूमि नेपालका तीनवटा अञ्चलको र तीनवटा जिल्लाको सङ्गम भूमिका रूपमा देखा पदर्छ। अर्को शब्दमा भन्नुपर्दा गैंडाकोट नगरपालिका, देवघाट गाउँपालिका र भरतपुर महानगरपालिकाका सिमानामा अवस्थित पुण्यभूमि नै देवघाट हो । दामोदरकुण्डबाट प्रवाहित हुने कालीगण्डकी र गोसाइँकुण्डबाट प्रवाहित हुने त्रिशूली नदीको समागम र त्यसपछिको एकरूपता नै यस भूमिको मूलभूत विशेषता हो। विश्वमानचित्रमा देवघाटक्षेत्र ८५°२२ ८५° २२' ३° ' बाट ८४°३०''' पूर्वी अक्षांश र २७° ४२' ३'' बाट २७° ४७' ३'' उत्तरी देशान्तरको बीचमा पर्दछ भनिन्छ । यस भूमिलाई समुद्र सतहबाट २०० मि. देखि ५७५ मि. सम्मको उचाइमा रहेको मानिएको छ । भित्री मधेश र पहाडका सङ्गमका रूपमा रहेकाले यहाँको वातावरण समशीतोष्ण रहेको छ। जसका कारण यहाँको वातावरण मानवका लागि र वन्य पशुपंक्षिहरूका लागि उपयुक्त छ । मूलतः देवघाट क्षेत्र समतलभूमिमा रहेको छ तापनि यसका वरिपरि अग्ला-अग्ला पहाड छन्। नेपल सरकारद्वारा गठित देवघाट क्षेत्रविकास समितिले र अन्य संस्थाले यसको सिमाना निर्धारण गर्ने प्रयत्न गरेको पाइन्छ ।

३.पौराणिक सन्दर्भ

विभिन्न महापुराणहरूमा र उपपुराणहरूमा गण्डकीको माहात्म्य देखाइएको छ तापनि गण्डकीमाहात्म्य प्रतिपादनका दृष्टिले चारवटा पुराण महत्त्वपूर्ण देखा पर्दछन् क) वाराहपुराण ख) पद्मपुराण ग) श्रीमद्भागवत घ) स्कन्दपुराणको हिमवत्खण्ड । यसै सन्दर्भमा काशीराम शर्माद्वारा पौराणिक शैलीमा लेखिएको गण्डकीमाहात्म्यसमेत गण्डकीका एवम् देवघाटका गरिमालाई उजागर गर्ने महत्त्वपूर्ण ग्रन्थका रूपमा देखापर्दछ। उपर्युक्त ग्रन्थहरूमा वर्णित गण्डकी एवम् देवघाट सम्बन्धी सन्दर्भको क्रमशः चर्चा गरिन्छ -

३.१ वाराहपुराण

वाराहपुराणमा मुक्तिक्षेत्रदेखि वर्तमान हरिहरक्षेत्रसम्मका गण्डकीका तटमा अवस्थित विभिन्न तीर्थहरूको र शालग्रामक्षेत्रको विस्तारपूर्वक चर्चा गरिएको छ। यस पुराणमा चर्चा गरिएका गण्डकीका तटमा अवस्थित प्रमुख

चार तीर्थ मध्येको एउटा तीर्थ देवघाट हो । देवघाटलाई वाराहपुराणमा देवाट भनिएको छ। देवताहरूको सञ्चरण क्षेत्र भएकाले नै यसलाई देवाट भनिएको हो भन्ने कुरा उक्त पुराणले नै प्रमाणित गरेको छ । वाराहपुराणका विभिन्न (मूलतः१४४-१४७) अध्यायमा गण्डकीका तटमा अवस्थित साना ठूला अनेकौं तीर्थहरूको वर्णन गरिएको छ तापनि १४४ औं अध्यायमा र १४५ औं अध्यायमा देवघाटको आध्यात्मिक वैशिष्ट्यलई उजागर गर्ने कार्य गरिएको छ । १४४ अध्यायमा सोमेश्वर आदि लिङ्गहरूको, मुक्तिक्षेत्र एवम् त्रिवेणी आदिको माहात्म्य बताइएको छ । यसै अध्यायका बीचमा शालग्रामक्षेत्रको माहात्म्य चर्चा गर्ने सन्दर्भमा देवताहरूले सञ्चरण गर्ने हुनाले यसलाई देवाट भनिन्छ भन्ने उल्लेख गरिएको छ। शालग्रामक्षेत्र माहात्म्यवर्णन नामक १४५ औं अध्यायमा कृष्णगण्डकीको र श्वेतागण्डकीको सङ्गमभूमिका रूपमा देवघाटको चर्चा पाइन्छ। मूलतः यी दुई अध्यायलाई आधार मानेर विभिन्न सन्तहरूले दुई अध्याय भएका देवघाट माहात्म्यको प्रकाशन गरेको देखिन्छ। देवघाटलाई पौराणिक तीर्थका रूपमा उच्च गरिमा प्रदान गर्ने कार्य वाराहपुराणले नै गरेको हो तापनि जसरी यस पुराणमा मुक्तिक्षेत्र, रुरुक्षेत्र र त्रिवेणीक्षेत्रसित सम्बद्ध स्फुट कथाको निर्देशन पाइन्छ त्यसरी नै देवघाटसित सम्बद्ध स्फुटकथानकको उल्लेख पाइन्न । शालग्रामक्षेत्रको माहात्म्यवर्णन गर्ने सन्दर्भमा नै उक्त क्षेत्रभित्र पर्ने देवघाटको चर्चा आएको हो । यहाँ देवघाटलाई एक ठाउँमा देवाट भनिएको छ भने अन्यत्र दुईवटा दिव्यनदीहरूको सङ्गमभूमि भनिएको छ। वाराहपुराणमा देवघाटमै बसेर कुनै तपस्वीले तपस्या गरेको भन्ने सन्दर्भको उठान गरिएको छैन। कृष्णगण्डकीको र शुक्लागण्डकीको सङ्गमभूमि नेपालमा नै पर्छ भनी स्पष्टताका साथ यसको महिमगायन गरिएको छ। १४५ अध्यायमा देवघाट सम्बद्ध केही पद्यहरू यस प्रकार रहेका छन् -

अन्यच्च ते प्रवक्ष्यामि क्षेत्रं गुह्यं परं मम ।
सम्भेदो देवनद्योस्तु समस्तसुखवल्लभः ।
दिवोऽवतीर्य तिष्ठन्ति देवा यत्र सहप्रियाः ।।
गन्धर्वाप्सरसश्चैव नागकन्याः सहोरगैः ।
देवर्षयश्च मुनयः समस्तसुरनायकाः ।।
सिद्धाश्च किन्नराश्चैव स्वर्गादवतरन्ति हि ।
नेपाले यच्छिवस्थानं समस्तसुखवल्लभम् ।।

तेभ्यस्तेभ्यश्च स्थानेभ्यस्तीर्थेभ्यश्च विशेषतः ।
महादेवजटाजूटान्नीलकण्ठाच्छिवालयः ।।
श्वेतगङ्गेति या प्रोक्ता तया सम्भूय सादरम् ।
नाना नद्यः समायाता दृश्यादृश्यतया स्थिताः ।।
गण्डक्या कृष्णया चैव या कृष्णस्य तनूद्भवा ।
तया सम्भेदमापन्ना या सा शिवतनूद्भवा ।।
त्रिशूलगङ्गेत्याख्याता सापि तत्र महानदी ।।
एवम् नदीसमुद्भेदः सर्वतीर्थकदम्बकम् ।।
मम क्षेत्रे समाख्यातं पुण्यं परमपावनम् ।।
वसुधे त्वं विजानीहि देवानामपि दुर्लभम् ।।
यच्च सिद्धाश्रम इति विख्यातः पुण्यवर्द्धनः ।।

(वाराहपुराण १४५/७९-८६)।

वराह र भूमिका संवादका रूपमा रहेका उद्धृत पद्यावलीबाट यस प्रकारको अर्थ निस्कन्छ। भगवान् वराह पृथ्वीलाई सम्बोधन गर्दै भन्नुहुन्छ- हे वसुन्धरे ! यस शालग्राम क्षेत्रमा एउटा अर्को मेरो अत्यन्त गुह्य स्थान छ जसका सम्बन्धमा म तिमीलाई बताउँछु। दुईवटा देवनदीहरूको (अर्थात् कृष्णगण्डकीको र श्वेतागण्डकीको) सङ्गमभूमि सबै सुखदायक एवम् अत्यन्त प्रिय छ। देवताहरू आफ्ना प्रियतमाका साथमा स्वर्गबाट आएर यहाँ निवास गर्दछन्। उरगहरूका साथमा गन्धर्वहरू, अप्सराहरू, नागकन्याहरू, देवर्षिहरू, मुनिहरू, देवनायकहरू, सिद्धहरू र किन्नरहरू यहाँ बस्न भनेर स्वर्गबाट आउँछन् । त्यसैले नै नेपालमा रहेको यस कल्याणकर भूमिले सबै सुख प्रदान गर्दछ र प्राकृतिक दृष्टिले यो ठाउँ अत्यन्त मनोहर छ। यहाँ विभिन्न ठाउँबाट र विशेषतः विभिन्न तीर्थबाट अनेकौं महात्माहरू आउँछन्। नीलकण्ठ महादेवका जटाजूटबाट निस्किएकी त्रिशूलगङ्गा श्वेतगङ्गाका साथमा एकाकार भएर यहाँ आई कृष्णगण्डकीमा मिल्दछिन्। त्यसैले नै यस ठाउँलाई कल्याणकर स्थान वा शिवभूमि भनिन्छ। यहाँ अनेकौं पुण्य नदीहरू कहिले दृश्य र कहिले अदृश्य भएर रहन्छन्। समग्रमा भन्नुपर्दा भगवान् नारायणका शरीरबाट उत्पन्न भएकी कृष्णगण्डकीको र भगवान् शङ्करका त्रिशूल प्रहारबाट उत्पन्न भएकी त्रिशूलगङ्गा (त्रिशूलीनदी) को यहाँ सङ्गम हुन्छ। यी दुवैं दिव्य नदीहरूको

एकाकारताबाट नारायणी नामक महानदीको प्रादुर्भाव हुन्छ। यस प्रकार दिव्य नदीहरूको सङ्गमभूमिलाई सर्वतीर्थकदम्बक (सबै तीर्थहरूको मिलनभूमि) भनिन्छ। हे पृथ्वि ! दिव्यनदीहरूको यस सङ्गम भूमिलाई अन्यन्त पवित्र एवम् पुण्यदायक मेरो क्षेत्र (वैष्णवक्षेत्र) भनिन्छ। यो भूमि देवताहरूका लागि पनि दुर्लभ छ। यो क्षेत्र पुण्यवर्धक सिद्धाश्रम भनेर पनि चिनिन्छ।

कतिपय पुराणमा विष्णुको, कतिपय पुराणमा शिवको र कतिपय पुराणमा अन्य देवताको महत्त्व देखाइएको हुन्छ तर वाराहपुराणले शिवका र विष्णुका बीचमा एकरूपता देखाउन खोजेको छ। यी दुई देवताका बीचमा भेददृष्टि राख्नेलाई अज्ञानी र नरकभागी भनेको छ। हुन पनि वाराहपुराणको प्रमुख वर्ण्यस्थानका रूपमा रहेको कृष्णगण्डकी स्वयं विष्णुमय भए तापनि त्यसको एकातर्फको भूमि विष्णुमय र अर्कातर्फको भूमि शिवमय छ।

३.२ पद्ममहापुराण

शिव र पार्वतीका संवादका रूपमा रहेको पद्ममहापुराणको उत्तरखण्डमा भगवान् शिवले पार्वतीलाई गण्डकीको समष्टिगत माहात्म्य बताउनुभएको छ। शिवजी भन्नुहुन्छ- गङ्गाजीको जस्तो महिमा भएको गण्डिका अर्थात् गण्डकी नदी छ, यसका गर्भमा शालग्राम शिलाहरू उत्पन्न हुन्छन्। ती शिलाहरूको मुनिहरूले ठूलो माहात्म्य बताएका छन्। गण्डकीको स्मरण मात्रले प्राणीमात्रका सबै पापहरू नष्ट हुन्छन्। गण्डकीका तटमा बस्ने शङ्ख एवम् चक्रले अङ्कित सबै मनुष्य विष्णुरूप नै मानिन्छन्। गण्डकीमा अनेकौं देवता गन्धर्व आदि बस्दछन्। यसै गण्डकीका तटमा शुभ विष्णुस्थान छ। त्यहाँ अनेकौं देवताहरूका मूर्ति रहेका छन्। म पनि भगवान् नारायणका साथमा त्यहाँ बस्छु। गण्डकीको दर्शन गर्नाले र स्पर्शन गर्नाले ब्रह्महत्या आदि गरिएका ठूला-ठूला पापहरू पनि नष्ट हुन्छन्।

पापनाशिनी एवम् पुण्यदायिनी गण्डकी तीर्थराज हो। यसै प्रसङ्गमा शिवजी भन्नुहुन्छ- हे देवि ! आषाढ महिनामा म त्यहाँ गएर एक महिनासम्म विधिपूर्वक स्नान गरेर तारक मन्त्रको जप गर्छु। अन्तमा शिवजी भन्नुहुन्छ- गण्डकी तीर्थ अत्यन्त दुर्लभ छ र त्यसमा पनि विष्णुक्षेत्र अझ दुर्लभ छ। त्यसैले मानवमात्रले गण्डकीमा गएर भगवान् नारायणको आराधना गर्नुपर्छ। गण्डकीमाहात्म्य श्रवण मात्र गर्ने हो भने पनि मानव विष्णुलोकमा प्राप्त हुन्छ।

पद्ममहापुराणको पातालखण्डमा पनि गण्डकीको माहात्म्य वर्णन गरिएको छ । उक्त प्रसङ्गमा प्रजापति ब्रह्माले प्रजाहरूलाई पापाचारले युक्त भएका देखेर आफ्ना गालाका पसिनाबाट अनेकौं पापराशिलाई नाश गर्ने गण्डकीको सृष्टि गर्नुभयो भनिएको छ । यसै सन्दर्भमा- पवित्रजल भएको गण्डकीको स्पर्शमात्रले सबै पापलाई नष्ट गराई आमाका गर्भमा बस्न नपर्ने बनाउँछ, गण्डकीका चक्राङ्कित शालग्रामशिलाले मानिसका सयौं जन्मका पापलाई एकैछिनमा नाश गराउँछन् भन्दै गण्डकीको प्रोज्ज्वल महात्म्य प्रतिपादन गरिएको छ ।

यसरी पद्ममहापुराणमा समग्र गण्डकीप्रदेशको र शालग्रामक्षेत्रको वर्णनका सन्दर्भमा देवघाटको माहात्म्य पनि अनुस्यूत हुन्छ । देवघाटको व्यष्टि सन्दर्भ न देखाइएता पनि जसका पावन तटमा अवस्थित भएकाले देवघाटको गरिमा बढेको हो । उनै गण्डकीको महिमा यहाँ मुक्तकण्ठले प्रशंसा गरिएको छ ।

३.३ श्रीमद्भागवतमहापुराण

श्रीमद्भागवतमहापुराणको पञ्चमस्कन्धमा गण्डकीपरिसरको चर्चा पाइन्छ । यहाँ गण्डकीलाई चक्रा सरित् भनिएको छ । श्रीमद्भागवतअनुसार ब्रह्माजीका मानसपुत्र पुलस्त्य र पुलह गण्डकी तटका महान् तपस्वी हुन् । आफ्ना भक्तका स्नेहले भगवान् विष्णु पुलस्त्य र पुलहका आश्रमका निकटमा गण्डकीका तटमा बस्नुहुन्छ । राजर्षि भरतका तीन जन्मका इतिवृत्त कृष्ण-गण्डकीकै तटमा घट्दछन् । अन्तमा जडभरतले गण्डकीकै अनुकम्पाले परमपद प्राप्त गर्दछन् । श्रीमद्भागवतमा नै पौराणिक रोमहषर्ण सूतको संहार पछि पापपरिमार्जनका लागि तीर्थयात्राका क्रममा बलराम गण्डकीस्नान गर्न गएको चर्चा गरिएको छ । श्रीमद्भागवतमा पनि देवघाटको व्यष्टि सन्दर्भको उठान गरेको पाइन्न तर गण्डकीको महिमाका साथै यसका तटमा कठोर तपस्या गरी सृजनशक्ति एवम् सिद्धि प्राप्त गर्ने पुलस्त्य, पुलह, भरतजस्ता महान् तपस्वीहरूको प्रशंसा गरिएको भने पाइन्छ । प्रौढ भाषा शैली आदिका दृष्टिले पौराणिक वाङ्मयकै उज्ज्वल रत्नका रूपमा समादृत श्रीमद्भागवतमा वर्णित गण्डकीमाहात्म्यले यसको वैशिष्ट्यलाई उजिल्याएको छ ।

३.४ हिमवत्खण्ड

स्कन्दमहापुराणको अङ्ग मानिएको हिमवत्खण्डमा देवघाटको लामो

चर्चा पाइन्छ । विशेषतः हिमवत्खण्डको ४४ औं अध्यायमा देवघाटको महिमा प्रतिपादन गरिएको छ । यसै अध्यायका अन्तमा पत्नीद्वारा गरिएको देवघाटस्नानको पुण्यको प्रभावले कुनै पुरुष मुक्त भएका थिए भन्दै देवघाटको विशेषतालाई प्रस्फुटन गर्ने एउटा कथा पनि दिइएको छ । जसअनुसार- रूपकेतु नामक राजाका कामप्रभा र पद्मिनी नामका दुई रानी हुन्छन् । विदर्भ देशका राजाकी छोरी एवम् कान्छी रानी राजाकी प्राणभन्दा पनि प्यारी हुन्छिन् । जेठी रानी कामप्रभालाई नराम्री भएकाले राजाले हेला गर्दछन् । उनको मुख समेत हेर्दैनन् । उनी सबै प्रकारका सुख सुविधाबाट वञ्चित हुन्छिन् । यसरी केही वर्षसम्म तिरष्कृत जीवन बिताएर रानी कामप्रभा एक दिन माइत जान भनेर हिँडिछन् । बाटामा उनको तीर्थयात्रीहरूसँग भेट हुन्छ । कामप्रभाले तपाइँहरू कहाँ जाँदै हुनुहुन्छ भनी उनीहरूलाई सोध्छिन् । तीर्थयात्रीले हामीहरू स्नान गर्न देवघाट जान लागेका छौं भन्दछन् । कामप्रभाले म पनि तपाइँहरूसँगै स्नान गर्न देवघाट जान्छु भन्छिन् र उनीहरूसँगै देवघाट जान्छिन् । सूर्य मकर राशिमा गएका अवस्थामा नराम्रो मुख भएकी कामप्रभाले राम्रो मुखको कामना गर्दै गण्डकीमा स्नान गर्दछिन् । शिवजीको प्रसन्नताका लागि ब्राह्मणहरूलाई दक्षिणासमेत दिन्छिन् । त्यो रात त्यहीं बिताएर प्रातःकालमा पुनः स्नान गरी उनी आफ्ना माइत जान्छिन् । माइत गएर उनले आफ्ना बुबा आमालाई पतिको दुर्व्यवहार सुनाउँछिन् । दुःखी भएका बुबा आमाले उनलाई आश्वासन दिन्छन् । माइतमा बसेकी कामप्रभा देवघाटमा स्नान गरेका पुण्यका प्रभावले छ महिनाभित्रै अप्सराजस्ती रूपवती बन्दछिन् । जतातत‌ै उनका सौन्दर्यको चर्चा हुन्छ । यो चर्चा राजा रूपकेतुका कानमा पनि पर्छ । राजाले सम्मानका साथ कामप्रभालाई आफ्ना राज्यमा भित्र्याउँछन् । उनका सौन्दर्यले राजा मोहित हुन्छन् । कामप्रभाले देवघाटमा स्नान गरेका पुण्यका प्रभावले नै अन्तमा रूपकेतु मुक्त हुन्छन् । देवघाटको महिमा प्रतिपादन गर्दै कामप्रभाको इतिवृत्त प्रस्तुत गरिएको छ -

सर्वासां सङ्गमे धीर देवघट्ट इति श्रुते ।
सर्वतीर्थमये पूते स्नानात् कोटिगुणं फलम् ।।
सर्वतीर्थमया नद्यः सर्वदेवमयो हरः ।
तासां सुसङ्गमे नित्यममरैः स्नायते समम् ।।
देवदेवः स्वयं तत्र तिष्ठति प्रमथैः सह ।

देवतीर्थमिति प्रोक्तं तस्मात्सर्वफलप्रदम् ।।
पृथिव्यां यानि तीर्थानि सन्ति फलप्रदानि च ।
कोटिकोटिगुणं तेभ्यः फलं स्नानेन लभ्यते ।।

(हिमवत्खण्ड ४४/१०३-१०६) ।

कामप्रभाको कथासँग सम्बद्ध भएर आएको देवघाटधामको महत्त्व हिमवत्खण्डको ४४ औं अध्यायमा विस्तारपूर्वक वर्णन गरीएको छ । हिमवत्खण्डकै गण्डकीमाहात्म्यका अनुसार स्वर्ग, मर्त्य र पातालमा रहेका साथै भारतवर्षमा रहेका सबै तीर्थहरू विशेषपर्वका अवसरमा देवघाटमा आउँछन्, पृथ्वीका सम्पूर्ण तीर्थमा स्नान गर्नाले जुन फल प्राप्त हुन्छ, त्यो फल देवघाटमा स्नानमात्र गर्नाले प्राप्त हुन्छ, स्वयं महादेव आफ्ना गणका साथमा यस तीर्थमा निवास गर्नुहुन्छ, त्यसैले यसलाई देवतीर्थ भनिन्छ भनिएको छ । हिमवत्खण्डमा देवघाटका महिमा दर्शाउने अन्य प्रसङ्ग पनि आउँछन् । नैमिषारण्यवासी मुनिहरूका बीचमा पृथ्वीमण्डलमा कुन ठाउँ श्रेष्ठ छ भन्ने विषयमा चर्चा भएको र अन्तमा भूमण्डलमा जम्बूद्वीप श्रेष्ठ छ, जम्बूद्वीपमा पनि आर्यावर्त श्रेष्ठ छ र त्यसमा गण्डकी प्रदेशसित सम्बद्ध पारकोट क्षेत्र श्रेष्ठ छ भनी निष्कर्ष निकालेको बताइएको छ ।

३.५ गण्डकीमाहत्म्य

देवघाटको माहात्म्यसित सम्बद्ध ग्रन्थहरूका सन्दर्भमा मूलतः वाराहपुराणलाई उपजीव्य बनाएर पौराणिक शैलीमा लिखित गण्डकीमाहात्म्य पनि उल्लेखनीय हुन आउँछ । पृथिवीका र वराहका संवादका माध्यमले अभिव्यक्त गण्डकीमाहात्म्यलाई आधार बनाई भारद्वाजगोत्रीय भगवत् शर्मा र काश्यपगोत्रीय काशीरामका संवादका रूपमा संरचित प्रस्तुत गण्डकीमाहात्म्य एघार अध्यायमा विभक्त छ । विकीर्ण रूपमा रहेका गण्डकीका र गण्डकी प्रदेश (पारकोटक्षेत्र) मा विद्यमान विभिन्न तीर्थहरूका विषयवस्तुलाई समेटी तयार पारिएको प्रस्तुत ग्रन्थ गण्डकीको, गण्डकीका विभिन्न सङ्गमको र गण्डकीका तटमा अवस्थित प्रमुख एवम् गौण तीर्थको धार्मिक एवम् ऐतिहासिक महत्त्व प्रतिपादनमा केन्द्रित छ । प्रस्तुत ग्रन्थमा गण्डकीका तटमा अवस्थित १. मुक्तिक्षेत्र २. रुरुक्षेत्र ३. हरिहर (देवघाट) क्षेत्र ४. त्रिवेणीक्षेत्र र ५. हरिक्षेत्र गरी पाँच प्रकटतीर्थ एवम् एउटा अप्रकटतीर्थ रामपुरक्षेत्र गरी

छवटा प्रमुखतीर्थको र अन्य सहायक वा महत्त्वपूर्ण तीर्थहरूको वर्णन गरिएको छ। सातौं अध्यायमा देवघाटको माहात्म्य बताइएको छ। गण्डकीक्षेत्रको आध्यात्मिक एवम् ऐतिहासिक गरिमालाई उजागर गर्ने प्रस्तुत ग्रन्थमा छरिएर रहेका गण्डकीक्षेत्रका विषयलाई एउटै ग्रन्थमा अध्ययन गर्न वा अस्वादन गर्न चाहने पाठकको आकांक्षालाई पूरा गरिएको छ। प्रस्तुत ग्रन्थमा सेनवंशमा जन्मिएका प्रतापी राजा मुकुन्द सेनको ऐतिह्यको पनि सङ्केत गरिएको छ।

३.६ अन्य पौराणिक एवम् साहित्यिक ग्रन्थसन्दर्भ

वाराहपुराण र हिमवत्खण्डबाहेकका पुराणहरूमा देवघाट भनी नामोल्लेख गरेर वा गण्डकीलाई नै विषयवस्तु बनाएर विस्तृत वर्णन गरेको पाइन्न तर पनि अधिकांश पुराणहरूमा कुनै न कुनै रूपमा गण्डकीको महत्त्व दर्शाइएको र गण्डकीका गर्भमा उत्पन्न हुने शालग्रामशिलाको महिमा प्रतिपादन गरेको पाइन्छ। भगवान् रामचन्द्रले पनि अश्वमेध यज्ञ सम्पन्न गरेपछि गण्डकीमा स्नान गर्नुभएको थियो भन्ने कुरा आनन्दरामायणले उल्लेख गरेको छ। उक्त रामायणमा रामचन्द्रका गण्डकीयात्राको वर्णन समेत गरिएको छ। लीलावतार भगवान् श्रीकृष्णले यमुनाका तटमा अनेकौं दिव्य लीला प्रदर्शन गरेझैं पार्वतीनन्दन गणेशले पनि नारायणीका तटमा आफ्ना दिव्य लीलाहरू प्रदर्शन गर्नुभएको थियो भन्ने कुरा गणेशपुराणमा देखाइएको छ। मिथिलामाहात्म्यमा नारायणीको तटलाई विशाल मिथिलाको पश्चिमतर्फको सिमाना मानिएको छ।

बृहन्नारदीय, विष्णुधर्मोत्तर आदि पुराणहरूमा पनि गण्डकीको चर्चा पाइन्छ। यसरी विभिन्न पुराणमा कुनै न कुनै रूपमा देवघाटको महिमा प्रतिपादन गरिएको छ, तापनि प्रत्यक्षतः वाराहपुराणमा र हिमवत्खण्डमा देवघाटको समग्र धार्मिक महत्त्व प्रकट भएको छ। यसै सन्दर्भमा समग्र गण्डकीक्षेत्रको महिमाको प्रतिपादन गर्ने गण्डकीमहात्म्य उल्लेखनीय कृतिका रूपमा देखा पर्दछ।

गण्डकीका गरिमाद्वारा आकृष्ट भई साहित्यिक प्रतिभाद्वारा रचना गरिएका स्तोत्रकाव्यको परम्परा पनि महनीय देखापर्दछ। जगद्गुरु शङ्कराचायर्यद्वरा रचित **गण्डकीस्तोत्र**मा गण्डकीको समग्र धार्मिक विशेषताको चर्चा गर्दै भागीरथीलाई छाडेर अन्य कुनै नदीको गण्डकीसित तुलना हुन सक्दैन भन्ने तथ्य उजागर गरिएको छ। नेपाली कवि उमाकान्त पन्थीद्वारा रचित **गण्डकीगौरवम्** स्तोत्रकाव्य कै इतिहासमा महत्त्वपूर्ण ग्रन्थका रूपमा देखा

पर्दछ। प्रस्तुत ग्रन्थका अन्तमा नौ पद्य भएको **हृषीकेशस्तोत्र** पनि समावेश गरिएको छ। यसै सन्दर्भमा दधिराम मरासिनीद्वारा गण्डकीलाई विषय बनाएर रचना गरिएका स्तोत्रहरू पनि महत्त्वपूर्ण साहित्यिक सामग्रीका रूपमा देखा पर्दछन् । देवघाटका विशेषताका सम्बन्धमा चर्चा गरिएका अन्य कृतिहरूमा योगी नरहरिनाथद्वारा लिखित **हाम्रो देशदर्शन,** सूचना विभागद्वारा प्रकाशित मेचीदेखि महाकालीसम्म (भाग ३) उल्लेखनीय हुन आउँछन् ।

४.धार्मिक सांस्कृतिक महत्ता

प्रस्तुत सन्दर्भमा धर्म भन्नाले जनताले परम्पराबाट ग्रहण गर्दै आएका सनातन हिन्दूधर्म आदि बुझिन्छ। देवघाटको धार्मिक सन्दर्भलाई हेर्दा यो भूमि प्राचीन कालदेखि नै हिन्दूहरूको पवित्र तीर्थस्थलका रूपमा रहेको पाइन्छ। पौराणिक एवम् ऐतिहासिक सन्दंर्भले समेत यसै तथ्यलाई प्रमाणित गर्दछ। उत्तरवर्ती समयमा गण्डकीक्षेत्र हिन्दूधर्मावलम्बीको र बौद्धधर्मावलम्बीको साझा मिलन भूमिका रूपमा विकसित भएको देखिन्छ। देवघाट वर्तमान समयमा पनि हिन्दूहरूको आस्थाको केन्द्र बनेको पाइन्छ। यहाँ टाढा-टाढाबाट आएर बसोबास गर्ने हिन्दूहरूको बाहुल्य छ। यत्र तत्र परमार्थ साधनमा लागेका र कल्पवासमा बसेर जीवनको उत्तरार्धलाई सफल बनाइरहेका धर्मपरायण महात्माहरूका साधना कुटीहरू देख्न पाइन्छन्। यहाँ सधैं ब्रह्मविद्याको चिन्तन भइरहेको हुन्छ। बोटे, मगर आदि यहाँका आदिवासीका रूपमा चिनिन्छन् । उनीहरू पनि हिन्दूसंस्कारबाट प्रभावित देखिन्छन् । हिन्दूधर्मानुसार मानाइने विभिन्न पर्वहरूमा उनीहरूको समान सहभागिता पाइन्छ।

गण्डकीको एउटा तट वैष्णवक्षेत्र र अर्को तट शैवक्षेत्रका रूपमा प्रख्यात छ । रुरुक्षेत्रका सम्बन्धमा भन्नुपर्दा पाल्पा जिल्लामा र गुल्मी जिल्लामा पर्ने हृषीकेश भगवान्‌को मन्दिर भएको र रुरुकन्याको तपःस्थली रहेको कृष्णगण्डकीको दायाँतर्फको भूमि वैष्णवक्षेत्रका रूपमा र स्याङ्जा जिल्लामा पर्ने भृगुको तपःस्थली भएको र भार्गव देवदत्तको अन्तिम तपोभूमि रहेको कृष्णगण्डकीको बायाँतर्फको क्षेत्र शैवक्षेत्रका रूपमा प्रख्यात छ। यसरी नै कृष्णगण्डकीको र त्रिशूली नदीको सङ्गमभूमिका रूपमा रहेको देवघाटमा कृष्णगण्डकीतर्फको भूमि वैष्णवभूमि र त्रिशूलीतर्फको भूमि शैवभूमि मानिन्छ । हिन्दूधर्मका प्रमुख सम्प्रदायका रूपमा रहेका वैष्णव र शैव

परम्पराका आराध्य देवका मठ मन्दिर आदिले देवघाटको धार्मिक महत्त्वलाई बढाएका छन् । स्वयं हरि र हरका मिलनबिन्दुका रूपमा रहेको साथै हरि र हरको प्रतिनिधित्व गर्ने दुई दिव्य नदीको सङ्गम भूमि देवघाट आफ्नै विशेषताले चम्किएको छ । यहाँ अनेकौं देवी देवता आदिका मन्दिरको निर्माण गरिएको छ तापनि वैष्णवगङ्गा र शैवगङ्गाका रूपमा प्रतिष्ठित दुई दिव्य नदीहरूको सङ्गममा स्नान गर्नु नै यहाँको प्रमुख धार्मिक कृत्य मानिन्छ। बिहान र साँझमा देवालयबाट निस्कने शङ्ख र घण्टका निनादले एवम् ब्राह्मणवटुकका वैदिक उद्घोषले यहाँको वातावरणलाई नै पवित्र बनाइरहेको हुन्छ । हरिहर क्षेत्रका रूपमा परिचित देवघाटबाट प्राप्त हुने आध्यात्मिक ज्ञान भनेको हरिहर का बीचको अभेद वा अद्वैत ज्ञान हो । वाराहपुराण, गण्डकीमाहात्म्य आदिले यसै तथ्यलाई प्रकाश पार्न चाहेको देखिन्छ । धार्मिक दृष्टिले देवघाटमा यज्ञ यागादिको सम्पादनलाई महत्त्वपूर्ण मानिन्छ ।

धर्मका साथमा संस्कृति पनि जोडिएर आउँछ। तत् तत् धर्मावलम्बीहरूले मनाउने रीति-रिवाज, चाड-पर्व आदि नै संस्कृति हुन् । देवघाट क्षेत्रको आफ्नै सांस्कृतिक विशेषता रहेको छ । यहाँ ब्राह्मण, क्षेत्री, मगर, बोटे आदिद्वारा स्थानीय स्तरमा मनाइने एक प्रकारको संस्कृति पाइन्छ भने राष्ट्रियस्तरमै महत्त्व राख्ने केही विशिष्ट धार्मिक परम्परा पनि पाइन्छन् । राष्ट्रियस्तरका केही सांस्कृतिक परम्पराको बुँदागत रूपमा चर्चा गरिन्छ ।

४.१ मकर संक्रान्ति

सूर्य मकर राशिमा संक्रमण गरेका अवसरमा मनाइने पर्वलाई मकर संक्रान्तिपर्व भनिन्छ । यसलाई माघी पर्व एवम् तिला संक्रान्ति भनेको पनि पाइन्छ । मकर संक्रान्ति देवघाटको महत्त्वपूर्ण सांस्कृतिक पर्व हो । यस पर्वमा नेपालको रुरुक्षेत्रमा र भारतको गङ्गासागरमा स्नान गर्न आउने तीर्थयात्रीहरूको ठूलो जमघट हुने गर्दछ । यस अवसरमा देवघाटमा पनि टाढा-टाढाबाट तीर्थयात्रीहरू आउँछन् । संक्रान्तिको अवसर पारेर विभिन्न धार्मिक एवम् सांस्कृतिक कार्यक्रम सञ्चालन गरिन्छन् । साधु-सन्तका प्रवचन, सन्त सम्मेलनजस्ता कार्यक्रमहरू आयोजना गरिन्छन् । रसिकहरूले रातभर जाग्राम बसेर आफ्ना रचना वाचन गर्ने गर्दछन् । कतै धार्मिक भजन कीर्तन आदि भइरहेका हुन्छन् भने कतै विभिन्न मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गरिएका हुन्छन् । बिहानमा स्नान-दान आदि कार्य सम्पन्न गरेपछि खिचडी,

तरुल, तिलका लड्डु आदि खाने गरिन्छ । व्यापारका दृष्टिले पनि यस पर्वले देवघाटमा विशेष महत्त्व राख्दछ । स्थानीय व्यापारीले फूल माला आदि पूजा सामग्री, माघे संक्रान्तिसित सम्बद्ध खाद्यान्न, दैनिक उपभोग्य वस्तु एवम् मनोरञ्जनका सामग्रीहरू विक्री गरी मनग्य आय आर्जन गर्दछन् ।

४.२ एकादशी पर्व

हुन त सबै एकादशीमा गण्डकीसङ्गममा स्नान गर्न भनेर तीर्थयात्रीहरू आउने गर्दछन् तर हरिशयनी एकादशीमा र हरिबोधनी एकादशीमा देवघाटमा विशेष आकर्षण देखिन्छ । हरिशयनी एकादशीदेखि हरिबोधनी एकादशीसम्म (चतुर्मास) धार्मिककृत्य सम्पादन गर्ने भक्तहरूको समूह पनि देखापर्दछ । हरि बोधनी एकादशीमा विशेष उत्सवका साथ तोरण बनाएर कृष्णगण्डकी नदी तार्ने प्रचलन छ ।

४.३ साउनका सोमवार

वर्षैभरिका सोमवारका दिन शिवलयमा शिवजीको विशेष पूजा अर्चना हुने गर्दछ तर साउनका सोमवारमा भिन्नै विशेषता देखापर्दछ । पहेँला कपडा लगाई काँधमा काबर लिएर, बोल बमको उच्चारण गर्दै हिँडिरहेका भक्तहरूले शिवालयमा गएर शिवजीलाई गङ्गाजल चढाउँछन् । भारतका वैद्यनाथधाम आदिमा प्रचलित यस परम्पराको नेपालमा पनि विस्तार हुँदै गएको छ र पछिल्लो समयमा काबरिया परम्परा पनि देवघाटको संस्कृति बन्न थालेको छ । देवघाट आएका तीर्थयात्रीले सङ्गममा गई स्नान गरेर शिवालयमा गई शिवजीको दर्शन गर्ने एवम् बेलपत्र र जल चढाउने गर्दछन् ।

४.४ बालाचतुर्दशी

बालाचतुर्दशी नेपालमा र विशेषतः पाशुपतक्षेत्रमा मनाइने पर्व हो । पछिल्लो समयमा देशका विभिन्न धार्मिक क्षेत्रमा यो पर्व मनाउन लागिएको छ । यस पर्वमा आफ्ना दिवङ्गत पितृहरूको मोक्षको कामना गर्दै मार्गशीर्ष त्रयोदशीका दिन साँझ सूर्यास्तदेखि चतुर्दशीका दिन बिहान सूर्योदयसम्म अखण्डबत्ती एवम् महाबत्ती बालिन्छ र चतुर्दशीकै दिन बिहान विभिन्न सात थरि अन्न (शतबीज) छरिन्छ । देवघाट क्षेत्र पनि बाला चतुर्दशी मनाइने नेपालका प्रमुख क्षेत्रमा पर्दछ । यस पर्वमा यहाँ विशेष रौनक देखिन्छ ।

५. पर्यटकीय विशेषता

पर्यटनका दृष्टिले पनि देवघाटको आफ्नै विशेषता रहेको छ । धार्मिक





काली र त्रिशूलीको संगममा स्नान गर्दै भक्तजन, देवघाट पुल

उद्देश्य भएका र प्राकृतिक दृश्यावलीको अवलोकन गर्ने लक्ष्य भएका दुवैथरी पर्यटक यहाँ आउने गर्दछन् । यहाँ आन्तरिक पर्यटकको र बाह्य पर्यटकको समेत आगमन हुन्छ। मूलतः देवघाट आउने पर्यटकहरूको धार्मिक उद्देश्य रहेको हुन्छ। भारतमा रहेका विभिन्न तीर्थस्थलको यात्रा गरेर आएका तीर्थयात्रीहरू घर फर्किने क्रममा देवघाटको दर्शन गर्न आउने गर्दछन् । लुम्बिनी जनकपुर जस्ता आन्तरिक तीर्थस्थलको अवलोकन गर्ने लक्ष्य बनाएका तीर्थयात्रीहरू पनि देवघाट आउने गर्दछन् । शैक्षिक भ्रमणमा निस्किएका विद्यार्थीहरू र विभिन्न सङ्घ-संस्थाबाट नयाँ नयाँ स्थानको अवलोकन गर्न निस्किएका पर्यटकहरू यहाँ आउने गर्दछन् । नेपालको माध्यभगमा भएकाले, पूर्व-पश्चिम राजमार्गभन्दा पाँच छ किलोमिटरको दूरीमा रहेकाले र यातायातको सुविधा समेत भएकाले यात्रीहरूको यहाँ उल्लेख्य रूपमा आगमन हुने गरेको हो । यहाँ आन्तरिक र बाह्य दुवै थरी पर्यटक आउने गर्छन् । आन्तरिक पर्यटकका अपेक्षामा बाह्य पर्यटकको संख्या निकै कम देखिन्छ । बाह्य पर्यटकमा भारतबाट आउने पर्यटकको मूल उद्देश्य धार्मिक नै हुन्छ। भारतीय पर्यटक अर्थात् भारतीय तीर्थयात्रीहरूलाई त्रिवेणीक्षेत्रले जति आकर्षण गर्न सकेको छ त्यति आकर्षण देवघाटले गर्न सकेको देखिँदैन। विश्वको एक मात्र शालग्राम शिला पाइने नदी भन्ने थाहा पाएका भारतीय धार्मिक पर्यटकहरू भारतबाट नजिकमा रहेको देवघाटमा आउने गर्दछन्। थोरै मात्रामा तेस्रो मुलुकबाट पनि पर्यटकहरू यहाँ आउने गर्दछन् । उनीहरू प्राकृतिक दृश्यको अवलोकन गर्ने र जलक्रीडा गर्ने उद्देश्यले यहाँ आउने गर्दछन् । समग्रमा भन्नुपर्दा विशेषपर्वमा बाहेक अन्य समयमा पनि यहाँ आन्तरिक धार्मिक पर्यटकको विशेष रूपमा आगमन हुने गर्दछ । हाल यो क्षेत्र पर्यटनको सामान्य क्षेत्रका रूपमा रहे पनि भविष्यमा विशेष क्षेत्र बन्न सक्ने सम्भावना देखिन्छ ।

६. इतिहासका सापेक्षतामा वर्तमान स्थिति

देवघाटको समष्टिगत अध्ययनका लागि यहाँको ऐतिहासिक सन्दर्भ समेत बुझ्नुपर्ने हुन्छ । देवघाट तीर्थको सङ्केत वैदिक वाङ्मयमा नै प्राप्त हुन्छ भन्ने विद्वान्हरूको अभिमत पाइन्छ तापनि पौराणिक वाङ्मयमा नै यस क्षेत्रको स्पष्ट उल्लेख एवम् चर्चा पाइन्छ। अन्वेषकहरूले पौराणिक सन्दर्भलाई प्राक् ऐतिहासिक काल मानी उत्तरवर्ती इतिहासलाई क) प्राथमिक काल ख) मध्यमिक काल र ग) आधुनिक काल गरी तीन खण्डमा विभाजन गरेको देखिन्छ। समग्र नेपालको ऐतिहासिक कालखण्ड विभाजनलाई नै देवघाटको इतिहासपरक कालखण्डको निर्धारणमा आधार मनिएको छ। प्राचीनकालमा यो भूभाग शाक्यवंशीय एवम् कोलवंशीय राजाहरूका अधीनमा थियो र लिच्छवी कालमा तिब्बतसम्मको आवत जावतको मार्गका रूपमा रहेको थियो भनिएको छ। स-साना भूभाग नजिकैका शक्तिशाली राजाका अधीनमा रहनु स्वाभाविकै हो । ठोस प्रमाण नपाइएता पनि तिब्बतदेखि भारतसम्मका व्यापारका क्रममा लिच्छवी कालमा त्रिशूली नदीको किनारै किनार देवघाट हुँदै समतल भूमिसम्म आउने जाने काम हुन्थ्यो भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ। देवघाटको माध्यमिक काल भनेको पाल्पाका शक्तिशाली राजा मणिमुकुन्द सेनको शासनकाल हो । टाढा-टाढासम्म राज्यविस्तार गरेका प्रतापी राजा मुकुन्द सेन धार्मिक प्रवृत्तिका थिए। उनले ठाउँ-ठाउँमा मन्दिर निर्माण गर्ने कार्य गरेका थिए। उनले आफ्नो जीवनको उत्तरार्ध तपस्वीका रूपमा कृष्णगण्डकी र त्रिशूलीका सङ्गममा अवस्थित देवघाट क्षेत्रमा बिताएका थिए। अझै पनि मुकुन्द सेनले तपस्या गरेको गुफा भनेर चिनिने गुफा यसका साक्ष्यका रूपमा रहेको छ।

आजभन्दा झण्डै पाँच सय वर्षपहिले मुकुन्दसेनले ठूला-ठूला ढुङ्गाको प्रयोग गरी पाँचवटा पाञ्चायतन मन्दिरको निर्माण गराएका थिए। जसका भग्नावशेषहरू अहिले पनि स्पष्ट देख्न सकिन्छन्। मूल मन्दिर जसमा चारैतर्फ चक्रै चक्र भएको कच्छपाकारको शालग्राम शिला स्थापना गरिएको थियो र जसका नजिकमा शिवलिङ्गको समेत स्थापना गरिएको थियो, साथै जसलाई हालसम्म मुकुन्देश्वर महादेव मन्दिर भनिन्छ त्यसको भने जीर्णोद्धार का साथै पुर्ननिर्माण भइरहेको छ। अन्यत्रका शालग्राम शिलाको झैं यहाँ

स्थित चक्राङ्कित कच्छपाकृति शालग्राम शिलाका सम्बन्धमा पनि किंवदन्ती सुन्न पाइन्छ । चक्रशिला निरन्तर बढिरहेको छ भन्ने जनविश्वास पनि रहेको छ । जे होस् मणिमुकुन्द सेनले आफ्नो तापस जीवनका लागि यस भूमिलाई चयन गर्नुले त्यस समयमा पनि यसको धार्मिक महत्त्व उजागर थियो भन्ने बुझिन्छ । नेपाल अधिराज्यको एकीकरण आरम्भ भएपछिको समयलाई आधुनिक काल भनिन्छ । यस समयमा देवघाटमा कुनै गतिविधि भएको ऐतिहासिक साक्ष्य फेला पर्दैन । त्यसैले यस समयमा देवघाटको गरिमा ओझेलमा परेजस्तो हुन्छ ।

देवघाटको वर्तमान स्थिति भन्नाले गलेश्वर बाबा (ईश्वरानन्द ब्रह्मचारी) को देवघाट आगमन पछिको अलिहेसम्मको स्थितिलाई बुझ्नुपर्छ । वर्तमान देवघाटको पूर्वाधार गलेश्वर बाबाद्वारा तयार भएको हो । गलेश्वर बाबा देवघाटमा आउँदा देवघाट घना जङ्गलका रूपमा रहेको थियो भन्ने कुरा देवघाटलाई र गलेश्वर बाबालाई विषयवस्तु बनाएर लेखिएका विभिन्न लेख एवम् रचनाहरूबाट पुष्टि हुन्छ । मूलतः देवघाट भन्नाले गण्डकी र त्रिशूलीका बीचमा रहेको तनहुं जिल्लामा पर्ने भूभाग भन्ने बुझिन्छ तापनि चितवनतर्फ रहेको र नवलपुरतर्फ रहेको भूभगालाई समेत समेट्दा यसले पूर्णता प्राप्त गर्दछ। अतः देवघाटको वर्तमान स्थितिको चर्चा गर्दा क) चितवनतर्फको भूभाग ख) नवलपुरतर्फको भूभाग ग) तनहुंतर्फको भूभाग गरी तीन चिरामा विभाजन गरी चर्चा गर्नुपर्ने हुन्छ ।

६.१ चितवनतर्फको भूभाग

चितवनतर्फको भूभाग नै अहिले देवघाट प्रवेशको मूलद्वारका रूपमा रहेको छ । राजमार्गदेखि चार किलोमिटरको दूरीमा रहेको चितवनलाई र तनहुंलाई जोड्ने झोलुङ्गे पुलसम्म यातयातको सुविधा रहेको छ । हाल दासढुङ्गामा निर्माण गरिएको पक्की पुलले तनहुँतर्फको भूभागमा समेत यातायातको सुविधा सम्भव भएको छ । धार्मिक दृष्टिले हेर्दा देवघाटको चितवनतर्फको भूभागमा लक्ष्मीनारायण मन्दिर, राम मन्दिर आदि विभिन्न वैष्णव मन्दिरहरू, केही शैव मन्दिरहरू, यज्ञशाला एवम् धर्मशालाहरू रहेका छन् । यहीं नै एउटा संस्कृत माध्यमिक विद्यालयसमेत रहेको छ ।

६.२ तनहुँतर्फको भूभाग

कृष्णगण्डकीका र त्रिशूलीका मध्यमा रहेको तनहुँतर्फको भूभागलाई

नै मूलतः देवघाट भनिन्छ । यो भूभाग देवघाट गाउँपालिकामा पर्दछ । विशेषतः यो भूभाग वैष्णव क्षेत्र हो । यहाँ अनेकौं शैव, वैष्णव एवम् उभयात्मक मन्दिरहरू पनि रहेका छन् । शैव परम्पराबाट दीक्षित बनेका अनेकौं सन्तहरूले यसै भूभागलाई आफ्नो आश्रय बनाएको पाइन्छ । यहाँ सन्तहरूका अनेकौं कुटीहरू र आश्रमहरू छन् । अध्ययन अध्यापन आदिका दृष्टिले तीनवटा **महेश संन्यास आश्रम**, **हरिहर आश्रम** एवम् **गलेश्वर आश्रम** उल्लेखनीय देखा पर्दछन् । डा. रामानन्द गिरिद्वारा स्थापना गरिएको महेश संन्यास आश्रमको प्राङ्गणमा **विद्येश्वर मन्दिर** रहेको छ । यस आश्रमद्वारा सञ्चालित गुरुकुलमा कक्षा पाँचदेखि स्नातकोत्तर तहसम्मको अध्ययन-अध्यापन गरिन्छ । सन्त शिरोमणि परमानन्द सरस्वतीद्वारा संस्थापित **हरिहर संन्यास आश्रम**का प्राङ्गणमा **हरिहरमन्दिर** रहेको छ । यस आश्रमद्वारा सञ्चालित गुरुकुलमा कक्षा पाँचदेखि स्नातक तहसम्मको अध्ययन-अध्यापन हुन्छ । कक्षा पाँच देखि कक्षा दशसम्म अध्यापन गरिने गङ्गासङ्गमका निकटमा अवस्थित ईश्वरानन्द बाबाद्वारा संस्थापित **गलेश्वर आश्रम**मा हालै विशाल **शिवमन्दिर**को निर्माण गरिएको छ । स्थापनाका दृष्टिले यो आश्रम सबैभन्दा पुरानो देखापर्छ । यसै भूभागमा उच्चस्थानमा अवस्थित देवघाटको प्राचीन **चक्रवर्ती मन्दिर** रहेको छ । पछिल्ला समयमा निर्मित भूवराह, विष्णुशय्या, केदारनाथ, बद्रीनाथ आदि मन्दिरले यस भूभागको धार्मिक महत्तालाई बढाएका छन् । तनहुँतर्फकै भूभागमा कृष्णगण्डकीका तटमा प्राचीनताका स्मारकका रूपमा रहेका सीता गुफा, वसिष्ठ गुफा आदि रहेका छन् ।

६.३ गैडाकोटतर्फको भूभाग

गैंडाकोटतर्फको भूभागलाई देवघाट भनिदैंन तापनि यस भूभागलाई नसमेट्ने हो भने देवघाटले पूर्णता प्राप्त गर्न सक्दैन । चितवनतर्फको र तनहुँतर्फको सङ्गमको भूभागबाट गैडाकोटतर्फको भूभागमा शीघ्रतासाथ पुग्ने नौकाबाहेकको अर्को साधन नभएकाले यो भूभाग दुर्गमजस्तो प्रतीत हुन्छ । यस भूभागमा नारायणीनदीका तटमा केही शक्तिपीठ, केही वैष्णव मन्दिर र एउटा गुरूकुल रहेको छ । यदा कदा उक्त तीनवटै क्षेत्रलाई जोड्ने तीन मुखे पुल बनाउने चर्चा पनि हुन्छ । यस्तो भएमा देवघाटको स्वरूपमा नयाँपन देखिनेछ ।

७.विकासको सम्भावना र सुझाव

देवघाटको विकासमा भौतिक, पर्यटकीय एवम् आध्यात्मिक तीन प्रकारको विकासलाई एकै साथ जोडेर हेर्नुपर्ने हुन्छ । यहाँ तीनै प्रकारका विकासको प्रचुर सम्भावना देखिन्छ । बाटाको विस्तार गर्ने र कालोपत्रे गर्ने हो भने तीर्थयात्रीहरूलाई, पर्यटकहरूलाई र स्थानीय जनतालाई यातायातको सुविधा सुलभ हुनेछ । निर्माणाधीन पक्की पुलको निर्माण कार्य पूरा भएमा गैडाकोट, देवघाट र चितवनको सोझै सम्पर्क हुन सक्नेछ । कृष्णगण्डकीका र त्रिशूलीका सङ्गममा पक्की पुल बनाउन सकेका देवघाटको आकर्षण नै भिन्नै प्रकारको हुनेछ । यहाँ जलविहारलाई विस्तार गर्न सकिन्छ । गण्डकी एवम् त्रिशूली दुवै नदीमा जलविहारको प्रशस्त सम्भावना छ । यसबाट वैदेशिक पर्यटकसमेत आकर्षित हुने र अर्थतन्त्रलाई समेत टेवा पुग्ने देखिन्छ । देवघाटबाट **मौलाकालिका** मन्दिरसम्म पुग्ने विद्युतीय यानको निर्माण गर्न सक्ने हो भने देवघाटका साथै **मौलाकालिका** मन्दिर समेत सबैका आकर्षणका केन्द्र बन्ने छन् । वरपर रहेका प्राकृतिक सौन्दर्यले युक्त भएका उच्च पहाडहरूलाई पनि पर्यटकका आकर्षण केन्द्रका रूपमा विकास गर्न सकिन्छ । सङ्गमभन्दा माथि गैंडाकोटतर्फको भूभागमा आकर्षक एवम् उच्च अट्टालिका (भ्यू टाबर) निर्माण गर्न सकिन्छ । चितवनतर्फको भूभागमा विद्युतीय शवदाह गृहनिर्माणको सम्भावना रहेको छ । शान्त एवम् पवित्र भूभाग भएकाले यसलाई अध्यात्मविद्याका अध्ययन एवम् अनुसन्धानका केन्द्रका रूपमा पनि अघि बढाउन सकिन्छ ।

८.निष्कर्ष

भौगोलिक दृष्टिले मध्य नेपालका तीनवटा अञ्चल वा तीनवटा जिल्ला वा तीनवटा स्थानीय संरचनाका बीचमा एवम् दुईवटा हिमनदीका सङ्गममा अवस्थित पावनभूमि नै देवघाट हो । वैदिक वाङ्मयमा यसको सामान्य सङ्केत पाइन्छ भने पौराणिक वाङ्मयमा पनि यसको स्पष्ट उल्लेख एवम् महिमा प्रतिपादन गरिएको देखिन्छ । शालग्रामगर्भा गण्डकीको र यसका तटमा तपस्या गरेका तपस्वीहरूको महिमा प्रतिपादन अनेकौं पुराणहरूमा गरिएको छ । त्यस मध्ये वाराहपुराणमा स्पष्टतः यसको उल्लेख गर्दै यसका विशेषताहरू बताइएको छ । हिमवत्क्षेत्रको धार्मिक महत्त्व प्रतिपादन

गर्ने हिमवत्खण्डमा सम्पूर्ण हिमवत्क्षेत्रको, हिमवत्क्षेत्रमा पर्ने गण्डकी प्रदेश (पारकोटक्षेत्र) को र गण्डकी प्रदेशमा पर्ने कृष्णगण्डकी र त्रिशूली गङ्गाका पावन तटमा अवस्थित पुण्यभूमि देवघाटको महिमा निरूपण गरिएको छ । वाराहपुराणमा देवघाटका लागि देवाट शब्दको प्रयोग गरिएको छ भने हिमवत्खण्डमा देवघट्ट शब्दको प्रयोग गरिएको छ । वाराहपुराणमा शालग्राम क्षेत्रका रूपमा देवघाटको महिमा निरुपित छ भने हिमवत्खण्डमा देवघाटका महिमाका साथै राजा रूपकेतुको र उनकी जेठी पत्नी कामप्रभाको कथा पनि दिइएको छ । गण्डकी प्रदेशलाई नै विषय बनाइएको गण्डकीमाहात्म्यमा पनि विस्तारपूर्वक देवघाटको धार्मिक एवम् ऐतिहासिक महत्त्व देखाइएको छ । यसरी पौराणिक युगमा महत्त्वका साथ पावनतीर्थका रूपमा निरुपित देवघाट ऐतिहासिक दृष्टिले हेर्दा प्राचीन समयमा शाक्यवंशको, कोलवंशको र लिच्छवीवंशको अधीनमा रहेको भन्ने सङ्केत पाइन्छ । माध्यमिक कालमा सम्राट् मुकुन्द सेनले जीवनको उत्तरार्धमा यसै भूमिलाई आफ्नो तपःस्थली बनाएको देखिन्छ । पञ्चायतन मन्दिरका भग्नावशेषहरू र चक्रवर्ती मन्दिर मणिमुकुन्द सेनको कीर्तिस्तम्भका रूपमा अहिले पनि रहेको छ । वर्तमान देवघाटका जन्मदाता भने गलेश्वर बाबाका नामले परिचित ईश्वरानन्द सन्त हुन् । देवघाट क्षेत्रलाई चिनाउने र यसलाई मानव बसोबासको योग्य बनाउने कार्य ईश्वरानन्दबाटै भएको हो । ईश्वरानन्दका पथको अनुसरण गर्दै यहाँ अनेकौं मठ-मन्दिरको निर्माण भएको छ र अनेकौं गुरुकुलको सञ्चालन पनि भइरहे को छ। यी सबै कारणले गर्दा देवघाट अहिले आध्यात्मिक केन्द्रजस्तो देखिन्छ ।

चितवनतर्फको र गैंडाकोटतर्फको भूभागलाई समेट्दा देवघाटले भौगोलिक पूर्णता प्राप्त गरेझैं धार्मिक, सांस्कृतिक एवम् पर्यटकीय विशेषतालाई समेट्दा यसले परिचयात्मक पूर्णता प्राप्त गर्दछ। पौराणिक वाङ्मयले, उत्तरवर्ती मनीषीहरूका देवघाटसम्बद्ध काव्यात्मक कृतिहरूले, देवघाटलाई साधनाभूमि बनाउने महात्माहरूले, मठ-मन्दिरबाट आकाशमण्डललाई नै गुञ्जायमान बनाउँदै निस्कने वैदिक उद्घोषले, अध्यात्म विद्यालाई पठन-पाठनको विषय बनाउने आश्रमहरूले, साधु सन्तहरूबाट प्रतिदिन सञ्चालन गरिने स्वाध्याय प्रवचनजस्ता कार्यक्रमले देवघाटको धार्मिक विशेषतालाई उजागर गर्दछन् । स्थानीय आदिवासी जनताद्वारा मनाइने पर्वहरू र राष्ट्रियस्तरमै मनाइने पर्वहरूले देवघाटका सांस्कृतिक विशेषतालाई अभिव्यक्त गर्दछन् । धर्मशास्त्रद्वारा निर्दिष्ट

विशेषपर्वमा मनाइने धार्मिक पर्वहरूले राष्ट्रका र हिन्दूधर्मका सांस्कृतिक विशेषतालाई उजागर गर्दछन् । मकर संक्रान्ति, प्रत्येक महिनाका एकादशी, अमावस्या एवम् पूर्णिमा, साउने सोमवार, बालाचतुर्दशी आदि यस क्षेत्रमा मनाइने प्रमुख धार्मिक पर्व हुन् । विभिन्न रूपले धार्मिक एवम् सांस्कृतिक विशेषतालाई बोकेको देवघाटले पर्यटकीय विशेषतालाई पनि आत्मसात् गरेको छ। यहाँ एकातर्फ धार्मिक पर्यटकको आगमन हुन्छ भने अर्कातर्फ प्राकृतिक एवम् भौगोलिक विशेषताको अवलोकन गर्न चाहने पर्यटकको आगमन हुन्छ । नेपालको सम्पत्तिका रूपमा रहेको देवघाटको अझै विकास गर्नुपर्ने देखिन्छ । नेपाल सरकारले देवघाट क्षेत्र विकास समिति निर्माण गरेर आफ्नो दायित्व पूरा भएको सम्झिरहेको छ । एकातर्फ यसको धार्मिक महत्त्व सबै हिन्दूधर्मावलम्बीहरूका बीचमा प्रचर-प्रसार गर्नुपर्ने देखिन्छ भने अर्कातर्फ समुचित रूपमा यसको भौतिक विकास पनि गर्नुपर्ने हुन्छ । अध्यात्मविद्याका केन्द्रका रूपमा यसलाई अघि बढाउन सक्ने सम्भावना देखिन्छ । प्राकृतिक रमणीयताले युक्त वरिपरिका पहाडलाई आकर्षणका केन्द्रका रूपमा विकास गरेर, देवघाटदेखि मौलाकालिकासम्मको विद्युतीय यानको निर्माण गरेर साथै जलविहारको समुचित व्यवस्था मिलाएर देवघाटलाई पर्यटकीय दृष्टिले विकास गर्न सकिन्छ । यसरी गरिएको देवघाटको सर्वाङ्गीण विकासले राष्ट्रको गौरवलाई अझ चम्काउने छ । ॐ

सन्दर्भस्रोत

पद्ममहापुराण, (सन् १९९९) द्वि.सं. दिल्ली : नागपब्लिशर्स ।

वाराहपुराण, (सन् १९८२) सम्पा., हृषीकेश शास्त्री, वाराणसी : चौखम्वा अमरभारती ।

श्रीमद्भागवतमहापुराण, (वि.सं.२०५८) अठारहवाँ सं.गोरखपुर : गीताप्रेस ।

सूरि, काशीराम (वि.सं.२०५५), गण्डकीमाहात्म्य, अनु., टीकाराम अधिकारी, दाङ :म.सं.वि.।

हिमवत्खण्ड (वि.सं. २०७५), सम्पा. वेणीमाधव ढकाल, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लेखकको प्रत्यक्ष अवलोकन भ्रमण ।

✡✡✡✡

पितौजीघाट

माधवप्रसाद चालिसे[1]

१. परिचय

मठ-मन्दिर, ताल-कुण्ड, तीर्थस्थल, नद-नदीले पवित्र भएको पुण्यभूमि हिमवत्खण्ड नेपाल देवीदेवताको निवासभूमि हो । भौगोलिक दृष्टिकोणले हिमाल, पहाड, तराईमा विभाजित नेपाल संस्कृति, चाड- पर्वहरूले पनि सम्पन्न छ । कुनै चाडपर्वहरू धेरै समुदायले समान रूपमा मनाउने गरेको पाइन्छ भने कुनै विभिन्न जातजाति र समुदायका आ-आफ्ना मौलिक पनि छन् । यति हुँदाहुँदै पनि सबै समुदाय बीच आपसी सद्भाव भाइचारा रहिआएको छ । कला र संस्कृतिको धनी नेपाल प्राकृतिक सौन्दर्यका दृष्टिले पनि कम महत्त्वपूर्ण छैन । हिमशृङ्खला, ताल-छहरा, वन-जङ्गल, पशुपंक्षी, नद-नदी आदि प्राकृतिक सौन्दर्यका स्रोत हुन् । नदी संस्कृति पनि नेपालको महत्त्वपूर्ण पाटो हो । प्राचीन कालदेखि नै नदी छेउछाउमा मठमन्दिर र आश्रम बनाएर बस्ने तीर्थस्नान गर्ने हिन्दूहरूको संस्कृति नै बनिसकेको छ । त्यस्ता पुण्यात्माले स्नान आदि गर्ने र डुङ्गाबाट वारपार गरेर यात्रीहरू उत्रने नदीको तीरलाई पनि घाट भन्ने गरेको पाइन्छ। पितौजीघाटको विषयमा माथिका दुवै थरी प्रयोगबाट घाट भएको विश्वास गर्न सकिन्छ । नवलपुर जिल्लाको पूर्वीभाग गैंडाकोट नगरपालिकाको वडा नंः ११ मा अवस्थित पितौजीघाट दक्षिणतिर कलकल बगिरहेकी पुण्यसलिला नारायणी नदी, पूर्वतिर ऐतिहासिक हनुमान् मन्दिर र सोही मन्दिरका नाममा रहेको धार्मिक जङ्गल एवम् चक्रघाट, उत्तरतिर विविध जातजति समुदायले बसोबास गर्दै आएको गाउँ बस्ती र पश्चिमतिर कैलाश आश्रम, ऐतिहासिक पुरातात्त्विक सिख्रौली धाम छ। यिनको मध्यबिन्दुमा रहेको पितौजीघाट आफैमा महत्त्वपूर्ण छ । यही पितौजीघाटको सेरोफेरोमा केन्द्रित भएर यो आलेख तयार पारिएको छ ।

२. भौगोलिक अवस्थिति

प्राकृतिक सौन्दर्यले सम्पन्न नेपाल सांस्कृतिक, धार्मिक, तीर्थस्थल, नदी, घाट, मन्दिर, आश्रम आदि विविधताले परिपूर्ण छ । विश्वभरि नै

---

१. लेखक नेपाल संस्कृत विश्वविद्यालय कालिका विद्यापीठ गैंडाकोटका सहप्राध्यापक हुनुहुन्छ ।

जलस्रोतमा दोस्रो सम्पन्न भनेर चिनिएको नेपालमा नदीहरूको महत्त्व आफ्नै किसिमको छ। यहाँ हिमालयबाट प्रवाहित भएर नेपालको भूभागलाई सिञ्चित गर्दै आफ्नो गरिमालाई उन्नत बनाउन सफल अनेकौं नदीहरू छन् । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म सप्तकोसी, कर्णाली, भेरी, रापती, त्रिशूली, कृष्णगण्डकी प्रमुख छन् । त्यस्तै वाग्मती, कमला, शुक्ला, शिप्रा, मर्स्याङ्दी वृद्धा आदि नदीहरू पनि नेपालका अमूल्य सम्पदा हुन् । यिनै महिमामयी नदीहरूले अभिषिञ्चित नेपाल प्राचीन ऋषि-मुनिहरूको तपोभूमि, ज्ञानभूमि, शान्तिभूमि र पवित्र तीर्थस्थलको रूपमा चिनिएको छ। विश्वभरिका समस्त नदीहरूमा विशेष पहिचान भएको कालीगण्डकीको महिमा आफ्नै किसिमको छ । हिमालयबाट प्रवाहित भएर आएको यस कालीगण्डकीमा मुक्तिक्षेत्र, कालञ्जर क्षेत्र, केलादीघाट, रुरुक्षेत्र, चक्रतीर्थ, देवघाट आदि पवित्र तीर्थस्थल र पुण्यमय धामहरू छन्। विश्वभरि नै दुर्लभ मानिने शालग्राम शिला पाइनुले पनि कालीगण्डकीको महत्त्व अझै उत्कृष्ट भएको बुझिन्छ । यस्तो महत्त्वपूर्ण शालग्राम शिलाकी जनयित्री कालीकण्डकी र भगवान् शिवको त्रिशूलबाट प्रवाहित भएकी त्रिशूलीको देवघाटमा मिलन भएपछि नारायणी नामले प्रख्यात छन्। देवघाटदेखि लिएर त्रिवेणी अथवा गङ्गा नदीमा मिलन नहुँदासम्म नारायणी नामले परिचित छन्।

कालीगण्डकीले त्रिशूलीलाई आफूमा समाहित गरेर नारायणीको रूपमा परिणत भएपछि पनि यसका दुवैतिर स्नानयोग्य पवित्र घाट, आश्रम, मन्दिर, मठ आदि धर्म संस्कार एवम् परोपकारसँग सम्बन्धित संस्थाहरू मनग्य छन्। जस्तै - नारायणघाट, शिवघाट, कुसमघाट, रामघाट, काभ्रेघाट, चक्रघाट, पितौजीघाट, सिखौलीघाट, त्रिवेणीघाट आदि । यी माथि उल्लेख गरिएका घाटहरूको महत्त्व अत्यधिक छ। यी सबै स्नान पुण्य गर्न योग्य छन् । यहाँ लेख्नु पर्ने विषय पितौजीघाटसँग सम्बन्धित भएको हुनाले लेख्य सामग्री उपलब्ध भएसम्म यसैमा केन्द्रित रहने प्रयास गरिएको छ।

एसियाका तारा, शान्तिका सन्देशवाहक, विश्वविख्यात बुद्धको जन्मभूमि लुम्बिनी समस्त बौद्ध धर्मावलम्बीहरूको आस्थाको केन्द्रबिन्दुका रूपमा चिनिनुका साथै पवित्र तीर्थस्थलको रूपमा सम्मानित भएको छ । यसैलाई आधार मानेर नामकरण गरिएको नेपालका चौध अञ्चलमध्ये

लुम्बिनी अञ्चल पनि एक हो । यसको पूर्वदक्षिणी भागमा पर्ने नवलपुर जिल्ला पहाड र तराई मिलेर बनेको छ । यस जिल्लाको पूर्वी सिमाना र भारतसँग सीमा नजोडिएको केही भूभागबाहेक दक्षिणी सिमाना पनि चितवनसँग जोडिएको छ । यस्तै पश्चिमतर्फको सिमाना रूपन्देहीसँग, पश्चिमोत्तर सिमाना पाल्पासँग र पूर्वोत्तरको सिमाना तनहुँ जिल्लासँग जोडिएको छ । देवघाटबाट पार गरेपछि चितवन र नवलपुरको बीचबाट प्रवाहित हुने पुण्यसलिला नारायणीको दुवैतर्फ प्रशस्त तीर्थस्थल, मठ, मन्दिर, घाट रहेको कुरा माथि नै उल्लेख भइसकेको छ । चक्रतीर्थको रूपमा मान्न सकिने चक्रघाटभन्दा पश्चिम र ऐतिहासिक, पुरातात्त्विक महत्त्व बोकेको सिख्रौलीघाटभन्दा पूर्व यी दुवैको मध्यबिन्दुमा अवस्थित पितौजीघाटको पनि आफ्नै महत्त्व छ । यहाँ जानको लागि पूर्वपश्चिम राजमार्ग हुँदै नारायणगढबाट ११ किलोमिटर पश्चिम कोटिहोम (योगी नरहरिनाथले केही वर्ष पूर्व कोटिहोमको आयोजना गरेको स्थान) देखि दक्षिणतिर लगभग १ कि. मि नारायणीको तटमा पुगिन्छ । त्यसलाई पितौजीघाटको नामले चिनिन्छ । यस ठाउँमा नारायणीको धार दुई भागमा विभाजित भएको छ । नवलपुरतर्फको धार सानो छ भने चितवनतर्फको ठूलो छ । ती दुवै घाटको बीचमा सिसौका रूखले भरिएको फराकिलो मैदान छ । १ कि.मि. माथिबाट अलग्गिएको धार केही तल गएपछि फेरि एकै ठाउँमा मिलेको छ । यसभन्दा केही तल सिख्रौलीघाट भएको कुरा सङ्केत भइसकेको छ । त्यहाँ आश्रम, मन्दिर छन् । कैलाश आश्रम भनेर चिनिने त्यस ठाउँमा मणिमुकुन्द सेनका पालामा बनाएको भग्नावशेष छ । त्यस आश्रममा स्नानयोग्य घाट निर्माण हुनुका साथै मन्दिरमा पूजाको व्यवस्था रहेको छ । यहाँ भवनको भग्नावशेषबाट बाँकी रहेका प्रस्तरमा विभिन्न अक्षर र आकृति कुँदिएका छन् । यसको अनुसन्धान गरेर यसैमा केन्द्रित भएर एउटा छुट्टै लेख तयार गर्नुपर्ने आवश्यकता देखिन्छ ।

३. पौराणिक सन्दर्भ

श्रीमद्भागवतमहापुराण अष्टमस्कन्धको २-४ अध्यायमा गजेन्द्रमोक्षको सन्दर्भ आउँछ । सपरिवार जलक्रीडा गरिरहेका गजराजको पाउमा अचानक ग्राहले आक्रमण गर्दछ, लामो समयसम्म ती दुवैको परस्पर सङ्घर्ष हुन्छ । ग्राह जलचर प्राणी भएकाले र ती दुवैको सङ्घर्ष जलमा

भएकाले पनि ग्राहको शक्ति सञ्चय हुँदै जानु गजेन्द्रको शक्ति क्षीण हुँदै जानु स्वाभाविक हो । आफ्नो बलबुताले भ्याएसम्म सङ्घर्ष गरे पनि मुक्त हुन नसकेपछि उसले भगवान्को शरणबाहेक अन्य कुनै उपाय देख्दैन । अन्तमा भगवान् श्रीहरिको स्तुति गर्दछ । भक्तवत्सल श्रीहरिले ग्राहद्वारा आक्रान्त गजेन्द्रको उद्धार गर्न तीव्र गतिमा जाँदा पीताम्बर खस्यो । पीताम्बर खसेको स्थान भएकाले पीतम्बर घट्ट नाम रहेको र पछि अपभ्रंश हुँदै पितौजघाट पितौजीघाट नाम रहेको भन्ने आधार मान्न सकिन्छ ।

गजग्राहको प्रसङ्गलाई आधार मान्ने प्रमाण नजिकै त्रिवेणीधाममा गजग्राह आश्रम आज पनि छँदै छ । अर्को एउटा सन्दर्भ लिन सकिन्छ - शोणितपुरको अधिपति बलिपुत्र बाणासुरको कथा श्रीमद्भागवतकै दशमस्कन्धको ६२-६३ अध्यायमा आउँछ । श्रीकृष्णका नाति अनिरुद्ध र बाणासुरकी छोरी ऊषाको रतिसम्बन्धको सन्दर्भमा बाणासुर र श्रीकृष्णको युद्ध हुन्छ । बाणासुर भगवान् शिवको परम भक्त भएको हुँदा काठमाडौं मा शिवलिङ्गको स्थापना गर्दछ । त्यही बाण नामको असुरले स्थापना गरेका त्यस लिङ्गको नाम बाणेश्वर भनियो । अहिले बानेश्वर भनेर चिनिन्छ । बाणासुरसँग प्रसन्न भएर भगवान् शङ्कर उसकै पक्षमा श्रीकृष्णसँग युद्ध गर्नुभयो । शङ्करसँग युद्ध गर्दा गरुडारुढ भगवान् श्रीकृष्णको पीतम्बर त्यहाँ खसेर पीताम्बर घट्ट, पितौजीघाट भएको भन्ने किंवदन्ती छ । पितौजीघाटदेखि पूर्व चक्रघाट भएकोले पनि हुन सक्छ । त्यहाँ श्रीकृष्णको सुदर्शन चक्र खसेर चक्रघाट भएको विषयलाई पनि आधार मान्न सकिन्छ । चक्रघाट र पितौजीघाटको सम्बन्ध सान्दर्भिक हुन आउँछ । यहाँ देखिने प्राचीन अवशेषहरूअध्ययन गर्दा मुकुन्दपुरको दरबारको समकालीन भएको अनुमान हुन्छ । स्थानीय मानिसहरू यो मन्दिर पनि मुकुन्दपुरको दरबारसँगै मुकुन्द सेन (प्रथम) ले नै बनाएको मान्दछन् (घिमिरे, २०५६, पृ.१३०) । यहाँ स्व. नरसिंह श्रेष्ठद्वारा २०२८/११/०१ मा निर्माण सम्पन्न महादेव मन्दिरभित्र रहेको शिवलिङ्ग प्राचीनजस्तो देखिएकाले मुकुन्द सेन (प्रथम)को समकालीन भएको अनुमान गर्न सकिन्छ। त्रिवेणीको विषयमा यसरी उल्लेख गरेको पाइन्छ -

चम्पारण्यस्थले रम्ये गण्डकीतीरमण्डिते ।
तत्र स्थितं महालिङ्गं त्रिजलेश्वरसञ्ज्ञितम् ।।

धरे जानीहि ततक्षेत्रं योजनं परमार्थितम् ।

इत्थमादि त्रिवेण्येषा भुक्तिमुक्तिप्रदा ध्रुवा ॥

(गण्डकीमाहात्म्य ८/१७,२३)।

त्रिवेणीको समीप भएको एक योजनसम्म त्रिवेणीको विस्तार भएकाले पनि यसको महत्त्व पौराणिक सन्दर्भसँग सम्बन्धित भएको मान्न सकिन्छ । माथि उल्लेख गरिएअनुसार ग्राहको युद्ध हुँदा भगवान् विष्णुले गजको उद्धारको लागि ग्राहको शिरच्छेदन गरेको सन्दर्भ स्पष्ट उल्लेख गरिएको छ -

तेन विज्ञापितो विष्णुर्भगवान् भक्तवत्सलः ।

चक्रेण ग्राहवदनं तूर्ण च समपाटयत् । (गण्डकीमाहात्म्य ९/५३)।

गजेन्द्रको स्तुति सनेर भक्तवत्सल भगवान् विष्णुले सुदर्शन चक्रद्वार ग्राह (गोही) को शिरच्छेद गर्नुभयो । यसरी भगवान् विष्णु ग्राहको शिरच्छेद गरी गजेन्द्रको उद्धार गर्न तीव्रगतिमा जाँदा पीताम्बर खसेर पीताम्बरजबाट पितौजी हुनुमा पौराणिक विषय प्रसङ्गसँग मिल्दो भएको देखिन्छ । पुराण तथा इतिहासमा ठ्याक्कै पितौजीघाटकै विषयमा फेला पार्न नसकिएको हुँदा यहाँ त्रिवेणी, सिखौली, देवघाट आदिको आधारमा पितौंजीघाटको वस्तुस्थिति केलाईएको छ ।

४. धार्मिक सांस्कृतिक महत्त्व

सनातन वैदिक धर्मानुयायीहरूका लागि कणकणमा ईश्वरीय सत्ता रहे तापनि धार्मिक क्षेत्र, तीर्थ, मठ, मन्दिर पवित्र नदीहरू विशेष श्रद्धेय हुन्छन् । नदीहरू त झन् मानवलगायत सम्पूर्ण जीवजगत्का प्राण हुन् । नदीहरूसँग सनातन हिन्दू धर्मका अनुयायीहरूको सम्बन्ध परापूर्व कालदेखि नै जोडिएर अभिन्न अङ्ग बन्दै आएको छ । यिनीहरूको सम्बन्ध धर्म/संस्कृतिसँग पनि जोडिएको छ । यसै सन्दर्भमा नारायणी नदीका अन्यान्य घाटहरूमा जस्तै पितौजीघाटमा पनि धर्मप्रेमी भक्तले स्नान आदि नित्यकर्म गर्ने गर्दछन् । घाटदेखि १०० मिटरजति उत्तरमा श्रीमहादेव, दुर्गादेवी र कर्ण गुरौको मन्दिर भएकाले पनि धार्मिक महत्त्व देखिन्छ । पौराणिक कालमा भगवान् कृष्णको पीताम्बर खसेर यस घाटको पितौजीघाट नाम रहेको भन्ने सन्दर्भले त झन् धर्मप्रेमी महानुभावहरूका लागि यो घाट श्रद्धेय बन्दै जाने निश्चित छ । अनि धार्मिक महत्त्वलाई बढाउने अर्को कारण

पनि केही वर्ष पहिले पितौजीघाट देखि १ कि.मि उत्तर पूर्व-पश्चिम राजमार्गको छेउमा योगी नरहरिनाथको आयोजनामा कोटि होम भएको र त्यहीँ मन्दिर हवन वेदी लगायत धार्मिक आस्था बढाउने निर्माणकार्य पनि छन् । त्यस घाटमा नित्य स्नान गर्ने धार्मिक भक्तहरूको कमी भए पनि विशेष चाडपर्वमा गङ्गास्नान देवपूजा हुने गर्दछ । शिवरात्रिको समयमा भक्तजन शिवको पूजा आराधना साथै बत्ती बाली रातभरि जाग्राम बस्ने गरेका छन् । गैंडाकोट नगरपालिकाभित्र लगभग १०० का हाराहारीमा मन्दिर निर्माण भइसकेका छन् । धेरैजसो मन्दिरमा नियमित सत्सङ्ग, हरेराम नाम सङ्कीर्तन आध्यत्मिक धार्मिक प्रवचन, मेला, उत्सव हुने गरेकाले पनि यस क्षेत्रमा धार्मिक महत्ता उच्च रहेको पाइन्छ । महादेव मन्दिरभित्र प्राचीन शिवलिङ्ग भएकाले स्व. नरसिंह श्रेष्ठद्वारा २०२८ साल फाल्गुन १ गते निर्माण सम्पन्न भएको कुरा शिलालेखमा उल्लेख छ । देवघाटधाम र त्रिवेणीधाम परमपवित्र एवम् प्रसिद्ध तीर्थस्थलको मध्यबिन्दु रहेको पितौजीघाटको महत्त्व पनि उत्तिकै रहेको मान्न सकिन्छ ।

५. पर्यटकीय विशेषता

पितौजीघाटको पर्यटकीय विशेषतालाई मुख्यतया प्राकृतिक धार्मिक र सांस्कृतिक कोणबाट हेर्न सकिन्छ ।

५.१. प्राकृतिक

मनोरञ्जन गर्ने दृष्टिकोणले नेपालका नदी-खोला, पहाड, हिमाल, वन, वन्यजन्तु आदि प्राकृतिक सम्पदाले दर्शकहरूको मन जित्न सक्छन् । पितौजीघाट राष्ट्रिय निकुञ्जसँग जोडिएकाले पनि यहाँ प्रशस्त विदेशी पर्यटक भित्र्याउन सकिने सम्भावना देखिन्छ । विश्वमा दुर्लभ मानिने एकसिङ्गे गैंडा लगायतका वन्यजन्तुहरू यहीं वरिपरि घुम्ने भएकाले पनि यस क्षेत्रलाई पर्यटकको आकर्षणको केन्द्र बनाउन सकिने सम्भावना प्रचुर मात्रामा छ । अर्को कुरा कालीगण्डकी एवम् त्रिशूलीमा जलविहार गर्ने पर्यटकहरू देवघाटदेखि त्रिवेणीसम्म नौकाविहारको आनन्द लिन सक्दछन् । जलविहार क्षेत्रका पारखीहरूले उचित व्यवस्थाका साथै प्रचारप्रसार पनि गर्ने हो भने यहाँ जलपर्यटकको प्रचुर सम्भावना देखिन्छ । पितौजीघाटमा पनि धार्मिक वातावरणमा प्रतिकूल प्रभाव नपर्ने गरी पर्यटक विश्रामस्थल, चमेनागृह,

टाढासम्म हेर्न मिल्ने मचानको व्यवस्था हुने हो भने पर्यटकहरूआउने सम्भावना निकै देखिन्छ।

५.२. धार्मिक र सांस्कृतिक

धर्म र संस्कृतिको दृष्टिले नेपाल समृद्ध मानिन्छ। यहाँ हिन्दू र बौद्ध धर्मावलम्बी एक आपसमा मिलेर रहेका छन् । अन्य धर्मावलम्बीहरू पनि बसोबास गर्दै आएका छन् । यहाँ प्रत्येक जातिका आ-आफ्नै संस्कार र संस्कृति, भेष-भूषा, रहन सहन, चालचलन पाइन्छन् । तैपनि हिन्दूका मन्दिरहरूमा बौद्ध र बौद्धका गुम्बाहरूमा हिन्दूहरू पनि जाने गरेको देखिन्छ । पितौजीघाटमा पनि महादेवको मन्दिर र दुर्गादेवीको मन्दिर छ । यहाँ बेलामौकामा उत्सव हुन्छ । विशेष गरेर शिवरात्रिका अवसरमा हिन्दू महिला तथा पुरुषहरूका साथै बौद्ध धर्मानुयायीहरू पनि सामेल भई धार्मिक उत्सव मनाउने गरेको पाइन्छ।

श्रीविष्णुको पीताम्बर खसेकाले पितौजीघाट भएको जानकारी गराई स्नान दर्शन गर्न चाहने भक्तजनलाई उचित वातावरण मिलाउन सके यहाँ पर्यटक आउने वातावरण मिलाउन सकिने सम्भावना देखिन्छ। यसको नजिकै उत्तरतर्फ पूर्वपश्चिम राजमार्गको छेउमा योगी नरहरिनाथको आयोजनामा केही वर्ष पहिले कोटिहोम गरिएको ठाउँमा सिद्धिदात्री देवीको मन्दिर, शिवालय, हवनमण्डप आदिको निर्माणले पनि धार्मिक पर्यटक आउने सम्भावना देखिन्छ । नेपालका मात्र नभएर भारतका विभिन्न ठाउँबाट भारतीय तीर्थयात्रीहरूलाई समेत उचित वातावरण मिलाई पर्यटक भित्र्याउन सकिने सम्भावना प्रचुर मात्रामा रहेको पाइन्छ।

६. वर्तमान स्थिति

पूर्व पश्चिम राजमार्ग नबन्दै चितवन र नवलपुरमा वारपार गर्न पितौजीघाट धेरै चल्तीमा रहेको भए तापनि अहिले यातायातको सुविधाले गर्दा विभिन्न साधनहरूद्वारा यातायात गर्न सकिने भएकाले त्यति चल्तीमा आएको पाइँदैन। कहिलेकाहीँ घाँस दाउराको सिलसिलामा त्यहाँका स्थानीय बाहेक अन्य व्यक्तिले यस घाटको उपयोग गरेको पाइँदैन । एकादशी, औँसी, पूर्णिमा, शिवरात्रि, कृष्णाष्टमी लगायत पर्वहरूमा धार्मिक आस्था भएका स्थानीयहरूले स्नान, सन्ध्या, तर्पण पूजा आदिको लागि यस घाटको

प्रयोग गरेको पाइन्छ। नारायणीबाट १०० मिटर जति उत्तरमा रहेको महादेवको मन्दिर, दुर्गादेवीको मन्दिर, कर्ण गुरौको मन्दिर छ। यहाँ चारैतिरबाट पर्खालले घेरेको छ। त्यहाँको महादेवको मन्दिर स्व. नरसिंह श्रेष्ठद्वारा २०२८/११/०१ मा निर्माण सम्पन्न गरेको कुरा शिलालेखमा अङ्कित छ। साथै ५०० भन्दा बढी रकम दिने चन्दादाताहरूको नामावली पनि अङ्कित गरिएको छ। यस महादेव मन्दिरभित्र शिवलिङ्ग र नागका मूर्ति पनि छन्। जस्ताको छानो भएको यस मन्दिरको वरिपरि रेलिङ्माथि झिक्न नमिल्ने गरी बत्ती बाल्ने पालाहरू पङ्क्तिबद्ध राखिएका छन्। स्थानीयको भनाइअनुसार २०२८ साल भन्दा पहिले सानो छानो राखी थान बनाएर पूजा गर्ने गरेको र मन्दिर निर्माण गरी स्व. श्रेष्ठले पूजा आजको व्यवस्था मिलाए पनि उनको शेषपछि त्यहाँ स्थानीयले चासो नदिँदा सर्वत्र फोहोर मैला, पूजाका थाली पञ्चपात्र कलश लगायत पूजापात्र जताततै छरपस्ट भएको देख्न सकिन्छ। नजिकै रहेको दुर्गादेवीको मन्दिरमा पनि मन्दिरभित्र दुर्गामाताको मूर्ति द्वारमा दुवैतिर रहेका सिंहका मूर्तिहरू पनि सरसफाइ र पूजाको अभावमा रुन्चे अनुहार लगाएका जस्ता देखिन्छन्। त्यहाँ पनि कलश घण्टा आदि बेवारिसे भएको पाइयो। कर्ण गुरौका मन्दिरभित्र हिँडेको मुद्रामा सिंहको मूर्ति, बाहिर ढोकामा पनि बसेको मुद्रामा सिंहको मूर्ति रहेका छन्। त्यहाँ झन् कुखुराका प्वाँख र रगतका टाटाहरूले वीभत्स देखिएको थियो। मन्दिर अगाडि गुलमोहर पीपलका विशाल वृक्षहरू छन्। सानो बेलको वृक्ष पनि छ। पूर्व दक्षिणकोणमा सानो सत्तल छ तर त्यो उपयोग गरिएको छैन। पर्खाल जीर्ण भएको पूर्वपश्चिम गेट भएको यस मन्दिरको नाममा रहेको १३ कठ्ठा जमिनमध्ये स्कूलले बेचेर हाल २ कठ्ठा मात्र रहेको भन्ने जानकारी आएको छ। त्यही पनि बाटो एवम् स्थानीयको अतिक्रमणले खुम्चिँदै गएको जस्तै देखिन्छ। बाहुन, छेत्री, नेवार, मगर, दलित आदि जातजातिहरू मिलेर बसेको बस्तीमा सरसफाइ गर्नुपर्दछ भन्ने चेतना पनि नभएको हो जस्तो देखियो। यसको महत्त्वलाई स्थानीयले पहिचान गरी विकासका गतिमा अगाडि बढाउनुपर्ने देखिन्छ।

७. विकासको सम्भाव्यता र सुझाव

कुनै पनि स्थान वा क्षेत्रको विकासका लागि सर्वप्रथम स्थानीय जनता तथा कार्यकर्ताको सकारात्मक सोच, विकास गर्नुपर्दछ भन्ने भावना

इमान्दारिता सक्रियताको आवश्यकता पर्दछ । त्यसपछि सम्बन्धित निकायको प्राविधिक आर्थिक लगायतका सहयोग पनि वाञ्छनीय हुन्छन् । विकासका पूर्वाधारहरू गास, वास, कपास, शिक्षा, स्वास्थ्य प्रमुख मानिन्छन् । उपर्युक्त तीनवटा विषयहरू यहाँका स्थानीयले खेती, जागिर, पशुपालन आदिको माध्यमले जीवन निर्वाह गरेका छन् । शिक्षा र स्वस्थ्यमा कम ध्यान दिएजस्तो बुझिन्छ । यदि यहाँ स्थानीय स्वस्थ्यको विषयमा सचेत भएको भए वातावरण सफा हुनुपर्ने त्यस्तो देखिएन । अतः एक नम्बरमा यहाँ स्थानीयले वरिपरि को वातावरणमा ध्यान दिई सभ्य नागरिकको परिचय कायम गर्न आवश्यक देखिन्छ । अनि दक्ष प्राविधिकसँग सरसल्लाह गरी यस क्षेत्रलाई नमूना बस्ती निर्माणका लागि सबै सक्रिय हुनु आवश्यक देखिन्छ ।

कोटिहोमदेखि पितौजीघाटसम्म पक्की बाटो निर्माण, स्नान घाट निर्माण, त्यहाँ अवस्थित मन्दिरको उचित मर्मत सम्भार सरसफाइ धार्मिक पर्यटकहरूलाई विश्रामस्थल, सत्सङ्ग भवन, निर्माण गर्न आवश्यकता देखिन्छ । त्यस्तै धार्मिक वातावरणमा प्रतिकूल प्रभाव नपर्ने गरी अन्य पर्यटकहरूका लागि पनि उपयोगी हुने गरी उद्यान, पोखरी निर्माण, चमेनागृह, गैडा आदि वन्यजन्तुको अवलोकन गर्न सकिने अग्लो मचान पनि निर्माण गर्न सकिन्छ । जसबाट धर्ममा आस्था राख्ने र प्राकृतिक सौन्दर्यको अवलोकन गर्न इच्छुक पर्यटक भित्रिएर आर्थिक लाभ होस् । यदि यहाँ पर्यटकहरूलाई आउने वातावरण मिलाउने हो भने पनि यहाँ स्थानीयले रोजगारी पाउने र जीवनस्तर माथि उठ्ने सम्भावना देखिन्छ । अर्को कुरा यहाँका युवा शिक्षित हुने हो भने आफ्नो गाउँ कस्तो बनाउन पर्दछ भन्ने कुरामा आफै सचेत हुन सक्छन् ।

यहाँ दिलीप शमशेर राणाले व्यावसायिक रूपमा गाई पालन गरेका रहेछन् । यसरी नै अरूले पनि कुनै न कुनै व्यवसाय गर्ने हो भने जीवनस्तर मा परिवर्तन आउँछ । यस क्षेत्रको विकास हुन सक्ने कुरामा विश्वास गर्न सकिन्छ । अल्पकालीन तथा दीर्घकालीन विकासको खाका तयार पारी समग्र गैडाकोट नगरपालिकाको एकीकृत विकास गरी नमूना नगरपालिका बनाउन सकिने देखिन्छ । बेलामौकामा स्थानीय संस्कृति प्रतिबिम्बित हुने खालका कार्यक्रम गरी अर्थ सङ्कलन गरेपनि यस क्षेत्रको उचित विकास गर्न सकिने

सम्भावना देखिन्छ ।

८. निष्कर्ष

लुम्बिनी अञ्चल, नवलपुर जिल्लाको पूर्वदक्षिणमा अवस्थित पितौजीघाट पूर्वपश्चिम राजमार्ग सञ्चालन नहुँदासम्म चितवन र नवलपुरमा वारपार गर्ने घाटको रूपमा सञ्चालनमा आए पनि हाल ओझेलमा पर्दै गएको छ । पितौजीघाटलाई नै सङ्केत गरेर लेखिएका सामग्री पुराण तथा इतिहासका सन्दर्भ अझै अन्वेषणीय नै छन् । यस घाटका निकटवर्ती तीर्थस्थल, घाट, पुरातात्त्विक अवशेष, पीताम्बरसँग सम्बन्धित भएको कुरा सान्दर्भिक जस्तो देखिन्छ । नारायणी नदीको तटमा अवस्थित यस पवित्र स्थलमा धार्मिक, सांस्कृतिक गतिविधि सञ्चालन गरी पर्यटक भित्र्याउन सकिने भए तापनि स्थानीय सचेत नभएकाले पर्यटक आर्कषित गर्ने कार्यक्रम, दर्शनीय स्थल केही त्यस्तो सम्पन्न गर्न सकेको पाइएन । धार्मिक आस्था भएका आफ्ना पूर्वजले बनाएका मन्दिरको समेत उचित संरक्षण, मर्मतसम्भार, व्यवस्थापन र सञ्चालन गर्न नसक्नु, मन्दिरका नाममा रहेको जग्गा अन्य संस्थाले विक्रीवितरण गर्नु, अन्य प्रयोजनका लागि मन्दिरको जग्गा विक्री गरेको रकम खर्च गर्नु आदि गतिविधिहरू मन्दिरको विकासका अवरोधक तत्त्वहरू हुन् । यस क्षेत्रको विकास र उन्नतिका लागि स्थानीय जनताको सकारात्मक सोच र सक्रियताको आवश्यकता देखिन्छ । सबै मिलेर यस क्षेत्रको विकासमा अग्रसर हुने हो भने घाट, मन्दिर, बस्तीसमेत उदाहरणीय बन्न सक्ने विश्वास गर्न सकिन्छ ।

सन्दर्भस्रोत

घिमिरे, विष्णुप्रसाद (वि.सं.२०५६), पाल्पा राज्यको इतिहास भाग २, चितवन : अध्ययन केन्द्र ।

श्रीमद्भागवतमहापुराण, (वि.सं.२०६५) गोरखपुर : गीताप्रेस ।

सूरि, काशीराम (वि.सं.२०५५), गण्डकीमाहात्म्य, अनु.टीकाराम अधिकारी, दाङ : म.सं.वि.।

लेखकको अवलोकन भ्रमण

सम्बन्धित व्यक्तिहरूबाट प्राप्त जानकारी ।

✡✡✡✡

गजेन्द्रमोक्ष धाम

चक्रपाणि उपाध्याय[1]

१. परिचय

नेपाल बहुजातीय , बहुभाषीय र बहुधार्मिक विशेषताले भरिएको देश हो । यहाँ विभिन्न धर्म,सम्प्रदाय, पन्थ र विचारसँग जोडिएका मानिसहरू एक आपसमा मिलेर बसेका छन् । यहाँ धार्मिक सहिष्णुताको राम्रो सामञ्जस्यता देख्न पाइन्छ । नेपालमा बसोबास गर्ने समुदायमा सनातन धर्मावलम्बी (आर्य) हरूको संख्या सबैभन्दा बढी रहेको छ । वि.सं. २०६८ सालको जनगणनाअनुसार आर्य ८१.३ प्रतिशत, बौद्ध ९ %, इस्लाम ४.४ किराँत ३.१, क्रिश्चियन १.४ र ०.९ प्रतिशत अन्य धर्मावलम्बी रहेका छन् । आर्य , बौद्ध र किराँत धर्मका अनुयायीहरू बीच प्राचीनकालदेखि नै अन्तरसम्बन्ध रहेको पाइन्छ । यिनीहरूको उद्‌भव र विकासमा एकरूपता र नेपालीपन रहेको पाइन्छ (केन्द्रीय तथ्याङ्क विभाग २०६८) । स्वामी प्रपन्नाचार्य, जगमान गुरुङजस्ता विद्वान्‌हरूले यस विषयलाई प्रामाणित गरिसक्नुभएको छ ।

परापूर्वकालदेखि नै आध्यात्मिक ज्ञानको ज्योति जगाउन र शान्तिको खोजीमा हिँडेका ऋषि-महर्षि, साधु-सन्त, महापुरुषहरू पवित्र नदी र गुफामा साधनारत रहेको कुरा प्राच्य धार्मिक ग्रन्थहरूमा वर्णित छन् । भगवान् विष्णुको गण्डबाट उत्पत्ति भएर दामोदरकुण्ड, मुक्तिक्षेत्रदेखि आएकी पवित्र गण्डकी नारायणी नदी यहीँ छन् । गजराज हात्ती र ग्राह (गोही) बीच लडाइँ भएको गजग्राह क्षेत्र यहीँ छ । महर्षि वाल्मीकिको साधनास्थली र संस्कृत साहित्यको पहिलो महाकाव्य रामायणको सिर्जना गरिएको ठाउँ यही त्रिवेणी क्षेत्र हो । कालीगण्डकी किनारका पावन तीर्थस्थलहरू मध्ये नवलपुर जिल्लामा पर्ने त्रिवेणीधाम महत्त्वपूर्ण तीर्थस्थल हो । यस लेखमा यही तीर्थस्थलका सम्बन्धमा प्रकाश पार्ने प्रयास गरिएको छ ।

२. भौगोलिक अवस्थिति

तीन नदीको सङ्गम भएको स्थानलाई त्रिवेणी भनिन्छ । त्रिवेणीधाम त्रिकूट पर्वतको बीच भागमा अवस्थित छ । एउटा स्वर्णस्वरूप

१. लेखक त्रिभुवन विश्वविद्यालय वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरका सहप्राध्यापक हुनुहुन्छ ।

अर्को रजतस्वरूप तेस्रो ताम्रस्वरूप पर्वत मानिन्छ। त्यसै गरी यहाँ स्वर्णभद्रा, पूर्णभद्रा र नारायणी तीन नदी पनि छन् । यसरी नदी र तीन पर्वतको सन्दर्भबाट यो क्षेत्र त्रिवेणी बन्न पुगेको छ। त्रिवेणी नाम गरेका स्थानहरू नेपाल र भारतका विभिन्न ठाउँमा रहेका छन् । नेपालमा केही नगरपालिका र गाउँपालिकाको नामसँग त्रिवेणी शब्द जोडिएर आएको निर्वाचन आयोगको विवरणमा देख्न सकिन्छ । यहाँ चर्चा गर्न लागिएको त्रिवेणी नवलपुर जिल्लामा अवस्थित स्वर्णभद्रा, पूर्णभद्रा (सोना र तमसा नदी) नारायणी नदीको सङ्गममा रहेको पौराणिक कालदेखिकै पुण्यतम क्षेत्र हो।

नेपालको गण्डकी प्रदेशअन्तर्गत नवलपुर जिल्लाको दक्षिण कोणमा रहेको त्रिवेणीधाम पहिले त्रिवेणी सुस्ता गा.वि.स. मा पर्थ्यो भने वि.सं. २०७३ को नयाँ संरचनाअनुसार विनयी त्रिवेणी गाउँपालिका ६ मा पर्दछ। भारतको विहारसँग यस धामको सिमाना जोडिएको छ। विभिन्न नदीनाला एवम् ताल-तलैयाहरूलाई आफूमा समाहित गराउँदै प्रवाहित भएर आएकी नारायणी नदीको मिलन स्वर्णभद्रा र पूर्णभद्रा नदीसँग भएर त्रिवेणी नामकरण हुन्छ। नेपाल र भारतका विभिन्न ठाउँमा भएका त्रिवेणीहरूमध्ये यसको विशेष महत्त्व रहेको छ।

त्रिवेणीधाममा प्राचीन मठ मन्दिर, धर्मशाला, घाटहरू रहेका छन्। यस धामले पुरातन महत्त्व बोक्नुका साथै बिस्तारै आफूलाई आधुनिकीकरणतर्फ अगाडि बढाइरहेको छ । पूर्व-पश्चिम राजमार्गअन्तर्गत बर्दघाटबाट २७ कि.मि. पूर्वोत्तर कोणमा अवस्थित त्रिवेणीधाममा यातायातका साधनबाट पुग्न सकिन्छ। यो धाम नेपाली र भारतीय सनातन धर्मावलम्बीहरूको लागि पवित्र तीर्थस्थलका रूपमा रहेको छ।

३. पौराणिक सन्दर्भ

त्रिवेणीधामको वर्णन श्रीमद्भागवतमहापुराण, वाराहपुरण, स्कन्द-पुराण, पद्मपुराण आदिमा भेटिन्छ। त्रिवेणीधामको सम्बन्ध कालीगण्डकीसँग जोडिएको छ । कालीगण्डकी उत्पत्तिका विषयमा विभिन्न कारण दिइएको पाइन्छ । पौराणिक ग्रन्थहरूमा भगवान् विष्णुको गण्डस्थलबाट आएको पसिनाबाट गण्डकीको उत्पत्ति भएको उल्लेख छ (वाराहपुराण १४४/९२-

९४)। पुराणहरूमै गण्डऋषि (गण्डर्षि) को नामबाट गण्डकी रहेको हो भन्ने कथन पाइन्छ। अर्को मान्यताअनुसार गौरी देवीको शरीरका विभिन्न अङ्गबाट आएको पसिनाबाट गण्डकीको उत्पत्ति भएको कथन पनि पाइन्छ -

सर्वदेवमयो विष्णुः सर्वतीर्थमयी च सा ।
गौरीस्वेदोद्भवा स्नानात्कोटितीर्थगुणं फलम् ।।

(मुक्तिक्षेत्रमाहात्म्य पृ.२२ श्लो. ७०)।

त्रिवेणीधाम र गजग्राहका पौराणिक विषयलाई विभिन्न पुराणहरूले आ-आफ्नै ढङ्गले उल्लेख गरेका छन्। तीमध्ये वाराहपुराणमा यस्तो वर्णन गरेको भेटिन्छ -

पुरा वेदनिधेः पुत्रौ जयो विजय एव च।
मरुत्तेन कदाचित्तावाहूतौ कुशलौ द्विजौ ।।
राज्ञा समाप्तयज्ञेन पूजयित्वा पुरस्कृतौ ।
दक्षिणाभिस्तोषयित्वा विसृष्टौ गृहमागतौ ।।
विभागं कर्तुमारब्धौ पस्पर्धाते परस्परम् ।
समो विभागः कर्तव्य इति ज्येष्ठोऽभ्यभाषत ।।
विजयाश्चाब्रवीच्चैनं येन लब्धं हि तस्य तत् ।
जयोऽब्रवीदसामर्थ्यं मन्वानो मां ब्रवीषि किम् ।।
न ददासि गृहीत्वा यत्तस्माद् ग्रहत्वमाप्नुहि ।
विजयोऽप्यब्रवीन्, नूनमधीभूतोऽसि किं धनैः ।।
गजो भव मदान्धस्त्वं मामेवं किं प्रभाषसे ।
एवम् तौ ग्राहमातङ्गौ अभूतां शापतस्पृथक् ।।
गण्डक्यामेव सञ्जातः ग्राहः पूर्वस्मृतिद्विजः ।
त्रिवेणीक्षेत्रमध्ये तु जयोऽभूद्वै महागजः ।।
करिशावैर्गजाभिश्च क्रीडमानो वने वसन् ।
बहून्यब्दसहस्राणि व्यतीतानि तयोस्तदा ।।

(वाराहपुराण १४४/११४-१६, १९-२५)।

अर्थात् प्राचीन समयमा वेदनिधि नाम गरेका ब्राह्मणका जय विजय नाम गरेक दुई भाइ छोरा थिए। मरुत् नाम गरेका राजाले यज्ञमा दिएको दक्षिणा

बाढ्ने विषयमा विवाद हुँदा दाजु जयले भाइलाई ग्राह बन्ने सराप दिए भने भाइ विजयले पनि दाजु जयलाई गज (हात्ती) बन्ने सराप दिए । एकले अर्कालाई सराप दिएपछि जातीय शत्रुभई ती दुवै गण्डकीमा र त्रिवेणीक्षेत्रमा जन्मे । एक दिन जलविहार गर्न सपरिवार गण्डकीमा गएको बेलामा पूर्व जन्मको विरोधले प्रेरित गोहीले हात्तीको खुट्टामा जोडले समात्यो र पानीभित्र तान्यो । यहीं क्षेत्रलाई नै गजग्राह भनिन्छ । अहिले पनि त्यहाँ हात्तीका पदचिन्ह्न देख्न सकिन्छ ।

यी दुवै ठाउँले धार्मिक तथा ऐतिहासिक महत्त्व बोकेका छन् । श्रीमद्भागवतमहापुराण, वाराहपुराण र स्कन्दपुराणमा त्रिवेणी, गजग्राह र शालिग्राम क्षेत्रको वर्णन भेटिन्छ । पानी पिउन आएको गजराजको खुट्टामा ग्राहले आक्रमण गरेपछि यी दुवै बलशाली प्राणीबीच युद्ध सुरु भयो । यो युद्ध धेरै समय चल्यो । त्रिवेणीबाट सुरु भएको लडाइँ सयौं कोस टाडा हरिहर-क्षेत्र पुग्दासम्म नसकिएको र जीवनदेखि हार खाएको गजराजले वैकुण्ठबासी विष्णुलाई आर्तपुकार गरेपछि विष्णुले रक्षा गरेको कुरा विभिन्न पुराणहरूमा उल्लेख छ । यही सन्दर्भलाई श्रीमद्भागवतमा यसरी वर्णन गरिएको छ -

सोऽन्तस्सरस्युरुबलेन गृहीत आर्तो, दृष्ट्वा गरुत्मति हरिं ख उपात्तचक्रम् ।
उत्क्षिप्य साम्बुजकरं गिरमाह कृच्छ्रान्नारायणाखिलगुरो भगवन् नमस्ते ।।

(श्रीमद्भागवत, ८/३ / ३२) ।

नदीभित्र बलशाली गोहीले समाती त्यसबाट छुटकारा पाउन नसक्दा ज्यादै दुःखित भएका गजराजले आकाशमा गरुडका पीठमा सवार हातमा चक्र उठाउनु भएका श्रीहरिलाई देखेर गजराजले आफ्नो सुँडमा कमलको फूल राखी ज्यादै कठिनाइले माथि उठाएर मेरो रक्षा गर्नुहोस् म तपाईंको चरणमा शरण परें भनी आर्तपुकार गरे । यस्तो सङ्कटमा परेका गजराजलाई भगवान् विष्णुले रक्षा गरेको पौराणिक प्रसङ्गसँग यो ठाउँ जोडिएकाले यसको महत्त्व बढेको हो ।

४.धार्मिक र सांस्कृतिक महत्ता

त्रिवेणीधामको धार्मिक महत्त्व दर्शाउने प्रमुख पक्ष कृष्णनदी अर्थात् कालीगण्डकी नै हुन् । यिनै नदीको महत्त्वसँग जोडिएर गजग्राह, वाल्मीकि

आश्रम, जटेश्वर लगायतका मठमन्दिरहरू स्थापित भएका हुन् । आदिकवि महर्षि वाल्मीकिको पवित्र आध्यात्मिक धाम, गज र ग्राह लडाइँमा भगवान् विष्णुले गजराजको उद्धार गरेको गजेन्द्रमोक्षधाम, यसै क्षेत्रमा शिलास्वरूप सबै भक्तजनलाई सबै प्रकारका दुःख-कष्टबाट मुक्ति दिलाउने शालिग्राम भगवान् रहनुहुनाले पनि यसको धार्मिक महत्त्व बढेको हो ।

त्रिवेणीधाममा लाग्ने विभिन्न मेलामध्ये माघे औँसीको सबैभन्दा ठूलो मेला हो । यो मेला पहिले छ महिनासम्म चल्थ्यो । व्यापार-व्यवसाय पनि राम्रो हुन्थ्यो । नेपाल र भारतका विभिन्न स्थानबाट त्रिवेणीमा स्नान, दान, अन्नप्राशन, चूडाकर्म, कर्णवेध, उपनयन (व्रतबन्ध), विवाह गर्न एवम् श्राद्ध, पितृतर्पण, लगायतका संस्कार गर्न तथा योग-ध्यान, सत्यनारायणको पूजा गर्न एवम् ग्रहण, बोलबम, चैते वारुणी र विशेष चाडपर्वमा श्रध्दालु भक्तहरू ठूलो संख्यामा आउँछन् । यसमा भारतीय तीर्थयात्रीहरूको उपस्थिति बढी देखिन्छ।

त्रिवेणीधामको अर्को सांस्कृतिक महत्त्व मसानघाट हो । नेपाल र भारतका सनातन धर्मावलम्बीहरूको नारायणी नदीप्रतिको आस्था र विश्वास प्राचीन समयदेखि अहिलेसम्म यथावत् रहेको पाइन्छ । नेपाल र भारतका दूरदराजका ठाउँबाट त्रिवेणीघाटमा नै ल्याएर आफन्तको अन्तिम संस्कार गर्दा स्वर्गमा नै वास हुन्छ भन्ने जनविश्वास रहिआएको पाइन्छ। प्रस्तुत सन्दर्भमा त्रिवेणीधामसँग जोडिएका धार्मिक, सांस्कृतिक महत्त्वका मठ, आश्रम र देवालयहरूको चर्चा गरिन्छ -

४.१ वाल्मीकि आश्रम

त्रिवेणीधामका धार्मिक, ऐतिहासिक र पौराणिक महत्त्वका दर्शन गर्न र जान्न योग्य ठाउँमध्ये वाल्मीकि (सीता) आश्रम एक हो । वाल्मीकि आश्रम चितवन राष्ट्रिय निकुञ्जभित्र पर्छ । त्रिवेणीबाट डुँगामा नारायणी नदी तरेर पूर्वतर्फ आधा घण्टा हिंडेपछि वाल्मीकि आश्रम पुग्न सकिन्छ भने अर्को बाटो प्रयोग गर्दा विहारको वाल्मीकि नगर (भैंसालोटन) भएर जान सकिन्छ ।

देवर्षि नारदका प्रभावबाट कवि बन्न पुगेका रत्नाकार डाँकु नै वाल्मीकि ऋषि हुन् भन्ने किंवदन्ती प्रसिद्ध छ । जसले संस्कृत साहित्यमा

पहिलो महाकाव्य रामायणको रचना गरे । वाल्मीकिले रामायणजस्तो महान् कृतिको रचना मात्र गरेनन् अपितु ती पात्रहरूसँग सहयात्रासमेत गरेको कुरा रामायणमा पढ्न पाइन्छ । वाल्मीकि ऋषिले रामायणको सिर्जना गरे पश्चात् वाल्मीकीय रामायणलाई मूल आधार बनाएर धैरै कवि कवयित्रीहरूले रामायणको रचना गरे । सीताले निर्वासित जीवन बिताएको ठाउँ र लवकुशले शिक्षा-दीक्षा लिएको ठाउँ यही नै हो । वाल्मीकि आश्रम ऐतिहासिक, धार्मिक र पुरातात्त्विक दृष्टिले ज्यादै महत्त्वपूर्ण मानिन्छ । आश्रम परिसरमा सीता पातालप्रवेश गरेको ठाउँ, अश्वमेध यज्ञमा रामले छोडेको घोडा लवकुशले समातेको ठाउँ, उनीहरूले पानी पिउने पुरानो इनार र कैयौं पुरातात्त्विक धार्मिक वस्तुहरू अवशेषका रूपमा यत्र-तत्र छरिएर रहेका छन् । सन् १९६५ मा नेपाल र भारतका पुरातत्त्वविद्को संयुक्त टोलीले उत्खनन गरेर वास्तविक वाल्मीकि आश्रम यही नै भएको प्रमाणित गरेको थियो । नेपालमा रहेको पौराणिक, धार्मिक र ऐतिहासिक महत्त्व बोकेको यो आश्रम एकपटक पुग्नैपर्ने र हेर्नैपर्ने स्थलका रूपमा रहेको छ ।

४.२ बालपुरी बाबा आश्रम

त्रिवेणीधामको पुराना आश्रममध्ये बालपुरी बाबाको आश्रम पनि एक हो । नेपालमा जङ्गबहादुर राणाको उदय हुनुपूर्व बालपुरी बाबाले यहाँ आश्रम बनाइसकेका थिए । त्रिवेणीमा रहेको आश्रम ८ बिघा क्षेत्रफलमा फैलिएको छ । बालपुरी बाबाका नेपाल र भारतमा गरी ५२ धुनी अर्थात् आश्रम थिए । अधिकांश आश्रमहरू भारतमा नै रहेका पाइन्छन् । नेपालमा भएका आश्रमहरूमध्ये यो मुख्य आश्रम हो । यस आश्रमलाई बालपुरी बाबादेखि अहिलेसम्म १५ जना महन्तहरूले संरक्षण गरिसकेका छन् । यस कारण यो आश्रमको ऐतिहासिक महत्त्व बढेको छ ।

हालको त्रिवेणी बजारमा त्यसबेला नारायणी नदी बग्दथिन् । त्यहीं बसेर तपस्या गर्दा बाबालाई बालुवाले पुरेको हुँदा उनको नाम बालपुरी बाबा रहन गएको हो भन्ने वर्तमान महन्त मनराज पुरीको भनाइ छ । बालपुरी बाबाले ५२ धुनी जगाएका थिए । ती धुनी भारत र नेपालका विभिन्न ठाउँमा थिए । उनले ती सबै आश्रममा बिहान ६ बजेदेखि साँझ ६ बजेसम्म आफैं

पुगी पूजा-अर्चना गर्थे । उनी तन्त्र-मन्त्र साधना गरेका सिद्धयोगी थिए । भारतको जुना अखडासँग यो आश्रमको परम्परा जोडिएको छ । विगतमा ५२ स्थानमा आश्रम रहे पनि समय परिवेशले गर्दा अहिले त्रिवेणी, भैरहवा, सिसवाबजार, दुधौली, पिपरा, चितवन, बराट, छिपनी, स्याङ्जाको काफलडाँडा, आदि स्थानमा रहेका छन् । यस आश्रमको महन्त संन्यासी , साधु , ब्रह्मचारी हुने परम्परा छ ।

त्रिवेणीमा अहिले पनि बालपुरी बाबाले धुनी जगाउने स्थानलाई सुरक्षित राखिएको छ । उनका बारेमा धेरै किंवदन्तीहरू सुन्न पाइन्छन् । जङ्गबहादुर राणा चितवनमा सिकार खेल्न आउँदा एउटा पनि सिकार भेटेनछन् । यस विषयमा बुझ्दा केही सज्जनहरूले बालपुरी बाबाको शक्तिले यस्तो भएको हो भनेर सुनाएछन् । उनले आफ्ना सैनिकलाई त्रिवेणी गएर बाबालाई आफ्ना हजुरमा उपस्थित गराउन आदेश दिएछन् । ८/१० जना उच्च सैनिक अधिकारी त्रिवेणी आई बाबालाई भेटेर महाराजले तपाईंलाई चितवनमा बोलाउनु भएको छ जाऔँ भनेछन् । बाबा ल म आएँ भन्दै कोठाभित्र पसेछन् । बाबा दिनभरि नै कोठाबाट ननिस्के पछि ती सैनिक हैरान भएर चितवन जङ्गबहादुरको शिविरमा फर्केर उनलाई बेलिबिस्तार सुनाएछन् । उनले बाबा आएर गैसके भनेपछि सबै आश्चर्यमा परेछन् । बालपुरी बाबा र जङ्गबहादुरका बीचमा नारायणी नदी तर्ने कुरामा होड नै चलेछ । जङ्गबहादुर घोडा चढेर नारायणी नदी पार गरेछन् भने बालपुरी बाबा खराउ लगाएर नारायणी नदी पार गरेका जस्ता जनश्रुतिहरू अद्यापि प्रसिद्ध छन् ।

(मनराज पुरी र डम्बरकुमारी खड्का)।

४.३ श्रीलक्ष्मीवेङ्कटेश मन्दिर

श्रीलक्ष्मीवेङ्कटेश मन्दिर त्रिवेणीधामको एउटा दर्शनीय स्थल हो । ताप्लेजुङ जिल्लाको प्रेमजुङ गाउँमा वि.सं.१९७५ साल वैशाखमा जन्मिएका मधुसूदनाचार्यले वि.सं. २००८ सालमा त्रिवेणीधाममा आई वि.सं. २०१२ र २०२० मा मन्दिर निर्माण गरी वैदिक विधिअनुसार आराध्यदेव भगवान् लक्ष्मीवेङ्कटेशको प्राणप्रतिष्ठा गरेको पाइन्छ । स्वामीजी आबाल ब्रह्मचारी एवम् शक्तिशाली हुनुका साथै परोपकारी, दयालु र विनयभावका खानी

पनि हुनुहुन्थ्यो । स्वामीजी सनातन वैदिक धर्म-संस्कृतिका अध्येता एवम् अनुयायी हुनुहुन्थ्यो । उहाँले **मठच्छात्रादिनिलयम्** भन्ने उक्तिलाई चरितार्थ गर्दै आफ्नो आश्रममा ३०-४० जना विद्यार्थीलाई आवास र भोजन-वस्त्र आदिको व्यवस्थाका साथ स्वयं शिक्षक बनेर वेद, व्याकरण, ज्योतिष, गणित साहित्य आदि विषय अध्यापन गराउनुहुन्थ्यो । वि.सं. २०२५ पूर्व लगभग एक बिघामा फैलिएको मन्दिर परिसर गण्डक योजनाले तटबन्ध निर्माण गरे पछि १० कठ्ठा क्षेत्रफलमा साघुँरिएको छ । तत्कालीन समयमा यस आश्रममा रहेर अध्ययन गरेका विद्यार्थीहरू देशविदेशमा रही सम्मानित जीवन निर्वाह गरिरहेका छन् ।

उहाँले मठको गरिमा र महिमालाई अभिवृद्धि गर्न सक्ने शिष्य स्वामी माधवाचार्यलाई वि.सं. २०३८ सालमा उत्तराधिकारी बनाउनु भएको थियो । वि.सं. २०५५ सालमा स्वामी मधुसूदनाचार्यको वैकुण्ठबासपछि मठाधीश भएर स्वामी माधवाचार्यले कथा-प्रवचनका माध्यमबाट नेपाल र भारतमा रामानुज श्रीसम्प्रदायको श्रीवृद्धिमा महत्त्वपूर्ण योगदान दिनु भएको थियो । उहाँ ६० वर्षकै उमेरमा वि.स.२०७४ कार्तिक १५ गते वैकुण्ठबासी भएपछि अहिले यस आश्रममा चक्रपाणि आचार्य मठाधीश हुनुहुन्छ (राजेन्द्र काफ्ले) ।

४.४ नागाबाबा कुटी आश्रम

नागाबाबा कुटीको स्थापना वि.सं. १९८० सालमा लक्ष्मीनारायण दास वैरागी नागाबाबाले गर्नुभएको हो । उहाँ रामानन्दाचार्य सम्प्रदायसँग सम्बन्धित हुनुहुन्थ्यो । उहाँको परम्परा पिण्डोरीधाम गुरदासपुर, पञ्जाबसँग जोडिएको छ । यो आश्रम रामानन्द सम्प्रदायको ३६ औं शाखाअन्तर्गत पर्दछ । यस संस्थाको मुख्य उद्देश्य सनातन धर्मको रक्षागर्नु रहेको बताइएको छ । यस मठका शाखाहरू नेपालभन्दा भारतका सिसवाबजार, निचलौल / ठुटिबारी लगायतका ठाउँमा छन् । १० कठ्ठा क्षेत्रफलमा फैलिएको मन्दिर परिसरमा धर्मशाला, यज्ञशाला,गौशाला, पाकशाला आदि पक्की भवन निर्मित छन् । तीन नदीको पवित्र सङ्गम भएको यो स्थानमा लक्ष्मीनारायणदास बाबाले ४० वर्षको उमेरमा आएर आश्रम निर्माण गर्नुभएको

थियो । बाबाको ११३ वर्षको उमेरमा स्वर्गारोहण भएको थियो । बाबाले ७३ वर्षसम्म यहाँ रहेर धार्मिक र सामाजिक उत्थानमा आफूलाई समर्पित गर्नुभएको थियो । आश्रम परिसरभित्रै बाबाको समाधिस्थल बनाइएको छ । आश्रममा रामनवमी, शिवरात्रि, माघेऔंसी र जन्माष्टमीमा रथयात्रा तथा भण्डारा गरेर विशेष रूपमा यी पर्वहरू मनाइन्छ भने गुरुपूर्णिमा, हरिबोधनी एकादशी, वसन्त पञ्चमी, साउनको बोलवम, चैत्र वारुणी पर्व पनि हर्षोल्लासपूर्वक मनाइन्छ । अहिले यस आश्रमका महन्त बालकदास र उत्तराधिकारी केशवदास हुनुहुन्छ (महन्त बालकदास) ।

४.५ शिवालय मन्दिर

त्रिवेणीधामको अर्को महत्त्वपूर्ण स्थान शिवालय हो । पाल्पा घर भएका काठमाडौं निवासी कप्तान बखानसिंह बस्नेतले यो शिव मन्दिर बनाएको भनिन्छ । यसको स्थापनाको पछाडि रोचक प्रसङ्गहरू छन् । उनी बेतिया खुम्न जाँदा एक जना जमिन्दारसँग भेट भएको र ऊसँगको मित्रताको प्रभावले समयसमयमा आउनेजाने क्रम हुने गरेको यसै क्रममा एकपटक जुवा खेल्दा बखान सिंहले सुन-चाँदीसहित लाखौं रुपियाँ जितेर बेतियाबाट बयलगाडामा जटाशङ्कर हुँदै नारायणी नदी पारिसम्म ल्याए । त्यसपछि डुँगामा राखेर नदीका बीचमा पुग्नै लाग्दा डुँगा डुब्न लाग्यो । बखानसिंहले भगवान् शिवको प्रार्थना गर्दै यो डुँगा सकुशल पारि जुन ठाउँमा रोकिन्छ म त्यहीं तपाइँको विशाल मन्दिर बनाउने छु भनी भाकल गरेकाले सोही ठाउँमा भोलेशङ्करको विशाल मन्दिर र त्यसैको नजिक पाँच तले नेपाली शैलीको दरबार तथा धर्मशाला बनाएका थिए ।

नेपाली शैलीका झ्याल-ढोकाले सुसज्जित त्यो पाँच तले भवन उनको छोराको पालामा भुताहा घरमा परिणत भयो । त्यो घरमा मान्छे बस्न छाडेर खण्डहरमा परिणत भयो र त्यसमा प्रयोग भएका कलात्मक बहुमूल्य झ्यालढोका चोरी भए । बाँकी रहेको अवशेष तत्कालीन गाउँ पञ्चायतले उपयोगमा ल्याई गेष्ट हाउस बनायो । अहिले कप्तान बखानसिंहको कीर्ति शिवालयबाहेक अरू केही छैन । शिवालयको सन् १९७७ मा भारत महाराजगंज, मिस्रौलिया निवासी चन्द्रशेखर मिश्रले जिर्णोद्धार गरेको कुरा

मन्दिरमा राखिएको शिलामा उल्लेख छ (सुकै कुर्मी र उपेन्द्रकुमार जोशी)।

४.६ बद्रीनारायण मन्दिर

श्रीवैष्णव सम्प्रदायका अनुयायी स्वामी श्रीनिवासाचार्यबाट यस मन्दिरको निमार्ण भएको हो। रामेछाप जिल्लामा मूल पुर्खा भएका श्रीनिवास बरालद्वारा लक्ष्मी वेंकटेश मन्दिरका महन्त स्वामी मधुसूदनाचार्यका सहयोग र सान्निध्यबाट प्रभावित भई यस मन्दिरको निर्माण गरिएको हो भन्ने भनाइ छ। आजीवन भगवद् भक्तिमा लाग्नुभएका श्री स्वामीजी प्रखर पुराणवक्ता हुनुहुन्थ्यो। उहाँले पुराण प्रवचनका बलमा मन्दिर निर्माण गरी भगवान् बद्रीनारायणको पूजाअर्चनाका साथ वेद-व्याकरणको अध्यापन, साधु सज्जनको सेवाजस्ता कार्यमा उन्मुख स्वामीजीको यस आश्रमले त्रीवेणीधामको आध्यात्मिक वातावरणलाई जीवन्तता दिएको थियो। उहाँले जीवनको उत्तरार्धमा स्वामी कमलनयनाचार्य मुक्तिनाथबाबालाई (वि.सं.२०४२) उत्तराधिकार सुम्पनुभई वैकुण्ठबासी हुनुभएको हो। राष्ट्रसन्त स्वामी कमलनयनाचार्यले जीर्णोद्धार गरी धर्मशाला गौशालासमेत सञ्चालनमा ल्याउनुभएको यो आश्रम त्रीवेणीधामको एउटा प्रमुख दर्शनीय स्थल बनेको छ (करपात्री स्वामी)।

४.७ गजेन्द्रमोक्ष दिव्यधाम

गजेन्द्रमोक्षधाम त्रिवेणीको प्रमुख गन्तव्य क्षेत्र हो। पौराणिक महत्त्व बोकेको यस ठाउँको पहिचान गरी स्वामी कमलनयनाचार्यले वि.सं. २०५४ सालदेखि नै यसलाई बृहत्तर विकासमा अगाडि बढाएको देखिन्छ। यो ठाउँको धार्मिक, पौराणिक, ऐतिहासिक महत्त्व त छँदै थियो भने समयानुकूलको पर्यटकीय स्थलका रूपमा विकसित हुँदै जाँदा यो ठाउँ सनातन वैदिक धर्मावलम्बीहरूको मात्र नभएर आन्तरिक तथा बाह्य पर्यटकहरूको समेत आकर्षको केन्द्र बनेको छ। हाल १६ करोड रूपैयाको लागतमा भव्य मन्दिर निर्माण भएको छ। यस मन्दिरमा दक्षिण भारतीय र नेपाली शैलीको अनुपम वास्तुकला र स्थापत्यकलाको बेजोड संमिश्रण देख्न सकिन्छ। यस परिसरमा लक्ष्मीनारायण मन्दिर, गजेन्द्र मोक्ष मन्दिर, सिसमहल, संस्कृत विद्यालय, छात्रावास, अतिथि गृह, गौशाला , बगैंचा आदि बनेका

छन् । स्वामी कमलनयनाचार्यको अध्यात्मप्रेम, नेपालका तीर्थस्थलहरूको विकासको अवधारणा एवम् यस क्षेत्रको बृहत् गुरुयोजनालाई साथ दिँदै नेपाल सरकारले वि.सं. २०७३ सालमा धार्मिक क्षेत्र विकासका निमित्त यहाँ जग्गा उपलब्ध गराएको छ । यस आश्रममा साधुसन्तहरूका साथै सयभन्दा बढी विद्यार्थीहरूलाई निःशुल्क आवासीय व्यवस्था गरिएको छ ।

गजेन्द्रमोक्षधाम परिसर

सिसमहल यहाँको आकर्षणको मुख्य केन्द्र हो । नेपाल र भारतका लाखौं मानिस दर्शनका लागि यहाँ आउने गर्छन् । दैनिक ५ सय र विशेष मेला र पर्वमा ५ हजारसम्म दर्शनार्थी आउने गरेको तथ्याङ्क छ (करपात्री स्वामी) ।

४.८ जटाशङ्कर मन्दिर

यो मन्दिर त्रिवेणीधामको पारिपट्टि भारतीय भूभागमा जङ्गलको बीचमा रहेको छ । ऐतिहासिक महत्त्व बोकेको यस मन्दिरमा जान त्रिवेणीबाट डुङ्गामार्फत् वा नारायणी पुल पार गरेर वाल्मीकिनगर हुँदै जान सकिन्छ । यो क्षेत्र विहार सरकारको बाघ संरक्षण परियोजनाको सघन वन क्षेत्रमा पर्ने भएकाले ज्यादै संवेदनशील भागमा पर्छ । यहाँ धर्मशाला, गौशाला र साधनास्थलहरू रहेका छन् । तीन सय वर्ष पुरानो मन्दिर र यसैको प्राङ्गणमा रहेका दुई सय पुरानो वटवृक्ष सबैको जिज्ञासा र आकर्षणको केन्द्र रहेको छ (महन्त नागेन्द्र पुरी) ।

४.९ कौशलेश्वर महादेव मन्दिर

यो मन्दिर नारायणी नदीको किनार भारतीय भूभागमा पर्छ । ऐतिहासिक महत्त्व बोकेको यस शिव मन्दिरमा जान त्रिवेणीबाट डुङ्गा तरेर वा नारायणी पुलबाट वाल्मीकिनगर हुँदै पनि जान सकिन्छ। कमलेश्वर नाम गरेका जमिन्दार भक्तले बनाएको यस मन्दिरको इतिहास पनि पुरानै छ। यसका निर्माणकर्ता कौशल्या र कमलेश्वर सिंह पतिपत्नी हुन् उनीहरूको नामबाट नै कौशलेश्वर महादेवको नामकरण गरिएको छ (महन्त तपेश्वरदास)।

४.१० श्रीराम मन्दिर

यो मन्दिर त्रिवेणीको उत्तरतिर पर्छ। यो मन्दिर वि.स. २०२५ मा बनेको हो । वर्तमान महन्त रामदास हुन् । समाजसेवी अग्रदासले बनाएको पिण्डोरीधाम अखडा भारतसँग सम्बन्धित यो मन्दिर परासी राममन्दिरको शाखाका रूपमा रहेको छ । यस मन्दिरको रेखदेख परासीस्थित मन्दिरका महन्त र समितिले गर्ने गरेका छन् (राजेन्द्र काफ्ले)।

४.११ रामजानकी मन्दिर

स्वामी बजरङ्ग दासद्वारा यस मन्दिरको स्थापना भएको बताइन्छ । रामानन्द सम्प्रदायअन्तर्गत अयोध्या बडी छावनीसँग यसको परम्परा जोडिएको छ। वर्तमान समयमा यो मन्दिर स्थानीय यादव समाजद्वारा समिति निर्माण गरी सञ्चालन भएको छ। नारायणी नदी किनारमा अवस्थित पहिले अखण्ड होमकुण्ड भएको ठाउँमा मन्दिर स्थापना गरिएको छ । मूल मन्दिर मा रामजानकीको मूर्ति स्थापना गरिएको छ भने बाहिर प्राचीन अवशेष मूर्तिहरूलाई नयाँ ढङ्गबाट सजधजका साथ चतुर्बाहु विष्णु भगवान्, हनुमान्, वनदेवी, नागदेवता, तक्षक, कछुवा आदिका मूर्तिहरू राखिएका छन् (महन्त नारायणदास)।

४.१२ राधाकृष्ण मन्दिर

स्याङ्जा केलादीघाट राधादामोदर निम्बार्कपीठका पीठाधीश्वर श्रीभगवत्शरण देवाचार्यका शिष्य नरोत्तमशरण देवाचार्यबाट वि.सं. २०२१ सालमा स्थापित श्रीराधाकृष्ण मन्दिर, त्रिवेणीधामको नारायणी नदीको किनार मा पर्दछ । मन्दिर सञ्चालनका लागि चुँदी रम्घा तनहुँ निवासी विष्णुमाया

भक्तिनीद्वारा रूपौलियाअन्तर्गत फेंचुवा गाउँमा खेती योग्य ८ बिघा जमिन गुठका रूपमा राखिएको छ (महन्त हरिशरण देवाचार्य र रमाकान्त चापागाई)।

४.१३ लक्ष्मीनारायण मन्दिर

भारत दानापुरका स्थायी बासिन्दा श्रीवैष्णव सम्प्रदायका संन्यासी जीयर स्वामी कृष्णप्रपन्नाचार्य यस मन्दिरका संस्थापक हुन्। वि.सं. २०५० मा लक्ष्मीनारायण मन्दिर निर्माण गरी भगवान्को प्रतिष्ठापन गरिएको हो। जीयर कृष्णप्रपन्नाचार्य विद्वान्, परोपकारी र दयालु प्रकृतिका सन्त थिए। लगभग १० वर्ष गण्डकीतटमा साधना गरेर यहाँ बसेका उनी विभिन्न रोगले आक्रान्त बनेपछि यो मन्दिर लक्ष्मीवेङ्कटेश मन्दिरका महन्तलाई जिम्मा लगाएर आफ्नै जन्मस्थान फर्केको बुझिन्छ (स्वामी माधवाचार्य)।

४.१४ कृष्णप्रणामी मन्दिर

त्रिवेणीधाममा कृष्णप्रणामी मन्दिर पनि छ। कृष्णप्रणामीहरूको मुख्य तीर्थस्थल भारतको गुजरातस्थित जामनगर जिल्लाको नवलापुरीधाममा छ। आजभन्दा चार सय वर्ष अघि यस सम्प्रदायको स्थापना गुरु देवचन्द्रले गरेका हुन्। यसलाई अगाडि बढाउने काम उनका शिष्य प्राणनाथले गरे। उनीहरूको मान्यताअनुसार सबैभन्दा पहिले परमात्माको रूपमा अल्लाहको अवतार भएको हो र त्यसपछि दोस्रो अवतार कृष्णको भएको हो। उनीहरू ११ वर्ष ५२ दिन आयु भएका कृष्णको पूजा गर्दछन्। सबै धार्मिक ग्रन्थहरूको सार भएको यो सम्प्रदायको मूल ग्रन्थ तारतम हो। यो सम्प्रदायलाई निजानन्द वा परनामी नामले पनि चिनिन्छ। यो मन्दिर महन्त फलाहारी प्रेमदासले बनाएका हुन् (राजेन्द्र काफ्ले)।

४.१५ केउलानी देवी मन्दिर

केउलानी देवीको मन्दिर पौराणिक प्रसङ्गसँग जोडिएको छ। ग्राहग्रस्त गजेन्द्रलाई उद्धार गर्न आउँदा लक्ष्मीजी पनि भगवान् विष्णुका साथ आएकी र यसै ठाउँमा कमलको फूलको आसनमा केही समय विश्राम गरेकी हुनाले पहिले कमलनयनी पछि कमलानी र त्यसपछि अपभ्रंश हुँदै केउलानी भएको हो भन्ने भनाइ छ। त्रिवेणीको पुरानो स्वयम्भू (आफैं प्रकट) देवीका रूपमा परिचित केउलानी देवीको मन्दिरमा चैते दसैं, ठूलो दसैं र अन्य चाड-

पर्वहरूमा विशेष मेला लाग्ने गर्छ । यहाँ भाकल गर्ने र पूरा भएपछि पूजाआजा र बलि दिने गरेको देखिन्छ । यहाँ सबै समुदायका मानिसले पूजाआजा गर्ने गर्दछन् (रमाकान्त शर्मा चापागाई) ।

४.१६ रविदास मन्दिर

सन्त रविदास निर्गुण सन्त परम्पराका दार्शनिक कवि र समाजसुधारक पनि थिए । उनी मूर्तिपूजा र वैदिक परम्पराका विरोधी थिए । माथिल्लो जातका भनिएकाले अछुत जातको भनी गरेको थिचोमिछोका विरुद्ध उनले आवाज उठाए र निर्गुण सन्त परम्पराको थालनी गरे । उनका अनुयायीहरू भारत र नेपालको तराई क्षेत्रमा छरिएर रहेका छन् । महन्त कमलदासले यो मन्दिर बनाएका हुन् (राजेन्द्र काफ्ले) ।

४.१७ कोटिहोम

वैदिक संस्कृति र सभ्यताको संरक्षण एवम् संवर्धनमा सहयोग पुऱ्याउने उद्देश्यले नेपालका विभिन्न भागमा कोटिहोमको आयोजना गरेका योगी नरहरिनाथले त्रिवेणीधाममा पनि वि.सं. २०४२ मा कोटिहोमको आयोजना गरेका थिए । वि.सं. २०५० मा तत्कालीन जिल्ला प्रशासन कार्यालय नवलपरासीमा विधिवत् रूपमा दर्ता गरे पश्चात् यहाँ वि.स. २०५५ सालमा नर्मदेश्वर शिव पाञ्चायन मन्दिरको स्थापना गरिएको छ । गजेन्द्रमोक्ष दिव्यधाम जाने बाटोमा यो संस्था रहेको छ (रमाकान्त चापागाई) ।

४.१८ रामजानकी मन्दिर

यो मन्दिर मौनीबाबा र लट्टबाबाले वि.स. २०१० सालमा स्थापना गरेका हुन् । मौनीबाबा भारतको उत्तर प्रदेशको महाराजगंजमा जन्मेका थिए । रामानन्द सम्प्रदायसँग सम्बन्धित वैरागी बाबा निकै बलशाली र पहलवान् थिए । उनी वेङ्कटेश मन्दिरका महन्त मधुसूदनाचार्यका समकालीन थिए । पटनवार जातिसँग जोडिएको हुँदा उनको स्वर्गवासपछि शिष्यवर्ग र अनुयायीहरूले पटनवार रामजानकी मन्दिर नाम राखे । त्यसपछि मोहनदास बाबा यस मन्दिर का महन्त भएका थिए । यिनको शेषपछि सञ्चालक समिति गठन गरी दैनिक पूजाआजा चलाइएको छ (राजेन्द्र काफ्ले) ।

४.१९ गुप्ता रामजानकी मन्दिर

महन्त चौकिदास गुप्ताले वि.स. २०३९ सालमा यस मन्दिरको निर्माण गरेका हुन् । गुप्ता समुदायका भक्तहरूको सहयोगमा रामजानकी मन्दिर बनेको हो । यस मन्दिरको सञ्चालनमा तराईका विभिन्न क्षेत्र र भारतीय सीमावर्ती क्षेत्रमा रहेका गुप्ता समुदायले सहयोगीको भूमिका निभाएका छन् । यो मन्दिर त्रिवेणीको पूर्वोत्तर दिशामा गजेन्द्रमोक्षधाम जाने बाटोमा पर्छ (रमाकान्त चापागाई) ।

४.२० मदारबाबा स्थान

मदरबाबा स्थानसँग हिन्दू, मुस्लिम दुवैको आस्था र विश्वास जोडिएको देखिन्छ । यहाँ शिवरात्रिभन्दा १३ दिन अगाडि मदारबाबाको मेला लाग्न सुरु हुन्छ । यो मेला एक हप्तासम्म चल्छ । यहाँ आआफ्ना भाकल माग्न नेपाल र भारतका विभिन्न ठाउँबाट लाखौं श्रध्दालुहरू आउँछन् । त्यसमा पनि भारतीय हिन्दू-मुस्लिमहरूको बाहुल्यता देखिन्छ ।

सतीलाई विवाह गरेर ल्याएपछि शिवजीले पानी निकालेको ठाउँ सतीपतिबाट सतपति भएको कुरा स्थानीय बताउँछन् । अर्को गाउँ महलबारी माथिको तीन कि.मि. अग्लो डाँडोमा शिवजीको विवाहमा साथमा आएका भूत-प्रेत सहितका जन्तीहरूलाई त्यही पहाडमा बस्न लगाएको आफू पल्लो डाँडोमा सतीदेवीसँग बसेको र राति सतीलाई तिर्खा लाग्दा शिवजीले त्रिशूल गाडेर पानी निकाएको भनिएको सानो पोखरी अहिले पनि देख्न सकिन्छ । त्यसैले त्यस ठाउँलाई पहिले सतीपति र कालान्तरमा अपभ्रंश हुँदै सतपति भएको कुरा स्थानीय थारू समुदायका अगुवाहरू बताउँछन् । शिवजीको बिहेको जन्ती हेर्न आएका गाउँलेहरू ती भूत-प्रेत देखेर डराएको भोकाएका भूत-प्रेतले ती गाउँलेलाई आक्रमण गर्न लाग्दा शिवजी आएर बचाएकोले भूत-प्रेत लागेका, सन्तान नभएका, मानसिक रोगीहरू यहाँ आएर भाकल गरे पछि मनोकामना पूरा हुने गरेको किंवदन्ती छ ।

मुस्लिमहरूका अनुसार हजरत बदीउद्दीन कुतबुल मदारबाबा आज भन्दा छ सय वर्ष पहिला इरानबाट कैयौं देशको भ्रमण गर्दै यहाँ आएको र उनलाई महलबारी गाउँका तत्कालीन जमिन्दार माधव पंजियार र गुदरिया

गाउँका जमिन्दार शेरबहादुर अमात्यले महलबारी र चिल्लाकसी अर्थात् योग-साधना गर्नका लागि जमिन उपलब्ध गराएका थिए। बाबाले मानिसहरूलाई प्रायः सबै रोगको उपचारका लागि मदार (आँक) को दूध लगाउने सल्लाह दिन्थे । त्यसैले उनको नाम मदारबाबा रहन गएको हो भन्ने जनश्रुति छ । आँकलाई अरबी भाषामा मदार भनिन्छ। पछि ती बाबा बस्ने ठाउँलाई मदार स्थान भन्न थालियो । मदारका माध्यमबाट असाध्य रोग पनि निको हुन थाले पछि उनको प्रसिद्धि बढ्दै गयो र स्थानीय जमिन्दारले मदार स्थानको लागि डाँडामा जमिन उपलब्ध गराएको बुझिन्छ (रमाकान्त चापागाई, राजेन्द्र काफ्ले र अयोध्याप्रसाद ढकाल)।

५. पर्यटकीय विशेषता

धार्मिक र सांस्कृतिक महत्त्वले मात्र होइन पर्यटकीय दृष्टिकोणले पनि त्रिवेणीधाम गन्तव्यको केन्द्र बनेको छ । यहाँ धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्त्वका स्थलहरू प्रशस्त छन् ।

गजेन्द्रमोक्ष दिव्यधामको अवलोकन गर्न नेपालबाट मात्र होइन भारतबाट समेत ठूलो संख्यामा दर्शनार्थीहरू आउने गर्छन् । दिव्यधामको प्रथम प्रवेशमा नै आनन्दको अनुभूति हुन्छ। मनमोहक र अति नै सुन्दर सिसमहल, वनबाटिका, नवीन शैलीशिल्प बनेको गजेन्द्रमोक्षको दिव्य र भव्य मन्दिर यहाँ आउने सबैको आस्था, विश्वास र आकर्षणको केन्द्र बनेको छ । यहाँबाट नारायणी नदीको कञ्चन प्रवाहको दर्शन गर्न सकिन्छ। यहाँ गजेन्द्रमोक्ष सम्बन्धी विविध मूर्ति र चित्र राखिएका छन् ।

त्रिवेणीधामको अर्को गन्तव्य वाल्मीकि आश्रम हो । पौराणिक र ऐतिहासिक महत्त्व बोकेको यहाँ नपुगे यात्रा अपूरो र अधूरो ठहर्छ । शिवालयघाटबाट देखिने नारायणी नदीको मनोरम दृश्य, जटाशङ्कर महादेवको मन्दिरलगायत यहाँका अन्य मठमन्दिरहरू दर्शन गर्ने ठाउँहरू छन् । गण्डक सम्झौताको नामले चिनिएको गण्डक ब्यारेज पनि हेर्न लायक छ । यहाँ पर्यटकहरूलाई दृष्टिगत गरी होटल-लजहरू पनि बनेका छन् । त्रिवेणीधाम भविष्यमा धार्मिक पर्यटन क्षेत्रका रूपमा राम्रो गन्तव्य हुने प्रशस्त सम्भावना देखिन्छ ।

६. वर्तमान स्थिति

त्रिवेणीधाम प्राचीन धर्म संस्कृति र परम्पराको सङ्गम हो । समयले समाजमा पारेको प्रभाव यहाँ पनि रहेको पाइन्छ । आजभन्दा सय वर्ष अघिसम्म यो ठाउँ जङ्गल थियो । यहाँ बाघ-भालु लाग्थे । माघेऔंसीको मेलामा भारतीय पण्डा (पण्डित) ले छाप्रा बनाई धुनी बालेर यात्रुहरूलाई एकरात बस्ने व्यवस्था गर्थे । व्यापारी पनि भारतीय नै हुन्थे । मेला सकिएपछि यो ठाउँ सुनसान हुन्थ्यो । बिस्तारै धेरै भारतीय र थोरै नेपालीहरू बस्न थाले । भारतीयहरू साधु-सन्त, नागाबाबादेखि व्यापार-व्यवसाय गर्ने मानिस बस्थे भने नेपालीहरू साधु-सन्त र गृहस्थहरू बस्न थाले । यो ठाउँमा क्रमशः जनघनत्व बढ्दै गयो । व्यापार-व्यवसाय पनि फस्टाउँदै जान थाल्यो । ५० वर्ष अघिसम्म अर्थात् पूर्व-पश्चिम राजमार्ग निर्माण नहुँदासम्म नवलपुर र चितवनमा उत्पादित खाद्यान्न धान, मकै, तोरी, आलस, लत्तरी ठुल्ठुला डुङ्गा (पटरा) बाट यो ठाउँमा ल्याई गल्ला-मन्डी खडा गरिन्थ्यो भने पाल्पा र स्याङ्जाबाट सयौंको संख्यामा मगर, गुरुङहरूले डोका (डाकर) मा अदुवा, सुठो, बेसार, चुक-अमिलो, घिउ, सुन्तला बोकेर ल्याउँथे । ती सबै वस्तु भारतीय व्यापारीहरूले खरिद गरी ट्रक, ट्र्याक्टर र बयलगाडामा राखेर भारत लैजान्थे । त्यो बेला माघे औंसीमा लागेको मेला असार-साउनसम्म चल्थ्यो । भारतीय व्यापारीहरूकै बाहुल्य हुन्थ्यो ।

त्रिवेणीधामको वर्तमान स्वरूप गजेन्द्रमोक्ष दिव्यधाम निर्माण प्रारम्भ भएपछि भएको हो । यहाँ धार्मिक मठ-मन्दिरहरूका साथै सैनिक ब्यारेक, प्रहरी चौकी, आयुर्वेद औषधालय,उप स्वास्थ्य केन्द्र, यातायात व्यवस्था, गाउँपालिका भवन, वन कार्यालय,टेलिकम कार्यालय, विद्युत् प्राधिकरण वितरण एवम् महसुल सङ्कलन केन्द्र, वित्तीय संस्था, गण्डक सिंचाइ परियोजना, सरकारी कार्यालयहरू पनि छन् ।

७. विकासको सम्भावना

विकास निरन्तर चलिरहने प्रक्रिया हो । त्यसको स्वरूप भिन्न भिन्न हुन्छ । भारत विहारको वाल्मीकिनगरसँग सीमा जोडिएको त्रिवेणीधाम आफ्नो पुरानै नालीबेलीमा जेलिएको देखिन्छ । मुख्य राजमार्ग यो ठाउँ भएर गएको

भए यसको स्वरूप अर्कै हुने थियो । पूर्व-पश्चिम राजमार्ग निर्माण हुनुपूर्व स्याङ्जा, पाल्पाबाट आउने मान्छे दुम्कीबास र अरुणखोलाबाट तमासपुर हुँदै तथा चितवन र नवलपुरतर्फबाट त्रिवेणी आउने मानिस नारायणी नदीको किनारैकिनार गोरेटो बाटो हिँडेर वा जलमार्गबाट आवत-जावत गर्थे । राजमार्ग बने पछि व्यापार-व्यवसाय पनि राजमार्ग छेउ हुन थाल्यो । त्रिवेणीधाम ओझेलमा पर्न गयो । शिक्षा, स्वास्थ्य व्यापार-व्यवसायको सहज पहुँच नहुनाका कारण मानिसहरू बुटवल, चितवन-नारायणघाटजस्ता ठाउँमा बसाइँ सरेर गएको पाइन्छ । यसो भए पनि धार्मिक पर्यटन क्षेत्रका रूपमा विकास गर्न सके त्रिवेणीधामको विशिष्ट पहिचान बनाउन सकिने अपार सम्भावना देखिन्छ ।

त्रिवेणीधाम मुख्यतः दुईवटा मान्यताले गर्दा महत्त्वपूर्ण मानिएको हो । एक तीन नदीको सङ्गम त्रिवेणीधाम र अर्को गज र ग्राह (हात्ती र गोही) को लडाइँको पौराणिक प्रसङ्ग । यही प्रसङ्ग नै श्रद्धालु भक्तहरूको आकर्षणको विषय हो । त्रिवेणीको सबैभन्दा ठूलो माघे औंसीमा लाग्ने मेला हो । यो मेला पहिले छ महिनासम्म चल्थ्यो । व्यापार-व्यवसाय पनि राम्रो हुन्थ्यो । अहिले मेलाका उद्देश्यले मात्र नभएर नेपाल र भारतका विभिन्न स्थानबाट त्रिवेणीमा स्नान-दान, अन्नप्राशन, चूडाकर्म, कर्णवेध, उपनयन (व्रतबन्ध), विवाह गर्न एवम् श्राध्द, पितृतर्पण, लगायतका संस्कार गर्न तथा योग-ध्यान, सत्यनारायण-पूजा गर्न एवम् ग्रहण , बोलबम,चैते वारुणी र विशेष चाडपर्वमा श्रध्दालु भक्तहरू ठूलो संख्यामा आउँछन् । यसमा भारतीय तीर्थयात्रीहरूको उपस्थिति बढी देखिन्छ । अहिले त्रिवेणीधाममा ४५ वटा मन्दिर रहेको बुझिन्छ (रमाकान्त शर्मा चापागाइँ) ।

८. निष्कर्ष

नेपालका विभिन्न धार्मिक स्थलमध्ये त्रिवेणीधाम विशिष्ट स्थल हो । दामोदरकुण्डदेखि आएकी गण्डकी नदी शालग्रामवाहिनी नदी भएकाले अन्य नदीका तुलनामा यी नदी विशिष्ट छन् । त्रिशूली, कालीगण्डकी आदि नदीबाट नारायणी नदीमा स्वर्णभद्रा र पूर्णभद्रा नदीको सङ्गम भएर बनेको विशिष्ट धार्मिक क्षेत्र हो त्रिवेणी । गज र ग्राहको युद्धमा शरणागत हुन

आएको गजको उद्धार गर्न श्रीहरि विष्णुको अवतार भूमि गजेन्द्रमोक्षधाम, महर्षि वाल्मीकिको तपस्थली, लव-कुशको जन्मभूमि तथा सीताको आश्रय स्थलसमेत रहेकाले पनि यस स्थलको महिमा बढेको देखिन्छ । यसका अतिरिक्त अनेकौं देवीदेवताले यसै त्रिवेणीलाई आधार बनाएर आश्रय लिएको मानिएकाले यो धाम नेपालकै विशिष्ट धार्मिक धरोहरका रूपमा रहेको छ । यहाँ विभिन्न समयमा नेपाल र भारतका हजारौं तीर्थयात्रीहरू मेला भर्न तथा भ्रमण अवलोकनका लागि आउने गरेका छन् । यसैले यस क्षेत्रको व्यवस्थित विकास र यसको महत्त्वलाई प्रचार प्रसार गर्न सके यस क्षेत्रलाई नेपालको विशिष्ट धार्मिक पर्यटकीय स्थल बनाउन सकिन्छ ।

यो ठाउँको धार्मिक र सांस्कृतिक आस्था , विश्वास र परम्पराको अपार सम्भावना रहे पनि मुख्य राजमार्गबाट टाढा हुनु , व्यापार - व्यवसाय सञ्चालनका लागि अनुकूल वातारण नहुनु , यातायात साधनको सहज रूपमा उपलब्धता नहुनु, स्वास्थ्य-शिक्षाको उचित व्यवस्थापन हुन नसक्नु जस्ता कारणले त्रिवेणी क्षेत्रको जति विकास हुन पर्ने हो त्यति विकास हुन सकेको देखिँदैन ।

सन्दर्भस्रोत

जनगणना (वि.सं.२०६८) , केन्द्रीय तथ्याङ्क विभाग ।

मुक्तिक्षेत्रमाहात्म्य (वि.सं.२०५३), संग्राहक, श्रीनिवास मुक्तिनारायण रामानुजजीयर (श्रीधराचार्य पौडेल) नेपाल : गलेश्वरधाम यतिराज प्रकाशन ।

वाराहपुराण (सन् १९८२), सम्पा., हृषीकेश शास्त्री, द्वितीय सं.वाराणसी : चौखम्वा अमरभारती प्रकाशन ।

श्रीमद्भागवतमहापुराण (वि.सं.२०६९), गोरखपुर : गीताप्रेस ।

hŒps://ne.wikipedia=org/s/1wj

सन्दर्भव्यक्ति

अयोध्याप्रसाद ढकाल (मदारबाबास्थान) ।

उपेन्द्रकुमार जोशी (शिवालय मन्दिर) ।

करपात्री स्वामी (उत्तराधिकारी गजेन्द्रमोक्षधाम) ।

डम्बरकुमारी खड्का (बालपुरी आश्रम)।

तपेश्वरदास (महन्त कौशलेश्वर मन्दिर)।

नागेन्द्र पुरी (महन्त जटाशङ्कर मन्दिर)।

नारायणदास (रामजानकी मन्दिर)।

मनराज पुरी (महन्त बालपुरी आश्रम)।

रमाकान्त चापगाइँ (म.सं.स.सचिव राधाकृष्ण मन्दिर)।

बालकदास (महन्त नागाबाबा आश्रम)।

राजेन्द्र काफ्ले (श्री राममन्दिर)।

हरिशरण देवाचार्य (महन्त राधाकृष्ण मन्दिर)।

सुकै कुर्मी (नागाबाबा आश्रम) ।

✡✡✡✡

कालीगण्डकी र पर्यटन प्रवर्धन

प्रा.डा. यादव शर्मा गौडेल[1]

१. परिचय

नेपालको गण्डकी प्रदेश क्षेत्रफलका हिसाबले सानो (२१,७३३ वर्ग कि.मि.) भए तापनि हिमश्रृङ्खला, नदीनाला, ताल-तलैयाजस्ता प्राकृतिक सम्पदामा यो प्रदेश धनी मानिन्छ । यस प्रदेशमा हिमाली क्षेत्र ५, ८१९ वर्ग कि.मि. (२६.७७००) पहाडी भूभाग १४,६०४ वर्ग कि.मि. (६७.२०००) र तराई क्षेत्र १३१० वर्ग कि.मि. (६.०३००) पर्न आउँछ । (क्षेत्रीय प्रशासन कार्यालय, २०७४) ।

यस प्रदेशको उत्तरी सिमानामा अवस्थित गिरिराज हिमालयका काखबाट प्रवाहित हुने कालीगण्डकी नदीलाई संसारकै पवित्रम नदीका रूपमा लिइन्छ । पौराणिक, पुरातात्त्विक एवम् धार्मिक महत्ताले पूर्ण कालीगण्डकी क्षेत्रले पवित्र तीथर्स्थल मुस्ताङको मुक्तिनाथक्षेत्र र कागबेनी, म्याग्दीको गलेश्वर, पर्वतको मोदीबेनी, बागलुङको जैमिनिघाट गुल्मीको रुरुक्षेत्र, स्याङ्जाको केलादीघाट, तनहुँको देवघाट हुँदै नवलपरासीको त्रिवेणीधामसम्मका क्षेत्रलाई समेटेको देखिन्छ । यसका अतिरिक्त प्राकृतिक, सांस्कृतिक एवम् जैविक विविधताले भरिपूर्ण पवित्र नदी गण्डकीमा नै शालग्राम भगवान्का प्राप्तिस्थल, एवम् यहाँ आउने पर्यटकहरूको दृश्यावलोकन एवम् साहसिक जलयात्राले कालीगण्डकी क्षेत्रको विकासमा टेवा पुग्नुका साथै पर्यटन प्रवर्द्धनको सम्भावना बढ्दै जाने निश्चित देखिन्छ ।

जलविद्युत् उत्पादनका दृष्टिले गण्डकी प्रदेशको उत्पादन क्षमता २०,२२८ मे. वाट र जलाशययुक्त क्षमता ८,८५८ मे. वाट रहेको छ । जल विद्युत् उत्पादनमा, हालसम्म कुल जडित क्षमताको ४७६ मे. वाट अर्थात् ४४.४५% योगदान गण्डकी प्रदेशले पूरा गरेको पाइन्छ (कान्तिपुर माघ २४, २०७४)। यस उत्पादनमा **कालीगण्डकी ए**बाट मात्र १४४ मे. वाट विद्युत् उत्पादन भएको देखिन्छ र प्रदेश नं ४ मा समावेश गरिएका जिल्लाहरूमा – मुस्ताङ, म्याग्दी, बागलुङ, पर्वत, स्याङ्जा, कास्की, तनहुँ, लम्जुङ, मनाङ, गोरखा र नवलपुर अवस्थित छन् । यस प्रदेशका ठूला नदीहरूको सङ्गमस्थल

१. लेखक पृथ्वीनारायण क्याम्पस पोखराका सेवानिवृत्त प्राध्यापक हुनुहुन्छ ।

देवघाट धाम हो । मुस्ताङको मुक्तिनाथदेखि कागबेनी हुँदै त्रिवेणीधामसम्मको कालीगण्डकी क्षेत्र आसपासमा पर्ने धार्मिक एवम् पर्यटकीय महत्त्व बोकेका मन्दिर, घाट, आश्रम, धर्मशालालगायत मोटर बाटोको सुविधा भएका ठाउँहरूमा अतिथिहरूको राम्रो प्रबन्ध गर्न सके आन्तरिक र बाह्य पर्यटनको विकास सम्भव देखिन्छ ।

यसका अतिरिक्त गण्डकी प्रदेशको गुरुयोजनामा कालीगण्डकी क्षेत्रको विकासलाई समावेश गरी पूर्वाधार निर्माणमा विशेष गरी बाटो–घाटो निर्माण, विद्युत् तथा सञ्चारको सुविधा, खानेपानी सुविधालगायत प्राकृतिक सम्पदाको संरक्षण, बसोबास स्थल, स्वास्थ्य र सरसफाइलाई ध्यान पुऱ्याउनु पर्ने हुन्छ। यस क्षेत्रको जैविक विविधता सांस्कृतिक एवम् धार्मिक सम्पदाहरूको संरक्षण र सम्वर्द्धन गर्न सके कालीगण्डकी तटीय क्षेत्रमा धार्मिक पर्यटन, ग्रामीण एवम् साहसिक पर्यटनको समेत विकास हुने सम्भावना बढ्दै जान्छ ।

२. पौराणिक सन्दर्भ

गण्डकी प्रदेशको उत्तरमा अवस्थित हिमालय पर्वतका कोखमा उत्पत्ति भई दक्षिणतर्फ बग्दै तनुहँको देवघाटमा पुगी त्रिशूलीलाई आफैमा समाविष्ट गराई नारायणी नदीका नामले त्रिवेणीधाम हुँदै भारतको भागीरथी नदीसम्म सहभागी भएर हिन्द महासागरसम्मको सुदीर्घ यात्रा गर्ने कालीगण्डकी संसारकै पवित्रतम नदीका रूपमा पुराणहरूमा उल्लेख भएको पाइन्छ । अतः पौराणिक एवम् धार्मिक महत्त्वले भरिएको कालीगण्डकी भगवान् विष्णुस्वरूप शालग्रामको उद्गमस्थल भएकाले कविशिरोमणि लेखनाथ पौडेलले नीतिश्लोकमार्फत यहाँका हरेक शिलामा शालग्राम पाइन्छन् भन्ने तथ्य अगाडि सार्दछन्-

योग्य स्थानविषे मान सानाले पनि पाउँछ ।
कृष्णका तटको ढुङ्गा देवता कहलाउँछ ।। (पौडेल, २०५८, पृ.५९)

तुलानात्मक रूपमा गण्डकी प्रदेशलाई प्राकृतिक, धार्मिक एवम् सांस्कृतिक महत्त्व बोकेको प्रदेशका रूपमा पनि उल्लेख गर्न सकिन्छ र यहाँको जलस्रोत, प्राकृतिक सौन्दर्यले भरिपूर्ण तालतलैया, मनोरम हिमश्रृङ्खला, कृष्णगण्डकी, सेती, मादी, मर्स्याङ्दी नदीको अविरल वहाउ, भौगोलिक विविधताबाट सृजित फरक फरक हावापानी तथा प्राकृतिक, जङ्गल, जडीबुटी उपलब्धताका कारण यस प्रदेशले देशको प्राकृतिक, धार्मिक एवम्

सांस्कृतिक महत्त्वलाई उजागर गर्न सघाउ पुऱ्याएको छ । यसका अतिरिक्त कालीगण्डकीक्षेत्र मुस्ताङदेखि त्रिवेणीधामसम्मको अनुपम प्राकृतिक सौन्दर्य, जैविक विविधता, धार्मिक एवम् सांस्कृतिक सम्पदाले भरिपूर्ण क्षेत्र भएकाले यहाँ पर्यटन प्रवर्द्धनको सम्भावना प्रचुर देखिन्छ । तसर्थ यही सम्भावनालाई ध्यानमा राखी ग्रामीण मनोरञ्जनात्मक साहसिक धार्मिक एवम् सांस्कृतिक पर्यटनको विकास गर्न सके स्वदेशी विदेशी पर्यटकहरूको संख्या र बसाइमा गुणस्तर वृद्धि हुने र विदेशी मुद्रा आर्जन गर्ने बलियो माध्यम बन्न पुग्छ ।

समग्रमा पौराणिक महत्त्वका दृष्टिले कालीगण्डकी क्षेत्रलाई हरिहर अर्थात् विष्णु र शिवको वासस्थान भनी पुराणमा उल्लेख भएको पाइन्छ । अर्को अर्थमा कृष्णगण्डकीको उद्‌गमस्थल मुक्तिनाथ हुँदै दामोदरकुण्ड सम्मको भू–भाग र नवलपुर जिल्लामा अवस्थित त्रिवेणीधाम,वाल्मीकि आश्रम पर्यन्तको क्षेत्रलाई भू वैकुण्ठलोक भनी शास्त्रहरूमा वर्णन गरिएको पाइन्छ (आचार्य, २०७२, ३३) ।

धर्मशास्त्रका अनुसार हरेक मानवले धर्म कमाउन वा पुण्य प्राप्तिका निमित्त आफ्नो जीवनको उत्तरार्धमा तीर्थाटन वा तीर्थयात्रा गर्ने गर्दछन् । धार्मिक उद्देश्य प्राप्तिका निमित्त पैदलयात्रा गर्ने, रमाउने, घुम्ने अर्थात् धार्मिक पर्यटनलाई जोड दिने गरेको पाइन्छ । अतः ४ नं प्रदेशमा कालीगण्डकीको शीर्षस्थान, धर्मावलम्बीहरूको पवित्रस्थल मुस्ताङको मुक्तिनाथ मन्दिर, म्याग्दीको गलेश्वर मन्दिर, बागलुङको कालिका मन्दिर र भैरव मन्दिर, पर्वतको मोदीबेनीमा अवस्थित शिव मन्दिर एवम् नृसिंह मन्दिर लगायत गण्डकीतटीय क्षेत्र आसपासका पवित्र धामहरू कागबेनी, मोदीबेनी, रुद्रबेनी, सेतीबेनीलगायत वैदिक कालदेखि आध्यात्मिक एवम् धार्मिक महत्त्व बोकेका देवघाट त्रिवेणी धाम वाल्मीकि आश्रमजस्ता तपोभूमिहरू पनि यसै क्षेत्रमा अवस्थित छन् । यसप्रकार हिमवत्खण्डबाट अविरल रूपमा बग्ने पवित्र नदी कालीगण्डकी आसपास क्षेत्रमा पाइने प्राकृतिक, धार्मिक, एवम् सांस्कृतिक महत्त्व बोकेका सम्पदाहरूको संरक्षण र सम्वर्द्धन गरी यहाँ अवलोकन, अध्ययन र अनुसन्धान गर्न आउने जो कोही आन्तरिक वा बाह्य पर्यटकहरूका निम्ति एक अनुपम रमणीय स्थल बन्न पुग्छ ।

यसैगरी साहसिक पर्यटन (Adventorous Tourism) अन्तर्गत

पर्ने पैदलयात्रा (Treking) को सुरुवात नेपालका सन्दर्भमा बेलायती नागरिक लेफ्टिनेन्ट कर्णेल जेम्स रोवर्टसले सन् १९६६ मा पोखराको फेवाताल बाँधबाट सुरु गरेका थिए (उपाध्याय, २०७४, २६) । त्यसपछि नेपालमा प्यारामा झुन्डिने (Para gliding), नौका विहार (Rafting), डोरीद्वारा हामफाल्ने (Bangee Jump) चट्टान आरोहण (Rock climbing), जङ्गल सफारी आदि साहसिक पर्यटनको सुरुवात भएको पाइन्छ ।

३.पर्यटकीय विशेषता

प्रदेश नं ४ अन्तर्गत कालीगण्डकी क्षेत्रमा दामोदरकुण्डदेखि मुक्तिनाथ हुँदै त्रिवेणीधामसम्मका पवित्र तीर्थस्थलहरू, मन्दिर र घाटहरू, छाँगा र छहराहरू, गल्छी र गुफाहरू धार्मिक एवम् पर्यटकीय विशेषताले भरिपूर्ण मानिन्छन् । यी क्षेत्रहरूको दृश्यावलोकन गर्न विशेष गरेर भारतीय तीर्थयात्रीहरू आउँछन् भने अन्य मुलुकका यात्रुहरू पर्यटकीय दृष्टिकोणले भ्रमण गर्दछन् । केही तीर्थयात्री एवम् पर्यटकहरू दामोदरकुण्ड, मुक्तिनाथ कागबेनी हुँदै गलेश्वर, तत् पश्चात् बागलुङको कालिका मन्दिरसम्म आइ त्यहाँबाट पोखरा फर्कने गर्दछन् । केही पर्यटकहरू भने कालीगण्डकीमा नौका विहार गर्दे तनहुँको दे वघाट पुग्दछन् कोही भने जलयात्रा गर्दै, चितवन राष्ट्रिय निकुञ्जको नजिक हुँदै त्रिवेणीसम्मको दूरी पूरा गर्दछन् । यसबाट पर्यटकहरूले भरपुर मनोरञ्जन, दृश्यावलोकन, धार्मिक एवम् आध्यात्मिक आनन्दको अनुभूति गर्दछन् ।

खासगरी, कालीगण्डकी क्षेत्रमा प्रायः जसो तीर्थयात्रीहरू मुस्ताङबाट पर्वतमा आएपछि सोझै पोखरातर्फ मोडिने भएकाले पर्वतदेखि दक्षिणतर्फका तीर्थस्थल मोदीबेनी, जैमिनिघाटसम्म पदयात्रा गर्ने पर्यटकहरूको संख्या निकै कम देखिन्छ र त्यसैले कालीगण्डकी क्षेत्रमा पदयात्रा, जलयात्रा, जङ्गल सफारी, दृश्यावलोकन, चट्टान आरोहण, बन्जीजम्पजस्ता साहसिक एवम् ग्रामीण पर्यटकीय विविधतालाई व्यवस्थित गर्नसके धार्मिक पर्यटनमात्र नभएर साहसिक पर्यटनको समेत वृद्धि गर्न सकिने प्रबल सम्भावना देखिन्छ ।

४.वर्तमान स्थिति

कालीगण्डकीतटीय क्षेत्रमा विभिन्न आकृतिका शालग्राम पाइनु, विविध धर्मावलम्बीहरूका आस्था र श्रद्धाका केन्द्र बनेका मुक्ति क्षेत्र, गलेश्वरधाम, पुलस्त्य आश्रम, खनियाघाट, निरयघाट, मोदीबेनी, जैमनीघाट,

रिडीक्षेत्र, केलादीघाट, देवघाट, त्रिवेणीधाम, वाल्मीकि आश्रमजस्ता महत्त्वपूर्ण तीर्थस्थलहरू रहनु, कालीगण्डकी क्षेत्रका विशेषताहरू हुन् ।

कालीगण्डकीको शीर्षस्थानमा पर्ने मुस्ताङको लोमानथाङदेखि नवलपुरको त्रिवेणीसम्मका उल्लेखनीय तीर्थस्थल, धाम एवम् प्राकृतिक सम्पदाहरूको अवलोकन, अध्ययन र भ्रमण गर्ने लगायत साहसिक जलयात्रा गर्ने पर्यटकहरूको संख्यामा वृद्धि हुँदै जानु पनि यसका विशेषताहरू मानिन्छन् । यसका अतिरिक्त कालीगण्डकीको उद्‌गम क्षेत्रमा अवस्थित मुक्तिनाथ मन्दिर को पुरातात्त्विक महत्त्व एवम् महाभारत र पुराणहरूमा उल्लिखित कृष्णा वा कालीगण्डकीलाई संसारकै पवित्रतम नदीका रूपमा लिइन्छ । यी नदी उत्तरमा धौलागिरि (८१६७ मि.) र पूर्व अन्नपूर्ण हिमाल (८०९१ मि.) का बीचबाट १.७ कि.मि. जति लम्बाई भएको गहिरो गल्छी बनाई दक्षिणतर्फ बग्छिन्। तत्पश्चात् कागबेनी हुँदै कालीगण्डकीको मिलन म्याग्दी मिस्त्री खोला र राहुघाटमा रहुगङ्गासँग हुन्छ जहाँ गलेश्वर महादेवको मन्दिर अवस्थित छ र त्यस पछि बेनीमा म्याग्दी खोलासँग, बागलुङमा काँठे खोलासँग जोडिँदै गण्डकीले आफ्नो क्षमतामा दोब्बर वृद्धि गर्छिन् । त्यहाँ पछि थपिने पर्वतमा मोदीखोला जसले कालीगण्डकीको क्षमता अभिवृद्धिमा व्यापकता ल्याउँछ । एवम् रीतले गण्डकीमा मिसिने अन्य खोलाहरू बाग्लुङको ठेउले खोला, पर्वतका लमाहे खोला, बाच्छा खोला, पैयुँ खोला, सरौं खोला, गेडी खोला हुँदै स्याङजामा आँधी खोला, तनहुँको देवघाटमा पुगी गण्डकीले त्रिशूलीलाई आफूमा समाहित गर्दछिन् । तत्पश्चात् यिनको समागम स्वरूप भगावन् कृष्णको नारायणी सेनाजस्तै बृहद्‌रूपमा सप्तगण्डकी वा नारायणी नदीका नामले प्रख्यात भई त्रिवेणी सम्मको यात्रा तय हुन्छ ।

यस प्रकार कालीगण्डकी क्षेत्रले लामो यात्रा तय गर्दा यहाँ अवस्थित तीर्थस्थल हिमालय, जङ्गल, वनस्पति, जडीबुटी आदि सम्पदाहरू पर्याप्त भए तापनि हालसम्म मुक्तिनाथ र देवघाटबाहेक पर्वतको मोदीबेनी दक्षिणतर्फका तटीय तीर्थस्थलहरू यातायातलगायत पर्यटकीय पूर्वाधारका अभावमा विकास पथमा अग्रसर हुन वा चर्चित हुन सकेका छैनन् । अतः कालीगण्डकी क्षेत्रमा दामोदरकुण्डदेखि त्रिवेणीधामसम्म धार्मिक एवम् पुरातात्त्विक महत्त्व बोकेका धेरै तीर्थस्थलहरू रहेकाले कालीगण्डकीतटीय क्षेत्र विकास आयोजना लागु

गरी यहाँका धार्मिक एवम् पर्याटकीय सम्पदाहरूको संरक्षण र सम्वर्द्धन गर्नु पर्ने देखिन्छ। साथै यस क्षेत्रमा निर्माणाधीन कालीगण्डकी कोरिडोर सम्पन्न भए पश्चात् दुवै छिमेकी मुलुकका पर्यटकहरूको आवगमनमा वृद्धिहुने देखिन्छ।

५. विकासको सम्भाव्यता

दामोदरकुण्डबाट उत्पत्ति भएकी कालीगण्डकीको यात्रा जहाँसम्म तय हुन्छ त्यहाँसम्मको आसपासको क्षेत्रमा धार्मिक एवम् साहसिक पर्यटन प्रवर्द्धनको सम्भावना प्रचुर देखिन्छ र कालीगण्डकीको शीर्षभागमा पर्ने मुक्तिनाथ क्षेत्रमा विशेष गरी भारतबाट तीर्थयात्रहरू धार्मिक पर्यटकरूपमा आउँछन् भने अन्य देशका पर्यटकहरू दृश्यावलोकन, मनोरञ्जन र साहसिक यात्रा गर्ने उद्देश्यले भ्रमणमा आउने गर्दछन्। यसप्रकार दामोदरकुण्ड एवम् मुक्तिनाथ आउने पर्यटकहरूलाई गण्डकीतटीय क्षेत्र हुँदै त्रिवेणीधामसम्मको यात्रा पूरा गर्न तटीय क्षेत्रमा अवस्थित प्रसिद्ध तीर्थस्थलहरू पावन घाट र धामहरू एवम् मान्दिरहरू, गुफा र गल्छीहरू, धुपी, गुराँस र वनस्पतिहरू अवलोकन गर्ने पर्यटकहरूका निम्ति बसोबास गर्ने आश्रम वा अतिथिशालाको व्यवस्था मिलाउने, जैविक विविधतालाई संरक्षेण र संवर्द्धन गर्ने, ठाउँ ठाउँमा पर्याटकीय पूर्वाधारको विकास गर्ने, पर्यटकीय आकार्षण केन्द्रका रूपमा रहेका जलयात्रा (Rafting), चट्टान आरोहण (Rock climbing), डोरीको सहयोगमा झुन्डिने खेल (Bangee Jumping) जस्ता साहसिक पर्यटनको प्रबन्ध गर्न सकिने सम्भावना देखिन्छन्।

यसका अतिरिक्त कालीगण्डकीतटीय क्षेत्रमा जैविक विविधतालाई ध्यान दिई हिमालदेखि तराईसम्मको पर्यावरणीय अवस्थालाई अध्ययन गरी सोही अनुसारका पर्यटन आकर्षण केन्द्रहरूको स्थापना गर्दा पर्यटकहरूको भ्रमण अवलोकन, अध्ययन र अनुसन्धानमा समेत सहयोग पुग्ने देखिन्छ। साथै कालीगण्डकीक्षेत्रमा मुक्तिनाथदेखि त्रिवेणीसम्म पुग्ने घोडेटो वा वातावरणमैत्री सडकको व्यवस्था हुन सके धार्मिक पर्यटकको संख्यामा वृद्धि हुने र साहसिक पर्यटकहरूको बसाई लम्बिँदै जाने सम्भावना बढ्दछ।

६. निष्कर्ष

ग्रामीण आतिथ्यता, स्वच्छ हावापानी, विषादीरहित (organic) स्थानीय भोजन, एवम् मनोरम दृश्यलाई ग्रामीण पर्यटन पूर्वाधारका रूपमा लिन सकिन्छ । साथै कालीगण्डकी क्षेत्रको विकासले हिमालदेखि तराईको जैविक विविधतामा आधारित जडीबुटीको उत्पादन धार्मिक तीथस्थलहरूको संरक्षण र संवर्द्धन, पर्यटकीय आकर्षण केन्द्रहरूको स्थापना हुनुका साथै पर्यटकीय आवागमनमा अभिवृद्धि हुने देखिन्छ । यसका अतिरिक्त हिमालमा हुने जडीबुटी, धूपी, सल्लादेखि उच्च पहाडी इलाकामा फुल्ने बुकी र लाली-गुराँस फूल लगायत तराईमा हुने घना जङ्गल व्यवस्थापनले पर्यटकहरूको मन रमाउने र उनीहरूको भ्रमण दिन लम्बिने देखिन्छन् । अतः यसका निम्ति कालीगण्डकीको धार्मिक महत्त्व दर्साउन पावन तीर्थस्थलहरूको संरक्षण र संवर्द्धन एवम् पर्यटक पूर्वाधारहरूको विकास गर्न जरुरी हुन आउँछ । साथै कालीगण्डकीका तटीय क्षेत्रमा पर्ने प्रसिद्ध मन्दिरहरू, बेनी र धामहरू महत्त्वपूर्ण बजारहरू (लोमानथाङ, जोमसोम, बेनी, बागलुङ, कुस्मा, रिडी, देवघाट, र त्रिवेणीक्षेत्र) को विकास र विस्तार गर्दा कालीगण्डकीक्षेत्रमा पर्ने ठूला नदीहरूबाट जलविद्युत् उत्पादनमा वृद्धि गर्दै जानु समग्र गण्डकी प्रदेशको समृद्धि र विकासमा टेवापुग्ने देखिन्छ ।

सन्दर्भस्रोत

आचार्य, जगन्नाथ (वि.सं.२०७२) "हरिहर क्षेत्र र कृष्णगण्डकी तटीय क्षेत्रका तीर्थस्थलहरू" बूढानीलकण्ठ दर्पण, पोखरा : बूढानीलकण्ठ मन्दिर संरक्षण समिति ।

उपाध्याय, कृष्ण (वि.सं.२०७४), "समृद्धिको आधारः कृष्णगण्डकी क्षेत्रमा पर्यटकीय पूर्वाधार", प्राज्ञ प्रभात, अंक ५, असौज पृ. २२–३२ (प्र. प्रा. संघ पृथ्वीनारायण क्याम्पस इकाइ समिति ।

कान्तिपुर राष्ट्रिय दैनिक माघ २४/२०७४ ।

गण्डकी रिभर, उईकिपेडिया, फ्रि इन्साइक्लोपेडिया (Gandaki River, Wikipedia, free Encyclopedia)

पौडेल, लेखनाथ (वि.सं.२०५८), लालित्य भाग १, पुलचोक : साझा प्रकाशन ।

प्रदेश विवरण (वि.सं.२०७४) , पार्दी , पोखरा : क्षेत्रीय प्रशासन कार्यालय ।

✿✿✿✿

बहुआयमिक कालीगण्डकी

कल्याण पन्त[1]

१.परिचय

नेपालका प्रमुख ठूला नदीहरू कोसी, गण्डकी र कर्णाली हुन् । यी नदीहरूका आफ्नै मौलिकपन छन् । त्यसरी नै बहाव, फैलावट र जलमात्रामा आफ्नै विशिष्टता छन्, अथाह जलशक्ति छन् । यी सबै नदीहरू उत्तरी हिमशृङ्खलाबाट प्रादुर्भाव भएर दक्षिणी भूभाग पहाड, तराई भएर छिमेकी मुलुक भारतीय गङ्गा नदी हुँदै महासागरमा विलीन भएका छन् । नेपालका यी प्रमुख नदीहरूका पनि शाखाप्रशाखा खोलानाला मिलेर बनेका छन् । कोसीमा मुख्य सात वटा खोला (तमोर, लिखुखोला, दूधकोसी, सुनकोसी, इन्द्रवती र तामाकोसी र अरुण) समाहित छ । त्यसरी नै गण्डकी नदीमा सात नदी (मर्स्याङ्दी, मादी, दरौंदी, बूढी, त्रिशूली, सेती र काली) छन् । कोसी र गण्डकीमा सात/सात वटा नदी मिलेर बनेको हुनाले यिनीहरू क्रमशः सप्तकोसी र सप्तगण्डकीको रूपमा परिचित छन् । कर्णालीमा भने तीन वटा नदी (भेरी, सेती र राप्ती) छन् । यसबाहेक पश्चिमी नेपाल-भारतको सीमावर्ती क्षेत्र भएर महाकाली नदी पनि बगेको छ । कालीगण्डकी सप्तगण्डकीको एक नदी हो । यो नदी धवलागिरि हिमाल र अन्नपूर्ण हिमाल भएर बगेको छ । धार्मिक दृष्टिकोणले नेपालका चर्चित नदीहरूमध्ये कालीगण्डकी पनि एक हो ।

हिमशृङ्खलाबाट स्खलित जल पहाडपर्वत हुँदै समथर मैदानी भाग तराई भएर महासागरमा विलय हुँदा यस नदीको पहिचान भिन्नभिन्न रहेको छ । हिमरेखा, गल्छी, खोला, नदी, सागर भएर यो महासागरमा मिल्दछ । हिमाली क्षेत्रहरूका गहिरो गल्छीलाई काट्दै ढुङ्गा, बालुवा नदीका किनारमा छोड्छ । खेतीयोग्य पाँगो माटो निर्माण गर्दछ । ढुङ्गा र बालुवाजस्ता भौतिक निर्माणका आधारस्तम्भ बनाउँछ । जलविद्युत् र सिंचाईको आधार-शिला निर्माण गर्दछ । तीर्थस्थलको रूपमा विकास गराउँछ भने जलयातायात

---

१. लेखक पृथ्वीनारायण क्याम्पस पोखराका उपप्राध्यापक हुनुहुन्छ ।

र सञ्चारका लागि पनि यस नदीले उत्तिकै महत्त्व राख्दछ। बहावको क्रममा आफ्नो बाटो परिवर्तन गर्ने हुँदा बगरयुक्त माटोमा तटीय वनजङ्गलको लागि पूर्वाधार तयार गराउँछ। तीर्थालु भक्तजनहरूको लागि पुण्य प्राप्त गराउँछ। दायाँबायाँ किनारमा रहेका फोहोरमैला बगाएर नदी सफा र स्वच्छ बनाउँछ। त्यसरी नै नदीले बस्ती बसाल्न र मोटरमार्गको सम्भावना प्रशस्त गर्दछ। कालीगण्डकी नदी यस अर्थमा पर छैन।

विश्वकै गहिरो गल्छी हुँदै बगेको कालीगण्डकीको वातावरणीय मनोरम बेग्लै छ। यो मुस्ताङ जिल्लाको दुर्गम गाउँबाट उत्पत्ति भएर देवघाट, चितवनमा त्रिशूली नदीलाई आफूमा समाहित गर्दै अगाडि बढ्दछ। यसपछि भने नारायणी नदी (गण्डकी) को नामबाट चिनिन्छ। करिब ७० किलोमिटर लम्बाइ रहेको यसको मार्गमा विभिन्न तीर्थयात्रीहरूका लागि विशेष महत्त्वका स्थान रहेका छन्। यो नदीको किनारकिनारै भएर देवघाट, पर्वत बेनी, गलेश्वर हुँदै मुक्तिनाथसम्म पुग्न सकिन्छ। मुक्तिनाथ मन्दिरका धाराबाट प्रवाहित जल पनि यसैमा मिसिएको छ। कागबेनीलाई एउटा धार्मिक तीर्थस्थलको रूपमा लिइन्छ। पछिल्लो समयमा पर्यटकहरू पनि त्यत्तिकै मात्रामा यो पदमार्ग भएर भ्रमण गर्ने गरेका छन्। प्राकृतिक रूपमा यसको मुहानसम्म पुग्दा अग्लाअग्ला पहाडका कन्दराबाट भएर बगेको छ। विभिन्न खालका झर्नाहरू पनि यहाँ देख्न सकिन्छ। र्‍याफ्टिङ्का लागि पनि यो क्षेत्र त्यत्तिकै प्रसिद्ध छ। यहाँ वर्षमा दुई पटक जलमार्गको यात्रा गर्न सकिन्छ। अक्टोबरदेखि डिसेम्बरसम्म र मार्चदेखि मेसम्म र्‍याफ्टिङ्को लागि उपयुक्त समय हो। यस बाहेक विभिन्न खालका चराचुरुङ्गीहरूका बासस्थान भएकोले अवलोकन भ्रमण, क्याम्पिङ्ग, क्यानोइङ्गका लागि समेत उपयुक्त स्थान छ। प्रकृतिविद्हरूका लागि यो स्थल अत्यन्तै मनमोहक छ। मुस्ताङ क्षेत्रबाट तल बगेको पानी अल्लि वेगवान् छ भने नारायणीमा मिलेपछि यो शान्त नदीमा परिणत भएको छ। अझ शालिग्रामले धार्मिक आस्थालाई अक्षुण्ण राखी सदियौंदेखि धर्मभीरुहरूका लागि आशाको केन्द्रबिन्दु जगाएको छ। भौगौर्भिक, भौगोलिक र जलवायु परिवर्तनले समयक्रममा ल्याएको धरातलीय स्वरूपको विखण्डनले केही परिवर्तनसमेत ल्याएको छ।

२. कालीगण्डकी नदीको उत्पत्ति

कालीगण्डकीको उद्भव स्थल मुस्ताङ जिल्ला उत्तरी क्षेत्रस्थित तिब्बतको सिमानामा पर्ने तिब्बेतियन पठारको हिमालय क्षेत्र हो । त्यस हिमालयको दुईतर्फबाट आएका नुप्छु (पश्चिमी खोला) र शरछु खोला (पूर्वी खोला) उत्तरी मुस्ताङको लोमानथाङमा आएर मिसिन्छ । यसलाई मुस्ताङ् खोला भनिन्छ । मुस्ताङ खोला मुक्तिक्षेत्रबाट झरेको कागखोलामा समाहित हुन्छ । यस सङ्गमस्थलमा एउटा बस्ती छ । यही कागखोलाको नामबाटै त्यस बस्तीको नाम कागबेनी भएको हो । कागबेनीबाट दक्षिणतिर हुँदै बगेको नदी देवघाटस्थित त्रिशूली नदीमा नमिसिञ्जेलको नाम कालीगण्डकी हो । यसका बारेमा हिन्दूधर्मशास्त्रहरूमा पनि वर्णन गरिएको छ भने भौगोलिक हिसाबले यो नदी हिमालयभन्दा पनि पुरानो मानिएको छ । मुस्ताङ क्षेत्रमा एकातिर धवलागिरि छ भने अर्कोतिर अन्नपूर्ण र यही बीचबाट कालीगण्डकी नदी प्रवाहित भएको देखिन्छ ।

३.सहायक खोलाहरू

कालीगण्डकीमा मुस्ताङ जिल्लाका प्रायजसो सबै सानातिना खोलानालाहरू मिसिएका छन् । उत्तरी भाग तिब्बतको साँध मुस्ताङ हिमालबाट झरेको छुर्माखोला र न्हचुनखोला यसैमा मिलेको छ । त्यसैगरी अन्य खोलाहरूमा किमागखोला, तुनुखोला, पारुनखोला, चरनखोला, ढेच्याङ्ग खोला, घमीखोला, ताङ्गेखोला, नर्सिङखोला, घिलुन्पाखोला, झोङ्गखोला, लुम्बुकखोला, पान्डाखोला, स्याङ्गखोला, ठिनीखोला, पारिक्यूखोला, डुम्बा खोला, लार्जुङखोला, पान्पुखोला, लेतेखोला, यसमा मिसिएका सहायक खोला हुन् । यी सबै हिमाल क्षेत्रबाट झरेका छन् । कतिपय ताल र पोखरीबाट पनि जल झरेका छन् । मुस्ताङमा सन् २००० मा टोपोग्राफिक म्याप सर्वे डिपार्टमेन्टले गरेको अनुसन्धानअनुसार यहाँ ताल तथा पोखरी २.४७ वर्ग किलोमिटर ढाकेको छ । यसमध्ये नदीको किनाराले ढाकेको भूभाग ३.७१ (०.१० प्रतिशत) रहेको छ ।

कालीगण्डकी स्वरूप लिएर झरेपछि अन्य थुप्रै सानातिना खोलाहरू पनि यसैमा आएर विलय भएका छन् । बोक्सी खोला, गलेश्वरको रहुघाट

खोला, बेनीको म्याग्दी खोला, कुस्मा पर्वतनेरको मोदीखोला, रुद्रबेनीमा बडीगार्ड खोला मिल्दै जलशक्तिमा आयतन थपेका छन् । दक्षिणाभिमुख भई बगेको यो नदी एक्कासि मार्ग परिवर्तन गर्दै पूर्व दिशातिर बगेको देखिन्छ। यसपछि भने कालीनदी दक्षिणतिर बग्दै आएको त्रिशूली नदी चितवन जिल्लास्थित देवघाटमा मिसिन्छ र विशाल नारायणी नदी बनेर यो भारततिर बगेको छ। यही कालीगण्डकी नारायणी नदीमा मिसिएपछि गण्डक नदीको नामले पुकारिन्छ।

४.भूधरातल

नासा स्याट्लाइट तथ्याङ्कबाट प्राप्त जानकारीअनुसार मुस्ताङ जिल्लाको धरातलीय स्वरूपलाई उचाइको आधारमा तीन भागमा बाँड्न सकिन्छ। कालीगण्डकी उपत्यका (३,००० मिटरभन्दा मुनि), भोट उपत्यका (३,००० देखि ५,०००) मिटरसम्मको भूभाग र उच्च हिमाली भूभाग (५,००० मिटरभन्दा माथिका भाग)। यसमध्ये कालीगण्डकी उपत्यका क्षेत्रले ३.८३ प्रतिशत ओगटेको छ। यसै गरी भोट उपत्यका क्षेत्रले ५४.०३ प्रतिशत र उच्च हिमाली उपत्यका क्षेत्रले ४२.१४ प्रतिशत ढाकेको छ। जिल्लाको कूल क्षेत्रफल भने ३,५६३.२१ वर्ग किलोमिटर रहेको छ।

मुस्ताङ जिल्लामा कालीगण्डकीलगायत अन्य ताल, पोखरीहरूले ०.९१ प्रतिशत ढाकेको छ। खण्डित लोमी स्वाइल ६१.८६ प्रतिशत रहेको बञ्जर लोमी स्वाइल ३९.९८ प्रतिशत र लोमी स्वाइल ०.२६ प्रतिशत रहेको एलआर एमपी, १९८५ र ८६ को तथ्याङ्कले देखाउँछ। नदी किनारामा विभिन्न थरीका ढुङ्गाहरू रहेका छन्। बालुवामा चुनढुङ्गा, क्वार्जाइट, नरम पत्थर, पत्रे चट्टान अवशेष, जीवावशेष शालग्राम आदि पाउन सकिन्छ। यहाँ सानादेखि ठूला प्रकारका चट्टानहरूका साथै ग्रेगान, बलौटे माटो, कंक्रिट बालुवा आदि पाइन्छन्। पहाड पर्वत हुँदै बगेको यस जलमा धेरै मात्रामा खनिजहरू पाउन सकिन्छ। चट्टानमा जस्ता, सिसा, तामा, सल्फर मिसिएका छन्। कपर सल्फाइड, आइरन सल्फाइड (चाल्कोपाइराइट) को मात्रा रहेको हुँदा शिलाहरूमा पित्तलजस्तो पहेंलो धातुको चमक देख्न सकिन्छ। नदीले कटान गर्दै खियाएका चट्टान ठोकिएर फुटेर निक्षेप भएका दायाँबायाँ किनारमा

थुप्रिएका कङ्कड छन् । उच्च हिमालको कडा पत्थरिलो भागबाट म्याग्दी हुँदै चितवनको नारायणीमा मिसिँदा पानीको स्वरूप निकै परिवर्तन भइसकेको देख्न सकिन्छ ।

५. हावापानी

कालीगण्डकीको वरपरको भू-धरातलीय स्वरूपको बनावटको विषमतासँगै हावापानीमा पनि विविधता पाइन्छ । समुद्र सतहदेखि १,६४० (कोप्चेपानी) मिटरदेखि ७,०६१ (नीलगिरि हिमाल) मिटरसम्म फैलिएको हुँदा वर्षा अत्यन्तै कम हुन्छ । मुस्किलले वर्ष दिनमा २०० मिलीमिटर औसत वर्षा हुन्छ । हावापानी सामान्य शुष्क प्रकारको छ भने वायु वेग अति तीब्र छ । यहाँ ग्रीष्ममा २६ डिग्री तापक्रम रेकर्ड गरिएको छ भने हिउँदमा ज्यादै चिसो हुन्छ । सन् २००८ मा गरिएको रेकर्डअनुसार माइनस २० डिग्रीसम्म तापक्रम पुग्दछ । समग्रमा जैविक हावापानी समशीतोष्ण प्रकारको हावापानी देखि लिएर टुण्ड्रा प्रकारको हावापानीसम्म पाइन्छ । सबैभन्दा कम वर्षा हुने जिल्ला नै मुस्ताङ हो । यहाँको माथिल्लो क्षेत्रमा हिउँको रूपमा वर्षा हुन्छ । तापक्रम, वर्षा र मौसम वितरणको आधारमा ४ प्रकारका हावापानी रहेका छन्- उपोष्ण (१,००० मिटर देखि २,००० मिटरसम्म), समशीतोष्ण (२००० मिटर देखि ३००० मिटरसम्म), चिसो लेकाली हावापानी (३,००० मिटरदेखि ४,००० मिटरसम्म), उच्च हिमाली (टुण्ड्रा) हावापानी (४,००० मिटरदेखि माथि) उच्च हिमाली क्षेत्रमा कालीगण्डकीको पानी शून्य हुन्छ भने तल्लो ५/६ डिग्रीसम्म हुन्छ ।

६.जैविक विविधता

कालीगण्डकी सेरोफेरोको जैविक विविधता आफ्नै प्रकारको छ । भू-धरातल र हावापानीको विषमता भएकोले उपोष्ण क्षेत्रदेखि उच्च हिमाली भेगमा धेरै प्रकारका जीवजन्तु तथा वनस्पति पाइन्छन् ।

६.१.वनस्पति

ठण्डा हावापानी हुने फुल्न नफुल्ने लेऊ, ढुसी, च्याऊ, झ्याऊ, उन्यूहरू पशस्त मात्रमा पाइन्छन् । लेकाली फूल फुल्ने वनस्पति पनि त्यत्ति नै प्रकारका छन् । गोब्रे सल्ला, धूपी, सुनपातीजस्ता कोणधारी जङ्गल यहाँका

विशेषता हुन् । यसबाहेक ससाना काँडेदार पोथ्रा वनस्पतिहरू धेरै छन् । नदीको वरपर हिमाली क्षेत्रमा धेरै प्रकारका जडीबुटीहरू पाइन्छन् । नीरमसी, भूतकेश, विष, यार्सागुम्बा, जिम्बु आदि लगायत रैथाने प्रजातिका बोटविरूवाहरूको यो भण्डार नै मानिन्छ । विभिन्न प्रकारका वनस्पतिहरू मुख्यतः खाना, मसला, रेशा (कपडा), औषधि, इन्धन, गम, खोटों, धार्मिक प्रयोग र छाना छाउनको लागि प्रयोग भएका पाइन्छन् । स्थानीय आम्ची (स्थानीय वैद्य) हरूका अनुसार ७२ प्रजातिका वनस्पति ४३ प्रकारका व्यथाका लागि उपयोग गरिन्छन् ।

६.२.चराचुरुङ्गी तथा जनावर

कालीगण्डकी वरपर विभिन्न किसिमका पशुपन्क्षीहरू पाइन्छन् । यो हिमाली, पहाडी र तराई क्षेत्रसम्म विस्तार भएको हुँदा नेपालमा पाइने प्रायः सबै जातजातिका चराचुरुङ्गी तथा जङ्गली जनावर रहेका छन् । जङ्गली जनावरमा हिउँ चितुवा, भालु, चितुवा, स्याल, मलसाप्रो, बँदेल, जङ्गली कुकुर, बाँदर, दुम्सी, मृग, हरिण, कस्तूरी, रतुवा, झारल, नाउर, आदि पाइन्छ । त्यसरी नै न्याउली, ठेउवा, ढुकुर, फाप्रेचरो, सुगा, कोइली, कोकले, ढुकुर, माटोकोरे, लुइँचे, चिवे, चिल, गिद्ध, बाज, जुरेली, बट्टाई,कल्चौडे, लाहाचे, डाँफे, तित्रा, कालिज, लामपुच्छ्रे, कुथुर्के, जल बकुल्ला, हुटिट्याँऊ, जलकौवा, जलहाँस, काग, हिउँ परेवा, च्याखुरा आदि यस पहाडी क्षेत्रका चराचुरुङ्गी तथा जनावर हुन् ।

कालीगण्डकी वरपर सीमसारीय क्षेत्र भएकोले यहाँ विभिन्न थरिका पुतली, उभयचर, सरीसृपहरू र स्तनधारी जनावरहरू पाइन्छन् । सन् २००८ मा गरिएको एक अनुसन्धानअनुसार २५ प्रजाति (७ वटा पानीमा पाइने) किराहरूहरू पाइन्छन् । १८ प्रजातिका पुतलीहरू छन् । त्यसरी नै ११ प्रजातिका उभयचर, ८ प्रजातिका छेपारा, ५ प्रजातिका सर्प, १०५ प्रजातिका चरा र २९ प्रजातिका स्तनधारी जनावर रहेका छन् ।

७.तीर्थस्थल

हिन्दू संस्कृतिमा पशुपन्क्षी (गाई, गरुड आदि), वनस्पति (तुलसी, पीपल, वर आदि), शिला (शालिग्राम, ढुङ्गा मूर्ति आदि), जल (नदी), थल

लाई (मुक्तिक्षेत्र, पाशुपतक्षेत्र, देवघाटक्षेत्र आदि), ग्रह (सूर्य, चन्द्र, शनि आदि) देवतुल्य मानी पूज्ने विधान छ । कालीगण्डकी पनि तीर्थस्थलको रूपमा मानिन्छ । तीर्थ भन्नाले पानी भएको स्थान वा पवित्र स्थान जहाँ श्रद्धासहित मानिसहरू स्नान, यज्ञ, देवदर्शन गर्न पुग्छन् । तीर्थ तीन प्रकारका छन् । पहिलो जङ्गमतीर्थ जसलाई उठाएर लैजान सकिन्छ । दोस्रो मानसतीर्थ, जसलाई घरमै बसेर सङ्कल्प (मनमा उत्पन्न हुने) गरेर पूरा गर्न सकिन्छ । तेस्रो स्थावरतीर्थ, जहाँ दर्शन गर्न जानैपर्छ । पहाड, पर्वतस्थित मुक्तिक्षेत्र, त्रिवेणी, देवघाट, काशी, गया, प्रयाग आदि स्थावरतीर्थका उदाहरण हुन् ।

हिमालयन पर्वतबाट उत्पत्ति भएकी कालीगण्डकी नदीको जल पवित्र मानिएको छ । पहाडपर्वतका कन्दरा, पहरा, भीर छिचोल्दै आइपुगेका पानी विभिन्न किसिमका खनिज भरपूर मात्रामा हुने भएको विशेषतः नदीका जललाई पवित्र मानिएको हो । नदीका किनारहरूमा प्रमुख तीर्थहरू रहेका छन्-

७.१.मुक्तिनाथ धाम

स्कन्दपुराणले मुक्तिक्षेत्र तीर्थको स्थापित हुनु कारणसहित उल्लेख गरेको छ। कालीगण्डकी तट वर्तमान मुक्तिनाथधाम ब्रह्माजीको तपस्या स्थल हो । एक पटक ब्रह्माले सबै प्राणीको कल्याणका लागि जलमाथि बसेर अग्निलाई आवाहन (आमन्त्रण) गर्नुभयो र पायस (खीर, घिउ) हवन गर्नुभयो । त्यसै दिनदेखि पानीमाथि बल्ने ज्वाला (ज्वालामाई) उत्पन्न भएको र त्यो आजपर्यन्त रहेर भगवान्को रूपमा मानिदै आइएको छ । यहाँ ब्रह्माजी सबै देवीदेवता भगवान् शिव (अग्निरूप) र विष्णु (जलरूप) हुनुहुन्छ। यस मुक्ति-क्षेत्रमा देव, ऋषि, किन्नर, गन्धर्व, अप्सरा आदि सबैको निवास रहेको छ भन्ने विश्वास गरिन्छ । ब्रह्माद्वारा यज्ञ गरिएको स्थान भएकोले यो स्थल पवित्र पापनाशक तीर्थको रूपमा प्रसिद्ध छ ।

७.२.कागबेनी

कागबेनी मुक्तिनाथ धामको फेदी हो, जहाँ कालीगण्डकी र मुक्तिनाथ धामको जल बगेर बनेको खोला (कागखोला) को सङ्गमलाई कागबेनी भनिन्छ। शालिग्राम प्रशस्त मात्रामा पाइने हुँदा यो स्थल अति पवित्र

मानिन्छ । शास्त्रले भनेको छ :- जसले यस सङ्गममा पिण्डदान वा तर्पण गर्दछ, त्यसलाई गयामा पिण्डदान गरेभन्दा पनि एकसय गुणा बढी फल प्राप्त हुन्छ। कागबेनी श्राद्धस्थल भएकोले यस कालीगण्डकीको छेउछाउमा पर्ने यो कागबेनी बस्तीलाई पनि तीर्थस्थलको रूपमा मान्यता प्राप्त छ। यसै स्थानमा कागभुसुण्डी ऋषिले तपस्या गरेको हुँदा काग (ऋषि) र बेनी (सङ्गम) को संयुक्त नामबाट कागबेनी रहेको हो भन्ने भनाइ पनि छ।

७.३.गलेश्वर

कालीगण्डकी र रहुगङ्गाको सङ्गमस्थललाई गलेश्वर धाम (म्याग्दी) को रूपमा चिनिन्छ । पहिले यस तीर्थलाई जलेश्वर भनिन्थ्यो । पछिपछि यसलाई जडेश्वर भन्न थालियो र कालान्तरमा यी नाम अपभ्रंश भएर गलेश्वर भन्न थालिएको हो भन्ने भनाइ रहेको छ । अर्को भनाइअनुसार सतीदेवीको गला पतन भएकोले यस स्थानको नाम गलेश्वर रहन गएको हो । यहाँ जडभरतले तपस्या गरेका थिए । यस स्थलमा शङ्ख, चक्र, गदा अङ्कित शिला र शिलामाथि कुण्ड, गलेश्वर महादेवको मन्दिर, राधाकृष्णको मन्दिर, यज्ञशाला, शालग्राम गण्डकी वेद विद्याश्रम रहेका छन्। पुलस्त्य (रावणका हजुरबुबा), पुलह ऋषिको आश्रम पनि नजिकै रहेको छ। यहाँ हरेक वर्ष महाशिवारात्रि र बालाचर्तुदशीमा जात्रा लाग्दछ। यसको छेउमै पूर्वीभागतिर कालीगण्डकी बगेकी छिन्। यस स्थानको पहिचान अझ पुलत्य ऋषि, साँख्याचार्य महायोगी कपिलमुनि, राजा जडभरत र रहुगणको आबद्धतालाई लिएर यसको महिमा छुट्टै रहेको छ।

७.४. रुरुक्षेत्र तपोभूमि (रिडी)

उत्तरी क्षेत्रबाट प्रवाहित कालीगण्डकी र पश्चिमी क्षेत्रबाट बगेकी रिडी खोलाको सङ्गम रुरुक्षेत्र हो । यो पाल्पा र गुल्मी जिल्लाको सिमानामा पर्दछ। पौराणिक मान्यताअनुसार यो ठाउँ रुरुकन्याको तपस्यास्थल हो । उनको तपस्या देखेर वरदान दिन हृषीकेश भगवानूले अवतार लिएका थिए। यहाँ स्नान गर्नाले तीन प्रकारको ऋण (देव, पितृ र ऋषि) बाट मुक्त भइने भनाइ रहेको छ। यस रुरुक्षेत्रबाट कालीगण्डकी पूर्वतिर बगेकी छिन्।

७.५.देवघाट धाम

वाराहपुराणले उल्लेख गरेअनुसार देवाटबाट, देवघाट (अपभ्रंश) हुन गएको हो । **देवानामटनाच्चैव देवाट इति सञ्ज्ञितम्** भनिएको छ । यहीँबाट देवता अन्यत्र भ्रमण गर्दछन् । सप्त गण्डकीको एकाकार हुने सङ्गम यही देवघाट क्षेत्र हो । देवघाट तीर्थको पुराणहरूमा पनि व्याख्या गरिएको छ । यहाँ विभिन्न गुफा, विद्यापीठ, मन्दिर तथा ससाना कुटीहरू छन् । हाल यो क्षेत्र बजारझैं गुल्जार छ । तनहुँ, चितवन र नवलपुरको बीच यो तीर्थस्थल रहेको छ । सम्पूर्ण नदीहरूमा देवघाट अति प्रिय छ भनेर वराह भगवान्ले वाराहपुराण मुक्तिक्षेत्रमाहात्म्यमा भन्नुभएको उल्लेख छ। मकर सङ्क्रान्तिमा यहाँ भव्य मेला लाग्दछ। यस स्थलमा त्रिशूली र कालीगण्डकी मिलेपछि विशाल नारायणी (गण्डकी) नदीमा समाहित हुन्छ।

७.६.त्रिवेणी (गजेन्द्रमोक्ष धाम)

विशाल जलराशिको गण्डकी (नारायणी) बनेर प्रवाहित भएपछि नवलपुर जिल्लाको दक्षिणी भागको गजेन्द्रमोक्ष धाममा पुग्दछ। त्यहाँ शोणभद्रा, (स्वर्णभद्रा) पूर्णभद्रा र नारायणी (गण्डकी) यी नदीको सङ्गमबाट त्रिवेणी बन्दछ । श्रीमद्भागवतमहापुराणका अनुसार पौराणिक कालमा गज (हात्ती) र ग्राह बीचको युद्ध यसै भूमिमा भएको थियो । हात्तीले भगवान् नारायणको स्तुति गरेपछि युद्धले अन्तिम रूप लियो । अन्ततः गजेन्द्रको उद्धार पनि भयो तसर्थ यस स्थानलाई गजेन्द्रमोक्षधामका नामले पनि चिनिन्छ । वाल्मीकि ऋषिको आश्रम पनि यहीँ रहेको थियो । यहाँ अनेकौं मन्दिर छन् । माघ कृष्ण अमावस्या (औसी) का दिन यहाँ मेला लाग्दछ ।

८.बस्ती बजार

मानव सभ्यताको विकास नै नदीका किनारबाट भएका छन् । न्हुवीने हिमालबाट निस्कने खोला लोमानथाङमा आएपछि मात्र कालीगण्डकी नामले चिनिन्छ । केहीले कागबेनीबाट कालीगण्डकी नामकरण भएको हो भनेका छन् । जे होस् कागबेनी, एक्लेभट्टी, जोमसोम, मार्फा, टुकुचे, तातोपानी, गलेश्वरबेनी, पर्वतबेनी, गणना गर्न लायकका बस्तीहरू हुन् । यस बाहेक नदी किनारमा रहेको देवघाट एक प्रसिद्ध धार्मिक स्थल हो। त्यसरी नै कालीगण्डकी

त्रिशूलीमा मिलेपछि नारायणघाट, रिडी, वाल्मीकिनगर र त्रिवेणीजस्ता बजार रहेका छन् । यो भारततर्फ पनि सुवमपुर (उडिसा), र हरिनगर (उत्तर प्रदेश) जस्ता प्रमुख बजार/शहर रहेका छन् । सन् २०११ मा गरिएको केन्द्रीय तथ्याङ्क विभागको रेकर्डअनुसार यस क्षेत्रमा गुरुङ ५९.३ प्रतिशत, थकाली २४.५ प्रतिशत, कामी/दमाइँ ८.२ प्रतिशत, ठकुरी २.९ प्रतिशत र अन्य जाति २.१ प्रतिशत रहेको देखिन्छ । त्यसरी नै बौद्धमार्गी ८,०९५ जना (६०.१८ प्रतिशत), हिन्दू ५०१४ (३७.४७ प्रतिशत), क्रिस्चियन १५२ जना (१.१३ प्रतिशत), किराँती १९ जना (०.१४ प्रतिशत), इस्लाम ३ जना (०.२ प्रतिशत) र अन्य धर्मावलम्बी १४३ जना (१.०६ प्रतिशत) रहेका छन् ।

९.पर्यटन

कालीगण्डकी हिन्दू र बौद्धमार्गीमा नभई सम्पूर्ण विश्वका सबै प्रकृतिविद्हरूका लागि क्रीडास्थल हो । अझ भन्ने हो भने यो पवित्र तीर्थस्थल पनि हो । नदी प्रमुख आकर्षण स्रोत हो । सन् १९९२ अघि वातावरणीय, तथा सामाजिक तथा सांस्कृतिक दृष्टिकोणबाट विदेशी पर्यटकहरूका लागि यो प्रतिबन्धित थियो । यसैको किनार र अगलबगल भएर पर्यटन मार्ग कोरिएको छ । ट्रेकिङको लागि यो अति प्रसिद्ध छ । हिमाली क्षेत्रको भौगोलिक धरातल अत्यन्तै मनमोहक छ भने तल बहेको नदीको रफ्तार र पानीको बहाव कलरवको आनन्द बेग्लै हुन्छ । पदमार्ग एकान्त र प्रिय छ । अधिकांश पदमार्गले कालीगण्डकी नै पछ्याएको छ । हिँडेर यात्रा गरौं या गाडीमा नदी कतै लुक्दै कतै जलमै हेलिँदै यात्राको चरत्मोकर्ष भिन्न प्रकारको छ । विशेषतः तीर्थयात्रीहरू कालीगण्डकीका तीरैतिर हिँडेका हुन्छन् । कालीगण्डकीको ढुङ्गा पनि अत्यन्तै मूल्यवान् छन् । विश्वका हरेक व्यक्तिहरू यसको बगरमा रमाउने गर्छन् । मुक्तिनाथ, कागबेनी, तिब्बतसित जोड्ने कोरला नाका पनि यही कालीगण्डकी शिरमा पर्दछ । अझ काठमाडौं मुक्तिनाथ हेलिकोप्टर सेवा पनि सञ्चालन छ भने पोखरा मुक्तिनाथ हवाइ यात्राबाट पनि कालीगण्डकीको सेरोफेरोको आनन्द लिन सकिन्छ । अन्नपूर्ण राउण्ड ट्रेकका लागि वर्सेनि हजारौं पर्यटकहरू यही नदी भएर जोमसोम, थोराङ्ग भञ्ज्याङ्ग जाने गर्दछन् । यसबाहेक अन्य पदयात्राका लागि तिलिचो

ताल, डोल्पा, धवलागिरि बेस क्याम्प, धवलागिरि आइसफल ट्रेक, कागबेनी-लोमानथाङ ट्रेक, मुक्तिनाथ-छुसाङ ट्रेक यी सबै कालीगण्डकीकै वरदान हुन् ।

१०.निकुञ्ज, बाँध

नारायणी नदीलाई सिमाना बनाएर यसको एकातर्फ नेपालको सबैभन्दा पुरानो चितवन राष्टिय निकुञ्ज रहेको छ । यो सन् १९७३ मा स्थापना भएको हो । यसको क्षेत्रफल ९३२ वर्ग किलोमिटर रहेको छ । वाल्मीकिनगर वरपर गण्डक बाँध बनाइएको छ ।

११.विश्वको गहिरो गल्छी

कालीगण्डकीमा झरेको रुप्से छहरा अत्यन्तै प्रसिद्ध छ । अग्लो चट्टानयुक्त पहराबाट खसेको यो छहराले लाखौं पर्यटकहरूलाई मुग्ध पार्दछ । यसका साथैमा रहेको कालीगण्डकी गल्छी विश्वकै गहिरो गल्छी मानिन्छ । यसलाई अन्धगल्छी पनि भनिन्छ । यो धवलागिरि (८१६७ मिटर) र पूर्वको अन्नपूर्ण (८,०९१ मिटर) को बीचमा अवस्थित छ भने धवलागिरि र अन्नपूर्ण पहाडका १,३०० मिटर र २,६०० मिटरको बीच भागबाट यो नदी बगेको छ । यसलाई गहिरो गल्छीको उपमा दिइएको हो । गण्डकी प्रदेशका नदीहरूमध्ये यसले छुट्टै विशेषता बोकेको तथ्यलाई नकार्न मिल्दैन ।

११.निष्कर्ष

गण्डकी प्रदेशको पश्चिमी क्षेत्रमा अवस्थित कालीगण्डकी सप्तगण्डकीको एक चर्चित सहायक नदी हो । मुस्ताङ जिल्लाको झण्डै मध्यभाग हुँदै शिर हिमशृङ्खलादेखि पुछार पहाडी क्षेत्रसम्म विभिन्न तीर्थस्थल भएर प्रवाहित यस नदीले तराईलाई (देवघाट, चितवन) स्पर्श गरेको छ । यहाँ महत्त्वपूर्ण शालग्राम शिला पाइन्छन् । यसका साथसाथै कालीगण्डकी उपत्यकामा विश्व प्रसिद्ध सबैभन्दा गहिरो रुप्से गल्छी छ । करिब साँढे ५ किलोमिटर धवलागिरि र अन्नपूर्ण हिमशृङ्खलाको साँगुरो घाटी हुँदै बगेको यो नदी अनेकौं खोलानाला, तालतलैया, छहरापहरा र कतै समथर भागमा फैलिएको हुँदा पर्यटन क्षेत्रसमेत जीवन्त छ । यसबाहेक जैविक विविधता, प्राकृतिक छटाका साथसाथै एक ऐतिहासिक, धार्मिक, सामाजिक सांस्कृतिक पक्षमा समेत यो बेजोड छ । कालीगण्डकी युरेनियम, सुन, सिसा, जस्ता,

तामाका धाऊजस्ता बहुमूल्य रत्नको मुहान पनि हो । ३३० किलोमिटर लम्बाइ रहेको यस नदीले ७,६२० वर्ग किलोमिटर नेपालको भूभाग ढाकेको छ । कालीगण्डकी ए जलविद्युत् आयोजना सञ्चालन तथा नेपाल भारत सीमावर्ती क्षेत्रमा बाँध बाँधेर जलविद्युत् उत्पादन र सिंचाई समेत गरिएको छ । यो नदीको वर्णन महाभारत र पुराणहरूमा पनि छ । यो नदी धार्मिक, सांस्कृतिक, पौराणिक र पर्यटकीय र विविध दृष्टिकोणबाट प्रसिद्ध छ । यसको पहिचान र विशेषताले नै यसको महत्त्व सर्वत्र बढेको महसुस गर्न सकिन्छ । समयसापेक्ष यस कालीगण्डकी नदीलाई अन्य नदीहरूका तुलनामा विशेष अध्ययन, अनुसन्धान गर्नु, गराउनुका साथै अन्तर्राष्ट्रिय क्षेत्रमा समेत यसको प्रचारप्रसार गर्नु गण्डकी प्रदेशका लागि अत्यन्तै फलदायी हुनेछ ।

सन्दर्भस्रोत

आचार्य, जगन्नाथ (२०७२), हरिहरक्षेत्र र कृष्णगण्डकी तटीय क्षेत्रका तीर्थस्थलहरू, बूढानीलकण्ठ दर्पण सं. कृष्णप्रसाद उपाध्याय लगायत, पोखरा : बूढानीलकण्ठ मन्दिर संरक्षण समिति ।

मुक्तिक्षेत्रमाहात्म्य (२०६०), संक्षिप्त परिचय, सं. रंगराज शास्त्री, गलेश्वर : यतिराज प्रकाशन ।

क्षेत्री, दिलबहादुर (२०५६), गलेश्वर शिवालय तथा पुलहाश्रम क्षेत्र सङ्क्षिप्त परिचय, गलेश्वर : गलेश्वर शिवालय क्षेत्र विकास समिति ।

District Development CommiŒee (2014), Resource Mapping Report, 2014 (Edited Krishna KC et al), DDC, Mustang. ddcmustang.gov.np

hŒp://www. indianetzone.com/29/gandak indian river. html

hŒps://www.gigaplaces.com/en/place-kali-gandaki-river/

❖❖❖❖

श्रीकृष्णगण्डकी र मौलिक जल संस्कृति

डा. कुलराज चालिसे [१]

१. परिचय

मध्य नेपालको पर्यावरणीय तथा सामाजिक विशेषता बनाई महत्त्वपूर्ण भूमिका निभाएको हिमनदी श्रीकृष्णगण्डकीको गुणस्तरले नै विशिष्ट धार्मिक महत्त्व कायम रहेको छ । सालङ्कायन ऋषिको दृष्टिदायरामा आएका सर्वेश्वर श्रीहरिको अर्चावतार शालिग्रामको अस्तित्व हिमालयको उठान प्रक्रिया (वराहनारायण कल्प) भन्दा धेरै अगाडि देखि टेथिस सागरको गर्भमा भएका प्रमाणहरू यत्र तत्र छन् (Gradstein, 1989) । हिन्दूबाहेकका अन्य जगत्ले **अमोनाईट** पत्थर भनेर चिनेका शालिग्रामलाई केवल मुक्तिक्षेत्रमा मात्र पाइन्छ भनेर दाबा गर्नु विज्ञानसम्मत तर्क मान्न सकिँदैन । शालिग्राममा **वज्रकीट**को मात्र जीवाशेष हुन्छ भन्ने तर्कलाई पनि माछा तथा लेउको जीवाशेष प्राप्त भएको अवस्थामा प्रश्न गर्ने आधार भएको छ । सत्य त के हो भने शालिग्राम शिलालाई अनुसन्धानको केन्द्रमा राखेर जीवजगत्को व्याख्या गर्ने पहिलो प्रयास हिन्दू ऋषिमुनिले गरे जसको पूरक अनुसन्धान अहिलेका भूगर्भ वैज्ञानिकले **आइसोटप्स**को तहमा पुगेर गर्दैछन् । ऋषिमुनि संसारी लोभ र भयको घेराबाहिर थिए तर बौद्धिक सम्पत्ति रक्षाको चिन्ताले अहिलेका वैज्ञानिकलाई सताएको छ । पहिलाका वैज्ञानिकलाई अनुसन्धान प्रकाशलाई कसरी सर्वसाधारणले जीवन पद्धतिमा रूपान्तरण गर्छन् भन्ने चिन्ता थियो । अहिले कसरी नगदमा रूपान्तरण गर्ने भन्ने चिन्ता छ । त्यसैले पहिलाका वैज्ञानिकले सत्यतथ्यलाई रोचक कथाका आवरणलाई पनि साहित्यको मसलाले छोपिदिन्थे । अहिलेकाले अनुसन्धान प्रकाशको दुरुपयोग हुने सम्भावनाको ख्याल नगरी अधिकभन्दा अधिक बौद्धिक सम्पत्तिको बजारीकरण गर्न चाहन्छन् । त्यसैले गर्दा वृन्दा, जालन्धर, तुलसी तथा शङ्खचूडको कथामा पुराण व्याख्याताहरूमध्ये कसैले कल्पभेद र कसैले सम्प्रदायभेद देख्छन् । पङ्क्तिकारले त्यहाँ खारपानीको झुण्डबाट चोखोपानीलाई अलग गरेर जल शुद्धीकरण गर्ने हिमालय उठानको सूचना

---

१. लेखक (पोखरा -८ रत्नचोक)आध्यात्मिक चिन्तक तथा सामाजिक अभियन्ता हुनुहुन्छ ।

सङ्ग्रह भएको मात्र देख्दछ, त्यसबाहेक अन्य केही देख्दैन ।

कल्पभेद होस् वा सम्प्रदायभेद त्यस कथाको भेद वास्तविक तथ्यलाई रोचक बनाउने साहित्यिक कलामा छ, कथाको अन्तरवस्तुमा छैन । दुवै कथामा श्रीविष्णुले पतिव्रता परस्त्रीको छलपूर्वक सतीत्व हरण गरेर श्रीमहादेवको रक्षा गर्नुभएको तर्क प्रस्तुत भएको छ । पतिव्रता धर्मको मुक्तकण्ठले व्याख्या गर्ने पुराणसाहित्यमा धोकाघडीको कथाले प्राथमिकताका साथ स्थान प्राप्त गर्नुको पछाडि हिन्दू धर्मको जह्रोचुह्रो गाँसिएको देखिन्छ । कथाहरू विज्ञानै विज्ञानले ओतप्रोत छन् । अनि शब्दप्रमाणको सागरमा गोता मार्नेले यस कथाको मर्मलाई धर्ममा समायोजन गर्न सक्दैनन् भन्ने निष्कर्षमा पुग्न सकिन्छ । क्षीरसागरमा स्नान नगरेको पण्डितले श्रीहरिलाई चिन्न सक्दैनन् । तिलक, वस्त्र र नामजपको घेराबाट माथि उठ्न नसकेको पण्डितले सर्वसाधारणको दृष्टि र दृष्टिकोणलाई अल्मल्याउन सके तापनि सत्यको उजागर गर्न सक्दैनन् । श्रीहरिको विज्ञानलाई बुझ्ने श्रीकृष्णद्वैपायन वेदव्यासको ज्ञान रोमहर्षणको कानमार्ग भएर काश्यपगोत्रीय अकृतव्रण, सावर्णि र शांसपायनको (विष्णुपुराण ३/६/१८) कलमको टुप्पोबाट भोजपत्रमा सर्दा नै अर्थको अनर्थ हुनपुगेको छ भने कागजमा लेखिएका शास्त्रलाई स्वयं उत्पत्ति भएको मान्नेले कसरी व्याख्या गर्लान् । कलियुगको जटिल प्रभावमा परेका आश्रमाधीशले वेदवाक्यको व्यापारमा यस्तै भाषा प्रदूषणलाई प्राथमिकता दिँदै आएका छन् (Robertson, 2004) । सय करोड सूत्रमा विस्तारित (पद्मपुराण, १/१/४६) शास्त्रलाई भाषाको साँगुरो घेरामा बन्द गर्ने असफल प्रयास गरेका छन् । नीरसागरभित्र लुकेको क्षीरसागरलाई क्षारसागरको सतहमा गोता मारेर खोज्ने पण्डितको शब्द प्रमाणलाई आधार बनाएर हिन्दूदर्शनउपर हिलो धस्न प्रयास गर्ने परधर्मका व्यापारीले कुर्लँदैमा विज्ञानसम्मत् सत्यता लुक्न सक्दैन । तर पनि ज्ञान आश्रममा खोजेर मात्र पाइँदैन । वस्त्र र तिलकको विज्ञापनले मन्त्रको अर्थ लगाउन सकिँदैन । परोक्षवादात्मक सूचना प्रवाह गर्ने शास्त्रको स्वाध्यायले पनि निरूपण गर्न सकिँदैन -

परोक्षवादो वेदोऽयं बालानामनुशासनम् ।
कर्ममोक्षाय कर्माणि विधत्ते ह्यगदं यथा ।।

(श्रीमद्भागवतमहापुराण ११/३/४४) ।

त्यसैले सदानीरा श्रीकृष्णगण्डकी र सर्वेश्वर श्रीहरिको अर्चावतार शालिग्रामउपर अनुसन्धान हुन नितान्त आवश्यक छ । ह्रस्व, दीर्घ, सर्ग विसर्गको घेराभित्र विज्ञानमूलक अनुसन्धान हुन सक्दैन । शब्दप्रमाण समायोजन गरेर हिन्दूदर्शनमा रहस्यमय देखिएका सत्यको उजागर गर्न सकिँदैन । त्यसैले श्रीकृष्णगण्डकीको अनुसन्धान एकीकृत विधामा गरिनुपर्छ । संस्कृत साहित्यले यस्तो अनुसन्धानमा आधार त दिन्छ, विज्ञानको सहायता नहुँदा चुद्रो पहिल्याउन गाह्रो पर्छ । त्यसैले श्रीकृष्णगण्डकीको अनुसन्धानमा ज्ञानको साथमा विज्ञानको सहारा लिन नितान्त आवश्यक छ ।

२. भौगोलिक अवस्थिति

सप्त स्रोतमध्ये गण्डकीको प्रधान नदी श्रीकृष्णगण्डकी हुन् । हिन्दू दर्शनमा कलियुगको प्रभाव परेर बजारमुखी सन्तले सम्पादन गरी प्रेसको सहारामा विस्तार गरिएको आधुनिक स्कन्दपुराणमा समाहित हुन नसकेको हिमवत्खण्डअनुसार भगवतीको अवतारको रूपमा उत्पन्न भएर सर्वप्रथम गण्ड ऋषिले स्नान गर्नुभएको गण्डकीलाई शाम्भवी र वैष्णवी धारामा विभक्त गरिएको छैन । त्यसैले श्रीकृष्णगण्डकीलाई दामोदरकुण्ड-देखि देवघाटको क्षेत्रमा सीमित गर्न मिल्दैन । हरिहरात्मक श्रीकृष्णगण्डकी देवघाट उप्रान्त नारायणीको नामले बगिन् भन्दैमा भौगोलिक अवस्थितिमा कालीगण्डकी प्रस्रवणमा सीमित गर्न मिल्दैन । यो प्रस्रवण क्षेत्र हिमालय-देखि भागीरथी गङ्गाको मैदानसम्म गण्डकी प्रदेशमा फैलिएको छ । हिमालयको उठान, महाभारतको कटान र मधेसमा पटानको पद्धतिमा यो प्रस्रवणको निर्माण भएको छ । चितवन माडीको **मग्वै** नदीमा पाईएका शालिग्रामले यस्तै गूढरहस्य सङ्केत गरेका छन् (चालिसे, २०१८, पृ. ७) । श्रीकृष्णगण्डकीले अहिले समाएको बाटो र गङ्गा र गण्डकीको सङ्गममा थुप्रिन गएका गिटीबालुवाले सङ्गम स्थानान्तरण गर्दैमा साबिकको सङ्गम त्यहीँ नै थियो भन्न सकिँदैन । श्रीकृष्णगण्डकीले तत्कालीन अवस्थामा समाएको मार्गमा ठाउँ ठाउँमा शालिग्राम हुन सक्छन् । अहिलेको मार्गमा अनुसन्धान केन्द्रित हुँदा तत्कालीन सत्य उजागर हुन सक्दैन । तर पनि सत्यतथ्य प्रकट नहुँदासम्म अहिले उपलब्ध तथ्याङ्कको सहारा लिनु हाम्रो बाध्यता हो त्यसैले तलको चित्र प्रस्तुत गर्न सकिन्छ ।



चित्रः श्रीकृष्णगण्डकीको भौगोलिक अवस्थिति, लम्बाई र गल्छिको गहिराई, (Robl, Stume & Hergarten, 2008)

वराहकल्पभन्दा पहिला, आजको मुक्तिक्षेत्र टेथिस सागरको गर्भभित्र थियो । उक्त सागरको पिँधमा पृथ्वीको भूगर्भभित्र लम्पसार फैलिएको चट्टानमा दबाव दिएर श्रीवराहनारायणले हिमालयलाई उठाउँदा साबिकमा उत्तरवाहिनी श्रीकृष्णगण्डकी हिमालयको उठानपश्चात् दक्षिणवाहिनी हुनपुगिन् । क्यानाडाको डलहाउस विश्वविद्यालयसंग आबद्ध भएर विभिन्न देशका र विभिन्न विधाका एघार जना वैज्ञानिकले सन् १९८८मा सम्पन्न गरेको संयुक्त अनुसन्धानको प्रतिवेदनले यसै तर्कलाई निक्यौंल गरेका छन् (Gradetein et al, 1991) । श्रीकृष्णगण्डकी दक्षिणवाहिनी हुँदा सर्वप्रथम धवलागिरि पर्वतमालाले छेक्यो र जोमसोम उपत्यकामा हिमतालको निर्माण भयो। धवलागिरि पर्वतमालाको लेतेदेखि गलेश्वरसम्मको पर्वत छेडेर गण्डकीले संसारकै गहिरो गल्छी निर्माण गर्दा उक्त हिमताल सुकेर जोमसोम उपत्यका सतहमा आयो। तत्पश्चात् बाच्छा खण्डमा पुन रोकिँदा म्याग्दी, बाग्लुङ, कुसुमपुर (कुस्मा), ज्ञादी, फलेबास क्षेत्रमा तलाउ बन्यो । उक्त भीमबाँध पनि फुटाएर गण्डकीले बाटो बनाउँदा मिर्मीबाट बेलटारी सीधै गएको र गण्डकीका दायाँबायाँ खण्डखण्डमा विभक्त तहराहरूले सङ्केत गरेका छन् । कालक्रममा गण्डकी अझै गहिरिँदै गयो र बाटो फेरियो । बेलटारीदेखि मिर्मीसम्मको भूखण्डले यस्तै सङ्केत गरेका छन् । बाटो फेरिने क्रममा गण्डकी पश्चिमवाहिनी भएर बडीगाढ तथा रिडीलाई लिँदै लसर्घाको डाँडो फनक्क घुमेर रामनदीधाम निस्कन पुगिन् । दक्षिणवर्ती यात्रामा तेश्रो पटक कोटाखण्डको डाँडाले छेकेर रामपुर उपत्यकामा ताल जम्न पुग्यो । पछि कोटथरदेखि ढोडेनी खण्डको

भीमबाँध फोरेपछि गण्डकीले पुनः गहिरिँदै रामपुर उपत्यका बनायो र प्राचीन देवह्रदमा श्रीकृष्णगण्डकीमा सेती र त्रिशूली मिसिएर प्रयाग बन्यो । शब्द प्रमाण जुटाउँदा साबिकमा देवघाटको शब्द प्रयोग नभई देवह्रदको प्रयोग भएकोले तीन स्रोत श्रीकृष्णा, सेती र त्रिशूलीको स्रोत सम्मिलित दह भन्ने बुझिन्छ। यस क्रममा श्रीकृष्णगण्डकीले दुई स्थानमा प्रयाग बनाइन् । प्रथम प्रयाग मङ्गला,रुद्र र कालीको र दोस्रो प्रयाग काली, सेती र त्रिशूलीको । यिनीहरू आदिप्रयाग हुन् । त्यसैको आधारमा देवघाट र पुलहाश्रमको महत्त्व पुराणहरूमा उल्लेख छ। गङ्गा, यमुना र सरस्वतीको सङ्गम प्रयागमध्ये पुराणमा उल्लिखित उत्कृष्ट सङ्गम हो । पुलहाश्रम र देवघाट प्रयाग अस्तित्वमा रहेको बखत भागीरथी मैदानमा यमुना, सरयू र गण्डकीको सङ्गमलाई प्रयाग भनिएको हुनसक्छ । पुराणअनुसार भागीरथी गङ्गाको शिर अलकानन्दाको सम्बन्ध कैलाश तथा मानसरोवरसंग हुनु अनिवार्य हुन्छ (मत्स्यपुराण १२१/१७, कल्याण, वर्ष ८१/ नं. १, पृ. ४४४) । भगीरथ राजाको राजधानी अयोध्या भएकोले उनले गङ्गाको मार्ग अगुवाई गर्दा आफ्नो राज्यलाई केन्द्रमा राखेर गर्ने सम्भावना प्रबल देखिन्छ। सरयूको शिरोनदी कर्णालीको शिर मानसरोवरसँग भएकोले उपर्युक्त दुवै तर्कले सरयूलाई नै पुराणवर्णित गङ्गा मान्न पर्याप्त आधार दिन्छ । गण्डकीलाई सदानीरा सरस्वती भनिएको हुनसक्छ । हाल गङ्गा र यमुनाको नामले परिचय प्राप्त दुवै नदी यमुनाको हाँगा हुनुपर्छ । समयक्रममा हिमालको उठान, महाभारतको कटान र भारतमा पटान प्रक्रियामा साबिकको त्रिवेणी, पछि गएर दुई छुट्टा छुट्टै वेणी बनेका हुन सक्छन् । आश्रमको ख्याति बढाउने उद्देश्यले पुराणको सहारा लिँदै श्लोकमा थपघट भएको सम्बन्धमा अनुसन्धान हुन नसक्नु र पछिल्लो पुस्ताको पुराण तयार गर्दा भारतका तीर्थस्थलको महत्त्व स्थापित गर्ने उद्देश्यको बाहुल्य देखिएकोले नेपालीमूलका अनुसन्धाता भारतीय पुराणमा विश्वस्त हुनुभन्दा तर्कपूर्ण अनुसन्धानमा सक्रिय हुन पनि आवश्यक देखिएको छ। प्राय सबै पुराणहरूमा शालिग्रामको अस्तित्व देखिन्छ । शालिग्रामको स्रोत श्रीकृष्णगण्डकी भएकोले श्रीकृष्णाद्वैपायन वेदव्यासले विभक्त गरेको ब्रह्मवेद, कुनै पुस्तकाकार वेद नभई यही गण्डकी हुनसक्छ र शालिग्राममा अङ्कित सूचना नै वेदका ऋचा हुन सक्छन् । किनभने धर्मशास्त्रमा श्रीकृष्णगण्डकीलाई ब्राह्मीको नामले पनि

पुकारिएको पाईन्छ । श्रीकृष्णगण्डकी र शालिग्रामको माहात्म्य उल्लेख गर्दै वाराहपुराणमा उल्लिखित निम्न श्लोकले यसै तर्कलाई बल प्रदान गरेको छ -

त्वयि स्थिते जगन्नाथे तव सान्निध्यकारणात् ।
अहं ब्रह्मा च देवाश्च ऋषिभिः सह केशव ।।
सर्वे वेदाश्च यज्ञाश्च सर्वतीर्थानि चाच्युत ।
वसिष्यामः सहैवात्र गण्डक्यां जगतां पते ।।

(वाराहपुराण १४४/१०७, १०८)।

श्रीकृष्णगण्डकीको भौगोलिक अवस्थिति उल्लेख गर्दा हाल दृश्यमा भएको भूगोलको व्याख्या पर्याप्त हुँदैन । कल्पकल्पको इतिहास सङ्ग्रह गरेका श्रीशालिग्रामलाई पुराणका श्लोक केलाउँदै सङ्कलन गरिने शब्द प्रमाणले सङ्केत गर्न सक्छन् तर पनि वैज्ञानिक पर्याप्त हुँदैन । त्यसैले शालिग्राममा लेपिएका विशेष कार्वनको प्रयोगशालामा जाँच गरेर निर्क्योल गर्न आवश्यक छ । नदीमा भन्दा पाखामा शालिग्राम धेरै देखिएको छ । सतहमा भन्दा भूगर्भमा धेरै देखिएको छ । यसैको आधारमा प्रस्रवणको भौगोलिक अवस्थिति निर्क्योल गर्न सकिन्छ । कल्पवासीको बुझ्ने क्षमताको आधारमा दृष्टान्त दिँदै तिलस्मी व्याख्याले सत्यतथ्य लुकाउनु हुँदैन । सत्यतथ्यको आधारमा भौगोलिक अवस्थितिको जानकारी लिन धेरै अनुसन्धान हुन बाँकी नै छ । स्वाभिमानको वकालत गर्ने नयाँ पुस्तालाई गण्डकीले अनुसन्धानको निमित्त पुकारेकी छन् ।

३.पौराणिक सन्दर्भ

अहिलेसम्म जानकारीमा आएका पुराणमध्ये सबैभन्दा पुरानो नेपालको राष्ट्रिय सङ्ग्रहालयमा संरक्षित स्कन्दपुराण हो । हिन्दूहरूको आध्यात्मिक राजधानी मानिएको वनारसमा पनि चौधौं शताब्दीको स्कन्दपुराण मात्र भएको बताइन्छ (वीकीपेडीया) । भारतको कर्नाटक प्रकाशन गृहले सन् १९४४मा प्रकाशन गरेको डा. भि. एस्. सक्थांकरको प्रतिवेदनमा उल्लिखित सबैभन्दा पुरानो महाभारत नेपालबाट सङ्ग्रहित हो । सङ्ग्रहित शास्त्रमध्ये नेपालका नमूना पुरानो हुनका साथै अर्चावतार विग्रह श्रीशालिग्राम लगभग सम्पूर्ण पुराणहरूमा उल्लेख भएकोले श्रीकृष्णद्वैपायन वेदव्यास श्रीकृष्णगण्डकी प्रस्रवणकै भूमिपुत्र थिए भन्ने प्रमाण जुट्छ । भारतबाट प्रकाशित पुस्तकहरूले

उनलाई द्वीपमा जन्मिएकोले द्वैपायन र कालोवर्णको भएकोले श्रीकृष्णद्वैपायन भन्ने दोहोरो विशेषताले पुष्टि गर्ने प्रयास गर्छन् भने योगी नरहरिनाथले दमौलीलाई प्रमाणित गर्ने प्रयास गरेका छन् । यस सन्दर्भमा लेखकको पृथक् धारणा छ । उनी श्रीकृष्णगण्डकीको द्वीपमा जन्मिएकोले श्रीकृष्णद्वैपायन नाम हुन गएको हो । नाममा दोहोरो र पृथक् विशेषता प्रयोग कम हुनपर्छ ।



डा. सक्थांकरले सङ्ग्रह गर्नुभएको महाभारतको एक पातो

स्रोतः Sukthankar V.S. (1944).V. S. Sukthankar Memorial Edition, *Vol. I: Critical Studies in the Mahābhārata,* Bombey: Karnatak Publishing House.

हिमवत्खण्ड स्कन्दपुराणको अङ्ग हो । उक्तखण्डको अध्याय ५६ र ५७ मा मुक्तिक्षेत्र, शालिग्राम र श्रीकृष्णगण्डकीको माहात्म्य नै लेखिएको छ । वाराहपुराणको १४४ देखि १४७ अध्यायसम्म श्रीकृष्णगण्डकी र शालिग्रामको बारेमा नै केन्द्रित भएर वर्णन गरिएको छ । यसैको आधारमा काशीराम सूरिले गण्डकीमाहात्म्य लेखे । जसलाई टीकाराम अधिकारीले अनुवाद गरेर तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालयले प्रकाशन गरेको छ । शिवपुराण वायवीयखण्ड अध्याय १४, ब्रह्मवैवर्तपुराण गणेशखण्ड अध्याय ४४, गरुडपुराण अध्याय ६६ मा शालिग्रामसँग अन्य मूर्तिको तुलना नहुने व्याख्या गरिएको छ । पद्मपुराण, पातालखण्ड अध्याय १९ मा श्री शत्रुघ्नले नीलगिरिको फेदीमा लस्करै ऋषिहरू तपस्यारत भएको उल्लेख गर्दै अध्याय २४मा श्रीकृष्णगण्डकी स्नान गर्दा काशीस्नानभन्दा सयौं गुणा पुण्यदायक बताइएको छ । त्यसै उपदेशलाई अझ जोड दिँदै उत्तरखण्ड अध्याय ८७, १२२ र १२६मा गण्डकी र शालिग्रामको मुक्तकण्ठले व्याख्या गरिएको छ । ब्रह्मवैवर्तपुराण कृष्णखण्ड अध्याय १७ र श्रीमद्देवीभागवत स्कन्ध ९, अध्याय ७ मा कलियुगमा विश्वका सबैतीर्थ श्रीकृष्णगण्डकी र शालिग्राममा समाहित हुने उल्लेख गरिएको छ ।



चित्रः सन् ८१०मा ताडपत्रमा लेखिएको सवैभन्दा पुरानो स्कन्दपुराणको नमूना स्रोतः राष्ट्रिय सङ्ग्रहालय, नेपाल

धार्मिक तथा सांस्कृतिक महत्त्व

श्रीकृष्णगण्डकी समन्वयात्मक आध्यात्मको नमूना हो । लसर्घा आलमदेवीको नाम र स्वरूपले हिन्दू र मुस्लिमको समन्वयको सङ्केत गरेको छ भने श्रीमुक्तिनाथमा हिन्दू र बोनधर्मको समन्वय देखिन्छ। यस गण्डकीको रुरुखण्डसँग गाँसिएको देवदत्त ऋषि, प्रलोम्चा र रुरुकन्याको गाथाले वैष्णव र शैव सम्प्रदायको समन्वय देखिन्छ (गुरुङ, २०६७, पृ. २३९)। यो गण्डकीलाई हरिहरात्मक मात्र भनेमा महत्त्वलाई संकुचन गरिएको जस्तो लाग्छ भने वैष्णवीगङ्गामा मात्र सीमित गरेर विश्लेषण गरियो भने अपमान गरेजस्तो हुन्छ। वामननारायणको दोस्रो पाउ स्वर्गलोक पुग्दा बूढीऔंलाबाट उत्पन्न भागीरथीगङ्गाको त त्यति धेरै महत्त्व छ भने नारायण स्वयंलाई गर्भमा लिने श्रीकृष्णगण्डकीको महत्त्वलाई व्याख्या गर्न जति नै शब्द खर्च गरेपनि अपुग हुन्छ भन्ने शङ्कराचार्यको मतले (देवेश्वर सरस्वती, २०६८ पृ २२) नै श्रीकृष्णाको महत्त्व स्पष्ट गर्छ । भागीरथीगङ्गालाई नारायणपुत्री र श्रीकृष्णगण्डकीलाई नारायणको माता मानिएको हुँदा नातामा श्रीकृष्णगण्डकी भागीरथीगङ्गाको हजुरआमाको दर्जा प्राप्त जलदेवी हुन् । कलियुगले ५००० वर्ष पार गरिसकेकोले विश्वका सम्पूर्ण तीर्थस्थलहरू श्रीकृष्णगण्डकीमा समाहित भैसकेकोले यसको धार्मिक महत्त्व अन्य तीर्थसँग हुनै सक्दैन -

कलेः पञ्चसहस्रे च गते वर्षे तु मोक्षणम् ।
युष्माकं सरितां चैव मद्गेहे चागमिष्यथ ।।

(देवीभागवत् ९/७/२१, ब्रह्मवैवर्तपुराण २/६/१०)।

जुम्ली राजाको स्याहामोहोरको शिरोभागमा **श्री बद्रीनाथो जयति । श्री मुक्तिनाथ सहाय** उल्लेख भएको ऐतिहासिक प्रमाण (ढुङ्गेल, १९८७) तथा जुम्लीहरू अहिलेसम्म पनि प्रतिवर्ष श्रीमुक्तिनाथको दर्शनमा आउने संस्कृतिले (जिल्ला तथ्याङ्क कार्यालय बागलुङ, २०६६) यो नदीको ऐतिहासिक महत्त्व

प्रष्ट हुन्छ। श्रीमुक्तिनाथलाई हिन्दू तथा बोन धर्मावलम्बीहरूले समान्वयात्मक रूपले गरिने आराधना धार्मिक सहिष्णुताको अनुपम उदाहरण हो । यस्तो समन्वय पूजा आराधनामा मात्र सीमित नभएर दैनिक जीवनपद्धतिमा पनि देखिन्छ । हिन्दू तथा बौद्ध संस्कृतिको मिश्रित उदाहरण थकाली समुदायमा प्रष्ट अवलोकन गर्न सकिन्छ । मनोवैज्ञानिक तथा मानवीय धर्मभन्दा माथि उठेर पर्यावरणीय धर्मको उचाइमा पुगेको समाजमा सम्प्रदाय भेद हुँदैन । बगैंचा, चौतारी, पोखरी र गौचरन संस्कृतिले कृष्णगण्डकीको सभ्यतालाई समन्वयात्मक अध्यात्मको नमूना प्रस्तुत गरेको छ । सीताकुण्डको धान, कदमपानी, ढोर वराह तथा छाब्दी वराहको माछा वंशरक्षामा देखिने उदाहरण हुन् । यस प्रस्रवणको सबैभन्दा उत्कृष्ट संस्कृतिमध्येमा कल्पवास संस्कृति हो । त्रीवेणीदेखि गलेश्वरसम्म प्रायजसो वेणीहरूमा कल्पवासीको गाउँले यहाँको संस्कृतिलाई जीवन्त राखेका छन् । लेते कालोपानी उप्रान्त बोन धर्मावलम्बीको पृथक्शैलीको कल्पवास देख्न पाइन्छ । पहराको भित्तामा ओडार खोपेर बसेका कल्पवासीको प्रमाणलाई लिएर विश्वसम्पदा सूचीमा यस प्रस्रवणलाई समावेश गर्ने प्रयास पनि भएको छ। कल्पवासको रोजाइ बालविधवा, विधवा वा परिवारबाट तिरस्कृतमा सीमित छैन। पाल्पा रानीमहलले समाजमा प्रतिष्ठा प्राप्त गरेकाले पनि कल्पवासलाई उच्च प्राथमिकता दिएको उदाहरण अहिले पनि आकर्षणमा नै छ।

५.पर्यटकीय विशेषता

मनोरञ्जनात्मक पर्यटनको हकमा दक्षिणवाहिनी खण्डमा गहिरो गल्छी र तेजिलो धार र रामनदीधाम पश्चात् मन्दगतिको नागबेली चालले तरह तरहका जलक्रीडाको निमित्त यो नदीको लोकप्रियता दिनप्रतिदिन बढ्दो छ। गहिरो खोचबाट हिमाल वारपार गर्न सकिने भएकोले पदयात्रा पर्यटनको निमित्त पनि यो प्रस्रवण लोकप्रिय रहेको छ । नदीको दायाँबायाँ बेसीदेखि देउरालीसम्म फैलिएका मिश्रित बसोबासमा अनुभव गर्न सकिने सांस्कृतिक विविधताले सुनमा सुगन्ध, श्रीखण्डमा कपुरको गन्ध थपेका छन् ।

पर्यटन उद्यममा आन्तरिक र भारतीय पर्यटकको भूमिका पनि महत्त्वपूर्ण हुन्छ । यस्तो पर्यटनको निमित्त आध्यात्मिक महत्त्वका केन्द्रीय आकर्षणको नितान्त आवश्यकता हुन्छ। यस प्रस्रवणको निमित्त श्रीमुक्तिनाथले यो भूमिका

निर्वाह गरेको छ । गण्डकीको बगरमा पाउन सकिने शालिग्रामले विशेष गरेर भारतीय पर्यटकलाई आकर्षण गरेका छन् । शालिग्राम, चक्रनदी, पुलहाश्रम आदि तीर्थाकर्षणलाई पुराणमा उल्लेख गरिएको कारणले पनि यस्तो पर्यटनको समुचित व्यवस्थापन गरेमात्र पुग्छ, बजारीकरण गर्न धेरै खर्च गर्नुपर्दैन ।

६.निष्कर्ष

श्रीमद्भगवद्गीता तथा महापुराणको पटक-पटकको अध्ययनमा पृथक् पृथक् रस आउँछ भनिन्छ । श्रीकृष्णगण्डकीको अध्ययन पनि त्यस्तै प्रकृतिको हुन्छ । देश, काल, आहार, व्यवहार, आसन तथा सङ्गतअनुसार रहस्यबोधमा फरक हुन्छ । यस प्रस्रवणको अनुसन्धानमा संलग्न हुनेले अपनाएको कार्यविधिले पनि रहस्यबोधमा भिन्नता हुन्छ । समाजशास्त्रका अनुसन्धाता रामचन्द्र बरालद्वारा तन्त्र पद्धतिका गुरु **सजना**को सहयोगमा गरिएको अनुसन्धानलाई पुस्तकाकार दिएर प्रकाशित प्रतिवेदन अरुको भन्दा फरक प्रकृतिको छ । अवलोकन र प्रश्नावली पद्धत्तिको नतिजा पनि फरक हुन्छ। पङ्तिकार आफैले जति पटक पैदल यात्रा गऱ्यो त्यति नै फरक पाएको छ । त्यसैले श्रीकृष्णगण्डकीलाई कुनै एक विधामा अध्ययन अनुसन्धान गर्नभन्दा विभिन्न विधाका विषय विशेषज्ञहरू मिलेर एकीकृत अध्ययन गर्न आवश्यक छ । यस्तो अध्ययन पनि एक पटक गरेर पुग्दैन पटक पटक गर्न आवश्यक छ । श्रीहरि शयन गर्नुभएको क्षीरसागरको रहस्य सामान्य तपस्याले उजागर हुँदैन । यसोभन्दैमा भक्तिपूर्ण तरिकाले गरिने अनुसन्धानले पनि श्रीकृष्णगण्डकीको रहस्य निरूपण गर्न सक्दैन भन्ने होइन । तर यस्तो अनुसन्धानमा प्रस्रवणमा आश्रम सञ्चालन गरेर बसेकाले अनावश्यक तर्कका साथ भ्रमित बनाउन सक्छन् । ज्ञान र विज्ञानको समुन्द्रमन्थन नभएसम्म श्रीकृष्णगण्डकीबाट अमृत निस्कँदैन । ज्ञानमार्गबाट होस् वा विज्ञानमार्ग यसको अनुसन्धान चोखोपानीमा केन्द्रित भएर गरेमा सत्यताको नजिक पुग्न मद्दत गर्नसक्छ । तीर्थयात्राको उद्देश्यले धेरैजनासँगै यात्रा गर्दा समभावका समूह हुँदा नयाँ नयाँ रहस्य थाहा पाउन सकिन्छ भने विषमभावमा बाधा पर्न पनि सक्छ। पूर्ण रहस्य थाहा पाउन त भगवान् कै कृपा भए मात्र सकिन्छ। उनैको प्रेरणाले सङ्गति पनि मिल्छ र सत्संग पनि हुन्छ। जलवायु, जैविक तथा सांस्कृतिक विविधताले श्रीकृष्णगण्डकी प्रस्रवण नेपाली मौलिक जल

संस्कृतिको स्थलगत सङ्ग्रहालय विकास गर्न सम्भाव्य क्षेत्र देखिएको छ । यस्तो सङ्ग्रहालयले धन, धर्म र धारणामा सकारात्मक परिवर्तन ल्याउन सक्छ। यो नदीमा पाइने शालिग्राम शिलाको कारणले नै विशिष्ट महत्त्व कायम रहेको हो । त्यसैको आधारमा प्रस्रवण क्षेत्रमा बगैंचा, चौतारी, पोखरी, कुवा, पाटी, पौवा, मन्दिर, गुम्बा आदिको विकास भएको हो भने जीवनको उत्तरार्धमा कल्पवास बस्ने प्रचलन पनि यो नदीको हरेक जलबिन्दुलाई सजीव मानेर चलेको हो । यो नदीको आध्यात्मिक महत्त्व कायम रहनुमा जलविज्ञानको रहस्य भएकोले भौतिकवादीको निमित्त पनि उत्तिकै महत्त्वपूर्ण छ । यो प्रस्रवणलाई नेपाली मौलिक जलसंस्कृतिको स्थलगत सङ्ग्रहालयमा विकास गर्न अनुसन्धानले पनि सम्भाव्य देखाएको छ। यसको समुचित व्यवस्थापन गर्न सकेमा गण्डकी प्रदेशको पर्यटनमा मियो हुन सक्छ ।

सन्दर्भस्रोत

अधिकारी, टीकाराम (वि.सं.२०५५), गण्डकीमाहात्म्य, (नेपाली भाषानुवाद) दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय ।

कल्याण, (सन् २०००), सङ्क्षिप्त गरुडपुराणाङ्क, गोरखपुर : गीताप्रेस ।

गुरुङ, जगमान (वि.सं.२०६७), गण्डकी प्रस्रवणक्षेत्रको सांस्कृतिक सम्पदा, काठमाण्डौ : पश्चिमाञ्चल विकास मञ्च ।

जिल्ला वस्तुगत विवरण मुस्ताङ, (वि.स.२०६६) बागलुङ : शाखा तथ्याङ्क कार्यालय ।

ढुङ्गेल, रमेश (वि.सं.२०४४), मुक्तिनाथ केही ऐतिहासिक तथ्य, प्राचीन नेपाल : पुरातत्त्व विभाग ।

देवेश्वर, सरस्वती (वि.सं. २०६८), रिडीक्षेत्रमाहात्म्य, गुल्मी : रिडीक्षेत्र व्यवस्थापन समिति ।

ब्रह्मवैवर्तपुराण (वि.सं.२०१०), संक्षिप्त हिन्दी तेह्रवा पुनर्मुद्रण गोरखपुर : गीताप्रेस ।

योगी, नरहरिनाथ र अन्य, (वि.सं. २०१३) हिमवत्खण्ड, काशी : गोरक्षटिला ।

वाराहपुराण, (वि.सं. २०१०) संक्षिप्त वाराहपुराण हिन्दी सातौं पुनर्मुद्रण, गोरखपुर : गीताप्रेस ।

विष्णुपुराण, (सन्२०१२), विष्णुपुराण त्रिचालिसौं पुनर्मुद्रण गोरखपुर : गीताप्रेस ।

श्रीमद्देवीभागवतमहापुराण (वि.सं.२०६९), गोरखपुर : गीताप्रेस ।
श्रीमद्भागवतमहापुराण, (सन् १९९७) गोरखपुर : गीताप्रेस ।
सङ्क्षिप्त शिवपुराण, (वि.सं.२०१०), तेईसवाँ पुनर्मुद्रण, गोरखपुर : गीताप्रेस ।
सङ्क्षिप्त पद्मपुराण (सन् २०१२) हिन्दी, चौविसवाँ पुनर्मुद्रण, गोरखपुर : गीताप्रेस ।
Chalise, K.R. (2070 BS) *Scope of Shreekrishnagandaki Basin in Context to Field-museum of Nepalese Water Culture*, PhD Dissertation-NSU :Unpublished
Gradstein, F.M., Gibling, M.R., Jansa, L.F., Kaminiski, M.A., Ogg, J.G., Sarti, M., ... Wastermann G.E.G et al (1989). *Mesozoic Stratigraphy of Thakkhola, Central Nepal (Lost Ocean Expedition)*, Canada: Centre for Marine Geology, Dalhousie University.
Robl J., Stume K. & Hergarten S (2008) Channel profiles arround Himalaya River anticlines: Constraints on their formation from digital elevation model analysis *Tectonics*, Vol 27, TC 3010 doi 10.102912007TC002215 : American Geophysical Union
Robertson S (2004) Early Beginning of Science and Religion, Indian Journal of Theology 46/ 1 & 2 pp 108-121 : www.biblicalstudies.org.uk retrieved 6/14/2013
Sukthankar V.S. (1944).V. S. Sukthankar Memorial Edition,*Vol. I: Critical Studies in the Mahābhārata,* Bombey:Karnatak Publishing House.

✡✡✡✡

संरक्षणको पर्खाइमा सदानीरा

डा. लक्ष्मीप्रसाद खतिवडा[1]

१.परिचय

देशले सुरक्षा गर्नुपर्ने बौद्धिक सम्पत्तिमा प्राकृतिक सम्पत्तिका रूपमा नदीनालाहरू पनि पर्दछन् । नदीहरू देशका प्राकृतिक, भौगोलिक र सांस्कृतिक सम्पत्ति हुन् । नेपालका धेरै नदीहरूमध्ये गण्डकी अर्थात् सदानीरा नदीलाई नेपालको प्राकृतिक र सांस्कृतिक सम्पत्तिको दर्जा दिएर संरक्षण गर्नुपर्ने कुरालाई यहाँ प्रस्तुत गर्न खोजिएको छ । नेपालको प्राक् इतिहासका बारेमा खासै अध्ययन भएको छैन । नेपालका नदीनालाको ऐतिहासिक अध्ययन गर्ने क्रममा **माइकेल विट्जेलले** नेपाल हाइड्रोनिमबारे लेखेका छन् । ई सं १९९१ जुलाई १२ मा हार्डवर्ड विश्वविद्यालयको प्रकाशन **'नेपलिज हाइड्रो निमी र हिमालयमा बसोबासको इतिहास'** मा नेपालका महत्त्वपूर्ण दुईवटा नदी **दृषद्वती र सदानीरा**का बारेमा उल्लेखसम्म पनि गरेका छैनन् (विट्जेल एम, १९९१) । नेपालका दुईवटा ऋग्वैदिक नदी दृषद्वती र सदानीरा नदीमध्ये भारतको **इम्पेरियल गजेटियरमा** सदानीरा नदीको स्पष्ट उल्लेख छ । नेपालमा त ऐतिहासिक अध्ययन गर्ने प्रचलन त भएन नेपालका नदीनाला विशेषज्ञ मानिएका विदेशी विद्वान्ले समेत नेपालको ऐतिहासिक पक्ष ओझेलमा पार्नु सामान्य कुरा भइसकेको छ ।

मानिसको जीवन उसले बाँचेको भौगोलिक पारिस्थितिक परिवेशसँग जोडिएको हुन्छ । पारिस्थितिक प्रणालीले मानिसलाई जीवन निर्वाह गर्ने आधार दिन्छ । त्यसबाट मानिसले प्राप्त गर्ने वस्तु र सेवालाई सम्पत्तिको रूपमा ग्रहण गर्ने चलन प्राचीन कालदेखि नै चलिआएको हो । सम्पत्ति भन्नाले व्यक्ति, समुदाय, देश वा कुनै भूगोलको स्वामित्वमा रहेको भौतिक, अभौतिक वस्तु वा सेवालाई जनाउँछ । गरिब देशमा अर्थशास्त्रले उपभोक्तावादलाई प्रोत्साहित गर्दछ । उपभोक्तावादले विनाशकारी व्यवहारलाई प्रोत्साहन गर्दछ । अर्थात् प्राकृतिक संरचनाको सम्मानको सम्बन्धलाई प्रोत्साहन गर्दैन । त्यसैले नेपालको प्राकृतिक सांस्कृतिक सम्पदा दुर्घटनाको सँघारमा उभिएको अवस्था छ ।

---

१. लेखक(सूर्यविनायक-३, बालकोट, भक्तपुर) प्रविधिज्ञाता एवम् स्वतन्त्र अनुसन्धाता हुनुहुन्छ ।

मानव समाज र मानवनिर्मित सभ्यता पारिस्थितिक प्रणालीसँग अभिन्न अङ्गका रूपमा जोडिएका हुन्छन् । मानव पारिस्थितिकीको जीवविज्ञान, समाजशास्त्र, अर्थशास्त्र भूगोल आदिसँग अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ। मानवसहित प्रत्येक जन्तु या वनस्पति एक निश्चित परिस्थितिमा बाँचेको हुन्छ , त्यसैले वनस्पति जीवजन्तु मानव र भौतिक पर्यावरणलाई सामूहिक रूपमा पारिस्थितिकी भनिएको हो । भौतिक पर्यावरण र मानव जीवनको सम्बन्ध नदीनाला, वनस्पति, पाखापर्वतमा आधारित हुन्छ। सृष्टिका पाँच तत्त्व पृथ्वी, जल, वायु, अग्नि, आकाशमध्ये जल (पानी) जीवन धान्नको निम्ति नभइनहुने एउटा प्रमुख तत्त्व हो। जसरी पानीविना मानव बाँच्न सक्दैन त्यसरी नै नदीको पारिस्थितिक पद्धति मानव जीवनको जीवनदायिनी स्रोत हो (उप्रेती, २०७५)।

नदी हाम्रो प्राकृतिक विरासत हो । नदी प्रवाह कुनै पनि भूगोलको प्राकृतिक घटना हो । नदी मानवनिर्मित नाली होइन । हरेक मौसममा नदी प्रवाहले त्यस भूक्षेत्रको प्राकृतिक सन्तुलन कायम राखेको हुन्छ । नदीको स्वास्थ्य भनेको त्यस भूभागको मानवसहितको पर्यावरण प्रणालीको स्वास्थ्य हो। प्राचीन भरतवर्षको भूभाग वा अहिलेको नेपालमा नदी र अध्यात्मको पनि महत्त्वपूर्ण सम्बन्ध रहिआएको छ। नेपाली समाजको निकै ठूलो जनसख्या गण्डकी वा सदानीरा र यसका सहायक नदीको जल प्रवाहसँग जोडिएको छ अतः गण्डकी वा सदानीराको सांस्कृतिक संरक्षणले नेपालको सामाजिक, आर्थिक, पर्यावरणीय, सांस्कृतिक र आध्यात्मिक चेतनाको पनि संरक्षण हुन्छ।

२.नदी सम्पदा र पारिस्थितिक प्रणाली

पारिस्थितिक प्रणाली उपयोगिताको दृष्टिकोणभन्दा अझ पर प्रकृतिको प्रतिनिधित्व गर्दै विस्तृत लयमा बाँधिएको हुन्छ । प्रकृतिको यही लयलाई नकारात्मक असर नपर्ने गरी मानव हितका लागि उपयोग गर्नु मानिसको अधिकार क्षेत्र हो भन्ने आम बुझाइ रहेको छ, तर नेपालका सम्पदा संरक्षणमा यस्तो सोचाइको विकास हुनसकेको छैन। मानिस, अन्य जीवजन्तु लगायतका प्राणी र वनस्पतिले समेत प्रत्यक्ष वा परोक्ष दवाबले बसाइँसराइ गर्छ तर नदीनाला र पहाड पर्वत बसाइँसराइ गर्दैनन् । यस्ता बसाइँसराइ नगर्ने नदी सम्पदालाई केन्द्रमा राखेर प्राकृतिक, सांस्कृतिक प्याटेन्ट लिनुपर्छ।

जलाधारीय प्राकृतिक सम्पदाको विद्यमानतालाई दृष्टिगत गरी नदी प्रणालीलाई प्राकृतिक सम्पदाका रूपमा संरक्षण गर्दा त्यससँग सम्बन्धित

मानव भूगोल, सामाजिक मूल्य, इतिहास, भौगोलिक नाम, वनस्पति आदिको प्याटेन्ट लिन मद्दत पुग्छ। ऐतिहासिक विरासतबाट प्राप्त भएका यस्ता प्रणालीलाई बौद्धिक सम्पत्तिको रूपमा दर्ता गरेर राख्नुपर्छ। भौतिक वा अभौतिक वस्तुको एकस्व (पेटेन्ट), व्यापार चिन्ह, डिजाइन र भौगोलिक सम्पदा लगायतका कुरा बौद्धिक सम्पत्तिमा पर्दछन्। बौद्धिक सम्पत्तिभित्र सुरक्षण गर्नुपर्ने महत्त्वपूर्ण वस्तु भनेको परम्परागत ज्ञान पनि हो, तर बौद्धिक सम्पत्तिलाई नेपालको कुनै कानूनले राम्ररी परिभाषित गर्न सकेको छैन। जैविक स्रोतहरू र जैविक उत्पादनहरूमा बायो पाइरेसीले वैधता प्राप्त गरेको अवस्था छ। स्थानीय समुदायको परम्परागत ज्ञानजस्तै जैविक, भाषिक र सांस्कृतिक विविधताको संरक्षण गर्न सके प्राकृतिक र सांस्कृतिक सम्पत्ति सुरक्षित हुन्छन्।

प्रकृतिको आकस्मिकताको क्रमिक परिवर्तन हुन्छ। यस धर्तीमा मानवले भन्दा प्रकृतिले कम गल्ती गर्छ। मानिसले निर्माण गरेको उपभोक्तावादी व्यक्तिवाद, आर्थिक उपयोगितावाद र सामाजिक नियन्त्रणवादले पारिस्थितिक प्रणालीमा विनाशकारी असर पारेका हुन्छ। सामाजिक चालचलन, आदर, सम्मान, सोमत, पूर्खादेखि चलिआएका सामाजिक मूल्यमान्यता, विश्वास, सांसारिक ज्ञान, धर्म र परम्परागत ज्ञान, जडीबुटी, औषधि, धामीझाँक्री, प्राकृतिक एवम् मानवीय सम्पदा, भीर, पाखा, खोला, ढुङ्गा, वनस्पति आदि समाजभन्दा फरक कुरा होइनन्। यस्ता प्राकृतिक स्रोतसाधनलाई संरक्षण गर्न सके त्यस सम्पदा प्रणालीमा चलिआएका ऐतिहासिक, सांस्कृतिक, भाषिक, खाद्यान्न, वनस्पति आदिको संरक्षण हुन्छ। उदाहरणका लागि **सदानीरा** वा **दृषद्वती** नदीको सांस्कृतिक अधिकार संरक्षण गर्न सके यी नदीहरूको सभ्यता प्रणालीको रक्षा हुन्छ। सामाजिक चालचलन, आदर, सम्मान, सोमत, पूर्खादेखि चलिआएका सामाजिक मूल्यमान्यता, विश्वास, सांसारिक ज्ञान, धर्म र परम्परागत ज्ञान, जडीबुटी, खोलानाला, पाखा, पोखरी, वनस्पति, बिउबिजन आदिको रक्षा हुन्छ। यहाँ वैदिक सभ्यता बोकेको सदानीरा नदीबारे केही चर्चा गरिन्छ।

३. गण्डकीको ऐतिहासिक पौराणिक पक्ष

नारायणी, शालग्रामी, गण्डकी वा सदानीरा आदि नामले परिचित ऋग्वैदिक महाजनपदको कोशल र विदेह वा मिथिलासँग सम्बन्धित सदानीरा नदी ऋग्वैदिककालीन नेपालका दुई नदीमध्ये एउटा नदी हो। दृषद्वती नदी

चाहिँ **'हुम्ला कर्णाली'** वा **'काउरिएला हो'** अर्थात् **'कुङ्चियाओ'** नदी हो । हुम्ला कर्णाली वा **'कुङचियाओ हो'** नदीका बारेमा फरक प्रसङ्ग र फरक स्थानमा वर्णन हुनेछ ।

कालीगण्डकी नदी तिब्बतमा उत्पत्ति भएर मुस्ताङ जिल्ला हुँदै नेपाल प्रवेश गर्छ । मुस्ताङबाट बग्दै आउने मुस्ताङ खोला र मुक्तिनाथ मन्दिर बाट उत्पत्ति भएर बग्ने कागबेनी खोला मिसिएर बग्ने नदीलाई कालीगण्डकी भनिन्छ । नेपालमा गण्डकी र भारतमा बडी गण्डक या गण्डकमात्र भनिने यस नदीलाई प्राचीन साहित्यमा नारायणी वा शालग्रामी अथवा सप्तगण्डकी र सदानीरा पनि भनिन्थ्यो ।

भारतको इम्पेरियल गजेटियरमा भनिएको छ : Great Gandak: The sources are known as the Sapt Gandaki, or country of the seven Gandaks. The river is also known in Nepal as the Salgrami, and in the United Provinces as the Narayani; it is the Kondochates of the Greek geographers, and according to Lassen the Saddnira (सदानीरा) of the epics, (Imperial GazeŒeer of India) ।

ग्रीक वा युनानी साहित्यमा यस नदीलाई **कोन्डोचेट्स** (Kondochates) तथा वैदिक साहित्यमा सदानीरा नामले चिनिन्छ । यो नदी तराई भूभागमा प्रवेश गरेपछि प्रचीन कोशल र विदेह राज्यको सिमानाको रूपमा परिचित थियो । यस नदीका बारेमा बेलाबेला भिन्नभिन्न मतहरू प्रकट भएता पनि यसलाई गण्डकी वा सदानीरा वा नारायणक्षेत्रमा प्रवाहित भएकाले नारायणी नदी भनेर पुष्टि भइसकेको छ । यस नदीमा वा नदीका किनारमा शालिग्राम पाइने हुनाले यसलाई शालग्रामी वा शालिग्रामी पनि भनिन्छ । सर्वप्रथम यस नदीको नाम ऋग्वेद र शतपथब्राह्मणमा उल्लेख भएको र महाभारतमा भीमको विजय वर्णनसँगै वर्णन गरिएको पाइन्छ । यस नदीलाई इन्डोग्रीक साहित्यमा वैदिक नदी भनिएको छ ।

प्राचीनकालमा विदेह क्षेत्रलाई **तीरभुक्ति** वा **तिरहुत**क्षेत्र भनेर चिनिन्थ्यो । आज पनि तिरहुत क्षेत्रलाई मिथिला भनेर चिनिन्छ । राजनीतिक सीमाले देशको भूगोल छुट्याए पनि आर्यहरूको सम्पर्क भएको भूभाग विदेह नै हो । वैदिक वाङ्मयका धेरै ग्रन्थमा विदेह राज्यको वर्णन पाइन्छ ।

एते वै मैथिला राजन्नात्मविद्याविशारदाः।
योगेश्वरप्रसादेन द्वन्द्वैर्मुक्ता गृहष्वेपि।। (श्रीमद्भागवतमहापुराण)।
गङ्गाहिमवतोर्मध्ये नदी पञ्चदशान्तरे ।
तैरभुक्तिरिति ख्यातो देशः परम पावनः।। (बृहद्विष्णुपुराण)।
वैदेहोपवनस्यान्ते दिश्यैशान्यां मनोहरम् ।
विशालं सरसस्तीरे गौरीमन्दिरमुत्तमम् ।
वैदेही वाटिका तत्र नानापुष्पसुगुम्फिता ।
रक्षितामालिकन्याभिः सर्वतु सुखदा शुभा।। (अगस्त्यरामायण)।

वैदिक साहित्यमा यस समग्र क्षेत्रलाई आर्यावर्तका नामले चिनिन्थ्यो । आर्यावर्तको शाब्दिक अर्थ भनेको **आर्या आवर्तन्तेऽत्र** अर्थात् आर्यहरूले सम्यक् जीवन निर्वाह गर्ने ठाउँ हो । आर्यावर्तको अर्थले पुण्यभूमिलाई पनि जनाउँछ। आर्यहरूको वर्त अर्थात् जीविका, उपजीविका, जीवनवृत्ति, जीवनसाधन, जीवनार्थ, शरीरयात्रा, प्राणयात्रा आदि अर्थमा लिने गरिएको छ। वृत्तिविकास गर्ने स्थललाई नै आर्यावर्त भनिएको हो। मनुस्मृतिमा आर्यावर्तको परिभाषा यसरी गरिएको छ।

आसमुद्रात्तु वै पूर्वादासमुद्रात्तु पश्चिमात् ।
तयोरेवान्तरं गिर्योरार्यावर्तं विदुर्बुधाः।। (मनुस्मृति १/१४१)।

उपनिषद्कालमा आर्यसभ्यता काशी र विदेह जनपदसम्म फैलिएको भनिएको छ। हालको पञ्जावदेखि मिथिलासम्मको भूभागलाई किरातसमेतका आर्यहरूको पवित्र निवास मानिएको छ।

आर्या आवर्तन्ते तत्र पुनः पुनरुद्भवन्ति ।
आक्रम्याक्रम्यापि न चिरं तत्र म्लेच्छाः स्थातारो भवन्ति ।
(मनुस्मृति, २/२२)।

संस्कृत साहित्यमा महाभारत वा हालको दक्षिण एसियाको भूगोलको पूर्व समुद्रदेखि पश्चिम समुद्र र हिमालयदेखि विन्ध्याचलसम्म फैलिएको भूभागलाई आर्यावर्त भनिएको पाइन्छ। पुराण साहित्यको समयमा यस भूभागलाई भरतवर्ष अथवा आर्यावर्त दुवै शब्द पर्यायवाची शब्दका रूपमा लिइएको छ। आर्यावर्तका विभिन्न क्षेत्रमध्ये उत्तरलाई उदीची (उत्तर), पश्चिमलाई प्रतीची (पश्चिम), पूर्वलाई प्राची (पूर्व), दक्षिणलाई दक्षिण र मध्यलाई मध्यदेश अथवा आर्यावर्त भनिएको हो । पूर्व समुद्रदेखि पश्चिम

समुद्र र हिमालयदेखि विन्ध्याचलसम्म फैलिएको भूभाग जम्मै आर्यावर्त नभएर बीचको भूभाग वा मध्यदेशलाई आर्यावर्त भन्नु उपयुक्त देखिन्छ। हाल नेपालको बीचको भागलाई मधेश भन्ने चलन त्यहींबाट सुरु भएको हुनसक्छ। धर्मसूत्रहरूमा आर्यावर्तको सीमाबारे मनग्गे उल्लेख पाइन्छ । आर्यावर्त भनेको पश्चिमी निषाद राष्ट्रको द्वार मानिएको सरस्वती नदीदेखि पूर्व, विदेहदेखि पश्चिम विन्ध्याचलभन्दा उत्तर र हिमालयदेखि दक्षिणमा मानिएको छ (वशिष्ठधर्मसूत्र १/८-९) । आर्यावर्त हालका बाहुन क्षेत्रीको देशमात्र भनिएको होइन । म्लेच्छलाई ससम्मान कीरजाति वा हालका महाकिरात जातिलाई लिने हो भने अवन्ति, अङ्ग, मंगध आदि देशलाई म्लेच्छ देशका रूपमा चित्रण गरेको पाइन्छ (बौधायन धर्मसूत्र १/१,३१)। यसलाई मध्यनजर गर्दा यो भूभाग हालका आर्यहरूको मात्रै नभएर किरात जातिको पनि प्राचीन भूगोल हो।

४.वैदिक जनपदमा गण्डकी वा सदानीरा

उत्तर वैदिक कालका १६ महाजनपदहरू कुरु, पाञ्चाल, शूरसेन, वत्स, कोशल, मल्ल, काशी, अङ्ग, मगध, वृज्जी, चेदि, मत्य, अश्मक, अवन्ति, गान्धार र कम्बोज हुन् । हालको नेपालको भूभाग छुने वा हाल नेपालको सीमाभित्र पर्ने जनपद भनेका पश्चिमी पाञ्चाल, कोशल, मल्ल र वृज्जी वा वज्जी हुन् । मगध र अङ्गलाई किरातजातिको देश एवम् वृज्जीभन्दा पूर्व किरात प्रदेश मानिएको छ। यसलाई मध्यनजर गर्ने हो भने कोशल, मल्ल र वज्जीको आधाउधि भूभाग र सोभन्दा उत्तरमा रहेको हालको नेपालको मध्य र पूर्वी क्षेत्र उत्तर वैदिक कालदेखि नै किरातको थातथलो भएको देखिन्छ। म्लेच्छलाई गालीको रूपमा नलिएर सहजातिको रूपमा लिंदा किरातहरूलाई मङ्गोलबाट आएका मङ्गोलियन नभनेर यही भूभागका किराती भन्नुपर्छ र हाम्रो इतिहास सँगसँगै केलाउनु पर्छ।

ऋग्वेदमा आर्यावर्तमा प्रवाहित हुने नदीहरूमा हाल पाकिस्तानको काबुल वा कुभा (काबुल नदी), क्रुगु (कुर्रम), गोमती (गोमल), सिन्धु, परुष्णी (रावी), शुतुद्री (सतलज), वितस्ता (झेलम), सरस्वती, दृषद्वती, यमुना, गङ्गा र गङ्गाका उपनदीहरूलाई लिइएको छ। ऋग्वेदमा सरस्वती नदीलाई नदीकी अग्रवती, नदीकी माता, वाणी, एवम् बुद्धिदायिनीका रूपमा लिइएको छ।

दृषद्वती नदीलाई वैदिक साहित्यले घाघ्घरा नदी भनेको छ । यो

घाघ्घरा भनेको हुम्ला कर्णाली नदी हो भनेर भन्ने आधार थुप्रै छन् । यो सिन्धु नदीको उपनदी होइन । दृषद्वती र सरस्वती नदीका बीचमा अपाया नदी थियो भनेर धेरै विद्वान्हरूले भनेका छन् । घाग्घर नदी हाल भारतीय र पाश्चात्य देशका विद्वान्ले भनेको घाग्गर हक्रा नदी हो भन्दा तमाम हिन्दु साहित्यको उपेक्षा हुन्छ । अपाया नदीमा बसेर ऋषिमुनिले दृषद्वती र सरस्वतीको बीचको भूभागको वा आर्यावर्तको सफलताको कामना गरेका छन् ।

दृषद्वती नदी आर्यावर्त वा ब्रह्मर्षि देशको बीचमा छ भनिएको छ । पूर्वमा सदानीरा त्यसभन्दा पश्चिम दृषद्वती (घाग्घरा, हुम्ला कर्णाली वा काउरिएला हो अर्थात् तिब्बती भाषामा कुङचियाओ हो) त्यसभन्दा अझ पश्चिममा अपाया र पश्चिममा सरस्वती नदी रहेको कुरा वैदिक साहित्यले पुष्टि गर्छ (Gregory Possehl -1997), J. M. Kenoyer (1997), Bridget and Raymond (1982) । यसैगरी मनुस्मृतिको दोस्रो अध्यायको २१ श्लोकका अनुसार दृषद्वती नदी पश्चिम र सरस्वती नदी पूर्वमा ब्रह्मावर्त वा आर्यावर्त देश रहेको कुरा संस्कृत साहित्यले मात्र होइन पाश्चात्य विद्वान्ले पनि स्वीकार गरेका छन् (Allchin et al., 1982) ।

बह्मावर्त क्षेत्रमा गङ्गा, यमुना, दृषद्वती र सदानीरा नदी पर्ने हुनाले कुरु पाण्डवहरूको कुरुक्षेत्र, कोशल, पाञ्चाल, शूरसेन आदि भूभागहरू पर्ने हुनाले वैदिक दृषद्वती नदी घाग्घरहक्रा नभएर हुम्लाकर्णाली नै हुनुपर्छ । (Allchin et al. 1982) । किनभने यी पाँच राज्य कुरु, पाञ्चाल, कोशल, मत्स्य र शूरसेन हाल नेपालको हुम्ला कर्णाली र हाल मानिएको सरस्वती नदीका बीचमा पर्दछन् (Hartmut 1989)।

श्रीकान्त तालागेरीले ऋग्वैदिक ऋषि देववातको वंशाणुगत पुस्ता गणना गर्दा देववात उनका छोरा श्रृङ्ग्य उनका छोरा दिवोदास र उनका छोरा सुदास भएको प्रमाण केलाएका छन् ।

"DevavAta established the sacrificial fire on the banks of the ApayA between the Sarasvati and the DRSadvati - ऋग्वेद 3.23.3 (4). The SarasvatI is to the east of the VipAS and Sutudri, and the ApayA and DRSadvati are even further east. No ancestor of SudAs is associated with any river to the west" Talageri (2000).

ऋग्वेदमा कौशिकी नदीको उल्लेख पाइएको छैन भनिन्छ तर खोज्न बाँकी छ। संस्कृत साहित्यका अनुसार विश्वामित्र आफ्नो जीवनको अन्तिम कालमा कोशी किनारमा आएर तपस्यामा लीन भएको कथा पढ्न पाइन्छ। रामको विवाह पश्चात् विश्वामित्र कौशिकी नदीतटमा आश्रम बनाएर बसेको उल्लेख पाइन्छ -

अथ रात्रौ व्यतीतायां विश्वामित्रो महामुनिः।

आपृष्ट्वा तौ च राजानौ जगामोत्तरपर्वतम् । (वाल्मीकीय रामायण)।

अर्थात् जब रात बित्यो अनि महामुनि विश्वामित्रले महाराज दशरथसँग स्वीकृति लिएर उत्तरतर्फको कौशिकी नदीको तटमा उनको आश्रममा गए। विदेहको राजधानी मिथिला थयो। यो जनपद सदानीरा (गण्डक) नदीका तटमा रहेको थियो। यहाँका शासकमा जनक र विदेघ (विदेह) माधवको विशेष उल्लेख पाइन्छ।

सदानीरा नदी भनेको वर्तमान नेपालको नारायणी नदीलाई मानिएको छ। भारतीय क्षेत्रमा यस नदीको नाम गण्डक हो भनेर प्रकाश भइसकेको छ। यस नदीलाई शालिग्रामी पनि भनिन्छ, किनकि यस नदीमा शालिग्राम भनिने कालो ढुङ्गा पाइन्छ, जसलाई भगवान् विष्णुको स्वरूप मानिन्छ।

विदेहका राजा माधवराज आफ्ना पुरोहित गौतम रहुगण एवम् अग्नि वैश्वानरका साथ सरस्वती नदीका तटबाट पूर्व लागेर सदानीरा नदीसम्म पुगेका तथा सदानीरा नदीलाई पार गरी त्यसभन्दा पूर्वतर्फको प्रदेशमा बसोबास गरेका थिए (वासुदेवलाल दास)। राजा विदेह माधवले आर्यहरूको सभ्यता प्रसार गरेको हुनाले नै यस भूभागलाई विदेह भन्न थालिएको भनेर म्याकडो नेलले पनि औंल्याएका छन्। म्याकडोनेलले शतपथ ब्राह्मणका विदेह माधव (विदेघ माधव) लाई जनकभन्दा पहिलेका विदेहमा आर्यधर्मका प्रचारक भनेको छ (Macdonell)। म्याकडोनेलका अनुसार पनि सदानीरा भनेको गण्डकी नदी हो भन्न सकिने आधार प्रशस्त पाइन्छ।

५.सदानीराको बौद्धसँग सम्बन्ध

यो क्षेत्र बुद्धसँग सम्बन्धित भूमि पनि हो। बुद्धलाई छाडेर तर्क प्रमाण पेसगर्नु मूर्खता हुनेछ। भगवान् बुद्धले **हिरण्यवती** नदीको जल पिएर अन्तिम उपदेश दिएर महापरिनिर्वाण प्राप्त गरेको कथा आउँछ। बुद्धको पार्थिव शरीर को दाहसंस्कार हिरण्यवती (राप्ती) नदीका रामाभार घाटमा भएको थियो।

बुद्धचरितम्मा बुद्धको अन्तिम संस्कारको कुरा छैन भनिएला तर विचारणीय कुरा के छ भने अश्वघोषकृत **बुद्धचरितम्**का १४ सर्गमात्र उपलब्ध छन् । हराएका १५ देखि २८ सम्मका सर्ग तिब्बती भाषाबाट अनुवाद भएको कुरालाई पनि ख्याल गर्नुपर्छ । (बुद्धचरितम् १९८८) ।

बुद्ध साहित्यमा सदानीरा र हिरण्यवती नदीको महत्त्वपूर्ण स्थान छ । अङ्ग उत्तर अर्थात अङ्ग देशभन्दा उत्तर, हालको नेपालको मानव भूगोलको वर्णन गरिएको अङ्गत्तर निकायका अनुसार कोशल गङ्गा उत्तर अर्थात अङ्गप्रदेशको उत्तरमा पर्ने स्थान र सांस्कृतिक भौगोलिक, धार्मिक रीतिरिवाजको वर्णन हो । अङ्गत्तरनिकायका अनुसार १६ जनपदमध्ये कोशल उत्तर भारतको एउटा जनपद हो । वैदिक जनपदको कोशल भूमि हाल नेपालको मध्य र पश्चिम क्षेत्रमा पर्दथ्यो । विदेह र कोशलको सीमा सदानीरा (गण्डकी) नदीले छुट्याउँथ्यो । त्यसैले विदेह र कोशल हाल नेपालकै भूमि हुन् भन्ने बलियो प्रमाण मिल्छ ।

बुद्धका समयमा कोशलका राजा प्रसेनजीतले पुत्री कोशलाको विवाह मगधका राजा बिम्बिसारसँग गरेको कथा पढ्न पाइन्छ । कोशल महाजनपद मध्यदेश अथवा आर्यावर्तको महत्त्वपूर्ण जनपद थियो । जैन साहित्यअनुसार पनि हिमालयको दक्षिणमा पर्ने कोशल जनपदलाई नै कुणाल जनपद भनिएको भन्ने प्रमाण भेटिन्छ ।

६.सदानीरा, शालिग्राम र भूगर्भशास्त्र

नेपालमा भूगर्भ विज्ञानका माध्यमबाट इतिहास केलाउने परम्पराको विकास हुन सकिरहेको छैन । विद्यालय, विश्वविद्यालयमा भूगर्भशास्त्रको अध्यन अध्यापन भएता पनि भूगर्भविद्हरूको उल्लेखनीय भूमिका रहेको देखिँदैन । भूगर्भशास्त्रले नदीनाला, वनस्पति, पहाड, पर्वत र मौसम आदिसमेत केलाउँदा सदानीरा नदी सभ्यताको इतिहासबाट महत्त्वपूर्ण वैज्ञानिक रहस्यको उद्घाटन गर्न सकिने आधार देखिन्छ ।

हिन्दू धर्ममा विष्णु भगवानूको साक्षात् रूप मानिने अति दुर्लभ शालिग्राम पाइने एकमात्र स्थानका रूपमा रहेको तथा मुक्तिनाथ र देवघाटजस्ता पवित्र धार्मिक तीर्थस्थललाई जोड्ने कालीगण्डकी नदीको धार्मिक र सांस्कृतिकमात्र नभई पर्यटकीय महत्त्वसमेत रहेको छ । हिमालपारिको जिल्ला भनेर चिनिने अन्नपूर्ण र धौलागिरिका खोँचबाट बग्ने कालीगण्डकी नदीको धार्मिक मात्र

होइन यसको वैज्ञानिक महत्त्व पनि छ ।

कालीगण्डकी नदीमा **एमोनाइट फोसिल** वा कालो समुद्री जीवको जीवाश्म पाइन्छ जसलाई शालिग्राम भनिन्छ । वैज्ञानिक मान्यता के छ भने शालिग्राम वा एमोनाइट फोसिल समुद्री शङ्ख हो । यी समुद्री जीवहरू मरेर यिनको शरीर समुद्रतटमा थिए । महाभूकम्पको कारण टेथिस सागर दुई चट्टानमा च्यापिएर माथि उठ्दा यी जीवाश्म पनि माथि आए ।

हिन्दू धार्मिक परम्पराअनुसार भगवान् विष्णुले श्राप पाएर ढुङ्गा हुनुपरेको कथा धार्मिक साहित्यले गर्दछ । वैज्ञानिक प्रयोग नभएको अवस्थामा हाम्रा पुर्खाले **एमोनाइट फोसिल**लाई किन शालिग्राम भने । कहीँ पुराणमा यसको वैज्ञानिक पक्ष केलाउने आधार भेटिन्छ कि हचुवाको भरमा एमोनाइट फोसिललाई शालिग्राम भनिएको हो यसको पनि खोजी हुनुपर्छ । संस्कृत साहित्यमा पृथ्वीको आयु गणना गर्ने आफ्नै विधि छ । यस पद्धति अनुसार गणना गर्दा भगवान् विष्णुले श्राप पाएर ढुङ्गा बनेको समय र फोसिल निर्माणको समय भिडाएर हेर्न सक्ने सम्भावना कति छ यसको पनि अध्ययन हुनु जरुरी छ ।

एमोनाइट फोसिलको चक्राकार र शालिग्राम वा विष्णु या नारायण शिलाको केन्द्रमा पनि नाभिमूल देखिनु संयोगमात्र हो कि केही सम्बन्ध पनि छ । यहाँ स्वर्ण आभूषण भएको शालिग्राम पनि पाइन्छ । भारतीय उपमहाद्वीप अफ्रिकाबाट छुट्टिएर युरेसियामा ठोक्किँदा हिमालयको निर्माण भयो भन्ने वैज्ञानिक मान्यता छ । तर शालिग्राम किन कालीगण्डकीमा मात्र पाइयो ? गङ्गा, यमुना, कर्णाली, ब्रह्मपुत्र, अरुण र भोटेकोशीमा किन पाइएन ? कि खोजी नभएर हो ? यस्ता यावत् कुराको वैज्ञानिक खोजी गर्न पनि गण्डकी नदीको प्याटेन्ट नेपालले लिनुपर्छ । अहिले गण्डकी नदीको सांस्कृतिक प्याटेन्ट लिने बलियो आधार नेपालसँग छ । गण्डकी सभ्यताले नेपालको पर्यटनमा ठूलो सहयोग पुग्छ । सांस्कृतिक र प्राकृतिक महत्त्व बोक्ने गण्डकी सभ्यताले धार्मिक र वैज्ञानिक अध्ययन गर्न भावी पुस्तालाई प्राकृतिक पुस्तकालयको रूपमा काम गर्छ । गण्डकी नदीको सांस्कृतिक नदीका रूपमा दर्ता गरेर बौद्धिक सम्पत्तिको एकस्व (प्याटेन्ट) लिन ढिला गर्नु हुँदैन । नेपालको सम्पदाभित्र सदानीरा सदा पवित्र भन्ने भनाइलाई वास्तविकतामा परिणत गर्न देशको सम्पदा संरक्षणको स्पष्ट नीति बनाएर प्राकृतिक,

भौगोलिक, जलाधारीय क्षेत्रको संरक्षण हुनु नितान्त जरुरी छ ।

७.निष्कर्ष

मानिसको जीवन भौगोलिक पारिस्थितिक परिवेशसँग जोडिएको हुन्छ । पारिस्थितिक प्रणालीले मानिसलाई जीवन निर्वाह गर्ने आधार दिन्छ । नदी पारिस्थितिक प्रणालीको प्रमुख तत्त्वमध्ये एक हो । ग्रीक वा युनानी साहित्यमा समेत उल्लेख भएको अति प्राचीन अर्थ बोकेको शालिग्रामी, गण्डकी वा सदानीरा नदीले नेपालको इतिहासलाई वैदिक जनपद कालसम्म जोड्छ । आर्यावर्तका बीचमा बग्ने यस नदीले मध्यदेश वा हालको मधेशसँग पनि सम्बन्ध राख्तछ । यो क्षेत्र बुद्धसँग सम्बन्धित भूमि पनि हो । जैन साहित्य अनुसार पनि हिमालयको दक्षिणमा पर्ने कोशल जनपदलाई नै कुणाल जनपद भनिएको हुनसक्छ । ओडारलाई देवताको बास मान्ने मगरको त यो क्षेत्र आदिम मूल थलो नै हो ।

सदानीरा नदीको धार्मिक मात्र होइन वैज्ञानिक महत्त्व पनि छ । एमोनाइट फोसिल वा कालो समुद्री जीवको जीवाश्मलाई वैदिक साहित्यमा किन शालिग्राम भनिएको हो यसको पनि खोजी हुनुपर्छ । संस्कृत साहित्यमा पृथ्वीको आयु गणना गर्ने आफ्नै विधि छ । यस पद्धतिअनुसार गणना गर्दा भगवान् विष्णुले श्राप पाएर ढुङ्गा बनेको समय र फोसिल निर्माणको समय भिडाएर हेर्न सक्ने सम्भावना कति छ यसको पनि अध्ययन हुनु जरुरी छ । यति महत्त्वपूर्ण सांस्कृतिक र प्राकृतिक अर्थ बोकेको सदानीरा सभ्यताको धार्मिक र वैज्ञानिक अध्ययन गरेर गण्डकी (सदानीरा) को बौद्धिक सम्पत्तिको एकस्व (प्याटेन्ट) अधिकार लिनु जरुरी छ । अरूले हाम्रा सम्पदाको बौद्धिक अधिकार लिन सक्छन् । विदेशीले हाम्रा बौद्धिक सम्पदाको प्याटेन्ट दर्ता गराउने लहर बढेको छ । सरकारसँगै हामी पनि निदाइरहेका छौं । नदी नेपालको भएता पनि अध्ययन हामीले गरेको भनेर शालिग्रामको समेत बौद्धिक अधिकार विदेशीले हडप्न सक्छन् । बेलैमा सोचौं ।

सन्दर्भस्रोत

उप्रेती, तुलसी यसरी हुन्छ जलस्रोतको विकास, उर्जाखबर श्रावण १५, २०७५

बुद्धचरितम्, (१९८८), वाराणसी : विद्याभवन संस्कृत ग्रन्थमाला चौखम्बा विद्याभवन, पृ ७-८ ।

बौधायन धर्मसूत्र (१.१.३१) L Srinivasacharya, 1907; The Bodhayana

Dharmasutra with commentery of Govindaswami, oriental library, Mysore
मनुस्मृति अध्याय २ श्लोक २२, (wisdom library, hŒps://www=wisdomlib=org/hinduism/book/manusmriti-with-the-commentary-of-medhatithi/d/doc145598=html_
महाभारत वनपर्व राधाकृष्ण चौधरी मिथिलाक इतिहास अध्याय १-४ विदेह प्रथम मैथिली इपाक्षिक पत्रिका, अप्रिल ३०, २०१० ।
वासुदेवलाल दास, 'प्राचीन मिथिलाको भौगोलिक सिमाना एक चर्चा' वीरगञ्ज : ठाकुरराम बहुमुखी क्याम्पस ।
वशिष्ठधर्मसूत्र (१.८(९) त्रिलोक राठी, आर्यावर्त हिन्दुराष्ट्र कब कैसा ? hŒp://trilokrrathi=com/blog/cfof{jt{
शास्त्री, कुमार सुरेन्द्र (१९९०), सम्पा. श्री राजवीर विशुद्ध मनुस्मृति, दिल्ली : आर्ष साहित्य प्रचार ट्रस्ट ।
Allchin, Bridget and Raymond (1982), The Rise of Civilization in India and Pakistan, Cambridge University Press, P 250
Great Gandak, Imperial GazeŒeer of India, 12, 125
Michael Witzel, (1991), Nepalese Hydronomy Towards a History of SeŒlement in the Himalayas; Harvard University
Possehl, Gregory L= 1997, The Transformation of the Indus Civilization, Journal of World Prehistory, vol.11 (4): 425–472
Kenoyer, J= M= (1997), Early City-states in South Asia: Comparing the Harappan Phase and the Early Historic Period in D= L= Nichols, T= H= Charlton, The Archaeology of City States: Cross Cultural Approaches, Washington: Smithsonian Institution, pp= 52–7
Scharfe, Hartmut (1989), The State in Indian Tradition, Brill= Vol 3 part 2, p= 12
Shrikant G= Talageri, (2000), The Rigveda, a historical analysis, Aditya Prakashan: New Delhi
Macdonell, Arthur Anthony, (1854-1930) Vedic index of names and subjects volume 2

✡✡✡✡

कृष्णगण्डकी र जलविद्युत्को सम्भावना

ई. ईश्वरप्रसाद तिवारी[1]

१. कृष्णगण्डकीको महत्त्व

सृष्टिको आदि समयमा नै देवाधिदेव महादेवको अति प्रिय स्थानको रूपमा हिमालयको पावनक्षेत्र नेपाल रहेको छ । आदिकालदेखि नै सिद्धि एवम् मुक्ति प्राप्तिका लागि कृष्णगण्डकी क्षेत्रलाई अति उत्तम मानिएको कुरा प्राचीन ग्रन्थहरूमा उल्लेख छ । महाराज नाभिका पुत्र ऋषभदेव (अंशावतार जैन धर्मप्रवर्तक) का पुत्र महायोगी महाराज भरतले (जसको नामबाट अजनाभ क्षेत्रको नाम भारत हुन गएको) कृष्णगण्डकीको पुलहक्षेत्र गलेश्वरधाममा तीन जन्मसम्म साधना गरेर मुक्तिप्राप्त गरेको कुरा ग्रन्थहरूमा उल्लेख गरिएको छ। ग्रन्थमा उल्लेख भएअनुसार हिमालय क्षेत्र (नेपाल) युगौं युगसम्म ऋषि मुनिको तपस्यास्थल भएकोले स्वयंशासित, धर्मशासित रहेको र कुनै शासकको आवश्यकता पनि थिएन । सात्विक प्रवृत्तिबाहेक अन्य प्रवृत्ति (राजसी, तामसिक) मा जाने मान्छेलाई यो भूमि परित्याग गरी अन्यत्र बसाइँ गर्नुपर्ने नियम निर्धारण गरिएको थियो ।

उदाहरणका लागि त्रेतायुगमा महर्षि पुलस्त्यको नाति, महर्षि विश्रवाको छोरा रावणले सात्विक प्रवृत्ति छाडी राजसी प्रवृत्ति अँगालेकाले नेपाल भूमिलाई छाडी श्रीलङ्कालाई राजधानी बनाई संसारमा शासन गरेका थिए ।

त्रेतायुगमा महर्षि विश्रवा एवम् उहाँकी पत्नी केशिनीबाट रावण, कुम्भकर्ण, विभीषण एवम् शूर्पणखाको जन्म भएको थियो । रावणको जन्मभूमि हालको म्याग्दी जिल्ला बेनी नगरपालिकाको पुलस्त्यक्षेत्रमा भएको थियो भन्ने किंवदन्ती पाइन्छ । रावणको नाभि गाडेको ठाउँ रावणले खेल्ने गरेको मैदान (रावणे गरो) इत्यादि हालसम्म पनि जनउक्तिमा रहेको छ। महर्षि पुलस्त्य एवम् विश्रवाले नित्य ब्रह्ममुहूर्तमा (बिहान ३–४ बजे) उठेर कृष्णगण्डकीमा स्नान गरी शिवआराधना गर्ने गरेका थिए। यो समयमा कृष्णगण्डकीको बहाव १७०० मिटर उचाइमा रहेको थियो भने हालको अवस्थामा कृष्णगण्डकी

१. लेखक (गोकर्णेश्वर-६, काठमाडौं) विद्युत् विशेषज्ञ हुनुहुन्छ ।

७०० मिटर उचाइमा बग्छिन् । यसबाट अनुमान लगाउन सकिन्छ कि रावणको जन्म त्रेता युग कति वर्ष पहिला को होला ।

कृष्णगण्डकीको उद्गम स्थल दामोदरकुण्डको परिसर हो । यो कुण्डको उत्पत्तिका विषयमा भगवान् कृष्णलाई यशोदाले बाँधेको ओखली (धान कुट्ने काठको यन्त्र) बाट भएको भन्ने भनाइ पाइन्छ । यस कारणले सो कुण्ड र कृष्णगण्डकीलाई सबै प्रकारको बन्धनबाट मुक्ति दिने मुक्तिदाताका रूपमा लिइन्छ ।

सृष्टिको तीनशक्ति एकैरूप ज्योर्तिमय रूपमा अवस्थित भएको क्षेत्र मुक्तिनाथको पवित्र जलको समायोजनले कृष्णगण्डकीको महत्त्वलाई अझै बढाएको छ । भगवान् विष्णुको शिलारूप शालिग्राम संसारमा केबल कृष्णगण्डकीमा पाइनाले पनि यसको महत्त्व रहेको भन्ने थाहा हुन्छ । श्री स्वामीनाारायण (ईश्वर अवतार-१७८१-१८३० ई. स) ले नेपालको पुलहाश्रम गलेश्वर धाम र मुक्तिनाथमा कठोर तपस्या गर्नुभई शरीरलाई यति सुकाउनुभयो कि उहाँको शरीरबाट रगत नभई पानी निस्कने भयो । उहाँको दिव्य उपदेशले गर्दा गुजरात राज्यको जनतामा सांसारिक अग्नि दाहलाई शान्त पारेको र सबभन्दा गरिब राज्यबाट भारतको सबभन्दा धनी राज्यमा परिणत गऱ्यो । उहाँको अक्षरधामको अवलोकन गर्दा अवलोकनकर्तालाई साक्षात् ईश्वरको दर्शन भएजस्तो शान्तिको अनुभूति हुन्छ । उहाँको तपस्या भएको ले मुक्तिनाथको दर्शन पूजा गर्न आउने अधिकांश तीर्थयात्री गुजरात प्रान्तबाट आउने गरेका छन् । (भगवान् श्री स्वामीनारायण एक दिन जीवन गाथा प्रकाशकः स्वामीनारायण अक्षरपीठ शाही बाग-अहमदावाद) ।

भारतका वर्तमान प्रधानमन्त्री नरेन्द्र भाइ मोदीले पनि नेपालको हिमालय क्षेत्रको भ्रमण दर्शनको साथै मुक्तिनाथमा ३ वर्षसम्म तपस्या गरेको भन्ने जन उक्ति भारतमा रहेको छ । सोही कारणले गर्दा प्रधानमन्त्री मोदीले नेपाललाई हमेसा साधनाक्षेत्रको रूपमा हृदयदेखि श्रद्धा गरेको पाइन्छ र नेपाल भ्रमणको समयमा मुक्तिनाथको दर्शन पूजाले पनि यही बताउँछ । उपर्युक्त ऐतिहासिक तथ्यहरूलाई भारतको अन्य प्रान्तहरूको जनतामा प्रचार गर्न सकेमा यस क्षेत्रमा तीर्थयात्रीहरूको

बाढी नै आउनेमा कुनै दुई मत छैन । भनिन्छ कृष्णगण्डकीका सबै क्षेत्र तीर्थस्वरूप छन् ।

त्यस्तै बागलुङ भगवतीको मन्दिर पनि कृष्णगण्डकीको तीरमा अवस्थित छ । सतीदेवीको बाहुपतन भएकोले यस तीर्थको पनि आफ्नै महत्त्व छ । सतीदेवीका अँग पतन भएर तीर्थ स्वरूप रहेका कामाख्या (आसाम) गुहेश्वरी (काठमाडौं) जस्तै बागलुङ भगवतीको महत्त्व रहेको छ ।

त्रेतायुगमा सत्यवतीपुत्र महर्षि जमदग्निले पनि यही कृष्णगण्डकीको किनारमा साधना गर्नु भएको र सो स्थानलाई हाल जिमिरघाट भनिन्छ । सत्यवतीका पुत्र महर्षि जमदग्नि एवम् रेणुकाबाट परशुरामको जन्म भएको हो । जसलाई पुराणहरूले अंशावतारका रूपमा लिएका छन् । राजा सहस्रबाहु सैनिकसहित महर्षि जमदग्निको आश्रममा पुगेका वेला कामधेनु गाईको शक्तिले सम्पूर्ण फौजहरूलाई इच्छाअनुसारको पक्वान्न प्राप्त भएको थियो । ऋषिको शक्ति देखेर सहस्रबाहुले गाई माग्दा नदिए पछि बलजफती गाई लगेका थिए । परशुरामलाई सो घटना थाहा भएपछि एक्लै सहस्रबाहु र उनका फौजलाई परास्त गरी कामधेनुलाई आश्रममा फर्काएको रोचक प्रसङ्ग पुराणहरूमा उल्लेख छ ।

यसले नेपालमा गाईको महत्त्व दर्शाएको छ । हुन त हालसालै रसियन शोधकर्ताले गाईको गहुँत १४८ प्रकारको रोगका लागि औषधि हुने खोज गरेपछि जुरो भएका गाईहरू रसा, युरोप एवम् अमेरिकामा भारतबाट निर्यात भइराखेको छ । गीतामा भगवान् श्रीकृष्णले सूर्य एवम् चन्द्र मेरा आँखा हुन् भन्नु भएको र सूर्य एवम् चन्द्र अन्य ग्रहभन्दा बढी प्रभावकारी छन् । सोही अनुसार सातदिनको मर्यादाक्रममा संसारभरि पहिलो रविवार एवम् दोस्रो चन्द्रवार/सोमवार रहेको छ । त्यही गाईको दूध, दही, घिउ, गहुँत, गोबर आदिमा शतप्रतिशत अमृत हुन्छ । गाईले सूर्यचन्द्र (जीवनको कारक तत्त्व ग्रह) को रश्मिलाई जुरोबाट ग्रहण गर्नाले उसको दूध घिउमा पहेँलोपना हुने गर्दछ ।

संसारको सबभन्दा ठूलो शालिग्राम यही कृष्णगण्डकीको तीरमा अवस्थित सेतीबेनी (पर्वत स्याङ्जाको सङ्गम स्थल) मा रहेको छ । त्यहाँ

पुग्नलाई कालीगण्डकी प्रोजेक्टको ड्याम साइड बाट Motor boat (स्टीमर) सेवा उपलब्ध छ । कृष्णगण्डकीमै प्राकृतिक रूपमा शिवलिङ्गको निर्माण भएको देखिन्छ। त्यो ठाउँ मालुङ्गा घाट स्याङ्जामा पर्दछ ।

कतिपय ग्रन्थहरूले कृष्णगण्डकी एवम् त्रिशूलीको सङ्गम देवघाटमा साक्षात् देवताको वास रहेको भन्ने उल्लेख गरेका छन् । देवाधिदेवले कालकूट विषको रापलाई शान्त पार्न त्रिशूल प्रहारबाट उत्पत्ति भएकी त्रिशूली गङ्गा र कृष्णगण्डकीको सङ्गमको ठूलो महत्त्व छ। एवम् प्रकारले दामोदरकुण्डदेखि वाल्मीकिनगरसम्म कृष्णगण्डकीका किनार, पहाडहरू ऋषि महर्षिहरूको तपो भूमि एवम् तीर्थस्थानको रूपमा ग्रन्थहरूमा उल्लेख गरेको पाइन्छ ।

२. जलविद्युत्को सम्भावना

कालीगण्डकी धार्मिक पक्षले मात्र नभएर जलाधार, पर्यावरण, वनस्पति, विद्युत्लगायतका पक्षहरूबाट समेत महत्त्वपूर्ण नदी हो । कालीगण्डकीका यिनै पक्षहरूलाई दृष्टिगत गरी २०६५ सालमा लोक कल्याण गर्ने गङ्गाको क्षेत्रले नेपालको अर्थिक संवृद्धिलाई टेवा दिन सक्ने जल नै जीवन हो भन्ने उक्तिको आधारमा उक्त नदीको Desk study गर्दा म्याग्दीसम्म धेरैनै Run off river, project, Daily Peaking project गर्न सकिने देखियो जसको क्षमता भागमा १५०० mw हुन सक्ने छ। यसभन्दा पनि धेरै महत्त्व को Multi purpose yearly storage project देखियो जसको क्षमता लगभग १००० mw हुन सक्ने देखिन्छ।

नेपालमा महाभारत श्रृङ्खलाको भूभाग वनस्पति, कृषिजन्य उत्पादन, जडीबुटीको जलवायुको कारणले अति महत्त्वपूर्ण भएता पनि जलको कमीले भूभागको उच्चतम उपयोग हुन सकेको छैन । कालीगण्डकी नेपालको मध्य भागमा पर्नुको साथै नदीको जलाधार क्षेत्रमा अन्य नदीको जलाधार क्षेत्रभन्दा घना बस्ती रहेको छ। नेपालको विकासको लागि जलाधार क्षेत्रको विकास नै सबैभन्दा उत्तम विकल्प हो । यही अवधारणा लिएर २०६५ सालमा desk study गर्दा निम्न लिखित ४ पूर्वाधार एवम् परियोजना सम्पन्न गर्नपर्ने देखियो -

२.१ कृष्णगण्डकी स्टोरेज परियोजना

कृष्णगण्डकी स्टोरेज परियोजना भागमा १००० मेगावाट क्षमताको निर्माण गर्नुपर्ने । यसबाट हुनसक्ने सिञ्चाई एवम् जलआपूर्ति पर्वत, स्याङ्जा, चितवन, नवलपुर, रूपन्देही, कपिलवस्तु कुल ६ जिल्ला हुन आउँदछ ।

यो नेपालको एक मात्र परियोजना हुनेछ जुन down stream benefit ले गर्दा zero cost project हुनेछ । यो project development ले down stream मा १४०० mega watt क्षमता विकास गर्नेछ । साथै यस परियोजनाले गर्दा आँधी खोलामा ३०० –४५० mega watt सम्मको नेपालको प्रथम Pump storage आयोजना विकास गरी daily peak load लाई सन्तुलन गर्नेछ । साथै नेपाल भारतमा यस नदीबाट हुने बाढी एवम् डुबान समस्यालाई केही हदसम्म न्यूनीकरण गर्नेछ ।

२.२ जल यातायात

यातायात मध्येको सबैभन्दा सस्तो जल यातायात हो । यो परियो जना सम्पन्न भए पर्वतको वाराह चौरबाट बागलुङको कृष्णगण्डकी पुलसम्म लगभग ६०–६५ कि.मिटर जल यातायातको विकास गर्ने छ । जलाधार क्षेत्रको विकासका लागि कृष्णगण्डकीको दुवै साइडमा बाटोको निर्माण गर्नुपर्ने देखिन्छ ।

नदीको देब्रे साइडको बाटो यो fast track हुने छ जसले मित्रराष्ट्र भारत एवम् चीनसित व्यापार वृद्धिको लागि महत्त्वपूर्ण हुनेछ । दाहिने साइडको बाटो कालीगण्डकी कोरिडोर हो । यो बाटोले कालीगण्डकीका किनारमा अवस्थित सम्पूर्ण तीर्थ स्थानसम्म तीर्थ यात्रीलाई पुऱ्याउनेछ । आयो जना सम्पन्न गर्न सके भारतबाट मात्र पनि वार्षिक २–३ करोड तीर्थयात्री तीर्थ यात्रा गर्न सक्नेछन् । भारतको जनसंख्या लगभग १ अर्ब ३५ करोडमध्ये ८० प्रतिशत हिन्दू रहेकोले १०२ करोड हिन्दूमा धार्मिक ३० प्रतिशतमा लिँदा ३२ करोडको अनुमानित १० प्रतिशतलाई तीर्थयात्रीको रूपमा ल्याउन सकिन्छ ।

यस क्षेत्रलाई Hill Station को रुपमा विकास गर्न सकेमा गर्मीको Season मा मित्र राष्ट्र भारतबाट लगभग ७ लाख पर्यटक भित्र्याउन सकिन्छ । जो हालको पर्यटक सङ्ख्याको बराबर हुनेछ ।

अर्को पूर्वाधारमा National grid 220 kv or 450 kv हो । जसले विद्युत् उत्पादनलाई राष्ट्रिय प्रसारणमा आबद्ध गर्नेछ । यस जलाधार क्षेत्रको विकासको लागि चौथो मोदी खोला को 780 R.E level बाट जल gravity flow structure निर्माण गरी ठाउँ ठाउँमा lift irrigation गर्ने पूर्वाधार तयार गरी पर्वत, बागलुङ एवम् स्याङ्जाको पहाडी क्षेत्रहरूमा खानेपानी एवम् सिंचाईको लागि जल आपूर्ति गर्नेछ ।

२.३ जल सञ्चयन र सिंचाइ

नर्वेले जलविद्युत्को उपयोग गरी गाउँमा बस्ने जनतालाई शहरमा बस्ने भन्दा धनी एवम् सुखी बनाएको छ । यस आयोजनाले पनि सोही अनुरूप गाउँका प्रत्येक घर धुरीलाई शेयर होल्डरका रूपमा समावेश गरी, जलको बहुउद्देश्यको उपयोग गरी सम्वृद्धि प्राप्त गर्ने हो । यस कार्यको सफलता एवम् अनुभवको उपयोग गरी अन्य जलाधार क्षेत्रको विकासमा उपयोग गर्न सकिने छ । जस्तै कोशी, कर्णाली इत्यादिको उपयोग गरी राष्ट्रलाई सम्वृद्धि गर्ने रहे को छ -

Salient features of Project:

Dam site: - Parbat , Barra chour Dorma.

Co-ordinate- 28^{0}05'00"-83^{0}35'37"

Dam Hight- 145m (approx-m)

River Bed level-580 R.E

Top of Spill-725RE

Gross head-181 m.

P.H: Just up stream fo setibeni Dobhan

Co-ordinate: 28^{0}00'45"-83^{0}36'00"

Capacity:- 1000 mw (approx.-m)

(will be finalized during the detail Engineraing design according to load demand situation of country)

Note:- This storage project will have site flushing stream as design in seti project tanahun district of (120 MW) which

has similar silt conditions.

२.४ परियोजनाका फाइदा एवम् विशेषताहरू

- Storage project भएता पनि खेतीयोग्य भूमिलाई डुबान नगर्ने, जलसञ्चयका लागि नदीको खोचको उपयोग भएकोले धेरै कम उत्पादनशील जग्गा डुबानमा पर्नेछ ।
- यस आयोजनाबाट कृष्णगण्डकी जलाधार क्षेत्र एवम् तराईका चार जिल्लामा सिंचाइ हुने भएकोले कृषि मत्स्यपालन, जडीबुटी उत्पादन र कृषिमा आधारित उद्योगको विकास हुनेछ ।
- जल यातायातः सेती बेनीबाट बागलुङ, पुलसम्म लगभग ६०–६५ किलो मिटर जल यातायात विकास गरी पर्यटन विकास गर्नेछ ।
- कृष्णगण्डकीको अन्तिम जल विद्युत्‌केन्द्र लगभग ३०० मेगावाटबाट ११ m3/sec मेगावाट पानी चितवन एवम् नवलपुरको सिञ्चाई, खानेपानीमा उपयोग हुनेछ ।
- यस आयोजनाले गर्दा downstream मा सिञ्चाई बाहेक लगभग १४००–१७००MW जल विद्युत् क्षमताका आयोजना बन्न सक्नेछन् ।
- यसले गर्दा कालीगण्डकी 'ए' १४४ मेगावाट–२०० मेगावाटमा ल्याउन सकिनेछ ।
- भारतमा पनि सुक्खा मौसममा पानीको उपलब्धतामा यस नदीबाट लगभग चार गुणा वृद्धि हुनेछ ।
- लक्ष्यअनुसारको कार्य सम्पन्न भएमा यस क्षेत्रबाट लगभग वार्षिक विद्युत् रोयल्टी मात्र पनि ३७ करोड प्राप्त हुनेछ र यो समग्र क्षेत्रको विकासको साथै कृष्णगण्डकी क्षेत्रमा रहेको सभ्यता, संस्कृति मठ, मन्दिर, धर्मशाला, गौशाला इत्यादिको संरक्षण, एवम् पर्यटन विकासमा कोसे ढुङ्गा हुनेछ ।

सन्दर्भस्रोत

भगवान् श्री स्वामीनारायण एक दिन जीवन गाथा, अहमदावाद : स्वामीनारायण अक्षरपीठ, शाहीबाग ।

लेखकले विभिन्न समयमा कालीगण्डकीमा गरेका विद्युत् उत्पादन सम्भावनाको सर्वेक्षण ।

❖❖❖❖

५०१२२५८

परिशिष्ट :- चित्रावली

दामोदर कुण्ड परिसरमा अवस्थित



फोटो सौजन्य : कृष्ण आचार्य, बागलुङ/आत्रेय घनश्याम मुमुक्षु,गलेश्वर स्याग्दी

शालग्रामका विविध रूप



फोटो सौजन्य : ऋषि प्रपन्नाचार्य, बागलुङ/बालकृष्ण सुवेदी, कागबेनी

मुक्तिनाथ मन्दिर परिसर

हिमच्छादित मुक्तिनाथ परिसर र बौद्ध गुम्बा

फोटो सौजन्य : आत्रेय घनश्याम मुमुक्षु, गलेश्वर म्याग्दी



कागबेनी गण्डकी सङ्गम



कालीगण्डकी अन्ध गल्छी

गलेश्वरधाम चक्रशिलाको परिसर

फोटो सौजन्य : आत्रेय घनश्याम मुमुक्षु, गलेश्वर , म्याग्दी

प्रसिद्ध [illegible] (हिमाल) पर्वत र मृग तीर्थ (जलजला)

फोटो सौजन्य : सम्पादक र कृष्ण रेग्मी, जलजला, पर्वत

फोटो सौजन्य : कृष्ण आचार्य, शालग्रामालयम्, बागलुङ



फोटो सौजन्य : आत्रेय घनश्याम मुमुक्षु, गलेश्वर, म्याग्दी



फोटो सौजन्य : विमल खनाल, वालिङ

फोटो सौजन्य : मेघराज रिजाल,रिडी

रानी महल पाल्पा



रामनदी धाममा जलविहार गर्दै पर्यटकहरु

कालीगण्डकी घुमारीघाट

फोटो सौजन्य : विमल खनाल, वालिङ

गजेन्द्रनारायण मन्दिर त्रिवेणीधाम नवलपरासी

गजेन्द्रमोक्षधाम गौशालाका गाईहरू

वाल्मीकि आश्रम चितवनका प्राचीन मूर्तिहरू

फोटो सौजन्य : करपात्री स्वामी, गजेन्द्रमोक्ष दिव्यधाम

सम्पादक परिचय

नाम : डा. जगन्नाथ रेग्मी

जन्म : २०३५/१/१०

माता : सरस्वती रेग्मी

पिता : लीलाधर रेग्मी

जन्मस्थान : जलजला –५ लेकफाँट , पर्वत

बसोबास : पोखरा–५, मालेपाटन, कास्की

फोन/मोबाइल : ०६१-४१९४५५, , ९८५६०४८३२१

इमेल : jagan.regmi8@gmail.com

शिक्षा : साहित्याचार्य, एम्. ए. (नेपाली), विद्यावारिधि (Ph.D)

सम्प्रति : उपप्राध्यापक नेपाल संस्कृत विश्वविद्यालय, वि.सं.वि.पोखरा

प्रकाशित कृति १) अन्तरङ्गका तरङ्गहरू(कवितासङ्ग्रह) वि.सं २०६४

२) चारुचित्र (कवितासङ्ग्रह) वि.सं २०६७

३) धवलागिरि (खण्डकाव्य) वि.सं २०७०

४) कालञ्जर क्षेत्र र गलेश्वर धाम (पौराणिक विमर्श) २०७६

५) अन्तर्नाद (कवितासङ्ग्रह) २०७६

६) कालीगण्डकी : संस्कृति र सम्पदा २०७६

सम्पादन : अरुणोदय, अवधारणा, प्राज्ञसुरभि आदि भाषा साहित्यका अनुसन्धानात्मक जर्नलहरू

: स्वामी श्री श्रीधराचार्य स्मृति ग्रन्थ

प्रकाशनोन्मुख कृति : १) काव्यसूक्ति सुधा

२) हिमाद्रिमहिम्नः काव्यसौन्दर्यम् (विवेचना)

पुरस्कार/ पदक

- महेन्द्र विद्याभूषण (ख)
- महेन्द्र विद्याभूषण (ग)
- महर्षि कश्यप पदक
- ब्रह्मर्षि वशिष्ठ पदक
- कुलपति पदक
- उपकुलपति पदक
- लीलाबल्लभ पन्त पदक
- अम्बिकालोक पुरस्कार (२०५५)
- चेतोनाथ साहित्य पुरस्कार
- अम्बिकालोक पुरस्कार (२०५७)
- गीताञ्जली साहित्य रत्न पुरस्कार
- विद्यावारिधि (पीएच.डी) विद्वद्वृत्ति विश्वविद्यालय अनुदान आयोग २०७०





प्रकाशक

श्री श्रीधराचार्य-शालग्रामालयम्

श्री तिरुपति बालाजीधाम कुँडुले फेदी, बागलुङ

ISBN 99370663 1-X

9789937066310